# बालबालिकासम्बन्धी मुद्दाहरुमा जिल्ला अदालतबाट भएका फैसलाहरुको संग्रह

## भाग-३




केन्द्रीय बाल न्याय समितिको सचिवालय

श्रीमहल, पुल्चोक, ललितपुर

# बालबालिकासम्बन्धी मुद्दाहरूमा जिल्ला अदालतबाट भएका फैसलाहरूको संग्रह

## भाग–३

**केन्द्रीय बाल न्याय समितिको सचिवालय**

**श्रीमहल, पुल्चोक, ललितपुर**

सम्पादन : अनुपमा पन्त, विधान खनिया, पुष्कर थापा, जेनी श्रेष्ठ

प्रकाशक : केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशन मिति : २०७७

प्रति : ५०० प्रति

सहयोग : unicef

लेआउट/डिजाइन : क्यू ग्राफिक्स, पाटनढोका

मुद्रक :

# सम्पादकीय

बालबालिकाहरु विभिन्न कारणबाट बयस्कहरु भन्दा पृथक हुन्छन् । उनीहरुमा तर्कशक्तिको कमी, ठीक बेठीक छुट्याउन सक्ने क्षमताको अभाव जस्ता कारणले गर्दा पनि बयस्कहरु भन्दा बढी संवेदनशील र जोखिममा रहेका हुन्छन् । बालबालिकाहरु भविष्यका कर्णधार तथा राष्ट्र निर्माणको महत्वपूर्ण साझेदार समेत भएको हुँदा बालबालिकाहरु प्रति व्यक्ति, समाज, र सरकार सबैको दायित्व हुन्छ । बाल न्याय अन्तर्गत तीन प्रकारका बालबालिकाहरु पर्दछन्ः १) बिज्याँईकर्ता (मुद्दामा प्रतिवादी बनाईएका बालबालिका), २) पीडित बालबालिका र ३) साक्षी बालबालिका ।

नेपालको सन्दर्भमा बाल न्याय सम्बन्धी अवधारणा अन्तर्गत धेरै लामो समय देखि बिज्याँईकर्ताको हक अधिकारको बारेमा मात्र चर्चा परिचर्चा गरिएको पाईन्छ भने पीडित र साक्षी बालबालिकाको सन्दर्भमा निकै कम विकास तथा चर्चा भएको पाईन्छ । हाल नेपालको संविधानले पीडितको अधिकारलाई मौलिक हक अन्तर्गत व्यवस्था गरेको र मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) एने, २०७४ ले समेत अपराध पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको प्रावधान, क्षतिपूर्ति प्राप्त गर्ने कार्यविधि तथा क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धी उचित व्यवस्था गरेको पाईन्छ । पीडित तथा साक्षी संरक्षण सम्बन्धी कानूनको विकास गरी यथाशीघ्र लागू गर्न सकिएमा मात्र नेपालको बाल न्याय सम्बन्धी कानूनी प्रावधानले पूर्णता प्राप्त गर्न सफल हुने देखिन्छ ।

तत्कालीन बाल न्याय समन्वय समितिले २०७० साल देखि निरन्तर रुपमा बालबिज्याँई सम्बन्धी मुद्दाहरुमा जिल्ला अदालतबाट भएको फैसलाहरुको संग्रह प्रकाशन गर्दै आएको थियो । यस संग्रहले नेपालमा बालबिज्याँई सम्बन्धी जिल्ला अदालतहरुबाट हुने फैसलाहरुको स्वरुपको बारेमा अध्ययन गर्न मद्दत पुग्नेछ । जिल्ला न्यायाधीशहरुलाई समेत आफूले गरेका फैसलाहरु तत्कालीन बाल न्याय, समन्वय समितिबाट तयार पारी

परिपत्र गरिएको ढाँचा बमोजिम रहे नरहेको, बाल मैत्री रुपमा न्याय सम्पादन भए नभएको, बाल न्यायका अवधारणाहरुको पालना भए नभएको कुराहरुको आत्मसमीक्षा गर्न समेत मद्दत पुग्ने छ । साथै, यो प्रकाशन विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, कानून व्यवसायी, अदालतका कर्मचारी, अनुसन्धान अधिकारी, अभियोजनकर्ता, बाल अधिकारकर्मी, बाल मनोविज्ञ, सामाजिक कार्यकर्ता लगायत बाल न्यायको क्षेत्रमा कार्यरत नागरिक समाज तथा अन्तराष्ट्रिय समुदायलाई समेत लाभदायक रहने कुरामा विश्वस्त छौं ।

यस प्रकाशनमा रहेका कमी कम्जोरीहरुलाई पाठकहरुबाट प्राप्त सुझावको आधारमा थप परिष्कृत गर्दै आगामी संस्करणहरुमा परिमार्जन गर्दै लगिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**सम्पादन समुह,**

**केन्द्रीय बाल न्याय समितिको सचिवालय**

# विषयसूची


| क.सं. | पक्ष, विपक्ष र मुद्दाको नाम | मुद्दा | अदालत र फैसला मिति | पृष्ठ संख्या |
|---|---|---|---|---|
| १) | नेपाल सरकार विरुद्ध संकेत नं. ५२ (I) | ज.क. | प्यूठान जिल्ला अदालत | १-१० |
| २) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम संकेत ६५ कोहलपुर (नं. १) समेत | नकवजनी चोरी | बाँके जिल्ला अदालत २०७३।०३।२० | १०-१८ |
| ३) | नेपाल सरकार विरुद्ध परिवर्तित ७० "ख" | ज.क. उद्योग | डोटी जिल्ला अदालत | १९-२९ |
| २) | तारजित तामाङको जाहेरीले नेपाल सरकार विरुद्ध परिवर्तित नाम A1 समेत | नकबजनी चोरी | मुस्ताङ जिल्ला अदालत २०७३।०४।२४ | ३०-४० |
| ३) | पुष्पा बानियाँको जाहेरीले नेपाल सरकार विरुद्ध परिवर्तित नाम A1 समेत | नकबजनी चोरी | मुस्ताङ जिल्ला अदालत २०७३।०४।२४ | ४१-५६ |
| ४) | बिकास कुमार थकालीको जाहेरीले नेपाल सरकार विरुद्ध परिवर्तित नाम A1 समेत | नकबजनी चोरी | मुस्ताङ जिल्ला अदालत २०७३।०४।२४ | ५७-७१ |
| ५) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम 14 C | ज.क. उद्योग | उदयपुर जिल्ला अदालत २०७३।०४।३१ | ७२-७७ |
| ६) | नेपाल सरकार विरुद्ध परिवर्तित नामथर दाङ 56(१)(ख) | बालबिज्याँई (ज.क.) | दाङ देउखुरी जिल्ला अदालत २०७३।०५।१५ | ७८-९३ |
| ७) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ढवाह (१) | ला. औ. | रुपन्देही जिल्ला अदालत २०७३।०७।११ | ९४-९८ |
| ८) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम पाखापानी-४ | ज्या.मा.उ. | रुपन्देही जिल्ला अदालत २०७३।०७।२३ | ९९-१०६ |
| ९) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ४७(B) बहादुर | ज.क. | पाल्पा जिल्ला अदालत २०७३।०८।०७ | १०७-१२० |
| १०) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम मुस्ताङ १२ | ज.क. | मुस्ताङ जिल्ला अदालत २०७३।०८।०८ | १२१-१३१ |
| ११) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम रुकुम ५४ ग | हाडनातामा ज.क. | रुकुम जिल्ला अदालत २०७३।०८।२३ | १३२-१४६ |

| | | | | |
|---|---|---|---|---|
| १२) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम "आ" कुमार | के.सा.अ. | कञ्चनपुर जिल्ला अदालत २०७३।०९।०५ | १४६-१५१ |
| १३) | नेपाल सरकार विरुद्ध नाम परिवर्तित १७ (च) समेत | चोरी | दोलखा जिल्ला अदालत २०७३।०९।०६ | १५२-१६० |
| १४) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम भैरहवा M समेत | ला.औ. | रुपन्देही जिल्ला अदालत २०७३।०९।१४ | १६१-१६६ |
| १५) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम चैनपुर (ट) | हाडनातामा ज.क. | बझाङ्ग जिल्ला अदालत २०७३।१०।२३ | १६७-१७५ |
| १६) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ०२-जि तीन | ज.क. बाल यौन दुराचार | पाँचथर जिल्ला अदालत २०७३।१०।२४ | १७६-१८२ |
| १७) | नेपाल सरकार विरुद्ध नाम परिवर्तित १७ (ङ) | ज.क. | दोलखा जिल्ला अदालत २०७३।१०।२४ | १८३-१९२ |
| १८) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम 55A3 | ज.क. | सल्यान जिल्ला अदालत २०७३।११।०५ | १९३-२०० |
| १९) | नेपाल सरकार विरुद्ध संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) | अप्राकृतिक मैथुन सम्बन्धी बालबिज्याँई | दाङ देउखुरी जिल्ला अदालत २०७३।११।०५ | २०१-२१० |
| २०) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम स कुमार | ज.क. | ओखलढुङ्गा जिल्ला अदालत २०७३।११।२३ | २११-२२० |
| २१) | नेपाल सरकार विरुद्ध परिवर्तित ७० (क) | ज.क. | डोटी जिल्ला अदालत २०७३।११।२३ | २२१-२३१ |
| २२) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम पम्बा | ज.क. | खोटाङ जिल्ला अदालत २०७३।११।२४ | २३२-२४२ |
| २३) | नेपाल सरकार विरुद्ध संकेत ६५ (सल्यान) | ज.क. | बाँके जिल्ला अदालत २०७३।११।२४ | २४३-२४८ |
| २४) | नेपाल सरकार विरुद्ध सांकेतिक नाम उर्लाबारी क (७३) | ज.क. उद्योग | मोरङ जिल्ला अदालत २०७३।१२।०६ | २५१-२५५ |

| | | | | |
|---|---|---|---|---|
| २५) | नेपाला सरकार विरुद्ध परिवर्तित नाम कैलाली ७१ (८) | ज.क. | कैलाली जिल्ला अदालत २०७३।१२।१३ | २५६-२६२ |
| २६) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ०२ क्यू दुइ | ज.क. (बाल यौन दुराचार) | पाँचथर जिल्ला अदालत २०७३।१२।१५ | २६३-२६९ |
| २७) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम सुजन | साधारण चोरी | म्याग्दी जिल्ला अदालत २०७३।१२।१६ | २७०-२७६ |
| २८) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ०२ ओ दुई | ज.क. | पाँचथर जिल्ला अदालत २०७३।१२।२१ | २७७-२८२ |
| २९) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ०२ पि दुइ | ज.क. | पाँचथर जिल्ला अदालत २०७४।०१।११ | २८३-२८९ |
| ३०) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम विवेक | ज.क. | ईलाम जिल्ला अदालत २०७४।०१।२० | २९०-२९७ |
| ३१) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ०२-एल तीन | ज.क. | पाँचथर जिल्ला अदालत २०७४।०२।११ | २९८-३०३ |
| ३२) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) | बालबिज्याँई (ज.क) | काठमाडौ जिल्ला अदालत २०७४।०२।१६ | ३०४-३११ |
| ३३) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम दर्लिङ (क) | ज.क. | बागलुङ जिल्ला अदालत २०७४।०३।०५ | ३१२-३२१ |
| ३४) | नेपाल सरकार विरुद्ध L बहादुर | ज.क. | तनहूँ जिल्ला अदालत २०७४।०३।२९ | ३२२-३२९ |
| ३५) | नेपाल सरकार विरुद्ध जनसेवा क१ समेत | ज्या.मा.उ. | काठमाडौ जिल्ला अदालत २०७४।०३।३० | ३३०-३४० |
| ३६) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ङ | ज.क. | अछाम जिल्ला अदालत २०७४।०४।२९ | ३४१-३६० |
| ३७) | नेपाल सरकार विरुद्ध परिवर्तित नाम ० ९(ण) समेत | ज.क. | मोरङ जिल्ला अदालत २०७४।१०।२७ | ३६९-३७५ |

| | | | | |
|---|---|---|---|---|
| **अनुसूचिहरु** | | | | |
| अनुसूचि १ : जिल्ला तथा उच्च अदालतबाट भएका बालबालिका सम्बन्धी महत्वपूर्ण फैसलाहरु | | | | |
| | | | | |
| अनुसूचि २ : बाल न्यायसम्बन्धी केही महत्वपूर्ण अन्तराष्ट्रि कानूनी दस्ताबेजहरु | | | | |
| | | | | |

श्री

प्यूठान जिल्ला अदालत

इजलाश

माननीय जिल्ला न्यायाधीश श्री बासुदेव न्यौपाने

**फैसला**

**उपस्थिति**

**बालमनोबैज्ञानिकः– श्री दामोदर भट्ट**

**समाजसेवीः– धनलक्ष्मी श्रेष्ठ**

**सम्बत् २०७३ सालको बालबिज्याँई**

**दायर मितिः–२०७३/०१/०२**

**मुद्दा नं.०७३–cr–००४०**

**फैसला मितिः– २०७३/०२/२५**

**निर्णय नं. १०१**

**मुद्दाः– जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई**

**वादीको नाम, थर, वतन**

संकेत नं. ५२ (K) को जाहेरीले नेपाल सरकार.....................................१

**ऐ का साक्षीः–**

यजो पुन,रुद्रविर बुढा, चन्द्र सिंह बुढा र फान बहादुर थापा मगर.....................४

**कागजः–**

पीडित संकेत नं ५२(j) को स्वास्थ्य परिक्षण प्रतिवेदन...........................१

**प्रतिवादीको नाम, थर, वतन**

संकेत नं. ५२(I)..........................१

**ऐ. का साक्षी :**

लुद्रविर बुढा र चन्द्रविर बुढा...............२

**अदालतबाट बुझेको**

**वादीका साक्षी**

रुद्रविर बुढा, चन्द्रविर बुढा, फान बहादुर थापा र उजारे पुन............४

प्रतिवादीको साक्षीः–

कागजः

पीडित संकेत नं ५२(J) को स्वास्थ्य परिक्षण प्रतिवेदन

**कानून व्यवसायी**

| **वादीको तर्फबाटः** | **प्रतिवादीका तर्फबाटः** |
|---|---|
| जिल्ला न्यायधिवक्ता श्री कृष्ण प्रसाद पुडासैनी | अधिवक्ता श्री महेन्द्र प्रसाद न्यौपाने |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबलिका सम्बन्धी ऐन, २०४८को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अदालती बन्दोवस्तका अ.बं. २९ नं.समेतले उस अदालतको बाल इजलासको क्षेत्राधिकार अर्न्तगत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ ।

**तथ्य खण्ड**

१. जिल्ला प्यूठान हिले स्थित पूर्वमा सर्वे पुनको पाखो बारी, पश्चिममा निज सर्वे पुनकै पाखो बारी, उत्तरमा जिते पुनको पाखो बारी, दक्षिणमा जिल्ला गुल्मी अग्लुङ्ग प्यूठान अर्खा जाने कच्ची, मोटर बाटो यती चार बिल्ला भित्र पर्ने पूर्व पश्चिम ११ हात लम्वाई, ५ हात चौडाई भएको ढुंगा माटोको गारो लगाएको, फुसले छाएको, उत्तर तर्फ खुला भएको २ तले सर्वे पुनको कच्ची थारो गोठ, सो गोठको तल्लो तलाको पश्चिम गारोबाट ७० से.मि., पूर्व पश्चिम गारोबाट ४ से. मि. उत्तर तर्फ मिति २०७२/१२/१९ गते दिउँसो ४ बजेको समयमा जिल्ला प्यूठान संकेत नं. ५२ (I) ले संकेत नं. ५२ (J) लाई जवरजस्ती करणी गरेको भनिएको घटनास्थल सो घटनास्थलमा मिति २०७२/१२/२१ गते गई हेर्दा गोठमा विछ्याएको स्याउला लछार पछार भई माटो खोस्रिएको अवस्थामा रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

२. मेरी छोरी बर्ष ३ की संकेत नं. ५२ (J) लाई मिति २०७२/१२/९ गते दिउँसो अं. १६.०० बजेको समयमा घरमा खेलिरहेको अवस्थामा छिमेकी अन्यायवाला संकेत नं. ५२ (I) ले नाबालक छोरीलाई ललाई फकाई गरी म जाहेरवालाको घर देखि उत्तर तर्फ रहेको गोठमा लगि जवरजस्ती करणी गरी भागी गएको र पीडित छोरी रुदै चिँच्याउदै घरमा आएपछि के भयो भनी पिडितलाई निजकी आमाले सोध्दा संकेत नं. ५२ (I) ले मलाई जवरजस्ती

करणी गऱ्यो भनी आमासंग भनेकी र पिडितको शरीर योनी हेर्दा रगत बगेको र खोल्सिएको अवस्थामा रहेको हुँदा निज अन्यायवालालाई पक्राउ गरी जवरजस्ती करणी अपराधमा हदैसम्मको सजाय गरी पिडित बालिकालाई उचित क्षतिपुर्ति सोत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

३. मिति २०७२/१२/१९ गतेका दिन मेरो स्कूल छुट्टी भएकोले म आफ्नै घरमा थिए । उक्त दिन आमा घाँस दाउरा काटन जंगल जानु भएको र बहिनी मावल गएकी थिईन् । म घरमा एक्लै थिए । सोही दिन संकेत नं. ५२( J) मेरो घरमा मसंग खेल्दै जाने क्रममा गाई बाख्रा बाध्ने गोठमा लगि निजलाई जवरजस्ती भुईमा सुताई निजको लगाएको जामा (ट्राउजर) मैले जवरजस्ती खोली आफुले लगाएको रातो रंगको हाप पाइन्ट समेत खोली आफ्नो उत्तेजित लिङ्ग सिंकेत नं. ५२ (J) को योनी भित्र जवरजस्ती छिराई करणी गरिरहेको अवस्थामा निजको योनीबाट रगत बगेको देखि आफ्नो यौन ईच्छा पुरा नहुदै मेरो उत्तेजित लिङ्ग निजको योनीबाट बाहिर निकालेको हुँ । पछि संकेत नं. ५२ (J) ले आफ्नो योनीबाट रगत बगेको देखि रोई कराउँदा मलाई डर लागि म निजलाई सोही गोठमा छाडी घरमा भागी गएको थिए । पछि निज संकेत नं. ५२ (J) आफ्नो घरमा आई सम्पूर्ण घटना वारेमा आफ्नो आमालाई भनी प्रहरी कहाँ जाहेरी दरखास्त दिई मिति २०७२/१२/२१ गते प्रहरीले पक्राउ गरी ल्याएको हुन् भन्ने समेत व्यहोराको प्रतिवादी संकेत नं. ५२ (I) ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. मिति २०७२/१२/१९ गतेका दिन म घरमै थिए । दिउँसो अं. १६.०० बजेको समयमा प्रतिवादी संकेत नं. ५२ (I) मेरो घरमा आई मलाई आफ्नो घरमा खेल्न जाउँ भनी लिई गयो र आफ्नो गोठमा लिई गई मलाई खेलौ है भनी मलाई भुईमा सुताई मैले लगाएको जामा निकाली आफ्नो उत्तेजित लिङ्ग मेरो योनी भित्र छिराए पछि मलाई एकदमै दुख्यो र म रोए । रोईरहेको समयमा प्रतिवादी उठी गएको हो र म त्यहाँबाट रुदै आमाको छेउमा गई आमालाई घटना बारे भनेकी हुँ । उक्त वारदातको समयमा मलाई जवरजस्ती करणी गर्ने प्रतिवादीलाई देखाउदा देखि चिने मलाई जवरजस्ती करणी गर्ने प्रतिवादी यही नै हो भन्ने समेत व्यहोराको पिडित संकेत नं. ५२ (J) ले आफ्नो बावुको रोहवरमा गरेको घटना विवरण कागज ।

६. मिति २०७२/१२/१९ गतेका दिन म आफ्नै घरमै थिए । उक्त वारदात घटना बारेमा सोही दिन साँझ गाउँ घरमा हल्ला खल्ला हुँदा सुनी थाहा पाएको हुँ । जाहेरवाला र प्रतिवादीलाई

म राम्रोसंग चिन्दछु । निजहरुमा कुनै किसिमको रिसईवी थिएन । उक्त वारदात मितिमा संकेत नं. ५२(I) ले संकेत नं. ५२(J) लाई पिडितको घरमै आई प्रतिवादीले आफ्नो घर गोठमा लिई गई जवरजस्ती करणी गरेको र पिडितलाई घटनास्थलमै छोडी गए पश्चात पिडित रुदै आफ्नो आमा भएको स्थानमा आई देखाउँदा पीडितको गुप्ताङ्ग रगताम्य अवस्थामा थियो भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको उजारे पुनको घटना विवरण कागज ।

७. There was redness on the superior part of the vagina भन्ने समेत व्यहोराको पिडित संकेत नं. ५२(J) को स्वास्थ्य परिक्षण प्रतिवेदन ।

८. मिति २०७२/१२/१९ गतेका दिन म आफ्नै घरमै थिए । उक्त वारदात घटना भोलीपल्ट अर्थात मिति २०७२/१२/२० गते जाहेरवाला संकेत नं. ५२(K) मेरो घरमा आई मेरो छोरी संकेत नं. ५२( J) लाई अन्यायवाला संकेत नं. ५२(I) ले ललाई फकाई गरी निज प्रतिवादीले आफ्नै घर नजिकै रहेको गाई बाख्रा बाध्ने गोठमा लगी जवरजस्ती भुईमा सुताई डरत्रास देखाई जवरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हुँ । पीडित संकेत नं. ५२(J) को योनी हेर्दा खोस्रिएको र रातो जस्तो देखिन्थ्यो । उक्त वारदात घटना बारेमा गाउ समाजमा छलफल गर्दा यो घटना हामीहरु मिलाउन सक्दैनौ । यहाँ मिलाए गैर कानूनी हुन्छ भनेपछि जाहेरवालालाई प्रहरी कहाँ पठाएको हौ भन्ने समेत व्यहोराको एकै मिलानको रुद्रविर बुढा, चन्द्रसिंह बुढा र फान बहादुर थापा मगरले गरेको गाउ वस्तुस्थिति मुचुल्का ।

९. पिडित संकेत नं. ५२(J) लाई जवरजस्ती करणी गरी प्रतिवादी संकेत नं. ५२(I)ले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. को कसुर अपराध गरेकोले निज प्रतिवादीलाई सोही महल ३ न.. को देहाय १ बमोजिम सजाय हुन र सोही महलको १० नं. बमोजिम प्रतिवादी संकेत नं. ५२(I) बाट पीडित संकेत नं. ५२(J) लाई मनासिव क्षतिपुर्ति दिलाई भराई दिनु हुनको साथै प्रतिवादी पीडित संकेत नं. ५२(I) को उमेर घटना घटदा १३ बर्ष ८ महिना १९ दिन भएको निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन समेत मागदावी लिइएको छ भन्ने समेतको व्यहोराको अभियोग दावी ।

१०. मिति २०७२/१२/१९ गते विद्यालय बिदा परेकोले म घरमै थिए । दिउँसोको समयमा म घरमै भएको बेला पिडित संकेत नं. ५२(J) मसंग खेल्न भनेर आई र हामी दुवै खेल्यौ । मेरा साथीहरुले यौन सम्पर्क गर्दा मज्जा हुन्छ भनेका थिए । मैले पनि साथीहरुले भनेका कुरा अनुसार यौन सम्पर्क गर्ने इच्छा लागेर पिडितले लगाएको जामा फुकाली दिए । मैले पनि मैले लगाएको कट्टु खोली निज पिडितलाई पल्टाई मरो उत्तेजित लिङ्ग निजको योनीमा

जवरजस्ती छिराएको हुँ । मेरो विर्य स्खलन नहुदै निज पिडित रुदै कराई त्यही भएर मैले छाडी दिए र आफ्नो घरतिर गएकी हुन् । निजको योनीबाट रगत आएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी संकेत नं. ५२(I) ले यस अदालतमा गरेको वयान ।

११. तत्काल प्रमाणका आधारमा यी प्रतिवादी पीडित संकेत नं. ५२ (I) निर्दोष रहेछन् भन्ने विद्यमानता रहेको नदेखिएकोता पनि वारदात हुँदाको मितिमा प्रतिवादीको उमेर १३ बर्ष ८ महिना १९ दिन देखिदा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम थुनामा राख्न नमिल्ने देखिएकोले सोही बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम नाबालक संकेत नं. ५२(I) लाई मुद्धाको कारवाहीको क्रममा अदालतमा उपस्थित गराउने गरी निजको नजिकको अभिभावकको जिम्मा लगाउने गरी मुलुकी ऐन, अदालती बन्दोवस्तको महल १२४ ग. नं. को प्रयोजनार्थ यो पर्चा गरिदिएको छ । प्रस्तुत मुद्धा जिल्ला अदालत नियमावली २०५२ को नियम २३ ग. नं. बमोजिम लगातार कारवाही र सुनुवाई गरिने मुद्धा भएको र प्रतिवादी चुक्ता भई सकेको अवस्था हुँदा अभियोग पत्रको प्रमाण खण्डमा उल्लेखित जाहेरवाला लगायतका सरकारी गवाहहरुलाई मिति २०७३/०१/१५ गते जिल्ला सरकारी वकिल कार्यालय प्यूठान मार्फत यस अदालतमा उपस्थित गराई दिनु भनी जिल्ला प्रहरी कार्यालय प्यूठानमा लेखि पठाई दिनुको साथै सोही दिन मिलान हुने गरी प्रतिवादीले बयानमा उल्लेख गरेका साक्षी समेत बुझि नियमानुसार पेश गर्नु भन्ने मिति २०७३/०१/०५ मा यस अदालतबाट भएको आदेश ।

१२. प्रस्तुत कागजको व्यहोरा पढी सुनाउँदा पिडित बर्ष ३ की संकेत नं. ५२(J) ले स्वीकार गरी टाउकोसम्म हल्लाएको र अन्य केही कुरा बोल्न नसकि सोधिएको कुराको जवाफ दिन नसकेको व्यहोरा ठीक साँचो हो भन्ने समेत व्यहोराको पिडित संकेत नं. ५२(J) ले गरेको बकपत्र ।

१३. मेरो छोरी संकेत नं. ५२(J) लाई मिति २०७२ साल चैत्र १९ गते दिनको ४ बजे प्रतिवादी संकेत नं. ५२ I) ले घरमा कोही नभएको मौका पारी आफ्नो गाई बाध्ने गोठ थारोमा लगी पिडितलाई जवरजस्ती करणी गरी पिडित चिच्याए पछि निजले छोडी गएको र पिडित रुदै आमासंग गई घटनाको वारेमा उल्लेख गरी पिडितको आमा मेरो श्रीमतीले घटनाको बारेमा मलाई भनेको हुँदा मैले थाहा पाएको हुँ । पिडितको योनीबाट रगत बगेको हुँदा सो बारेमा पिडितसँग छिमेकीहरु र म समेत जम्मा भई सोधपुछ गर्दा पिडकले आफुले पिडितलाई जवरजस्ती करणी गरेको भनी भनेको हो भन्ने समेत व्यहोराको जाहेरवाला संकेत नं.

५२(k) ले गरेको बकपत्र ।

१४. प्रहरी समक्ष गरेको कागजको व्यहोरा पढि सुनाउँदा मैले भने बमोजिम लेखिएको छ र त्यसमा भएको सहीछाप मैले गरेको हो भन्ने समेत व्यहोराको गाउँबस्तुस्थिति मुचुल्का गर्ने चन्द्र सिंह बुढाले गरेको बकपत्र।

१५. प्रहरी समक्ष गरेको कागजको व्यहोरा पढी सुनाउँदा मैले भने बमोजिम लेखिएको छ र त्यसमा भएको सहिछाप मैले गरेको हो भन्ने समेत व्यहोराको बस्तुस्थिति मुचुल्का गर्ने रुद्र सिंह बुढाले गरेको बकपत्र ।

१६. यसमा अभियोग पत्रमा देख्ने,सुन्ने भनी उल्लेख गरेका उजारे पुन र फान बहादुर थापा मगरलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिएको र निजहरुलाई बुझ्नु पर्ने देखिएकोले निजहरुलाई बकपत्र गर्ने प्रयोजनको लागि मिति २०७३/०२/१० गते जिल्ला सरकारी कार्यालय प्यूठान मार्फत उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालय प्यूठानलाई पत्र लेखि उपस्थित गराएमा बकपत्र गराउन नियमानुसार पेश गर्नु । साथै पिडित संकेत नं. ५२(J) को स्वास्थ्य परिक्षण गरी पेश गर्ने प्यूठान जिल्ला अस्पतालमा कार्यरत डाक्टर शम्भु खनाललाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम बुझ्नु पर्ने भएकोले मिति २०७३/०२/१० गतेका दिन ११ बजे बकपत्र गर्ने प्रयोजनले यस अदालतमा खटाई पठाई दिनु हुन भनी जिल्ला अस्पताललाई लेखि पठाई उपस्थित भएपछि बकपत्रको लागि पेश गर्नु । प्रस्तुत मुद्धा बाल इजलासबाट हेरिने मुद्धा भएकोले पेशी को दिनमा बाल मनोवैज्ञानिक र समाजसेवीलाई सूचना दिई पेश गर्नु भन्ने मिति २०७३/०१/३० मा यस अदालतबाट भएको आदेश ।

१७. प्रहरी समक्ष गरेको कागजको व्यहोरा पढि सुनाउँदा मैले भने बमोजिम लेखिएको छ र त्यसमा भएको सहि छाप मैले गरेको हो भन्ने समेत व्यहोराको बस्तुस्थिति मुचुल्का गर्ने फान बहादुर थापाले गरेको बकपत्र ।

१८ प्रहरी समक्ष गरेको घटना विवरण कागजको व्यहोरा पढी सुनाउदा मैले भने बमोजिम लेखिएको छ र त्यसमा भएको सहिछाप मैले गरेको हो भन्ने समेत व्यहोराको बस्तुस्थिति मुचुल्का गर्ने उजारे पुनले गरेको बकपत्र ।

१९ उक्त मितिमा निजको स्वास्थ्य परिक्षण मैले ने गरेको हो । निज पिडितको स्वास्थ्य परिक्षण गर्दा जवरजस्तीको कुनै लक्षणहरु थिएन । उक्त रिपोर्टमा भएको व्यहोरा र सहिछाप मेरै हो भन्ने समेत व्यहोराको स्वास्थ्य परिक्षण गर्ने डाक्टर शभ्भु खनालले गरेको बकपत्र ।

## ठहर खण्ड

२०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा बुझिए सम्मका प्रमाणहरुको आधारबाट मुद्धा किनारा गरी दिए हुने देखियो ।

२१. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायधिवक्ता श्री कुष्ण प्रसाद पुडासैनीले प्रतिवादी उपर किटानी जाहेरी परेको, प्रतिवादीले आफुलाई जवरजस्ती करणी गरेको भनी पिडितले बकपत्र गरेको, जाहेरवाला, घटना विवरण कागज गर्ने र गाउ बस्तुस्थिति मुचुल्का गर्ने, व्यक्तिहरुले जाहेरी व्यहोरालाई पुष्टि गरी बकपत्र गरेको, प्रतिवादीले विज्याई गरेको कुरा स्वीकार गरी गरेको बयान समेतबाट प्रतिवादीलाई अभियोग दावी बमोजिम हुनु पर्दछ भनी र प्रतिवादीको तर्फबाट उपस्थित बिद्वान अधिबक्ता श्री महेन्द्र प्रसाद न्यौपानेले प्रतिवादीले साथीहरुको लहैलहैमा लागेर खेल्ने क्रममा विज्याई भएको देखिएको, अव आईन्दा यस्तो नगर्ने भनी पश्चाताप गरेको, पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनबाट जवर जस्ती करणी भएको नदेखिएको हुँदा बालकलाई सुधारात्मक उपाय अवलम्बन गर्नु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

२२. मिति २०७२/१२/१९ गते दिँउसो १६ बजेको समयमा घरमा खेलिरहेको अवस्थामा मेरी बर्ष ३ की छोरी संकेत नं. ५२(J) लाई प्रतिवादी संकेत नं. ५२(I) ले आफ्नो गोठमा लगि जवरजस्ती करणी गरी भागी गएको र छोरी रुदै घरमा आएकी, योनीबाट रगत बगिरहेको र खोल्सिएको अवस्थामा रहेको हुँदा अन्यायीवालालाई कानूनी कारवाही गरी पाउँ भन्ने पिडितको बावु संकेत नं. ५२(K) को जाहेरी दरखास्त परी अनुसन्धान कारवाही भएको यस मुद्धामा प्रतिवादी संकेत नं. ५२(I) ले पिडितलाई जवरजस्ती करणी गरेको, पिडितको योनीबाट रगत आएको र पिडित रोएकोले करणी गर्दा गर्दै छाडी गएको भन्ने स्वीकार गरी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको, आफुलाई प्रतिवादीले जवरजस्ती करणी गरेको र सो गर्ने व्यक्ति यिनै हुन् भनी पिडितले कागज समेत गरी दिएको, घटना विवरण कागज गर्ने व्यक्तिहरुको भनाई समेतबाट प्रतिवादी संकेत नं. ५२(I) ले मुलुकी ऐन, जवर जस्ती करणी महलको १ नं. विपरित कसुर अपराध गरेकोले निज प्रतिवादीलाई सोही महल ३ को देहाय १ बमोजिम सजाय हुन र सोही महलको १० नं. बमोजिम प्रतिवादी संकेत नं. ५२(I) बाट पिडित संकेत नं. ५२(J) लाई क्षतिपूति भराई पाउन र प्रतिवादीको उमेर १३ बर्ष ८ महिना १९ दिन भएकोले निज प्रतिवादीलाई बालबालिका सम्बन्धी ऐन,२०४८को

दफा ११(२) बमोजिम हुन मागदावी लिएको भन्ने अभियोग दावी भएको प्रस्तुत मुद्धामा प्रतिवादीबाट अभियोग दावी बमोजिम जवरजस्ती करणीको भएको हो होइन ? त्यसो भए निजलाई के कसो गर्नु पर्न हो ? पिडितले के कति क्षतिपुर्ति पाउने, नपाउने के हो ? भन्ने कुराको ठहर निर्णय दिनु परेको छ ।

२३. यसमा बाल इजलासमा रहनु भएका बालमनोविज्ञ श्री दामोदर भट्ट र समाजसेवी श्री धनलक्ष्मी श्रेष्ठले दिनु भएको लिखित एवं मौखिक राय समेत मनन गरियो ।

२४. निर्णय तर्फ विचार गर्दा मेरी बर्ष ३ की छोरी संकेत नं. ५२( J ) लाई जवरजस्ती करणी गरेकाले सजाय गरी पाउँ भन्ने जाहेरी, जवरजस्ती गर्दा गर्दै पिडित रोएकी र योनीबाट रगत समेत आएकोले त्यही छाडी दिएको हुँ, भनी प्रतिवादीले अस्पतालमा समेत वयान गरेको, प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेको हो भनी पिडित र जाहेरवालाले बकपत्र समेत गरेको देखिन्छ । घटना विवरण कागज गर्ने र बस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरु उजारे पुन, फान बहादुर, रुद्र सिं समेतले जाहेरी व्यहोरालाई पुष्टि गर्दै प्रतिवादलि पिडितलाई जवरजस्ती करणी गरेको हौ भन्ने कुरा सुनेका हौ भनी बकपत्र गरी दिएको पाईन्छ । 'There was redness on the superior part of vagina' भन्ने समेत व्यहोराको पिडित को स्वास्थ्य परिक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ ।

२५ मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ बर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मञजुरी लिई वा नलिई करणी गरेमा जवरजस्ती करणी गरेका ठहर्छ भन्ने र ऐजन ऐन महलको ३ नं. को देहाय दफा १ मा दश वर्ष भन्दा मुनिकी बालिकालाई जवरजस्ती करणी गरेमा दश देखि पन्ध्र बर्ष कैद सजाय हुन्छ भन्ने व्यवस्था भईरहेको देखिन्छ । त्यस्तै बालबालिका सम्बन्धी ऐन,२०४८को दफा ११(३) मा बालकको उमेर १० बर्ष वा सो भन्दा माथि र १४ बर्ष भन्दा कम रहेको छ भने कैद हुने कसुर गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने व्यवस्था भईरहेको देखिन्छ ।

२६. अतः प्रतिवादी उपरको किटानी जाहेरी, जाहेरी व्यहोरालाई पुष्टि हुने गरी जाहेरवाला, पिडित र घटना विवरण एवं गाउ बस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरुको बकपत्र, पिडितको स्वास्थ्य परिक्षण प्रतिवेदन, प्रतिवदीले कसुर स्वीकार गरी अदालतमा समेत गरेको बयान समेतका प्रमाणहरुबाट प्रतिवादी संकेत नं. ५२(I) पीडित संकेत नं. ५२(J) लाई जवर जस्ती करणी गरी अभियोग दावी बमोजिम मुलुकी ऐन, जवरजस्ती करणी १ नं. बमोजिम

जवरजस्ती करणीको बाल विज्याई गरेको ठहर्छ ।

२७. सजायको हकमा विचार गर्दा पिडितको उमेर ३ बर्ष देखिएकोले मुलुकी ऐन, जवरजस्ती करणी ३ नं को देहाय दफा १ बमोजिम प्रतिवादीलाई दश बर्ष कैदको सजाय हुनेमा वारदात मितिमा प्रतिवादीको उमेर १३ बर्ष ८ महिना १९ दिन भएको देखिएकोले बालबालिका सम्बन्धी ऐन,२०४८को दफा ११(२) अनुसार प्रतिवादी संकेत नं. ५२ (I) लाई ३(तीन) महिना कैद सजाय हुने ठहर्छ । निज प्रतिवादी कक्षा ६ मा अध्ययनरत रहेको, निजको शारीरिक अवस्था, उमेर, पहिलो पटकको कसुर साथीहरुको लहैलहैमा लागेर यसो हुन गएको, अव आईन्दा यस्तो कसुर गर्ने छैन भनी पश्चाताप समेत गरेको देखिएकोले सो समेतलाई विचार गर्दा निजलाई हाल कैदमा राख्न उपयुक्त नदेखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निज प्रतिवादी संकेत नं. ५२ (I) ले आजका मितिले एक बर्ष भित्र वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाउने ठहरेमा प्रस्तुत मुद्धाबाट भएको सजाय समेत थपी कार्यान्वयन गर्ने गरी हाललाई उक्त सजाय स्थगित गरिदिएको छ ।

२८. पिडितलाई क्षतिपूर्ति समेत भराई पाउँ भन्ने अभियोग दावी बमोजिम प्रतिवादी संकेत नं. ५२ ( I ) बाट पिडित प्रतिवादी संकेत नं. ५२ ( J ) ले जवजस्ती करणीको १० नं. बमोजिमरु.४०,०००/– (चालीस हजार) क्षतिपूर्ति समेत भराई पाउने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू ।

**तपसिल खण्ड**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी संकेत नं ५२(I) ले पिडित संकेत नं ५२(J) लाई जवरजस्ती करणी गरी अभियोग दावी बमोजिम जवरजस्ती करणीको बालविज्याई गरेको ठहरेको र वारदता मितिमा प्रतिवादीको उमेर १३ बर्ष ८ महिना १९ दिन देखिएकोले बालबालिका सम्बन्धी ऐन,२०४८को दफा ११(२) अनुसार निज प्रतिवादी संकेत नं. ५२ (I) लाई ३(तीन) महिना कैद सजाय हुने ठहरी निज प्रतिवादी संकेत नं. ५२ (I) शारीरिक अवस्था समेतलाई विचार गर्दा निजलाई हाल कैदमा राख्न उपयुक्त नदेखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निज प्रतिवादीले आजका मितिले एक बर्ष भित्र वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाउने ठहरेमा प्रस्तुत मुद्धाबाट भएको सजाय समेत थपी कार्यान्वयन गर्ने गरी हाललाई उक्त सजाय स्थगित गरि दिएको भन्ने ठहर भएकोले सोही बमाजिम गर्ने गरी अभिलेख राख्नु..........................................................................१

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी संकेत नं ५२(I) बाट पिडित संकेत नं. ५२ (J) ले रु. ४०,०००/–(चालीस हजार रुपैयाँ) क्षतिपूर्ती समेत भराई पाउने ठहरेकोले मुद्धाको अन्तिम किनारा भएपछि पिडितले पिडकबाट क्षतिपूर्ति वापतको रकम भराई पाउँ भनी ऐनमा म्याद भित्र दरखास्त दिन आए कानून बमोजिम भराई दिनु...............................................२

प्रस्तुत ईन्साफमा चित्त नबुझ्े सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २६(१) का म्याद ७० (सत्तरी) दिन भित्र श्री पुनरावेदन अदालत तुल्सीपुर, दाङ्गमा पुनरावेदन गर्नु भनी प्रतिवादी संकेत नं. ५२ (I) लाई पुनरावेदनको म्याद दिनु.....................................................३

प्रस्तुत मुद्दा फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय प्युठानलाई दिनु.............४

नक्कल माग्ने सरोकारवालालाई मात्र नियमले लाग्ने दस्तुर लिई नक्कल दिनु........................५

प्रस्तुत मुद्धाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु..................................................................६

(जिल्ला न्यायाधीश)

फैसला लेखनमा सहयोग गर्नेः–

डिठ्ठाः– गीता घर्ती ।

फाँटवाला डिः– अस्मिता रावल ।

इति सम्बत् २०७३ साल जेठ महिना २५ गते रोज ३ शुभम्.................................

**श्री**

**बाँके जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विष्णु प्रसाद कोइरालाबाट भएको**

**फैसला**

**सम्वत ०७३ सालको ०७२–CR–०४९१ को बालविज्याँई**

**दर्ता नं.: ७४–०७२–०१८५७**

**दर्ता मितिः २०७३/१/२७**

**निर्णय नं.६६५**

**मुद्धाः– नकवजी चोरी सम्बन्धी बालविज्याँई**

**उपस्थितिः**

**बालमनोवैज्ञानिकः–** श्री सुदिप कुमार भट्टराई

**समाजसेवीः–**

| **बादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला बाँके, कोहलपुर न.पा.वडा नं. १० एकतानगर बस्ने कुमार गिरीको जाहेरीले नेपाल सरकार.........................१ | परिवर्तित नाम थर वतन बाँके, कोहलपुर न.पा. वडा नं. ११ बस्ने बर्ष १४ को संकेत ६५ कोहलपुर(न१).............................१<br>ऐ.ऐ बस्ने बर्ष १४ को संकेत ६५ (प१)....१<br>ऐ.ऐ बस्ने बर्ष १३ को संकेत ६५ (फ१)...१ |

**ऐ.ऐ. को साक्षी**

**प्रमाणः–**

जाहेरवाला कुमार गिरी ।
घटना विवरणका मानिसहरु
दशीः–
विभिन्न ब्राण्डको मोवाइल थान ४
व्याट्री नभएको मोवमइल सेट थान १
घडी थान १

**ऐ.ऐ. को साक्षी**
अर्जुन रोकाया
रत्नरुपा शाही
लक्ष्मी शाही
विक्रम शाही
विष्णा शाही
देबी शाही

**अदालतबाट बुझेको**

**प्रमाणः–**

**साक्षी**

अर्जुन रोकाया

देबी शाही

कागज

कानून व्यवसायी

**बादीको तर्फबाटः–**
विद्वान सहायक जिल्ला न्यायाधिवक्ता नरेन्द्र देवकोटा

**प्रतिवादीको तर्फबाटः–**
विद्वान वैतनिक अधिवक्ता केवल सिंह थारु

**अवलम्वित नजरः**

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन अ. ब. २९ नं. समेतले यसै अदालतको बाल इजलास क्षेत्राधिकार अन्तरगत पेश भएको प्रस्तुत मुद्धाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छ :–

**तथ्य खण्ड**

१. मैले विगत २ बर्ष देखि कोहलपुर साझा चोकमा मोवाइल पसल गर्दै आएकोमा मिति २०७३/१२/२९ गते सदा झै पसल बन्द गरी बेलुका आफ्नो घर गएको अवस्थामा सोही राती अपरिचित मानिसहरुले मेरो पसलको ताला तोडी पसल भित्र रहेका विभिन्न कम्पनीका मोवाइल थान ५४ र विभिन्न कम्पनीका घडी थान २३ चोरी गरी लिएको हुँदा खोजी गरी पाउँ भन्ने व्यहोराको दिलबहादुर गिरीको हुलिया निवेदन ।

२. जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. ११ स्थित पुर्वमा सचना दुध डेरी भएको घर, पश्चिममा नेपालगञ्ज कोहलपुर सडक खण्ड, उत्तरमा पिपरि लाइट बिजुली पसल, दक्षिमा काठमाडौं सुन चाँदी पसल यती चार किल्ला भित्र रहेको सागर मोवाइल सेन्टरबाट मिति २०७३/१२/२९ गतेराती नाम थर खुल्न नआएका मानिसहरुले विभिन्न कम्पनीका मोवाइल सेट तथा घडीहरु चोरी गरी लिएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

३. जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. ११ सैनिनगर स्थित पूर्व सडक खण्ड, पश्चिममा जमना शाहीको घर उत्तरमा धन पौडेलको घर दक्षिणमा नारायणी पौडेलको घर यती चार किल्ला भित्र रहेको ग्रावेल सडक खण्डमा शंकास्पद रुपमा पैदल हिडिरहेका

पछि नाम थर खुलन आएका परिवर्तित जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने संकेत ६५ (न१) र ऐ ऐ बस्ने (प१) को शरीर खान तलासी गर्दा निज (प–१) को साथबाट iris xi lava कम्पनीको सेतो रंगको मोवाइल थान १ र (फ१) को साथबाट intex सेतो रंगको मोवाइल सेट थान १ sopa कम्पनीको घडी थान १ र (फ१) को stereo soung लेखिएको व्याट्री नभएको सेतो रंगको मोवाइल सेट थान १ inis atmot lava कम्पनीको कालो रंगको मोवाइल सेट थान १ प्रहरीले वरामद गरी लिएको डीक साँचो हो भन्ने व्यहोराको खान तलासी मुचुल्का ।

४. वारदात समयमा वारदात समयमा निज संकेत ६५ (न१) को साथबाट iris xi lava कम्पनीको सेतो रंगको मोवाइल थान १ ivrs x8 lava कम्पनीको सेतो रंगको मोवाइल सेट थान १ sopa कम्पनीको घडी थान १ (न१) को साथबाट intex सेतो रंगको मोवाइल सेट थान १, stereo soung लेखिएको व्याट्री नभएको सेतो रंगको मोवाइल सेट थान १, inis atmot lava कम्पनीको कालो रंगको मोवाइल सेट थान १ वरामद गरी ल्याएकोमा उल्लेखित घडी तथा मोवाइल सेटहरु सनाखत गरी दिएको भन्ने व्यहोराको जाहेरवाला दिलबहादुर गिरीले गरेको सनाखत ।

५. मिति २०७३/१२/२९ गते बेलुका मैले सञ्चालन गर्दै आएको पसल बन्द गरी गएको र अर्को बिहान आई हेर्दा पसलको सटर खुलेको अवस्थामा रहेको र भित्र हेर्दा पसलमा रहेको करिव रु २ लाख ८१ हजार ४ सय ७५ मूल्य बराबरको मोवाइल सेट र घडीहरु चोरी गरी लिएकोमा तत्काल हुलिया निवेदन दिएको र पछि बुझ्दै जाँदा मेरो पसलबाट चोरी गरी लिएका मोवाइल सेट भध्ये ५ थान मोवाइल र थान १ घडी प्रतिवादी संकेत ६५ (प १) समेत बाट बरामद भै आएकोमा उक्त चोरी कार्यमा संलग्न प्रतिवादीहरु संकेत ६५ (प १) समेतलाई कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको दिलबहादुर गिरीको जाहेरी दरखास्त ।

६. वारदात मितिको बेलुका यसै मुद्दाका प्रतिवादी संकेत ६५ (फ १) संकेत ६५ (प १) र म भई जाहेरवालाको पसलमा चोरी गर्ने योजना बनाई फलामको सरिया लिई रातको समयमा सो पसलमा गई पसलको सटरमा लगाएको ताला फलामको रडले तोडी पसल भित्र रहेका मध्ये हाल हामीबाट बरामद भई आएका थान ५ मोवाइल सेट लिएका हुन् । जाहेरवालाले जाहेरीमा उल्लेखित मोवाइल सेट तथा घडी हामीहरुले चोरी गरी लिएका होइनौ भन्ने समेत व्यहोराको प्रतिवादी संकेत ६५ (न १) ले अधिकारी प्राप्त अधिकारी समक्ष गरेको बयान ।

७. वारदात मितिको बेलुका यसै मुद्दाका प्रतिवादी संकेत ६५ (फ १) संकेत ६५ (प १) र म भई जाहेरवालाको पसलमा चोरी गर्ने योजना बनाई फलामको सरिया लिई रातको समयमा सो पसलमा गई पसलको सटरमा लगाएको ताला फलामको रडले तोडी पसल भित्र रहेका मध्ये हाल हामीबाट बरामद भई आएका थान ७ मोवाइल सेट र थान १ घडी मध्ये (न १ ) र मैले हाल बरामद भई आएका ५ थान मोवाइल र थान १ घडी लिएका हौ भने २ थान मोवाइल सेट फरार प्रतिवादी संकेत ६५ (फ १) ले लिएका हुन् । जाहेरवालाले जाहेरीमा उल्लेखित मोवाइल सेट तथा घडी हामीहरुले चोरी गरी लिएका होइनौ भन्ने समेत व्यहोराको प्रतिवादी संकेत ६५ (प १) ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

८. वारदात मिति र समयमा म आफ्नै घरमा थिए सोही समयमा प्रतिवादी संकेत ६५ कोहलपुर (न १) (प १) र (फ १) ले जाहेरवालाको पसलको सटरमा लगाएको ताला तोडी पसल भित्र रहेको मोवाइल सेट तथा घडी मध्ये ५ थान मोवाइल सेट र १ थान घडी प्रहरीले बरामद गरेको हुँदा वारदातमा संलग्न निज प्रतिवादीहरुलाई कानून बमोजिम हुनु पर्छ भन्ने समेत व्यहोराको रविन्द्र अधिकारी, दीपक बहादुर भण्डारी, र दीपक प्रसाद श्रेष्ठले गरेको करिव एकै मिलानका फरक फरक घटना विवरण कागज ।

९. प्रतिवादी संकेत ६५ कोहलपुर (न १) (प १) र (फ १) को घरमका खानतलासी गर्दा चोरी मुद्दामा प्रमाण लाग्ने कुनै चिज वस्तु फेला नपरेको भन्ने व्यहोराको करिव एकै मिलानको फरक फरक खान तलासी बरामदी मुचुल्का ।

१०. बरामद मितिको बेलुका म संकेत ६५ कोहलपुर (न १) (प १) म भई जाहेरवालाको पसलमा चोरी गर्ने उद्देश्यले जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. ११ स्थित मा रहेको उक्त मोवाइलको पसलमा गई साथमा लिएको फलामको रडले सटरमा लगाएको ताला तोडी पसल भित्र रहेका मध्ये ७ थान मोवाइल र २ थान घडी चोरी गरी ल्याएकोमा २ थान मोवाइल सेट मैले लिए भने ५ थान मोवाइल र थान १ घडी संकेत ६५ कोहलपुर हाल हामीबाट बरामद भई आएका ५ थान मोवाइल सेट र थान १ घडी चोरी गरी लिएका हौं भने प्रतिवादी संकेत ६५ कोहलपुर (न १) (प १) ले लिइका हुन् भने मैले लिएका २ थान मोवाइल सेट नाम थर वतन थाहा नभएका मानिस लाई २ हजारमा विक्री गरेको हुँ । सो कबाट आएको पैसा मैले खर्च गरीसकेको छु भन्ने समेत व्यहोराको प्रतिवादी संकेत ६५ (न १) ले अधिकार प्राप्त अधिकारी समक्ष गरको बयान ।

११. बरामदी मुचुल्कामा उल्लेखित ५ थान र थान १ घडीको मूल्य रु ७६ हजार ५ सय पर्ने भन्ने व्यहोराको उद्योग व्यापार संघ, कोहलपुर बाँकेको पत्र ।

१२. मिति २०७२/१२/२८ गतेका राती कोहलपुर न.पा. वडा नं. ११ साझा चोकमा रहेको जाहेरवाला दिलबहादुर गिरीको सागर मोवाइल रिपेरिङ्ग सेन्टरको सटर पसलमा लगाएको ताला तोडी प्रतिवादी संकेत ६५ कोहलपुर (न १) र संकेत ६५ (प १) र संकेत ६५ (फ १) ले सटर कोठामा रहेका कुल विगो रु २,९९,६४५ /–बराबरको विभिन्न किसिमका मोवायल तथा घडीहरु नकवजनीका रीतले चोरी गरेको पुष्टि हुन आएको र निज अभियुक्त संकेत ६५ (न १) ६५ (प १) र को उल्लेखित कार्य मुलुकी ऐन, चोरी महलको १ र ३ नं बमोमिको कसुर भएकोले निज प्रतिवादीहरुबाट चोरीको बरामद र नपुग बिगो सोही महलको १० र २१ नं. बमोजिम जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने व्यहोराको अभियोग पत्र ।

१३. जाहेरवालाको पसलमा मोवाइल मैले चोरी गरेको होइन । कस्ले चोरी गरे मैले जान्दिन । मैले चोरी गरेका भन्ने जाहेरी कागज व्यहोरा झुठ्ठा हो भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ६५(प १) ले अदालतमा गरेको बयान ।

१४. जाहेरवालाको पसलमा मोवाइल मैले चोरी गरेको होइन । कस्ले चोरी गरे मैले जान्दिन । मैले चोरी गरेको भन्ने जाहेरी कागज व्यहोरा झुठ्ठा हो भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ६५ (न १) ले अदालतमा गरेको बयान ।

१५. जाहेरवालाको पसलमा मोवाइल मैले चोरी गरेको होइन । कस्ले चोरी गऱ्यो मलाई थाहा भएन । मैले चोरी गरेको भन्ने जाहेरी कागज व्यहोरा झुठ्ठा हो भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ६५(फ १) ले अदालतमा गरेको बयान ।

१६. प्रतिवादीहरुले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिए पनि अधिकार प्राप्त अधिकारी समक्षको बयानमा सावित भई बयान गरेको देखिएको, बरामदी मुचुल्का, खानतलासी मुचुल्का, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, घटना विवरण कागज मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादीहरु निर्दोष भन्ने नदेखिएकोले यी प्रतिवादीहरु नाबालक रहेको तथ्यमा विवाद नदेखिएको अवस्थाको विद्यमानता देखिदा प्रतिवादीहरुको अभिभावक तथा संरक्षकको जिम्मा लगाई खोजेको बखत उपस्थित गराउने गरी पठाई दिनु । प्रतिवादी चुक्ता भै सकेको र निरन्तर सुनवाई अन्तरगतको मुद्दा हुँदा प्रतिबादीहरुका साक्षी र जोहुरवालाको साक्षी, देखने/सुन्ने, घटना विवरणका व्यक्तिहरुलाई वकपत्रका लागि मिति २०७३/२/२ मा उपस्थित गराउनु भन्ने मिति २०७३/१/२९ को आदेश ।

१७. यस अदालका आदेशानुसार प्रतिवादीहरुलाई निजको संरक्षकको जिम्मा लगाईएको भन्ने लिखित मिसिल समेल रहेको ।

१८. उक्त दिनको घटना विवरण कागज र सो मा भएको सहिछाप समेत मेरै हो । उक्त दरखास्तमा लेखिएको सम्पूर्ण व्यहोरा ठीक साँचो हो । जाहेरीमा उल्लेख भए बमोजिम यी प्रतिवादीहरुले चोरी गरेका हुन् भन्ने व्यहोराको जाहेरवाला दिलबहादुर गिरीले गरेका वकपत्र ।

१९. उक्त दिनको घटना विवरण कागज र सो मा भएको सहिछाप समेत मेरै हो । उक्त घटना विवरणमा लेखिएको व्यहोरा ठीक साँचो हो । यी प्रतिवादीहरुले चोरी गरेको मैले प्रत्यक्ष देखिन । गाउँमा चोरी भएको हल्ला भएपछि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटना विवरण का मानिस रविन्द्र अधिकारिले गरेको वकपत्र ।

२० प्रर्तिवादी संकेत ६५ (प १) समेत टोलमा मान्छे मरेको भनी भेटन गएको अवस्थामा चोर भनी हल्ला गर्दा चोरी गरेर लिएर आउने केटाहरु सामानको पोको फाली भागी गएकाले उक्त सामान उठाई ल्याएका हुन् । उनले चोरी गरेका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी ६५ (प १) को साक्षी अर्जुन रोकायाले गरेको वकपत्र ।

२१. उक्त चोरी भनिएको दिन र समयमा प्रर्तिवादी संकेत ६५ (फ १) घरमै थिए । प्रर्तिवादी संकेत ६५ (फ १) असल चरित्रको कटो हो, त्यसैले उस्ले जाहेरवालाको सामान चोरेको होइन भनने समेत व्यहोराको प्रर्तिवादी ६५ (फ १) को साक्षी देबी शाहीले गरेको वकपत्र ।

२२. वरामद दशीका सामान मोवाइल, व्याट्री, घडी लगायतका माल सामानहरु मेरा हुन् भन्ने समेत व्यहोराको जाहेरवाला दिलबहादुर गिरीले गरेको बयान ।

२३. बालमनोवैज्ञानि श्री सुदिप कुमार भट्टराईबाट पेश गरिएको राय प्रतिवेदन मिसिल सामेल रहेको ।

**अदालतको ठहर**

२४. नियम बमोजिम शाप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिबक्ता श्री नरेन्द्र देवकोटाले प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा कसुरमा सावित भई बयान गरेको, बरामदी मुचुल्का, खानतलासी मुचुल्का, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, घटना विवरण कागज समेतबाट यी प्रतिवादीहरुले आरोपित कसुर गरेकाले अभियोग दावी बमोजिम सजाय हुनु पर्दछ भनी गर्नू भएको बहसमा असहमती जनाउदै प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान वैतनिक अधिवक्ता श्री केशव सिंह

थारुले प्रतिवादीहरुले जोहेरवालाको पसलबाट बरामद सामानहरु चोरी गरेका नभई अन्य व्यक्तिहरुले चोरी गरी ल्याएको सामन निजलाई देखि छाडी भागी जाँदा प्रतिवादीहरले उक्त सामानहरु भेट्टाई साथमा लिएको र प्रयोग गरेको हुँदा यी नाबालक प्रतिवादीहरु कसुरको वारे अनभिज्ञ हुँदा निजहरुलाई दावी बमोजिम सजाय हुनु पर्नेहोइन सफाइ पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकीर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरुले अभियोग दावी बमोजिम कसुर गरेका हुन् होइन् भन्ने विषयामा निर्णय दिनु पर्ने देखिन आयो ।

२५. इजलास समक्ष पेश हुन आएका मिसिल कागज अध्ययन गरी निर्णय तर्फ विचार गर्दा प्रतिवादीहरु उपर चोरीको महलको १ र ३ नं. को कसुरको अपराधमा ऐ. चोरीको महलको १४(१) बमोजिम सजाय हुन र बरामद विगो र नपुग बिगो जाहेरवालालाई भराई दिन, प्रतिवादी मध्येका संकेत ६५ (फ १) को उमेर १३ बर्ष भएकाले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (३) र संकेत ६५ (न १) र संकेत ६५ (प १) को उमेर १४ बर्ष भएकाले ऐ. दफा ११(३) बमोजिम हुन अभियोग दायर भएको देखिन्छ । प्रतिवादी परिवर्तित नाम संकेत ६५ (प १) ले यस अदालतमा बयान गर्दा चोरहरु भागी गएकाले ७ वटा मोवाइल र २ वटा घडी छाडी गएकोले उक्त मोवाइल र २ घडी बाडेका हौं भनी मौकाको बरामदी स्वीकार गरेका देखियो । अर्को प्रतिवादी संकेत ६५ (न १) कोहलपुरले यस अदालतमा बयान गर्दा सह प्रतिवादीको बयान मिलान हुने गरी बरामद स्वीकार गरी बयान गरेका देखिन्छ । अर्का प्रतिवादी परिवर्तित नाम संकेत ६५ (फ १) ले यस अदालतमा बयान गर्दा बरामद भएको तथ्यलाई इन्कार गर्न सकेको देखिदैन । मौकाको बरामदी जाहेरी समेत पुष्टि हुने गरी बादीका साक्षी जाहेरवाला दिलबहादुर गिरीले वकपत्र गरेको देखिन्छ । त्यस्तै घटना विवरण कागज गर्ने रविन्द्र अधिकारी खत्रीको वकपत्र समेतबाट मौकाको कागज व्यहोरा समर्थित हुने गरी वकपत्र समेतबाट मौकाको कागज व्यहोरा समर्थित हुने गरीवकपत्र गरेका देखिन्छ । प्रतिवादी संकेत ६५ (फ १) को साक्षी देबी शाही, प्रतिवादी संकेत ६५ (प १) का साक्षी अर्जुन रोकायाले दशीमा पेश भएका चोरीका सामान वरामद भएको तथ्य खण्डित गर्न सकेको देखिदैन । प्रतिवादीले गरेको बयान, दशीका सामान वरामद भएको वरामदी मुचुल्का, किटानी जाहेरी,जाहेरवाला समेतका साक्षीको वकपत्रबाट यी प्रतिवादीहरु उपरको अभियोगदावी पुष्टि हुन आयो ।

२६. तसर्थ प्रतिवादी संकेत ६५ (फ १) को उमेर १४ बर्ष भन्दा कम हुँदा चोरीको महलको १ र ३ नं. को कसुर कायम गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम

संकेत ६५ (फ १) लाई दश दिन कैद हुने ठहर्छ । अर्का प्रतिवादी संकेत ६५ (न १) को उमेर १४ बर्ष पुगेको र १६ बर्ष भन्दा कम देखिदा चोरी महलको १४(१) बमोजिम हुने सजायको आधा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (३) ले हुने हुँदा एक महिना पन्ध्र दिनको आधा जनही बाइस दिन कैद र कायम हुने वरामदी विगोको आधा बीस हजार जनही जरीवाना हुने ठहर्छ । प्रतिवादीहरुको सम्बन्धमा बाल मनोविज्ञ सुदीप कुमार भट्टराईको प्रतिवेदन, अभिभावकहरुको प्रतिवद्धता समेतलाई विचार गरी निज तीनै जना प्रतिवादीहरुलाई लागेको जरिवाना तथा कैद बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (२) अनुसार हाल भोग्न तर्न नपर्ने गरी स्थगन हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी अ.व. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी संकेत ६५ (फ १) लाई १० दिन कैद हुने, अर्को प्रतिवादीहरु संकेत ६५ (न १) र संकेत ६५ (प १) लाई जनही बाइस दिन कैद र जरिवाना बरामदी समानको आधा बीस हजार रुपैंया जनही जरिवाना ठहरेकाले निज प्रतिवादीहरुलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (२) बमोजिम स्थगित गरी दिने गरी लगत कस्नु............१

यो फैसला चित्त नबुझे ७० दिन भित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा मा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय बाँकेलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २६ बमोजिम पुनरावेदनको म्याद दिनु.............२

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिइ नक्कल सारी वा सराई दिनु..................३

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु................................४

माननीय जिल्ला. न्यायाधशिले टिपाए बमोजिम
कम्प्युटर गर्ने क.अ. वाङलामा छुमी
फाँटवालाः– ना.सु. गणेश रिजाल

(विष्णुप्रसाद कोईराला)
जिल्ला न्यायाधीश

इति सम्बत २०७३ साल आषाड २० गते रोज २ शुभम्.......................................।

**श्री डोटी जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री नरनारायण पौडेल**

**फैसला**

सम्वत् २०७१ सालको मु.नं. ०७३–CR–००२०

नि.नं.- ५६

मुद्दा– जवरजस्ती करणी उद्योग

| **बादीको नाम, थर, वतन** | प्रतिबादीको नाम,थर,वतन |
|---|---|
| नाम परिवर्तित ७० "३" को जाहेरीले नेपाल सरकार.........................१ | नाम परिवर्तित ७० "ख"...................१ |

रोहवर :–बाल मनोबित्ता श्री कैलास सिं साउँद ।

अदालतबाट बुझेको

| **बादीका साक्षी** | **प्रतिवादीका साक्षी** |
|---|---|
| जाहेरवाला नाम परिवर्तित ७० (३)..१ | **कल्पना सार्की**......................................१ |
| अर्जुन सार्की.........................१ | |
| पीडित नाम परिवर्तित ७० (C).......१ | |
| नाम परिवर्तित ७० (३) (अ)........१ | प्रमाण....................................X |
| गौरी घर्ति मगर.......................१ | कागज....................................X |
| हर्क बहादुर मगर.....................१ | |
| कागज..............................X | |
| प्रमाण..............................X | |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम यस अदालतको अधिकार क्षेत्र अन्तर्गत भित्र दायर हुन आएको प्रस्तुत मुद्दाको

संक्षिप्त तथ्य यस प्रकार छ ।

१. बड्डीकेदार स्थित पूर्वमा बल बहादुर सार्कीको खेतबारी, पश्चिममा शेर बहादुर शाहको खेतबारी, उत्तरमा शेर बहादुर घर्तिको खेतबारी, दक्षिणमा खप्परे खोला यती चार किल्ला भित्र नाम परिवर्तित ७० “ख”ले नाम परिवर्तित ७० (C) लाई मिति २०७३/१२/२८ गते दिउँसो अन्दाजी १२.०० बजेको समयमा जवरजस्ती करणी गरिएको भनिएको ठाउँको वरिपरि ढुंगा भई खोल्सो उक्त घटनास्थल वरिपरि घटनासंग सम्बन्धित कुनै सवुत प्रमाणहरु नभेटिएको जवरजस्ती करणी गरिएको भनिएकी नाम परिवर्तित ७० (C) को शरीरमा हेर्दा निजको पिठ्युँमा सानो निलो डाम रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

२. मिति २०७३/१२/२८ गते मेरो बर्ष ८ की छोरी नाम परिवर्तित ७० (C) लाई नाम परिवर्तित ७० “ख” ले जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिमगरी पाउँ भन्ने समेत व्यहोराको नाम परिवर्तित ७० (३) ले इलाका प्रहरी कार्यालय विपीनगर डोटीमा दिएको उजुरी निवेदन ।

३. मिति २०७३/१२/२८ गते दिउँसो अं ११.०० बजेको समयमा जिल्ला डोटी बड्डीकेदार गाउँपालिका २ स्थित खप्परे खोलामा मेरी छोरी नाम परिवर्तित ७० (C) लाई नाम परिवर्तित ७० “ख” ले जवरजस्ती करणी गरेकोले निजलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोरा जाहेरी दरखास्त ।

४. मिति २०७३/१२/२८ गते बिहान अं ०९.०० बजेको समयमा बिहानको खाना खाई घाँस काट्न भनी घर भन्दा तलको खोल्सामा गएकी थिएँ । म घाँस काटीरहेको ठाउँ भन्दा अलि तल खप्परे खोलामा अर्जुन सार्की, प्रतिवादी नाम परिवर्तित ७० “ख” र मेरो भाईलाई खोला माछा मारीरहेको देखि म पनि माछा मार्न भनी खोलामा गएकी र सो पश्चात खेल्ने क्रममा प्रतिवादी नाम परिवर्तित ७० “ख”ले मलाई गाई गोरु खेलौं भनी प्रतिवादीले मेरो हात समाती आफुतिर तानेर लैजान खोज्दा म लडेपछि कम्मर चोट लागि रोई कराई गर्दा समेत नमानी प्रतिवादीले जवरजस्ती तानी केही पर लगी मलाई भुईमा पल्टाई सुरुवाल अलिकति तल सारी आफ्नो पाईन्ट घुँडासम्म तानी कट्टु नखोली मेरो माथी चढी मलाई च्याप्दा म रोई कराई गरेको आवाज नजिकै खेलिरहेका मेरो भाई र अर्जुन सार्कीले सुनी म र प्रतिवादी भएको स्थानमा आई के गर्दैछौ म आमालाई भनी दिन्छु भनी प्रतिवादीलाई भन्दा प्रतिवादीले मलाई छोडी मेरो भाईलाई एकलातले हानी कसैलाई भन्यो भने तलाई कुट्छु कसैलाई नभन्नु भनी प्रतिवादीले मेरो भाईलाई रु.५ को डलर र मलाई घरमा नभन्नु

भनी आफुले खल्ने छल्ला (चुङ्गी) दिएको हो सो पश्चात प्रतिवादीले मेरो भाई र अर्जुन सार्की घर तिर गएका हुन् तिनीहरु गएको केही छिन पछि म पनि आफ्नो घरमा आएकी हुँ घरमा आएपछि प्रतिवादीले आफुलाई जोई बनाएको हो भनी आमालाई भनेको हुँ भन्ने समेत व्यहोराका पीडित नाम परिवर्तित ७० (C) को घटना विवरण कागज ।

५. मिति २०७३/१२/२८ गते बिहान अं १०.०० बजे खाना खाएर खप्परे खोलामा माछा मार्न भनी अर्जुन सार्की पीडितको भाई र म गएको हौं खोलामा गएपछि २ वटा माछा मारे पछि हामी तिनै जना खेल्दै थिए अन्दाजी १२.०० बजेको समयमा हामीहरुलाई खेलिरहेका थियौं पीडित पनि हामी आएको स्थानमा आएकी हो खेल्ने क्रममा मैलेपीडितलाई गाई गोरु खेलौ भनि पिडितको हात समाति आफु तिर तान्दा पिडित लड्न गई कम्मरमा चोटपटक लाग्दा रुन थाले पछि मैले पीडितालाई अलि पर तान्दै लगेर भुईमा पल्टाई पीडितको सुरुवाल खोली आफुले लगाएको पाइन्ट खोली कट्टु नखोली पीडितको शरीर माथी चढ्दा पीडित रोई कराई गर्न लाग्दा नजिकै खेलिरहेका पीडितको भाई र अर्जुन सार्की आउदा मैले पीडितलाई छोडेको हुँ पीडितको योनीमा लिङ्ग घुसाउन पाएन भन्ने समेत व्यहोराको प्रतिवादी नाम परिवर्तित ७० “ख” को बयान ।

६. मिति २०७३/१२/२८ गते बिहान अं १०.०० बजे तिर खाना खाएर खप्परे खोलामा माछा मार्न भनी प्रतिवादी नाम परिवर्तित ७० “ख” पीडितको भाई र म गएका हौं । हामी तिनै जना खेल्दै थिए अन्दाजी १२.०० बजेको समयमा खेलिरहेका थियौं पीडित पनि हामी आएको स्थानमा आएकी हो खेल्ने क्रममा पीडितको भाई र म संगै खेल्दै थियौं पीडित र प्रतिवादी अलि पर खेल्दै थिए प्रतिवादीले पीडितको हात समाती आफु तिर तान्दा पीडित लड्न गई चोट लाग्यो भन्दै थिईन पीडितलाई प्रतिवादीले तान्दै अलिपर पुगाएपछि प्रतिवादीले पीडितलाई लडाई सुरुवाल खोली आफ्नो पाइन्ट तल सारी पीडितको माथी चढी च्याप्दै थियो पीडित आमालाई भनी दिन्छु भनी रोई कराई गरेको देखि पीडित र प्रतिवादी भएको स्थानमा जादा प्रतिवादीलाई पीडितको शरीर माथी चढेको देखेका हौं हामीहरुलाई देखेपछि प्रतिवादीले पीडितलाई छोडेको हो पीडितको भाईले आमालाई भनी दिन्छु मेरो दिदीलाई के गरेको भन्दा प्रतिवादीले पीडितको भाईलाई लात्ताले हानेको हो कसैलाई नभन्नु भनी प्रतिवादीले पीडितलाई छल्ला (चुङ्गी) दिएको र पीडितको भाईलाई रु.५ को डलर दिएको हो पीडितका भाई र म तत्कालै पुग्दा प्रतिवादीले पीडितलाई करणी गर्न पाएन निजले छाडेको हो भन्ने समेत व्यहोराको अर्जुन सार्कीको घटना विवरण कागज ।

७. मिति २०७३/१२/२८ गते बिहान अं १०.०० बजे तिर खाना खाएर खप्परे खोलामा माछा मार्न भनी प्रतिवादी नाम परिवर्तित ७० “ख”, अर्जुन सार्की म गएका हौं । खोलामा गएपछि हामी तिनै जना खेल्दै थिए अन्दाजी १२.०० बजेको समयमा पीडित पनि हामी आएको स्थानमा आएकी हो । खेल्ने क्रममा अर्जुन सार्की म संगै खेल्दै थियौं । पीडित र प्रतिवादी अलि पर खेल्दै थिए प्रतिवादीले पीडितको हात समाती आफु तिर तान्दा पीडित लड्न गई चोट लाग्यो भन्दै थिईन पीडितलाई प्रतिवादीले तान्दै थियो अलिपर पुगाएपछि प्रतिवादीले पीडितलाई भुईमा लडाई सुरुवाल खोली आफ्नो पाइन्ट तल सारी पीडितको माथी चढी च्याप्दै थियो पीडितले आमालाई भनी दिन्छु भनी रोई कराई गरेको देखि पीडित र प्रतिवादी भएको स्थानमा जादा प्रतिवादीलाई पीडितको शरीर माथी चढेको देखेका हौं हामीहरुलाई देखेपछि प्रतिवादीले पीडितलाई छोडेको हो मैले आमालाई भनी दिन्छु मेरो दिदीलाई के गरेको भन्दा प्रतिवादीले मलाई लात्ताले हानेको हो कसैलाई नभन्नु भनी प्रतिवादीले पीडितलाई छल्ला (चुङ्गी) दिएको र मलाई रु.५ को डलर दिएको हो । अर्जुन सार्की र म तत्कालै पुग्दा प्रतिवादीले पीडितलाई करणी गर्न पाएन । निजले छाडेको हो भन्ने समेत व्यहोराको पीडितका भाई नाम परिवर्तित ७० (३) (अ) को घटना विवरण कागज ।

८. ९.मिति २०७३/१२/२८ गते बिहान अं १२.०० बजे तिर खप्परे खोलामा खेल्ने क्रममा प्रतिवादी नाम परिवर्तित ७० “ख”, ले पीडित नाम परिवर्तित ७० (C) को हात समाती जवरजस्ती तान्दा पीडितलाई चोटपटक लागे पश्चात पनि पीडितलाई तानेर केही पर लगी जवरजस्ती करणी गर्न लाग्दा पीडित रोई कराएको सुनी नजिकै खेलि अर्जुन सार्की र पीडितको भाई दुबै जना प्रतिवादीले करणी गर्न लागको स्थानमा गई पीडितको भाईले मेरो दिदीलाई के गरेको आमालाई भनी दिन्छु भन्दा प्रतिवादीले पीडितलाई छोडेको रहेछ भन्ने कुरा सनी थाहा पाएको प्रतिवादीले पीडितलाई करणी गरेको मैले देखेन पीडित हाल घरमै छन् हिडडुल गर्न सक्दछिन आफ्नो घरमा बसेकी छिन जाहेरवाला र प्रतिवादी बीच रिसईवी थियो थिएन मलाई थाहा भएन सम्बन्ध के कस्तो थियो सो समेत मलाई थाहा भएन भन्ने समेत व्यहोराको गौरी घर्ति मगरको घटना विवरण कागज ।

१०. पीडितको योनी वरिपरि कोतरिएको, चिथोरिएको कुनै घाउचोटहरु नभएको कन्याजाली नच्यातिएको करणी नगरेको भन्ने समेत व्यहोराको पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदन ।

११. परिवर्तित नाम परिवर्तित ७० “ख”, ले पीडित परिवर्तित नाम ७० (C) लाई जिल्ला डोटी बड्डीकेदार स्थित घटनास्थलमा उल्लेखित चार किलला भित्रको जंगलमा मिति

२०७३/१२/२८ गते बिहान अं १२.०० बजेको समयमा प्रतिवादीले पीडितको हातखुट्टा समाति तानी आफुले लगाएको पाईन्ट खोली भुईमा पल्टाई पीडितको सुरुवाल खोली निज माथी चढी जवरजस्ती करणी उद्योग गरको देखिदा निज प्रतिवादी परिवर्तित नाम परिवर्तित ७० “ख”, ले मुलुकी ऐन जवरजस्ती करणीको महलको ५ नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादी ११ बर्षको नाबालक देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदावी ।

१२. मिति २०७३/१२/२८ गते बिहान म र अर्जुन सार्की माछा मार्ने भनेर खप्परे खोलामा गएको बेलामा पीडित र निजको भाई पनि घाँस काटन भनी सोही खोलामा गएका हुन । खोलामा हामी चारै जनाले गाई गोरु खेल खेलेका हौं गाई गोरु खेल खेल्दा हामीहरुले सुरुवाल खोलेका थियौं भने भित्री बस्त्र खोलेका थिएनौ । खेल खेल्ने क्रममा पीडितलाई मैले पछाडीबाट तान्दा ढुंगामा लाग्न गई निजको ढाडमा चोट लागेको हो । मैले निजलाई जवरजस्ती करणी गर्न मनसायले तानेको होइन ।पीडितले गोरु पनि नाङ्गै हुने भएकाले हामी पनि नाङ्गै हुनुपर्छ भनेपछी मैले पाइन्ट खोलेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी नाम परिवर्तित ७० (ख) ले यस अदालतमा गरेको बयान ।

१३. वारदात मितिका दिन मेरो प्रतिवादीसँग भेट भएन । पीडित र प्रतिवादी दुबै नाबालक भएको र उनिहरुले खेल्ने क्रममा गरेका क्रियाकलापलाई अभियोगका रुपमा प्रस्तुत गरिएको हो । प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको होइन भन्ने कुरा पीडितकी आमाले पीडितलाई सोध्ने क्रममा थाहा पाई वारदात स्थानमा संगै रहेका अर्जुन सार्कीलाई पनि सोधी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी कल्पना सार्कीले यस अदालतमा गरेको बकपत्र ।

१४. वारदात मितिका दिन मेरो प्रतिवादी र पीडितसँग जिल्ला डोटी बडीकेदार गाउँपालिका वडा नं. २ मा रहेको खप्परे खोलामा माछा मार्ने क्रममा भेट भएको थियो । उक्त दिन सो खोलामा गाई गोरु खेल्ने क्रममा प्रतिवादी र पीडितले आफुले लगाएको सुरुवाल र पाइन्ट खोलेका थिए र प्रतिवादी पीडितको माथी चढ्न लागेका थिए सोही क्रममा पीडितको भाई गई यो के गरेको भनी प्रतिवादीलाई लात्तले हानेपछि प्रतिवादी त्यहाबाट उठी यो कुरा कसैलाई नभन्नु भनी पीडितको भाईलाई रु. ५/– र पीडितलाई चुङ्गी दिएको थियो । गाई गोरु खेल्न गाई माथी गोरु चढे जस्तै गरी खेलिने खेल हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी अर्जुन बहादुर सार्कीले यस अदालतमा गरेको बकपत्र ।

१५. मिति २०७३ चैत्र २८ गतेका दिन म मेरो घरबाट केही तल पर्ने खप्परे खोलामा घाँस काट्न गएकी थिएँ भने प्रतिवादी पनि माछा मार्न भनी सोही खोलामा गएकोले मैले प्रतिवादीलाई सोही खोलामा भेटेका हुँ । उक्त खोलामा प्रतिवादी र म बाहेक अर्जुन सार्की र मेरो भाई पनि थिए । प्रतिवादीले गाई गोरु खेलौं भनी भनेपछि हामीहरु सबै मिली गाई गोरु खेल खेलेका हौं । गाई गोरु खेल्ने क्रममा प्रतिवादीले मेरो खुट्टा समाति तानी मलाई पल्टाई सुताई आफुले लगाएको पाइन्ट र मैले लगाएको टाउजर खोली मेरो माथी चढी मेरो हात र खुट्टामा जोरले च्यापेको हो । मलाई लडाएकोले मेरो कम्मरमा चोट लाई म रोई कराई गरेपछि मेरो भाई आई प्रतिवादीलाई लात्तले हानेपछि प्रतिवादीमेरो माथीबाट उठेका हो । प्रतिवादीले मलाई पल्टाई सकेपछि मेरो हात र खुट्टामा समातेको हो भने अन्य ठाउँमा समातेको होइन म रोई कराई गरेपछि प्रतिवादीले मलाई जवरजस्ती करणी गरेको होइन भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी पीडित नाम परिवर्तित ७० (C) ले यस अदालतमा गरेको बकपत्र ।

१६. वारदात मितिका दिन म प्रतिवादी पीडित र अर्जुन सार्की जिल्ला डोटी बड्डीकेदार गाउँपालिका वडा नं. २ मा रहेको खप्परे खोलामा माछा मार्न गएका थियौं उक्त दिन सो खोलामा माछा नपरेपछी हामीहरुले गाई गोरु खेल खेलेका हौँ । गाई गोरु खेल खेल्दा म र अर्जुन सार्की एक भएर खेलेका थियौं भनी प्रतिवादी र पीडित एक भएर खेलेका हुन् खेल खेल्ने क्रममा प्रतिवादीले पीडितलाई जोइपोइ खेल खेलौ भनी पीडितको खुट्टा तानी पीडितलाई पल्टाई आफ्नो पीडितको कपडा खोली पीडितको माथी चढेको हो । प्रतिवादी पीडितको माथी चढीरहेको बेलामा आमालाई भनी दिन्छु भने पछि प्रतिवादी पीडितको माथीबाट तल झरी मलाई एक लात्तले हानेको हो भने पछि कसैलाई नभन्नु भनी मलाई रु.५/–पीडितलाई चुङ्गी दिएको हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी पीडित नाम परिवर्तित ७० (३) (अ) ले यस अदालतमा गरेको बकपत्र ।

१७. प्रतिवादीले पीडितलाई गाई गोरु खेलौं भनी जंगल तिर तान्दै लगी पल्टाई आफ्नो र पीडितको कपडा खोली पीडितको शरीर माथी चढेको हो र पीडितको भाई आई यो के गरेको आमालाई भनी दिन्छु भने पछि प्रतिवादी पीडितको शरीरबाट तल झरेको हो भनी उक्त कुरा बारदात भएको भोलीपल्ट पीडितलाई हिड्न अपठ्यारो भएपछि के भयो भनी सोध्दा पीडितबाट सुनी थाहा पाएको हुँ भने पीडितलाई ढाड र योनीमा लागेको चोटका बारेमा सोध्दा प्रतिवादीले मलाई पल्टाउन खोज्दा ढाडमा चोट लागेको हो र योनीमा प्रतिवादीले यौन सम्पर्क गर्न खैज्दा चोट लागेको हो भनी पीडितले भनेकी थिइन र सो

योनीमा लागेको चोट कहि कतै उपचार नगरी आफै ठीक भएको हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी जाहेरवाला नाम परिवर्तित ७० (३) ले यस अदालतमा गरेको बकपत्र ।

१८. म वारदात मिति २०७३/१२/२८ गते का दिन जिल्ला डोटी दि.सि.न.पा. वडा नं. ३ स्थित कालापाताल भन्ने स्थानमा रहेको आफ्नो घरमा थिए भने वारदात स्थलबाट मेरो घर आउन गाडीको बाटो करिव १२ घण्टा लाग्दछ भने वारदात भएको करिव ४ दिन पछि मेरो घरमा पीडित र जाहेरवाला मेरो घरमा आई प्रतिवादीले पीडितलाई जवरजवस्ती करणी गर्न खोजेको भनी सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी गौरी घर्ति मगरले यस अदालतमा गरेको बकपत्र ।

१९. वारदात भएको १४/१५ दिनपछि जाहेरवालीसँग दि.सि.न.पा.मा भेट भएपछि प्रतिवादीले पीडितलाई जवरजवस्ती करणी उद्योग गरेको र सो कुरा कसैलाई नभन्नु भनी प्रतिवादीले पीडित र पीडितका भाईलाई चुङ्गी र केही पैसा दिएको भनी जाहेरवालीले भनेपछि भनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी हर्कबहादुर मगरले यस अदालतमा गरेको बकपत्र ।

२०. प्रतिवादीका आमा बुवा कृषि तथा मजदुरी कार्यमा व्यस्त रहेकोले बालकको रेखदेख तथा पढाईमा उचित ध्यान नदिएको कारण बालकमा सामाजिक साँस्कृतिक, अनुशासन, मर्यादा नैतिकता जस्ता कुराको उचित ज्ञान हुन नसकेका कारण बालक नक्कल गर्ने हो भन्ने बाल मनोविज्ञ कैलास सिंह साउँद र समाजसेवी ईश्वरी कुमारी ऐरको सामाजिक अध्ययन प्रतिवेदन ।

## अदालतको ठहर

२१. यसमा नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सुचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री खडीन्द्रराज कटुवालले प्रतिवादी नाम परिवर्तित ७० (ख) ले नाबालक बर्ष १० की नाम परिवर्तित ७० (C) लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको ३(२) र ५ नं. को कसुर अपराध गरेको पुष्टी हुन आएकोले निज प्रतिवादीलाई कसुरमा ऐ महलको ५ नं. अनुसार ऐको ३ नं. को देहाय २ नं. बमोजिम हुने सजायको आधा सजाय गरी पाउ भनी गर्नु भएको बहस र प्रतिवादीका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री शंकर दिप मडैले

प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गर्ने मनसायले कुनै कार्य नगरेको, गाई गोरु खेल्ने क्रममा पीडितलाई तान्दा पीडित लडन गई ढाडमा सामान्य चोट लाग्न गएको तथा उक्त समयमा प्रतिवादी र पीडितसंगै पीडितको भाई र अर्जुन सार्की पनि संगै खेल खेलिरहेको हुँदा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गर्ने प्रयास गर्न सक्ने अवस्था पनि नरहेको र पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा यौनाङ्गमा कुनै किसिमको चोट नरहेको कुरा उल्लेख भई आएको देखिदा प्रतिवादीले आरापित कसुरबाट सफाई पाउनु पर्ने भनी गर्नु भएको बहस समेत सुनियो ।

२२ यसमा प्रतिवादी नाम परिवर्तित ७० (ख) ले पडित परिवर्तित नाम ७० (C) लाई जिल्ला डोटी बडिकेदार स्थित घटनास्थलमा उल्लेखित चार किल्ला भित्रको जंगलमा मिति २०७३/१२/२८ गते बिहान अं १२.०० बजेको समयमा प्रतिवादीले पीडितको हात खुट्टा समाति तानी आफुले लगाएको पाइन्ट खोली भुईमा पल्टाई पीडितको सुरुवाल खोली निज माथी चढी जवरजस्ती करणी उद्योग गरको देखिदा निज प्रतिवादी नाम परिवर्तित ७० (ख) ले मुलुकी ऐन जवरजस्ती करणीको महलको ३(२) र ५ नं. बमोजिम कसुर अपराध गरेको देखिदा निज प्रतिवादीलाई सोही महलको ५ नं. बमाजिम सजाय हुनेमा निज प्रतिवादी ११ बर्षको नाबालक देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पाउँ भन्ने बादी नेपाल सरकारको अभियोग मागदावी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न का सम्बन्धमा विचार गरी निर्णय दिनु पर्ने देखिन आयो ।

क. प्रतिवादीले पीडित उपर गरेको कार्य जवरजस्ती करणी उद्योग हो वा होइन ?

ख. प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो वा होइन ?

२३. मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा मिति २०७३/१२/२८ गते मेरो बर्ष ८ की छोरी परिवर्तित नाम ७० (C) लाई प्रतिवादी नाम परिवर्तित ७० (ख) ले जवरजस्ती करणी गरेको हुँदा कानून बमेजिम गरी पाउँ भन्ने समेत व्यहोराको नाम परिवर्तित ७० (३) ले इलाका प्रहरी कार्यालय बिपिनगर डोटीमा दिएको उजुरी निवेदन र सोही निवेदन सँगै मिलान हुने गरी जाहेरी दरखास्त समेत दिएको पाइन्छ भने घटनास्थल मुचुल्कामा पीडितको पिठ्युँमा सानो निलो डाम रहेको र घटनास्थलमा कुनै पनि सवुत प्रमाणहरु नरहेको कुरा उल्लेख गरेको छ भने पीडित परिवर्तित नाम ७० (C) ले अनुसन्धान अधिकारी समक्ष बकपत्र गर्दा प्रतिवादीसंग आफुले गाई गोरु खेल खेलेको र खेल खेल्ने क्रममा प्रतिवादीले आफुलाई तान्दा आफ्नो पिठ्युँमा चोट लाग्न गई आफु लडे पछि प्रतिवादी आफ्नो माथी

चढेको र उक्त कुरा मेरो भाईले देखि आमालाई भनी दिन्छु भन्दा प्रतिवादी साथीबाट उठेको हो भन्ने नाम परिवर्तित ७० (३) (अ) र अर्जुन सार्कीलेपनि उक्त दिन आफुहरुले प्रतिवादी र पीडितसंगै खोलामा माछा मार्ने क्रममा गाई गोरु खेल खेलेको खेल खेल्ने क्रममा प्रतिवादीले पीडितलाई तान्दा पीडित लड्न गएको र पीडित लडेपछि प्रतिवादी निजको माथी चढेको कुरा उललेख गरि दिएको छ भने अदालतमा आई बकपत्र गर्ने बादी नेपाल सरकारका साक्षीहरु जाहेरवाला नाम परिवर्तित ७० (३), गौरी घर्ति मगर, हर्क बहादुर मगर र प्रतिवादीका साक्षी कल्पना सार्कीले पनि प्रतिवादीले पीडितलाई गाई गोरु खेल खेल्ने क्रममा तान्दा पीडित लडेपछि प्रतिवादी पीडितको माथी चढेको कुरा समय उल्लेख गरी दिएका छन् । प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्ने क्रममा गाई गोरु खेल खेल्ने क्रममा तान्दा पीडित लडन गई पिठ्युँमा चोट लाग्न गएको खेल खेल्ने क्रममा आफु पीडितको माथी चढेको र सो कुरा पीडितको भाईले देखेपछि आफु पीडितको माथीबाट तल झरेको कुरा उल्लेख गरेका छन् भने यस अदालतमा बयान गर्ने क्रममा पीडितले गोरु पनि नाङ्गै हुने भएकोले हामीपनि नाङ्गै हुनु पर्छ भने पछि पाइन्ट खोलेको हुँ मैले निज पीडित उपर जवरजस्ती करणीको प्रयास गरेको होइन भनी कसुरमा ईन्कार रही बयान गरेको पाईन्छ । पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा पीडितको योनी वरिपरि कोतरिएको, चिथोरिएको कुनै घाउचोटहरु नभएको, कन्याजाली नच्यातिएको करणी नगरेको भन्ने समेत व्यहोराको उल्लेख गरेको पाइन्छ ।

२४. माथी उल्लेखित तथ्यहरुबाट यी प्रतिवादी नाम परिवर्तित ७० (ख), तथा पीडित परिवर्तित नाम ७० (C) र अन्य प्रत्यक्षदर्शीका रुपमा रहेका अर्जुन सार्की, पीडितको भाई नाम परिवर्तित ७० (३) (अ) समेत उक्त वारदातको समयमा खप्परे खोलामा माछा मार्न गएको अवस्था निज प्रतिवादी, अर्जुन सार्की पीडितको भाई ७० (३) (अ) समेत रहे भएको स्थानमा घाँस काटन गएकी यी पीडित ७० (C) पनि उक्त खप्परे खोलामा गएको अवस्था देखिन्छ । त्यहा पुगेपछि गाई गोरु खेल खेलौ भनी पीडितका भाई र अर्जुन सार्की एक जोडी भएको र अर्को यीनै प्रतिवादी तथा पीडितको जोडी भै खेल खेलेको कुरा पीडित, प्रतिवादी र अन्य निजहरु साथै गएका निजका साथी तथा प्रत्यक्षदर्शी समेतले स्विाकार गरेको अवस्था देखिन्छ सो कुरालाई अदालतमा समेत आई बकी लेखाई दिएको देखिन्छ गाई गोरु खेल खेल्ने क्रममा प्रतिवादीले पीडितलाई तान्दा पीडितको पिठ्युँमा चोट लागेको कुरा र निज पीडित सो चोटको कारणले रोएको अवस्था पछि पीडितको भाई र

अर्जुन सार्की पीडित भएको ठाउँमा तत्कल गएको र जाँदा गाई गोरु खेल खेल्ने क्रममा निज प्रतिवादी पीडितको माथी चढेको कुराबाट प्रस्तुत विवादको सृजना भएको देखिन्छ गाई गोरु खेल खेल्ने क्रममा यी प्रतिवादी पीडितको माथी चढेका र पीडितको भाई नाम परिवर्तित ७० (३) (अ) र अर्जुन सार्की समेतले देखेपछि पीडितको शरीरबाट प्रतिवादी ओर्लेको भन्ने भनाई रहेको सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा गाई गोरु खेल खेल्दै गर्दा टाउको टाउको जुधाउने, एक अर्काको माथी चढने गरी सो खेल खेल्ने गरिन्छ भन्ने भनाई पनि रहेको पाईन्छ। खेल खेल्ने क्रममा पीडितको खुट्टा प्रतिवादीले तान्दा पीडितको पिठ्युँमा चोट लागेको कुरा स्वयम् पीडितले समेत स्वीकार गरेको कुरा मेडिकल जाँचबाट पनि देखिन्छ। पीडित नाम परिवर्तित ७० (C) ले प्रतिवादीले गाई गोरु खेल खेल्ने क्रममा मेरो खुट्टा समाती पल्टाई आफुले लगाएको पाईन्ट र मैले लगाएको टाउजर खोली मेरो माथी चढी मेरो हात खुट्टा जोरले च्यापेको हो मलाई लडाएकोले कम्मरमा चोट लागि म रोएपछि मेरो भाई आई प्रतिवादीलाई लात्ताले हानेपछि प्रतिवादी मेरो माथीबाट ओर्लिएको हो (स.ज. ९) उक्त समयमा अर्जुन सार्की र मेरो भाई केही पर खेल खेली रहेका थिए (स.ज.१०) प्रतिवादीले मलाई पल्टाई सकेपछि मरो हात र खुट्टा समातेको हो अन्य ठाउँमा समातेन (स.ज.११) गाई गोरु खेल टाउको जुधाएर खेलिन्छ गाई गोरु खेल प्रतिवादी र म एक र मेरो भाई र अर्जुन सार्की एक भएर खेलका थियौं (स.ज.१५) भनी पीडितले अदालत समक्ष आई बकी लेखाई दिएको पाईन्छ। पीडितको भनाईलाई बिचार गरी हेर्दा निजले कही कतै पनि प्रतिवादीले आफु उपर जवरजस्ती करणी गर्ने उद्देश्यका साथ कुनै प्रयास गरेको भन्न नसकी केवल खेल खेल्दाको अवस्थालाई मात्र वर्णन गरेको पाईन्छ भने स्वयम् निज पीडितको भाई ७० (३) (अ) तथा अर्जुन सार्की समेतले अभियोग दावीलाई पुष्टि हुने गरी अदालत समक्ष आई बकी लेखाउन नसकी केवल खेल खेल्दाको अवस्थामा खुट्टा तानी ढाडमा चोट लागेको र पीडित रोएको तथा सो अवस्थामा खेल खेल्ने क्रममा पीडित माथी चढेको कुरा समेत उल्लेख गरको पाइन्छ किटानी साथ प्रतिवादी उपरको कसुरलाई समर्थन हुने गरी बकी लेखाउन नसकेको अवस्था पनि देखिदैन।

२५. प्रस्तुत घटनाका सम्बनधमा प्रत्यक्ष दर्शीको रुपमा रहेका पीडितको भाई ७० (३) (अ) र अर्जुन सार्की समेतले पीडित उपर प्रतिवादीले करणीको प्रयाससम्म गरेको भनी किटानी साथ भन्न नसकेको र अन्य सवुद प्रमाणबाट समेत पुष्टि हुन नसकेको अवस्थामा केवल केटाकेटीको गाई गोरु खेलको विषयमा विवाद सृजना भएको अवस्था देखिन्छ वादी नेपाल

सरकारको प्रमाण ऐन २०३१ दफा २५ बमोजिम आफुले दावी लिएको कुरालाई तथ्य युक्त सवुद प्रमाणबाट पुष्टि गर्नु पर्नेमा सो गरेको नदेखिदा प्रतिवादी उपरको अभियोग मागदावी बमोजिमको कसुर स्थापित हुन नसक्ने अवस्था देखिएकाले आरोपित कसुरबाट प्रतिवादी परिवर्तित नाम ७० (ख) ले सफाई पाउने ठहर्छ बादी नेपाल सरकारको अभियोग मागदावी पुग्न सक्दैन अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल

२६. माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी नाम परिवर्तित ७० (ख) ले सफाई पाउने ठहरी फैसला भएकोले उक्त फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन गर्न श्री उच्च अदालत दिपायल जानु भनी फैसलाको प्रमाणित प्रतिलिपि संलग्न राखी जिल्ला सरकारी वकील कार्यालय डोटीलाई दिनु..................................................१

२७ प्रस्तुत फैसलालाई विद्युतिय माध्यममा अपलोड गरी राख्नु...................................२

२८. नक्कल माग्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु.....३

२९. प्रस्तुत मुद्धाको दायरीबाट लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु........९

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी फैसला
तयार गर्ने ना.सु. लब बहादुर थापा

...................
जिल्ला न्यायाधीश

इति सम्बत् २०७३ साल असार २८ गते रोज ४ शुभम्.........................................।

**श्री मुस्ताङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पीताम्वर शर्मा**

**फैसला**

**उपस्थिति**

**बालबिशेषज्ञः–×**

**समाजसेवीः–×**

**संवत् २०७२ सालको स.फौ.नं. ०७२–CR–००१०**

**निर्णय नं. २**

**मुद्दाः– नकबजनी चोरी (बाल बिज्याईं)**

**वादीको नाम, थर र वतन**

जिल्ला धादिङ दार्खा गा.वि.स. वडा नं. ८ घर भइ हाल मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ५१ को तारजित तामाङको जाहेरीले नेपाल सरकार........१

साक्षीः प्र.ना.नि. सूर्य बहादुर पुन, बरामदी तथा वस्तुस्थिति

कागजः अभियोग पत्रसाथ संलग्न कागजहरु

**प्रतिवादीको नाम, थर र वतन**

जिल्ला मुस्ताङ लेते गा.वि.स. वडा नं. २ बस्ने परिवर्तित नाम मुस्ताङ A को छोरा वर्ष १४ को परिवर्तित नाम मुस्ताङ A1..१

ऐ. जोमसोम गा.वि.स. वडा नं. ९ बस्ने परिवर्तित नाम मुस्ताङ B को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ B1..........२

ऐ.ऐ. वडा नं. ६ बस्ने परिवर्तित नाम मुस्ताङ C को छोरा बर्ष १२ को परिवर्तित नाम मुस्ताङ C1........................३

ऐ.ऐ. वडा नं. ५ बस्ने परिवर्तित नाम मुस्ताङ D को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ D1.......................४

| प्रमाण | प्रमाण |
| --- | --- |
| साक्षीः– जाहेरवाला– तारजित तामाङ, | साक्षीः– फ |
| कागज गर्ने व्यक्तिहरु– गणेश शेरचन, | कागजः– फ |
| मनिता थकाली, अयुव ज्वारचन । | |
| कागजः– फ | |

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७, मुलुकी ऐन अ. बं. २९ नं. तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा** (३) **र** (४) **बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :–**

मिति २०७३/०२/०४ गते बिहान मेरो कुखुरा फर्ममा गई हेर्दा खोरमा ढोका फोरिएको देखी कुखुरा हेर्दा ६ वटा कुखुरा चोरी भएको हुँदा चोरी गर्ने व्यक्तिहरु पत्ता लगाई पाउँ भन्ने बेहोराको तारजित तामाङको निवेदन तथा उक्त मिति २०७३/०२/०३ गते राती मेरो कुखुरा फर्मबाट कुखुरा चोरी गर्ने व्यक्तिहरु जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ C1, जिल्ला रुकुम मैकोट घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं.९ बस्ने बर्ष १८ को मुस्ताङ B1, जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ बस्ने बर्ष १३ को मुस्ताङ D1 र जिल्ला म्याग्दी नार्च्याङ्ग गा.वि.स. वडा नं. २ घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ A1 रहेको हुँदा निजहरु उपर मुलुकी ऐन चोरीको महल बमोजिम कारवाही गरी पाउँ भन्ने बेहोराको जाहेरी दरखास्त र उक्त वारदात मिति २०७३/०२/०३ गते राती निज प्रतिवादीहरु ३ किलो दरका प्रति कुखुराको रु. १०५०/– का दरले जम्मा मूल्य रु. ६३००/– (अक्षरुपी त्रिसठ्ठी सय) पर्ने ६ वटा कुखुराहरु चोरी गरी लगेको हुँदा निजहरु उपर कारवाही गरी विगो समेत दिलाई भराई पाउँ भन्ने बेहोराको तारजित तामाङले प्रहरी समक्ष गरेको कागज ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ स्थित पूर्वमा मुक्तिनाथ जाने कच्ची मोटरबाटो, पश्चिममा धौलागिरी बोर्डिङ स्कुलको खाली जग्गा, उत्तरमा जिल्ला आयुर्वेदिक कार्यालयको भवन र दक्षिणमा धौलागिरी बोर्डिङ स्कुलको होस्टेल भवन यति चार किल्ला भित्र ब्लकले बनेको टिनले छाएको २ कोठाको एकतले कच्ची भवनमा जिल्ला धादिङ दार्खा गा.वि.स. वडा नं. ८ घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ बस्ने तारजित तामाङले

संचालन गरेको ब्रोईलर कुखुराको फर्म रहेको, सो कुखुरा फर्मको उत्तर तर्फको कोठाको ढोकाको ताला फोडिएको अवस्थामा रहेको भन्ने घटनास्थल मुचुल्का ।

जनहित उच्च माध्यामिक बिद्यालय कक्षा ९ मा अध्ययनरत म, तथा साथीहरु परिवर्तितन नाम मुस्ताङ A1, मुस्ताङ D1 र धौलागिरी बोर्डिङ स्कुल जोमसोममा कक्षा ६ मा पढ्ने मुस्ताङ C1 अत्यन्त मिल्ने साथी हौं । सबै साथी संगै रहने क्रममा मिति २०७३/०२/०२ गते दिउँसो जीपपार्क नजिकै रहेको मैदानमा भलिवल खेली बस्दा साँझ साथी मुस्ताङ C1 ले म पढ्ने स्कुल पछाडी रहेको कुखुरा फर्ममा राती कोही पनि बस्दैनन् । आज त्यहाँबाट कुखुरा चोरी ल्याई खाँउ भनेकोमा हामी सबै जना सहमत भई राती अं. १०:०० बजे तिर उक्त कुखुरा फर्ममा गई साथी मुस्ताङ A1 र म बाहिर बसी हेऱ्यौं । मुस्ताङ C1 र मुस्ताङ D1 भित्र गई २ वटा कुखुरा घाँटी निमोठी मारी झोलामा राखी लिई आए पछि चारै जना भई साथी मुस्ताङ D1 को घर कोठामा लगी पकाई खायौं । भोलिपल्ट ऐ. ३ गते पनि हामी सबै जना भई पुनः सोही फर्ममा गई २ वटा कुखुरा लिई आई साथी मुस्ताङ C1 को आमा घरमा नभएकोले उक्त घरमा लगी पकाई खायौं । सो कुरा कसैले थाहा जानकारी पाएका थिएनन् । जाहेरवाला तारजित तामाङले ऐ. गते कुखुरा चोरी भएको थाहा पाएछन् प्रहरीले पछि थाहा जानकारी पाएपछी म पक्राउमा परेको हुँ भन्ने समेत बेहोराको प्रतिवादी परिवर्तितन नाम मुस्ताङ B1 ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

मिति २०७३/०२/०२ गते राती प्रतिवादी साथीहरु मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ D1 र म समेत भई तारजित तामाङको काठेपुल नजिकको कुखुरा फर्मबाट २ वटा कुखुरा चोरी गरी लगी मुस्ताङ D1 को घरमा लगि पकाई खाएको र ऐ. ३ गते राती पनि हामी चारै जना भै सोही फर्मको ताला तोडी साथी मुस्ताङ A1 र मुस्ताङ B1 बाहिर बसी हेरे भने म र साथी मुस्ताङ D1 फर्म भित्र पसी २ वटा कुखुराको घाँटी निमोठी मैले झोलामा राखी लिई आई पकाई खाएका हौं । भन्ने बेहोराको प्रतिवादी मुस्ताङ C1 ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

प्रतिवादी मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति २०५७/०५/२२ गते, मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ गते र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ उललेख भएको जन्म दर्ता प्रमाणपत्र र निजहरुले अध्ययन गरेको विद्यालयको पत्र ।

मिति २०७३/०२/०३ गते राती जाहेरवाला तारजित तामाङको कुखुरा फर्मबाट मुल्य रु. ६,३००/– बराबरको ३/३ किलोको ६ वटा कुखुरा चोरी भएको, ऐ. १४ गते राती जाहेरवाला पुष्पा बानियाँको पसलबाट रु. २५,०००/– नगद सहित रु. ३३,४९७/– बिगो बराबरको

रिचार्जकार्ड, लेयज, कुरकुरे, कोकाकोला, रेडबुल, चक्लेट, ब्याट्री, ब्लेड समेतका सामान चोरी भएको र जाहेरवाला बिकास कुमार थकालीको बन्द रहेको पसल मिति २०७३/०२/१७ गते खोल्दा रु. ८६,९१०/– विगो बराबरको ६ वटा मोबाईल, सेल्फी स्टिक, मोबाईलका ब्याट्रीहरु घडी, थर्मस समेतका सामानहरु चोरी भएको भन्ने सुनी थाहा पाएकोमा पछि प्रहरीले निज प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1, र मुस्ताङ D1 लाई चोरी भएका सामानहरु सहित पक्राउ गरेका छन् भन्ने सुनिएकोमा बुझ्दा सत्य रहेछ । निजहरु उपर कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत करिब एकै मिलान बेहोराको बुझिएका मानिसहरु अमिता थकाली, प्रयास गुरुङ थकाली र आक्रोश शेरचनले गरेको घटना विवरण कागज र सोही कागज बेहोरालाई पूर्ण समर्थन गरी गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचनले गरेको बस्तुस्थिति मुचुल्का।

प्रतिवादीहरुले जाहेरवाला तारजित तामाङको कुखुरा फर्मको ढोका ताल्चा फोडी भित्र पसी बिगो रु. ६,३००/– बराबरका ६ वटा कुखुरा चोरी गरी लगी पकाई खाएको तथ्य पुष्टी हुन आएको हुंदा बिरुद्ध खण्डका प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 मुस्ताङ C1 ले मुलुकी ऐन चोरीको महलको १ नं. विपरित ३ नं. को रित संग नकबजनी चोरीको कसुर गरेकोले सो कसुरमा चोरीको बिगो रु. ६३००/– कायम गरी सोही महलको १४(१) नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरुको मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रबाट प्रतिवादीहरु मध्येका परिवर्तित नाम मुस्ताङ C1 १२ बर्षको देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम र अन्य प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 लाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी जाहेरवालाको चोरीको बिगो रु. ६३००/– प्रतिवादीहरुबाट मुलुकी ऐन, चोरीको महल १०(३) नं. बमोजिम जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र ।

राती अन्दाजी नौ दश बजेको समयमा हामी चार जना समेत भई चारै जना मिली कुखुरा फर्ममा लगाएको ताला तोडी मुस्ताङ B1 र मैले बाहिर मान्छे हेरी बसेको र मुस्ताङ C1 र मुस्ताङ D1 भित्र गई चार वटा कुखुरा मारी झोलामा हाली मुस्ताङ D1 को घरमा लगी पकाइ खाएको हो । अभियोगपत्रमा लेखिएबमोजिम ६ वटा कुखुरा नभई ४ वटा कुखुरा मात्र चोरी गरेको हो । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दाबी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ A1 ले मिति २०७३/०३/१३ गते यस अदालत समक्ष गरेको बयान ।

राती अन्दाजी नौ दश बजेको समयमा हामी चार जना समेत भई चारै जना मिली कुखुरा फर्ममा लगाएको ताला तोडी मुस्ताङ A1 र मैले बाहिर मान्छे हेरी बसेको र मुस्ताङ C1 र मुस्ताङ D1 भित्र गई चार वटा कुखुरा मारी झोलामा हाली मुस्ताङ D1 को घरमा लगी पकाई खाएको हो । अभियोगपत्रमा लेखिएबमोजिम ६ वटा कुखुरा नभई ४ वटा कुखुरा मात्र चोरी गरेको हो । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दावी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ B1 ले मिति २०७३/०३/१३ गते यस अदालत समक्ष गरेको बयान ।

राति अन्दाजी दस बजेको समयमा मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ D1 र म समेत चार जना मिली तारजित तामाङको कुखुरा फर्ममा गई ढोकाको चुकुल चारैजना मिली तान्दा चुकुल आयो र मुस्ताङ B1 र मुस्ताङ A1 बाहिर मान्छे हेरी बसे भने म र मुस्ताङ D1 मिली भित्र पसी मुस्ताङ D1 ले घाँटी निमोठी मलाई दियो र मैले झोलामा राखी दुईवटा कुखुरा मिति २०७३/०२/०२ गते राती र फेरी मिति २०७३/०२/०३ गते राती दुई वटा कुखुरा ल्याई अघिल्लो दिन मुस्ताङ D1 को घरमा पकाइ खायौं र अर्को दिन मेरो घरमा ल्याई पकाइ खाएका हौं । अभियोगपत्रमा लेखिएबमोजिम ६ वटा कुखुरा नभई ४ वटा कुखुरा मात्र चोरी गरेको हो । खानतलासी तथा बरामदी मुचुल्कामा लेखिए बमोजिमका बरामद भएका सामानहरु मध्ये सेतो बिँड भएको फलामको छिनो १ थान हामीले प्रयोग गरेको आफ्नै हो, उक्त छिनो मुस्ताङ D1 को घरबाट लगेको हो र फलामको हेम्बर हथौडा थान २ र फलाम काट्ने हेक्सा ब्लेड १ थान मुस्ताङ D1 को घरमा राखिएको अवस्थामा प्रहरीले उठाएर लगेको हो बाँकी बरामदी सामानहरु हामीले चोरी गरी ल्याएका हौं । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दाबी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ C1 ले मिति २०७३/०३/१३ गते यस अदालत समक्ष गरेको बयान ।

राति अन्दाजी नौ दश बजेको समयमा हामी चार जना समेत भई चारै जना मिली कुखुरा फर्ममा लगाएको ताला तोडी मुस्ताङ A1 र मुस्ताङ B1 ले बाहिर मान्छे हेरी बसेको र मुस्ताङ C1 र मैले कुखुराको घाँटी निमोठी मारी २ वटा कुखुरा झोलामा हाली मेरो घरमा लगी पकाइ खाएको हो र अर्को दिन मुस्ताङ C1 को कोठामा लगी खाएको हौं । अभियोग पत्रमा लेखिएबमोजिम ६ वटा कुखुरा नभई ४ वटा कुखुरा मात्र चोरी गरेको हो । खानतलासी तथा बरामदी मुचुल्कामा लेखिए बमोजिमका बरामद भएका सामानहरु मध्ये सेतो बिँड भएको फलामको छिनो १ थान

हामीले प्रयोग गरेको आफ्नै हो, उक्त छिनो मेरो घरबाट लगेको हो र फलामको हेम्बर तथा हथौडा थान २ र फलाम काट्ने हेक्सा ब्लेड १ थान मेरो घरमा राखिएको अवस्थामा प्रहरीले उठाएर लगेको हो बाँकी बरामदी सामानहरु हामीले चोरी गरी ल्याएको हौं हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दाबी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ D1 ले मिति २०७३/०३/१३ गते यस अदालत समक्ष गरेको बयान ।

बालबालिकाको सर्वोत्तम (Best Interest of child) समेतलाई दृष्टिगत गर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम अड्डाले चाहेको बखत उपस्थित गराउने शर्तमा निजहरको बावु, आमा नातेदार वा संरक्षकको जिम्मामा लगाउने तथा यसरी प्रतिवादीहरुको बावु, आमा, नातेदार वा संरक्षकको जिम्मा लिई लगेकोमा निज बालकहरु विद्यालय गए नगएको भन्ने कुराको मासिक रुपमा यस अदालतलाई लिखित जानकारी गराउने तथा सम्बन्धित विद्यालयले पनि निज बालकहरु नियमित विद्यालयमा हाजिर भए नभएको कुराको मासिक रुपमा अदालतलाई प्रतिवेदन बुझाउने गरी तथा त्यस्तो कसैले पनि जिम्मा नलिए बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थाको जिम्मा लगाउन जिल्ला प्रहरी कार्यालय मुस्ताङमा पठाउने गरी मिति २०७३/०३/१६ गते यस अदालतबाट भएको थुनछेक आदेश बमोजिम प्रतिवादीहरुलाई आ–आफ्ना संरक्षकहरुले यस अदालतबाट खोजि भएका बखत यस अदालतमा उपस्थित गराउने गरी जिम्मा लिई बुझी लिएका र थुनछेक आदेश बमोजिम प्रतिवादीहरुलाई अविभावकको जिम्मा लगाईएको ।

मिति २०७३ जेठ ३ गते राती कुखुरा हराएको भन्ने सुनियो । अनुसन्धानको क्रममा मुस्ताङ A1 लगायतका बालकहरुले चोरेका हुन् भन्ने सुनिएको हो वस्तुस्थिति मुचुल्कामा लगाएको सहीछाप मेरो आफ्नै हो भन्ने वादी नेपाल सरकारका साक्षी वस्तुस्थिति मुचुल्काका गणेश शेरचनले मिति २०७३/०४/१२ गते यस अदालतमा गरेको बकपत्र ।

कुखुरा चोरी भएको मलाई केही थाहा छैन । वस्तुस्थिति मुचुल्काको बेहोरा सुनी पाएँ । वस्तुस्थिति मुचुल्कामा लगाएको सहीछाप मेरो आफ्नै हो भन्ने वादी नेपाल सरकारका साक्षी वस्तुस्थिति मुचुल्काका मनिता थकालीले मिति २०७३/०४/१२ गते यस अदालतमा गरेको बकपत्र ।

कुखुरा चोरी भएको मलाई केही थाहा छैन । घटनास्थल मुचुल्कामा भएको बेहोरा अनुसार कुखुरा चोर भएको भन्ने सुनेको हुँ । कहाँ कसरी चोरियो थाहा छैन । उक्त वस्तुस्थिति मुचुल्कामा

भएको सहीछाप मेरो आफ्नै हो भन्ने वादी नेपाल सरकारका साक्षी घटनास्थल मुचुल्काका अयुव ज्वारचनले मिति २०७३/०४/१२ गते यस अदालतमा गरेको बकपत्र ।

मेरो कुखुरा फर्ममा मिति २०७३ ज्येष्ठ ३ गते राति कुखुरा फर्मको ढोकाको चाबी फोरेर ६ वटा कुखुराहरु चोरी भएको हो । जाहेरी दरखास्तमा सुनाउँदा सुनीपाएँ । जाहेरीमा उल्लेखित बेहोरा र सहीछाप मेरो आफ्नै हो । कानून बमोजिम मेरा चोरी भएका कुखुराहरुको मूल्य बराबरको रकम दिलाई पाउँ भन्ने जाहेरवाला तारजित तामाङ्ले मिति २०७३/०४/१२ गते अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरुले यस अदालतमा बयान गर्दा कुनै साक्षी नराखेका ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस बाल इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायाधिवक्ता श्री रुद्र प्रसाद आचार्यले यी प्रतिवादीहरुले जाहेरवालाको कुखुरा फर्ममा गई रातिको समयमा कोही नभएको मौकामा ६ वटा कुखुरा चोरी गरी खाएकाले प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय हुने ठहर गरी फैसला हुनु पर्दछ भनी एवं कानूनको द्वन्दमा परेका बालकहरुको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री वावुराम अयालर्ले यी प्रतिवादीहरु नाबालक भएकाले लहैलहैमा लागी बाल बिज्याईं गरेकाले बालबलिकाको हितलाई ध्यानमा राखी सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो । मिसिल संलग्न सम्पूर्ण कागज प्रमाण समेतको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा, यी प्रतिवादी बालकहरुले आरोपीत बिज्याई गरेका हुन् होइनन् ? हुन भने के कति सजाय हुनु पर्ने हो ? सो सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं. विपरित ३ नं. को रित सँग नकवजनी चोरीको कसुर गरेकोले सो कसुरमा चोरीको विगो रु. ६,३००/– कायम गरी सोही महलको १४(१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादी मध्येका परिवर्तित नाम मुस्ताङ C1 १२ वर्षको देखिएकोले बालबालिका सम्बन्धी ऐन २०४८ को ११(२) बमोजिम र अन्य प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ D1 लाई ऐ. ऐनको दफा ११(३) बमोजिम सजाय गरी जाहेरवालाको चोरीको विगो रु ६३,०००/– प्रतिवादीहरुवाट मुलुकी ऐन चोरीको महलको १०(३) नं. बमोजिम जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र देखिन्छ । मिति २०७३/०२/०३ गते रातीको समयमा प्रतिवादीहरु परिवर्तित नाम

मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1, र मुस्ताङ D1 समेत मिलि मेरो जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ स्थीत ब्रोइलर कुखुरा फर्मबाट उक्त फर्मको ढोकाको ताल्चा फोडी ६ वटा कुखुराहरु चोरी गरेको भनि जाहेरवाला तारजित तामाङको किटानी जाहेरी देखिन्छ भने निज जाहेरवालाले प्रहरीमा समेत प्रति कुखुरा ३ K.g. को दरले प्रति कुखुराको मूल्य १,०५०/– को दरले हुन आउने ६ वटा कुखुराको जम्मा मूल्य रु. ६,३००/– पर्ने भनी मुल्य खुलाई कागज गरेको देखिन्छ। प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी एवं यस अदालत समक्ष समेत बयान गर्दा आफुहरु चारै जना मिलि रातीको समयमा जाहेरवालाको कुखुरा फर्ममा गई मुस्ताङ A1 र मुस्ताङ B1 बाहिर मान्छे हेरी बसेको, मुस्ताङ C1 र मुस्ताङ D1 फर्म भित्र पसी मिति २०७३/०२/०२ गते र ३ गते राती २ दिन लगातार २/२ वटा कुखुराहरु निमोठी झोला भित्र राखी एक दिन मुस्ताङ C1 र अर्को दिन मुस्ताङ D1 को घरमा लगी खाएको भनि बाल बिज्याईंमा सावित भई एक पटकलाई सुध्रिने मौका समेत पाउँ भनी चारै जना प्रतिवादीहरुले एकै मिलानको बयान गरेको देखिन्छ। घटना विवरण कागजका अयुव ज्वारचन तथा बस्तुस्थिति मुचुल्काका अमिता थकाली, प्रयास गुरुङ थकाली र आक्रोश शेरचन तथा बस्तुस्थीति मुचुल्काका गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचन समेतले जाहेरवालाको कुखुरा फर्मवाट यी प्रतिवादीहरले कुखुरा चोरी गरेका सुनी थाहा पाएको भनि लेखाएको देखिन्छ भने घटनास्थल मुचुल्काका अयुव ज्वारचन तथा बस्तुस्थिति मुचुल्काका मनिता थकालीले अदालत समक्ष वकपत्र गर्दा जाहेरवालाको कुखुरा यी प्रतिवादीहरुले चोरी गरेको भन्ने बजारमा हल्ला हुदा सुनी थाहा पाएको भनि लेखाएको पाईन्छ। जाहेरवाला तारजित ताामाङले अदालत समक्ष वकपत्र गर्दा आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी ६ वटा कुखुराहरु चोरी भएको भनि लेखाएको देखिन्छ भने प्रतिवादीहरुले आफ्नो तर्फबाट कुनै पनि साक्षी राख्न सकको देखिदैन।

अतः माथी उल्लेखित मिसिल संलग्न सबुद प्रमाण समेत वाट प्रतिवादीहरुले चोरीको आरोपित विज्याई गरेको कुरा पुष्टी हुन आएता पनि अभियोग दावी बमोजिम जाहेरवालाको ६ वटा कुखुरा चोरी गरेको भन्ने कुरा जाहेरवालाको जाहेरी र निजको अदालत समक्षको वकपत्र बाहेक अन्य कुनै पनि मिसिल संलग्न सबुद प्रमाण वाट पुष्टी हुन आएको देखिदैन। प्रतिवादीहरु चारै जनाले अधिकार प्राप्त अधिकारी तथा अदालत समक्ष वयान गर्दा आफुहरुले ४ वटा कुखुरा मात्र चोरीको विज्याई गरी खाएको भनि लेखाएको देखिन्छ। बरामदी मुचुल्का हेर्दा एउटा पनि कुखुरा वरामद हुन सकेको अवस्था देखिदैन। वादी तर्फका जाहेरवाला बाहेकका अन्य साक्षी समेतले पनि जाहेरवाला को ६ वटा कुखुरा नै प्रतिवादीहरुले चोरी गरेको भनि लेखाउन सकेको

अवस्था समेत देखिदैन । तसर्थ प्रसतुत वारदातमा प्रतिवादीहरुको साविति वयानलाई नै आधार मान्दा जाहेरवालाको प्रति कुखुरा रु. १,०५०/– को दरले ४ वटा कुखुराको मूल्य रु. ४,२००/– बराबरको चोरीको बिज्याईं यी प्रतिवादीहरुले गरेको देखिन आयो । अतः सो रकम सम्म निज प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं. विपरित ३ नं. को रित सँग नकवजनी चोरीको बिज्याईं गरेको देखिन आयो ।

यी प्रतिवादीहरु मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति २०५७/०५/२२ मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ गते र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ रहेको भन्ने मिसिल संलग्न स्थानिय पंजिकाधिकारीको जन्म दर्ता प्रमाण पत्र र निजहरु अध्ययनरत विद्यालयको अभिलेख वाट देखिएको अवश्था समेत वाट यी प्रतिवादीहरु सबै जना बालबालिका रहेको भन्ने कुरामा कुनै विवाद देखिदैन । प्रतिवादी मध्येका मुस्ताङ C1 वर्ष १२ को देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफ ११(२) बमोजिम सजाय हुन अभियोग माग दावी लिएको तर्फ हेर्दा बालबालिका सम्बन्धी एने, २०४८ को उक्त दफा ११ (२) मा “बालकको उमेर १० बर्ष वा सो भन्दा माथी र १४ बर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरीवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी छ महिना सम्म कैद हुन्छ” भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत वारदातमा उमेर पुगेका व्यक्ति भए चोरीको १४(१) नं. बमोजिम १२ नं. बमोजिम हुने सजायको डेढी बढाई अर्थात चोरीको जम्मा विगो बमोजिम जरीवाना र पहिला पटकको लागि १ महिना कैदको १४(१) नं. बमोजिम डेढी बढाउदा हुन आउने प्रस्तुत मुद्दामा ठहर भएको विगो रु. ४२००/– को डेढी बढाउदा हुन आउने विगो रु. ६३००/– जरिवाना र १ महिना कैदको डेढी बढाउदा हुन आउने दिन ४५ कैद हुनेमा निज प्रतिवादी मुस्ताङ C1 १२ बर्षको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जरीवाना तर्फ सम्झाई बुझाई अब अईन्दा यस्तो विज्याई गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद हुने ठहर्छ । अन्य प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 को उमेर १४ देखि १६ बर्षको विचको देखिएको र अभियोग पत्रमा पनि बालबालिका सम्बन्धी ऐनको २०४८ को ११(३) बमोजिम सजायको दावी लिएको देखिदा उक्त दफामा “१४ बर्ष वा सो भन्दा माथी र १६ वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ” भन्ने व्यवस्था देखिदा ठहर भएको विगो रु. ४,२००/– को चोरीको १४(१) नं. बमोजिम डेढी बढाउदा हुन आउने रु. ६,३००/– को आधा रु. ३,१५०/– जनही जरीवाना र कैदको हकमा चोरीको १२ नं. बमोजिम

हुने १ महिना कैदमा चोरीको १४(१) नं. बमोजिम डेढी बढाउदा हुन आउने दिन ४५ को आधा दिन २३ कैद हुने ठहर्छ । साथै चोरीको १०(३) नं. बमोजिम जाहेरवालाको ठहर भएको ४ वटा कुखुराको जम्मा विगो रु. ४,२००/– समेत उल्लेखित चारै जना प्रतिवादीहरुबाट दामासाहीले जाहेरवालाले भरी पाउने ठहर्छ । जाहेरवालाको ६ वटा कुखुराको विगो रु. ६,३००/– कायम गरी प्रतिवादीहरुबाट जाहेरवालालाई दिलाई भराई पाउँ भन्ने सम्मको वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन । सो ठहर्नाले अरु तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएं ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम मुस्ताङ C1 लाई जरीवाना तर्फ सम्झाई बुझाई अब आईन्दा यस्तो विज्याई गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद हुने ठहरी फैसला भएको हुँदा जरिवानाको हकमा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम कागज गराई छाडी दिनू तथा कैदको हकमा यी प्रतिवादी मिति २०७३/०२/२३ देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटि गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिदा कैदको लगत कसी असूली जनाईदिनू ।...........................................................१

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 लाई रु. ३,१५०/– जनही जरीवाना र जनही २३ दिन कैद हुने ठहरी फैसला भएकोमा यी प्रतिवादीहरु मिति २०७३/०२/२३ गते देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटि गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिंदा कैदको लगत कसी असूली जनाईदिनू । जरिवानाको हकमा निज प्रतिवादीहरुलाई हुने ठहरेको कैद दिन २३ भन्दा २ दिन बढी अबधी प्रहरी हिरासतमा बसेको देखिंदा उक्त दुई दिनको रु. ५०/– निजहरुलाई लागेको जनहि जरिवाना रु. ३,१५०/– बाट कटाई बाँकी हुने रु. ३,१००/– जनही यी प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 बाट लगत कसी असूल गरि लिनु । ..............................................२

माथि ठहर खण्डमा लेखिए बमोजिम जाहेरवालाको ठहर भएको ४ वटा कुखुराको जम्मा विगो रु. ४,२००/– समेत उल्लेखित चारै जना प्रतिवादीहरबाट दामासाहीले जाहेरवालाले भरी पाउने ठहरी फैसला भएकाले प्रसतुत मुद्दाको अन्तिम किनारा लागेपछि जाहेरवालाले भरि पाउने ठहरेको

बिगो रु. ४,२००/– प्रतिवादीहरुबाट भराई पाउँ भनी प्रतिवादीहरको जेथा देखाई दण्ड सजायको ४२ नं. बमोजिम दर्खास्त दिएमा नियमानुसार गरी प्रतिवादीहरुबाट भराईदिनू। ..................३

प्रस्तुत फैसलामा चित्त नबुझेमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र पुनरावेदन अदालत बाग्लुङमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरुबाट पुनरावेदन म्याद एवं फैसला सुनि पाएको कागज समेत गराई मिसिल सामेल राख्नु ।.................................४

प्रस्तुत फैसलामा चित्त नबुझे बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र पुनरावेदन अदालत बाग्लुङमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद सहितको फैसलाको प्रतिलिपी जिल्ला सरकारी वकिल कार्यालय मुस्ताङलाई दिनू ।..................................५

प्रस्तुत फैसलाको विद्युतीय अपलोड गरी नियमानुसार गर्नु ।.......................................६

प्रस्तुत फैसलाको एक प्रति प्रतिलिपि निःशुल्क रुपमा प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 लाई दिनू ।..............................................७

सरोकारवाला व्यक्तिले नक्कल माग्न निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल दिनू ।................८

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाईदिनू ।....९

माननीय जिल्ला न्यायाधीश ज्यूले
बोली टिपाए बमोजिम टाईप गर्ने
फाँटवाला ना.सु. शालिकराम न्यौपाने

जिल्ला न्यायाधीश

इति संवत् २०७३ साल श्रावण २४ गते रोज २ शुभम्.........................................।

**श्री मुस्ताङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पीताम्वर शर्मा**

**फैसला**

**उपस्थिति**

**बालबिशेषज्ञः–** फ

**समाजसेवीः–** फ

**संवत् २०७२ सालको स.फौ.नं.** ०७२–CR–००११

**निर्णय नं.** ३

**मुद्दाः– नकबजनी चोरी** (**बाल बिज्याइं**)

वादीको नाम, थर र वतन

जिल्ला म्याग्दी अर्थुङ्गे गा.वि.स. वडा नं. ८ घर भइ हाल जिल्ला मुस्ताङ

जोमसोम गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ३३ की पुष्पा बानियाँको जाहेरीले

नेपाल सरकार........................१

साक्षीः प्र.ना.नि. सूर्य बहादुर पुन, बरामदी तथा वस्तुस्थिति

कागजः अभियोग पत्रसाथ संलग्न कागजहरु

**प्रतिवादीको नाम, थर र वतन**

जिल्ला मुस्ताङ लेते गा.वि.स. वडा नं. २ बस्ने परिवर्तित नाम मुस्ताङ A को छोरा बर्ष १४ को परिवर्तित नाम मुस्ताङ A1..१

ऐ. जोमसोम गा.वि.स. वडा नं. ९ बस्ने

परिवर्तित नाम मुस्ताङ B को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ B1.........१

ऐ.ऐ. वडा नं. ६ बस्ने परिवर्तित नाम मुस्ताङ C को छोरा बर्ष १२ को परिवर्तित नाम मुस्ताङ C1.......................१

ऐ. ऐ. वडा नं. ५ बस्ने परिवर्तित नाम मुस्ताङ D को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ D1.......................१

| प्रमाण | प्रमाण |
|---|---|
| साक्षीः– जाहेरवाला– पुष्पा बानियाँ, | साक्षीः– फ |
| कागज गर्ने व्यक्तिहरु– गणेश शेरचन, सुन्दर कुमार थकाली । | कागजः– फ |
| कागजः– फ | |

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७, मुलुकी ऐन अ. बं. २९ नं. तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :–**

मिति २०७३/०२/१५ गते बिहान म कोठाबाट जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ काठेपुल स्थितमा रहेको मेरो किराना पसलमा जाँदा पसलको ढोकाको चावी खुलेको अवस्थामा रहेको देखि भित्र पसी हेर्दा काउन्टरमा रहेको नगद रु. २५,०००/– (अक्षरुपी पच्चीस हजार), रु. १०० को NTC को रिचार्ड कार्ड १० वटा, सेन्टर फ्रुट्स १ डिब्बा, चक्लेट आधा डिब्बा, रेडबुल थान–६, कोकाकोला १ प्लाष्टिक डिब्बा, पिङ्गल्स ७ डिब्बा चोरी भएको हुँदा चोरी गर्ने हरुलाई पत्ता लगाई कारवाही गराई पाउँ भन्ने बेहोराको पुष्पा बानिँयाको निवेदन, साथै उक्त मितिमा मेरो पसलमा चोरी गर्नेहरु जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ C1, जिल्ला रुकुम मैकोट घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ९ बस्ने बर्ष १८ को मुस्ताङ B1, जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ बस्ने बर्ष १७ को मुस्ताङ D1 र जिल्ला म्याग्दी नार्च्याङ गा.वि.स. वडा नं. २ घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ A1 रहेको र निजहरुले मेरो पसलबाट स्केनर चक्लेट १ डिब्बा, चोकोपाई चक्लेट २ डिब्बा, मार्फाक ब्राण्डी १ क्वाटर, कुरकुरे ३ थान, लेयज १५ थान, ट्याङ्ग जुस २ थान, ब्लेड १० प्याकेट, DuraCell लेखिएको पेन ब्याट्री ७ जोर समेत चोरी गरी लगेको हुँदा निजहरु उपर चोरीको महल बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त र निज प्रतिवादीहरुले मेरो पसलबाट उल्लेखित वारदात मितिमा नगद रु. २५,०००/–, रु. १००/– दरका NTC का रिचार्ज कार्ड १० वटाको रु. १०००/–, रु. ३५०/– को सेन्टर फ्रुट्स, रु. १५०/– को आधा डिब्बा कफी चक्लेट, प्रति रेडबुलको रु. ७० का दरले ६ वटाको रु. ४२०/– कोकाकोला १ बोत्तलको रु. ८०/–, प्रतिबट्टा रु. ३००/– का दरले ७ बट्टा पिङ्गल्स

चिप्सको रु. २१००/–, स्केनर चक्लेट १ डिब्बाको रु. २४००/–, चोकोपाई प्रति डिब्बाको रु. २०० का दरले २ डिब्बाको रु. ४३२/–, मार्फाक ब्राण्डी क्वाटर १ को रु. १०५/–, कुरकुरे प्रति १ को रु. ४०/– का दरले ३ वटाको रु. १२०/–, लेयज् प्रति १ प्याकेटको रु. ४०/– का दरले १५ प्याकेटको रु. ६००/– ट्याङ जुस प्रति १ को रु. २००/– को दरले २ वटाको रु. ४००/–, DuraCell ब्याट्री प्रति १ जोरको रु. २०/– का दरले ७ जोरको रु. १४०/– VIDYUT ब्लेड प्रति प्याकेटको रु. २०/– का दरले रु. २००/– गरी जम्मा रु. ३३,४९७/– बराबरको नगद तथा अन्य सामान चोरी गरेकाले निजहरु उपर कारवाही गरी विगो समेत दिलाई भराई पाँउ भन्ने बेहोराको जाहेरवाली पुष्पा बानियाँले प्रहरी समक्ष गरेको कागज ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ स्थित पूर्वमा काठेपुल, पश्चिममा दिलिप शेरचनको पक्की घर, उत्तरमा काठेपुल देखि एयरपोर्ट तर्फ जाने कच्ची सडक, दक्षिणमा कालीगण्डकी नदी यति चार किल्ला भित्र पुष्पा बानिँयाले संचालन गरेको पसलको सुमित किराना पसल मिति २०७३/०२/१४ गते राती पसलको ताला तोडी पैसा राख्ने र्‍याक भित्र रहेको नगद रु. २५,०००/–, रु.१००/– दरका NTC को रिचार्ज कार्ड १० वटा, सेन्टर फ्रुट्स चुईंङ्गम, रेडबुल ईनर्जी ड्रिङ्स ६ वटा, चक्लेट आधा डिब्बा, कोकाकोला १ वटा, पिङ्गल्स ७ डिब्बा चोरी भएको भनी देखाईएको भन्ने घटनास्थल मुचुल्का ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ स्थित मिम कुमारी शेरचनको घरमा प्रतिवादी मुस्ताङ D1 रहने बस्ने गरेको कोठामा खाटमुनी रहेको टिनको बाकसबाट DURACELL लेखिएको पेन ब्याट्री ७ जोर, VIDYUT लेखिएको ब्लेड १० प्याकेट, लगायतका कार्बन कम्पनिको मोबाईल ब्याट्री थान-३, कलर्स कम्पनीको ब्याट्री थान-१, सामसुङ्ग कम्पनिको ब्याट्री थान-१, नोकिया कम्पनिको ब्याट्री थान २, IRISATOM2 लेखिएको लाभा कम्पनीको मोबाईल थान-१, चारवटा चावी भएको छल्ला १, माईक्रोसफ्ट लेखिएको चार्जर थान-१, फलामको हेम्बर थान १, कैंची थान-१, सेतो बिंड भएको फलामे छिनो थान-१, फलामको पाईपको बिंड भएको चक्कु थान-१, फलाम काट्ने हेक्सा ब्लेड थान-१ र सो देखि पछाडि रहेको निगाला झाडीमा सेतो बोराबाट TP-LINK राउटर सेट-१, DM2530 लेखिएको हेडफोन थान-१, फोल्डिङ्ग सिस्टम भएको MAX लेखिएको लिड लाईट थान-१, HOMESLIM लेखिएको थर्मस थान-१, BILITONG लेखिएको पावर बैंक थान-१, SAMSUNG DUOS NEXT 2 लेखिएको मोबाईल थान-१, CG-EONX4 लेखिएको मोबाईल थान-१, INTEX TORBO लेखिएको मोबाईल थान १ INDICOM लेखिएको मोबाईल थान १, कार्वन कम्पनिको मोबाईलको ब्याट्री थान-१, कलर्स

मोबाईलको ब्याट्री थान-२, MICROMAX लेखिएको ब्याट्री थान-२, LAVA लेखिएको ब्याट्री थान-२, SAMSUNG लेखिएको ब्याट्री थान-१, सेतो रंगको डाटा केवल थान-४, सोल्डिङ्ग गर्ने आईरन थान-१, SD Card रिडर थान-१०, मोबाईल खोल्ने पेचकस सेट थान-१, रातो रंगको छालाको पर्समा रु.१०००/–को नोट थान-१, रु. ५००/– को नोट थान-१, रु. १००/– को नोट थान-२, रु. ५०/–को नोट थान-१, रु.२०/–को नोट थान-५, रु. १०/–को नोट थान-४, रु. ५/– को नोट थान-५ र भारतिय रु.५०/–को नोट थान-१ गरी जम्मा रु. १९९५/– बरामद भएको भन्ने बरामदी मुचुल्का ।

बरामद भई मुचुल्का साथ दाखिला भएको सामानहरु मध्ये VIDYUT लेखिएको ब्लेड र DURACELL लेखिएको पेन ब्याट्री मेरो पसलबाट चोरी भएको सामान हो । हेरी देखि चिनें सनाखत गरी दिएं भनि जाहेरवाली पुष्पा बानिँयाले गरेको सनाखत कागज ।

मिति २०७३/०२/१४ गते साँझ म र साथी मुस्ताङ A1भई चटपट खान भनि बजारमा निस्किएकोमा साथी C1, र D1 पनि आएकोले सवै साथी भेट भई चटपट खाई सके पछि साथी C1 आफ्नो घर तर्फ गए हामी तिन जना संगै बसी पढ्ने भनी साथी D1 को कोठमा गयौं । केही समयपछि घुम्न जाउ भनी निस्की घुम्दै हिड्ने क्रममा १२.०० बजे तिर फर्की काठेपुल नजिक पुगे पछी साथीहरुलाई मैले सुमित किराना पसलमा केही खाने कुरा होला झिकौं, चोरौं भनेकोमा दुबै जना साथीहरु पनि सहमत भए पछि म आफ्नो घर कोठामा गई छिनो र बोरा लिई आई मैले ढोकामा लगाएको ताल्चा फोडे पछी हामी तिनै जना पसल भित्र पस्यौं । साथी मुस्ताङ A1 र B1, ले घर्रामा रहेको नगद पैसा रु. ५१००/– र रिचार्ज कार्ड झिके । मैले रेडबुल, पिङ्गल्स समेतका खानेकुरा र अन्य सामान बोराम राखेपछि हामीहरु निस्की लुकीछिपी मेरो कोठामा गयौं र रेडबुल, लेयज्, कुरकुरे, पिङ्गल्स समेतका खानेकुरा खायौं, साथी C1 लाई पनि उक्त पसलबाट चोरी गरेको खाने कुरा पछि दिएका हौं । निजले पनि खाएका हुन भनी प्रतिवादी D1 ले गरेको बयान । त्यस्तै अर्का प्रतिवादी मुस्ताङ B1 ले सोही बेहोरालाई पूर्ण समर्थन गरी जाहेरवाली पुष्पा बानिँयाको पसलबाट नगद, रिचार्ज कार्ड, कुरकुरे, कोकाकोला, रेडबुल, पिंगलस, स्नेकर चकलेट, समेतका सामान चोरी गरेकोमा चोरी गरी ल्याएको नगद रु. ५१००/– रुपैंयाँ हामी तिनै जनाले १७/१७ सय रुपैंयाँका दरले बाडी लिएका हौं । केही खानेकुरा हामीले खायौ र केही सामान साथी D1 ले घर कोठा पछाडी कालीगण्डकी नदीमा लगी बगाई दिए भनी गरेका बयान । अर्का प्रतिबादी मुस्ताङ A1 ले बयान गर्दा मैले रु. १००/– दरको NTC को रिचार्ड कार्ड २ वटा लिएं, २ वटा रिचार्ड कार्ड साथी मुस्ताङ B1 ले लिए, परिवर्तित नाम मुस्ताङ D1 ले रु. ५०/– दरका NCELL का

रिचार्ज कार्ड लिएका हुन भने नगद रु. ५१००/– हामी तिनै जनाले रु.१७००/– का दरले बाँडी लिएका हौं, मुस्ताङ C1 लाई पनि उक्त पसलबाट चोरी गरेको खाने कुरा दिएका हौं । निजले पनि खाएका हुन, उक्त रकम मैले खर्च गरि सकें भनी वारदातलाई पुष्टी हुने गरी गरेको बयान । प्रतिवादी मुस्ताङ C1 ले पनि सोही बेहोरालाई समर्थन गरी पुष्पा बानियाको पसलबाट प्रतिवादी साथीहरुले चोरी गरेको खानेकुराहरु मैले समेत खाएको भनी कसुर अपराधमा साबित रही बयान गरेका छन् ।

प्रतिवादी मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति २०५७/०५/२२, गते, मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ गते र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ भएको जन्म दर्ता प्रमाणपत्र र निजहरुले अध्ययन गरेको विद्यालयको अभिलेखबाट देखिएको छ भन्ने बेहोराको जनहित उच्च मा.वि. जोमसोम र धौलागिरी बोर्डिङ स्कुलका पत्रहरु ।

DURACELL ब्याट्री प्रति १ जोरको रु. ८०/– र VIDYUT लेखिएको ब्लेड को प्रति प्याकेटको व्लेड प्याकेटको रु. १००/– पर्ने भन्ने मुस्ताङ उद्योग बाणिज्य संघको पत्रानुसार बरामदी मुचूल्का साथ बरामद भएको ७ जोर DuraCell ब्याट्रीको मुल्य रु. ५६०/–, र १० प्याकेट VIDYUT ब्लेडको रु. १०००/– हुने भन्ने मुस्ताङ उद्योग बाँणिज्य संघको पत्र ।

मिति २०७३/०२/०३ गते राती जाहेरवाली तारजित तामाङ्गको कुखुरा फर्मबाट मूल्य रु. ६३००/– बराबरको ३/३ किलोको ६ वटा कुखुरा चोरी भएको, ऐ. १४ गते राती जाहेरवाली पुष्पा बानिँयाको पसलबाट रु. २५,०००/– नगद रु.१०००/– बराबरका रिचार्ज कार्ड सहित रु. ३३,४९७/– बिगो बराबरको रिचार्जकार्ड, लेयज, कुरकुरे, कोकाकोला, रेडबुल, चकलेट, ब्याट्री, ब्लेड समेतका सामान चोरी भएको र जाहेरवाली बिकास कुमार थकालीको बन्द रहेको पसल मिति २०७३/०२/१७ गते खोल्दा रु. ८६,९१०/– विगो बराबरको ६ वटा मोबाईल, सेल्फी स्टिक, मोबाईलका ब्याट्रीहरु, घडी, थर्मस समेतका सामानहरु चोरी भएको भन्ने सुनी थाहा पाएकोमा पछि प्रहरीले निज प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 लाई चोरी भएका सामानहरु सहित पक्राउ गरेका छन् भन्ने सुनिएकोमा बुझ्दा सत्य रहेछ । निजहरु उपर कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत करिब एकै मिलान बेहोराको बुझिएका मानिसहरु अमिता थकाली, प्रयास गुरुङ थकाली र आक्रोश शेरचनले गरेको घटना विवरण कागज र सोही कागज बेहोरालाई पूर्ण समर्थन गरी गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचनले गरेको बस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 ले

मुलुकी ऐन, चोरीको महलको १ नं. बिपरित ३ नं. को रितसंग नकबजनी चोरीको कसुर गरेकोले सो कसुरमा निज प्रतिवादीहरुलाई चोरीको बिगो रु. ३३४९७/– कायम गरी ऐ. महलको १४(१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादीहरुको जन्मदर्ता प्रमाणपत्रबाट प्रतिवादी परिवर्तित नाम मुस्ताङ C1 १२ बर्षको नाबालक देखिंदा बाल बालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम र अन्य प्रतिवादीहरुको हकमा सोही बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी बरामदी मुचुल्कामा उल्लेखित बरामद भई आएको जाहेरवालीको मूल्य रु. १,५६०/– पर्ने DuraCell पेनलाईट ब्याट्री र Vidyut लेखिएको ब्लेड प्याकेट तथा नगद रु.१९९५/–समेत मुलुकी ऐन चोरीको महलको २१ नं. बमोजिम फिर्ता दिलाई बाँकी नपुग बिगो रु. २९,९४२/– सोही महलको १०(३) नं. बमोजिम प्रतिवादीहरुबाट जाहेरवालीलाई दिलाई भराई पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र ।

मिति २०७३/०२/१४ गते राति अन्दाजी १२.०० बजे तिर बाहिर घुम्नको लागि भनेर मुस्ताङ B1, मुस्ताङ D1, र म समेत गरी तीन जना काठेपुल नेर गएकोमा सो पुलको नजिक रहेको सुमित किराना पसलमा केही खानेकुरा छ कि दोकान फोरी चोरौं भनी हामी तीनै जना त्यहाँ गयौं । मुस्ताङ B1 र म काठेपुल नजिकै बस्यौं र मुस्ताङ D1 आफ्नो घर कोठामा रहेको सेतो बिँड भएको छिनो लिई आई आफूले लिई आएको छिनोको मद्दतले मुस्ताङ D1 ले ताल्चा फोडी हामी तीनै जना पसल भित्र पस्यौं । भित्र पसी म र मुस्ताङ B1 ले सोकेसको घर्रामा रहेको पैसामध्ये रु. ५,१००/– (एकाउन्न सय रुपैयाँ), रु. १००/– को ४ वटा नमस्तेको रिचार्ज कार्ड , रु. ५०/– को २ वटा NCELL को रिचार्ज कार्ड निकाल्यौं भने मुस्ताङ D1 ले आफूले लिई आएको बोरामा पिङ्लेस ३ वटा, लेस ६ वटा, कुरकुरे ३ वटा, चकलेट १ डिब्बा, स्नेकर १ प्याकेट, कोकाकोला सानो बोतल १ वटा, ब्लेड १० पाकेट, DURACELL लेखिएको पिन ब्याट्री सात(७) जोर, मार्फाक ब्राण्डी (क्वाटर) १ थान, चोकोपाई चकलेट ६ वटा, रेडबुल ६ वटा, ट्याङ जुस २ वटा, सेन्टर फ्रुट आधा डिब्बा राखी मुस्ताङ D1 ले बोकी मुस्ताङ D1 को कोठामा गई बसी केही खाएका हौं । केही सामान सोही कोठामा राखेका हौं । चोरी गर्दाको समयमा मुस्ताङ B1, मुस्ताङ D1 र म समेत गएको भए तापनि भोलीपल्ट बिहान बजारमा चोरी भएको हल्ला खल्ला भएपछि मुस्ताङ C1 ले पनि थाहा पाई हामीलाई त्यो पसलमा तिमीहरुले नै चोरी गरेको हुनुपर्छ के के चोरी गऱ्यौ मलाई पनि दिने भए देउ नत्र तिमहिरुले चोरी गरेको हौ भनिदिन्छु भनेकोले मुस्ताङ C1 लाई पनि ल्याइ मुस्ताङ D1 को कोठामा बसी अरु सामान खाएका हौं । सुमित किराना पसलबाट चोरी ल्याएको सामानहरुमध्ये , DuraCell लेखिएको सानो साइजको प्याकिङ गरिएको

७ जोर ब्याट्री र VIDYUT लेखिएको ९ प्याकेट ब्लेड मुस्ताङ D1 को कोठाबाट बरामद भएको कुरा सही साँचो हो । पुष्पा बानियाँले भने बमोजिम जाहेरी दरखास्त अनुसारको सामान लगेको नभई मैले माथि भने बमोजिमका सामानहरु मात्र हामीले लगेका हौं । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दावी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ A1ले मिति २०७३/०३/१४ गते यस अदालतमा गरेको बयान ।

मिति २०७३/०२/१४ गते राति अन्दाजी १२ बजे तिर बाहिर घुम्नको लागि भनेर मुस्ताङ B1, मुस्ताङ A1, र म समेत गरी तीन जना काठेपुल नजिक गएका थियौं । काठेपुल नजिक रहेको सुमित किराना पसलमा केही खानेकुरा छ कि दोकान फोरी चोरौं भनी हामी तिनै जना त्यहाँ गयौं । मुस्ताङ A1 र मुस्ताङ B1 काठेपुल नजिकै बसे र म आफ्नो घर कोठामा रहेको सेतो बिँड भएको छिनो र सिमेन्टको बोरा लिई आएँ र मैले सो पसलमा ढोकामा लगाएको ताल्चा फोडी हामी तीनै जना पसल भित्र पस्यौं । भित्र पसी मैले आफूले लिई आएको बोरामा पिङलेस ३ वटा, लेस ६ वटा, कुरकुरे ३ वटा, चकलेट १ डिब्बा, स्नेकर १ प्याकेट, कोकाकोला सानो बोतल १ वटा, ब्लेड १० प्याकेट, DuraCell लेखिएको पिन ब्याट्री सात (७) जोर, मार्फाक ब्राण्डी (क्वाटर) १ थान, चोकोपाई चकलेट ६ वटा, रेडबुल ६ वटा, ट्याङ जुस २ वटा, सेन्टर फ्रुट आधा डिब्बा राखें र मुस्ताङ A1 र मुस्ताङ B1 ले सोकेसको घर्रामा रहेको पैसामध्ये रु. ५१००/–(एकाउन्न सय रुपैयाँ), रु. १००/– को ४ वटा नमस्तेको रिचार्ज कार्ड, रु. ५०/– को २ वटा NCELL को रिचार्ज कार्ड निकालेछन् अनि हामी तीनै जना मेरो कोठामा गई बसी सोही समयमा केही खानेकुरा खायौं र बाँकी सामान सोही कोठामा राखेका हौं । चोरी गर्दाको समयमा मुस्ताङ B1, मुस्ताङ A1 र म गरी गएको भए तापनि भोलीपल्ट बिहान बजारमा चोरी भएको हल्ला खल्ला भएपछि मुस्ताङ C1 ले पनि थाहा पाई हामीलाई त्यो पसलमा तिमीहरुले नै चोरेका हौ मलाई पनि सामानहरु ल्याउ भनी मुस्ताङ A1 र मुस्ताङ B1 लाई भेटी भनेको रहेछ पछि बेलुका तीनै जना मिली मेरो कोठामा आएका थिए अनि मुस्ताङ A1 र मुस्ताङ B1 ले मुस्ताङ C1 लाई पनि थाहा छ भनेपछि हामी चारैजना मिली अरु सामान खाएका हौं । सुमित किराना पसलबाट चोरी ल्याएको सामानहरुमध्ये DuraCell लेखिएको सानो साइजको प्याकिङ गरिएको ७ जोर ब्याट्री र VIDYUT लेखिएको ९ प्याकेट ब्लेड मेरो कोठाबाट बरामद भएको कुरा सही साँचो हो । पुष्पा बानियाँले भने बमोजिम जाहेरी दरखास्त अनुसारको सामान लगेको नभई मैले माथि भने बमोजिमका सामानहरु मात्र हामीले लगेका हौं । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको

रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दाबी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ D1 ले मिति २०७३/०३/१४ गते अदालतमा गरेको बयान ।

मिति २०७३/०२/१४ गते राती अन्दाजी १२.०० बजे तिर बाहिर घुम्नको लागि भनेर मुस्ताङ A1, मुस्ताङ D1 र म समेत गरी तीन जना काठेपुल नजिक गएका थियौं । काठेपुल नजिकै रहेको सुमित किराना पसलमा केही खानेकुरा छ कि दोकान फोरी चोरौं भनी हामी तीनै जना त्यहाँ गयौँ । मुस्ताङ A1 र म काठेपुल नजिकै बस्यौं र मुस्ताङ D1 आफ्नो घर कोठामा रहेको सेतो बिँड भएको छिनो लिई आई आफूले लिई आएको छिनोको मद्दतले मुस्ताङ D1 ले ताल्चा फोडी हामी तीनै जना पसल भित्र पस्यौं । भित्र पसी म र मुस्ताङ A1ले सोकेसको घर्रामा रहेको पैसामध्ये रु. ५,१००/–(एकाउन्न सय रुपैयाँ), रु. १००/– को ४ वटा नमस्तेको रिचार्ज कार्ड, रु. ५०/– को २ वटा NCELL को रिचार्ज कार्ड निकाल्यौँ भने मुस्ताङ D1 ले आफूले लिई आएको बोरामा पिङलेस ३ वटा, लेस ६ वटा, कुरकुरे ३ वटा, चकलेट १ डिब्बा, स्नेकर १ प्याकेट, कोकाकोला सानो बोतल १ वटा, ब्लेड १० प्याकेट, DuraCell लेखिएको पिन ब्याट्री सात(७) जोर, मार्फाक ब्राण्डी (क्वाटर) १ थान, चोकोपाई चकलेट ६ वटा, रेडबुल ६ वटा, ट्याङ जुस २ वटा, सेन्टर फ्रुट आधा डिब्बा राखी मुस्ताङ D1 ले बोकी मुस्ताङ D1 को कोठामा गई बसी केही खाएका हौं । केही सामान सोही कोठामा राखेका हौं । चोरी गर्दाको समयमा मुस्ताङ A1, मुस्ताङ D1 र म गरी गएको भए तापनि भोलिपल्ट बिहान बजारमा चोरी भएको हल्ला खल्ला भएपछि मुस्ताङ C1 ले पनि थाहा पाई हामीलाई त्यो पसलमा तिमीहरुले नै चोरी गरेको हुनपर्छ के चोरी गर्‍यौ मलाई पनि दिने भए देउ नत्र तिमीहरुले चोरी गरेको हौ भनी भनिदिन्छु भनेकोले मुस्ताङ C1 लाई पनि ल्याई मुस्ताङ D1 को कोठामा बसी अरु सामान खाएका हौं । सुमित किराना पसलबाट चोरी ल्याएको सामानहरुमध्ये DuraCell लेखिएको सानो साइजको प्याकिङ गरिएको ७ जोर ब्याट्री र VIDYUT लेखिएको ९ प्याकेट ब्लेड मुस्ताङ D1 को कोठाबाट बरामद भएको कुरा सही साँचो हो । पुष्पा बानियाँले भने बमोजिम जाहेरी दरखास्त अनुसारको सामान लगेको नभई मैले माथि भने बमोजिमका सामानहरु मात्र हामीले लगेका हौं । हामीले अन्जानमा गल्ती गरी चोरी गरियो । लागेको विगो बराबरको रकम तिर्न मन्जुर छौं । कानून बमोजिम उक्त अभियोग दाबी बमोजिम चोरी महलमा कारवाही नभई एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ B1 ले मिति २०७३/०३/१४ गते अदालतमा गरेको बयान ।

मिति २०७३/०२/१४ गते राति भएको चोरीको वारदातमा मेरो संलग्नता छैन । चोरी भएको भोलिपल्ट बजारमा हल्ला खल्ला सुनेपछि मुस्ताङ A1 र मुस्ताङ B1 लाई बाटोमा भेटी सुमित किराना पसल तिमीहरुले चोरी गरेका हौ भने पछि मुस्ताङ A1 र मुस्ताङ B1 ले हो चोरी गरेका हौँ भनेपछि बेलुका ८ बजेतिर मुस्ताङ D1 को कोठामा गएर खानेकुरा २ वटा स्नेकर र केही चकलेट दिए र मैले खाएको हुँ । चोरी गरेको पैसाले भोलिपल्ट म लगायत मुस्ताङ A1 र मुस्ताङ B1 मिली चना चटपट किनी खाएको हो । चटपटको रकम रु. १५०/– भएको थियो । आधा आधा रकम मुस्ताङ A1 ले मुस्ताङ B1 ले तिरेका हुन् । उक्त वारदात स्थलमा नगएको हुँदा अरु केही थाहा छैन । सुमित किराना पसलबाट चोरी ल्याएको सामानहरुमध्ये DuraCell लेखिएको सानो साइजको प्याकिङ गरिएको ७ जोर ब्याट्री र VIDYUT लेखिएको ९ प्याकेट ब्लेड मुस्ताङ D1 को कोठाबाट बरामद भएको कुरा सही साँचो हो । पुष्पा बानियाँले भने बमोजिम जाहेरी दरखास्त अनुसारको सामान लगे नलगेको मलाई थाहा भएन । म चोरी गर्न गएको होइन साथीहरुले चोरी गरी ल्याएको खाने चिजहरु खाएको हो । चोरी महलमा कारबाही नगरी एक पटकलाई सुध्रिने मौका पाउँ भनी मुस्ताङ C1 ले मिति २०७३/०३/१४ गते अदालतमा गरेको बयान ।

बालबालिकाको सर्वोत्तम हित ( Best interest of child) समेतलाई दृष्टिगत गर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम अड्डाले चाहेको बखत उपस्थित गराउने शर्तमा निजहरुको बावु, आमा, नातेदार वा संरक्षकको जिम्मामा लगाउने तथा यसरी प्रतिवादीहरुको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लिई लगेकोमा निज बालकहरु विद्यालय गए नगएको भन्ने कुराको मासिक रुपमा यस अदालतलाई लिखित जानकारी गराउने तथा सम्बन्धित विद्यालयले पनि निज बालकहरु नियमित विद्यालयमा हाजिर भए नभएको कुराको मासिक रुपमा यस अदालतलाई प्रतिवेदन बुझाउने गरी तथा त्यस्तो कसैले पनि जिम्मा नलिए बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थाको जिम्मा लगाउन जिल्ला प्रहरी कार्यालय मुस्ताङमा पठाउने गरी मिति २०७३/०३/१६ मा यस अदालतबाट भएको थुनचेक आदेश बमोजिम प्रतिवादीहरुलाई आ–आफ्ना संरक्षकहरुले बुझी लगेका ।

मिति २०७३ साल जेठ १५ गते राती चोरी भएको हो । प्रतिवादी मुस्ताङ A1 लगायतका चार जनाले चोरी गरेका हुन भन्ने सुनेको हो । वस्तुस्थिति मुचुल्कामा लगाएको सही छाप मेरो आफ्नै हो । चोरी गरेका सामानहरु कहाँ लगे के गरे मलाई थाहा भएन भनी मिति २०७३/०४/१३ मा यस अदालतमा वादी नेपाल सरकारका साक्षी वस्तुस्थिति मुचुल्काका गणेश शेरचनले गरेको बकपत्र ।

मिति २०७३ साल जेठ १५ गते राती चोरी भएको हो । प्रतिवादी चार मध्येका मुस्ताङ C1 बाहेक अरु तीन जनाले चोरी गरेका हुन् । वस्तुस्थिति मुचुल्कामा लगाएको सहीछाप मेरो आफ्नै हो । जाहेरवाली पुष्पा बानियाँको पसल चोरी भयो रे भन्ने कुरा बजारमा हल्ला चलेर थाहा पाएको हुँ । चोरेका सामान मिम कुमारीको घरमा लगेर खाएका हुन् भन्ने सुनेको हुँ अरु थाहा छैन । चोरी भएको सामान नगद पीडित पक्षलाई छिटो उपलब्ध गराईदिए राम्रो हुने थियो भनी मिति २०७३/०४/१३ मा यस अदालतमा वादी नेपाल सरकारका साक्षी वस्तुस्थिति मुचुल्काका सुन्दर कुमार थकालीले गरेको वकपत्र ।

मिति २०७३/०२/२३ गते मैले दिएके जाहेरी दरखास्त पढीवाची सुनाउँदा सुनीपाएँ । उक्त बेहोरा मैले लेखे बमोजिम ठीक साँचो हो । उक्त बेहोरामा भएको सहीछाप मेरो आफ्नै हो । मेरो पसलमा मिति २०७३ साल जेठ १५ गते राती ढोकाको ताल्चा जस्ताको तस्तै राखिएको अवस्थामा चोरी भएको थियो । मेरो पसलबाट रेडबुल ६ वटा, नेपाली रुपैयाँ रु. २५,०००/–, स्नेकर २ प्याक, NCELL को रिचार्ज कार्ड रु.१००/– को १० वटा, पिङ्गल्स ७ वटा, कोकाकोला २ वटा, फेन्टा २ वटा, लेस ७ वटा, कुरकुरे ६ वटा, चकलेट आधा डिब्बा, चुइगम आधा डिब्बा, ट्याङ जुस २ वटा, ब्लेड २ प्याकेट (१ प्याकेटमा ५ वटा), मार्फाक ब्राण्डी (क्वाटर) १ वटा सामान र अरु सामान पनि चोरेका हुन् मलाई सबै अहिले याद भएन । यी सबै सामान यीनै प्रतिवादहिरुले नै चोरेका हुन् । मेरो पसलमा चोरी हुँदा म आफ्नै कोठामा थिएँ । पसलबाट मेरो कोठा करिब ५० मिटर टाढा छ । मैले मिति २०७३/०२/१६ गते बिहान ६ बजेतिर पसल खोल्न जाँदा पसल खोली हेर्दा चोरी भएको थाहा भयो भनी मिति २०७३/०४/१३ मा यस अदालतमा जाहेरवाली पुष्पा बानियाँले गरेको बकपत्र ।

प्रतिवादीहरुले यस अदालतमा बयान गर्दा कुनै साक्षी नराखेका ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस बाल इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायाधिवक्ता श्री रुद्र प्रसाद आचार्यले यी प्रतिवादीहरुले जाहेरवालीको किराना पसलमा रातीको समयमा गई पसलको ढोकाको ताला फोडेर नगद रुपैंया, रिचार्ज कार्डहरु तथा अन्य सामान समेत चोरी गरी लगेकाले प्रतिवादीहरुलाई अभियोगदाबी बमोजिम सजाय हुने ठहर गरी फैसला हुनु पर्दछ भनी एवं कानूनको द्वन्दामा परेका बालकहरुको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री वावुराम अर्यालले यी प्रतिवादीहरु नाबालक भएकाले लहैलहैमा लागि बाल

बिज्याईं गरेकाले बालबलिकाको हितलाई ध्यानमा राखी सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो । मिसिल संलग्न सम्पूर्ण कागज प्रमाण समेतको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा, यी प्रतिवादी बालकहरुले आरोपीत बिज्याईं गरेका हुन् होइनन् ? हुन भने के कति सजाय हुनु पर्ने हो ? सो सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं. विपरित ३ नं. को रित सँग नकबजनी चोरीको कसुर गरेकोले सो कसुरमा चोरीको विगो रु. ३३,४९७/– कायम गरी सोही महलको १४(१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादी मध्येका परिवर्तित नाम मुस्ताङ C1 १२ बर्षको देखिएकाले बालबालिका सम्बन्धी ऐन, २०४८ को ११(२) बमोजिम र अन्य प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 लाई ऐ. ऐनको दफा ११(३) बमोजिम सजाय गरी जाहेरवालीको बरामदी मुचुल्कामा उल्लेखित वरामद भै आएको सामानहरुको मूल्य विगो रु. १,५६०/– तथा नगद रु. १,९९५/– चोरीको महलको २१ नं. बमोजिम जाहेरवालीलाई फिर्ता दिलाई बाँकी बिगो रु. २९,९४२/– सोही महलको १०(३) नं. बमोजिम प्रतिवादीहरुबाट जाहेरवालीलाई दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मुख्य अभियोग दावी देखिन्छ । मिति २०७३/०२/१४ गते रातीको समयमा प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 समेत मिलि मेरो जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ८ काठेपुल स्थीत सुमित किराना पसलबाट नगद रु. २५,०००/– र अन्य सामान समेत गरी जम्मा विगो रु. ३३,४९७/– बराबरको धनमाल चोरी गरेकोले निजहरुलाई कारवाही गरी पाउँ भन्ने पुष्पा बाँनियाको किटानी जाहेरी देखिन्छ । प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी एवं यस अदालत समक्ष वयान गर्दा मिति २०७३/०२/१४ गते राती अन्दाजी १२ बजेतिर काठेपुल निर घुम्न गएकोमा नजिकको सुमित किराना पसलमा केही खानेकुरा छ कि फोडी चोरी गरौँ भनि सल्लाह भै प्रतिवादी मध्येका मुस्ताङ D1 आफ्नो घरमा गई छिनो र बोरा लिई आएको मुस्ताङ A1 र मुस्ताङ B1 त्यही बसी पछी तिनै जनाले पसलको ताला तोडी नगद रु. ५,१००/–, रु. १००/– को ४ वटा नमस्तेको रिचार्ज कार्ड, रु. ५०/– को २ वटा Ncell को रिचार्ज कार्ड, पिङलेस ३ वटा, लेस ६ वटा, कुरकुरे ३ वटा, चकलेट १ डिब्बा, स्नेकर १ प्याकेट, कोकाकोला सानो बोतल १ वटा, ब्लेड १० प्याकेट Duracell लेखिएको पेन व्याट्री ७ जोर, मार्फाक ब्राण्डी क्वाटर १ थान, चोकोपाई चकलेट ६ वटा, रेडबुल ६ वटा, ट्याङ जुस २ वटा, सेन्टर फ्रुट आधा डिब्बा समेतका सामानहरु चोरी गरी मुस्ताङ D1 को घर कोठामा गई खाई राखेकोमा भोली पल्ट मुस्ताङ C1 ले थाहा पाई पसल चोरी गर्ने तिमीहरु हौ मलाई पनि दिने भए देऊ नत्र भनिदिन्छु

भनेपछी मुस्ताङ C1 लाई पनि मुस्ताङ D1 को घरमा ल्याई बसी चारै जनाले मिलि चोरी गरी ल्याएको सामान बाँडी खाएको भनी कसुर वारदातमा सावित भै एक पटकलााई सुध्रिने मौका समेत पाउ भनी चारै जना प्रतिवादीहरुले एकै किसिमको बयान दिएको देखिन्छ। जाहेरवालीले प्रहरीमा गरेको कागज तथा दिएको जाहेरी एवं घटनास्थल विवरण कागजमा उल्लेखित नगद रु. २,५००/– र अन्य उल्लेखित सामान समेत गरी जम्मा विगो रु.३३,४९७/– बराबरको धनमाल पुरै बरामद भएको अवस्था देखिदैन । प्रतिवादीहरुले अदालत समक्ष गरेको वयानमा उल्लेखित चोरी गरी लगी बाँडी खाएको भनि उल्लेख गरेका सामानहरुको विवरण र जाहेरवालीले खुलाई दिएको मुल्य समेत भिडाई हेर्दा सेन्टर फ्रुट आधा डिब्बा रु. १७५/– चकलेट रु. १५०/– रेडबुल ६ वटा रु. ४२०/–, कोकाकोला सानो १ वटा रु. ८०/– पिङलेस ३ वटाको रु. ९००/– स्नेकर १ प्याकेटको रु. २,४००/–, चोकोपाई ६ वटा रु. १५०/– मार्फाक ब्राण्डी क्वाटर रु. १५०/– कुरकुरे ३ वटाको रु. १२०/– लेज ६ वटाको रु.२४०/–, ट्याङ्ग जुस २ वटाको रु. ४००/–, Duracell व्याट्री ७ जोरको रु. १४०/–, ब्लेड १० प्याकेटको रु. २००/–, NTC रिर्चाज कार्ड ४ वटाको रु. ४००/–, NCELL रिर्चाज कार्ड २ वटाको रु. १००/– समेत गरी हुन आउने जम्मा मुल्य रु. ५,९८०/– र नगद रु. ५,१००/–आफुहरुले चोरी गरी लिई बाँडी खाएको भन्नेमा सावित नै रहेको देखिन्छ। घटना विवरण कागजका अमित थकाली, प्रयास गुरुङ थकाली, र आक्रोश शेरचन तथा वस्तुस्थीति मुचुल्काका गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचन समेतले यी प्रतिवादीहरुले जाहेरवालको सुमित किराना पसलवाट नगद तथा सामान चोरी गरी लगेको सुनि थाहा पाएको भनी लेखाएको देखिन्छ। तर के कति नगद तथा सामान चोरी गरी लगेको हो भनी स्पष्ट विवरण दिन सकेको देखिदैन । वस्तुस्थीति मुचुल्काका गणेश शेरचन, सुन्दर थकाली समेतले अदालतमा आई वकपत्र गर्दा समेत यि प्रतिवादीहरुले चोरी गरी सामान बाँडी खाएको कुरा बजार हल्ला वाट सुनी थाहा पाएको, ताला तोडीएको देखेको भनी उल्लेख गरेपनि चोरी भएको नगद तथा सामानहरको स्पष्ट विवरण दिन सकेको देखिदैन । जाहेरवाली पुष्पा बानियाले अदालत समक्ष आई वकपत्र गर्दा यि प्रतिवादीहरुले मेरो पसलवाट नगद रु. २५,०००/– तथा अन्य रेडबुल, स्नेकर, NTC र NCELL को रिचार्ज कार्ड, कोकाकोला, फेन्टा, लेज, कुरकुरे, चक्लेट, चुईगम, ट्याङ जुस, व्लेड, मार्फाक ब्राण्डी र अन्य सामान चोरी गरेका हुन् सबै सामान अहिले याद भएन भनि उल्लेख गरी वकपत्र गरेको देखिन्छ। निज जाहेरवालीले जाहेरीमा उल्लेखित विवरण र अदलातमा उल्लेख गरेका चोरी भएको भनिएका सामानहरुको विवरणमा पनि एकरुपता र स्पष्टता देखिन नआई हचुवाको भरमा उल्लेख गरेको देखिन आयो । प्रतिवादीहरुले

आफ्नो तर्फवाट कुनै पनि साक्षी राखेको देखिदैन ।

अतः माथी उल्लेखित मिसिल संलग्न सबुत प्रमाण समेत वाट प्रतिवादीहरुले चोरीको आरोपीत बिज्याईं गरेको कुरा पुष्टी हुन आएता पनि अभियोगदाबी बमोजिम जाहेरवालीको बरामदी सामानको मूल्य विगो रु. १,५६०/– नगद रु. १,९९५/– तथा बाँकी नपुग विगो रु. २९,९४२/– समेत जम्मा विगो रु.३३,४९७/– बराबरको नगद तथा सामान चोरी भएको भन्ने मिसिल संलग्न सबुत प्रमाणवाट पुष्टी हुन आएको देखिदैन । अब के कति विगो चोरी भएको हो भन्ने सम्बन्धमा विचार गर्दा चोरी मुद्दामा प्रतिवादीहरुवाट जे जति रकम वरामद भएको छ त्यसैलाई नै चोरीको विगो कायम गर्नु पर्ने तथा प्रतिवादीहरु स्वंयले अदालत समक्ष समेत वयान गर्दा आफुहरुले चोरी गरी लगी बाँडी खाएको भनि सावित भै उल्लेख गरेको विगो सम्मलाई कायम गर्न मनासिब देखिने तर वरामद नै हुन नसकेको रकम तथा प्रतिवादी समेतले स्विकार नै नगरेको सामान समेतलाई विगो कायम गरी चोरी भएको ठहर गर्न मनासिव देखिदैन । तसर्थ अभियोग दावीमा उल्लेखित बरामद भै आएको नगद रु. १,९९५/– भए पनि प्रतिवादीहरु स्वयंले अदालत समक्ष समेत स्विकार गरेको नगद रु. ५,१००/– तथा वरामदी मुचुल्कामा उल्लेखित वरामद भै आएको सामान Duracell व्याट्री रु.५६०/– तथा Vidyut ब्लेडको रु. १,०००/– गरी जम्मा रु. १,५६०/– (मुस्ताङ वाणिज्य संघको मूल्य अनुसार) एवं प्रतिवादीहरुले अदालत समक्ष वयान गर्दा चोरी गरी लगी खाएको भनि खुलाएको बरामदी हुन नसकेका माथी उल्लेखित सामानहरुको मूल्य रु. ५६४०/– समेत गरी जम्मा विगो रु. १२,३००/–बराबरको धनमालको चोरीको बिज्याईं यी प्रतिवादीहरुले गरेको देखिन आयो । अतः सो रकम सम्म निज प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं विपरित ३ नं. को रित सँग नकवजनी चोरीको कसुर गरेको देखिन आयो ।

यी प्रतिवादीहरु मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति २०५७/०५/२२, मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ रहेको भन्ने मिसिल संलग्न स्थानिय पंजिकाधिकारीको जन्म दर्ता प्रमाण पत्र र निजहरु अध्ययनरत विद्यालयको अभिलेखबाट देखिएको अवस्था समेत बाट यि प्रतिवादीहरु सबै जना बालबालिका रहेको भन्ने कुरामा कुनै विवाद देखिदैन । प्रतिवादी मध्येका मुस्ताङ C1 बर्ष १२ को देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमेजिम सजाय हुन अभियोग माग दाबी लिएको तर्फ हेर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को उक्त दफा ११(२) मा "बालकको उमेर १० बर्ष वा सो भन्दा माथी र १४ वर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरीवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई, बुझाई र कैद हुने अपराध गरेकोमा

कसुर हेरी ६ महिना सम्म कैद हुन्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत वारदातमा उमेर पुगेका व्यक्ति भए चोरीको १४(१) नं. बमोजिम १२ नं. बमोजिम हुने सजायको डेढी बढाई अर्थात चोरीको जम्मा विगो बमोजिम जरिवाना र पहिला पटकको लागि १ महिना कैदको चोरीको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने प्रस्तुत मुद्दामा ठहर भएको जम्मा विगो रु. १२,३००/– को डेढी बढाउँदा हुन आउने विगो रु. १८,४५०/– जरीवाना र १ महिना कैदको डेढी बढाउँदा हुन आउने दिन ४५ कैद हुनेमा निज प्रतिवादी मुस्ताङ C1 १२ बर्षको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जरीवाना तर्फ सम्झाई बुझाई अब आईन्दा यस्तो बिज्याईं गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद हुने ठहर्छ। अन्य प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 को उमेर १४ देखि १६ वर्षको वीचको देखिएको र अभियोग पत्रमा पनि बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमेजिम सजायको दाबी लिएको देखिंदा उक्त दफामा "१४ बर्ष वा सो भन्दा माथी र १६ वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था देखिदा प्रस्तुत मुद्दामा ठहर भएको विगो रु. १२,३००/– को चोरीको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने विगो रु. १८,४५०/– को आधा रु.९,२२५/– जनही जरीवाना र कैदको हकमा चोरीको १२ नं. बमोजिम हुने १ महिना कैदमा चोरीको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने दिन ४५ को आधा दिन २३ कैद हुने ठहर्छ। साथै अभियोग पत्रमा वरामद भएको वरामदी मुचुल्कामा उल्लेखित मूल्य रु. १,५६०/– पर्ने Duracell पेन लाइट व्याट्री र Vidyut लेखिएको ब्लेड प्याकेट तथा नगद रु. १,९९५/– समेत चोरीको २१ नं. वमोजिम जाहेरवाली पुष्पा बाँनियाले फिर्ता पाउने ठहर्छ। साथै वरामदी हुन नसकेको प्रतिवादीहरुले चोरी गरी लिए खाएको ठहर भएको बाँकी नगद रु. ३,१०५/–तथा अन्य सामानको मूल्य रु. ५,६४०/–समेत गरी जम्मा विगो रु रु. ८,७४५/– उल्लेखित चारै जना प्रतिवादीहरुबाट जाहेरवालीले चोरीको १०(३) नं. बमोजिम दामासाहीले भराई लिन पाउने ठहर्छ। अब जम्मा विगो रु. ३३,४९७/– मध्ये माथी भराई पाउने ठहरेको रु १२,३००/– कट्टा गरी चोरी भएको ठहर हुन नसकेको बाँकी विगो रु. २१,१९७/– समेत भराई पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। सो ठहर्नाले अरु तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएं।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम मुस्ताङ C1 लाई जरीवाना तर्फ सम्झाई बुझाई अब आईन्दा यस्तो बिज्याईं गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद हुने ठहरी फैसला भएको हुँदा जरिवानाको हकमा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को ११(२) नं. बमोजिम कागज गराई छाडी दिनू तथा कैदको हकमा यी प्रतिवादी मिति २०७३/०२/२३ देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटि गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिदा कैदको लगत कसी असूली जनाईदिनू ।.....................................................१

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 लाई रु. ९,२२५/– जनही जरीवाना र जनही २३ दिन कैद हुने ठहरी फैसला भएकोमा यी प्रतिवादीहरु मिति २०७३/०२/२३ देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटि गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिंदा कैदको लगत कसी असूली जनाईदिनू । जरिवानाको हकमा निज प्रतिवादीहरुलाई हुने ठहरेको कैद दिन २३ भन्दा २ दिन बढी अबधी प्रहरी हिरासतमा बसेको देखिंदा उक्त दुई दिनको रु. ५०/– निजहरुलाई लागेको जनहि जरिवाना रु. ९,२२५/– बाट कटाई बाँकी हुने रु. ९,१७५/– जनही यी प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 बाट लगत कसी असूल गरि लिनू ।...............................................................................२

माथी ठहर खण्डमा लेखिए बमोजिम बरामदी मुचुल्कामा उल्लेखित मूल्य रु. १,५६०/– पर्ने Duracell पेन लाइट व्याट्री र Vidyut लेखिएको ब्लेड प्याकेट तथा नगद रु. १,९९५/– समेत जाहेरवाली पुष्पा बाँनियाले फिर्ता पाउने ठहरेकाले उक्त सामानहरु फिर्ता पाउँ भनी जाहेरवाली पुष्पा बाँनियाले फिर्ता माग्न निवेदन गरेमा मुलुकी ऐन, चोरीको २१ नं. बमोजिम फिर्ता दिनू ।.....३

माथि ठहर खण्डमा लेखिए बमोजिम जाहेरवालीको ठहर भएको प्रतिवादीहरले चोरी गरी लिए खाएको नगद रु. ३,१०५/–तथा अन्य सामानको मूल्य रु. ५,६४०/– समेत गरी जम्मा विगो रु. ८,७४५/– उल्लेखित चारै जना प्रतिवादीहरुबाट जाहेरवालीले दामासाहीले भराई लिन पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि जाहेरवालीले भरि पाउने ठहरेको विगो रु. ८,७४५/– प्रतिवादीहरुबाट भराई पाउँ भनी प्रतिवादीहरको जेथा देखाई दण्ड सजायको ४२ नं. बमोजिम दर्खास्त दिएमा नियमानुसार गरी प्रतिवादीहरुबाट भराईदिनू ।.......................४

प्रस्तुत फैसलामा चित्त नबुझेमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र पुनरावेदन अदालत बाग्लुङमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरुबाट पुनरावेदन म्याद एवं फैसला सुनि पाएको कागज समेत गराई मिसिल सामेल राख्नू।............................५

प्रस्तुत फैसलामा चित्त नबुझे बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र पुनरावेदन अदालत बाग्लुङमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद सहितको फैसलाको प्रतिलिपी जिल्ला सरकारी वकिल कार्यालय मुस्ताङलाई दिनू।..................................६

प्रस्तुत फैसलाको विद्युतिय अपलोड गरी नियमानुसार गर्नू।....................................७

प्रस्तुत फैसलाको एक प्रति प्रतिलिपी निःशुल्क रुपमा प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 लाई दिनू।..............................................८

सरोकारवाला व्यक्तिले नक्कल माग्न निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल दिनू।................९

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाईदिनू।...१०

माननीय जिल्ला न्यायाधीश ज्यूले
बोली टिपाए बमोजिम टाइप गर्ने
फाँटवाला ना.सु. शालिकराम न्यौपाने

जिल्ला न्यायाधीश

ईति संवत् २०७३ साल श्रावण २४ गते रोज २ शुभम्.........................................।

**श्री मुस्ताङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पीताम्वर शर्मा**

**फैसला**

**उपस्थिति**

**बालबिशेषज्ञः–** x

**समाजसेवीः–** x

**संवत् २०७२ सालको स. फौ. नं. ०७२–CR–००१२**

**निर्णय नं. ४**

**मुद्दा– नकबजनी चोरी (बाल बिज्याइं)**

वादीको नाम,थर र वतन

जिल्ला कास्की ढिकुरपोखरी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ जिपपार्क स्थित मोबाइल पसल गरी बस्ने वर्ष ३३ को बिकास कुमार थकालीको जाहेरीले नेपाल सरकार.................१

प्रतिवादीको परिवर्तित नाम, थर र वतन

जिल्ला मुस्ताङ लेते गा.वि.स. वडा नं. २ बस्ने परिवर्तित नाम मुस्ताङ A को छोरा बर्ष १४ को परिवर्तित नाम मुस्ताङ A1...............१

ऐ. जोमसोम गा.वि.स. वडा नं. ९ बस्ने परिवर्तित नाम मुस्ताङ B को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ B1..................१

ऐ.ऐ. वडा नं. ६ बस्ने परिवर्तित नाम मुस्ताङ C को छोरा बर्ष १२ को परिवर्तित नाम मुस्ताङ C1..........................................१

ऐ.ऐ. वडा नं. ५ बस्ने परिवर्तित नाम मुस्ताङ D को छोरा बर्ष १५ को परिवर्तित नाम मुस्ताङ D1.........................................१

प्रमाण प्रमाण
साक्षीः– जाहेरवाला–विकास कुमार थकाली, साक्षीः- x
कागज गर्ने व्यक्तिहरु– गणेश शेरचन, कागजः- x
आक्रोश शेरचन र नविन प्रसाद ज्वारचन । कागजः- x

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७, मुलुकी ऐन अ.वं. २९ नं. तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :–**

मैले मिति २०७३/०२/१२ गते पसल बन्द गरी गएकोमा ऐ. १७ गते आई हेर्दा सि.सि.टि.भी. को तार चुडिएको र पसलमा गई हेर्दा रु. ८५००/– पर्ने SAMSUNGACE NEXT2 मोबाईल थान-१, रु. ८०००/– पर्ने HUAWEIY3C मोबाईल थान-१, रु. ८५००/– पर्ने LAVA X1 ATOM मोबाईल थान-१, रु. ८०००/– पर्ने MICROMAX BOLD मोवाइल थान-१, प्रति एकको १५००/–पर्ने सेल्फीस्टिक थान-२ को रु.३०००/– प्रति एकको २५००/– पर्ने Bluetooth Headphone थान-२, को रु.५०००/– मूल्य रु. २४,०००/–को SAMSUNG J 7 मोबाईल थान १ समेत चोरी भएको हुँदा अनुसन्धान गरी पाउँ भन्ने समेत बेहोराको बिकास कुमार थकालीको निवेदन, साथै उक्त मितिमा मेरो मोबाईल पसल चोरी गर्ने व्यक्तिहरु जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ C1, जिल्ला रुकम मैकोट घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ९ बस्ने बर्ष १८ को मुस्ताङ B1, जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ बस्ने बर्ष १७ को मुस्ताङ D1 र जिल्ला म्याग्दी नाच्र्याङ्ग गा.वि.स. वडा नं. २ घर भई हाल जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ बस्ने बर्ष १७ को मुस्ताङ A1 रहेको उक्त मितिमा मेरो अन्य सामानहरु थर्मस थान-१, TP LINK राउटर थान-१, बिभिन्न कम्पनीका मोबाईलको ब्याट्रीहरु, CG कम्पनीको मोबाईल थान-१, हातमा लगाउने घडी थान-१, पावर बैंक थान-२, SD Card रिडर थान-१०, मल्टी स्क्रुड्राईभर समेत चोरी भएको रहेछ । निजै प्रतिवादीहरुले चोरी लगेको हुँदा निजहरु उपर कारवाही गरी पाउँ भन्ने बेहोराको जाहेरी दरखास्त र HOMESLIM थर्मस को रु. ५५०/–, TP-Link राउटरको २७५०/– कार्वन ब्याट्री प्रति एकको रु. ३५० का दरले ४ वटाको १४००/–, कलर्स ब्याट्री प्रति एकको रु. ३५०/– का दरले ३ वटाको रु १०५०/–, नोकिया ब्याट्री प्रति एकको रु. २५० का दरले २ वटा को रु. ५००/– मोबाईल पावर बैंक प्रति एकको रु. १८००/– को दरले २ वटाको रु. ३६००/–, मल्टिमिडिया स्पिकरको रु. ४००/–, SD Card रिडर प्रति एकको रु. २० का दरले १० वटाको रु. २००/–,

पेचकसको रु.५००/–, माइक्रोम्याक्स ब्याट्री प्रति १ को रु. ३००/– का दरले २ वटाको रु. ७००/–, लाभा ब्याट्री प्रति १ को रु. ४५० का दरले २ वटाको रु. ९००/–,सामसुङ्ग ब्याट्री १ को रु. ४५०/–, डाटा केवल प्रति १ को ९० को दरले ४ वटाको रु. ३६०/–,सोल्डिङ्ग आईरनको रु. ३५०/–, ईलेष्टिक आईटम जेन्स घडीको रु. १२००/– र CG कम्पनीको मोवाइलको मूल्य रु. ६५००/– पर्दछ। मैले सुरु निवेदनमा उल्लेख गरेको रु.६५०००/– र पछि मूल्य खुलाएको रु. २१,९१०/– गरी जम्मा विगो रु. ८६,९१०/– बराबरको सामान चोरी गरेकोले निजहरु उपर कारवाही सजाय गरी निजहरुबाट विगो दिलाई भराई पाउँ भन्ने समेत बेहोराको निजै जाहेरवाला विकास कुमार थकालीले प्रहरीमा गरेको कागज ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ स्थित प्रतिवादी मुस्ताङ A1 रहने बस्ने घर कोठाको झ्यालमा कपडाले छोपी राखेको अवस्थामा कालो रङ्गको SAMSUNG GALAXY J 7 मोबाईल थान-१, बरामद भएको भन्ने बेहोराको प्रतिवादी मुस्ताङ A1 को घर खान तलाशी तथा बरामदी मुचुल्का ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ६ स्थित प्रतिवादी मुस्ताङ C1 रहने बस्ने गरेको कोठाको पूर्व पश्चिम भई रहेको खाट सँगै रहेको टि.भी. र्‍याकको घर्राबाट HUAWEI लेखिएको सेतो रङ्गको मोबाईल थान १, ROMOSS लेखिएको डाटा केवल सहितको सेतो रङ्गको पावर बैंक थान–१, मल्टिमिडिया स्पिकर सिस्टम लेखिएको कभर भएको स्पिकर सेट थान–१, बरामद भएको भन्ने समेत बेहोराको प्रतिवादी मुस्ताङ C1 को घरकोठा खानतलासी तथा बरामदी मुचुल्का ।

जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा नं. ५ स्थित रहेको मिम कुमारी शेरचनको घरमा प्रतिवादी मुस्ताङ D1 रहने बस्ने गरेको कोठामा खाटमुनी रहको टिनको बाकसबाट कार्बन कम्पनीको मोबाईल ब्याट्री थान–३, कलर्स कम्पनीको ब्याट्री थान–१, सामसुङ कम्पनीको ब्याट्री थान–१, नोकिया कम्पनीको ब्याट्री थान २, DURACELL लेखिएको पेन ब्याट्री ७ जोर, VIDYUT लेखिएको ब्लेड १० प्याकेट, IRISATOM 2 लेखिएको लाभा कम्पनिको मोबाईल थान–१, चारवटा चावी भएको छल्ला १, माइक्रोसफ्ट लेखिएको चार्जर थान–१, फलामको हेम्बर थान–१, कैँची थान–१, सेतो बिंड भएको फलामे छिनो थान–१, फलामको पाईपको बिंड भएको चक्कु थान–१, फलाम काट्ने हेक्सा ब्लेड थान–१ र सो देखि पछाडी रहेको निगाला झाडीमा सेतो बोराबाट TP-LINK राउटर सेट–१, DM2530 लेखिएको हेडफोन थान–१, फोल्डिङ्ग सिस्टम भएको MAX लेखिएको लिड लाईट थान–१, HOMESLIM लेखिएको थर्मस थान–१,

BILITONG लेखिएको पावर बैंक थान–१, SAMSUNG DUOS NEXT 2 लेखिएको मोबाईल थान–१, CG-EONX4 लेखिएको मोबाईल थान–१, INTEX TORBO लेखिएको मोबाईल थान–१, INDICOM लेखिएको मोवाइल थान–१, कार्वन कम्पनीको मोबाईलको ब्याट्री थान–१, कलर्स मोबाईलको ब्याट्री थान–२, MICROMAX लेखिएको ब्याट्री थान–२, LAVA लेखिएको ब्याट्री थान–२, SAMSUNG लेखिएको ब्याट्री थान–१, सेतो रंगको डाटा केवल थान–४, सोल्डिङ्ग गर्ने आईरन थान १, SD Card रिडर थान-१०, मोबाईल खोल्ने पेचकस सेट थान–१, रातो रंगको छलाको पर्समा नेपाली रु. १,०००/– को नोट थान–१, रु. ५००/–को नोट थान–१, रु १००/–को नोट थान–२, रु.५०/– को नोट थान–१, रु.२०/– को नोट थान–५, रु. १०/– को नोट थान–४, रु. ५/– को नोट थान–५ र भारतिय रु. ५०/– को नोट थान–१ गरी जम्मा रु. १९९५/– बरामद भएको भन्ने बरामदी मुचुल्का ।

बरामद भई मुचुल्का साथ दाखिला भएको सामानहरु मध्ये SAMSUNG GALEXY J 7 मोबाईल HUAWEI लेखिएको सेतो रङ्गको मोबाईल थान–१, ROMOSS लेखिएको डाटा केवल सहितको सेतो रङ्गको पावर बैंक थान–१, मल्टिमिडिया स्पिकर सिस्टम लेखिएको कभर भएको स्पिकर सेट थान–१, कार्बन कम्पनीको मोबाईल ब्याट्री थान ३, कलर्स कम्पनीको ब्याट्री थान–१, सामसुङ कम्पनीको ब्याट्री थान–१, नोकिया कम्पनीको ब्याट्री थान–२, IRISATOM2 लेखिएको लाभा कम्पनीको मोबाईल थान–१, चारवटा चावी भएको छल्ला–१, माइक्रोसफ्ट लेखिएको चार्जर थान–१, TP-LINK राउटर सेट थान–१, DM2530 लेखिएको हेडफोन थान–१, फोल्डिङ सिस्टम भएको MAX लेखिएको लिड लाईट थान–१, HOMESLIM लेखिएको थर्मस थान–१, BILITONG लेखिएको पावर बैंक थान–१, SAMSUNG DUOS NEXT 2 लेखिएको मोबाईल थान–१, CG-EONX4 लेखिएको मोबाईल थान–१, INTEX TORBO लेखिएको मोबाईल थान–१, INDICOM लेखिएको मोबाईल थान–१, कार्वन कम्पनीको मोबाईलको ब्याट्री थान–१, कलर्स मोबाईलको ब्याट्री थान–२, MICROMAX लेखिएको ब्याट्री थान–२, LAVA लेखिएको ब्याट्री थान–२, SAMSUNG लेखिएको ब्याट्री थान–१, सेतो रंगको डाटा केवल थान–४, सोल्डिङ्ग गर्ने आईरन थान–१, SD Card रिडर थान-१०, मोबाईल खोल्ने पेचकस सेट थान–१, मेरो पसलबाट चोरी भएका सामान हुन हेरी देखि चिनें सनाखत गरि दिएं भनि जाहेरवाला बिकास कुमार थकालीले गरेको सनाखत कागज ।

जनहित उच्च माध्यामिक बिद्यालय कक्षा ९ मा अध्ययनरत म, तथा साथीहरु परिवर्तित

नाम मुस्ताङ A1, मुस्ताङ B1 र धौलागिरी बोर्डिङ्ग स्कुल जोमसोममा कक्षा ६ मा पढने मुस्ताङ C1 अत्यन्त मिल्ने साथी हौं । यस्तैमा मिति २०७३/०२/१४ गते साँझ म, साथी मुस्ताङ A1, मुस्ताङ B1, र मुस्ताङ C1 भेट भई चटपट खान भनि बजारमा निस्किएकोमा साथी मुस्ताङ C1 केही समय पछि आफ्नो घर तर्फ गए हामी तीन जना राती सबै सगैं बसी पढ्ने भनी सल्लाह गरी मेरो कोठामा गयौं, केही समय पछि घुम्न जाऔँ भनि निस्की १२ बजे तिर फर्की काठेपुल नजिक पुग्दा मलाई भोक लागेकोले रातको समय भएकोले पुष्पा बानियाको सुमित किराना पसलमा ढोकामा लगाएको ताल्चा फोडी नगद पैसा, रिचार्ज कार्ड तथा रेडबुल, पिङ्गल्स समेतका खानेकुरा चोरी लिई कोठामा गई खाने कुरा रेडबुल, लेयज्, कुरकुरे, पिङ्गल्स समेतका खानेकुरा खायौं । ऐ. राती अं. ३ बजे तिर पुनः हामी तिनै जना भई जीपपार्कमा रहेको मोबाईल पसलमा चोरी गर्ने भनि गयौं । मैल पसलको दाहिने तर्फको ताला तोडी सके पछी साथी सबै पसल भित्र पसी हेर्दा सिसि क्यामेरा जडान गरेको देखे पछी मैले सि.सि. क्यामराको तार चुडाई दिउँ भनि सल्लाह गरी मैले साथी मुस्ताङ B1 लाई उचाली बोके पछि निजले एउटा तार तानी एउटा छिली दिएं । त्यस पछि साथी मुस्ताङ A1 ले मलाई उचाली बोके पछि मैले अर्को तार चुडाई दिए । त्यसपछि हामी तिन जना मोबाईल पसल कोठामा गई अगाडी रहेको दराज ऱ्याक र शोकेशमा रहेका मोबाईलहरु सेल्फी स्टिक, मोबाईलका ब्याट्री लगायतका सामानहरु बोरामा राख्यौं । साथी मुस्ताङ B1 ले सेल्फी स्टिक थान-१ र सामसुङ्ग ग्यालेक्सी J7 मोबाईल थान-१ झिकी लिई आए । मेरो कोठामा आई सके पछि मैले मोबाईलका खोल, सेल्फी स्टिकको खोल तथा अन्य काम नलाग्ने सामानहरु कालीगण्डकी नदीमा लगि बगाई दिए । त्यसको भोली पल्ट साथी मुस्ताङ C1 पनि हाम्रो मन मिल्ने साथी रहेकोले निजलाई पुष्पा बानियाँको पसल तथा बिकास कुमार थकालीको मोबाईल पसल चोरेको भनी जानकारी गराई चोरी गरी मेरो कोठामा लगी राखेका खाने कुरा चकलेटहरु समेत CG कम्पनीको मोबाईल थान १, Ditmo Bluetooth Headphone र चार्जर समेत दिएका थियौं । अरु सामान मेरो कोठामा लुकाई राखेका थियौं । मिति २०७३/२/२३ गते प्रहरीले मलाई पक्राउ गरेकोले मैले भनि बताई देखाए बमोजिम बरामद गरेका हुन् । चोरी गर्दा साथी मुस्ताङ C1 नभए तापनि हामीले चोरी गरेको सामान लिने खाने गरेका हुँदा निजको पनि चोरी कार्यमा संलग्नता रहेको छ भन्ने समेत बेहोराको प्रतिवादी परिवर्तित नाम मुस्ताङ D1 ले गरेको बयान र सोही बेहोरालाई पूर्ण समर्थन हुने गरी प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ C1 ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

प्रतिवादी मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति

२०५७/०५/२२ गते, मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ गते र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ भएको जन्म दर्ता प्रमाणपत्र र निजहरुले अध्ययन गरेको विद्यालयको अभिलेखबाट देखिएको छ।

सामसुङ्ग ग्यालेक्सी J7 को मुल्य रु. २२,५००/– HUAWAI मोबाईलको मुल्य रु. ९०००/–Samsung DusNEXT2 मोबाईलको रु. ८५००/– CG-EONX4 मोबाईलको रु. ७५००/– INTEX TROBO मोबाईलको रु. ६५००/– INDICOM मोबाईलको रु. ३०००/– ROMOSS पावर बैंकको रु.२४००/– Multimedia स्पिकरको मूल्य रु. ८००/– कार्वन कम्पनीको ब्याट्रीको मूल्य रु. ४५०/–, कलर्स कम्पनिको ब्याट्रीको मूल्य रु. ४५०/–, नोकिया कम्पनिको ब्याट्रीको मुल्य रु. ५५०/–DuraCell ब्याट्रीको रु. ८०/–, VIDYUT लेखिएको ब्लेड पाकेटको रु. १००/– IRISATOM, लेखिएको लाभा मोबाईल रु. ८०००/– माईक्रोसफ्ट चार्जरको मुल्य रु. ३००/–, फलामको ह्याम्वरको रु. ३५०/–, फलामको कैंचीको रु. ३५०/–, फलामको छिनो रु. ४००/–, चक्कुको रु. २५०/– हेक्सा ब्लेडको रु. ६०/–, फोल्डिङ्ग सिस्टमको MAX लिड लाईटको रु. ८००/–, HOMESLIM थर्मसको रु.१६००/–, BILITONG पावर बैंकको रु. १५००/– Ditmoheadphone को रु १,०००/–, लाभा मोबाईलको चार्जर रु. ४००/–, डाटा केबुलको रु. २००/–, सोल्डिङ्ग आइरनको रु. ३००/–, SD कार्ड रिडरको रु. ५५०/–, पेचकस सेटको रु. ७५०/–, TP-LINK राउटर सेटको रु. ३५००/–, DM2530 लेखिएको हेडफोनको रु. १२००/– पर्ने भन्ने मुस्ताङ उद्योग बाणिज्य संघको पत्रानुसार बरामदी मुचुल्कामा उल्लेखित सामानको मूल्य रु. ८६,८२०/– हुन आउँछ।

मिति २०७३/०२/०३ गते राती जहेरवाला तारजित तामाङ्गको कुखुरा फर्मबाट मुल्य रु. ६३००/– बराबरको ३/३ किलोको ६ वटा कुखुरा चोरी भएको, ऐ. १४ गते राती जाहेरवाला पुष्पा बानियाँको पसलबाट रु. २५,०००/– नगद सहित रु. ३३४९७/– बिगो बराबरको रिचार्जकार्ड लेयज, कुरकुरे, कोकाकोला, रेडबुल, चक्लेट, ब्याट्री व्लेड समेतका सामान चोरी भएको र जाहेरवाला बिकास कुमार थकालीको बन्द रहेको पसल मिति २०७३/०२/१७ गते खोल्दा रु. ८६९१०/– विगो बराबरको ६ वटा मोबाईल, सेल्फी स्टिक, मोबाईलका ब्याट्रीहरु, घडी, थर्मस समेतका सामानहरु चोरी भएको भन्ने सुनी थाहा पाएकोमा पछि प्रहरीले निज प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 लाई चोरी भएका सामानहरु सहित पक्राउ गरेका छन् भन्ने सुनिएकोमा बुझ्दा सत्य रहेछ। निजहरु उपर कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत करिब एकै मिलान बेहोराको बुझिएका मानिसहरु अमिता थकाली, प्रयास

गुरुङ थकाली, र आक्रोस शेरचनले गरेको घटना विवरण कागज र सोही कागज बेहोरालाई पूर्ण समर्थन गरी गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचनले गरेको बस्तुस्थिती मुचुल्का ।

प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 ले मुलुकी ऐन, चोरीको महलको १ न. बिपरित ३ नं. को रितसंग नकबजनी चोरीको कसुर गरेकोले निज प्रतिवादीहरुलाई चोरीको बिगो रु. ९०,०००/– कायम गरी सोही महलको १४(१) नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरुको जन्मदर्ता प्रमाणपत्रको आधारमा नाबालक देखिएको हुंदा परिवर्तित नाम मुस्ताङ C1 १२ बर्षको देखिएकोले निजलाई बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११ (२) बमोजिम र अन्य प्रतिवादीहरुलाई सोही ऐनको दफा ११(३) बमोजिम सजाय गरी बरामदी मुचुल्कामा उल्लेखित बरामद भई आएको जाहेरवालाको बिगो रु. ९०,०००/– बराबरको सामान मुलुकी ऐन चोरीको महलको २१ नं. बमोजिम जाहेरवालालाई फिर्ता दिलाई पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र ।

मिति २०७३/०२/१४ गते राति अन्दाजी १२ बजे पुष्पा बानियाँको काठे पुल स्थित किराना पसलबाट सामान चोरी गरी मुस्ताङ D1 को कोठामा बसी खाई मिति २०७३/०२/१५ गते अन्दाजी ३.०० बजेको समयमा मुस्ताङ B1, मुस्ताङ D1 र म समेत तीन जान मिली जाहेरवाला विकास कुमार थकालीको मोबाइल पसलमा गई मुस्ताङ D1 ले ताल्चा फोडेपछि हामी तीनै जना भित्र पसी मेरो पिठ्युँमा चढेर मुस्ताङ B1 ले CC Camera को एउटा तार र मुस्ताङ D1 ले एउटा तार चुडाइ भित्र रहेका सामानहरु मध्ये विभिन्न मोबाइल तथा अन्य सामानहरु समेत निकाली बोरामा हतार हतार राखेर मुस्ताङ D1 को कोठामा आई सामान बाड्यौं । मैले HUWAI लेखिएको सेतो रंगको मोबाइल थान १, डाटा केबल सहितको सेतो रंगको पावर बैंक थान १, MULTIMEDIA SPEAKER SYSTEM लेखिएको कभर भएको स्पीकर सेट थान १ र सेल्फी स्टिक १ वटा लगेको हो र मुस्ताङ B1 ले SAMSUNG GALAXY J7 मोडलको कालो रंगको मोबाइल थान १ लगेको हो भने बाँकी सामानहरु मुस्ताङ D1 को कोठामा राखेको हो भने भोलिपल्ट मुस्ताङ C1 ले थाहा पाई उसलाई हेडफोन १ थान र चार्जर १ थान दिएको हो । अन्य सामानहरु प्रहरीले गरेको बरामदी खानतलासी मुचुल्कामा उल्लेखित सामानहरुमध्ये केही हाम्रा सामान छन् भने अरु सबै चोरी गरेको सामान हुन् । मिति २०७३/०२/२३ गतेको खानतलासी तथा बरामदी मुचुल्कामा लेखिए बमोजिमको बरामदी सामानहरुमध्ये सेतो बिँड भएको फलामको छिनो १ थान हामीले चोरी गर्न प्रयोग गरेको हो उक्त छिनो मुस्ताङ D1 को घरबाट लगेको हो भने फलामको हेम्बर (हथौडा) थान २ र फलाम काट्ने हेक्सा ब्लेड १ थान मुस्ताङ D1 को

घरमा राखिएको अवस्थामा प्रहरीले उठाएर लगेको हो । बाँकी बरामदी मुचुल्कामा रहेको सामानहरु हामीहरुले नै चोरेर ल्याएका हौं । उक्त HUWAI मोबाइल भित्रको मेमोरी कार्ड मेरा आफ्नो हो । मिति २०७३/०२/२६ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज मैले भने बमोजिम लेखिएको ठीक छ र सो बयान कागजमा लागेको सहीछाप मेरो आफ्नै हो भन्ने समेत बेहोराको मुस्ताङ A1 ले मिति २०७३/०३/१५ गते यस अदालत समक्ष गरेको बयान ।

मिति २०७३/०२/१४ गतेको राति अन्दाजी १२ बजे पुष्पा बानियाँको काठे पुल स्थित किराना पसलबाट सामान चोरी गरी मुस्ताङ D1 को कोठामा बसी खाई मिति २०७३/०२/१५ गते अन्दाजी ३ बजेको समयमा मुस्ताङ A1, मुस्ताङ D1 र म समेत तीन जाना मिली जाहेरवाला विकास कुमार थकालीको मोबाइल पसलमा गई मुस्ताङ D1 ले ताल्चा फोडेपछि हामी तीनै जना भित्र पसी मुस्ताङ A1 को पिठ्युँमा चढेर मैले CC Camera र मुस्ताङ A1 कै पिठ्युँमा चढेर मुस्ताङ D1 ले अर्को CC Camera को तार चुढाई पसल भित्र रहेका सामानहरु मध्ये विभिन्न मोबाइल तथा अन्य सामानहरु समेत निकाली बोरामा हतार हतार राखेर मुस्ताङ D1 को कोठामा आई सामान बाड्यौं । मैले SAMSUNG GALAXY J7 मोडलको कालो रंगको मोबाइल थान १ र सेल्फी स्टिक थान १ लगेको हो । मुस्ताङ A1 ले HUWAI लेखिएको सेतो रंगको मोबाइल थान १, डाटा केबल सहितको सेतो रंगको पावर बैंक थान १, MULTIMEDIA SPEAKER SYSTEM लेखिएको कभर भएको स्पीकर सेट थान १ र सेल्फी स्टिक १ वटा लगेको हो भने बाँकी समानहरु मुस्ताङ D1 को कोठामा राखेको हो भने भोलिपल्ट मुस्ताङ C1 ले थाहा पाई उसलाई हेडफोन १ थान र चार्जर १ थान दिएको हो । अन्य सामानहरु प्रहरीले गरेको बरामदी खानतलासी मुचुल्कामा उल्लेखित सामानहरुमध्ये केही हाम्रा सामान छन् भने अरु सबै चोरी गरेको सामान हुन् । मिति २०७३/०२/२३ गतेको खानतलासी तथा बरामदी मुचुल्कामा लेखिए बमोजिमको बरामदी सामानहरुमध्ये सेतो बिँड भएको फलामको छिनो १ थान हामीले चोरी गर्न प्रयोग गरेको हो उक्त छिनो मुस्ताङ D1 को घरबाट लगेको हो भने फलामको हेम्बर (हथौडा) थान २ र फलाम काट्ने हेक्सा ब्लेड १ थान मुस्ताङ D1 को घरमा राखिएको अवस्थामा प्रहरीले उठाएर लगेको हो । बाँकी बरामदी मुचुल्कामा रहेको सामानहरु हामीहरुले नै चोरेर ल्याएका हौं । मिति २०७३/०२/२५ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज मैले भने बमोजिम लेखिएको ठीक छ र सो बयान कागजमा लागेको सहिछाप मेरो आफ्नै हो भनी मुस्ताङ B1 ले मिति २०७३/०३/१५ गते अदालत समक्ष गरेको बयान ।

मिति २०७३/०२/१४ गतेको राती अन्दाजी १२ बजे पुष्पा बानियाँको काठे पुल स्थित

किराना पसलबाट सामान चोरी गरी मेरो कोठामा बसी खाई बिहानपख अन्दाजी ३.०० बजेको समयमा मुस्ताङ A1, मुस्ताङ B1 र म समेत तीन जना मिली जाहेरवाला विकास कुमार थकालीको मोबाइल पसलमा गई मैले ताल्चा फोडे अनि हामी तीनै जना भित्र पसी मुस्ताङ A1 को पिठ्युँमा पालैपालो म र मुस्ताङ B1 चढी CC Camera तार चुढाई पसल भित्र रहेका सामानहरु मध्ये विभिन्न मोबाइल तथा अन्य सामानहरु समेत निकाली बोरामा राखी मेरो कोठामा आई सामान बाड्यौं । मिति २०७३/०२/२३ गतेको खानतलासी तथा बरामदी मुचुल्कामा लेखिए बमोजिमको बरामादी सामानहरुमध्ये छिनो १ थान, हेम्बर (हथौडा) थान २ र फलाम काट्ने हेक्सा ब्लेड १ थान र चक्कु मेरो आफ्नै कोठाको सामान हो । घरमा राखिएको अवस्थामा प्रहरीले उठाएर लगेको हो । बाँकी बरामदी मुचुल्कामा रहेको सामानहरु हामीहरुले नै चोरेर ल्याएका हौं । मिति २०७३/०२/२६ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज मैले भने बमोजिम लेखिएको ठीक छ र सो बयान कागजमा लागेको सहीछाप मेरो आफ्नै हो भनी मुस्ताङ D1 ले मिति २०७३/०३/१५ गते अदालत समक्ष गरेको बयान ।

मिति २०७३/०२/१४ गते राति चोरी भएको कार्यमा मेरो संलग्नता छैन । चोरी भएका सामानमध्ये CG मोबाइल १ वटा र हेडफोन थान १ भोलिपल्ट मुस्ताङ D1 को कोठामा गई बाँडी लिएको हुँ । मिति २०७३/०२/२३ गतेको खानतलासी तथा बरामदी मुचुल्कामा भएका छिनो हेम्बर २ वटा, हेक्सा ब्लेड र चक्कु मुस्ताङ D1 को हो बाँकी अरु सामान चोरी गरी ल्याएका रहेछन् । मिति २०७३/०२/२५ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज मैले भने बमोजिम लेखिएको ठीक छ र सो बयान कागजमा लागेको सहिछाप मेरो आफ्नै हो भनी मुस्ताङ C1 ले मिति २०७३/०३/१५ गते अदालत समक्ष गरेको बयान ।

बालबालिकाको सर्वोत्तम हित (Best Interest of Child) समेतलाई दृष्टिगत गर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम अड्डाले चाहेको बखत उपस्थित गराउने शर्तमा निजहरुको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मामा लगाउने तथा यसरी प्रतिवादीहरुको बाबु ,आमा, नातेदार वा संरक्षकको जिम्मा लिई लगेकोमा निज बालकहरु विद्यालय गए नगएको भन्ने कुराको मासिक रुपमा यस अदालतलाई लिखित जानकारी गराउने तथा सम्बन्धित विद्यालयले पनि निज बालकहरु नियमित विद्यालयमा हाजिर भए नभएको कुराको मासिक रुपमा यस अदालतलाई प्रतिवेदन बुझाउने गरी तथा त्यस्तो कसैले पनि जिम्मा नलिए बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थाको जिम्मा लगाउन जिल्ला प्रहरी कार्यालय मुस्ताङमा पठाउने गरी मिति २०७३/०३/१६ मा यस अदालतबाट भएको थुनछेक

आदेश बमोजिम प्रतिवादीहरुलाई यस अदालतबाट खोजी भएका बखत अदालतमा उपस्थित गराउने गरी आ-आफ्ना संरक्षकहरुले बुझी लगेका ।

मिति २०७३/०२/२३ गतेको जाहेरी दरखास्तमा लागेको सहीछाप र उक्त जाहेरी मेरा आफ्नै हो । मेरो पसलमा मिति २०७३/०२/१५ गते राति पसलको पछाडीको ढोकाको ताल्चा खोली CC Camera को तार चुडाई पसी SAMSUNG GALAXY J7 मोबाइल थान १, SAMSUNG ACE NEXT 2 मोबाइल थान १, CG Mobile थान १, HUWAI Mobile थान १, MICROMAX मोबाईल थान १, LAVA मोबाइल थान १, सेल्फी स्टिक थान २, थर्मस थान १, पावर बैंक २ वटा, घडी १ वटा, Head Phone २ वटा, Multimedia Speaker सेट १, Card Reader १० थान, मोवाइलको व्याट्रीहरु थुप्रै संख्या याद भएन । TP-LINK राउटर थान १, लिड लाइट थान १ तथा डाटा केवल आदि सामान यी प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ B1 समेतले चोरी गरेका हुन् । सबै सामान मलाइ याद भएन । मिति २०७३/०२/२३ को सनाखत कागजको बेहोरा पढीबाची सुनाउँदा सुनीपाएँ । उक्त बेहोरा ठीक साँचो हो । उक्त कागजको सहीछाप मेरो आफ्नै हो । मेरो विगोदाबी बमोजिमका सामान यी प्रतिवादीहरुबाट बरामद भएको छ । मेरो चोरी भएको सामानको विगो बमोजिम रकम दिलाइ पाउँ भन्ने समेत बेहोराको मिति २०७३/०४/१३ मा जाहेरवाला विकास कुमार थकालीले गरेको बकपत्र ।

जेठ १५ गते राती पसल चोरी भएको हो । पसलको सि.सि. क्यामेरा चुडाई चोरी गरेका हुन् । कसले चोरी गरे थाहा भएन । बरामदी वस्तुस्थिति मुचुल्काको बेहोरा सुनी पाएँ । उक्त मुचुल्कामा लगाएको सहीछाप मेरो आफ्नै हो । उक्त पसल चोरी हुँदा म आफ्नै घरमा सुतीरहेकै थिएँ । यी प्रतिवादीहरुले चोरेको आफैले प्रत्यक्ष देखेको होइन । अरुले भनेको सुनेको हो भनी मिति २०७३/०४/१३ गते अदालत समक्ष वादी तर्फका साक्षी नवीन प्रसाद ज्वारचन गरेको बकपत्र ।

जाहेरवालाको पसलमा मिति २०७३ ज्येष्ठ १५ गते राति चोरी भएको हो । कसले चोरी गरे मलाई थाहा भएन । मिति २०७३/०३/०३ को घटना विवरण कागज ठीक साँचो हो । उक्त बेहोरामा लागेको सहीछाप मेरो आफ्नै हो । उक्त पसल चोरी हुँदाको रात म होटल एमोनाइटमा फुटबल खेल हेरेको थिएं । यी प्रतिवादीहरुले चोरको भन्ने कुरा आफैले देखेको होइन । जाहेरवाला विकास कुमार थकालीले भनेपछि थाहा पाएको हो भनी मिति २०७३/०४/१३ गते अदालत समक्ष वादी तर्फका साक्षी आक्रोश शेरचन गरेको बकपत्र ।

जाहेरवालाको पसलमा २०७३/०२/१५ गते राति चोरी भएको हो । को कसले चोरी

गरे मलाई थाहा भएन । मिति २०७३/०३/०७ गतेको वस्तुस्थिति मुचुल्काको बेहोरा ठीकै हो । उक्त बेहोरामा लागेको सहिछाप मेरो आफ्नै हो । उक्त पसल चोरी हुँदा म आफ्नै घरमा सुतिरहेको थिएँ । यी प्रतिवादीहरुले चोरेको आफैले प्रत्यक्ष देखेको होइन अरुले भनेको सुनेका हो भनी मिति २०७३/०४/१३ गते अदालत समक्ष वादी तर्फका साक्षी गणेश शेरचनले गरेको बकपत्र ।

प्रतिवादीहरुले यस अदालतमा बयान गर्दा कुनै साक्षी नराखेका ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस बाल इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायाधिवक्ता श्री रुद्र प्रसाद आचार्यले यी प्रतिवादीहरुले जाहेरवालाको मोबाईल पसलमा रातीको समयमा गई ढोकाको ताल्चा फोरी भित्र पसि सि.सि. क्यामराको तार समेत चुडाई पसलको ढोकाको ताला फोडेर विभिन्न मोवाईल लगायतका अन्य सामानहरु समेत चोरी गरी लगेकाले प्रतिवादीहरुलाई अभियोगदावी बमोजिम सजाय हुने ठहर गरी फैसला हुनु पर्दछ भनी एवं कानूनको द्वन्दमा परेका बालकहरुको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री वावुराम अर्यालले यी प्रतिवादीहरु नाबालक भएकोले लहैलहैमा लागि बाल बिज्याईं गरेकाले बालबालिकाको हितलाई ध्यानमा राखी सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो । मिसिल संलग्न सम्पूर्ण कागज प्रमाण समेतको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यी प्रतिवादी बालकहरुले आरोपीत बिज्याईं गरेका हुन् होइनन् ? हुन भने के कति सजाय हुनु पर्ने हो ? सो सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं विपरित ३ नं. को रित सँग नकवजनी चोरीको कसुर गरेकाले सो कसुरमा चोरीको विगो रु. ९०,०००/– कायम गरी सोही महलको १४(१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादी मध्येका परिवर्तित नाम मुस्ताङ C1 १२ बर्षको देखिएकाले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम र अन्य प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, र मुस्ताङ D1 लाई ऐ. ऐनको दफा ११(३) बमोजिम सजाय गरी वरामद भै आएको जाहेरवालाको विगो रु. ९०,०००/– बराबरको सामान प्रतिवादीहरुबाट मुलुकी ऐन, चोरी महलको २१ नं. बमोजिम जाहेरवालालाई दिलाई पाउँ भन्ने समेत बेहोराको मुख्य अभियोग दावी देखिन्छ । मिति २०७३/०२/१५ गते बिहान अन्दाजी ३:३० बजेको समयमा प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 समेत मिली मेरो जिल्ला मुस्ताङ जोमसोम गा.वि.स. वडा न. ५ जिप पार्क स्थित एप्पल

जोन मोबाइल सोलुसन नामक मोबाइल पसलबाट उक्त पसलको ढोकाको ताल्चा फोडी भित्र पसी सिसि क्यामराको तार समेत चुडाई विभिन्न मोबाइलहरु, हेडफोन, राउटर, व्याट्री, चार्जर समेतका बरामदी भै आएका विगो रु. ८६,९१०/– बराबरको सामान चोरी गरकोले कारवाही गरी पाउँ भनी जाहेरवाला विकाश कुमार थकालीको किटानी जाहरी देखिन्छ। भने निजले प्रहरीमा समेत सोही बेहोराको कागज गरेको देखिन्छ। प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी एवं यस अदालत समक्ष बयान गर्दा समेत मिति २०७३/०२/१४ गतेको राती अन्दाजी १ बजेतिर मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 भै पुष्पा बानियाको किराना पसलमा चोरी गरी मुस्ताङ D1 को घरमा लगी सामान राखी खाई पुनः सोही राती बिहान ३:३० बजेतिर विकास कुमार थकालीको मोबाइल पसलमा गई ताल्चा फोडी सिसि क्यामेराको तार समेत चुडाई बरामदी भै आएका मोबाइल तथा सामानहरु लिई मुस्ताङ D1 को घरमा लगी राखेकोमा सो कुरा मुस्ताङ C1 ले थाहा पाएकोले उसलाई पनि चोरीको मोबाइल, हेडफोन र चार्जर समेत दिई सबैले बाँडी लिएको भनी चोरीको कसुर बिज्याईं गरेकोमा सावित भै एक पटकलाई सुध्रने मौका पाउँ भनि चारै जना प्रतिवादीहरु पूर्णरुपमा सावित भै एकै मिलानको बयान दिएको देखिन्छ। जाहेरवाला विकास कुमार थकालीले जाहेरी दिँदा एवं प्रहरीमा कागज गर्दा समेत जम्मा मोल विगो रु. ८६,९१०/– बराबरको सामान चोरी भएको भनि कागज गरेको देखिन्छ भने पछि मुस्ताङ उद्योग बाँणिज्य संघवाट बरामदी सामानहरुको एकिन मूल्य खुलाउदा रु. ९०,०००/– पर्ने भनि मुल्य खुलाई आएको देखिन्छ। उक्त बरामदी सामानहरुलाई जाहेरवालाले सनाखत समेत गरी दिएको देखिन्छ भने प्रतिवादीहरुले पनि बरामदी मुचुल्कामा उल्लेखित जम्मा मोल विगो रु. ९०,०००/– बराबरका सामानहरु आफूहरु मिलि चोरी गरी लिई बाँडी राखेकोमा सावित नै रही बरामदी सामानको विषयमा कुनै विवाद रहे भएको देखिदैन। घटना विवरण कागजका अमित थकाली, प्रयास गुरुङ थकाली, आक्रोश शेरचन तथा वस्तुस्थीति मुचुल्काका गणेश शेरचन, सन्त बहादुर नेपाली र राजेन्द्र शेरचन समेतले यी प्रतिवादीहरुले जाहेरवालाको मोबाईल पसल चोरी गरेको कुरा सुनी थाहा पाएको भनी उल्लेख गरेको देखिन्छ भने घटना विवरणका आक्रोश शेरचन तथा वस्तुस्थीति मुचुल्काका गणेश शेरचनले अदालतमा आई वकपत्र गर्दा समेत प्रहरीमा गरेको कागज बेहोरालाई समर्थन हुने गरी वकपत्र गरेको देखिन्छ। जाहेरवाला विकास कुमार थकालीले अदालतमा आई वकपत्र गर्दा समेत आफूले दिएको जाहेरी दरखास्त एवं प्रहरीमा गरेको कागजमा लेखाएका चोरी भएका विभिन्न मालवस्तुहरुको विवरण सहित आफ्नो जाहेरी तथा प्रहरीमा गरेको कागज लाई समर्थन गर्ने गरी वकपत्र गरेको देखिन्छ भने प्रतिवादीहरुले कुनै पनि साक्षी राखेको देखिदैन।

अतः माथी उल्लेखित मिसिल संलग्न सवुद प्रमाण समेतबाट यी प्रतिवादीहरुले जाहेरवालाको एप्पल जोन मोबाइल सोलुसन नामक मोबाइल पसलबाट खानतलासी एवं बरामदी मुचुल्कामा उल्लेखित SAMSUNG GALAXY J7 मोबाइल, HUAWAI मोबाइल, LAVA मोबाइल, Romoss Power Bank, Multimedia Speaker सेट, विभिन्न कार्वोन, कलर्स एवं नोकिया कम्पनिका मोबाइलका व्याट्रीहरु, मोबाइल चार्जरहरु, लिड लाइट, थर्मस, Power Bank, Samsung Duos Next -2 मोबाइल, CG-EONX4 मोबाइल, INTEX TORBO मोबाइल, Indicom मोबाइल, Ditmo Headphone, LAVA मोबाइल चार्जर, Data Cable, सोल्डिङ गर्ने आइरन, SD कार्ड रिडर पेचकस सेट, TP LINK राउटर सेट, DM 2530 लेखिएको हेडफोन समेतका मुस्ताङ उद्योग वाणिज्य संघबाट च.नं. २९९ मिति २०७३/०३/०६ बाट मूल्य एकिन गरी खुलाई पठाए बमोजिम रु. ९०,०००/– मूल्य बराबरका सामानहरुको चोरीको बिज्याईं यी प्रतिवादीहरुले मुलुकी ऐन चोरीको महलको १ नं विपरित ३ नं.को रित सँग नकवजनी चोरीको कसुर गरेको पुष्टी हुन आयो ।

अब यी प्रतिवादीहरु मुस्ताङ A1 को जन्म मिति २०५८/०७/१२, मुस्ताङ B1 को जन्म मिति २०५७/०५/२२ गते, मुस्ताङ C1 को जन्म मिति २०६०/०८/२९ गते र मुस्ताङ D1 को जन्म मिति २०५८/०१/१५ रहेको भन्ने मिसिल संलग्न स्थानिय पंजिकाधिकारीको जन्म दर्ता प्रमाण पत्र एवं निजहरु अध्ययनरत विद्यालयको अभिलेखबाट देखिएको अबस्था समेतबाट यी प्रतिवादीहरु सबै जान बालबालिका रहेको भन्ने कुरामा कुनै विवाद देखिदैन । प्रतिवादी मध्येका मुस्ताङ C1 वर्ष १२ को देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन अभियोग मागदाबी लिएको तर्फ हेर्दा, बालबालिका सम्बन्धी ऐन, २०४८ को उक्त दफा ११(२) मा "बालकको उमेर १० बर्ष वा सो भन्दा माथी र १४ बर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरीवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई, बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी ६ महिना सम्म कैद हुन्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत वारदातमा उमेर पुगका व्यक्ति भए चोरीको १४(१) नं. बमोजिम १२ नं. बमोजिम हुने सजायको डेढी बढाई अर्थात चोरीको जम्मा विगो बमोजिम जरीवाना र पहिला पटकको लागि १ महिना कैदको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने प्रस्तुत मुद्दामा ठहर भएको विगो रु. ९०,०००/– को डेढी बढाउँदा हुन आउने विगो रु. १,३५,०००/– जरीवाना र १ महिना कैदको डेढी बढाउँदा हुन आउने दिन ४५ कैद हुनेमा निज प्रतिवादी मुस्ताङ C1 १२ बर्षको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जरीवाना तर्फ सम्झाई बुझाई अब आईन्दा यस्तो बिज्याईं

गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 को उमेर १४ देखि १६ वर्षको विचको देखिएको र अभियोग पत्रमा पनि बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजायको दावी लिएको देखिदा उक्त दफामा "१४ बर्ष वा सो भन्दा माथी र १६ वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था देखिदा प्रस्तुत मुद्दामा ठहर भएको विगो रु. ९०,०००/– को चोरीको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने रु. १,३५,०००/– को आधा रु. ६७,५००/– जनही जरीवाना र कैदको हकमा चोरीको १२ नं. बमोजिम हुने १ महिना कैदमा चोरीको १४(१) नं. बमोजिम डेढी बढाउँदा हुन आउने दिन ४५ को आधा दिन २३ कैद सजाय हुने ठहर्छ । साथै अभियोग पत्रमा उल्लेख भएको वरामद भएको बरामदी मुचुल्कामा उल्लेखित जाहेरवालाको विगो रु. ९०,०००/– बराबरको सामान समेत मुलुकी ऐन चोरीको २१ नं बमोजिम जाहेरवाला विकाश कुमार थकालीले फिर्ता पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम मुस्ताङ C1 लाई जरीवाना तर्फ सम्झाई बुझाई अब अईन्दा यस्तो बिज्याईं गर्ने छैन भन्ने कागज गराई छाडीदिने तथा कैद तर्फ दिन १५ मात्र कैद सजाय हुने ठहरी फैसला भएको हुँदा जरिवानाको हकमा निजलाई बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(२) नं. बमोजिम कागज गराई छाडी दिनू तथा कैदको हकमा यी प्रतिवादी मिति २०७३/०२/२३ गते देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटी गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिदा कैदको लगत कसी असूली जनाईदिनू....................................................१

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 लाई जनही जरिवाना रु ६७,५००/– र जनही दिन २३ कैद हुने ठहरी फैसला भएकोमा यी प्रतिवादीहरु मिति २०७३/०२/२३ देखि दिन २५ प्रहरी हिरासतमा रही मिति २०७३/०३/१६ गते यस अदालतको थुनछेक आदेशले छुटि गएको हुँदा उक्त कैदको अबधि भुक्तान भै सकेको देखिंदा कैदको लगत कसी असुली जनाईदिनू । जरिवानाको हकमा निज प्रतिवादीहरुलाई हुने ठहरेको कैद दिन २३ भन्दा २ दिन बढी अबधी प्रहरी हिरासतमा बसेको देखिंदा उक्त दुई दिनको रु. ५०/– निजहरुलाई लागेको जनहि जरिवाना रु. ६७,५००/– बाट कटाई बाँकी हुने रु.

६७,४५०/– जनही यी प्रतिवादीहरु मुस्ताङ A1, मुस्ताङ B1 र मुस्ताङ D1 बाट लगत कसी असूल गरि लिनू ।..........................................................२

माथी ठहर खण्डमा लेखिए बमोजिम बरामदी मुचूल्कामा उललेखित मूल्य रु. ९०,०००/– पर्ने सामान समेत जाहेरवाला बिकास कुमार थकालीले फिर्ता पाउने ठहरेकाले उक्त सामानहरु फिर्ता पाउँ भनी जाहेरवाला बिकास कुमार थकालीले फिर्ता माग्न निवेदन गरेमा मुलुकी ऐन, चोरीको २१ नं बमोजिम फिर्ता दिनू ।..........................................................................३

प्रस्तुत फैसलामा चित्त नबुझेमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बममोजिम ३५ दिन भित्र पुनरावेदन अदालत बाग्लुङमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरुबाट पुनरावेदन म्याद एवं फैसला सुनि पाएको कागज समेत गराई मिसिल सामेल राख्नू ।.............................४

प्रस्तुत फैसलाको प्रतिलिपी जिल्ला सरकारी वकिल कार्यालय मुस्ताङलाई दिनू ।................५

प्रस्तुत फैसलाको विद्युतिय अपलोड गरी नियमानुसार गर्नू ।.....................................६

प्रस्तुत फैसलाको एक प्रति प्रतिलिपी निःशुल्क रुपमा प्रतिवादीहरु परिवर्तित नाम मुस्ताङ A1, मुस्ताङ B1, मुस्ताङ C1 र मुस्ताङ D1 लाई दिनू ।...............................................७

सरोकारवाला व्यक्तिले नक्कल माग्न निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल दिनू ।................८

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाईदिनू ।...९

माननीय जिल्ला न्यायाधीश ज्यूले
बोली टिपाए बमोजिम टाईप गर्ने
फाँटवाला ना.सु. शालिकराम न्यौपाने

जिल्ला न्यायाधीश

ईति संवत् २०७३ साल श्रावण २४ गते रोज २ शुभम्........................................।

**श्री**

**उदयपुर जिल्ला अदालत**

**वाल–ईजलास**

**माननीय जिल्ला न्यायाधीश श्री महेन्द्र वहादुर कार्की**

**फैसला**

**२०७२ सालको** CR–००१९९, **र.नं.** ३१–०७२–००६४०

**निर्णय नं.** २८

**मुद्दाः– जवरजस्ती करणी उद्योग।**

उपस्थिती

वाल मनोविज्ञः- दिपक बस्नेत

वाल समाजसेवीः- निर्मला आचार्य

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| परिवर्तित नाम B को जाहेरीले वादी नेपाल सरकार | परिवर्तित नाम C1 को छोरा परिवर्तित नाम 14 C |

**अदालतबाट बुझेको**

जाहेरवाला - परिवर्तित नाम B

पिडितः- परिवर्तित नाम B1

वस्तुस्थिती मुचुल्कामा बस्ने - ईश्वर राया

प्रतिवादीका साक्षीः- गम्बर बहादुर राया

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ को उपदफा (१) तथा मुलुकी ऐन अ.बं. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकार भित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

**तथ्य खण्ड**

मिति २०७२/१२/१६ गते अं. १६.०० बजेको समयमा म जाहेरवालाको बहिरा बोल्न नसक्ने अपाङ्ग बर्ष १८ की छोरी परिवर्तित नाम B1 जिल्ला उदयपुर पोखरी गा.बि.स. वडा नं. ४ स्थित गोठडाँडा खोलामा पानी लिन गएकीमा प्रतिवादी परिवर्तित नाम १४ C ले पानीको गाग्री समेत लडाई दिई लछार पछार हातपात गरी छोरीको स्तन छामछुम गरी जवरजस्ती भुईमा लडाई सुरुवाल समेत खोली जवरजस्ती करणी गर्न खोज्दा छोरीले प्रतिकार गरी गाग्री कुवामै छाडी भागी उम्की रुदै ईसाराबाट बताएकी हुँदा प्रतिवादी उपर कानुन बमोजिम कारवाही होस भन्ने परिवर्तित नाम B को जाहेरी दरखास्त ।

मिति २०७२/१२/१६ गते दिउसो अं. ४ बजे तिर पानी लिन भनि खोलामा जादै गर्दा परिवर्तित नाम जिल्ला १४ C मेरो पछि पछि आउदै थिए, म खोलामा पुगी पानी भरी गाग्री डोकोमा हाली बोक्न लाग्दा एक्कासी १४ C ले मलाई अगाडीबाट अंगालो हाली समाती भुईमा लडाई पानी समेत पोखी दिएकोले म उठी भाग्दै गर्दा निजले लखेट्दै आई पछाडीबाट समाती भुईमा लडाई उत्तानो बनाई म माथि घोडा चढी मेरो स्तन समाती चलाई मैले लगाएको सुरुवाल जवरजस्ती घुडा सम्म तानी मेरो गाला र निधारमा चुम्मा गरी निजले आफ्नो कट्टु खोल्न लाग्दा मैले निजलाई जवरजस्ती ठेली उठी दौडिएर अर्को बाटो हुदै भागी घरमा आई घर परिवारलाई सुनाएको हु भन्ने पिडित परिवर्तित नाम B1 को घटना बिवरण कागज ।

मिति २०७२/१२/१६ गते अं. १६:०० बजेको समय तिर म बाख्रालाई घाँस काट्न भनि गोठडाडा खोला तिर जादै गर्दा मेरो अगाडी परिवर्तित नाम B1 खोलामा पानी लिन जादै थिए, मैले जिस्कीएर ढुंगा माटो निज B1 ले बोकेको डोका भित्र हालिदिदा निजले ढुंगा टिपी मलाई हानेकोले मलाई रिस उठी B1 लाई हुत्याई दिदा निज लडेकीले रुर्द घर तिर गएकी हुन् । मैले परिवर्तित नाम B1 लाई जवरजस्ती करणी उद्योग गरेको होईन भन्ने प्रतिवादी १४ C को बयान कागज ।

जिल्ला उदयपुर पोखरी गा.वि.स. वडा नं. ४ गोठडाडा स्थित पुर्वमा तिलक बहादुर रायाको खाली जग्गा, पश्चिममा तिलक बहादुर रायाको नै बाँसघारी, उत्तर दक्षिण गोठडाँडा खोला यति चार किल्ला भित्र गाउँका मानिसहरुले खाने पानीको कुवा रहेको उक्त कुवामा पिडित परिवर्तित नाम B1 एक्लै पानी लिन आएको अवस्थामा प्रतिवादी परिवर्तित नाम १४ C ले जवरजस्ती समाती भुईमा लडाई स्तन समाती पिडितले लगाएको सुरुवाल समेत खोली जवरजस्ती करणी गर्न खोजेको भनि देखाएको घटनास्थल मुचुल्का ।

मिति २०७२/१२/१६ गते अं. १६.०० बजेको समयमा जाहेरवाला परिवर्तित नाम B को छोरी परिवर्तित नाम B1 जिल्ला उदयपुर पोखरी गा.वि.स. वडा नं. ४ स्थित गोठडाँडा खोलामा पानी लिन गएकीमा प्रतिवादी परिवर्तित नाम १४ C ले पिछा गर्दै गई एकान्त मौका पारी परिवर्तित नाम B1 लाई समाती भुईमा लडाई पिडितको सम्बेदनशिल अंग समाती सुरुवाल समेत तानी जवरजस्ती करणी उद्‌योग गरेको भन्ने सुनि थाहा पाएका हौ । प्रतिवादी उपर कानुन बमोजिम कारवाही होस भन्ने बस्तुस्थिती मुचुल्का ।

यि प्रतिवादी परिवर्तित नाम १४ C ले खोलामा पानी लिन गई फर्कने क्रममा रहेकी यी पिडीता बर्ष १८ की परिवर्तित नाम बी (१) लाई जबरजस्ती करणी गर्ने मनसायले एक्कासी समाती लडाई घोडा चढी पिडीतको स्तन समाती सुरुवाल समेत खोली प्रतिवादीले आफ्नो कट्टु खोल्न लागेको अवस्थामा पिडीताले प्रतिवादीलाई ठेली उम्कन सफल भएकी कारण जवरजस्ती करणी हुन नपाएको तथ्य स-प्रमाण पुष्टी हुन आएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसुरजन्य कार्य भएको हुँदा निज प्रतिवादीलाई सोही ऐन महलको ५ नं. बमोजिम (सोही ऐन महलको ३(४) नं. बमोजिम हुने सजायको आधा) सजाय गरी पाउन मागदावी, साथै प्रतिवादीको नामको जन्म दर्ता प्रमाणपत्रबाट निजको जन्म मिति २०५८/६/७ भन्ने देखिई निज १४ बर्षको भन्ने देखिदा सजायको हकमा बालबालीका सम्बन्धी ऐन २०४८ को दफा ११(३) बमोजिम हुन लिईएको जिल्ला सरकारी वकिल कार्यालयले मिति २०७३/०१/१६ गते दायर गरेको अभियोग माग दावी ।

मिति २०७२/१२/१६ गते अं. दिउसोको ४ बजेतिर म घाँस काट्न भनी वारीतिर जाँदै गर्दा निज पिडित भनिएको केटी पनी पानी लिएर फर्कदै थिई, त्यसै समयमा मैले जिस्किएर ढुंगा निजको डोका भित्र हालिदिँदा निजले ढुंगा टिपि मलाई हानेकोले मैले पनि निजलाई हुत्याईदिँदा ऊ लडेर उठी रुँदै घरतिर गएकी हो, मैले निजलाई जवरजस्ती करणी उद्‌योग नगरेको हुँदा अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होईन, भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम 14 C ले यस अदालतमा गरेको वयान कागज ।

आदेशानुसार जाहेरवाला तथा पिडित तथा वस्तुस्थिति मुचुल्काका साथै प्रतिवादीका साक्षीका वकपत्र भई मिसिल सामेल रहेको ।

आदेशानुसार वाल समाजसेवी तथा वाल मनोबिज्ञको प्रतिवेदन पेश भई मिसिल सामेल रहेको ।

**अदालतको राय ठहर**

नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको सम्पुर्ण मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधीवक्ता श्री धर्मावतार कोईराला र प्रतिवादीहरु को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कमल कुमार कार्की र विद्वान अधिवक्ता श्री दुर्गाकृष्ण पोखरेलले गर्नुभएको बहस सुनियो ।

प्रस्तुत मुद्दामा यी प्रतिवादी पविर्तित नाम 14 c उपर बर्ष १८ को पिडिता परिवर्तित नाम B1 लाई जवरजस्ती करणीको उद्योग गरेकोमा मुलुकी ऐन जवरजस्ती करणीको महलको ५ नं. को कसुरमा सोही ऐन महलको ५ नं. वमोजिम (सोही ऐन महलको ३(४) नं. वमोजिम हुने सजायको आधा) सजाय गरी पाउने र यी प्रतिवादीको नामको जन्म दर्ता प्रमाणवाट निजको जन्म मिति २०५८/०६/०७ भन्ने देखिँई निज १४ बर्षको भन्ने देखिँदा सजायको हकमा बाल वालिका सम्वन्धि ऐन २०४८ को दफा ११(३) बमोजिम हुन समेत लेखिएको देखिन्छ ।

मिति २०७२/१२/१६ गते अं. १६.०० बजेको समयमा म जाहेरवालाको वहिरी बोल्न नसक्ने अपाङ्ग बर्ष १८ की छोरी परिवर्तित नाम B1 जिल्ला उदयपुर पोखरी गा.वि.स. वडा नं. ४ स्थित गोठडाँडा खोलामा पानी लिन गएकीमा प्रतिवादी परिवर्तित नाम 14c ले पानीको गाग्री समेत लडाई दिई लछार पछार हातपात गरि छोरीको स्तन छामछुम गरी जवरजस्ती भुँईमा लडाई सुरुवाल समेत खोली जवरजस्ती करणी गर्न खोज्दा छोरीले प्रतिकार गरी गाग्री कुवामै छाडी भागी उम्की रुँदै ईसाराबाट बताएकी हुँदा प्रतिवादी उपर कानुन बमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको जाहेरी दरखास्त देखिन्छ । मिति २०७२/१२/१६ गते दिउँसो अं. ४ बजेतिर पानी लिन भनी खोलामा जाँदै गर्दा परिवर्तित नाम 14c मेरो पछि पछि पानी लिन भनि खोलामा पुगी पानी भरी गाग्री डोकोमा हाली वोक्न लाग्दा एक्कासी 14c ले मलाई अगाडीवाट अंगालो हाली समाती भुँईमा लडाई पानी समेत पोखी दिएकोले म उठी भाग्दै गर्दा निजले लखेट्दै आई पछाडीवाट समाती भुँईमा लडाई उत्तानो वनाई म माथी घोडा चढी मेरो स्तन समाती चलाई मैले लगाएको सुरुवाल जवरजस्ती घुँडा सम्म तानी मेरो गाला र निधारमा चुम्मा गरी निजले आफ्नो कट्टु खोल्न लाग्दा मैले निजलाई जवरजस्ती ठेली उठी दौडिएर अर्को वाटो हुँदै भागी घरमा आई घर परिवारलाई सुनाएको हुँ भन्ने समेत व्यहोराको पिडित परिवर्तित नाम B1 को घटना विवरण कागज रहेको देखिन्छ । प्रतिवादी परिवर्तित नाम 14C ले मौकामा वयान गर्दा अभियोग मागदावीको कसुरलाई ईन्कार गरि मिती २०७२/१२/१६ गते १६.०० बजेको समयतिर म वाख्रालाई घाँस काट्न भनी गोठडाँडा खोला तिर जाँदै गर्दा मेरो अगाडी परिवर्तित नाम B1 खोलामा पानी लिन जाँदै थिए, मैले जिस्किएर ढुंगा माटो निज B1 ले वोकेको डोका भित्र हालीदिँदा निजले ढुंगा टिपी मलाई

हानेकोले मलाई हुत्याई दिँदा निज लडेकीले रुँदै घरतिर गएकी हुन्, मैले परिवर्तित नाम B1 लाई जवरजस्ती करणी उद्योग गरेको होईन भन्ने समेतको व्यहोरा लेखाएकोमा यस अदालतमा समेत निज प्रतिवादीले आरोपित कसुरलाई ईन्कार गरी आफ्नो मौकाको वयानको सही छाप र व्यहोरा आफ्नै हो भनी वयान गरेका देखिन्छ।

यसरी यी प्रतिवादीले आरोपित कसुरलाई ईन्कार गरी मौकामा तथा यस अदालतमा समेत बयान गरेतापनि पिडित परिवर्तित नाम B1 ले यस अदालतमा वकपत्र गर्दा आफ्नो मिति २०७२/१२/१३ गतेको प्रहरी कार्यालयमा भएको कागजको व्यहोरा र त्यसमा भएको सहीछाप आफ्नै भएको, आफु पानी लिन धारामा गएर फर्किरहेको अवस्थामा निज प्रतिवादीले आफ्नो पानीको गाग्री खोसेर पछाडीवाट तानेको अनि आफुलाई लडाई मुखमा चुम्वन रहेको कपडा आधा जति खोजी दिएपछि आफु त्यहाँ वाट भाग्न सफल भएको भन्ने समेतको व्यहोरा लेखाएको देखिन्छ। त्यसै गरी जाहेरवाला परिवर्तित नाम B ले यस अदालतमा वकपत्र गर्दा जाहेरीको व्यहोरा र त्यसमा भएको सहीछाप आफ्नै भएको, भनी लेखाएको देखिन्छ। जहाँसम्म प्रतिवादीका साक्षी गम्वर वहादर रायाले यस अदालतमा वकपत्र गर्दा जाहेरी दरखास्त झुट्टा भएको, यी प्रतिवादीलाई फसाउन लगाईएको आरोप मात्र भएको, पहिले भएको झगडाको रिसईवीको कारण जाहेरी दिएको भन्ने समेत व्यहोरा लेखाएको सम्वन्धमा विचार गर्दा वारदात नै नभएको अवस्थामा आफ्नो छोरीको अस्मितामा आँच आउने गरी कुनै पिताले सामान्य पुर्व झगडाको कारण त्यस्तो जाहेरी दिएको हो भन्ने अवस्था विश्वास गर्न लायक देखिँदैन भने पिडित समेतले अदालतमा उपस्थित भै आफुलाई भएको वारदातको विश्वासिलो चित्रण गर्नुपर्ने र गर्नसक्ने अवस्था देखिँदैन। तसर्थः प्रस्तुत मुद्दामा प्रतिवादीले मौकामा तथा यस अदालतलमा समेत आरोपित कसुरलाई ईन्कार गरी गरेको वयानलाई मान्न सकिने अवस्था देखिएन। यसरी मिसिल संलग्न उपरोक्त आधार प्रमाणहरुबाट प्रतिवादी परिवर्तित नाम 14C ले अभियोग मागदावी अनुसारको कसुर गरेको भन्ने देखिँदा निज प्रतिवादी परिवर्तित नाम 14C लाई अभियोग मागदावीको मुलुकी ऐन जवरजस्ती करणी महलको ५ नं. को कसुरमा सोही ऐन महलको ५ नं वमोजिम (सोही ऐन महलको ३(४) नं. वमोजिम हुने सजायको आधा) २/६/० (साढे दुई बर्ष) कैद हुनेमा यी प्रतिवादीको उमेर कसुर गर्दाको समयमा १४ बर्ष भन्ने देखिँदा बालबालिका सम्वन्धी ऐन २०४८ को दफा ११(३) अनुसार साढें दुई वर्षको आधा एक वर्ष तीन महिना कैद हुने ठहर्छ। यी प्रतिवादी बर्ष १४ को नावालक देखिँदा ऐ. वालवालिका सम्वन्धि ऐन २०४८ को दफा ५०(२) अनुसार यी वालकको शारिरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिती, कसुर गरेको पटक आदिलाई विचार गरी यी प्रतिवादीलाई

कारागारमा राख्न उपयुक्त नहुने हुँदा यी प्रतिवादीलाई तोकीएको कैदको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राखिदिएको छ। अरु कुरामा तपसिल वमोजिम गर्ने गरी मुलुकी ऐन, अ.वं. १८६ नं. वमोजिम आज यो मुद्दा फैसला गरिदिएँ।

**तपशिल**

प्रतिबादी परिवर्तित नाम 14C के, माथी ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई मु.ऐन. जवरजस्ती करणी महलको ५ नं. (सोही ऐन महलको ३(४) नं. वमोजिम हुने सजायको आधा) वमोजिम २$^{१/२}$ (साढे दुई वर्ष) कैद हुनेमा बालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११ (३) अनुसार साढे दुई वर्षको आधा एक वर्ष तीन महिना (१/३/०) कैद हुने ठहरी फैसला भएको तथा ऐ. ऐन दफा ५०(२) अनुसार यी प्रतिवादीलाई तोकीएको कैदको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित भएकोले उक्त कैदको लगत कसी स्थगन जनाई राख्नु............................१

प्रस्तुत मुद्दाको ईन्साफमा चित्त नबुझे ३५ (पैतिस) दिन भित्र श्री पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीलाई र फैसलाको प्रतिलिपी साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, उदयपुरलाई बालवालिका सम्वन्धी ऐन २०४८ को दफा ५६ नं. वमोजिम पुनरावेदनको म्याद दिन...........................................................................२

सरोकारवालाले नक्कल माँगे नियमबमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी वा सराई दिनू........३

प्रस्तुत मुद्धाको दायरी लगत कट्टा गरि मिसिल अभिलेख शाखामा बुझाईदिनू.................४

श्रीमान् मा.जि.न्या. ज्यूवाट टिपाए बमोजिम
फैसला तयार गर्नेः- डि. जीवन सुवेदी (क)

(जिल्ला न्यायाधीश)

ईति सम्बत २०७३ साल श्रावण ३१ गते रोज २ शुभम........................................।

**दाङ देउखुरी जिल्ला अदालत**

**बाल ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री बलभद्र वाँस्तोलाबाट भएको**

**फैसला**

**उपस्थिति**

**बालमनोबिज्ञ– श्री माधव प्रसाद गौतम**

**समाज सेवीः श्री गोमा महरा**

**सम्वत् २०७३ सालको वाललिज्याँई**

**दर्ता नं.** :– 73-073-00230 (073-CR-0035)

**दर्ता मितिः–** 2073/5/10

**निर्णय नंः** 22/53

**मुद्दाः जबरजस्ती करणी सम्वन्धी वालबिज्याँई**

**वादी**

परिवर्तित नाम दाङ 56(१) (क) को जाहेरीले
नेपाल सरकार........................१

**प्रतिवादी**

जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स. नं. 9 बस्ने
परिवर्तित नामथर दाङ 56(१)(ख).........१

**साक्षी**

**जाहेरवाली**

परिवर्तित नाम दाङ 56(१) (क)

**पीडिता**

परिवर्तित नाम थर दाङ 56(१)

**घटनाविवरण कागज गर्ने**

रेखा घर्ती, लिला पुन

**साक्षी**

दिल बहादुर घर्ती

**कागज**

x

**घटनास्थल प्रकृति मुल्कामा बस्ने**

कूल बहादुर पुन

**कागज**

जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का

स्वास्थ्य परीक्षण प्रतिवेदन समेतका कागजहरु...

**अदालतबाट बुझेको**

**साक्षी**

डा.रमेश यादव

**कागज**

x

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः**

जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स. वडा नं ७ स्थित पूर्बमा नेत्र बहादुर महराको मकै बारी, पश्चिममा भुबन महराको खाली जग्गा, उत्तर र दक्षिणमा नेत्र बहादुर महराको मकै बारी यति चार किल्ला भित्र पर्ने नेत्र बहादुर महराको मकै बारी भित्र परिवर्तित नाम थर दाङ (५६)(१) लाई ऐ.ऐ वडा नं. ९ बस्ने परिनर्तित नाम थर दाङ ५६ (१)(ख)ले जबरजस्ती समाई लिई जबरजस्ती करणी गरेको भनिएको स्थानमा मकैका बोटहरु र घाँसहरु मडारिएको अबस्थामा रहेको, जमिनमा रहेको माटो घस्रिएको भन्ने चार किल्ला सहितको घटनास्थल मुचुल्का ।

म जाहेरवालाको नातिनी परिवर्तित नाम थर दाङ ५६(१)लाई मिति २०७३/४/२७ गते बिहानको खाना खुवाई अं ९ः३० बजेको समयमा जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स. वडा नं ७ सुनपुरीमा रहेको सरकारी स्कुलमा कक्षा २ मा अध्ययन गर्ने भएकोले सोही स्कुलमा पढ्न पठाएकोमा दिनहूँ जसो दिउँसोको १४ः०० बजे घर अनउने गर्थिन । सोही दिन १७ः०० बजेसम्म पनि घरमा नआएपछि मैले अरु दिनहरुमा पनि बाल बच्चाहरु खेल्दै आएका होलान भनी त्यती ख्याल गरिन । सोही अबस्थामा नाबालिका नातिनी रुदै घरमा आइन् र सोही अबस्थामा मलाई रुदै आमा मेरो घाँउ दुखेको छ भन्दा के भएको हो भनी साध्दा मलाई अपरिचित ब्यक्तिले म स्कुलबाट आउँदै गरेको अबस्थामा जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स वडा नं. ७ भकारे स्थित बाटोमा आई पुग्दा जबरजस्ती समाती, बोल्न कराउन नदिई, मेरो आँखा छोपी मलाई मेरो मुख समेत थुनी मलाई लतारर्दै नजिकैको मकै बारीको बीचमा लगी मैले लगाएको पाईन्ट खोली, उसले लगाएको कपडा

खोली, मलाई रुन कराउन नदिइ जबरजस्ती करणी गरेको हो । मलाई धेरै गाह्रो भएको थियो । म रुन लागेको अबस्थामा कराईस भने तलाई मार्छु भनेको र जबरजस्ती करणी गरी भाग्न लाग्दा परिवर्तित नाम थर दाङ ५६ (१) (ख) भएको भनी देखी चिनेको हूँ भनी मेरी नातिनी परिवर्तित दाङ ५६(१) ले बताएपछि थाहा पाई यो जाहेरी दरखास्त लेखी लेखाएकी छु । यसरी नाबालिका नातिनीलायई डर त्रास धाक धम्की देखाई जबरजस्ती बोल्न कराउन नदिइ जोर जुलुम गरी मकै बारीमा लिई जबरजस्ती करणी गर्ने प्रतिबादी दाङ ५६ (१) (ख) लाई कानून बामेजिम कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको जाहेरी मुचुल्का ।

योनी झिल्ली च्यातिएको तथा योनी द्वारको देब्रे भागमा नील डाम तथा सुन्निएको, साथै छुँदा एकदम दुख्ने पाइएको छ भन्ने समेत ब्यहोराको पीडिता परिवर्तित नाम थर ५६(१) को स्वास्थ परीक्षण प्रतिवेदन ।

मिति २०७३/४/२७ गते म स्कुलबाट घर तर्फ फर्कने क्रममा जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स. वडा नं ७ भकारे भन्ने स्थानमा आइरहेको थिएँ । सोही समयमा परिवर्तित नाम थर दाङ ५६(१) पनि सोही स्थानमा आएकी रहीछन् । निजलाई भेटी फकाई फुल्याई मकै बारीमा लिई एक पटक जबरजसती गरेको हूँ । करणी गर्दा निजलाई बोल्न कराउन नदिई मुख थुनी गरेको हूँ । करणी गरीसकेपछि म आफनो घर तिर लागे र निज पीडिता पनि आफ्नो घर र्तफ लागेकी हुन् । पछि निज पीडितालाई आफ्नो घाउँको पीडा सहन नसकी आफ्नो आफन्तसँग भनी आफन्तहरुले प्रहरी कार्यालयमा उजुरी दिए पश्चात प्रहरी मेरो घरमा गई मलाई समाई ल्याएको हो भन्ने समेत ब्यहोराको परिवर्तित नाम थर दाङ ५६(१) (ख) ले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मिति २०७३/४/२७ गते बिहान ९:३० बजेको समयमा घरबाट जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स वडा नं ७ स्थित रहेको सरकारी स्कुलमा पढ्न गई दिन भरी स्कुलमा पढी दिउँसो १६:०० बजे तिर आफ्नो घर तर्फ फर्कने क्रममा जिल्ला दाङ लक्षीपुर गा.बि.स. वडा नं ७ स्थित मकैबारी पुग्दा एक्कासी अनुहार छोपेको मानिस आई मलाई समाई मुख थुनी, बोल्न कराउन समेत नदिई, मैले बोकेको किताबको झोला नजिकै रहेको मकैबारीमा फाली, लतार्दै नजिकै रहेको मकै बारीको बीचमा लगी मैले लगाएको पाईन्ट जबरजस्ती खोली, आफुले लगाएको पाईन्ट पनि खोली, भुईमा ढाली, कराईस् भने मारीदिन्छु भनी धम्काई, मुख समेत थुनी जबरजस्ती करणी गरेपछि कपडा लगाई लत्तार्दै घर नजिकै बाटोमा छोडी भाग्न खोज्दा हाल पक्राउ परेको परविर्तित नाम थर दाङ ५६ (१)(ख)को अनुहार देखी चिनेकी हूँ । यसरी स्कुलबाट घर फर्किने क्रममा एक्कासी आई जबरजस्ती समाई मकै बारीमा लिई बोल्न कराउन समेत नदिई, कराएमा मारीदिनेसम्मको धम्की

दिई, जबरजस्ती करणी गर्ने प्रतिवादी परिवर्तित नाम थर दाङ ५६ (१) (ख) लाई कानून बामेजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोरको पीडिता परिवर्तित नाम थर दाङ ५६ (१) को घटना विवरण कागज ।

वारदात मिति २०७३/३/२७ गतेका दिन प्रतिबादीले पीडिता स्कुलबाट घर तर्फ फर्कने क्रममा जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स. वडा नं. ७ स्थित मकैवारी नजिक एकान्त स्थानमा फेला पारी एक्कासी आई जबरजस्ती समाई मुख थुनी, जोरजुलम गरी, मकैबारीको बीचमा कोही कसैले नदेख्ने गरी लिई, भुईमा ढलाई, कराएमा मारी दिन्छु भन्ने समेतको धम्की दिई पीडिताले लगाएको कपडा खोल्न लगाई जबरजस्ती करणी गरी भागेको भन्ने कुरा पीडिताका आफन्तहरुबाट सुनी थाहा पाएको हूँ। यसरी नाबालिका परिवर्तित नाम थर दाङ ५६(१)लाई जबरजस्ती करणी गर्ने प्रतिवादी परिवर्तित नाम थर दाङ ५६(१)(ख)लाई कानून बमोजिम कारवाही होस् भन्ने ब्यहोराको करिब एकै मिलान हुने गरी लिला पुन, एकराज घिमिरे, कूल बहादुर पुन, रिखा घर्ती र अमर थापाले गरिदिएको कागज ।

पीडिता वर्ष 9 की परिवर्तित नाम दाङ 56(१)लाई कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ 56(१)(ख)ले जबरजस्ती करणी गरेकोले निज कानूनसँग द्वन्द्वमा परेका वालकको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसूर अपराध भएको देखिंदा निज कानूनसँग द्वन्द्वमा परेका वालकलाई सोही ऐनको दफा ३ को देहाय 1 नं. बमोजिम हुने सजायमा कानूनसँग द्वन्द्वमा परेका वालकको उमेर १4 वर्ष पुरा भएको नदेखिंदा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(2)मा उल्लेखित आधारबाट सजाय गरी जबर जस्ती करणी महलको १० र १० (ग) नं. बमोजिम क्षतिपूर्ति स्वरुप मनासिव रकम दिलाई भराई पाउँ भन्ने अभियोग मागदावी ।

वारदात मितिको दिन विहान अं. 9:00 बजेतिर म मेरो स्कुल श्री नि.मा.बि. सोनपुर गा.वि.स. वडा नं. ७ मा गई अध्ययन गरी पढी बेलुका अं. ४:०० बजेतिर घर फर्केको थिएँ। घरमा आई घरै बसी सुतेको थिएँ। उक्त दिन मेरो स्कुलका सर र साथीहरु वाहेक अन्यसँग भेटघाट भएको थिएन । वारदातको दिन पीडितासँग मेरो भेटघाट भएको होईन । पीडिताले मैले अध्ययन गर्ने स्कुलमा पढ्ने कुरा मैले पछि मात्र थाहा पाएको हूँ। जाहेरी ब्यहोराको सम्पूर्ण कुरा झुट्टा हो । मैले अभियोग मागदावी बमोजिमको कसूर गरेको छैन । मलाई अभियोग मागदावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने समेत ब्यहोराको प्रतिवादी परिवर्तित नाम दाङ 56(१)(ख)ले अदालत समक्ष गरेको बयान ।

तत्काल प्राप्त प्रमाणहरुबाट यी कानूनसँग द्वन्द्वमा परेका वालक अहिले नै कसूरदार होईनन् भनी भन्न सकिने अवस्था नदेखिंदा थुनछेकको प्रयोजनको लागि हाललाई यी कानूनसँग द्वन्द्वमा परेका वालक वर्ष १4 पुरा नभएको भन्ने श्री आधारभूत बिद्यालय, सुनपुरबाट प्राप्त जो जससँग सम्वन्ध छ भन्ने पत्रबाट देखिंदा निजलाई वालवालिका सम्वन्धी ऐन, 2048 को दफा 42 को उपदफा(१)(२) बमोजिम वाल सुधार गृह सराङकोट कास्कीमा पठाउनू । प्रतिवादी चुक्ता भैसकेको र प्रस्तुत मुद्दा निरन्तर सुनुवाइ हुने मुद्दा भएकोले वादी पक्षका साक्षी जाहेरवाला परिवर्तित नाम दाङ 56(१)(क), पीडिता परिवर्तित नाम दाङ 56(१), घटनाविवरण कागज गर्ने लिला पुन, एकराज घिमिरे, कूल बहादुर पुन, रिखा घर्ती र अमर थापालाई जिल्ला सरकारी वकील कार्यालय दाङ मार्फत यस अदालतमा उपस्थित गराउनू भनी जिल्ला प्रहरी कार्यालय दाङलाई लेखी पठाई, कानूनसँग द्वन्द्वमा परेका वालकका साक्षी निज मार्फत र पीडिताको स्वास्थ्य परीक्षण गर्ने डा. रमेश यादवलाई बकपत्रको लागि सोही मितिमा उपस्थित गराउनू भनी राप्ती उप(क्षेत्रीय अस्पतालमा लेखी पठाई साक्षी उपस्थित भए वकपत्रका लागि इजलाश समक्ष पेश गर्नू र वालसुधार गृह, कास्की जिल्लामा भएकोले साक्षी बकपत्र नभएसम्मको लागि यी कानूनसँग द्वन्द्वमा परेका वालकलाई जिल्ला प्रहरी कार्यालयमा बयस्क भन्दा छुट्टै राख्ने ब्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउनू भन्ने मिति 2073/5/12 गतेको आदेश ।

मिति 2073/4/32 मा दिएको जाहेरी ब्यहोरा ठीक साँचो हो । त्यसमा भएको सहीछाप मेरो हो । मिति 2073/4/27 गते मेरी नातिनी प्रस्तुत मुद्दाकी पीडिता स्कुलबाट घर तर्फ फर्कने क्रममा ३:०० बजे स्कुल बिदा भएपछि मलाई गोपालले वारीमा लगी मुख थुनी डर त्रास देखाई जबरजस्ती करणी गर्यो भनेर ५:०० बजेतिर घरमा आई मसँग नातिनीले भनेपछि थाहा पाएकी हूँ । त्यस दिन साँझ परी सकेको हुनाले भोलीपल्ट राप्ती उपक्षेत्रीय अस्पतालमा ल्याई पीडिता नातिनीको डाक्टरद्वारा चेक जाँच गराएका हौं । मेरी नातिनी वर्ष ९ कीलाई जबरजस्ती करणी गर्ने वर्ष १५ को प्रतिवादीलाई कानून बमोजिम सजाय समेत हुनु पर्छ भन्ने समेत ब्यहोराको जाहेरवाली परिवर्तित नाम दाङ ५६(१)(क)ले अदालत समक्ष गरेको बकपत्र ।

वारदात मितिमा म स्कुलबाट घर तर्फ फर्कने क्रममा प्रतिवादीले मलाई एउटा चुन्नीले आँखा र अर्को चुन्नीले खुट्टा वाँधी रुमालले हात वाँधी लतार्दै मकै वारीमा लगी मुख थुनी दिई कराएमा मार्ने धम्की दिई जबरजस्ती करणी गरेको हो । जबरजस्ती करणी गरीसके पश्चात निज प्रतिवादीले मेरो हात खुट्टा फुकाली भागी गएको हो । उक्त कुरा मैले मेरी वहिनीलाई भनेकी थिए । मेरो योनी साह्रै दुखेकाले मैले मेरो हजुरआमालाई पीडा वारे बताएकी हूँ । हजुरआमाले मलाई

गोग्लीको अस्पतालमा लगी जानु भएको हो । त्यहाँका डाक्टरले यो त जबरजस्ती करणी भएको हो भनी भनेपछि मलाई उपचार गर्न घोराहीको अस्पतालमा लिई आउनु भएको हो । त्यसपछि मात्र मैले हजुरआमालाई जबरजस्ती करणी भएको वारे बताएकी हूँ । मलाई जबरजस्ती करणी गर्ने प्रतिवादीलाई कानून बमोजिम सजाय हुनु पर्छ । मैले हालसम्म औषधि सेवन गर्दै आएकी छु । उक्त औषधिको रकम मेरी हजुरआमाले नै तिर्नु भएको छ भन्ने समेत ब्यहोराको पीडिता परिवर्तित नाम दाङ 56(१)ले अदालत समक्ष गरेको बकपत्र ।

मिति 2073/4/30 को स्वास्थ्य परीक्षण म आफैले नै गरेको हो । उक्त स्वास्थ्य परीक्षण गर्दा मैले पीडिताको योनी भिल्ली च्यातिएको तथा योनीको द्वारको देब्रे भागमा नीलडाम र सुन्निएको साथै एकदमै दुख्ने पाईएको थियो । पीडिता घटना घटेको ६ दिन पश्चात आएको हुनाले निज पीडिताको Veginal swab परीक्षणको लागि पठाउँदा Report मा केही देखिएको थिएन । साथै परीक्षण गर्न आउँदा पीडिताले घटनाको समयमा लगाएको लुगा नलगाई अर्कै लुगा लगाएकोले कपडामा कुनै किसिमको दाग धब्बाहरु पाईएको थिएन । पीडिताको योनी भिल्ली च्यातिनु, योनी द्वारको देब्रे भागमा नीलडाम र सुन्निएको तथा छुदा एकदमै दुख्ने कुराको पछाडि कोही कसैले योनीमा जबरजस्ती लिङ्ग पसाउन खोज्दा वा समान चिजको नरम बस्तु समेत योनीमा बल पूर्वक छिराउन खोज्दा हुन सक्छ भन्ने समेत ब्यहोराको पीडिताको स्वास्थ्य परीक्षण गर्ने डा. रमेश यादवले अदालत समक्ष गरेको बकपत्र ।

मिति 2073/4/30 गते जाहेरवालाले फोन गरेर महेन्द्र हस्पिटलमा बोलाएपछि म त्यहाँ जाँदा जाहेरवाला यी पीडिताका हजुर आमाले मलाई मिति 2073/4/27 गते मेरी नातिनी स्कुलबाट घर फर्कने क्रममा परिवर्तित नाम 56(१) (ख) ले बाटोमा जबरजस्ती समाती मकै वारीमा लगी निजको कपडा फुकाली जबरजस्ती करणी गरेको हुँदा नातिनी परिवर्तित नाम 56(१) लाई उपचार गर्न अस्पताल ल्याएर आएका छौ भनेपछि मात्र मैले वारदातको बारेमा थाहा जानकारी पाएको हूँ भन्ने समेत ब्यहोराको घटनाविवरण कागज गर्ने रेखा घर्तीले अदालत समक्ष गरेको बकपत्र ।

घटनाको वारेमा घटना घटेको २/4 दिनपछि मात्र मेरी आमा प्रस्तुत मुद्दाकी जाहेरवाली परिवर्तित नाम दाङ ५६(१) (क)ले भनेपछि मात्र थाहा पाएको हूँ। मैले थाहा पाए अनुसार प्रस्तुत मुद्दाका प्रतिवादी परिवर्तित नाम दाङ ५६(१) (ख)ले मेरो भदै पीडिता परिवर्तित नाम दाङ ५६(१) लाई जबरजस्ती करणी गरेका थिए। म घटनाको समयमा नभएको हुनाले मलाई घटना घटेको समय र घटनाको वारेमा विस्तृत जानकारी भएन । मैले सुनी थाहा पाएको हूँ। प्रस्तुत मुद्दाकी पीडितालाई न्याय दिई प्रतिवादी परिवर्तित नाम दाङ ५६(१)(ख) लाई सजाय होस् भन्ने समेत

ब्यहोराको घटनाविवरण कागज गर्ने लिला पुनले अदालत समक्ष गरेको बकपत्र ।

पीडिताको भनाई अनुसार मिति 2073/4/27 गते स्कुलबाट घर फर्कने क्रममा बाटोमा गोपाल भन्ने केटाले बोल्न कराउन नदिई वारीमा लगी जबरजस्ती करणी गर्यो भनेर पीडिताको आफ्नो हजुरआमा यी जाहेरवालीलाई भनेपछि हामीहरुले थाहा पाएका हौँ र निज पीडितालाई भोलिपल्ट गोग्लीमा जाँच गर्न लगिएकोमा गोग्लीबाट राप्त उपक्षेत्रीय अस्पताल घोराहीमा लैजानुहोस् भनेपछि राप्ती उपक्षेत्रीय अस्पतालमा चेक जाँच गराई जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिन आएका हौँ । पीडिताको चेक जाँच गराउन म पनि घोराहीमा आएको थिएँ । पीडिताको भनाई अनुसार निजलाई करणी गर्ने यी प्रतिवादी हुन् । मैले आफ्नो आँखाले नदेखेको हुँदा यी प्रतिवादी नै हुन् भनी एकिनका साथ भन्न सक्दिन । अनुसन्धान गरी पीडितालाई जबरजस्ती करणी गर्ने ब्यक्तिलाई सजाय हुनु पर्छ भन्ने समेत ब्यहोराको घटनास्थल प्रकृति मुचुल्कामा बस्ने कूल बहादुर पुनले अदालत समक्ष गरेको बकपत्र ।

मिति 2073/4/27 गतेका दिन विहान खाना खाई निज प्रतिवादी सुनपुर स्कुलमा पढ्न भनी गएका थिए । निज बेलुका घरमा आएका थिए । यस्तैमा ऐ. ३०/31 गतेतिर प्रहरी आई निज पढ्ने स्कुलबाट पक्राउ गरी लगेपछि मात्र मलाई थाहा भएको हो । निज प्रतिवादी नावालक हुन् र निजले आरोपित कसूर गरेका होईनन् । के कसरी निज माथि जाहेरी पर्यो मलाई थाहा भएन । शंकाको भरमा मुद्दा दिएको हुनु पर्छ भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी दिल बहादुर घर्तीले अदालत समक्ष गरेको बकपत्र ।

प्रस्तुत मुद्दाका प्रतिवादी दाङ 56(१) (ख) कक्षा ७ मा अध्ययनरत, पढाईमा राम्रो भएको र दलित परिवारको आर्थिक स्थिति निम्न भएका ब्यक्ति हुन् । दाङ 56(१)(ख) वालबिज्याईमा परेका ब्यक्तिको उमेर, वानी ब्यहोरा र शारीरिक स्थिति र पीडिता ब्यक्तिको स्वास्थ्य परिक्षणको प्रतिवेदन मध्यनजर गर्दा निज वाल बिज्याईमा परेको दाङ ५६(१)(ख) ले नै प्रस्तुत जबरजस्ती करणी भएको बिज्याई गरेको हो भन्ने बिषय शंका रहित तवरले पुष्टि हुन नसकेको देखिंएको हुँदा शंकाको सुविधा निज दाङ ५६(१) (ख) ले पाउनु पर्ने देखिनुको साथै निजको सर्वोत्तम हितको लागि हाललाई सजाय स्थगन गरी पाउनको लागि प्रस्तुत प्रतिवेदन पेश गरेको छु भन्ने समाजसेवी श्री गोमा महरा र वाल मनोबिज्ञ श्री माधव प्रसाद गौतमको मिति 2073/5/15 गतेको संयुक्त प्रतिवेदन ।

<u>**अदालतको ठहर**</u>

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. समेतले यसै अदालतको अधिकार क्षेत्र भित्रको भै वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्ति प्रसाद शर्माले यी कानूनसँग द्वन्द्वमा परेका बालक अदालत समक्ष कसूरमा ईन्कारी भएता पनि अनुसन्धान अधिकारी समक्ष कसूरमा सावित रहेका र पीडिताको स्वास्थ्य परीक्षणबाट योनी झिल्ली च्यातिएको तथा योनी द्वारको देब्रे भागमा नील डाम तथा सुन्निएको, साथै छुँदा एकदम दुख्ने पाईएको भनी उल्लेख भएको र पीडिताको स्वास्थ्य परीक्षण गर्ने डा.ले गरिदिएको बकपत्र तथा जाहेरवाली तथा घटनाविवरण कागज गर्ने ब्यक्तिहरुले गरिदिएको बकपत्र समेतका आधारमा पीडितालाई यी कानूनसँग द्वन्द्वमा परेका वालकले जबरजस्ती करणी गरेको देखिंदा अभियोग मागदावी बमोजिम सजाय हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

कानूसँग द्वन्द्वमा परेका वालकको तर्फबाट उपस्थित हुनु भएका विद्वान वैतनिक अधिवक्ता श्री धनिराम चौधरीले यी कानूनसँग द्वन्द्वमा परेका वालक १४ वर्ष भन्दा मुनिको देखिएको अवस्थामा निजको वालबिज्याईको कारणले पीडिताको कन्याजाली च्यातिन नपर्ने, परिपक्व उमेर नभएको वालकले कसूर गरेको छैन पीडितालाई वल्ल आज पहिलो पटक अदालतमा देखे भनी भनेको अवस्था हुँदा र पीडिताको कागज ब्यहोरा र बकपत्र ब्यहोरामा घटना बारे फरक ढंगले ब्यहोरा लेखाएको देखिंदा यी कानूनसँग द्वन्द्वमा परेका वालकले प्रस्तुत वालबिज्याई गरेको नभै अन्य ब्यक्तिले गरेको हुनु पर्छ । प्रस्तुत वालबिज्याईबाट यी कानूनसँगद्वन्द्वमा परेका वालकले सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

प्रस्तुत मुद्दामा निर्णय तर्फ बिचार गर्दा, कानूनसँग द्वन्द्वमा परेका यी वालकले आरोपित वालबिज्याँई गरेका हुन् होईनन्? हुन् भने निजलाई के कति सजाय हुने हो? र पीडिताले के कति रकम क्षतिपूर्ति पाउने हुन्? भन्ने सम्वन्धमा निर्णय गर्नु पर्ने देखिंन आयो ।

अभियोग मागदावी हेर्दा, पीडिता वर्ष 9 की परिवर्तित नाम दाङ 56(१)लाई कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ 56(१)(ख)ले जबरजस्ती करणी गरेकोले निज कानूनसँग द्वन्द्वमा परेका वालकको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसूर अपराध भएको देखिंदा निज कानूनसँग द्वन्द्वमा परेका वालकलाई सोही ऐनको दफा ३ को देहाय 1 नं. बमोजिम हुने सजायमा कानूनसँग द्वन्द्वमा परेका वालकको उमेर १4 वर्ष पुरा भएको नदेखिंदा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(2)मा उल्लेखित आधारबाट सजाय गरी जबरजस्ती करणी महलको १० र १० (ग) नं. बमोजिम क्षतिपूर्ति स्वरुप मनासिव रकम दिलाई

भराई पाउँ भन्ने ब्यहोरा उल्लेख भएको पाईन्छ ।

जाहेरवालाले जाहेरी दिँदा, म जाहेरवालाको नातिनी परिवर्तित नाम थर दाङ ५६(१)लाई मिति २०७३र४र२७ गते बिहानको खाना खुवाई अं. ९:३० बजेको समयमा जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स. वडा नं.७ सुनपुरीमा रहेको सरकारी स्कुलमा कक्षा २ मा अध्ययन गर्ने भएकोले सोही स्कुलमा पढ्न पठाएकोमा दिनहूँ जसो दिउँसोको १४:०० बजे घर आउने गर्थिन । सोही दिन १७:०० बजेसम्म पनि घरमा नआएपछि मैले अरु दिनहरूमा पनि बाल बच्चाहरू खेल्दै आएका होलान् भनी त्यती ख्याल गरिन । सोही अबस्थामा नाबालिका नातिनी रूदै घरमा आइन् र सोही अबस्थामा मलाई रूदै आमा मेरो घाँउ दुखेको छ भन्दा के भएको हो भनी सोध्दा मलाई अपरिचित ब्यक्तिले म स्कुलबाट आउँदै गरेको अबस्थामा जिल्ला दाङ लक्ष्मीपुर गा.वि.स. वडा नं. ७ भकारे स्थित बाटोमा आई पुग्दा जबरजस्ती समाती, बोल्न कराउन नदिई, मेरो आँखा छोपी, मलाई मेरो मुख समेत थुनी मलाई लतारर्दै नजिकैको मकै बारीको बीचमा लगी मैले लगाएको पाईन्ट खोली, उसले लगाएको कपडा खोली, मलाई रून कराउन नदिइ जबरजस्ती करणी गरेको हो । मलाई धेरै गाह्रो भएको थियो । म रून लागेको अबस्थामा कराईस् भने तलाई मार्छु भनेको र जबरजस्ती करणी गरी भाग्न लाग्दा परिवर्तित नाम थर दाङ ५६(१) (ख) भएको भनी देखी चिनेको हुँ भनी मेरी नातिनी परिवर्तित दाङ ५६(१) ले बताएपछि थाहा पाई यो जाहेरी दरखास्त लेखी लेखाएकी छु । यसरी नाबालिका नातिनीलाई डर त्रास धाक धम्की देखाई जबरजस्ती बोल्न कराउन नदिइ जोर जुलुम गरी मकै बारीमा लिई जबरजस्ती करणी गर्ने प्रतिबादी दाङ ५६(१)(ख)लाई कानून बमोजिम कारवाही गरी पाँउ भन्ने ब्यहोरा उल्लेख गरेको देखिन्छ।

घटनास्थल मुचुल्का हेर्दा, जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स. वडा नं. ७ स्थित पूर्बमा नेत्र बहादुर महराको मकै बारी, पश्चिममा भुबन महराको खाली जग्गा, उत्तर र दक्षिणमा नेत्र बहादुर महराको मकै बारी यति चार किल्ला भित्र पर्ने नेत्र बहादुर महराको मकै बारी भित्र परिवर्तित नाम थर दाङ (५६)(१)लाई ऐ.ऐ. वडा नं. ९ बस्ने परिवर्तित नाम थर दाङ ५६ (१)(ख)ले जबरजस्ती समाई लिई जबरजस्ती करणी गरेको भनिएको स्थानमा मकैका बोटहरू र घाँसहरू मडारिएको अबस्थामा रहेको, जमिनमा रहेको माटो घस्रिएको भन्ने ब्यहोरा उल्लेख भएको पाईन्छ ।

कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम थर दाङ ५६(१) (ख) ले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, मिति २०७३/४/२७ गते म स्कुलबाट घर तर्फ फर्कने क्रममा जिल्ला दाङ लक्ष्मीपुर गा.बि.स. वडा नं.७ भकारे भन्ने स्थानमा आइरहेको थिएँ । सोही समयमा परिवर्तित नाम थर दाङ ५६(१) पनि सोही स्थानमा आएकी रहीछन । निजलाई भेटी फकाई फुल्याई मकै

बारीमा लिई एक पटक जबरजस्ती गरेको हूँ । करणी गर्दा निजलाई बोल्न कराउन नदिई मुख थुनी गरेको हूँ । करणी गरीसकेपछि म आफ्नो घर तिर लागे र निज पीडिता पनि आफ्नो घर तर्फ लागेकी हुन् । पछि निज पीडितालाई आफ्नो घाउँको पीडा सहन नसकी आफ्नो आफन्तसँग भनी आफन्तहरुले प्रहरी कार्यालयमा उजुरी दिएपश्चात प्रहरी मेरो घरमा गई मलाई समाई ल्याएको हो भनी बालबिज्याई गरेकोमा साविती ब्यहोरा लेखाएको देखिन्छ ।

कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ 56(१)(ख)ले अदालत समक्ष बयान गर्दा, वारदात मितिको दिन विहान अं. 9:०० बजेतिर म मेरो स्कुल श्री नि.मा.बि. सोनपुर गा.वि.स. वडा नं. ७ मा गई अध्ययन गरी पढी बेलुका अं. ४:०० बजेतिर घर फर्केको थिएँ । घरमा आई घरै बसी सुतेको थिएँ । उक्त दिन मेरो स्कुलका सर र साथीहरु वाहेक अन्यसँग भेटघाट भएको थिएन । वारदातको दिन पीडितासँग मेरो भेटघाट भएको होईन । पीडिताले मैले अध्ययन गर्ने स्कुलमा पढ्ने कुरा मैले पछि मात्र थाहा पाएको हूँ । जाहेरी ब्यहोराको सम्पूर्ण कुरा झुट्टा हो । मैले अभियोग मागदावी बमोजिमको कसूर गरेको छैन । मलाई अभियोग मागदावी बमोजिम सजाय हुनु पर्ने होईन भनी वाल बिज्याईमा ईन्कारी ब्यहोरा लेखाएको पाईन्छ ।

जाहेरवाली परिवर्तित नाम दाङ ५६(१)(क)ले अदालत समक्ष बकपत्र गर्दा, मिति 2073/4/32 मा दिएको जाहेरी ब्यहोरा ठीक साँचो हो । त्यसमा भएको सहीछाप मेरो हो । मिति 2073/4/27 गते मेरी नातिनी प्रस्तुत मुद्दाकी पीडिता स्कुलबाट घर तर्फ फर्कने क्रममा ३:०० बजे स्कुल बिदा भएपछि मलाई गोपालले वारीमा लगी मुख थुनी डर त्रास देखाई जबरजस्ती करणी गर्यो भनेर ५:०० बजेतिर घरमा आई मसँग नातिनीले भनेपछि थाहा पाएकी हूँ । त्यस दिन साँझ परी सकेको हुनाले भोलीपल्ट राप्ती उपक्षेत्रीय अस्पतालमा ल्याई पीडिता नातिनीको डाक्टरद्वारा चेक जाँच गराएका हौँ । मेरी नातिनी वर्ष ९ कीलाई जबरजस्ती करणी गर्ने वर्ष १५ को कानूनसँग द्वन्द्वमा परेका वालकलाई कानून बमोजिम सजाय समेत हुनु पर्छ भनी जाहेरी ब्यहोरा पुष्टि हुने गरी ब्यहोरा लेखाएको देखिन्छ ।

पीडिता परिवर्तित नाम दाङ 56(१)ले अदालत समक्ष बकपत्र गर्दा, वारदात मितिमा म स्कुलबाट घर तर्फ फर्कने क्रममा कानूनसँग द्वन्द्वमा परेका वालकले मलाई एउटा चुन्नीले आँखा र अर्को चुन्नीले खुट्टा वाँधी रुमालले हात वाँधी लतार्दै मकै वारीमा लगी मुख थुनी दिई कराएमा मार्ने धम्की दिई जबरजस्ती करणी गरेको हो । जबरजस्ती करणी गरिसके पश्चात निज कानूनसँग द्वन्द्वमा परेका वालकले मेरो हात खुट्टा फुकाली भागी गएको हो । उक्त कुरा मैले मेरी वहिनीलाई भनेकी थिए । मेरो योनी साह्रै दुखेकाले मैले मेरो हजुरआमालाई पीडा वारे बताएकी हूँ । हजुरआमाले

मलाई गोग्लीको अस्पतालमा लगी जानु भएको हो । त्यहाँका डाक्टरले यो त जबरजस्ती करणी भएको हो भनी भनेपछि मलाई उपचार गर्न घोराहीको अस्पतालमा लिई आउनु भएको हो । त्यसपछि मात्र मैले हजुरआमालाई जबरजस्ती करणी भएको वारे बताएकी हूँ । मलाई जबरजस्ती करणी गर्ने कानूनसँग द्वन्द्वमा परेका वालकलाई कानून बमोजिम सजाय हुनु पर्छ । मैले हालसम्म औषधि सेवन गर्दै आएकी छु । उक्त औषधिको रकम मेरी हजुरआमाले नै तिर्नु भएको छ भनी मौकाको कागज पुष्टि हुने गरी ब्यहोरा लेखाएको पाईन्छ ।

स्वास्थ्य परीक्षण गर्ने डा. रमेश यादवले अदालत समक्ष बकपत्र गर्दा, मिति 2073/4/30 को स्वास्थ्य परीक्षण म आफैले नै गरेको हो । उक्त स्वास्थ्य परीक्षण गर्दा मैले पीडिताको योनी झिल्ली च्यातिएको तथा योनीको द्वारको देब्रे भागमा नीलडाम र सुन्निएको साथै एकदमै दुख्ने पाईएको थियो । पीडिता घटना घटेको ६ दिन पश्चात आएको हुनाले निज पीडिताको Veginal swab परीक्षणको लागि पठाउँदा Report मा केही देखिएको थिएन । साथै परीक्षण गर्न आउँदा पीडिताले घटनाको समयमा लगाएको लुगा नलगाई अर्कै लुगा लगाएकोले कपडामा कुनै किसिमको दाग धब्बाहरु पाईएको थिएन । पीडिताको योनी झिल्ली च्यातिनु, योनी द्वारको देब्रे भागमा नीलडाम र सुन्निएको तथा छुदा एकदमै दुख्ने कुराको पछाडि कोही कसैले योनीमा जबर जस्ती लिङ्ग पसाउन खोज्दा वा समान चिजको नरम बस्तु समेत योनीमा बल पूर्वक छिराउन खोज्दा हुन सक्छ भनी पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन पुष्टि हुने गरी ब्यहोरा लेखाएको देखिन्छ ।

घटनाविवरण कागज गर्ने रेखा घर्तीले अदालत समक्ष बकपत्र गर्दा, मिति 2073/4/30 गते जाहेरवालीले फोन गरेर महेन्द्र हस्पिटलमा बोलाएपछि म त्यहाँ जाँदा जाहेरवाला यी पीडिताका हजुर आमाले मलाई मिति 2073/4/27 गते मेरी नातिनी स्कुलबाट घर फर्कने क्रममा परिवर्तित नाम 56(१) (ख) ले बाटोमा जबरजस्ती समाती मकै वारीमा लगी निजको कपडा फुकाली जबरजस्ती करणी गरेको हुँदा नातिनी परिवर्तित नाम 56(१) लाई उपचार गर्न अस्पताल ल्याएर आएका छौ भनेपछि मात्र मैले वारदातको बारेमा थाहा जानकारी पाएको हूँ भनी मौकाको कागज पुष्टि हुने गरी ब्यहोरा लेखाएको पाईन्छ ।

घटनाविवरण कागज गर्ने लिला पुनले अदालत समक्ष बकपत्र गर्दा, घटनाको वारेमा घटना घटेको २/4 दिनपछि मात्र मेरी आमा प्रस्तुत मुद्दाकी जाहेरवाली परिवर्तित नाम दाङ ५६(१) (क)ले भनेपछि मात्र थाहा पाएको हूँ । मैले थाहा पाए अनुसार प्रस्तुत मुद्दाका कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ ५६(१) (ख)ले मेरो भदै पीडिता परिवर्तित नाम दाङ ५६(१) लाई जबरजस्ती करणी गरेका थिए । म घटनाको समयमा नभएको हुनाले मलाई घटना घटेको समय र

घटनाको वारेमा विस्तृत जानकारी भएन । मैले सुनी थाहा पाएको हूँ । प्रस्तुत मुद्दाकी पीडितालाई न्याय दिई कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ ५६(१)(ख) लाई सजाय होस् भनी मौकाको कागज पुष्टि हुने गरी ब्यहोरा लेखाएको देखिन्छ ।

घटनास्थल प्रकृति मुचुल्कामा बस्ने कूल बहादुर पुनले अदालत समक्ष बकपत्र गर्दा, पीडिताको भनाई अनुसार मिति 2073/4/27 गते स्कुलबाट घर फर्कने क्रममा बाटोमा गोपाल भन्ने केटाले बोल्न कराउन नदिई वारीमा लगी जबरजस्ती करणी गर्यो भनेर पीडिताको आफ्नो हजुरआमा यी जाहेरवालीलाई भनेपछि हामीहरुले थाहा पाएका हौं र निज पीडितालाई भोलिपल्ट गोग्लीमा जाँच गर्न लगिएकोमा गोग्लीबाट राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा लैजानुहोस् भनेपछि राप्ती उपक्षेत्रीय अस्पतालमा चेक जाँच गराई जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिन आएका हौं । पीडिताको चेक जाँच गराउन म पनि घोराहीमा आएको थिएँ । पीडिताको भनाई अनुसार निजलाई करणी गर्ने यी कानूनसँग द्वन्द्वमा परेका वालक हुन् । मैले आफ्नो आँखाले नदेखेको हुँदा यी कानूनसँग द्वन्द्वमा परेका वालक नै हुन् भनी एकिनका साथ भन्न सक्दिन । अनुसन्धान गरी पीडितालाई जबरजस्ती करणी गर्ने ब्यक्तिलाई सजाय हुनु पर्छ भनी घटनास्थल प्रकृति मुचुल्का पुष्टि हुने गरी ब्यहोरा लेखाएको पाईन्छ।

कानूनसँग द्वन्द्वमा परेका वालकका साक्षी दिल बहादुर घर्तीले अदालत समक्ष बकपत्र गर्दा, मिति 2073/4/27 गतेका दिन विहान खाना खाई निज कानूनसँग द्वन्द्वमा परेका वालक सुनपुर स्कुलमा पढ्न भनी गएका थिए । निज बेलुका घरमा आएका थिए । यस्तैमा ऐ. ३०/31 गतेतिर प्रहरी आई निज पढ्ने स्कुलबाट पक्राउ गरी लगेपछि मात्र मलाई थाहा भएको हो । निज कानूनसँग द्वन्द्वमा परेका वालक नावालक हुन् र निजले आरोपित कसूर गरेका होईनन् । के कसरी निज माथि जाहेरी पर्यो मलाई थाहा भएन । शंकाको भरमा मुद्दा दिएको हुनु पर्छ भनी कानूनसँग द्वन्द्वमा परेका वालकको अदालत समक्षको ईन्कारी बयान पुष्टि हुने गरी ब्यहोरा लेखाएको देखिन्छ ।

समाजसेवी श्री गोमा महरा र वाल मनोबिज्ञ श्री माधव प्रसाद गौतमले प्रतिवेदन पेश गर्दा, प्रस्तुत मुद्दाका कानूनसँग द्वन्द्वमा परेका वालक दाङ 56(१) (ख) कक्षा ७ मा अध्ययनरत, पढाईमा राम्रो भएको र दलित परिवारको आर्थिक स्थिति निम्न भएका ब्यक्ति हुन् । दाङ 56(१)(ख) वालबिज्याईमा परेका ब्यक्तिको उमेर, वानी ब्यहोरा र शारीरिक स्थिति र पीडिता ब्यक्तिको स्वास्थ्य परिक्षणको प्रतिवेदन मध्यनजर गर्दा निज वाल बिज्याईमा परेको दाङ ५६(१)(ख) ले नै प्रस्तुत जबरजस्ती करणी भएको बिज्याई गरेको हो भन्ने बिषय शंका रहित तवरले पुष्टि हुन नसकेको देखिंएको हुँदा शंकाको सुविधा निज दाङ ५६(१) (ख) ले पाउनु पर्ने देखिनुको साथै निजको

सर्वोत्तम हितको लागि हाललाई सजाय स्थगन गरी पाउँ भनी ब्यहोरा उल्लेख गरेको पाईन्छ ।

प्रस्तुत मुद्दामा माथि विवेचित तथ्य अनुसार कानूनसँग द्वन्द्वमा परेका वालकले अदालत समक्ष बयान गर्दा, कसूरमा ईन्कारी भएता पनि अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, कसूरमा सावित रही बयान गरेको, पीडिताको स्वास्थ्य परीक्षण गर्दा योनी झिल्ली च्यातिएको, योनीद्वारको देब्रे भागमा नीलडाम र सुन्निएको साथै छुदा एकदमै दुख्ने पाईएको भनी प्रतिवेदन प्राप्त भएको र डा.ले अदालतमा आई सोही प्रतिवेदन पुष्टि हुने गरी बकपत्र गरेका, पीडिताले अदालतमा आई बकपत्र गर्दा यी कानूनसँग द्वन्द्वमा परेका वालकलाई किटान गरी लेखाई दिएको घटना ब्यहोरा, जाहेरवाला तथा घटनाविवरण कागज गर्ने ब्यक्तिहरुले गरिदिएको बकपत्र समेतका आधारमा यी कानूनसँग द्वन्द्वमा परेका वालकले पीडितालाई वारदातको दिन मकै वारीमा लगी जबरजस्ती करणी सम्वन्धी वालविज्याँई गरेको देखिंन आयो । निजको सो कार्य जबरजस्ती करणीको १ नं. विपरीत ३(2) नं. अनुसारको वाल बिज्याँई गरेको देखिंन आयो ।

जवरजस्ती करणी अपराधलाई महिला उपर हुने शारीरिक आक्रमणको रुपमा मात्र नहेरी महिलाको सम्मान पूर्वक बाँच्न पाउने अधिकारसँग समेत जोडिएको हुन्छ। अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजले पनि जवरजस्ती करणी सम्बन्धी अपराध महिला उपरको निन्दनीय आक्रमण हो भन्ने कुरालाई स्वीकार गरेका छन् । जस्तैः महिला उपर हुने सबै खाले भेदभाव विरुद्धको महासन्धि (Convention on Elimination of all Forms of Discrimination Against Women (CEDAW) 1979 को धारा १, २ र ४ तथा महिला हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणा पत्र (Declaration on Elimination Voilence Against Women) को धारा १, २ र ३ मा उल्लेखित प्रावधानहरुबाट महिलाको अधिकारको प्रत्याभूती गरिएको पाईन्छ ।

अब सजाय तर्फ बिचार गर्दा पीडिताको जन्म मिति 2062/7/10 भएको लक्ष्मीपुर गा.वि.स.को कार्यालयको जन्म दर्ता प्रमाण पत्रबाट देखिंदा वारदात हुँदा निजको उमेर ११ वर्ष भएको तथा कानूनसँग द्वन्द्वमा परेका वालकको जन्म मिति 2060/7/22 भएको भनी आधारभूत विद्यालय, सुनपुरबाट उमेर प्रमाणित भै आएको देखिंदा कानूनसँग द्वन्द्वमा परेका वालकको उमेर पनि १४ वर्ष भन्दा कम भएको देखिंदा निजलाई वालवालिका सम्वन्धी ऐन, 2048 को दफा 11(२) बमोजिम सजायको माग गरेको देखिन्छ । वालवालिका सम्वन्धी ऐन, 2048 को दफा 11(२) बमोजिम यी कानूनसँग द्वन्द्वमा परेका वालकलाई ६ महिनासम्म कैद हुने देखिन्छ । यी कानूनसँग द्वन्द्वमा परेका वालक कक्षा ७ मा पढ्दै गरेको अवस्था र निजले पहिलो पटक कसूर गरेको तथा निजको शारीरिक अवस्था, उमेर तथा वालमनोबिज्ञ र समाजसेवीले पेश गरेको प्रतिवेदन समेतलाई

मध्यनजर गर्दा निजलाई कसूरको मात्रा अनुसार ३ महिना मात्र कैद गर्दा पनि न्यायको मकसद पुरा हुने देखिंदा ३ महिना कैद हुने ठहर्छ ।

कानूनसँग द्वन्द्वमा परेका वालक ७ कक्षामा पढ्दै गरेको तथा निजको पहिला पिसाव सम्वन्धी गडवडीका कारण अप्रेशन गरेको तथा प्रस्तुत कसूर पहिलो चोटी गरेको, निजको उमेर, शारीरिक अवस्था तथा आज वालमनोबिज्ञ र समाजसेवीले दिएको प्रतिवेदन समेतलाई बिचार गर्दा वालसुधार गृह पोखरामा राख्न समेत उपर्युक्त नदेखी वालकको सर्वोत्तम हितलाई मध्यनजर गर्दा वाँकी कैद सजाय वावु आमाको संरक्षणमा रही ब्यतित गर्ने गरी फैसला गरी दिएको छ । कानूनसँग द्वन्द्वमा परेका वालकका वावु वा आमाको कागज गराई ३ महिनासम्म आफ्नो संरक्षकमा राखी प्रत्येक महिनाको अन्तिम शुक्रबार ३ महिनासम्म नियमित रुपमा अदालतको तहसिल शाखामा उपस्थित गराई निजको ब्यवहार तथा क्रियाकलाप वारे कागज गरी गराई राख्नू भनी तहसिल शाखामा लेखी पठाउनू ।

पीडितालाई कानूनसँग द्वन्द्वमा परेका वालकहरुबाट जबरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्ति समेत भराई पाउँ भनी अभियोग मागदावी भएको पाईन्छ । कानूनसँग द्वन्द्वमा परेका वालकको तर्फबाट उपस्थित वैतनिक कानून ब्यवसायीले कानूनसँग द्वन्द्वमा परेका वालक १5 वर्ष मुनीका नावालक हुँदा निजले आय आर्जन गर्न नसक्ने अवस्थामा निजबाट क्षतिपूर्ति भराई दिन मिल्ने होईन भनी जिकिर लिएको सन्दर्भमा सर्वोच्च अदालतले वादी नेपाल सरकार कानूनसँग द्वन्द्वमा परेका वालक दलकुमार यादव (ने.का.प.2067 अंक ११ नि. नं.8494 पृ.१८02) भएको जबरजस्ती करणी मुद्दामा “वालवालिका सम्वन्धी ऐनको ब्यवस्थाले नावालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने वालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी ब्यवस्थाको संकुचित अर्थ गर्दा वालवालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने“ भनी सिद्धान्त प्रतिपादन भएको देखिंदा कानूनसँग द्वन्द्वमा परेका वालक नावालक हुँदैमा क्षतिपूर्ति तिर्नु पर्ने दायित्वबाट उन्मुक्ति पाउने अवस्था देखिंन आएन ।

क्षतिपूर्तिको हकमा विचार गर्दों अपराधको कारणबाट पीडितालाई हुन गएको शारीरिक, मनोवैज्ञानिक एवं अन्य किसिमको हानी नोक्सानीको लागि पीडक स्वयंको तर्फबाट क्षतिपूर्ति दिलाउनुको तात्पर्य पीडकको तर्फबाट पुग्न गएको दुःखें पीडों क्षतिलाई महशुस गर्नु हो । पीडितालाई अदालतबाट क्षतिपूर्ति उपलब्ध गराउने आदेश दिनु भनेको पीडिता प्रति राज्यको सरोकारको अभिव्यक्ति हो । पीडिताको पीडाको महशुस गरी सरोकार व्यक्त गर्दा पीडिताको पीडा

कम हुन सक्छ र यसबाट न्याय प्रणाली प्रति पीडिताको विश्वासको अभिवृद्धि हुन्छ।

यी कानूनसँग द्वन्द्वमा परेका वालक स्वयं नावालक भै निजको आयश्रोत नभएको तथा पारिवारिक आर्थिक अवस्था पनि सवल नदेखिए ता पनि यी पीडितालाई पर्न गएको शारीरिक, सामाजिक क्षतिलाई कम गर्न तथा वाल बिज्याई प्रति पश्चाताप गराउन यी कानूनसँग द्वन्द्वमा परेका वालकबाट पीडिताले मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. बमोजिम क्षितपूर्ती स्वरुप रु.10,000/-(दश हजार) भराई लिन पाउने ठहर्छ । अरुमा तपसिल वमोजिम गर्ने गरी अदालती बन्दोबस्तको १८६ नं. वमोजिम यो फैसला गरिदिएको छ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए वमोजिम कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ ५६(ख) लाई ३ महिना कैद हुने ठहरी फैसला भएकोमा निज कानूनसँग द्वन्द्वमा परेका वालक मिति 2073/4/31 गतेदेखि आज फैसला मिति 2073/5/15 गतेसम्म प्रहरी हिरासतमा रही जम्मा दिन 16 दिन हिरासतमा काटी सकेको देखिंदा अब वाँकी कैद सजायका सम्वन्धमा निजको शारीरिक अवस्था, उमेर, वालमनोबैज्ञानिक तथा समाजसेवीले दिएको प्रतिवेदन समेतलाई मध्यनजर गर्दा वावु आमाको संरक्षणमा रही वाँकी कैद सजाय ब्यतित गर्ने गरी यी कानूनसँग द्वन्द्वमा परेका वालकका वावु वा आमाको कागज गराई ३ महिनासम्म आफ्नो संरक्षणमा राखी प्रत्येक महिनाको अन्तिम शुक्रबार ३ महिनासम्म नियमित रुपमा अदालतको तहसिल शाखामा उपस्थित गराई निजको ब्यवहार तथा क्रियाकलापको बारे कागज गरी गराई राख्नू भनी तहसिल शाखामा लेखी पठाउनू.............................................................................१

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम पीडिता परिवर्तित नाम दाङ ५६(१)ले कानूनसँग द्वन्द्वमा परेका वालक परिवर्तित नाम दाङ ५६(१)(ख) बाट क्षतिपूर्ति वापतको रकम रु.10,000/-(दश हजार) भराई पाउने ठहरी फैसला भएकोले निज कानूनसँग द्वन्द्वमा परेका वालकको यसै सरहदको जेथा देखाई क्षतिपूर्ति वापतको रकम रु.10,000/-(दश हजार) भराई पाउँ भनी ऐनका म्याद भित्र दरखास्त दिन आए केही दस्तुर नलिई नियमानुसार भराई दिनू...................................२

यस अदालतको इन्साफमा चित्त नबुझे सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २६ को म्याद ७० दिन भित्र श्री पुनरावेदन अदालत, तुलसीपुर दाङमा पुनरावेदन गर्नू भनी कानूनसँग द्वन्द्वमा परेका वालकलाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद.......................................३

फैसलाको प्रतिलिपि सहित पीडिता परिवर्तित नाम दाङ 56(१) लाई फैसलाको जानकारी दिनू...३

नक्कल माग्ने सरोकारवाला व्यक्तिबाट नियमले लाग्ने दस्तुर लिइ नक्कल दिनू...................४
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय कपी अपलोड समेत गरी मिसिल नियम बमोजिम अभिलेख शाखामा बुझाई दिनू ...............................................५

माननीय जिल्ला न्यायाधीश ज्यूले वोली टिपाए वमोजिम
फैसला तयार गर्न सहयोग गर्ने ना.सु. यादव प्रसाद लामिछाने
फैसला टाईप गर्ने कार्यालय सहायक (ना.सु.) सन्देश के.सी.
फाँट ना.सु. सविन गुरुङ

......................
जिल्ला न्यायाधीश

ईति सम्वत २०७3 साल भाद्र १५ गते रोज ४ शुभम् .........................................।

**श्री**

**रुपन्देही जिल्ला अदालत**

**इजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री बालचन्द्र शर्मा**

**फैसला**

**सम्वत २०७३ सालको फौ.नं. ०७३–cr–०१४४**

**निर्णय नं. – १०४**

**मुद्दाः– लागू औषध ।**

| वादी | प्रतिवादी |
|---|---|
| प्र.ना.नि. सूर्य बहादुर पुनको प्रतिवेदन जाहेरीले नेपाल सरकार................१ | जिल्ला रुपन्देही बुटवल उप.म.न.पा. वडा नं. १४ बस्ने परिवर्तित नाम ढवाह (१).........१ |
| साक्षी - | साक्षी - |
| प्र.ना.नि. सूर्य बहादुर पुन, बरामदी तथा वस्तुस्थिति मुचुल्काका मानिसहरु । | मोहन वि.क. |
| कागज | कागज- |
| अभियोग पत्रसाथ संलग्न कागजहरु | x |

अदालतबाट बुझेको

**साक्षीः–**

प्र.ना.नि. सूर्य बहादुर पुन

मुलुकी ऐन अ.वं. २९ नं. तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ –

मिति २०७३/०४/०९ गतेका दिन जिल्ला रुपन्देही सि.न.पा. १ बेलहिया भन्ने स्थानमा परीबर्तित नाम ढवाहाको शरीरको खानतलासी गर्ने क्रममा निजको सर्टको कल्लर भित्र लुकाई ल्याएको अवस्थामा लागु औषध ब्राउन सुगर १ पुरीया प्रहरीले फेला पारी तत्कालै तौल गर्दा १ ग्राम रहेको हुँदा उक्त लागु औषध बरामद गरेको भन्ने व्यहोराको बरामदी मुचुल्का ।

यसरी लागु औषध ब्राउनसुगर सहित पक्राउमा परेका निज प्रतिवादी परीबर्तित नाम ढबाहालाई कानुन वमोजिम कार्वाही गरी पाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०७३/०४/०९ गतेका दिन म आफुले हेल्फर गर्ने लु. १ ख। ४७४२ नं. को बसमा काम नगरी भैरहवा बसपार्कमा बसेको वखत दाँतको औषधी गर्नको लागी भनी भारतको सुनौली बजारमा गई औषधी किनी आफैलाई टिसर्ट तथा कट्टु समेत खरिद गरी बसेको अवस्थामा मलाई नाम थाहा नभएको व्यक्तिले मलाई तिमिले यो लागु औषध ब्राउनसुगर बेलहिया बसपार्क सम्म पुराई दिनु मैले रु. ५००।– दिन्छु भनेको हुँदा मैले खरिद गरेको दातको औषधी र किनेको टिसर्ट र कट्टु समेत निजले लिएर गएको र आफुले लिएको ब्राउनसुगर निजैले मेरो सर्टको कलरमा प्वाल पारी राखी दिए पछि म अगाडी र निज व्यक्ति पछाडी भई आईरहेको वखत प्रहरीले चेकजाँच गर्ने क्रममा उक्त लागु औषध फेला पारी बरामद समेत गरेको हो । मैले कुनै लागु औषध खरिद विक्रि गरेको छैन भने नाम थर थाहा नभएको व्यक्तिले मलाई रु. ५००।– दिउला भनी मेरो सर्टको कलरमा राखिदिएका हुन भने कुनै रकम दिएका छैनन् भन्ने समेत व्यहोराको प्रतिवादीको मौकाको वयान ।

मिति २०७३/०४/०९ गतेका दिन जिल्ला रुपन्देही सि.न.पा. १ बेलहिया भन्ने स्थानमा परीबर्तित नाम ढवाहाको शरीरको खानतलासी गर्ने क्रममा निजको सर्टको कल्लर भित्र लुकाई ल्याएको अवस्थामा लागु औषध ब्राउन सुगर १ पुरीया प्रहरीले फेला पारी तत्कालै तौल गर्दा १ ग्राम रहेको भन्ने सुनी थाहा पाएको हुँ । यसरी लागु औषध ओसार पसार गर्ने निज प्रतिवादीलाई कानुन वमोजिम होस भन्ने समेतको बस्तुस्थिती मुचुल्का ।

प्रतिवादी नाम परिवर्तित ढवाह (१) को साथबाट बरामद हुन आएको 1 ग्राम लागू औषध ब्राउन सुगर निज प्रतिवादीले ओसार पसार संचय समेतको उद्देश्यका लागि भारत सुनौलीबाट खरिद गरी लिइ आउदै गर्दा वरामदी लागु औषध सहित पक्राउ परेकाले निज प्रतिवादीको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) विपरितको कसुर पुष्टि हुन आएकाले निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) (छ) (१) बमोजिम सजाय हुनेमा निज प्रतिवादीको उमेर १४ वर्षको देखिन आएकाले वालवालीका सम्वन्धि ऐन २०४८ को दफा ११ (३) नं. बमोजिम सजाँए गरि पाँउ भन्ने समेत अभियोग माग दावी ।

मलाइ ढाडमा दाज निस्केकाले सो को औषधि खरिद गर्न भनि मिति २०७३/०४/०९ मा भारतको सुनौली गई दाजको औषधि खरिद गरि पोलिथिनको झोला समाइ दुकान नजिकै वसेको अवस्थामा एक जना मानिस आइ तिमीले यो चिज वेलहिया वसपार्क सम्म ल्याइ देउ रु

५००।– दिन्छु भनि निजले मैले लगाएको सर्टको कल्लरमा प्वाल पारी राखि दिइ निजले मैले किनेको औषधि तथा टिसर्ट कट्टु समेत लिइ निज अगाडि आए मलाई प्रहरीले लागु औषध सहित पक्राउ गरे प्रहरीले पक्राउ गरे पश्चात मात्र थाहा पाएको हो उक्त वस्तु लागु औषध भएको भन्ने । मलाइ लागु औषधको वारेमा केहि थाहा छैन मलाइ दावी अनुसार सजाँए हुने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी नाम परिवर्तित ढवाह (१) ले अदालतमा आई गरेको वयान ।

प्रतिवादी नाम परिवर्तित ढवाह (१) यस अदालतका आदेशानुसार अभिभावकको जिम्मामा लगाउने गरि भएका आदेशानुसार तारेखमा रहेकोमा मिति २०७३/०५/२९ गते देखिको तारेख गुजारी वसेको देखियो ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्धामा वादी तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधीवक्ता श्री ऋषिकेशव बस्यालले प्रतिवादी नाम परिवर्तित ढवाह (१) को साथबाट बरामद हुन आएको १ ग्राम लागू औषध ब्राउन सुगर निज प्रतिवादीले ओसार पसार संचय समेतको उद्देश्यका लागि भारत सुनौलीबाट खरिद गरी लिइ आउदै गर्दा वरामदी लागु औषध सहित पक्राउ परेकाले निज प्रतिवादीको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) विपरितको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) (छ) (१) बमोजिम सजाय हुनेमा निज प्रतिवादीको उमेर १४ बर्षको देखिन आएकाले वालवालीका सम्वन्धि ऐन २०४८ को दफा ११ (३) नं. वमोजिम सजाँए गरि पाँउ भनि गर्नु भएको वहस समेत सुनि बुझीए सम्मका कागज प्रमाण अध्यान गरि किनारा गरि दिए हुने भएको प्रस्तुत मुद्दामा प्रतिवादी नाम परिवर्तित ढवाह (१) ले अभियोग दावी बमोजिमको कसुर गरेका हुन् होइनन् ? कसुर गरेको भए निजलाई के कस्तो सजाय हुनुपर्ने हो? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णय तर्फ विचार गरि हेर्दा, प्रतिवादी नाम परिवर्तित ढवाह (१) को साथबाट बरामद हुन आएको १ ग्राम लागू औषध ब्राउन सुगर निज प्रतिवादीले ओसार पसार संचय समेतको उद्देश्यका लागि भारतको सुनौलीबाट खरिद गरी लिइ आउदै गर्दा वरामदी लागु औषध सहित पक्राउ परेकाले निज प्रतिवादीको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) विपरितको कसूर पुष्टि हुन आएकाले सोही ऐनको दफा १४ (१) (छ) (१) बमोजिम सजाय हुनेमा निज प्रतिवादीको उमेर १४ वर्षको देखिन आएकाले वालवालीका सम्वन्धि ऐन २०४८ को दफा ११ (३) नं. वमोजिम सजाँए गरि पाँउ भन्ने अभियोग दावी भएकोमा प्रतिवादिले

अदालतमा आइ वयान गर्दा वरामदी लागु औषधका वारेमा आफुलाइ केहि थाहा नभएको, आफुले भारतको सुनौलिमा दाजमा लगाउने औषधि तथा कपडा खरिद गरि वसेको समयमा नचिनेका मानिसले रु. ५००।- दिने भनि मेरो कमिजको कल्लरमा सो वस्तु राखि दिएका पछि मात्र थाहा भयो लागु औषध रहेछ । सो भन्दा पहिला मलाइ लागु औषध भन्ने मलाइ थाहा थिएन भनि दावीमा इन्कार भै अदालतमा वयान गरेको देखिन्छ ।

प्रतिवादी नाम परिवर्तित ढवाह (१) ले वरामदी मुचुल्कामा उल्लेखित लागु औषध ओसार पसार गरेकाले सजाँए गरि पाउँ भनि अभियोग दावी भएकोमा वरामदी लागु औषध आफ्नो साथबाट वरामद भएकोमा सावित रहि सो लागु औषधका वारेमा आफुलाई थाहा जानकारी नभएको भनि प्रतिवादीले अदालतमा वयान गरेको देखिन्छ । प्रतिवादीको साथबाट वरामद लागु औषध निजले लगाएको कमिजको कलरमा लुकाइ राखेको अवस्थामा वरामद भएबाट पनि सो लागु औषधका वारेमा निज प्रतिवादीलाइ वरामदी वस्तुका वारेमा पहिला थाहा थिएन होला भन्न सकिने अवस्था देखिदैन । प्रतिवादी नाम परिवर्तित ढवाह (१) ले आफ्नो इन्कारी वयान आफ्ना साक्षी प्रमाणबाट पुष्टि गराउन नसकि अदालतबाट तोकि पाएको तारेख गुजारी बसेको देखिन्छ । प्रतिवादीले वरामद वस्तु आफ्नो साथबाट वरामद भएको कुरालाइ अन्यथा नभनेको, निजको सो भनाइ प्रतिवेदक प्र.ना.नि. सूर्य वहादुर पुनले अदालतमा गरि दिएको वकपत्रबाट पुष्टि भएको देखिन्छ । निज प्रतिवादीले वरामदी लागु औषध आफुले सेवन सम्म पनि नगर्ने भएकाले निजले सो वस्तु वोकि लिइ आउनुको उद्देश्य ओसार पसार गरि कसैलाई विक्रि गर्नु वा संचयकै लागि भन्ने देखिएको र वरामदी वस्तुमा हेरोइन पाइएको भन्ने परिक्षण प्रतिवेदनबाट देखिएकाले प्रतिवादी नाम परिवर्तित ढवाह (१) ले अभियोग दावी वमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) विपरितको कसूर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीलाई सोही ऐनको दफा १४ (१) (छ) (१) बमोजिम ५ बर्ष कैद र रु ५०००/– जरिवाना हुनेमा निज १६ वर्ष मुनिको नावालक रहेकोले अभियोग दावी वमोजिम वालवालिका सम्वन्धि ऐन २०४८ को दफा ११(३) ले उमेर पुगेकालाई हुने सजाँएको आधा २ (दुई वर्ष) ६ (छ महिना) कैद र रु २५००/– दुई हजार पाँच सय जरिवाना समेत हुने ठहर्छ ।

प्रतिवादी नावलाक रहेकोले वालवालिकाको सर्वोत्तम हितलाइ मध्यनजर राखि निजले कसुर गर्दाको अवस्था प्रकृति र उमेर अवस्था समेतलाइ विचार गर्दा वालवालीका सम्वन्धि ऐन, २०४८ को दफा ५० वमोजिम निजलाई लागेको कैद जरिवाना हाललाइ स्थगन गरि दिएको छ । निज वालकले एक वर्ष भित्र यसै ऐन वमोजिमको वा अन्य कसुर गरी सजाँए ठहर भएमा प्रस्तुत

कैद जरिवाना समेतको सजाय खापि सजाए गर्ने गरि लगत कसी राख्नु । सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए वमोजिम हुने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ नं. वमोजिम फैसला गरि दियाँ ।

**तपसिल**

१. प्रतिवादी नाम परिवर्तित ढवाह (१) लाई माथि ईन्साफ खण्डमा लेखिए वमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) विपरितको कसूरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम हुने सजाँएमा निज १६ वर्ष मुनिको नावालक रहेकोले अभियोग दावी वमोजिम वालवालिका सम्वन्धि ऐन २०४८ को दफा ११ (३) ले उमेर पुगेकालाई हुने सजाँएको आधा २ (दुइ बर्ष) ६ (छ महिना) कैद र रु २५००/– दुई हजार पाँच सय जरिवाना समेत हुनेमा वालवालीका सम्वन्धि ऐन २०५० (२) वमोजिम एक बर्ष भित्र यसै ऐन वमोजिमको वा अन्य कसुर गरी सजाँए ठहर भएमा प्रस्तुत कैद जरिवाना समेतको सजाए खापि सजाए गर्ने गरि हाललाई सजाँए स्थगन हुने ठहरी फैसला भएकोले निज प्रतिवादीले एक बर्ष भित्र यसै ऐन वमोजिम वा अन्य कुसुर गरेका प्रस्तुत सजाँए समेत खापि सजाँए गर्ने गरि लगत राखि अरुमा कानुन वमोजिम गर्नु..............................................१

२. प्रतिवादी नाम परिवर्तित ढवाह (१) लाई यस फैसला उपर चित्त नवुझे श्री उच्च अदालत तुल्सीपुर बुटवल इजलाशमा पुनरावेदन गर्न जानु भनि स.मु.स. ऐन २०४९ को दफा २६ (१) वमोजिम ७० दिने पुनरवेदनको म्याद दिनु..............................................१

३. जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीलाई फैसलाको जानकारी दिनु...................१

४. सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी वा सराई दिनु..........................................................................................१

५. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा वुझाई दिनु..........................................................................................१

कम्प्युटर टाइप गरि फैसला तयार गर्ने
डि. भगवती कोईराला
फाँटवाला ना.सु. युवराज पन्थी ।

जिल्ला न्यायाधीश

ईति संवत २०७३ साल कार्तीक ११ गते रोज ०५ मा शुभम्.................................।

**श्री**

**रुपन्देही जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा**

**फैसला**

**सम्वत् २०७३ सालको फौ. नं. ०७३– cr० ०१६७**

**नि.नं. ११४**

**मुद्दाः–ज्यान मार्ने उद्योग ।**

**वादी**

बुद्धि बहादुर वि.क. को जाहेरीले नेपाल सरकार........................................१

**प्रतिवादी**

जिल्ला रुपन्देही बस्ने परिवर्तित नाम पाखापानी-४......................१

**साक्षी –**

बुद्धि बहादुर वि.क., बुझिएका तथा बस्तुस्थिति मुचुल्काका मानिसहरु ।

**साक्षी –**

सुमन गहतराज र ईशा थापा ।

**कागज**

अभियोग पत्रसाथ संलग्न कागजहरु

**कागज –**

फ

**अदालतबाट बुझेकोः–**

साक्षीः–

बुद्धि बहादुर वि.क., सागर खाती, संघर्ष वि.क., ईशा थापा

मुलुकी ऐन अ.व. २९ नं. तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ -

मिति २०७३।५।१० गते राती अं. ११.३० बजेको समयमा परिवर्तित नाम पाखापानी ४ ले सागर बि.क. लाई मार्ने उद्देश्यले शरिरको सम्वेदनशिल अंग टाउको तथा अनुहारमा प्रहार गरी घाइते बनाएको हुदा निजलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी उपचार खर्च समेत दिलाई भराई पाउ भन्ने बुद्धि बहादुर वि.क. को जाहेरी दरखास्त ।

जिल्ला रुपन्देही बुटवल उप महानगरपालिका वडा नं. ३ गढीटोल स्थितमा मिति २०७३/०५/१० गते राती परिवर्तित नाम पाखापानी ४ ले सागर खाती भन्ने सागर बि.क.लाई शिसाको बोतलले टाउको समेतमा प्रहार गरेको भन्ने घटनास्थल मुचुल्का ।

मिति २०७३।५।१० गते राती कृष्णजन्म अष्टमीको उपलक्ष्यमा बुटवल ४ गढीटोल स्थितमा हाल नामथर थाहा भएका सागर बि.क.ले नाच्ने क्रममा धकेल्न पुगी बादविवाद हुदा सागर बि.क.ले गल्ती भयो भनी नाच्न थाले, मलाई रिस उठी हाफ क्वाटरको डोलो शिसााको बोतल लुकाई लगी निज सागर मेला लागि रहेको ठाउँमा छेउमा एकहरो भई उभ्भिएको अवस्थामा एकपटक टाउको प्रहार गरे, निज थचक्क बसे सोही अवस्थामा अनुहारमा प्रहार गरे, निज मारयो भनि चिच्याएको सुनी निजका साथीहरु आए, म बोतल हातमा लिई तिनाउखोला तिर भागे, बोतल तिनाउ खोलाको पानिमा फाली घर गइ सुते, पछि म उपर ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दरखास्त पर्न आई पक्राउ परेको हुँ भन्ने बालविज्याई कर्ता परिवर्तित नाम पाखापानी ४ को मौकाको बयान ।

मिति २०७३/५/१० गते राती वुटवल ४ गढीटोल स्थित मेला हेर्ने भजनमा नाच्ने क्रममा परिवर्तत नाम पाखापानी ४ लाई खुट्टाामा कुच्न पुगेछु, सोही विषयमा निजले मलाई धकेल्न पुगी बादबिवाद भयो, मैले भाई गल्ती भयो भने, त्यसपछाडी नाची उभिएको अवस्थामा परिवर्तत नाम पाखापानी ४ ले मलाई एक्कासि पछाडीबाट मेरो टाउकोमा शिसाको बोतल प्रहार गरे, म थचक्क बसे, यसो हेर्दा परिवर्तत नाम पाखापानी ४ ले हातमा शिसाको बोतल लिएका रहेछन्, पुनः मलाई अनुहार तिर प्रहार गरे, मेरा साथीहरु पनि आएको देखि निज भागे, निजले मार्ने उद्धेश्यले हानेका रहेछन्, हाल हिडन डुल्न खान सक्छु, औषधी उपचार खर्च पाएको छैन, परिवर्तत नाम पाखापानी ४ लाई कानुन बमोजिम कारवाही गरी औषधी उपचारमा लागेको खर्च दिलाई पाउ भन्ने सागर खाती भन्ने सागर बि.क.को कागज ।

मिति २०७३।५।१० गते राती कृष्ण जन्म अष्टमिको मेला हेर्न कृष्णमन्दिरमा गएका थियौं, नाच्ने क्रममा परिवर्तित नाम पाखापानी ४ र सागर बि.क.बिच बादविवाद भएकोमा सम्झाई बुझाई गरेपछी साम्य भयो, रमाईलो गरिरहेको अवस्थामा एक्कासी मारयो भन्ने आवाज आएकोले हेर्न

जादा परिवर्तित नाम पाखापानी ४ हातमा शिसाको बोतल लिई भागे, सागर बि.क. रगताम्य अवस्थामा थिए, तत पश्चात उपचार्थ लगेका हुन, निजले जोखिम शिसाको बोतलले प्रहार गर्ने उपर कानुन बमोजिम कारवाही हुनु पर्छ भन्ने भन्ने सुजन बि.क., विशाल ठटराईको कागज ।

मिति २०७३।५।१० गते राती कृष्ण जन्म अष्टमीको मेला हेर्न कृष्णमन्दिरमा गएका थियौं, नाच्ने क्रममा परिवर्तत नाम पाखापानी ४ र सागर बि.क.बिच बादविवाद भएकोमा सम्झाई बुझाई गरेपछी साम्य भयो, रमाईलप गरि रहेको अवस्थामा एक्कासी मारयो भन्ने आवाज आएकोले हेर्न जाँदा परिवर्तित नाम पाखापानी ४ हातमा शिसाको बोतल लिई भागे, सागर वि.क. रगताम्य अवस्थामा थिए, तत पश्चात उपचार्थ लगेका हुन, निजले जोखिम शिसाको बोतलले प्रहार गर्ने उपर कानुन बमोजिम कारवाही हुनु पर्छ भन्ने डिम्पल पहराईको कागज ।

अनुहार समेतमा घाउ चोट लागेको भन्ने घाउ जाच केश फारम रिपोर्ट ।

मिति २०७३/५/१० गते राती कृष्णजन्मअष्टमीको मेला हेर्न भनि गएका थियौ, कृतनमा नाच्ने क्रममा सागर बि.क र परिवर्तत नाम पाखापानी ४ बिच बादविवाद भयो, गल्ती भयो भनि विवाद साम्य भएको थियो, साथी सागर बि.क. साईडमा उम्भिएको थिए, हामी नाचि रहेका थियौ, मारयो भनि सागर बि.क.ले चिच्चाए, के भयो भनि म समेत पुग्दा परिवर्तत नाम पाखापानी ४ ले हातमा शिसाको बोतल लिई सागर बि.क.लाई अनुहार तिर प्रहार गरि रहेका थिए, हामी पुग्न साथ निज बोतल लिई तिनाउखोला तिर भागे, साथी सागर बि.क. लाई उपचार्थ पठाएको हो, शिसाको जोखिमी बोतले शरिरको संबेदन शिल अंगमा प्रहार गर्ने उपर कानुन बमोजिम कारवाही हुनु पर्छ भन्ने बस्तुस्थिति मुचुल्का ।

प्रतिवादी नाम परिवर्तित पाखापानी ४ ले पीडत घाइते सागर बि.क. को ज्यान मार्ने उद्देश्यले सिसाको बोतल जस्तो जोखिम बस्तुले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी ज्यान मार्ने उद्योगको कार्य गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी परिवर्तित नाम पाखापानी ४ ले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १५ नं विपरितको कसुर गरेकोमा सोही महलको १५ नं. बमोजिम सजाय हुनेमा मिसिल संलग्न प्रतिवादीको जन्म दर्ताको प्रमाण पत्रबाट वारदात मितिमा निजको उमेर १५ वर्ष १ महिना २८ दिन रहेका देखिएको हुँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाँउ भन्ने अभियोग दावी ।

मिति २०७३।५।१० गते म मेरो गाँउको नजिकै मन्दिरमा जान लागेकोले सोही मन्दिरमा जात्रा हेर्नका लागि २।३ जना साथिहरुको साथमा संगै गएका थिए । त्यहाँ नाचगान भई रहेको

थियो र म पनि नाचि रहेको थिंए । नाच्दै गर्दा सागर खाति भन्ने सागर वि.क. म संग ठोकिन आएका र पछि घरमा जाने बेलामा निज सागर खाती समेतका मानिसहरुले मलाई बाटोमा कुरी बसेका रहेछन् । म जाँदा वित्तिकै निज सागरले मेरो घाँटीमा हातले हाने, अनि मैले भुँईमा रहेको बोतल टिपी निजको टाउको अनुहार समेतमा हानेको हुँ । घटना स्थलमा भएका मानिसले मलाई छुट्याई घरमा जा भनी पठाएकोले म घरमा गएको हुँ । सागर वि.क. ले मलाई हानी रिस उठाएकोले मैले निजलाई हानेको हुँ । रिसको झोकमा कता लाग्यो मलाई थाहा भएन । मैले ज्यान मार्ने नियतबाट निजलाई हानेको होईन । गल्ती भयो एक पटकलाई माफ पाँउ भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम पाखापानी-४ ले अदालतमा आई गरेको वयान ।

मिति २०७३।५।१० गते म समेत साथिहरु बुटवलको गढीगोलमा मेला हेर्न गएकोमा प्रतिवादी परिबर्तित नाम पाखापानी-४ अत्याधिक मादक पदार्थ सेवन गरी उक्त मेलामा उफ्री उफ्री जता सुकै धकेला पकेला गरी नाचेको हुँदा मैले निजलाई भिडदेखि साईड लगाएको हूँ । निजले सोही कुरालाई लिई मसंग झगडा गरिरहेकोमा म समेतका साथीहरु निजसंग केही नबोली मेला हेरी नाची मेलाबाट घरतर्फ फर्कन लाग्दा थोरै पर गई साथिलाई कुरी बसेको अवस्थामा एक्कासी प्रतिवादीले सिसाको बोतल लिई आई मलाई टाउको अनुहार समेतमा हानी प्रहार गरेका हुन् । प्रतिवादीले रक्सीको झोकमा आवेगमा आई हानेका हुन । प्रतिवादीले कुनै रिसईवी लिई मलाई मार्ने नै उद्देश्यले हाने जस्तो लाग्दैन तरपनि मेरो समयमै उपचार नभएको भए ज्यानै जान सक्थ्यो भन्ने समेत व्यहोराको पिडित सागर खातीले अदालतमा आई गरेको बकपत्र ।

घटना भएको मैले देखिन । घाइते सागर खाती र निजका अन्य साथिहरुले वताए अनुसार सागर साथिहरुसंग मेला हेर्न गएको अवस्थामा सोही मेलामा प्रतिवादी परिवर्तित नाम पाखापानी-४ मादक पदार्थ सेवन गरी सागर लगाएत निजका साथिहरु समेतलाई घचेटी आफुखुसी मनलाग्दी गरेकाले पिडित सागरले निजलाई सम्झाई साईड लगाएकोमा प्रतिवादीले सोही कुरालाई रिसईवी लिई झगडा गरेकोमा सागर समेतका निजका साथिले प्रतिवादीको कुनै वास्ता नगरी मेला हेरी घर फर्कन भनी पिडित सागर मेलादेखि अलि पर गई साथि कुरी बसेको अबस्थामा प्रतिवादीले सिसाको बोतल लकाई लिई गई दाई सरी है भनी कुरा गरे जस्तो गरी झुक्काई सिसाको बोतलले सागरको टाउको र अनुहार समेतमा प्रहार गरेकोमा सागरका साथिहरुले देखेपश्चात प्रतिवादी भागी गएका हुन । प्रतिवादीले टाउको जस्तो संवेदनशिल भागमा सिसा जस्तो चिज प्रहार गरी निजले ज्यान मार्ने मनसायले नै सागर खातीलाई हानेकाले प्रतिवादीलाई कानून बमोजिम सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको जाहेरवाला बुद्धिबहादुर वि.क. ले अदालतमा आई गरेको बकपत्र ।

सागर वि.क. र म समेतका अन्य साथीहरु भई मिति २०७३।५।१० गते हामीहरुले गाँउ टोल नजिकैको मन्दिरमा मेला हेर्न गएकोमा प्रतिवादी परिवर्तित नाम पाखापानी-४ उक्त मेलामा नाच्ने क्रममा म समेतका सागर वि.क.लाई धकेला पकेल गरेकाले साथि सागर वि.क.ल निजलाई भिडदेखि साईड लगाएकोमा प्रतिवादीले सोही कुरालाई लिई अश्लिल शब्द प्रयोग गरी हामीसंग झगडा गरिरहेका थिए भने सागर र म समेतका साथिहरु निजसंग केही नबोली मेला हेरी नाची मेलाबाट घरतर्फ फर्कन लाग्दा साथि सागर मेलाबाट अलि पर गई हामीहरुलाई कुरी बसेको अवस्थामा प्रतिवादी पाखापानी-४ ले पहिले देखिनै मौका छोपी बसेका रहेछन् र सागर एक्लै हुनसाथ सागरको टाउको अनुहार समेतमा सिसाको बोतलले प्रहार गरी हानेको म समेतले सुनी के भयो भनी जाँदा प्रतिवादी त्यहाबाट भागि गएका हुन । रगताम्य अवस्थामा ढली बेहोस भएका घाईते सागर खातीलाई हामीले तुरुन्तै एकजना व्यक्तीको मो.सा. मा लिफ्ट मागी निजलाई उपचरार्थ अस्पताल लगेकाले निजको ज्यान जानबाट बचेको हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका संघर्ष वि.क.ले गरेको बकपत्र ।

प्रतिवादी परिवर्तित नाम पाखापानी-४ पूर्व रिसईवीबाट घटनास्थलमा गई घटना घटाएको होईनन । घाईते सागर खाती समेतका ग्रुपले प्रतिवादीलाई कुटपिट गर्दा घेरा हालेकोले आफु बच्न त्यही रहेको सिसाको बोतलको प्रयोग गरेका रहेछन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी ईशा थापाले अलदालतमा आई गरेका बकपत्र ।

प्रतिवादी नाम परिवर्तित पाखापानी-४ यस अदालतका आदेशानुसार मुद्दा पूर्पक्षका लागि बाल सुधार गृह साराङकोट, कास्कीमा रहेका देखिन्छ ।

**<u>अदालतको ठहर</u>**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधीवक्ता श्री ऋषिकेशव वस्यालले प्रतिवादी नाम परिवर्तित पाखापानी ४ ले पीडित घाईते सागर बि.क. को ज्यान मार्ने उद्देश्यले सिसाको बोतल जस्तो जोखिमी बस्तुले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी ज्यान मार्ने उद्योगको कार्य गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादी परिवर्तित नाम पाखापानी ४ ले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. विपरितको कसुर गरेकोमा सोही महलको १५ नं. बमोजिम सजाय हुनेमा मिसिल संलग्न प्रतिवादीको जन्म दर्ताको प्रमाण पत्रबाट वारदात मितिमा निजको उमेर १५ वर्ष १ महिना २८ दिन रहेका देखिएको हुँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउँ भनि

गर्नु भएको वहस तथा प्रतिवादीको तर्फबाट रहनु भएका विद्धान वैतनिक अधिवक्ता श्री दण्ड प्रसाद भट्टराइले यि प्रतिवादीले पिडितको ज्यान मार्ने उद्देश्यले पटक पटक प्रहार गरि पिडितलाई घाइते वनाएको नभै तत्काल उठेको रीसका कारण वोतल प्रहार गर्दा पिडित घाइते भएको भएतापनि प्रतिवादी १६ बर्ष मुनिको नाबालक रहेकोले निजलाई अभियोग दावीबाट सपाइ दिलाइ पाँउ भनि गर्नु भएको वहस समेत सुनि बुझीए सम्मका कागज प्रमाण अध्यान गरि किनारा गरि दिए हुने भएको प्रस्तुत मुद्दामा प्रतिवादी परिवर्तित पाखापानी-४ ले अभियोग दावी बमोजिमको कसुर गरेका हुन् होइनन् ? कसुर गरेको भए निजलाई के कस्तो सजाय हुनुपर्ने हो ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णय तर्फ विचार गरि हेर्दा, प्रतिवादी परिवर्तित नाम पाखापानी ४ ले पीडित सागर वि.क. को ज्यान मार्ने उद्देश्यले सिसाको बोतल जस्तो जोखिमी बस्तुले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी ज्यान मार्ने उद्योगको कार्य गरेको तथ्य स-प्रमाण पुष्टि हुन आई निज प्रतिवादी परिवर्तित नाम पाखापानी ४ ले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. बमोजिमको कसुर गरेकोमा सोही महलको १५ नं. बमोजिम सजाय हुनेमा मिसिल संलग्न प्रतिवादीको जन्म दर्ताको प्रमाण पत्रबाट वारदात मितिमा निजको उमेर १५ वर्ष १ महिना २८ दिन रहेको देखिएको हुँदा निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीले अदालतमा आइ मिति २०७३।५।१० गते गाउँको नजिकै मन्दिरमा जात्रा हेर्न गई जात्रामा नाच्दै गर्दा सागर खाति भन्ने सागर वि.क. म संग ठोकिन आएका र पछि घरमा जाने बेलामा निज सागर खाती समेतका मानिसहरुले मलाई बाटोमा कुरी बसी सागरले मेरो घाँटीमा हातले हनेकाले मैले भुँईमा रहेको बोत्तल टिपी निजको टाउको र अनुहारमा हानेको सम्म हुँ, मैले निजलाई ज्यान मार्ने नियतबाट हानेको होईन भनि अभियोग दावीमा इन्कार भै वयान गरेको देखिन्छ ।

प्रतिवादी नाम परिवर्तित पाखापानी ४ ले पिडित सागर खातीलाई ज्यान मार्ने उद्देश्यबाट शिसाको वोतले प्रहार गरेकाले कारवाहि गरि पाउँ भन्ने अभियोग दावी रहेकोमा प्रतिवादीले अदालतमा वयान गर्दा दावीमा इन्कार भै वयान गरेको देखिन्छ । जाहेरवाला सागर खातीले अदालतमा आइ प्रतिवादीले मलाई एक्कासी अगाडिबाट आई सिसाको बोतलले १ पटक हानी भागी गएका हुन । निज प्रतिवादीले रक्सीको झोकमा हानेका कुनै रिस इवी लिइ मलाइ मार्ने उद्देश्यले हाने जस्तो लाग्दैन भनि बकपत्र गरि दिएको देखिन्छ । जाहेरवालको बकपत्रबाट प्रतिवादीले कुनै रिस इवीले निजलाइ प्रहार गरेको पनि देखिदैन र निजले एक पटक प्रहार गरि आफै

वारदात स्थलबाट भागि गएको देखिन्छ। पिडितको बकपत्रबाट प्रतिवादीले प्रहार गर्दै गर्दा अरु कसैले छुट्टाएको पनि देखिदैन। पिडितको घा जाँच केश फाराम हेर्दा सो चोट पिडाको कारणबाट ज्यानै जाने अवस्थाको पनि नदेखिएको र पिडितले अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले पीडितलाई ज्यानै मार्ने उद्देश्यले कुटपिट गरेको भन्ने नदेखिएको समेतका आधार कारणबाट ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन नआएकोले ज्यान मार्ने उद्योगको कसुरमा प्रतिवादीलाई सजाँए गरि पाउँ भन्ने अभियोग दावी पुग्न नसक्ने ठहर्छ।

प्रतिवादीले पिडित सागर खातीलाई कुटपिट गरेको कुरामा अदालतमा समेत सावित भएको पीडितको घा जाँच केश फाराम र जाहेरवालाको बकपत्र समेतबाट प्रतिवादीको सावित पुष्टि हुन आएको देखिएकाले कुटपिट सम्मको वारदात घटाएको भन्ने देखिएकाले सरकारी मुद्दा सम्वन्धि ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर गरी दिएको छ। सरोकारवालालाई वादी पक्ष भै कुटपिटमा मुद्दा सकार गर्न आउनु भनि म्याद दिई सकार गरेमा कानुन बमोजिम गर्ने गरि फैसला गरि दिएको छ। सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम हुने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ बमोजिम फैसला गरि दियाँ।

**तपसील**

१. प्रतिवादी नाम परिवर्तित पाखापानी ४ लाइ माथि इन्साफ खण्डमा लेखिए वमोजिम प्रस्तुत मुद्दामा ज्यान मार्न उद्योग तर्फको दावी पुग्न नसकी मुद्दा कुटपिटमा परिणत हुने ठहरी फैसला भएकोले प्रस्तुत मद्दाका रोहबाट पुर्पक्षको क्रममा बाल सुधार गृह साराङकोट कास्कीमा थुनामा रहेका प्रतिवादीलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु पर्ने अवस्था नभए प्रस्तुत मुद्दाको रोहबाट थुनाबाट छाडि दिनु हुन भनि बालसुधारगृह साराङकोट कास्कीमा लेखि पठाई दिनु.............................................................................१

२. माथि ईन्साफ खण्डमा लेखिए बमोजिम ज्यान मार्ने उद्योग तर्फको वादी दावी पुग्न नसकि मुद्दा सरकारी मुद्दा सम्वन्धि ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहरी फैसला भएकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागे पश्चात पिडितलाई प्रस्तुत मुद्दा कुटपिटमा कारवाहि गर्न चाहेमा ७ (सात) दिन भित्र अदालतमा उपस्थित हुन आउनु भनि म्याद जारी गरि कुटपिटमा सकार गर्न आए नियमानुसार कुटपिट तर्फको कारवाहिको लागि पेश गर्नु.............................................................१

३. जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीलाई यस फैसला उपर चित्त नबुझे श्री उच्च अदालत तुल्सीपुर वुटवल इजलासमा पुनरावेदन गर्न जानु भनि स.मु.स. ऐन २०४२ को

दफा २६ (१) न.. बमोजिम ७० दिने पुनरावेदनको म्याद सहित फैसलाको जानकारी दिनु..........................................................................१

४. सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु..........................................................................१

५. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु..........................................................................१

कम्प्युटर टाइप गरि फैसला तयार गर्ने
डि. भगवती कोईराला
फाँटवाला ना.सु. युवराज पन्थी ।

........................
जिल्ला न्यायधीस

इति संवत २०७३ साल कार्तिक २३ गते रोज ३ शुभम्.........................................।

**श्री**

**पाल्पा जिल्ला अदालत**

**वाल ईजलास**

**माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिवारी**

**फैसला**

**उपस्थिति**

**समाजसेवी :– मिना जि.सी.**

**वालमनोबिशेषज्ञ :– अम्बिका भट्टराई**

**सम्वत् २०७३ सालको मुद्दा नं.–०७३–CR–०००९**

**नि.नं.–९२**

**मुद्दा : जवरजस्ती करणी सम्वन्धी वाल बिज्याई**

| **वादीको नाम, थर, वतन:–** | **बालविज्याँईकर्ताको नाम, थर, वतन** |
|---|---|
| परिवर्तित नाम ४७(ब)कुमारीको जाहेरीले नेपाल सरकार । | पाल्पा जिल्ला अन्तर्गत बस्ने बर्ष १५ को परिवर्तित नाम ४७(B) बहादुर............१ |

**साक्षी**

अदालतबाट बुझेको

पीडित ४७ (H) कुमारी

परिवर्तित नाम ४७ (ब) कुमारी

पबित्रा छहारी

चुरा बहादुर छहरी मगर

**कानुन व्यवसायी**

**बादीतर्फबाट कानूनसँग द्वन्दमा परेका वालकको तर्फबाट :–**

जिल्ला न्यायाधीवक्ता श्री यदुनाथ शर्मा वैतनिक अधिवक्ता श्री डिल्ली बहादुर कार्की

न्याय प्रशासन ऐन, २०७३ को दफा ७, वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ५५

को उपदफा (३) र (४) तथा मुलुकी ऐन अ.ब. २९ नं. समेतले यस अदालतको वाल ईजलासको क्षेत्राधिकारभित्र पर्ने भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस ठहर यस प्रकार छ :–

**मुद्दाको संक्षिप्त तथ्य :**

मिति २०७३/३/२७ गते म घर जग्गाको तिरो बुझाउन पेलाचौर भन्ने ठाउँमा जानुपरेकोले नावालक छोरी परिवर्तित नाम ४७ (H) कुमारीलाई गाउँकै पबित्रा छहारीको घरमा छोडेकी थिएँ। साझँ ५:०० बजेतिर घरमा आउँदा निज छोरी झोक्राएको अबस्थामा थिईन। साझँको खाना पनि कम खाएकी र राती पिसाव फेर्न जाँदा छोरीले पिसाव फर्ने ठाउँ दुखेको भनेकी हुँदा मैले छोरीलाई के भयो भनी सोधपुछ गर्दा निज छोरीले परिवर्तित नाम ४७ (B) बहादुरले मलाई निजको घरमा लुकामारी खेल्दा खाटमा सुताई आफ्नो पिसाव फेर्ने तुरी निकाली मेरो पिसाव फेर्ने ठाउँमा छिराई दुखाई दिएका हुन भन्ने कुरा बताए पछि थाहा जानकारी पाई यो जाहेरी दरखास्त दिन आएकी छु। मेरो नाबालीका बर्ष ४ की छोरीलाई जवरजस्ती करणी गर्ने निज प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुरलाई पक्राउ गरी जवरजस्ती करणी महलको ३(१) बमोजिम हदैसम्म सजाय गरी क्षेतिपुर्ती समेत दिलाई पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ४७ (ब) कुमारीको जाहेरी दरखास्त।

पाल्पा जिल्ला फेक गा.वि.स.वडा नं. ३ दानसिह डाँडास्थित पुर्व मनिकला बगालेको पाखो बारी, पश्चिम कुल बहादुर छहरीको पाखो बारी, उत्तर एकडाँडा चौपारी र दक्षिण भुपेन्द्र बहादुर छहारीको पाखो बारी यति चार किल्लाभित्र टिनको छानो भएको माटो ढुङ्गाले बनेको दुईतले पूर्व मोहडा भएको परिवर्तित नाम ४७ (B) बहादुरको कच्ची घर रहेको, उक्त घरको भुई तलाको उत्तर दक्षिणका २ वटा कोठाहरु मध्ये दक्षिणतर्फको कोठाकोभित्र पस्ने कोठामा एक वटा मात्र ढोका रहेको, उक्त ढोकाको दुई वटा खापा लगाएको, ढोका सामान्य धकेली कोठाभित्र जाँदा उक्त कोठामा पूर्व पश्चिम गरी काठको खाट रहेको, सोही खाटको गुन्द्रि माथी परिवर्तित नाम ४७ (B) बहादुरले परिवर्तित नाम ४७ (H) कुमारीलाई जबरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

मिति २०७३/३/२७ गते दिउँसोको समयमा आमा बुबा खरबारीमा घाँस काट्न जानु भएको र घरमा म एक्लै बसेको, गाउँकै पबित्रा छहरीले बाख्रा चराउन जाने बेलामा परिवर्तित नाम ४७ (H) कुमारी नानीलाई मेरो घर अगाडी छाडी गएँकी थिइन। सो पश्चात परिवर्तित नाम ४७ (H) कुमारी नानी र म मेरो घरभित्र लुकमारी खेल्न थाल्यौं। म र नानी केही समय लुकामारी खेले पछि पिसाव फेर्न गईन र पिसाव फेरेर म बसेको ठाउँमा आइन। त्यसपछि म नानीलाई लिएर म सुत्ने कोठामा लगें। कोठा भित्र गएपछि नानीलाई म सुत्ने खाट माथि सुताएर निजले लगाएको

सुरुवाल खोलि दिएँ र मैले आफ्नो कट्टुको साईडबाट आफ्नो पिसाव फर्ने चिज निकाली नानी परिवर्तित नाम ४७ (H) कुमारीको माथि सुतेर आफ्नो पिसाव फेर्ने चिज नानीको पिसाव फेर्ने ठाउँको वरिपरी रगडेको हो । मेरो पिसाव फेर्ने चिज परिवर्तित नाम ४७ (H) कुमारीको पिसाव फेर्ने ठाउँभित्र छिराउन खोज्दा नानी चिच्याएकीले छाडी दिएँको हुँ । ५/६ महिना अगाडी गाउँको ठूलो केटाले मोवाइलमा दुइजना केटाकेटीले सुताई गरेको देखेकोले सो दिन पनि सोही सम्झिई परिवर्तित नाम ४७ (H) कुमारीको पिसाव फेर्ने ठाउँ वरीपरि रगडेको हो भन्ने समेत ब्यहोराको प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुरले गरेको बयान कागज ।

परिवर्तित नाम ४७ (H) कुमारीको शारिरीक तथा मानसिक अवस्था सामान्य छ, कुनै घाउचोट देखिदैन भन्ने समेत व्यहोराको जिल्ला अस्पताल पाल्पाबाट प्राप्त स्वास्थ्य परिक्षण प्रतिवेदन ।

मिति २०७३/३/२७ गते खेल्दै परिवर्तित नाम ४७ (B) बहादुरको गएकी र निजसँग लुकामारी खेलिरहेको बेला निजले हातमा समातेर आफ्नो घरभित्र लगेका र खाटमा सुताई मैले लगाइको सुरुवाल खोलिदिई निजको पिसाव फेर्ने तुरी निकाली मेरो पिसाव फेर्ने चिजमा छिराई दुखाई दिएका हुन् भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम ४७ (H) कुमारीले गरेको मौकाको घटना विवरण कागज ।

मिति २०७३/३/२७ गते मेरो नाबालीका बर्ष ४ की छोरीलाई जवरजस्ती करणी गर्ने निज प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुर उपर कारवाही गरी पाउँ भनि मिति २०७३/३/२८ गते प्रहरीमाा खबर गरी प्रहरीले घटनास्थल मुचुल्का समेत गरेको हो । मेरो नाबालिका छोरीलाई जबरजस्ती करणी गर्ने निज प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुर मेरो सख्यात साईलो ससुराको छोरा मेरो देवर नाता पर्ने हुँदा निज प्रतिबादीले हाडनाताभित्र मेरो नाबालीका छोरी बर्ष ४ की परिवर्तित नाम ४७ (H) कुमारीलाई जवरजस्ती करणी गरेको, निज प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुरलाई हाडनाता करणी बमोजिम समेत कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ४७ (ब) कुमारीको मौकाको घटना विवरण कागज ।

मिति २०७३/३/२७ गते बिहान मेरो गाउँको माईजु नाता पर्ने परिवर्तित नाम ४७ (ब) कुमारीले म गा.वि.स. मा तिरो बुझाउन जानुछ । नानीलाई यही छोडेर जान्छु भनी परिवर्तित नाम ४७ (H) कुमारीलाई हाम्रो घरमा छाडी आफु गा.वि.स. भवनतर्फ जानु भएको र नानी मसँगै बसेकी थिइन् । पछि नानी खेल्दै निजकै हजुरबाको घरतर्फ जान्छु भनी गईन । म बाख्रा चराउन गएँ र साझँ घरफर्कि सुत्यौं । अर्को दिन २८ गते बिहान निज परिवर्तित नाम ४७ (H) कुमारीलाई

परिवर्तित नाम ४७ (B) बहादुरले जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएकी हुँ। पछि बुझ्दा निजलाई परिवर्तित नाम ४७ (B) बहादुरले निजकै घरमा खेल्न लागेको अबस्थामा हातमा समाती घरभित्र खाटमा लगी सुताई निजको कपडा खोली दिई आफ्नो कपडा समेत खोली जवरजस्ती करणी गरेको भन्ने थाहा पाएकी हुँ भन्ने समेत ब्यहोराको बुझिएकी पबित्रा छहारीले गरेको घटना बिवरण कागज।

मिति २०७३/३/२८ गते बिहान म आफ्नै घरमा रहेको अबस्थामा जाहेरवाली परिवर्तित नाम ४७ (ब) कुमारीको छोरी परिवर्तित नाम ४७ (H) कुमारीलाई प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले मिति २०७३/३/७ गते आफ्नो घरमा खेल्न गएको अबस्थामा जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हुँ। निज परिवर्तित नाम ४७ (B) बहादुर परिवर्तित नाम ४७ (H) कुमारीको अंकल पर्दछन् । यसरी आफ्नो छोरी नाता पर्ने परिवर्तित नाम ४७ (H) कुमारीलाई हाडनाता भित्र करणी गर्ने निज प्रतिबादीलाई कानुन बमोजिम कडा भन्दा कडा सजाय हुनु पर्दछ भन्ने समेत एकै मिलान व्यहोराको टोप बहादुर बगाले, ढालबहादुर बगाले र चुरा बहादुर छहारीले गरेको वस्तुस्थिती मुचुल्का ।

मिति २०७३/३/२७ गतेका दिन प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले घटनास्थल मुचुल्काको चारकिल्लामा उल्लेखित स्थान पाल्पा जिल्ला फेक गा.वि.स.वडा नं. ३ दानसिह डाँडा स्थित प्रतिवादस्कै घर कोठामा आफ्नै हाडनाता भित्रकी छोरी नाता पर्ने बर्ष ४ कि पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई निज पीडितको इच्छा विपरित विभिन्न प्रलोभन दिई ललाई फकाई गरी घरभित्र लगी खाटमा पल्टाई प्रतिवादीको लिङ्ग पीडितको योनीमा पसाई जवरजस्ती करणी गरेको देखिन आएबाट निज प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २ र ३ नं. तथा हाडनातामा करणी गर्नेको महलको ३ नं. को देहाय २ नं. अनुसारको कसुर गरेको देखिंदा सो कसुरमा विरुद्ध खण्डका निज प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरलाई सोही मुलुकी ऐन जवरजस्ती करणीको महलको ३ नं को देहाय १ नं. अनुसार सजाय गरी सोही ऐन महलको २ नं. बमोजिम मुलुकी ऐन हाडनातामा करणी गर्नेको महलको ३ नं. अनुसारको सजाय समेत थप गरी सजाय हुन र मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. र १० ग नं. अनुसार प्रतिवादीबाट पीडितलाई क्षेतिपुर्ती दिलाई भराई पाउँ। साथै प्रतिबादी १६ बर्ष भन्दा कम उमेरको भएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (३)का आधारमा माथि दावी गरीए अनुसारको सजाय हुन भन्ने व्यहोराको अभियोग मागदावी ।

मैले परिवर्तित नाम ४७ (H) कुमारीलाई करणी गर्ने प्रयास गरेको हुँ। मिति २०७३/३/२७

गतेको दिन मेरो घरम कोही नभएको समयमा निज पीडित परिवर्तित नाम ४७ (H) कुमारी दिउँसो १२:०० बजेको समयमा आएकी र हामी दुबै भएर मेरो घरमा लुकामारी खेल्दै गर्दा निज पीडितलाई दिशा लागेकोले निजले आफ्ना सबै लुगा खोली, ट्वाइलेटमा गएकोमा पछि मैले निजलाई मेरो घरको कोठामा लगी त्यहाँ मैले मेरो लुगा सबै खोली, पीडित परिवर्तित नाम ४७ (H) कुमारीको पिसाव फेर्ने ठाउँमा मेरो आफ्नो पिसाव फेर्ने चिज छिराउने प्रयास गरेको हुँ । मैले एक दुई पटक निज पीडितको पिसाव फेर्ने ठाउँमा छिराउँदा, छिर्दै नछिरेपछि हामी दुबैले लुगा लगाएका हौ । त्यसपछि म अरिगाल पोल्न भनी तल जंगलतर्फ गएको हुँ । पीडित परिवर्तित नाम ४७ (H) कुमारी मेरो घरमा बसेकी हुन् । मैले पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई करणी गर्ने प्रयास गर्दा निज पीडित रुने, कराउने, चिच्याउने काम केही गरेकी हैनन् । मैले करणी गर्ने प्रयास गर्दा निजको पिसाव फर्ने चिजबाट चिल्लो पदार्थ र रगत आएको थिएँन । मैले आज भन्दा २/३ महिना अघि कक्षा १० पढ्ने गाउँका दाजु नातापर्ने साथीहरुले पुरुषले महिलासँग यौन सम्पर्क गरेको भिडियो मोबाइलमा देखाउँदा हेरेको थिएँ । उक्त दिन मिति २०७३/३/२७ गते पीडित परिवर्तित नाम ४७ (H) कुमारी नाङ्गै हुँदा मलाई भिडियोमा गरे जस्तै गरी ४७ (H) कुमारीसँग पनि यौन सम्पर्क गर्न मन लाग्यो । त्यसकारणले करणी गर्ने प्रयासको सोच आयो भन्ने समेत व्यहोराको प्रतिवादी बाल बिज्याईकर्ता परिवर्तित नाम ४७ (B) बहादुरले यस अदालतमा गरेको बयान ।

म ,मिति २०७३/३/२७ गते काले दाई परिवर्तित नाम ४७ (B) को घरमा गएको हो । मलाई काले दाईले खेल्ने क्रममा मेरो हातमा समाती घरभित्र लगेका हुन् । मलाई घरभित्र लगी खाटमा सुताई, मेरो कपडा खोली, काले दाईले आफ्नो पिसाव फेर्ने चिज मेरो पिसाव फेर्ने ठाउँमा छिराएका हुन् । काले दाईले आफ्नो पिसाव फेर्ने चिज मेरो पिसाव फेर्न ठाउँमा छिराउँदा म पिडा सहन नसकी रुने, कराउने, गरेको थिएँ । पछि मैले उक्त कुरा आफ्नी आमालाई भनेको हो भन्ने समेत व्यहोराको पीडित ४७ (H) कुमारीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०७३/३/२७ गते मेरो छोरी पीडित ४७ (H) कुमारीलाई प्रतिवादी ४७ (B) बहादुरले जवरजस्ती करणी गरेका हुन् । सो घटनाको बारेमा छोरीलाई पिसाव फेर्न लाग्दा छोरी रोएपछि मैले छोरीलाई सोध्दा काले दाईले मलाई हातमा समाती आफ्नो घरभित्र लगी खाटमा सुताई प्रतिवादीको पिसाव फेर्ने चिज मेरो छोरीको पिसाव फेर्ने ठाउँमा छिराई दुखाई दिएको हो भनी भनेकी थिईन भन्ने समेत व्यहोराको वादीका साक्षी जाहेरवाला परिवर्तित नाम ४७ (ब) कुमारीले यस अदालतमा गरेका बकपत्र ।

उक्त दिन जाहेरवालाले आफ्नो छोरी पीडितलाई मसँग छोडी गएको हो । म सँग एक

छिन खेलेपछि पीडित आफ्नो हजुरबुबाको घरमा गएकी हुन् । त्यसपछि म बाख्रा चराउन गएँ । निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो । सो कुरा पीडितको आमाले भनेर थाहा पाएको हो भन्ने समेत व्यहोराको वादीका साक्षी पबित्रा छहरीले यस अदालतमा गरेका बकपत्र ।

उक्त मितिमा पीडित परिवर्तित ४७ (H) कुमारीलाई प्रतिवादी ४७ (B) बहादुरले जवरजस्ती करणी गरेको हो । उक्त दिन पीडितको आमाले पीडितलाई छिमेकी पबित्रा छहारीको घर नजिक छोडी तिरो बुझाउन स्कुलमा गएको अवस्थामा प्रतिवादीले पीडितलाई आफ्नो घरमा लगी निज पीडितलाई जाहेरवालाले नजिकैको दोकानमा लगी भेटाएपछि राती पिसाव फेर्ने बेलामा दुख्यो भनी हेर्दा निज पीडितको योनी सुनीएको देखी ,कसले के गर्‍यो भनी सोध्दा पीडितले मेरो योनीमा प्रतिवादी बाल बिज्याईकर्ता ४७ (B) बहादुरले आफ्नो लिङ्ग घुसाएको भनेकोले सोही कुरा जाहेरवालाले भनी मैले थाहा पाएको हो भन्ने समेत व्यहोराको वादीका साक्षी चुरा बहादुर छहारी मगरले यस अदालतमा गरेका बकपत्र ।

वालविज्याई गर्नुको कारणमा उचित पारिवारिक संरक्षण, र पालनपोषणको अभाव भएको देखिन्छ । सामाजिक संजालको दुरुपयोगको कारण बाल मनोबिज्ञानका नकारात्मक सोचाईको बिकास भएको देखिन्छ । बालकलाई उचित पारिवारिक र सामाजिक मुल्यमान्यता राख्न नसक्दा, समुदायमा बाल विकासको लागि आवश्यक पर्ने उचित मनोरञ्जनका साधनको अभावको कारणले गर्दा बाल बिज्याई हुन गएको हो भन्ने समेत व्यहोराको वाल इजलासमा सहभागी वालविशेषज्ञ वा वालमनोवैज्ञानिक अम्विका भट्टराईले पेश गरेको राय सहितको प्रतिवेदन ।

बालकले बिज्याई गर्नुमा परिवारको आर्थिक अवस्था, चेतनाको कमी, बालकलाई यौन तथा नैतिक शिक्षाको कमी मुख्य कारक तत्वको रुपमा देखियो । आमाले ज्याला मजदुरी गरी घर व्यवहार चलाइको, आमाले मादक पदार्थ सेवन गर्ने गरेको, बालकलाई समय कम दिएको, बालकले आमाले भनेको मान्न छोडेको, साथीहरुसँग अश्लिल भिडियो हेर्ने, बढी घुमफिर गर्न रुचाउने जस्ता व्यवहार बालकबाट भएको हुँदा बालकलाई सही मार्गदर्शन र संरक्षणको खाचो देखिन्छ। बालकको सर्वोत्तम हितको लागि उसको पढाईलाई निरन्तरता दिन जरुरी छ। बालकलाई माया, सम्मान, रेखदेख तथा नैतिक शिक्षाबाट सुधार गर्न सन्किछ भन्ने समेत व्यहोराको बाल इजलासमा सहभागी समाजसेवी/सामाजिक कार्यकर्ता मिना जि.सी.ले पेश गरेको राय सहितको प्रतिवेदन ।

अदालतको ठहर :

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाामा मिति २०७३/०३/२७ गतेका दिन प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले वारदात स्थान पाल्पा जिल्ला फेक गा.वि.स.वडा नं. ३ दानसिह डाँडा स्थित प्रतिवादीकै घर कोठामा आफ्नै हाडनाता भित्रकी छोरी नाता पर्ने बर्ष ४ कि पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई निज पीडितको इच्छा विपरित विभिन्न प्रलोभन दिई ललाई फकाई गरी घरभित्र लगी खाटमा पल्टाई प्रतिवादीको लिङ्ग पीडितको योनिमा पसाई जवरजस्ती करणी गरेको देखिन आएबाट प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १,२ र ३ नं. तथा हाडनाता करणी गर्नेको महलको ३ नं.को देहाय २ अनुसारको कसुर गरेको देखिंदा, सो कसुरमा विरुद्ध खण्डका निज प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरलाई सोही मुलुकी ऐन जवरजस्ती करणी महलको ३ नं.को देहाय १ नं. अनुसार सजाय गरी, सोही ऐन महलको २ नं. बमोजिम मुलुकी ऐन हाडनातामा करणी गर्नेको महलको ३ नं अनुसारको सजाय समेत थप गरी सजाय हुन र मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं र १० ग नं. अनुसार प्रतिवादीबाट पीडितलाई क्षतिपुर्ती समेत दिलाई भराई पाँउ। साथै प्रतिबादी १६ बर्ष भन्दा मुनीको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को ११(३)का आधारमा माथि दावी गरीए अनुसारको सजाय हुन भन्ने अभियोग मागदावी रहेको देखिन्छ। कानूनसँग द्वन्दमा परेको बालकको तर्फबाट उपस्थित बैतनिक कानून व्यवसायी विद्वान अधिवक्ता श्री डिल्ली बहादुर कार्कीले गर्नु भएको बहस र कानूनसँग द्वन्दमा परेको बालकको आमाले गरेको छलफल समेत सुनी मिसिल संलग्न कागजातहरुको अध्ययन एवं वाल इजलासका सहयोगी सदस्य द्वय समाजसेवी/समाजिक कार्यकर्ता मिना जि.सी र वालविशेषज्ञ वा वालमनोवैज्ञानिक अम्विका भट्टराईले दिनु भएको राय एवम् मिसिल संलग्न कागजतहरुको अध्ययन गरी हेर्दा कानुनसँग द्धन्दमा परेको यी वालकले आरोपित विज्याई गरेका हुन् होईनन्? हुन् भने के कति सजाय हुनुपर्ने हो र पीडित वालिकालाई के कति क्षतिपूर्ति दिलाउन उपयुक्त हुन्छ ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

अब निर्णयतर्फ बिचार गर्दाः– मिति २०७३/३/२७ गते म घर जग्गाको तिरो बुझाउन जानु परेकोले नावालक छोरी परिवर्तित नाम ४७ (H) कुमारीलाई गाउँकै पबित्रा छहरीको घरमा छोडेकी थिएँ। साँझ ५:०० बजेतिर घरमा आउँदा छोरी झोक्र्याएको अबस्थामा थिईन। साँझको खाना पनि कम खाएकी र राती पिसाव फेर्न जाँदा छोरीले पिसाव फेर्ने ठाउँ दुखेको भनेकी हुँदा के भयो भनी सोधपुछ गर्दा छोरीले परिवर्तित नाम ४७ (B) बहादुरले मलाई निजको घरमा लुकामारी खेल्दा खाटमा सुताई, आफ्नो पिसाव फेर्ने तुरी निकाली, मेरो पिसाव फेर्न ठाउँमा छिराई दुखाई

दिएका हुन् भने पछि थाहा जानकारी पाई यो जाहेरी दरखास्त दिन आएकी छु । मेरो नाबालिका बर्ष ४ की छोरीलाई जवरजस्ती करणी गर्ने प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुरलाई पक्राउ गरी जवरजस्ती करणीको महलको ३(१) बमोजिम हदैसम्म सजाय गरी क्षतिपुर्ती समेत दिलाई पाउँ भन्ने समेत ब्यहोरको मौकामा परिवर्तित नाम ४७ (ब) कुमारीले जाहेरी दरखास्त/दिएकी र निजै जाहेरवाली यस अदालत समक्ष उपस्थित भई मिति २०७३/३/२७ गते मेरी छोरी पीडित ४७ (H) कुमारीलाई प्रतिवादी ४७(B) बहादुरले जवरजस्ती करणी गरेका हुन् । सो घटनाको बारेमा छोरीलाई पिसाव फेर्न लाग्दा छोरी रोएपछि मैले छोरीलाई सोध्दा काले दाईले मलाई हातमा समाती आफ्नो घरभित्र लगी खाटमा सुताई प्रतिवादीको पिसाव फेर्ने चिज मेरो पिसाव फेर्ने ठाउँमा छिराई दुखाई दिएको हो भनी बताएकी थिईन् भन्ने व्यहोराको जाहेरवालीले यस अदालतमा बकपत्र गरेको पाईन्छ ।

मिति २०७३/३/२७ गते खेल्दै परिवर्तित नाम ४७ (B) बहादुरको घर गएकी र निजसँग लुकामारी खेलिरहेको बेला निजले हात समातेर आफ्नो घरभित्र लगेका र खाटमा सुताई, मैले लगाएको सुरुवाल खोलिदिई, निजको पिसाव फेर्ने तुरी निकाली ,मेरो पिसाव फेर्ने चिजमा छिराई दुखाई दिएका हुन् भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम ४७ (H) कुमारीले मौकामा घटना विवरण कागज लेखाई निजै पीडित यस अदालतमा उपस्थित भई म मिति २०७३/३/२७ गते काले दाई परिवर्तित नाम ४७ (B) को घरमा गएको हो । मलाई काले दाईले खेल्ने क्रममा मेरो हातमा समाती घरभित्र लगेका हुन् । मलाई घरभित्र लगी खाटमा सुताई, मेरो कपडा खोली, काले दाईले आफ्नो पिसाव फेर्ने चिज मेरो पिसाव फेर्ने ठाउँमा छिराएका हुन् । काले दाईले आफ्नो पिसाव फेर्ने चिज मेरो पिसाव फेर्ने ठाउँमा छिराउँदा म पिडा सहन नसकी रुने, कराउने गरेको थिएँ। पछि मैले उक्त कुरा मेरी आमालाई भनेकी हुँ भन्ने समेत व्यहोराको पीडित ४७ (H) कुमारीले मौकाकै घटना बिवरण कागजको ब्यहोराको पुष्टि हुने गरी यस अदालतमा बकपत्र गरेको पाईन्छ।

परिवर्तित नाम ४७ (H) कुमारीको शारिरीक तथा मानसिक अवस्था सामान्य छ, कुनै घाउचोट देखिदैन भन्ने समेत व्यहोराको जिल्ला अस्पताल पाल्पाबाट प्राप्त स्वास्थ्य परिक्षण प्रतिवेदन मिसिल सामेल रहेको पाइन्छ।

मिति २०७३/३/२७ गते बिहान मेरो गाउँको माईजु नाता पर्ने परिवर्तित नाम ४७ (ब) कुमारीले म गा.वि.स. मा तिरो बुझाउन जानुछ, नानीलाई यही छोडेर जान्छु भनी परिवर्तित नाम ४७ (H) कुमारीलाई हाम्रो घरमा छाडी आफु गा.बि.स. भवन तर्फ जानु भएको र नानी मसंगै बसेकी थिइन् । पछि नानी खेल्दै निजकै हजुरबाको घर तर्फ जान्छु भनी गईन म बाख्रा चराउन

गएँ। साँझ घरफर्कि सुत्यौं। अर्को दिन २८ गते बिहान निज परिवर्तित नाम ४७ (H) कुमारीलाई परिवर्तित नाम ४७ (B) बहादुरले जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएकी हुँ। पछि बुझ्दा निजलाई परिवर्तित नाम ४७ (B) बहादुरले निजकै घरमा खेल्न लागेको अबस्थामा हातमा समाती घरभित्र खाटमा लगी सुताई निजको कपडा खोली दिई, आफ्नो कपडा समेत खोली जवरजस्ती करणी गरेका भन्ने थाहा पाएकी हुँ भन्ने समेत ब्यहोराको मौकामा बुझिएकी पबित्रा छहारीले घटना बिवरण कागज गरेको र निजै बादीको साक्षी भई यस अदालतमा आई उक्त दिन जाहेरवालाले आफ्नो छोरी पीडितलाई मसँग छोडी गएको हो। म सँग एक छिन खेलेपछि पीडित आफ्नो हजुरबुबाको घरमा गएँकी हुन्। त्यसपछि म बाख्रा चराउन गएँ। प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो। सो कुरा पीडितको आमाले भनेर थाहा पाएको हो भनी अदालतमा बकपत्र गरेको पाईन्छ।

मिति २०७३/३/२८ गते बिहान म आफ्नै घरमा रहेको अबस्थामा जाहेरवाली परिवर्तित नाम ४७ (ब) कुमारीको छोरी परिवर्तित नाम ४७ (H) कुमारीलाई प्रतिवादी परिवर्तित नाम ४७ (B) बहादुरले मिति २०७३/३/२७ गते आफ्नो घरमा खेल्न गएको अवस्थामा जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हुँ। निज परिवर्तित नाम ४७ (B) बहादुर परिवर्तित नाम ४७ (H) कुमारीको अंकल पर्दछन्। यसरी आफ्नो छोरी नाता पर्ने परिवर्तित नाम ४७ (H) कुमारीलाई हाडनाताभित्र करणी र निज प्रतिबादीलाई कानुन बमोजिम कडा भन्दा कडा सजाय हुनु पर्दछ भन्ने समेत एकै मिलान व्यहोराको टोप बहादुर बगाले, ढाल बहादुर बगाले र चुरा बहादुर छहारीले मौकामा वस्तुस्थिती मुचुल्का लेखाई दिएकोमा बादीका साक्षी समेत रहेका चुरा बहादुर छहारीले यस अदालतमा आई उक्त मितिमा पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई प्रतिवादी ४७ (B) बहादुरले जवरजस्ती करणी गरेको हो। उक्त दिन पीडितको आमाले पीडितालाई छिमेकी पबित्रा छहारीको घर नजिक छोडी तिरो बुझाउन स्कुलमा गएको अवस्थामा प्रतिवादीले पीडितलाई आफ्नो घरमा लगी करणी गरेकोले राती पिसाव फेर्ने बेलामा दुख्यो भनी हेर्दा निज पीडितको योनी सुनीएको देखी कसले के गर्‍यो भनी सोध्दा पीडितले मेरो योनीमा प्रतिवादी बाल बिज्याईकर्ता ४७ (B) बहादुरले आफ्नो लिङ्ग घुसाएको भनेकोले सोही कुरा जाहेरवालाले भनेकाले मैले थाहा पाएको हो भनी बकपत्र गरेको पाईन्छ।

मिति २०७३/३/२७ गते दिउँसोको समयमा आमा बुबा खरबारीमा घाँस काट्न जानु भएको र घरमा म एक्लै बसेको, गाउँकै पबित्रा छहरीले बाख्रा चराउन जाने बेलामा परिवर्तित नाम ४७ (H) कुमारी नानीलाई मेरो घर अगाडी छाडी गएकी थिइन्। सो पश्चात परिवर्तित नाम ४७

(H) कुमारी नानी र म मेरो घरभित्र लुकामारी खेल्न थाल्यौं । म र नानी केही समय लुकामारी खेले पछि पिसाव फेर्न गईन र म पिसाव फेरेर म बसेको ठाउँमा आईन । त्यसपछि म नानीलाई लिएर म सुत्ने कोठामा लगे । कोठाभित्र गएपछि नानीलाई म सुत्ने खाट माथि सुताएर निजले लगाएको सुरुवाल खोली दिएँ । मैले आफ्नो कट्टुको साईडबाट आफ्नो पिसाव फर्ने चिज निकाली नानी परिवर्तित नाम ४७ (H) कुमारीको माथि सुतेर आफ्नो पिसाव फेर्ने चिज नानीको पिसाव फेर्ने ठाउँको वरिपरी रगडेको हो । मेरो पिसाव फेर्ने चिज परिवर्तित नाम ४७ (H) कुमारीको पिसाव फेर्ने ठाउँभित्र छिराउन खोज्दा नानी चिच्याएकीले छाडि दिएको हुँ । ५/६ महिना अगाडी गाउँको ठूलो केटाले मोवाइलमा दुइजना केटाकेटीले सुताई गरेको देखेकोले सो दिन पनि सोही सम्झिई परिवर्तित नाम ४७ (H) कुमारीको पिसाव फेर्ने ठाउँ वरीपरि रगडेको हो भन्ने समेत ब्यहोराको प्रतिबादी परिवर्तित नाम ४७ (B) बहादुरले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गरेको र यस अदालत समक्ष समेतमा मौकामा पीडितको पिसाव फेर्ने चिजमा आफ्नो पिसाव फेर्ने चिज छिराउने प्रयास गरेको स्विकारी मैले एक दुई पटक पीडितको पिसाव फर्ने ठाउँमा छिराउँदा छिराउँदै छिरेन भनी करणीको कसुरमा इन्कारी बयान गरेको पाईन्छ ।

यसरी माथि उल्लेख गरिए अनुसार यी वालबिज्याईकर्ता उपर पीडित कै आमा परिवर्तित नाम ४७ (ब) कुमारीले यी बाल विज्याईकर्ताले मेरो नाबालिका बर्ष ४ की छोरी पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई जवरजस्ती करणी गरेकोले मुलुकी ऐन जवरजस्ती करणीको १ नं.को कसुरमा सोही ऐनको ३(१) नं. बमोजिम सजाय गरी पाउँ भनी किटानी जाहेरी दरखास्त दिएकी र स्वयम् जाहेरवाली यस अदालतमा उपस्थित भई मौकाकै जाहेरी व्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरी दिएकी, पीडित परिवर्तित नाम ४७ (H) कुमारी स्वयमले मौकामा यी बिज्याईकर्ताले लुकामारी खेल्ने क्रममा मेरो हात समाती आफ्नो घरमा लगी मलाई खाटमा पल्टाई सुताई ,मेरो र आफ्नो कपडा समेत खोली दिई ,निजको पिसाव फेर्ने (तुरी) निकाली मेरो पिसाव फेर्ने चिजमा छिराई दुखाई दिएका हुन् । मेरो पिसाव फेर्ने चिज देखाएपछि म आफ्नो घरमा गएर आमालाई भनेकी हुँ भनी मौकमा घटना बिबरण कागज गरेकी र स्वयम् पीडित यस अदालतमा आई बकपत्र गर्दा बकपत्रको स.ज.(६)(७)(८)(९)(१०)(११)मा समेत यी प्रतिवादीले पीडित ४७ (H) कुमारीलाई जवरजस्ती करणी गरेको पुष्टि हुने गरी बकपत्र समेत गरि दिएको पाईन्छ भने स्वयम् यी प्रतिवादीले समेत यस अदालत समक्ष बयान गर्दा मैले पीडित ४७ (H) कुमारीलाई करणी गर्ने प्रयास गरेको हुँ । पीडितको पिसाव फेर्ने चिजमा मेरो पिसाव फेर्ने चिज छिराउने प्रयास गरेको हुँ । मैले एक दुई पटक पीडितको पिसाव फर्ने ठाउँमा छिराउँदा छिराउँदै छिरेन भनी करणीको कसूरमा

इन्कारी बयान गरे तापनि मौकाको बयानमा भने आफूहरुले लुकामारी खेल्दा खेल्दै आफ्नो घरभित्र लगी आफू सुत्ने कोठाको खाटमा सुताई निज माथि सुतेर आफ्नो कट्टुको साईडबाट आफ्नो पिसाव फेर्ने चिज निकाली पीडितको पिसाव फेर्ने ठाउँमा विरपरि रगडेको हो । आफ्नो पिसाव फेर्ने चिज पीडितको पिसाव फेर्ने ठाउँमा छिराउन खोज्दा पीडित चिच्याएकोले छाडेको भनी कसूरमा साविती बयान गरेको पाईन्छ । त्यस्तै गरी मौकामा बुझिएको चुरा बहादुर छहारी मगर, पवित्रा छहारी, ढाल बहादुर बगाले समेतका मानिसहरुले समेत प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएका हौं भनी मौकामा कागज गरिदिएको पाईन्छ ।

मौकामा पीडितको शारिरीक परिक्षण हुँदा पीडितको शारिरीक तथा मानसिक अवस्था सामान्य रहेको, पीडितको शरीरमा कुनै घाउचोट, निलडाम नभएको, पीडितको योनी सुन्निएको छैन । कन्याजाली च्यातिएको छैन भन्ने परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइए तापनि, पीडित तथा पीडितकी आमा जाहेरवालीले समेत यी प्रतिवादीले यी पीडितलाई जवरजस्ती करणी गरेको हो भन्ने कुरा पुष्टि हुने गरी मौकामा तथा यस अदालतमा बकपत्र गरि दिएका, स्वयम् यी प्रतिवादीले यस अदालत समक्षको बयानमा पनि पीडितलाई जवरजस्ती करणीको प्रयास गरेकोमा पूर्ण रुपमा स्वीकार गरेको र मौकाको बयानमा भने पीडितको योनीमा आफ्नो लिङ्ग रगडेको भनी बयान गरेकोले पीडितको योनीमा लिङ्ग प्रवेशै गरेको हुनुपर्ने र वीर्य स्खलन समेत हुनुपर्ने भन्ने कानूनी अनिवार्यता रहे भएको पनि पाईदैन । स्वास्थ्य जाँच रिपोर्टमा पीडितको योनी तथा शरीरमा घाउचोट निलडाम नपाइए तापनि प्रचलित कानून, विधिशास्त्रीय दृष्टिकोण एवं मान्य सिद्धान्तका आधारमा पनि जवरजस्ती करणी हुन लिङ्गको पूर्ण प्रवेश तथा पीडितको यौनाङ्ग च्यातिए फाटेको हुन आवश्यक नहुने हुँदा स्वयम् पीडितकै भनाई, जाहेरवालीको जाहेरी एवं अदालतको बकपत्र, स्वयम् यी प्रतिवादीको बयान, बुझिएका मानिसहरुको भनाई समेतका उल्लेखित विभिन्न प्रमाण आधारबाट यी प्रतिवादीले पीडित ४७ (H) कुमारीलाई जवरजस्ती करणी गरेको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको १ नं .तथा ३ नं.को देहाय २ नं.बमोजिमको कसुर अपराध गरेको ठहर्छ ।

अब निज बाल बिज्याईकर्ता बालकलाई के कति सजाय हुनुपर्ने हो भन्ने सम्वन्धमा बिचार गर्दा वादी नेपाल सरकारले निज बाल बिज्याईकर्ता उपर बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सजायको माग दावी लिई अभियोगपत्र दायर भएको देखिन्छ । अभियोगपत्रमा माग दावी लिएको उक्त दफा ११(३) मा भएको कानूनी व्यवस्था हेर्दाः– “चौध बर्ष वा सो भन्दा माथि र १६ बर्ष भन्दा मुनीको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका

व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ। मिसिल संलग्न रहेको निज बालकले अध्ययन गर्ने भैरब नवदीप उ.मा.वि.छहरा, पाल्पाको च.नं.७९प.सं.०७३/७४ मिति २०७३/४/२ गतेको पत्र भएको, प्रस्तुत अभियोगपत्रबाट समेत निजको जन्म मिति २०५७/०५/२६ गते उल्लेख भई वारदात भएको समयमा निज बालकको उमेर १४ बर्ष भन्दा माथि १६ बर्ष भन्दा कम रहेको भन्ने देखिन्छ। यसमा १६ बर्षभन्दा मुनीको बालकलाई नाबालक भनी परिभाषित गरेको र कानुनले नै त्यस्ता बालकलाई उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भनी कानूनमा नै स्पष्ट व्यवस्था भएको देखियो। प्रस्तुत मद्दामा यी प्रतिवादीले बर्ष ४ की नाबालिका परिवर्तित नाम ४७ (H) कुमारीलाई जवरजस्ती करणी गरेको भन्ने देखिएकोले मुलुकी ऐन जवरजस्ती करणीको ३ नं.को देहाय (१) नं.मा १०(दश) बर्ष भन्दा मुनीकी बालिका भए दशदेखि पन्ध्र बर्षसम्म कैद सजाय हुने भन्ने कानूनी व्यवस्था समेत रहेको देखिन्छ।

तसर्थ माथी उल्लेख भएकी यस्ती १० (दश)बर्ष भन्दा मुनीकी पीडित बालिकालाई जवरजस्ती करणी गर्ने यी प्रतिवादी नाबालक नभई साबालक भएको भए, सोही ऐनको जवरजस्ती करणको ३(१) नं.अनुसार तजविजी सजाय कैद बर्ष १० (दश) हुनेमा यी बाल बिज्याईकर्ता समेत १४ बर्षभन्दा माथि र १६ बर्ष भन्दा मुनीको भई निज उपर बालबालिका सम्वन्धी ऐन, २०४८ को ११(३) अनुसारको सजाय हुन भनी अभियोग मागदावी रहेको देखिंदा, निज बालबिज्याईकर्ता परिवर्तित नाम ४७ (B) बहादुरलाई मुलुकी ऐन जवरजस्ती करणीको ३ (१) नं. अनुसार तजविजी कैद सजाय बर्ष १०(दश) बर्षको आधा ५ (पाँच) बर्ष कैद सजाय हुने ठहर्छ। निज बाल बिज्याईकर्ता परिवर्तित नाम ४७ (B) बहादुर १६ बर्ष भन्दा मुनीको नाबालक भएको र यस बाल इजलासका सहयोगी सदस्य द्वय समाजसेवी तथा बालमनोविशेषज्ञ समेतले दिनुभएको राय एवं वालबालिका सम्बन्धी महासन्धी, १९८९ को धारा ३(१), बाल अधिकार सम्वन्धी महासन्धी १९८९ को धारा ९(१), धारा ३७(ख) समेतले गरेका प्रावधानहरुले समेटेका भावना अनुकुल हुनुको साथै प्रचलित नेपाल कानूनको मकसद समेत पूरा हुने हुँदा कानूनसँग द्धन्दमा परेका यी बालक प्रतिवादी ४७ (B) बहादुरलाई अन्य उमेर पुगेका मानिसलाई सरह कारागार कार्यालयमा थुनामा राख्न मनासिव समेत नदेखिएको र यस्तो नाबालकको सर्वोत्तम हितलाई मध्यनजर राख्नु पर्ने र यी बाल बिज्याईकर्ताको आमा समेत छलफल रोहवरमा रही निज बाल बिज्याईकर्ता कक्षा ६(छ) मा अध्ययन गरिरहेको, निजको बाबु बिदेशमा रहेको, बाबु आमाको यी प्रतिवादी एक्लो छोरा भएको भन्ने कुरा इजलासमा प्रतिवादीकी आमाले व्यक्त गरेकी र बाल इजलासमा उपस्थित सहयोगी सदस्य द्वय समेतको राय समेतबाट र बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०

को उपदफा (२) मा भएको कानून व्यवस्था समेतलाई मध्यनजर राखी निज बाल बिज्याईकर्ता परिवर्तित नाम ४७ (B) बहादुरलाई लागेको सजाय महिला तथा बालबालिका कार्यालय पाल्पा, तानसेनको संरक्षण एवं रेखदेखमा व्यतित गर्ने गरी तोकिएको छ । साथै निज प्रतिवादी उपर मुलुकी ऐन हाडताना करणी गर्नेको महलको ३ नं.को देहाय २ नं.अनुसारको कसुर गरेको देखिदा सो कसुरमा सोही ऐन महलको २ नं. बमोजिम मुलुकी ऐन हाडताना करणी गर्नेको महलको ३ नं.अनुसारको सजाय समेत थप गरी सजाय हुन भन्ने अभियोगपत्रमा दावी लिएको देखिएको, तर प्रस्तुत वारदात एवं अभियोगपत्र दायर हुनु भन्दा आगावै २०७२ सालमा नै मुलुकी ऐनमा भएको संशोधनमा हाडनाता करणीको महल ३ नं. खारेज भैसकेको देखिन्छ भने स्वयम् पीडितकी आमा जाहेरवालीले र स्वयम् पीडितले पनि यी प्रतिबादी हाडनाता भित्रका हुन् भनी अदालतमा भएको बकपत्रमा लेखाउन सकेको पनि पाइदैन । तसर्थ सो तर्फको माग दावी पुग्न नसक्ने ठहर्छ । साथै प्रतिवादीबाट पीडितलाई मुलुकी ऐन जवरजस्ती करणीको १० नं.र ऐ.१० ग नं.अनुसारको क्षतिपूर्ति भराई दिनु भनी अभियोगपत्रमा माग दावी लिएको देखिएकोले प्रस्तुत अभियोपत्रको मिसिलमा प्रतिवादीको सम्पत्ति स्रेस्ता बिबरण समेत खुली आएको नदेखिंदा,मुलुकी ऐन जवरजस्ती करणीको १० ग नं.बमामेजिम निज पीडित परिवर्तित नाम ४७(H) कुमारीलाई रु.२०,०००/–(बीस हजार) क्षतिपूर्ति महिला तथा बालबालिका कार्यालय पाल्पा, तानसेनबाट क्षतिपुर्ति भराई दिने गरी यो आदेश गरिदिएको छ। सो ठहर्दा अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छ ।

**<u>तपसिल</u>**

१. माथी ठहर खण्डमा लेखिए बमोजिम बालबिज्याईकर्ता परिवर्तित नाम ४७ (B) बहादुरलाई ५ (पाँच) बर्ष कैदको सजाय हुने ठहरी, निज प्रतिबादीलाई बालबालिका सम्वन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (२) मा भएको कानून व्यवस्था अनुसार निज प्रतिबादीलाई तोकिएको सजाय महिला तथा बालबालिका कार्यालय तानसेन, पाल्पाको संरक्षण एवं रेखदेखमा रही ब्यतित गर्नुपर्ने गरी तोकीएकोले यी प्रतिबादी निजको आमाको साथमा यस अदालतमा तारेखमा नै रहेको देखिदा प्रतिबादीलाई महिला तथा बालबालिका कार्यालय पाल्पा, तानसेनको संरक्षण एवं रेखदेखमा राख्नु हुन भनी सो कार्यालयमा प्रतिबादीलाई लेखि पठाईदिनू ।

२. पीडित परिवर्तित नाम ४७ (H) कुमारीलाई रु.२०,०००/–(बिस हजार) क्षतिपूर्ति महिला

तथा बालबालिका कार्यालय पाल्पा, तानसेनबाट भराई पाँउने ठहरी फैसला भएकाले उक्त कार्यालयबाट पीडितलाई सो क्षतिपूर्ति दिलाई दिनु भनी सो कार्यालयलाई लेखि पठाईदिनू ।

३. यस फैसलामा चित्त नबुझे सरकारीबादी मुद्दा सम्बन्धि ऐन २०४९ को दफा २६(१) बमोजिम ७० दिनभित्र श्री तुल्सीपुर उच्च अदालत, बुटवल ईजलासमा पुनरावेदन गर्नु भनी प्रतिबादी परिवर्तित ४७ (B) बहादुरलाई ७० (सत्तरी) दिने पुनरावेदनको म्याद दिनू । साथैं प्रस्तुत मुद्दा फैसला भएको जानकारीको लागि फैसलाको प्रतिलिपी सहित जिल्ला सरकारी वकील कार्यालय, पाल्पालाई लेखी पठाईदिनू ।

४. सरोकारवालाले नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।

५. प्रस्तुत मुद्दा दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

...............................

जिल्ला न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्ने</u>

फाँटवाला– ना.सु. बसन्तराज ढुंगाना ।

माननीय न्यायाधीश ज्यूले टिपाए बमोजिम टाइप गर्ने – टा.ना.सु.याम कुमारी राना ।

ईति सम्वत् २०७३ साल मंसिर ७ गते रोज ३ शुभम्..........................................।

**श्री मुस्ताङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पीताम्वर शर्मा**

**फैसला**

**उपस्थिति**

**बालबिशेषज्ञः–** ×

**समाजसेवीः–** ×

**संवत् २०७३ सालको स.फौ.नं.** ०७३–CR–०००१

**निर्णय नं.** ७

**मुद्दाः– जबर्जस्ती करणी (बाल विज्याँई)**

वादीको नाम, थर, वतन

जिल्ला रोल्पा मिरुल गा.वि.स. वडा नं. ५ घर भई हाल जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं ८ बस्ने वर्ष ४५ की परिवर्तित नाम मुस्ताङ एल (L) को जाहेरीले नेपाल.................................१

**प्रमाण**

साक्षीः जाहेरवाली परिवर्तित नाम एल (L) कुमारी, पिडित परिवर्तित नाम मुस्ताङ एम (M) कुमारी, पिडितको आमा परिवर्तित नाम के (K) कुमारी, मौकामा कागज गर्ने दिल प्रसाद वि.क., श्रीमाया पुन ।

कागजः–×

प्रतिवादीको नाम, थर, वतन

जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं ५ बस्ने परिवर्तित नाम जि (G) बहादुरको छोरा बर्ष १२ को परिवर्तित नाम मुस्ताङ १२ ......................................१

**प्रमाण**

साक्षी

आनन्द शेरचन

कागजः–×

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१), मुलुकी ऐन अ.बं. २९ नं. तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा** (३) **र** (४) **बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-**

मिति २०७३/५/१८ गतेको दिन अं १४.०० बजेको समयमा जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ५ बस्ने बर्ष १३ को परिवर्तित नाम मुस्ताङ १२ ले मेरो नातिनी वर्ष ५ की परिवर्तीत नाम मुस्ताङ एम (M) कुमारी लाई बिस्कुट किनी खान दिन्छु भनी ललाई फकाइ गरी प्रलोभनमा पारी गाउँ समाजको घरमा लगी जबरजस्ती करणी गरेको हुँदा निज उपर कानुनी कारवाही गरी नियमानुसार क्षतिपूर्ती समेत दिलाई भराई पाँउ भन्ने समेत बेहोराको परिवर्तीत नाम एल (L) कुमारीको जाहेरी दरखास्त ।

जिल्ला मुस्ताङ कोबाङ गा.वि.स. वडा नं. ८ स्थित पूर्वमा आमा समुहको भवन, पश्चिममा थापखोला हाईड्रो पावरको खाली जग्गा, उत्तरमा जीवन थकालीको खाली जग्गा, दक्षिणमा सिंचाई घट्टेकुलो, यती चारकिल्ला भित्र पूर्व मोहोडा भएको १ तले ३ वटा कोठाको गाउँ समाज आमा समुहको भवन रहेको, पूर्व दक्षिण ढोकाबाट भित्र पस्दा पश्चिममा किचन कोठाको उत्तर पश्चिम कुना भुँईमा मिति २०७३/५/१८ गतेका दिन परिवर्तित नाम मुस्ताङ १२ ले वर्ष ५ की परिवर्तीत नाम मुस्ताङ एम (M) कुमारी लाई ललाई फकाई गरी जबरजस्ती करणी गरेको ठाउँ रहेको भन्ने बेहोराको घटनास्थल मुचुल्का ।

परिवर्तित नाम मुस्ताङ एल (L) कुमारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ भएको जबरजस्ती करणी मुद्दाका अभियुक्त निज परिवर्तित नाम मुस्ताङ १२ लाई पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको प्र.ना.नि. डम बहादुर धिङ्गालको पक्राउ प्रतिवेदन ।

पिडीत परिवर्तित नाम मुस्ताङ एम (M) कुमारी र पिडक परिवर्तित नाम मुस्ताङ १२ लाई शारीरिक जाँचको लागि पठाईएको भन्ने व्यहोराको मुस्ताङ जिल्ला अस्पताललाई लेखिएको पत्र । Scratched mark on Right forearm (flexor aspect) 1फ1 cm, Abrasion on left cheek chin 3फ2 cm, Scratched mark on Rt. thigh 4फ2 cm भन्ने समेत बेहोराको पिडीत परिवर्तीत नाम मुस्ताङ एम (M) कुमारीको शारीरिक जाँच प्रतिवेदन र 12 dead sperms seen भन्ने बेहोराको ल्याव रिपोर्ट पूर्जी ।

Normal /No any injury भन्ने समेत बेहोराको परिवर्तीत नाम मुस्ताङ १२ को शारीरिक जाँच प्रतिवेदन । म मेरो २ वटी छोरीहरुलाई आमा परिवर्तित नाम मुस्ताङ एम (M) कुमारी संग

छोडी काम बिशेषले काठमाण्डौ गएकीमा मिति २०७३/५/१८ साँझ फर्की २० गते बिहान लेतेबाट बस चढी आउने क्रममा मेरो कान्छी छोरीलाई निज प्रतिवादीले जवरजस्ती करणी गरेको भनी बहिनीले खवर गरेकीले सुनी घरमा आई बुझ्दा सत्य रहेछ । उक्त मिति २०७३/५/१८ गते शनीबार भई घर नजिक साथीहरु संग खेली बसेको अबस्थामा निज प्रतिवादी परिवर्तीत नाम मुस्ताङ १२ ले मेरो निज छोरीलाई बिस्कुट किनी खाउँला हिड भनी ललाई फकाई गरी गाउँ भन्दा एकान्तमा रहेको गाउँ समाज घरकोठा भित्र लगी सुत्नी खेलौ भनी जबरजस्ती करणी गरेको रहेछ । नाबालिकालाई फकाई गरी जबरजस्ती करणी गर्ने निज उपर कानुनी बमोजम कारवाही गरी निज प्रतिवादीबाट पिडीत मेरो छोरीलाई क्षतीपुर्ती समेत दिलाई पाउँ भन्ने समेत बेहोराको परिवर्तीत नाम के (K) कुमारीले गरेको कागज ।

मिति २०७३/५/१८ गते दिउसो म घर नजिकै साथहरु संग खेलि रहेको अबस्थामा निज परिवर्तीत नाम मुस्ताङ १२ म भएको ठाउँमा आई मलाई नानी कान्छी भनी बोलाई यता आईजा बिस्कुट खान भनी बोलाई मलाई गाउ समजको घरमा लगी सुत्नी खेलौ भनी आफ्नो ज्याकेट खोली बिच्छाई मलाई सुत्न लगाई मेरो सुरुबाल खोली दिई आफ्नो जिन्सको पाइन्ट खोली आफ्नो दह्रो भएको पिसाव गर्नेले मेरो सु गर्ने (पिसाब गर्ने) ठाउमा घोचे, मलाई बेसरी दुखेकोलेमैले ऐया ऐया दुख्यो भन्दा पनि निजले घोचेको घोचै गरेका, मैले खप्न नसकी रोए पछि निजले मलाई छाडि दिएका र यस्तो खेलेको कुरा घरमा आमा, मामा समेत कसैलाई नभन्नु है भनेका थिए भन्ने समेत बेहोराको पिडित परिवर्तीत नाम मुसाङ एम (M) कुमारीले गरेको कागज ।

पिडीत परिवर्तीत नाम मुस्ताङ एम कुमारीको जन्म मिति २०६७/३/१ गते भएको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

प्रतिवादी परिवर्तीत नाम मुस्ताङ १२ को जन्म मिति २०६१/१/२७ गते भएको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी र श्री जन आदर्श उच्च मा.वि. कोवाङको पत्र ।

मैले ब्ल्यु फिल्म हेरेबाट सेक्स गर्ने उत्सुत्ता जागी आएकोमा उक्त वारदात मिति २०७३/५/१८ गते शनिवारको दिन रहेकोमा बिहान घरमा काम गरी दिउँसो निजै पिडीत परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीको मामा संग घरमा गई टि.भी. हेरी निस्कदा अं. २ बजेको थियो होला घर नजिकै निज साथीहरु संग खेल्दै रहिछन् । निजलाई सेक्स गर्ने सोची योजना बनाई नानी आईजा यता जाउँ भन्दा निज आएकीले मैले गाउँ समाजको घरमा लगी नानी आज तिमी र म सुत्नी खेलौ है भन्दा निजले हुन्छ भने पछि मैले मेरो ज्याकेट खोली भुईंमा बिच्छाई निजलाई सुत्न लगाएँ । त्यस पछि निजको सुरुबाल तानी खोली दिई मैले मेरो पाइन्ट खोली मेरो लिङ्ग निजको

योनीमा लगि छिराउन धकेल्दा अलिकति मात्र पसेको थियो । पुरै पसेन, पुरै छिराउन धकेल्दा निज ऐया ऐया भनी रोएकीले मैले छोडी दिएको हुँ । मेरो विर्य स्खलन भएन । मलाई ब्ल्यु फिल्म देखाउनेहरुलाई मैले चिन्दीन भन्ने समेत बेहोराको प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

मिति २०७३/५/१८ गतेको दिउसो अं. १४.०० बजेको समयमा जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं ५ बस्ने निज प्रतिवादी परिवर्तीत नाम मुस्ताङ १२ ले जाहेरवालाको नातिनी परिवर्तीत नाम मुस्ताङ एम कुमारीलाई जबरजस्ती करणी गरेको भन्ने सुनेकोमा सत्य रहेछ। निजले उक्त मिति र समयमा साथीहरु संग खेली बसेको अवस्थामा बोलाई ललाई फकाई गरि गाउ समाजको घरमका लगी जबरजस्ती करणी गरेका रहेछन भन्ने समेत करिव एकै मिलान बेहोराको बुझिएका तुलचन्द्र मिजारले गरेको कागज र बसन्त घर्तीमगर समेतले गरेको बस्तुस्थिति मुचुल्का ।

प्रतिवादी मुस्ताङ १२ ले मिति २०७३/५/१८ गतेको दिउसो अन्दाजी २.०० बजेको समयमा बर्ष ६ को एम (M) कुमारीलाई बिष्कुट किनिदिन्छु भनि फकाई मुस्ताङ जिल्ला कोवाङ गा.वि.स. वडा नं ५ स्थित एकान्त स्थल समाज घरमा लगी सुती खेलौं भनी आफ्नो ज्याकेट खोली ओछ्याई पिडितालाई सुत्न लगाई पिडिताको सुरुबाल खोली आफ्नो उत्तेजित लिङ्ग पिडिताको योनीमा घरी घरी घोची पसाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ एवं ३ नं. को देहाय १ बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिदा निज प्रतिवादीलाई सोही कसुरमा ऐ. महलको ३ नं को देहाय १ बमोजिम सजाय गरी पिडितालाई सोही ऐन महलको १० नं. बमोजिम क्षतिपूर्ती समेत भराई पाउँ साथै प्रतिवादी मुस्ताङ १२ को उमेर निजको जन्म दर्ता समेतबाट बर्ष १२ को देखिन आएको हुँदा निजको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम गरी पाउँ भन्ने समेत बेहेराको अभियोगपत्र ।

मिति २०७३/०५/१८ गतेको दिन दिउसो अं. २/३ बजे तिर म मेरो गाउँ कोवाङको आमा समुहको भवनमा खेल्न भनी गएको थिएँ । म पिडित संग खेल्दा खेल्दै सेक्स गर्न मन लाग्यो मैले उसलाई तिमी र मैले सेक्स गरौं भन्दा उनले हुन्छ गरौं भनेपछि मैले लगाएको ज्याकेट भुईंमा ओछ्याई त्यही ज्याकेटमा उनी सुतिन् त्यसपछि उनले आफ्नो पाइन्ट आँफै खोलिन् मैले पनि आफ्नो पाईन्ट आफै खोलि उनि माथि चढेको हो । मेरो लिङ्ग उनको योनिमा छिराउन प्रयास गरेको हो । मरा लिङ्ग योनिभित्र पुरै नछिरी अलि अली छिरेपछि उनले ऐया भनेकाले करणी गर्न छाडिदिएको हुँ । मैले पोखरा जाँदा केटाहरुले ब्ल्यु फिल्म देखाएपछि मलाई करणी गर्न मन लागेको हो । पिडितलाई मैले बोलाई लगेको होइन र करणी गर्दा उनी रोएकी होईनन् । मलाई यस्तो

कार्य गर्न हुदैन भन्ने थाहा थिएन एक पटकलाई सुध्रने मौका पाउँ भन्ने समेत बेहोराको प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले यस अदालत समक्ष गरेको बयान ।

बालबालिकाहरुको सर्वोत्तम हित (Best interest of the child) समेतलाई दृष्टिगत गर्दा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (१) बमोजिम निज प्रतिवादीलाई बाल सुधार गृहमा पठाउन समेत मनासिव नदेखिदा अड्डाले चाहेको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मामा लगाउने तथा त्यस्तो कसैले पनि जिम्मा नलिए बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थाको जिम्मा लगाउन जिल्ला प्रहरी कार्यालय मुस्ताङमा पठाउने गरी भएको यस अदालतको थुनछेक आदेश बमोजिम निज प्रतिवादीलाई कागज गराई निजको बावु नाम परिवर्तित जि (G) बहादुरको जिम्मा लगाईएको ।

घटना भएको दिन म काममा गएकी थिएँ । साँझ मेरो नातिनी रोईरहेको र मलाई परिवर्तित नाम मुस्ताङ १२ ले समाजघरमा लगी भुईंमा सुताई आफ्नो लिङ्ग मेरो योनिमा छिराएको हो भनी भनेपछि मैले थाहा पाएकी हुँ । नातिनीको सु गर्ने ठाउँमा घाउचोट थियो । अहिले पनि नातिनीले पिसाव फेर्दा पोल्छ दुख्छ भन्ने गरेकी छन् भन्ने समेत बेहोराको जाहेरवाली परिवर्तित नाम एल (L) कुमारीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले मेरो छोरीलाई जबरजस्ती करणी गरेको कुरा मेरो बहिनीले फोन गरेर भनेपछि थाहा पाएकी हुँ । म घरमा आई हेर्दा छोरीको योनिमा घाउहरु थियो, सुन्निएको थियो । मेरी छोरी खेल्दै गर्दा प्रंतिवादीले समाजघरमा लगी भुईंमा सुताई जबर्जस्ती करणी गरेको हो । छोरीले दुख्यो भनेपछि कसैलाइ नभन्नु भनि छाडीदिएको हो भन्ने समेत बेहोराको पिडितकी आमा परिवर्तित नाम मुस्ताङ के (K) कुमारीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले मलाई बिस्कुट दिन्छु भनी समाजघरमा लिएर गई मलाई भुईंमा सुताई मेरो सुरुवाल खोलिदिई आफ्नो पाइन्ट खोली आफ्नो सु सु गर्ने मेरो सु सु गर्नेमा छिराउनका लागि घोचेको हो । मेरो सु गर्नेमा दुखेपछी मैले रुन लागेपछि छाडेका हुन् । उनले मलाई कसैलाई नभन्नु भनेका थिए । मेरो सु गर्ने हाल दुख्छ भन्ने समेत बेहोराको पिडित परिवर्तित नाम मुस्ताङ एम (M) कुमारीले यस अदालतमा गरेको बकपत्र ।

घटनास्थल मुचुल्काको बेहोरा ठीक छ मैले भनेबमोजिम लेखिएको ठीक हो । सो मुचुल्कामा लागेको सहिछाप समेत मेरो हो भन्ने समेत बेहोराको दिल प्रसाद वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

पिडितलाई एल (L) कुमारीले हस्पिटल लगेपछि मैरैमा बस्न आउँदा थाहा पाएँ । परिवर्तित नाम मुस्ताङ १२ ले मुस्ताङ एम (M) कुमारीलाई जर्वजस्ती करणी गरेको थाहा पाएँ । त्यतीवेला पिडितलाई हेर्दा योनिमा घाउ तथा सुन्निएको थियो भन्ने समेत बेहोराको बस्तुस्थिती मुचुल्काको कागज गर्ने श्रीमाया पुनले यस अदालतमा गरेको बकपत्र ।

मैले यो घटनाको बारेमा सुनेर थाहा पाएको हुँ देखेको छैन भन्ने समेत बेहोराको प्रतिवादी पक्षका साक्षी आनन्द शेरचनले यस अदालतमा गरेको बकपत्र ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस बाल इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री गोपाल प्रसाद ढकालले यी प्रतिवादीले खेल्दै गरेकी ६ बर्षकी बालिकालाई फकाई समाजघरमा लगी भुँईमा सुताइ जबर्जस्ती करणी गरी आरोपित कसुर गरेकाले अभियोग दाबी बमोजिम सजाय हुने ठहर गरी फैसला हुनु पर्दछ भनी प्रतिवादी कानूनको द्धन्दमा परेका बालकको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री बावुराम अर्यालले यी प्रतिवादी नाबालक भएकोले लहैलहैमा लागि बाल बिज्याईं गरेकाले बालबालिकाको हितलाई ध्यानमा राखी न्यूनतम सजाय हुनुपर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

मिसिल संलग्न कागज प्रमाण समेत अध्ययन गरी हेर्दा यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ विरुद्ध मुलुकी ऐन जबर्जस्ती करणीको महल १ नं. एवं ३ नं. को देहाय १ नं. बमोजिमको कसुर अपराध (बाल बिज्याईं) मा ऐ. महलको ३ नं. को देहाय १ बमोजिम सजाय गरि पिडितलाई ऐ. महलको १० नं. बमोजिम क्षतिपूर्ती समेत भराई पाउन साथै निज प्रतिवादीको उमेर बर्ष १२ को देखिंदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम हुन समेत भन्ने अभियोग पत्र माग दाबी रहेको प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नहरुको सम्बन्धमा निर्णय गर्नु पर्ने देखिन आयोः-

क) प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अभियोग पत्र माग दाबी बमोजिमको कसुर गरेका हुन्, होइनन् ?

ख) यी प्रतिवादीलाई अभियोगपत्र माग दाबी बमोजिम के कति सजाय हुनु पर्ने हो ?

ग) पिडितले क्षतिपूर्ती पाउनु पर्ने हो, होइन ? भए के कति क्षतिपूर्ति पाउनु पर्ने हो ?

सर्वप्रथम पहिलो प्रश्न यी प्रतिवादीले अभियोगपत्र माग दाबी बमोजिमको कसुर गरेका हुन्, होइनन् ? सो प्रश्न तर्फ विचार गर्दा, यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले अधिकार

प्राप्त अधिकारी एवं यस अदालत समक्ष बयान गर्दा आफूले मिति २०७३/०५/१८ मा बर्ष ६ कि परिवर्तित नाम एम (M) कुमारीलाई जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं. ५ स्थित समाजघरमा लगी सुती खेलौं भनी आफ्नो ज्याकेट खोली सो माथी सुत्न लगाई सुरुबाल खोली आफ्नो लिङ्ग पिडिताको योनिमा छिराउन धकेल्दा अलिकति मात्र पसेको हो । निज पिडिता दुख्यो भनी रुन लागेकोले मैले छोडी घर पठाएको भनी जबर्जस्ती करणीको बाल बिज्याईं गरेकोमा पूर्ण रुपमा सावित भै एक पटकलाई सुध्रने मौका पाउँ भनी बयान गरेका देखिन्छ । जाहेरवाली परिवर्तित नाम एल (L) कुमारीको यी प्रतिवादी उपर किटानी जाहेरी देखिन्छ भने निज जाहेरवालीले यस अदालतमा बकपत्र गर्दा समेत आफ्नो जाहेरी बेहोरालाई पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । त्यस्तै पिडिताको आमा परिवर्तित नाम के (K) कुमारीले प्रहरी समक्ष यी प्रतिवादी उपर किटानी साथ गरिदिएको कागजलाई निजले अदालतमा आई बकपत्र गर्दा समेत सर्मथन हुने गरी बकपत्र गरेको देखिन्छ । पिडिता परिवर्तित नाम एम (M) कुमारीले समेत प्रहरी समक्ष गरेको कागज बेहोरालाई पुष्टी हुने गरी अदालतमा समेत बकपत्र गर्दा यीनै प्रतिवादीले आफूलाई समाजघरमा लगी आफ्नो सुसु गर्ने मेरो सुसु गर्नेमा घोचेको, दुखेपछि म रुन थालें त्यसपछी छाडी कसैलाई नभन्नु भनी गएको भनी बकपत्र गरेको देखिन्छ । घटनास्थल मुचुल्काका दिल प्रसाद वि.क. तथा मौकामा कागज गर्ने वस्तुस्थिती मुचुल्काका श्रीमाया पुनले अदालतमा आई बकपत्र गर्दा समेत यी प्रतिवादीले पिडित एम (M) कुमारीलाई जबर्जस्ती करणी गरेको सुनी थाहा पाएको, पिडितालाई हेर्दा योनीमा घाउ तथा सुनिएको देखेको भनी बकपत्र गरेको देखिन्छ । जिल्ला अस्पताल मुस्ताङमा भएको पिडितको शारिरीक जाँच तथा ल्याब रिपोर्ट समेत हेर्दा forceful penetration and ejaculation on vagina भन्ने opinion रहेको तथा 12 dead sperm seen भन्ने उल्लेख भएबाट समेत यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ ले पिडिता परिवर्तित नाम एम(M) कुमारीलाई अभियोगपत्र माग दावी बमोजिम जबर्जस्ती करणीको कसुर गरेको मिसिल संलग्न सवुत प्रमाणबाट पुष्टी हुन आयो ।

अब दोश्रो प्रश्न यी प्रतिवादीलाई अभियोगपत्र माग दाबी बमोजिम के कति सजाय हुनु पेर्न हो ? सो सम्बन्धमा हेर्दा, यी प्रतिवादी मुस्ताङ १२ को उमेर मिसिल संलग्न स्थानिय पंजिकाधिकारीको कार्यालय कोवाङ गाउँ विकास समितिले दिएको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी एवं यी प्रतिवादी पढ्दै गरेको श्री जन आदर्श उच्च मा.वि. कोवाङको मिति २०७३/०५/२३ को च.न. १७ को पत्र समेतबाट निजको जन्म मिति २०६१/०१/२७ रहेकोमा कुनै विवाद देखिंदैन । अभियोगपत्रमा समेत यी प्रतिवादीको उमेर बर्ष १२ देखिंदा बालबालिका सम्बन्धी ऐन, २०४८

को दफा ११ (२) बमोजिम हुन भनी उल्लेख भएको देखिन्छ । मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. को देहाय १ मा १० बर्ष भन्दा मुनिकी बालिकालाई जबर्जस्ती करणी गर्नेलाई १० बर्ष देखि १५ बर्ष सम्म कैद गर्नु पर्दछ भन्ने उल्लेख भएको देखिन्छ भने बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) मा बालकको उमेर १० बर्ष वा सो भन्दा माथी र १४ बर्ष भन्दा कम उमेर रहेछ भने जरिवाना हुने कनै अपराध गरेकोमा हप्काई, सम्झाई, बुझाई र कैद हुने अपराध गरेकोमा ६ महिना सम्म कैद हुन्छ भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी १२ बर्षको नाबालक रहेकोमा कुनै विवाद नरहेको र जतिसुकै कैद हुने कसुर गरेपनि बढिमा ६ महिना भन्दा बढी कैद सजाय गर्न नसकिने कानुनी व्यवस्था देखिदा यी प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. को देहाय १ अनुसारको सजायको अभियोग दाबीमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (२) समेतलाई दृष्टीगत गर्दा ५ (पाँच) महिना कैद सजाय हुने ठहर्छ ।

अब, यि बालकलाई लागेको कैद सजायको कार्यन्वयन तर्फ विचार गर्दा नेपाल पक्ष राष्ट्र भएको बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी (Convention on the Right of the Child), १९८९ को धारा ३७ (ख) ले अन्तिम उपायको रुपमा मात्र कैदमा राख्न्न सकिने कुराको हक सुनिश्चित गरेको देखिन्छ । उक्त महासन्धीको धारा ४०(४) ले निर्णय गर्दा बालबालिकाहरुको हितको अनुकुल हुने गरी विभिन्न उपायहरु जस्तो स्याहार, मार्गदर्शन, निरिक्षण, सरसल्लाह सेवा, कैद दण्डको निलम्बन, स्थगन, पालनपोषण, शिक्षा, तालिम लगायतका विकल्पहरु अपनाईने छ भन्ने उल्लेख गरेको देखिन्छ । बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघिय न्यूनतम मापदण्डको नियमावली (वेइजिङ्ग नियमावली), १९८५, बाल विज्याई रोकथामका लागि संयुक्त राष्ट्र संघिय मार्गदर्शन (रियाद मार्ग दर्शन), १९९०, संयुक्त राष्ट्र संघिय आर्थिक तथा सामाजिक परिषदले सन् १९९७ जुलाई ३० मा पारित Guidenlines for Action on Children in the Criminal justice System एवं नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ को नियमावली २०५१ को समग्र व्यवस्था समेतलाई हेर्दा बालबालिकाहरुको सर्वोत्तम हित (Best Interest of the Child) लाई हेर्नु पर्ने अवस्था देखिन आयो । हाम्रो बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (२) ले "कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारिरीक अवस्था, कसुर गर्दाको परिस्थिति, उमेर, कसुरको पटक आदीको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकीएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगीत राख्न वा त्यसरी तोकिएको सजायको अवधी कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा

रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्नेछ। यसरी सजाय स्थगीत गरिएकोमा सोही बालकले त्यसको १ बर्ष भित्र त्यही वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले ओदश दिन सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा यि प्रतिवादी बालक पहिलो पटक बाल बिज्याईंमा परेको, निज बालक हाल श्री आदर्श उच्च मा.वि. कोवाङमा कक्षा ८ मा अध्ययनरत रहेको देखिएको, थुनछेक आदेशको क्रममा समेत बालबालिकाको सर्वोत्तम हित समेतलाई दृष्टीगत गरी बावुको जिम्मामा छाडिएको, अदालतको आदेशानुसार यि प्रतिवादी अध्ययनरत रहेको विद्यालयले दिएको मिसिल संलग्न प्रतिवेदनमा समेत निज विद्यालयमा नियमित रुपमा उपस्थीत भै अनुशासनमा रही अध्ययन कार्यमा संलग्न भएको भन्ने देखिएको तथा यि प्रतिवादीको बावु परिवर्तित नाम मुस्ताङ G (जि) बहादुरले दिएको प्रतिवेदनमा समेत आजका दिनसम्म निज परिवर्तित नाम मुस्ताङ १२ को दैनिकी, अनुशासन, आचरण राम्रो रहेको, घर परिवार प्रति इमान्दार, कर्तव्यपालन गरेको, सोही व्यहोराको छरछिमेकमा समेत रहेको, खराव संगत नगरेको, नियमित विद्यालय गै आफ्नो अध्ययनमा ध्यान दिएको, आफुले गर्न नहुने गल्ती (बाल बिज्याईं) गरेको प्रति पछुतो मानेको र अब आईन्दा यस्तो नराम्रो कार्य कहिल्यै नगर्ने समेतको वाचा गरेको भनि दिएको लिखित प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ। यस जिल्लामा बाल सुधार गृह नरहेको, भक्तपुर र पोखरामा रहेको बाल सुधार गृहमा पठाउदा हाल कक्षा ८ मा पढ्दै गरेका बालकको पढाई समेत छुट्ने, आफ्नो परिवार र समाजबाट टाढा हुन जाने समेतको अवस्था र समग्रमा बालबालिकाको सर्वोत्तम हित (Best interest of the Child) लाई न्यायिक मन (Judicial Mind) को प्रयोग गरी हेर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (२) बमोजिम हाल यि प्रतिवादीलाई लागेको उक्त कैद महिना ५ (पाँच) को सजाय तत्काल भोग्न नपर्ने गरी स्थगीत राखि दिने ठहर्छ।

अब, तेस्रो प्रश्न पिडितले क्षतिपूर्ति पाउनु पर्ने हो, होइन ? भए के कति क्षतिपुर्ति पाउनु पर्ने हो ? सो सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, जर्वजस्ती करणीको महल १० नं. मा "कसैले कुनै महिलालाई जर्वजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारिरीक र मानसिक क्षति विचार गरी मनासिव ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्यता कसुरबाट पिडित व्यक्तिको मृत्यु भैसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरुलाई पर्न गएको पिडा समेत विचार गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै नेपालको संविधानको धारा ३९(१०) ले पिडित बालबालिकाहरुलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था

गरिएको पाईन्छ । बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासन्धी, १९८९ र बालबालिका सम्बन्धी ऐन, २०४८ समेतले बालबालिकाको उचित क्षतिपूर्ति पाउने अधिकारको संरक्षण गरेको अवस्थामा पिडिताले पिडकबाट क्षतिपूर्ति पाउनु पर्ने सम्वन्धमा कुनै विवाद देखिदैन ।

अब, के कति क्षतिपूर्ति भराई पाउने हो ? सो सम्बन्धमा विचार गर्दा प्रतिवादीले अदालत समक्ष गरेको वयान समेत हेर्दा यि पिडक प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ का नाउँमा कुनै सम्पत्ति रहे भएको नदेखिएको, मिसिल संलग्न मालपोत कार्यालय मुस्ताङबाट प्राप्त जग्गा धनी दर्ता प्रमाण पूर्जाको दर्ता उतार समेतबाट यि प्रतिवादीको आमा सुकदेवी (गौचन) के.सी. का नाउमा दर्ता रहेको जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं ५।क कि.नं. १६४ को जग्गा रोपनी ०–४–०–० को घरबारी जग्गामात्र रहेको भन्ने देखिन्छ भने सो बाहेक अन्य कुनै पनि सम्पत्ति प्रतिवादीका एकाघरका परिवारका नाउँमा रहे भएको देखिदैन । यि प्रतिवादीको संयुक्त परिवारमा बावु, आमा, दिदी, बहिनी र आफू समेत कूल ७ जना अंशियारहरु रहेको भन्ने समेत प्रतिवादीको वयानबाट देखिन्छ । प्रतिवादीको बावु सामन्य चौरी पालक कृषक देखिन्छ भने अन्य ठूलो आयस्रोत समेत उक्त परिवारमा रहे भएको देखिदैन । अब, कसुरको गाम्भिर्यता समेतलाई मध्यनजर गर्दा यि प्रतिवादीले पिडिता बर्ष ६ की परिवर्तित नाम एम (M) कुमारीलाई पुऱ्याएको जर्वजस्ती करणीको कसुरबाट सिर्जित भएको शारिरीक एवं मानसिक पिडा समेतलाई मध्यनजर गर्दा यि पिडित परिवर्तित नाम एम (M) कुमारीले पिडक परिवर्तित नाम मुस्ताङ १२ बाट रु. ४०,०००/– (चालीस हजार) मात्र क्षतिपूर्ति समेत भराई लिन पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बममोजिम फैसला गरिदिएँ ।

**<u>तपसील</u>**

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम कैद महिना ५ हुने ठहरी सोही ऐनको दफा ५०(२) बमोजिम उक्त कैद भोग्न नपर्ने गरी स्थगित हुने ठहरेकोमा यी प्रतिवादी मिति २०७३/०५/२० देखि २०७३/०५/२९ सम्म दिन १० हरी हिरासतमा रहेको देखिदा बाँकी कैद ४ महिना २० दिनको हकमा यी प्रतिवादीको नाउँमा उक्त कैदको लगत कसी कैद भोग्न नपर्ने गरी स्थगित रहेको बेहोरा जनाई लगत कट्टा गरि दिनू...........................................१

माथि ठहर खण्डमा लेखिए बमोजिम पिडिता परिवर्तित नाम एम (M) कुमारीले मुलुकी ऐन जर्वजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट रु. ४०,०००/– (चालीस हजार) रुपैंया क्षतिपूर्ति बापत भरि पाउने ठहरेकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त क्षतिपूर्तिको

विगो भराई पाउँ भनी पिडिताले प्रतिवादीको यसै सरहदको जेथा देखाई दर्खास्त गर्न आएमा नियमानुसार गरी पिडितालाई प्रतिवादीबाट उक्त क्षतिपूर्तीको रकम दिलाई भराई दिनु......२

पिडिता परिवर्तित नाम एम (M) कुमारीले प्रतिवादीबाट माथि ठहरखण्डमा उल्लेख भए बमोजिमको क्षतिपूर्ती भराई पाएका बखत प्रस्तुत मुद्दाबाट रोक्का रहेको प्रतिवादीको आमा सुकदेवी (गौचन) के.सी. का नाउमा दर्ता रहेको जिल्ला मुस्ताङ कोवाङ गा.वि.स. वडा नं ५।क कि.नं. १६४ को ०–४–०–० रोपनी जग्गा फुकुवा गरिदिनु भनी मालपोत कार्यालय मुस्ताङमा लेखी पठाईदिनू।..३

प्रस्तुत फैसलामा चित्त नबुझेमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र उच्च अदालत पोखरा बाग्लुङ इजलास बाग्लुङमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीबाट पुनरावेदन म्याद एवं फैसला सुनि पाएको कागज समेत गराई मिसिल सामेल राख्न...............४

यसमा प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपी जिल्ला सरकारी वकिल कार्यालय मुस्ताङलाई दिनू।.५

प्रस्तुत फैसलाको एक प्रति प्रतिलिपि निःशुल्क रुपमा प्रतिवादी परिवर्तित नाम मुस्ताङ १२ लाई दिनू।..........................................................................................६

प्रस्तुत फैसलाको विद्युतिय अपलोड गरी नियमानुसार गर्नु।....................................७

सरोकारवाला व्यक्तिले नक्कल माग्न निवेदन गरे लाग्ने दस्तुर लिई नक्कल दिनू।................८

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाईदिनू।........९

माननीय जिल्ला न्यायाधीश ज्यूले
बोली टिपाए बमोजिम टाइप गर्ने
फाँटवाला ना.सु. शालिकराम न्यौपाने

............
न्यायाधीश

ईति संवत २०७३ साल मंसिर ८ गते रोज ४ शुभम्...........................................।

**श्री**

**रुकुम जिल्ला अदालत**

**बाल इजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री डण्डपाणि शर्मा**

**फैसला**

**मुद्दा नं.०७३-CR-०००७**

**नि.नं. ९८**

**उपस्थिति**

**बालमनोवैज्ञानिक श्री धनबिर दाहाल**

**समाजसेवी श्री मिनबहादुर पुन**

**संम्वत २०७३ सालको बालबिज्याँई।**

**दर्ता नं.०००७**

**दर्ता मिति २०७३/०५/०७**

**निर्णय नं. ९८**

**मुद्दा : हाडनातामा जवरजस्ती करणी सम्वन्धी वालबिज्याँई।**

**वादीको नाम, थर र वतन**

परिवर्तित नाम थर वतन रुकुम ५४ ख (१) को जाहेरीले नेपाल सरकार....................१

**निजको प्रमाण**

**साक्षीः**-तिलक बहादुर रोका................१

रामबहादुर पुन.............................१

किशोर चन्द...............................१

परिवर्तित रुकुम ५४ ख १..................१

परिवर्तित रुकुम ५४ ख......................१

**कागजः-**

**प्रतिवादीको नाम, थर र वतन**

परिवर्तित नाम थर वतन रुकुम ५४ ग...........१

**निजको प्रमाण**

**साक्षीः-**

**कागजः-**

**अदालतबाट बुझेको**

**साक्षीः–**

**कागजः–**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा अ.बं.२९ नं.ले यसै जिल्ला अदालतको क्षेत्राधिकार भित्रको भै दर्ता हुन आएको प्रस्तुत मुद्दामा पीडितको नाम थर, वतन गोप्य राख्ने सम्बन्धमा सर्वोच्च अदालतबाट जारी निर्देशिका २०६४ बमोजिम पीडितको नाम, थर वतन संकेत नं.मा उल्लेख गरी वन्द इजलाशमा सुनुवाई गरिएको प्रस्तुत मुद्दाको संक्षित्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।**

**संक्षिप्त तथ्यः–**

१. मिति २०७३/०४/२२ गते जिल्ला रुकुम कांक्रि गा.वि.स.वडा नं.६ स्थित प्रतिबादी रुकम ५४ ग ले रुकुम ५४ ख लाई ललाई फकाई निजको घरमा लगि बाबु आमा अन्यत्र गएको मौका पारी घर भित्र ढिडोको कोवा खान आउ भनि घर भित्र बोलाइ लोग्ने स्वास्नी खेल खेल्ने निहु पारी जबरजस्ती करणी गरेको हुँदा कानून बमोजिम गरिपाउँ भन्ने व्यहोराको ५४ख(२) ले दिएको निबेदन पत्र ।

२. पीडित रुकुम ५४ ख को स्वास्थ्य जाँच गर्दा योनी रातो भएको सुन्निएको REDNESS IN VAGING AND SWELLING भन्ने व्यहोराको मिति २०७३/०४/२३ गतेको स्वास्थ्य चौकी काँक्रिको स्वास्थ्य प्ररिक्षण प्रतिबेदन ।

३. जिल्ला रुकुम काँक्रि गा.वि.स. वडा नं.६ स्थित पुर्वमा जयकृष्ण घर्तिको घर, पश्चिममा डिल गुरुङ्गको घर उत्तरमा रतन घर्तिको घर दक्षिणमा लालाबाजी घर्तिको घर यति चार किल्ला भित्र रामाजी पुनको घर सो घरको बिच तलाको पश्चिम तर्फको ढोका खोली भित्र पसी हेर्दा बिस्तारा पटाएर राखिएको,खाना पकाउने भाँडाहरु यत्रतत्र छरिएर रहेको,उक्त कोठामा खाना पकाउने चुलो रहेको,चुलेको खाली भुईमा रुकुम ५४ ख लाई रुकुम ५४ ग ले मिति २०७३/०४/२२ गते दिउँसोको समयमा जबरजस्ती करणी गरेका ठिक साँचो हो भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

४. मिति २०७३/०४/२२ गते दिउँसो शनिबारको दिन परिबर्तित रुकम ५४ ख गाउँमा केटाकेटीसँग खेल्न भनि गएको समयमा परिवर्तित रुकुम ५४ ग ले मेरो घरमा कोही छैन जाउँ ढिडोको खोग्रो खाई खेलौला भनि घरमा लगी लोग्ने स्वास्नी खेल खेलौ भनी ललाई फलाई रुकुम ५४ ख ले लगाएको खैरो कालो रङ्गको सुरुवाल खोली निजले लगाएको पाईन्ट पनि खोली घरमा कोही नभएको मौका पारी पाँच पुस्ता भित्रको हाडनातामा आफ्नो बहिनी नाता पर्ने रुकुम ५४ (ख) लाई करणी गरेको हुँदा कानुन बमोजिम कारबाही गरी

पाँउ भन्ने व्यहोराको परिबर्तित रुकुम ५४ ख (१) ले दिएको जाहेरी दरखास्त ।

५. वारदातको दिन शनिबार बिदा परेकोले घर भन्दा केही पर बाटोमा म खेल्न भनि गएको थिएँ । साथीहरुसंग खेल्दै थिएँ सोही क्रममा रुकुम ५४ ग आई मेरो घर जाउँ घरमा कोही पनि छैन । ढिडोको खोग्रो खाई दाजु बहिनी खेलौना भनी घरमा लगी निजको घरको बिच तलाको पश्चिम तर्फको भान्सा कोठा समेत रहेको कोठामा गए पश्चात लोग्ने स्वास्नी भएर खेल खैलौ भनि मैले लगाएको खैरो कालो रङ्गको सुरुवाल निजले फुकाली दिई मलाई जबरजस्ती भुईमा पल्टाई आफुले लगाएको पाईन्ट फुकाली निजको सुसु गर्ने (लिङ्ग) मेरो सुसु गर्ने (योनीमा) छिराएको हुन । तत्पश्चात म उक्त स्थानबाट भागी रुदै घरमा गई सो कुरा आमालाई भनेकी हुँ । काँक्रि स्वास्थ्य चौकीमा मेरो उपचार गर्दा डाक्टरले योनी रातो भएको र सुन्निएको छ भनेको हुन । मलाई ललाई फकाई जबरजस्ती करणी गर्ने रुकुम ५४ ग लाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको रुकुम ५४ ख ले गरेको घटना विवरण कागज ।

६. वारदातको दिन म कामको सिलसिलामा गाउँतिर गई साँझको ०४०० बजेतिर घरमा आएको हुँ । घरमा आउँदा रुकुम ५४ ख (१) ले आज रुकुम ५४ ख खेल्न गएको अबस्थामा रुकुम ५४ ग ले करणी गरेछन । निजले सुसु गर्ने (योनी) दुख्यो भनि राखेकीछन प्रतिबादीको घरबाट योनी दुख्यो दादाको सुसु गर्नेले मेरो सुसु गर्ने स्थानमा घोच्यो भनेकी हुन र प्रतिबादीलाई समेत सोधपुछ गर्दा लोग्ने स्वास्नी खेल खेलौ भनी मेरो सुसु गर्ने बहिनीको सुसु गर्नेमा घोटेको हुँ भनि स्वीकार गरेको हुन र पीडितलाई सोधपुछ गर्दा मलाई घरमा खेलौला भनी घरमा लगी खेलौला भनी घरमा लगी लोग्ने स्वास्नी खेल खेलौ भनी मेरो सुसु गर्ने स्थानमा निजको सुसु गर्ने छिरायो भनेकी हुन । काँक्रि स्वास्थ्य चौकीमा लगि चेकजाँच गराउदा योनी रातो भएको सुन्निएको छ भनी डाक्टरले भनेको हुन । यसरी घरमा कोही नभएको मौका पारी खेल खेल्ने बाहना बनाई करणी गर्ने रुकुम ५४ ग लाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको ५४ ख (२)ले गरेको घटना विवरण कागज ।

७. वारदातको दिन म घर वतनमा नै थिएँ । मेरो घर नजिकै रुकुम ५४ ख समेत खेलिरहेको थिइन । एकछिन पछि निज मेरो घरमा खेल्न आईन । घरमा खेल्न आउँदा अन्य साथीहरु पनि थिएँ । एकछिन पछि निजहरु गए र मेरो घरमा पीडित र म बस्यौ । घरमा कोही पनि थिएन । घरमा कोही नभएको कारण मैले बहिनी लोग्ने स्वास्नी खेल खैलौ भनि मैले निजले लगाएको ट्राउजर खोली मैले लगाएको जिन्स पाईन्ट खोली मेरो घरको भान्सा कोठा तथा सुत्ने कोठामा भान्सा नजिकै बिस्तरामा पल्टाई बहिनीको माथी शरिरमा चढी मेरो सुसु गर्ने

(लिङ्ग) बहिनीको सुसु गर्ने (योनीमा) रकडी करणी गरेको हुँ, मैले करणी गरेपछि निजले दुख्यो भनी रुदै घर तर्फ गएकी हुन भन्ने व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष प्रतिबादी रुकुम ५४ ग ले दिएको साबिती बयान ।

८. वारदातको दिन म घर वतनमा नै थिए । सोही दिन अन्दाजी ५ बजेको समयमा रुकुम ५४ ख गाँउमा खेल्न गएको अबस्थामा रुकुम ५४ ग ले करणी गरेछन् भनी रुकुम ५४ ख (१) ले खबर गरेपछि थाहा पाएको हुँ । उक्त घटना सुनी निजको घरमा जाँदा धेरै मानिसहरु जम्मा भईसकेको थिए । निज पीडितको अबस्था कस्तो छ हेर भनि महिलाहरुलाई भन्दा योनी सुन्निएको र्‍याल जस्तो पदार्थ लागेको र रातो भएको छ भनेको हुन । निज पीडितले योनी दुख्यो भनी रुदै थिईन । सोधपुछ गर्दा म खेल्न गएको अबस्थामा मलाई निजको घरमा लगी लोग्ने स्वास्नी खेल खेलौ भनी मैले लगाएको शुरुवाल खोली निजले लगाएको जिन्स पाईन्ट खोली मेरो योनीमा निजले आफ्नो लिङ्ग छिराई करणी गरेको हुन भनी पीडितले भनेकी हुन । सो कुरा प्रतिबादीलाई समेत सोधपुछ गर्दा खेल खेल्ने निहु पारी मैले करणी गरेको हुँ । मैले करणी गर्दा योनी दुख्यो भनी रोएपछि मैले छाडेको हुँ भनी प्रतिबादीले स्वीकार गरेको हुन उक्त घटना थाहा पाई मैले निज पीडितलाई उपचारको लागी अस्पतालतर्फ लैजाउँ भनेको हुँ । भोलीपल्ट बिहान कानुनी कारबाहीको लागी निबेदन लेखी दिनुपर्‍यो भनेपछि मैले निबेदन समेत लेखिदिएको हुँ । यसरी ललाई फकाई घरमा कोही नभएको मौका पारी खेल खेल्ने निहुँ पारी करणी गर्ने रुकुम ५४ ग लाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको राम बहादुर पुनको कागज र सोही व्यहोरालाई समर्थन गरेको रामचन्द्र पुन समेतले गरेको घटना विवरण कागज ।

९. वारदातको दिन म कामको सिलसिलामा स्याला भन्ने स्थानमा मकैको पात काटन भनि गएको थिएँ । सोही दिन ०४०० बजेको समयमा म घर फर्कदा रुकुम ५४ ग घरमा थिए । एकछिन पछि रुकुम ५४ ख (१) आई रुकुम ५४ ग ले रुकुम ५४ ख लाई करणी गरेछ भन्ने कुरा गरेपछि म पनि निजको घरमा गएको हुँ । निज पीडितलाई सोधपुछ गर्दा ढिडोको खोग्रो खाउँला भनि घरमा लगी दादाको सुसु गर्नेले मेरो सुसु गर्नेमा दुख्ने गरी घोचेको हो । अहिलेसम्म पनी दुखिरहेको छ भनेकी हुन । रुकुम ५४ ग लाई सोधपुछ गर्दा खेल खेल्ने बाहनामा लोग्ने स्वास्नी खेल खैलौ भनी मैले निजले लगाएको शुरुवाल खोली करणी गरेको हुँ भनेको हुन र निजको योनी सुन्निएको छ भन्ने कुरा गरेपछि उपचारको लागी स्वास्थ्य चौकी कात्रीमा ल्याई चेक गराउँदा डाक्टरले पीडितको योनी रातो भएको सुन्निएको छ सुबिधा सम्पन्न ठाउँमा लैजानु होस भनेको हुन यसरी घरमा कोही नभएको मौका पारी

करणी गर्ने रुकुम ५४ ग लाई कानुन बमोजिम कारबाही होस भन्ने व्यहोराको बासुना पुनले गरेको घटना विवरण कागज ।

१०. वारदातको दिन म आफ्नै डेरा कोठामा थिए । वारदातको दिन सार्वजनिक बिदा परेको र कार्यालय नखुलेको कारण रुकुम ५४ ख लाई मैरै कार्यालयमा कार्यरत अ.हे.व.उक्त स्थानमा मेडिकल गरी बस्ने तिलक बहादुर रोकाले चेकजाँच गरेको रहेछन् । सो वारदातको भोलीपल्ट ईलाका प्रहरी कार्यालय काँक्रि रुकुमको पत्र सहित निज पीडितलाई ल्याई स्वास्थ्य चौकीमा आएपछि मैले निज पीडितलाई चेकजाँच गर्दा योनी रातो भएको सुन्निएको देखेको हुँ र यहाँ चेकजाँच गर्ने साधन छैन सुविधा सम्पन्न स्थानमा लैजानुहोस भनेको हुँ, उक्त घटना बारेमा सोधपुछ गर्दा रुकुम ५४ ग ले ललाई फकाई खेल खेल्ने बाहनामा लोग्ने स्वास्नी खेल खेलौ भनी रुकुम ५४ ख लाई करणी गरेको रहेछन । यसरी घरमा कोही नभएको मौका पारी करणी गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको किशोर चन्द्रले गरेको घटना विवरण कागज ।

११. निज प्रतिबादी रुकुम ५४ ग को बारेमा बुझ्दा चंचले, खेल्ने बाल क्लबको सदस्य समेत भएको,सम्बध राम्रो भएको यताकता झगडालु समय समयमा निगरानी र सुझावको कमी भएको निजको जन्ममिति २०६०/०६/२१ भएको भन्ने व्यहोराको सामाजिक अध्ययन प्रतिबेदन ।

१२. वारदातको दिन म आफ्नै डेरा कोठामा थिए । उक्त दिन सार्वजनिक बिदा परेको कारण काँक्रि स्वास्थ्य चौकी बन्द थियो र सोही नजिकै मेरो व्यक्तिगत मेडिकल पनि भएकोले बेलुका अन्दाजी ५/६ बजेको समयमा रुकुम ५४ ख लाई बोकेर निजको अभिभावकले मेरो मेडिकलमा ल्याएपछि के भयो भनी सोध्दा रुकुम ५४ ग ले करणी गऱ्यो भनेपछि मैले निज पीडितलाई मैले चेकजाँच गरेको हुँ, निजको योनी रातो भएको सुन्निएको थियो । सोधपुछ गर्दा रुकुम ५४ ग ले मलाई ढिडोको खाग्रो खाउँला भनी घरमा लगी लोग्ने स्वास्नी खेल खेलौ भनी मैले लगाएको शुरुवाल खोली निजको सुसु गर्नेले मेरो सुसु गर्नेमा छिराई रकडेको हो, भनेकी हुन भन्ने व्यहोराको तिलक बहादुर रोकाले गरेको घटना विवरण कागज ।

१३. प्रतिबादी रुकुम ५४ ग ले नाबालिका वर्ष ५ कि पीडित रुकुम ५४ ख लाई जबरजस्ती करणी गरेको देखिंदा निज प्रतिबादी रुकुम ५४ ग ले गरेको कार्य मुलुकी ऐन जवरजस्ती करणी महलको १ र ३ (१) बमोजिमको कसुर अपराध गरेको देखिदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट

पीडितलाई क्षतिपुर्ति समेत दिलाई भराई पाउँन र वारदात हुदाँको अवस्थामा मिसिल संलग्न कागजातमा प्रतिवादीको उमेर १३ वर्षको देखिंन आएकोले निजलाई वालवालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (२) बमोजिम सजाय हुने देखिएकोले निज प्रतिबादी रुकुम ५४ ग लाई सोही ऐनको दफा ११ (२) बमोजिम सजाय हुनाको साथै हाडनाता करणी गर्नेको महलको दफा २ को देहाय ३ बमोजिम थप सजाय समेत गरिपाउँ भन्ने समेत ब्यहोराको अभियोगपत्र ।

१४. प्रस्तुत मुद्दाको वारदात मिति २०७३/०४/२२ गतेका दिन म लगायत अन्य साथीहरु सुर्य, तारा तथा केटीहरु आसपुरा, पीडित र आयुषा गरी जम्मा ६ जनाले बुढाबुढी (लोग्ने स्वास्नी) खेल खेल्ने सहमती भै सो खेल खेल्ने क्रममा एकजना केटा र एकजना केटीको बिचमा एक जोडी बुढाबुढी बन्ने अन्य चार जना साथीहरु भाई बहिनीहरु बनेर उक्त बुढाबुढी खेल खेलेका हौं । हामीले सो खेल खेलिरहेको अबस्थामा आकाशबाट पानी परेकोले हामी सबै ६ जनाले सो खेल खेल्न छोडेका हौं । पछि पीडित र म बाहेक अन्य साथीहरु सुर्य, तारा, आयुष र आसपुरा आ आफना घरमा गए । उक्त पहिले खेल खेलिहरेको मेरो घरमा म र पीडित मात्र बसेका हौं । पछि पीडित र म मेरो घरमा बसिरहेको अबस्थामा पुनः पीडितले मलाई पुनः बुढाबुढी खेल खैलौ भनी भनेकीले मैले पनि हुन्छ भनी भने अनि निज पीडितले र मैले २ जनाले मात्र बुढाबुढी (लोग्ने स्वास्नी) खेल खेल्ने भनी बाहिर पानी परेकोले मेरै घरको बिच तलाको कोठा भित्र गै निज पीडितले आफूले लगाएको सुरुवाल आफै कम्मरबाट अलिकति तल घुडासम्म खोलेकी थिईन । मैले लगाएको पाईन्ट अलिकति तल घुडासम्म खोली बुढाबुढी खेल खेल्ने क्रममा म निज पीडितको शरिरको माथी पट्टि चढी निज पीडितको पिसाब गर्ने र मेरो पिसाब गर्ने जुध्ने, छोईने गरी म दुइ पटक हल्लिएको थिए । अनि मैले अब भैगो यो बुढाबुढी खेल नखेलौ अब बन्द गरौ भने अनि निज पीडितले पनि हुन्छ भनेर भनिन र सो बुढाबुढी खेल्ने काम बन्द गरी निज पीडित खेल्दै घरमा गएकी हुन । म पनि आफनै घरमा गएको हूँ । सो पीडित र मैले बुढाबुढी खेल खेलिसकेपछि अर्थात खेल बन्द गरिसकेपछि निज पीडित हाँस खेल, कुराकानी गर्दै आफनो घरमा गएकी हुन । मैले पीडितलाई जबरजस्ती करणी गर्ने उद्देश्यले गरेको होईन । खेल खेल्ने क्रममा मात्र पीडितको पिसाब गर्नेलाई मेरो पिसाब गर्नेले छोएको मात्र हो । मेरो पिसाब गर्ने पीडितको पिसाब गर्ने भित्र छिरेको होईन र मैले छिराएको पनि होईन भन्ने समेत ब्यहोराको प्रतिबादी नाम परिबर्तित रुकुम ५४ ग ले यस अदालत समक्ष गरेको बयान ।

१५. प्रतिवादी रुकुम ५४ ग ले पीडितलाई जबरजस्ती करणी गरेको होईन भनि कसुरमा ईन्कार रही यस अदालतमा वयान गरेतापनि यी प्रतिवादीले पीडित नाबालिका रुकुम ५४ ख लाई जवरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भन्ने किटानी जाहेरी दरखास्त रहेको, मौकाको पीडितको शारिरीक परिक्षणमा योनी सुनिएको भन्ने उल्लेख भएको, मौकमा कागज गर्ने रामचन्द्र पुन समेतले यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेका हुन भनि कागज गरिदिएको, यी प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष र यस अदालतमा समेत पीडितसँग लाग्ने स्वास्नी खेल खेल्न भनि पीडितको शरिर माथि चढि पीडितको पिसाब गर्ने र मेरो पिसाब गर्ने जुध्ने घोच्ने गरी म दुई पटक हल्लिएको हुँ भनि वयान गरेको देखिँदा हालै यी प्रतिवादी निर्दोष रहेछन भन्न मिल्ने नदेखिँदा यी प्रतिवादी रुकुम ५४ ग १३ वर्षको नाबालक भन्ने देखिएको र वारदात हुँदाको परिस्थिती र अवस्था र थुनामा बस्नुपर्ने ठाउँ समेतलाई विचार गर्दा यी प्रतिवादीलाई मुद्दा पुर्पक्षका लागि थुनामामै राख्नु पर्ने नदेखिँदा निज प्रतिवादी रुकुम ५४ ग लाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम मुद्दा पुर्पक्षका लागि अदालतले खाजेको बखत उपस्थित गराउने शर्तमा निजका बाबुलाई जिम्मा दिनु । साथै प्रस्तुत मुद्दा निरन्तर सुनुवाई हुने प्रकृतिको मुद्दा हुँदा अभियोग पत्रमा उल्लेखित वादी पक्षका पीडित, जाहेरवाला लगायतका साक्षी प्रमाण र प्रतिवादीका साक्षी बुझ्नका लागि मिति २०७३/०५/१२ गते उपस्थित गराउनु भनि लेखि पठाई जानकारी गराई पेश गर्नु । साथै क्षतिपुर्तिको मागदावी समेत रहेको हुँदा अभियोग पत्रसाथ पेश भएको रुकुम ५४ ग १ को सम्पत्ति रोक्का गर्नु भन्ने समेत ब्यहोराको यस अदालतको आदेश ।

१६. मैले मिति २०७३/०५/०१ गते प्रहरीमा गरिदिएको घटना बिबरण कागजको सम्पुर्ण ब्यहोरा पढीबाची सुनाउँदा सुनिपाए । त्यसमा लेखिएको सम्पुर्ण ब्यहोरा र सहिछाप मेरै हो भन्ने समेत ब्यहोराको घटना बिबरण कागज गर्ने तिलक बहादुर रोकाले अदालत समक्ष गरेको बकपत्र ।

१७. मैले मिति २०७३/०४/३१ गते प्रहरी समक्ष गरिदिएको घटना बिबरण कागजको सम्पूर्ण ब्यहोरा पढीबाची सुनाउदा सुनिपाए । त्यसमा लेखिएको सम्पूर्ण ब्यहोरा र सहिछाप मेरै हो भन्ने समेत ब्यहोराको घटना बिवरण कागज गर्ने रामबहादुर पुनले यस अदालत समक्ष गरेको बकपत्र ।

१८. मैले मिति २०७३/०५/०१ गते प्रहरीमा गरिदिएको घटना बिबरण कागजको सम्पूर्ण ब्यहोरा पढीबाची सुनाउदा सुनिपाए । त्यसमा लेखिएको सम्पूर्ण ब्यहोरा र सहिछाप मेरै हो र पीडितको घाउ जाँच केश फाराम मैले गरेको हुँ त्यसमा भएको ब्यहोरा साँचो हो भन्ने

समेत ब्यहोराको मौकामा घटना बिवरण कागज गर्ने किशोर चन्दले यस अदालत समक्ष गरेको बकपत्र ।

१९. मैले मिति २०७३/०४/२६ गते प्रहरीमा दिएको जाहेरी दरखास्तको सम्पुर्ण ब्यहोरा पढीबाची सुनाउदा सुनिपाए । त्यसमा लेखिएको सम्पुर्ण ब्यहोरा र सहिछाप मेरै हो । प्रतिबादीले बाल शिक्षा सम्बन्धी ज्ञान तालिम समेत लिएको र बाल क्लबको सचिब समेत भै केही कुरा सिकेको मान्छेले यस्तो घटना घटाउनु भनेको प्रतिबादीले पीडितलाई थाहा जानकारी पाएर करणी गर्ने मनसायले नै जबरजस्ती करणी गरेका हुन भन्ने समेत ब्यहोराको जाहेरवाली परिबर्तित रुकुम ५४ ख (१) ले यस अदालत समक्ष गरेको बकपत्र ।

२०. मैले मिति २०७३/०४/२६ गते प्रहरीमा गरिदिएको घटना बिबरण कागजको सम्पुर्ण ब्यहोरा पढीबाची सुनाउदा सुनिपाए । त्यसमा लेखिएको सम्पुर्ण ब्यहोरा र सहिछाप मेरै हो । प्रतिबादीले मलाई निजको घरमा खाने ढिंडोको खोग्रो खाने भनेर लिएकाहुन । पछि निज प्रतिबादीले मलाई लोग्ने स्वास्नी खेल्ने भनी आफनो सु गर्ने मेरो सु गर्नेमा छिराएका हुन भन्ने समेत ब्यहोराको पीडित परिबर्तित रुकुम ५४ ख ले यस अदालत समक्ष गरेको बकपत्र ।

**अदालतको ठहर**

२१. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा बन्द बाल इजलाशबाट सुनुवाई गरी पीडित र प्रतिबादी समेतको नाम गोप्य राखी परिबर्तित नाम थर राखी सुनुवाई गरिएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फबाट उपस्थित निमित्त जिल्ला न्यायाधिवक्ता श्री सँगिता न्यौपाने ढुङ्गेलले प्रतिवादी परिबर्तित रुकुम ५४ घ लाई जबरजस्ती करणी गरेको हुँदा कारवाही गरिपाँउ भन्ने किटानी जाहेरी दरखास्त रहेको,यी पीडितले यी प्रतिवादी रुकुक ५४ ग ले जबरजस्ती करणी गरेको हुन भनी मौकामा अनुसन्धानको क्रममा कागज गरिदिएकोमा मौकाको कागज ब्यहोरालाइ पुष्टिहुने गरी बकपत्र गरिदिएको र मौकामा कागज गर्ने ब्यक्तिले मौकाको जाहेरी दरखास्त र घटना विवरण कागजलाई पुष्टी हुने गरी बकपत्र गरिदिएको, पीडितको योनीमा घिसारिएको घाचोट रहेको भन्ने शारीरिक परिक्षण प्रतिवेदनबाट देखिएको,पीडित र प्रतिवादी पाँच पुस्ता भित्रको नाता सम्बन्ध रहेको र प्रतिवादि रुकुम ५४ ग ले पीडित र म बुढाबुढी खेल खेल्ने क्रममा पीडितको शरिरमाथी चढी पीडितको शरिर माथी चढी पीडितको पिसाब गर्ने र मेरो पिसाब गर्ने जुध्ने गरी दुई पटक हल्लिएको थिए भनी अदालतमा बयान गरेको, निजको अदालतको बयान पीडितको मौकाको शारीरिक परिक्षण प्रतिवेदन समेतबाट पुष्टिभइरहेको

हुदा प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरिनु पदर्छ भनी र प्रतिबादी रुकुम ५४ग को तर्फबाट उपस्थित बिद्धान बैतनिक अधिवक्ता श्री भुबनेश्वर शर्माले प्रतिवादि पीडितलाई जबरजस्ती करणी गरेमा इन्कार रहि बयान गरेको,पीडितको शरीरमा कुनै घा चोट नरहेको भन्ने शारीरिक परिक्षण प्रतिवेदनमा उल्लेख भएको, मौकाको जाहेरी दरखास्त र पीडितको बकपत्र समेतबाट अभियोग दावी पुष्टिहुन नसकेको हुँदा प्रतिवादिले अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनी मिसिल सँलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा, यसमा निम्न प्रश्न सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

१- प्रतिबादीले अभियोग माग दाबी बमोजिम कसुर गरेका हुन वा होईनन ?

२- प्रतिबादीलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने हो होईन ? र

३- पीडितले प्रतिबादीबाट क्षतिपुर्ति भराई पाउनु पर्ने हो, होईन ?

२२. मिसिल अध्ययन गरी हेर्दा, यसमा प्रतिबादी रुकुम ५४ ग ले घरमा कोही नभएको मौका पारी यौन प्यासको अनुभब गर्ने उदेश्यले खेल्ने बहानामा पीडित रुकुम ५४ ख लाई जबरजस्ती करणी गरेको देखिंदा निज रुकुम ५४ ग ले गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.र ३(१) नं बमोजिमको कसुर अपराध गरेको देखिंदा निजलाई सोही महलको ३(१) नं बमोजिम सजाय गरी मुलुकी ऐन, सोही महलको १० नं बमोजिम प्रतिबादीबाट पीडितलाई क्षतिपुर्ति समेत दिलाई भराई पाउन र वारदात हुँदाको अबस्थामा मिसिल सँलग्न कागजातमा प्रतिबादीको उमेर १३ वर्षको देखिन आएकोले निजलाई बालबालिका सम्बन्धी ऐन,२०४८ को दफा १०(२) बमोजिम सजाय हुनको साथै हाडनातामा करणी गर्नेको महलको दफा २ को देहाय ३ बमोजिम थप सजाय हुन समेतको माग दाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ ।

२३. निर्णयतर्फ बिचार गर्दा, यसमा मिति २०७३/०४/२२ गते शनिबारका दिन रुकुम ५४ ख (२) मेरी छोरी वर्ष६ की नाबालकलाई रुकुम ५४ ग कै घरमा खेल्न आएको बेलामा घरमा आफनो बाबु आमा अन्यत्र गएको मौका पारी घर भित्र ढिडोको खोग्रो खान आउ भनी बोलाई रुकुम ५४ ख को पेन्टी र सुरुवाल तानिदिएर जबरजस्ती करणी गरेको हुँदा पक्राउ गरी कारबाही गरिपाउँ भनी रुकुम ५४ ख (२) ले मौकामा निबेदन दिएको देखिन्छ । त्यस्तै मौकामा स्वास्थ्य चौकी कात्रीमा भएको पीडितको स्वास्थ्य जाँच प्रतिबेदन हेर्दा,पीडितको vagina मा redness र swelling भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तै मिति २०७३/०४/२२ गते जिल्ला रुकुम कात्री गा.बि.स. वडा नं. ६ बस्ने परिबर्तित रुकुम ५४ ग ले जिल्ला रुकुम कात्री गा.बि.स. वडा नं. ६ स्थित रुकुम ५४ ग (१) को

घरको पश्चिमतर्फ बिच तलाको पश्चिम तर्फको कोठाबाट भित्र पसी हेर्दा कोठाको मध्य भागमा खाना पकाउने चुलो रहेको, उक्त चुलोको छेउमा पीडितलाई रुकुम ५४ ग ले जबर जस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ। त्यस्तै मिति २०७३/०४/२२ गते मेरी छोरी रुकुम ५४ ख लाई परिबर्तित रुकुम ५४ ग ले आफनो घरको भान्सा कोठामा लगी जबरजस्ती करणी गरेको र बिपक्षी र म पाँच पुस्ता भित्रको नाता भित्रको भएको हुँदा जबरजस्ती करणी र हाडनाता करणीमा सजाय गरिपाउँ भनी किटानी जाहेरी दरखास्त रहेको देखिन्छ। पीडित रुकुम ५४ ख ले प्रतिबादी रुकुम ५४ ग ले मिति २०७३/०४/२२ गते घरभन्दा केही पर बाटोमा खेली रहेकोमा साथीहरु सँग खेल्ने क्रममा पानी पर्न थाले पछी रुकुम ५४ ग ले मलाई निजको घरमा जाउँ ढिडोको खोग्रो खाउला भनी आफनो घरमा लगी मलाई लोग्ने स्वास्नी भएर खेलौ भनी कोठामा लगी भुईमा पल्टाई आफनो पाईन्ट समेत फुकाली मेरो सुसु गर्नेमा जबरजस्ती पसाएका हुन भनी कागज गरिदिएको देखिन्छ। त्यस्तै मौकामा कागज गर्ने रामबहादुर पुन, रामचन्द्र पुन, वासुना पुनले यि प्रतिबादीले पीडित रुकुम ५४ लाई जबरजस्ती करणी गरेको हुँदा कारबाही गरीपाउँ भनी कागज गरिदिएको देखिन्छ। त्यस्तै मौकामा पीडितको शारीरिक परिक्षण गर्ने किशोर चन्द र तिलक बहादुर रोकाले समेत पीडितको यौनी रातो भएको सुन्नीएको जस्तो थियो भनी कागज गरिदिएको देखिन्छ। प्रतिबादी रुकुम ५४ ग ले मिति २०७३/०४/२२ गते पीडित रुकुम ५४ ख लाई लोग्ने स्वास्नी खेलौ भनी निजको टाउजर खोली मैले लगाएको पाईन्ट पनि खोली भान्सा चुलोको नजिक बिस्तारामा सुताई पल्टाई बहिनीको शरिर माथी चढी मेरो लिङ्ग सुसु गर्ने ठाउँमा रगडी करणी गरेको हुँ भनी अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ।

२४. यि प्रतिबादी रुकुम ५४ ग ले पीडित रुकुम ५४ ख लाई जबरजस्ती करणी गरेकोमा यस अदालतमा इन्कार रहि बयान गरेको देखिन्छ। प्रतिबादी रुकुम ५४ ग ले पीडितलाई जबरजस्ती करणी गरेकोमा आरोपित कसुरमा इन्कार रहि बयान गरेता पनि बुढा बुढी खेल खेल्ने क्रममा म निज पीडितको शरीरको माथी पट्टि चढी निज पीडितको पिसाब गर्ने र मेरो पिसाब गर्ने जुध्ने छोईने गरी म दुई पटक हल्लिएको थिए। पीडितको पिसाब गर्नेलाई मेरो पिसाब गर्नेले छोएको मात्र हो भनी यस अदालतको बयानमा उल्लेख गरेको देखिन्छ। प्रतिबादी रुकुम ५४ ख को यस अदालतको बयानबाट पीडितको मौकामा जिल्ला अस्पताल रुकुममा भएको परिक्षण प्रतिबेदनमा पीडितको vagina मा समेत कुनै घाउ चोट नरहेको भन्ने उल्लेख भएता पनि मौकामा स्वास्थ्य चौकी कात्रीमा भएको शारीरिक जाँचमा vagina मा redness भएको र सुन्निएको भन्ने उल्लेख भएबाट मौकाको जाँच

प्रतिबेदन समर्थित भएको देखिन्छ। मुलुकी ऐन, मुलुकी ऐन, जबरजस्ती करणीको महलको १नं.हेर्दा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र बर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने उल्लेख भएको देखिन्छ। उक्त नम्वरको स्पष्टीकरण खण्डको देहाय ग मा योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनी यस नम्बरको प्रयोजनका लागी करणी गरेको मानिनेछ भन्ने उल्लेख भएको देखिन्छ। पीडित रुकुम ५४ ख ले प्रतिबादीले मलाई निजको घरमा खाने ढिडोको खोग्रे खाने भनेर लिएका हुन पछि निज प्रतिबादीले मलाई लोग्ने स्वास्नी खेल्ने भन्ने खेल खेल्ने भनी आफनो सु गर्ने मेरो सु गर्नेमा छिराएका हुन भनी मौकाको कागज ब्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको, जाहेरवाला र मौकामा कागज गर्ने किशोर चन्द्र, रामबहादुर पुन र तिलक बहादुर रोकाले मौकाको जाहेरी दरखास्त र कागज ब्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको, प्रतिबादीले आफनो साक्षी प्रमाण समेत पेश गरी पीडितलाइ करणी गरेको होइन भन्ने आफनो इन्कारी बयान पुष्टि गराउन सकेको समेत नदेखिदा र जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेखित नाता सम्बन्धलाई समेत प्रतिबादीले अन्यथा भनी जिकिर लिन सकेको समेत नदेखिंदा प्रतिबादी रुकुम ५४ ग ले अभियोग दाबी बमोजिम पाँच पुस्ता भित्रको बहिनी नाता पर्ने रुकुम ५४ख लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं बिपरित ३ (१) नं. को कसुर गरी जबरजस्ती करणी गरेको ठहर्छ। साथै पीडित र प्रतिबादी पाँच पुस्ता भित्रको नाता सम्बन्ध समेत देखिंदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको २ नं. बिपरित हाडनाता करणीको महलको २ नं. को देहाय ३ बमोजिम हाडनाता करणी गरेको समेत ठहर्छ।

२५. प्रतिबादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बिपरित ३(१)नं. को कसुर र हाडनाता करणीको महलको २ नं.को देहाय ३ बिपरित कसुर गरेको ठहरेकाले यि प्रतिबादीलाई के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने तर्फ हेर्दा कसुरको मात्र समेतलाई बिचार गर्दा यि प्रतिबादी १३ बर्षको नाबालक भन्ने देखिंदा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(२) बमोजिम कैद हुनेमा बढीमा ६ महिना सम्म कैद मात्र हुने हुँदा प्रस्तुत वारदात कैद हुने प्रकृतिको वारदात भन्ने देखिंदा जबरजस्ती करणीको ३(१)नं. बमोजिम १(एक) महिना कैद र हाडनाता करणीको २ नं.को देहाय ३ को कसुरमा एक वर्ष देखि तीन वर्ष सम्म कैद हुने हुदा निजलाई उक्त कसुरमा दुई महिना कैद सजाय हुने हुदा जबरजस्ती करणीको महलको २ नं बमोजिम थप २(दुई) महिना गरी जम्मा ३(तिन)

महिना कैद सजाय हुने ठहर्छ । यि प्रतिबादी नाबालक भन्ने देखिंदा निजलाई भएको सजाय कार्यान्वयन तर्फ हेर्दा यि प्रतिबादी १३ बर्षको नाबालक रहेको देखिंदा निजको सजाय कार्यान्वयन गर्दा कसुर अपराध हुँाको परिस्थिती निजको सर्बोत्तम हितलाई समेत बिचार गर्नुपर्ने हुँदा यि प्रतिबादीलाई लागेको कैद सजाय निजले एक वर्ष भित्र कुनै कसुर गरेमा प्रस्तुत मुद्दाको बाँकी कैद समेत गाभी सजाय गरी कार्यान्वयन गर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०को उपदफा २ बमोजिम हाल सजाय स्थगन गरिदिईएको छ । प्रतिबादी विद्यालयमा अध्ययनरत नाबालक भन्ने देखिंदा निजको अध्ययन सम्बन्धमा प्रत्येक चार महिनामा सम्बन्धित बिद्यालयबाट प्रतिबेदन लिने समेत ठहर्छ ।

२६. पीडितलाई क्षतिपुर्ति समेत दिलाई पाउँ भन्ने अभियोग दाबी भएकोमा पीडितले क्षतिपुर्ति भराइ पाउनु पर्ने हो होइन र के कती क्षतिपुर्ती के कस्तो प्रक्रियाबाट पाउनु पर्नेहो भन्ने सम्वन्धमा विचार गर्दा, मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कानूनी ब्यवस्था हेर्दा,कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षती विचारगरी मनासिव ठहराए बमोजिमको क्षतिपुर्ती कसुरदारबाट भराइ दिनुपर्नेछ ।त्यस्तो क्षतिपुर्ति निर्धारण गर्दा,कसुरको गाम्भिर्यता कसुरबाट पीडित ब्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नावालक छोराछोरी भए निजहरुलाई पर्नगएको पीडा समेत विचार गरी निर्धारण गर्नुपर्नेछ भन्ने उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको ठहरेकाले यि पीडित ६ बर्षको अबोध बालिका भएको र पीडक प्रतिवादी समेत नाबालक रहेको एकै गाउँघर छिमेकमा रहेका यी पीडित र प्रतिवादी नाता सम्वन्धका ब्यक्ती समेत रहेका देखिंदा पीडितलाई पर्न गएको क्षति र कसुरको गाम्भीर्यता समेतलाई बिचार गर्दा पीडितले प्रतिबादीको बाबु अभिभाबकबाट रु ४००००।- (चालिस हजार) क्षतिपुर्ति भराइ पाउने ठहर्छ ।

२७. पीडितले भरिपाउने ठहरेको रकम के कसरी भरिपाउने हो भन्नेतर्फ विचार गर्दा,अपराध पीडितले क्षतिपुर्ती रकम भराउने सम्वन्धमा छुट्टै कार्यविधी रहे भएको पाइदैन । पीडितले क्षतिपुर्ती रकम भराइपाउने सम्वन्धमा मुलुकी ऐन, दण्ड सजायको महल र जिल्ला अदालत नियमावलि २०५२ले निर्धारण गरेको कार्यविधि अवलम्वन गरिआएको पाइन्छ। अपराधबाट पीडित ब्यक्तीले फैसला बमोजिमको क्षतिपुर्ती पाउन पुन मुद्दाको प्रक्रियामा जानु पर्ने अबस्थाले पीडित पुन पीडित हुनुपर्ने हुन्छ। अदालतको फैसला बमोजिम पाउनपर्ने क्षतिपुर्ती पीडितले सहज र सरल रुपमा प्राप्त गरेमा मात्र न्यायको अनुभुती गर्नसक्दछन् । पीडितलाई

क्षतिपुर्ती भराउने सम्वन्धमा सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी राकेश कुमार सिंह विरुद्ध हिमाली गोलेको जाहेरीले नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा *नेकाप २०६४ वैशाख निर्णय नं. ७८१० पृष्ठ ८६* मा मुलुकी ऐन जबरजस्ती करणी साविकको आधा अंश भरिपाउने ब्यवस्था अन्तर्गत मुलुकी ऐन,जबरजस्ती करणीको महलको १०नं.को कार्यान्वयनमा दण्डसजायको महलको ४६नं.को कार्यविधि अपनाउनपर्ने पनि होइन। कानूनमा नलेखिए पनि अन्तिमफैसला भएपछी जिल्ला अदालतले आफैले पीडीत जाहेरवालीलाई फैसलाको जानकारी गराई अदालत आफैले फैसला कार्यन्वयन गरी आधाअंश दिलाई दिनुपर्दछ । तव मात्र पीडितले अदालतबाट न्याय पाउन सक्छ । जबरजस्ती करणीको महलको १० नं. लाई तत्कालीन संविधानको धारा ११(३) र बर्तमान संविधानको धारा १३(३) को प्रतिवन्धात्मक बाक्यांशको संरक्षण प्राप्त ब्यवस्था मानी अदालतले अन्तिम फैसला हुनासाथ आफनै initaive मा फैसला कार्यान्वयन गरी आधा अंश सम्पत्ती दिलाई दिनु पर्दछ। प्रतिवादीको आधाअंश दिलाउन पीडितलाई फैसलाको जानकारी गराउने प्रतिवादीको जग्गा रोक्का राख्ने मुद्दा परेपछी अन्यत्र हक सारेको भए यसै मुद्दाबाट आधा अंश दिलाई दिने प्रतिवादीको बतन सर्लाही जिल्ला भएकाले अन्यत्र जिल्लामा प्रतिवादीको सम्पत्ति भए आफनै जिल्लामा मुद्दा गरेर सरह दोलखा जिल्ला अदालतलाई सहयोग गर्ने भनी कानुनी निर्देश जारी भएको थियो । त्यस्तै पीडितलाई क्षतिपुर्ती भराउने सम्वन्धमा पुनरावेदक प्रतिवादी लोक बहादुर कार्की समेत विरुद्ध ख कुमारीको जाहेरीले नेपाल सरकार भएको मानववेचविखन, बालविवाह, जबरजस्ती करणीमुद्दामा सर्वोच्च अदालतबाट *नेकाप, २०७२ जेठ निर्णय नं. ९३४६ पृष्ठ २६३* मा महिला हिंसा जबरजस्ती करणी मानव वेचविखन तथा ओसार पसार मुद्दामा पीडितले भोगेको पीडा स्वरुप पाउने क्षतिपुर्ती नागरीकको अभिभावक र शंरक्षक भएको हैसियतले राज्यले तत्काल उपलब्ध गराउनु राज्यको दायित्व भित्र पर्दछ भन्दै उक्त मुद्दामा मुद्दाकी पीडित क कुमारीले प्रतिवादीहरु बाट भराइ पाउने ठहर भएको उपरेक्त क्षतिपुर्ति रकम नेपाल सरकारबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरुबाट सरकारी विगो सरह असुल उपर गर्नु गराउनु एवं अब उप्रान्त यस्ता प्रकृतीका अपराधका पीडितहरुलाई अदालतका अन्तिम फैसलाले निर्धारण गरे बमोजिमको क्षतिपुर्ती रकम एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुल उपर गर्ने गराउने ब्यवस्था मिलाउन यथासिघ्र आवश्यक र उपयुक्त पुर्वाधारको निर्माण गर्नु गराउनु भनी नेपला सरकार प्रधान भन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा लेखि पठाउने गरी फैसला भएको देखिन्छ । सर्वोच्च अदालतबाट उपयुक्त

मुद्दाहरुमा भएको फैसलाको अध्ययनबाट पीडितले फैसला बमोजिम पाउनु पर्ने क्षतिपुर्ती रकम पीडितलाई अविलम्व भराई दिनुपर्ने भन्ने देखिन्छ ।

२८. उक्त क्षतिपुर्ती रकम के कसरी भरिपाउने हुन भन्ने सम्वन्धमा हेर्दा यी पीडित र प्रतिवादी समेत नावालक भएको देखिदा पीडितले भरिपाउने ठहरेको क्षतिपुर्ती रकम प्रस्तुत मुद्दाको अन्तीम टुंगो लागेपछी प्रतिवादीका बाबु अभिभावकको हकभोगको दर्ता श्रेष्ताको सम्पत्तीबाट अदालतबाट नै कानुन बमोजिम लिलाम गरी पीडितलाई उक्त रकम भराइदिनु । सो ठहरेकाले अरुमा तपशिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम आज यो मुद्दा फैसला गरिदिएको छ ।

**तपशिल**

२९. प्रतिवादी परिबर्तित रुकुम ५४ ग के, माथि ठहर खण्डमा लेखिए बमोजिम बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(२) बमोजिम कैद हुनेमा बढीमा ६ महिना सम्म कैद मात्र हुने हुँदा प्रस्तुत वारदात कैद हुने प्रकृतिको वारदात भन्ने देखिंदा जबरजस्ती करणीको ३(१) नं. बमोजिम १(एक) महिना कैद र हाडनाता करणीको २ नं.को देहाय ३ को कसुरमा जबरजस्ती करणीको महलको २ नं. बमोजिम थप २ (दुई) महिना गरी जम्मा ३ (तिन) महिना कैद सजाय हुने ठहरेकाले निज प्रतिवादी मुद्दाको अनुसन्धानको लागी मिति २०७३/४/२८ देखि २०७३/५/६ सम्म जिल्ला प्रहरी कार्यलयको बालमैत्री कक्षमा हिरासत रहेको देखिदा उक्त अवधी कट्टा गरी हुन आउने बाँकी यी प्रतिबादीलाई लागेको कैद सजाय निजले १ वर्ष भित्र कुनै कसुर गरेमा प्रस्तुत मुद्दाको बाँकी कैद समेत गरी सजाय कार्यान्वयन गर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा २ बमोजिम हाल सजाय स्थगन हुने ठहरी फैसला भएकोले हाल प्रतिबादीलाई लागेको कैद देहाय बमोजिम को बाँकी कैद सजाय समेत गाभी सजाय गर्ने गरी लगत कसी राखि एक वर्ष भित्र कुनै कसुर गरेमा थप गरी असुल गर्नु भनी लगत राख्नु.........................१

प्रतिवादी परिवर्तित रुकुम ५४ग के बाँकी कैद दुई महिना १९ दिन.......................१

माथि ठहरखण्डमा लेखिए बमोजिम प्रतिवादी परिबर्तित रुकुम ५४ग को बाबु अभिभाबकबाट पीडितलाई रु. ४००००।- (चालिस हजार) क्षतिपुर्ति भराई पाउने पाउने ठहरेको हुँदा यस मुद्दाको अन्तिम टुङ्गो लागे पछि अदालतबाट नै उक्त क्षतिपुर्ती रकम यस अदालतमा दाखिल गर्न ल्याउन प्रतिवादीको अभिभावक समेतलाई जानकारी दिइ रकम दाखिल गरेमा सो रकम लिन आउनु भनी पीडितलाई जानकारी दिई भराई दिनु र दाखिल नगरेमा यस अदालतको आदेशानुसार रोक्का रहेको परिवर्तीत रुकुम ५४ग(१) का नामको सम्पत्ती कानून बमोजिम

लिलाम गरी नियमानुसार गरी पीडितलाई क्षतिपुर्ति भराई दिनु..........................२

यो फैसलामा चित्त नबुझेमा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २६(२) अनुसार उच्च अदालत तुल्सीपुर दाङ्गमा पुनरावेदन गर्न जानु भनि प्रतिवादीलाई नियमानुसारको पुनरावेदनको म्याद दिनु...........................................................
..३

फैसलाको प्रतिलिपी संलग्न राखी श्री जिल्ला सरकारी वकिल कार्यलय रुकुमलाई फैसलाको जानकारी दिनु............................................................................४

यस अदालतको आदेशानुसार परिवर्तीत रुकुम ५४(ग)(१) नाउँका रोक्का रहेका जग्गाहरु पीडितले क्षतिपुर्ती रकम भरिपाए पछी नियमानुसार गरी फुकुवा लेखिदिनु.....................५

प्रतिबादी परिबर्तित रुकुम ५४ ग अध्ययनरत बिद्यालयमा निज प्रतिबादीको अध्ययन तथा चालचलनको सम्बन्धमा प्रत्येक चार महिनामा प्रतिबेदन उपलब्ध गराइदिनु भनि लेखिपठाइ प्राप्त प्रतिवेदन मिसिल सामेल राख्नु...................................................६

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनु............................७

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु..........................८

माननीय जिल्ला न्यायधीशज्युले टिपाए बमोजिम
फैसला टाइप गर्ने ना.सु.शशिराम बिष्ट

...........................
जिल्ला न्यायाधीश

ईति सम्वत २०७३ साल मँसिर महिना २३ गते रोज ०५ मा शुभम...........................।

**श्री कञ्चनपुर जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री दिवाकर भट्ट**

**फैसला**

**मुद्दा नं.:- ०७२-CR-०३५६, र.नं.:- ९२-०७२-०५९२**

**नि.नं.:- १५०**

**उपस्थितिः-**

**बालमनोवैज्ञानिक श्रीः- चन्द्रकला पन्त**

**समाजसेवी श्रीः- भवानीदत्त चटौत**

**दायरी मितिः- २०७३/३/७**

**फैसला मितिः- २०७३/९/५**

**मुद्दाः- केही सार्वजनिक अपराधको बालबिज्याई ।**

**वादीको नाम, थर, वतन**

प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार..१

साक्षीः- लाल सिंह रावल

कागजः-अभियोग पत्र समेत

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला कञ्चनपुर देखतभुली वडा नम्बर ८ बस्ने दशरथ विष्टको छोरा बर्ष १५ को परिवर्तित नाम “आ” कुमार ..........................१

साक्षीः- x

कागजः- x

**अदालतबाट बुझेको**

साक्षिः- x

प्रमाणः- x

**कानून व्यवसायी**

**वादीको तर्फबाट**

जिल्ला न्यायाधिवक्ता खेमराज भट्ट

**प्रतिवादीको तर्फबाटः ****

न्याय प्रशासन ऐन, २०७३ को दफा ७, वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा ३ र ४ तथा मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राअधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. मिति २०७३/२/२२ गते राती मेरो कमाण्डमा जिल्ला कञ्चनपुर कृष्णपुर नगरपालीका वडा नं ८ वाणि बजारमा गस्ती खटि गएकोमा सो समयमा पछि नाम थर खुल्न आएका प्रतिवादी परिवर्तित नाम "आ" कुमार शंकास्पद रुपमा हिडि राखेकोमा निज उपर प्रहरी टोलीलाई शंका लागी सोधपुछ गर्दा प्रहरी टोलीसगं अभद्र व्यवहार गरी शान्ती सुरक्षामा समेत आँच आउने कार्य गरेको हुँदा निजलाई कानुन बमोजम गरि पाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

२. वारदात मिति २०७३/२/२२ गते राती म केही काम बिशेषले स्थानिय बजार वाणीमा घुमफिर गरि राख्दाका बखत प्रहरी टोलीले मलाई के कुन सोची सोधपुछ गर्दा मलाई रिस उठि म आवेगमा आई गस्तिमा खटि गएको प्रहरी टोलीसंग अभद्र व्यवहार गरको हुँ । मैले जानीजानी गरेको होईन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम "आ" कुमारले अनुसन्धान अधिकारी समक्ष गरि दिएको बयान ।

३. जिल्ला कञ्चनपुर कृष्णपुर न.पा. वडा नं. २ वाणि स्थित पुर्वमा पुर्व पश्चिम राजमार्ग, पश्चिममा पुर्व पश्चिम राजमार्ग, उत्तरमा ट्राफिक प्रहरी पोष्ट र दक्षिणमा खगी राम चौधरीको कच्ची घर यति चार किल्ला भित्र रहेको वाणि बजारमा मिति २०७३/२/२२ गते अन्दाजी राति २३.०० बजेको समयमा प्रतिवादी परिवर्तित नाम "आ" कुमार शंकास्पद तरिकाले घुमफिर गरि राखेका बखत प्रहरी टोलीले शंका मानी सोधपुछ गर्न खोज्दा प्रहरीसंग अभद्र व्यवहार गरको भनि देखाईएको चार किल्ला सहितको घटनास्थल मुचुल्का ।

४. वारदात मिति र समयमा म घटना स्थल नजिक नै थिएँ । प्रतिवादी खगेन्द्र बिष्टलाई वारदात पश्चात चिनेको हुँ । सो वारदातका राती अन्दाजी राती २३:०० बजेको समयमा प्रतिवादी परिवर्तित नाम "आ" कुमार शंकास्पद रुपमा हिँडडुल गरिराखेका बखत प्रहरी टोलिले शंका मानी सोधपुछ गर्न खोज्दा भाग्न उम्कन खोजी प्रहरीसंग अभद्र व्यवहार गरको हो भन्ने मैले थाहा पाएको हुँ । यसरी बिना कारण रातिको समयमा शंकास्पद तरिकाले हिडडुल गर्ने प्रतिवादी उपर कानुन बमोजिम हुनुपर्छ भन्ने समेत व्यहोराको सिद्ध राज जोशीले गरि दिएको घटना विवरण कागज ।

५. वारदात मिति र समयमा म आफ्नै घरमा थिएँ । प्रतिवादी परिवर्तित नाम "आ" कुमारलाई वारदात पश्चात चिनेको हुँ । सो वारदातको राती अन्दाजी २३:०० बजेको समयमा प्रतिवादी परिवर्तित नाम "आ" कुमार शंकास्पद रुपमा गई राखेका बखत प्रहरी टोलीले शंका मानी सोधपुछ गर्न खोज्दा भाग्न उम्कन खोजी प्रहरीसंग अभद्र व्यवहार गरको हो भन्ने मैले थाहा पाएको हुँ । यसरी बिना कारण रातिको समयमा शंकास्पद तरिकाले हिडडुल गर्ने प्रतिवादी उपर कानुन बमोजिम हुनुपर्छ भन्ने समेत व्यहोराको हरी लाल चौधरी समेत जना तिनले करिब एकै मिलान हुने गरी बकि लेखाई दिएको बस्तुस्थिति मुचुल्का ।

६. यसरी मिसिल संलग्न उल्लेखित तथ्य र आधार प्रमाणहरुबाट मिति २०७३/२/२२ गते राती जिल्ला कञ्चनपुर कृष्णपुर नगरपालीका वडा नं ८ वाणि बजार सार्वजनिक स्थानमा प्रतिवादी परिवर्तित नाम "आ" कुमार शंकास्पद रुपमा हिँडि राखेकोमा निज उपर प्रहरी टोलीलाई शंका लागी सोधपुछ गर्दा प्रहरी टोलीसंग अभद्र व्यवहार गरी शान्ती सुरक्षामा समेत बाधा पुऱ्याई निज प्रतिवादीले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को (क), (ग) र (ज) बमोजिमको कसुर अपराध गरेको देखिदा निज प्रतिवादी परिवर्तित नाम "आ" कुमारलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुन भन्ने समेत व्यहोराको अभियोग मागदाबी ।

७. आज भन्दा ५ महिना पहिला मेरा छिमेकमा चोरी भएकोले मलाई शंका गरी प्रहरीले पक्राउ गरेको हो । मैले प्रहरीलाई कुनै अभद्र व्यवहार गरेको होइन । मैले कुनै सार्वजनिक अपराध गरेको होइन भन्ने समेत व्यहोराको परिवर्तित नाम "आ" कुमारले यस अदालतको बाल इजलास समक्ष गरेको वयान ।

८. यसमा थुनछेक तर्फ विचार गर्दा यी प्रतिवादी बालबालिका ऐन, २०४८ को प्रावधान बमोजिम बाल बालिकाको दर्जामा पर्ने हुनाले निज प्रतिवादी "आ" कुमारलाई बालबालिका ऐन, २०४८ को दफा ५० (१) बमोजिम अदालतले खोजेका अवस्थामा उपस्थित गराउने गरी निजका बावु, आमा, संरक्षक वा नातेदारको जिम्मा लगाई दिनु भन्ने यस अदालतको मिति २०७३/३/७ गतेको आदेश ।

९. उक्त दिन म गस्तिको क्रममा बाणि बजारमा गएको थिएँ । उक्त समयमा पछि नाम, थर थाहा हुन गएको परिवर्तित नाम "आ" कुमार शंकास्पद रुपमा घुमिरहेको अवस्थामा निजलाई सोधपुछ गर्ने क्रममा प्रहरीसँग अभद्र व्यवहार गरी भाग्न लाग्दा नियन्त्रणमा लिई पक्राउ गरेका हौं भन्ने समेत व्यहोराको जाहेरवाला लाल सिंह रावलले यस अदालतमा गरेको वकपत्र ।

ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सुचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता खेमराज भट्टले गर्नु भएको वहश समेत सुनि मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादी उपर केहि सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को (क) (ग) र (ज) को कसुर अपराधमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुनका साथै यी प्रतिवादी १५ बर्षका नाबालक भएकाले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन भन्ने अभियोग मागदावी देखिन्छ र यी प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा कसुरमा सावित रही र अदालत समक्ष वयान गर्दा कसुरमा इन्कार रही वयान गरेको र प्रतिवादीले मिति २०७३/३/७ को तारेख गुजारी वसेको तथ्य मिसिल संलग्न रहेछ ।

अव उपर्युक्त तथ्य रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादीले आरोपित कसुर गरेका हुन् होइनन् ? र अभियोग मागदावी बमोजिम हुनु पर्ने हो होईन ? भन्ने विषयमा मिसिल संलग्न सवुद प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यी प्रतिवादी अनुसन्धान अधिकारी समक्ष वयान गर्दा कसुरमा सावित रहेका र अदालतमा आई बयान गर्दा इन्कार रहेको देखिन आयो । प्रस्तुत मुद्दा बाल इजलासबाट सुनुवाई भएकाले अन्य सदस्यहरुले समेत राय लिई मिसिल संलग्न प्रमाणहरुको विवेचना गर्दा यी प्रतिवादी उपरको जाहेरी प्रतिवेदनलाई प्रतिवेदकले अदालत समक्ष आई वकपत्र गर्दा समर्थित र पुष्टि हुने गरी वकपत्र गरी दिएबाट यी प्रतिवादीले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२६ को दफा २ (क), (ग) र (ज) बमोजिमको कसुरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुने ठहर्छ । निज प्रतिवादीलाई उल्लिखित कसुरमा अभियोग दावी बमोजिम सजाय हुने ठहरे तापनि निजले यस पूर्व कसुर गरेको नदेखिएको र उक्त कसुर पहिलो पटक गरेको देखिँदा र निज १५ वर्षको नाबालक समेत भएको अवस्थालाई समेत विचार गर्दा सोही दफा ६(२) बमोजिम सजाय कार्यान्वयन नगरी निजलाई अब उप्रान्त कसुर गर्ने छैन भनी कागज गराउनु र छाडी दिने ठहर्छ । अरु तपसिल बमोजिम हुने गरी अ.वं. १८६ नं. वमोजिम आजै यो फैसला गरी दियाँ ।

तपसिल

माथी इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी “आ” कुमार (परिवर्तित नाम) लाई केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा ६ (१) बमोजिम सजाय हुने ठहरेता पनि निज १५ को नाबालक समेत भएकोले सोही ऐनको दफा ६(२) बमोजिम सजाय कार्यान्वयन नगरी निजलाई अब उप्रान्त कसुर गर्ने छैन भनी कागज गराई छाडी दिनु भनी फैसला भएकोले निज

प्रतिवादी उपस्थित भएका बखत कागज गरी छोडी दिनू.......................................१

प्रस्तुत इन्साफमा चित्त नबुझे ऐनका म्याद ७० दिन भित्र उच्च अदालत दिपायल महेन्द्रनगर इजलासमा पुनरावेदन गर्न जानु होला भनि प्रतिवादी "आ" कुमार (परिवर्तित नाम) लाई पुनरावेदनको म्याद दिनु साथै जि.स.व.का. कञ्चनपुरलाई फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी दिनू...................................................................................२

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू..................................३

प्रस्तुत फैसला उपर पुनरावेदन परे मिसिल उच्च अदालत दिपायल महेन्द्रनगर इजलासमा पठाइ दिनु नपरे मिसिल सुरक्षित साथ राख्न अभिलेख फाँटमा बुझाइ दिनू .................................४

प्रस्तुत फैसलाको बिद्युतीय प्रति अदालतको अपलोड सिस्टममा अपलोड गरि दिनू.............५

मा.न्या. ज्यूले बोली टिपाए बमोजिम

टिपोट गरी कम्प्युटर टाइप गर्ने

टा. ना. सु ललिता बोहरा

फाँटः–२ ...............

दिवाकर भट्ट

जिल्ला न्यायाधीश

इति सम्वत् २०७३ साल पौष ५ गते रोज ३ शुभम्...........................................।

**श्री**

**दोलखा जिल्ला अदालत**

**ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री लालकाजी श्रेष्ठ**

**फैसला**

**सम्वत् ०७३-CR-०००७**

**निर्णय नं. :- ६३**

**बालमनोविज्ञः- श्री ईश्वरबहादुर थापा**

**समाजसेवीः- श्रीमती देवी शिवाकोटी**

**मुद्दाः- चोरी।**

**वादीको नाम, थर, वतन**

जीवनकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार...................................१

वादीका साक्षीः-

जाहेरवाला जीबनकुमार श्रेष्ठ

बिबेक कार्की

लक्ष्मीनारायण श्रेष्ठ

श्रेष्ठ

काशीनारायण श्रेष्ठ

**प्रतिवादीको नाम, थर, वतन**

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं.२ बस्ने नाम परिवर्तित १७(ज) को छोरा वर्ष १२ को नाम परिवर्तित १७(च).................१

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं.४ बस्ने नाम परिवर्तित १७(झ) को छोरा वर्ष १२ को नाम पुर्णबहादुर परिबर्तित १७ (छ)...........................................१

समेत जना...................................२

**प्रतिवादीका साक्षीः-**

शान्त थामी

रमेश योगी

**<u>अदालतबाट बुझेको साक्षीः</u>–**

जाहेरवाला जीबनकुमार श्रेष्ठ

नेत्रबहादुर श्रेष्ठ

शान्त थामी

न्याय प्रशासन ऐन, २०४८ को हाल २०७३ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको देखिएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य बिवरण तथा निर्णय यस प्रकार रहेको छ ।

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ३ स्थितमा रहेको भीमेश्वर मन्दिर परिसर भित्र रहेको चन्दा वाकस फोरी उक्त चन्दा बाकसमा रहेको नगद रुपैया चोरी गरेको भन्ने ब्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

मिति २०७३।४।२७ गते दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ३ मा अबस्थित भीमेश्वर मन्दिर परिसरमा रहेको दान बाकस फोडी दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं.४ बस्ने नाम परिबर्तित १७ (छ) र ऐ. ऐ. २ बस्ने नाम परिबर्तित १७ (च) ले अं. रु.१०,०००।- (दश हजार रुपैया) चोरी गरी लगेको हुँदा कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने ब्यहोराको भीमेश्वर गुठी तथा पुजा ब्यबस्थापन समितीको अध्यक्ष जीबनकुमार श्रेष्ठको जाहेरी दरखास्त ।

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं.१ स्थित सातदोबाटोमा रहेको श्रेष्ठ मोबाईल सेन्टरमा ने.रु.५०।- दरको थान २ (दुई) ने.रु.२०।- दरको थान ९ (नौ) ने.रु.१०।- दरको थान १८ (अठार) र ने.रु.५।- को थान २९ (उनान्तिस) जम्मा रु.६०५।- (छ सय पाँच) बरामद गरिएको भन्ने व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का ।

दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित त्रिपुरासुन्दरी मन्दिर नजिक दोलखा जिल्ला । नगरपालिका वडा नं.४ बस्ने नाम परिबर्तित १७ (छ) लाई शंकास्पद अबस्थामा चेकजाच गर्दा निजले पिङ्क कलरको स्वीटरमा पोका पारी बोकेको बिभिन्न दरको ने.रु.५००।- दरको थान २ (दुई) ने.रु.२०।- दरको थान ५१ (एकाउन्न) ने.रु.१०।- दरको थान १०५ (एक सय पाँच) ने.रु.५।- दरको थान २६२ (दुई सय वैसठ्ठी) ने.रु.२।- को थान २ (दुई) ने.रु.१ ।- दरको थान २ (दुई) ने.रु.२।- दरको सिक्का थान २ (दुइ) ने.रु.१।-दरको सिक्का थान ३ (तिन) पिङ्क कलरको स्वीटर थान १ मा जम्मा रु.४४२५।- (चार हजार चार सय पच्चिस) बरामद गरिएको भन्ने व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का ।

मिति २०७३।०४।२१ गते बिहान देखी नै म श्रेष्ठ मोबाईल पसलमा आफ्नो दैनिक ब्यापारको लागि बसी राखेको थिए । सोही क्रममा बिहान अ. ०८.०० बजेको समयमा म पसलमा बसी राखेको अबस्थामा नाम परिबर्तित १७(च) मोबाईल पसलमा आई मेरो पहिलाको उद्यारो तिर्न बाँकी छ साहुजी नेत्रबहादुर श्रेष्ठलाई भेट्नु छ भन्यो, मैले साहुजी नेत्रबहादुर श्रेष्ठ छैन । मलाई बुझाए हुन्छ भनेपछि निज नाम परिबर्तित १७ (च) ले आफ्नो खल्तीबाट ने.रु.५०।-, ने.रु.२०।-, ने.रु.१०।- र ने.रु.५।- दरको अबिर लागेको जम्मा रु.६०५।- पहिलाको उद्यारो तिर्न छ भनी मलाई दिएको हो । सोही दिन नै मोबाईल किन्न पर्‍यो भनी ने.रु. १०००।- दरको नोट थान १ (एक) र रु.५०० ।- दरको थान १ (एक) गरी जम्मा रु.१५००।- राख्न दिएको हो । निजले मन्दिर परिसरको दान बाकस फोरी पैसा चोरी ल्याएको भन्ने कुरा प्रहरीले निज नाम परिबर्तित १७ (च) लाई पक्राउ गरे पश्चात् मात्र थाहा पाएको हो । पछि वुझ्दै जादा दोलखा जिल्ला । नगरपालिका वडा नं.४ बस्ने नाम परिबर्तित १७ (छ) र ऐ.ऐ.२ बस्ने नाम परिबर्तित १७ (च) ले दोलखा मन्दिर परिसरको दान बाकस फोरी पैसा ल्याएको भन्ने कुरा थाहा पाएँ । निजहरुलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने बेहोराको बिबेक कार्कीले अनुसन्धानको क्रममा प्रहरीमा गरिदिएको कागज ।

मिति २०७३।०४।२७ गते म घरमा नै थिए । मिति २०७३।०४।२८ गते दोलखा भीमेश्वर मन्दिरको गेट खोल्ने पालो मेरो भएको हुँदा बिहान ०४.०० बजे उठी मुल गेट खोली भित्र पसे । भित्र पसे पछि मन्दिर भित्र गई सफा गरी पानीले पखाले, बिस्तारै उज्यालो हुँदै गए पछि पुजा आजा गर्ने क्रममा मन्दिर परिसर भित्र मुल गेट नजिक रहेको दान पेटिका बाकस फोरेको देखे । उक्त कुरा थाहा पाउन साथ मैले लक्ष्मीनारायण श्रेष्ठ र गुठीका अध्यक्ष जीबनकुमार श्रेष्ठ लगायत, मन्दिर समितिका मानिसहरुलाई खबर गराई प्रहरीलाई जानकारी गराए । उक्त बाकस फोरी अ. रु. १०,००० चोरी गरी लगेको थियो । पछि वुझ्दै जादा दोलखा जिल्ला । नगरपालिका वडा नं.४ बस्ने नाम परिबर्तित १७ (छ) र ऐ.ऐ.२ बस्ने नाम परिबर्तित १७ (च) ले दोलखा मन्दिर परिसरको दान बाकस फोरी नगद चोरी लगेको भन्ने कुरा थाहा पाए । भीमेश्वर मन्दिर जस्तो पबित्र स्थलमा रहेको दान बाकस फोरी नगद चोरी गरी लानेलाई कानुन बमोजिम कडा भन्दा कडा कारबाही हुनु पर्छ भन्ने बेहोराको कासीनारायण श्रेष्ठ समेतले अनुसन्धानको क्रममा प्रहरीमा गरिदिएको कागज ।

मिति २०७३।०४।२७ गते बालुवा घोल्ने मालिक बज्यैको काम सकेपछी खाजा खाई लाखे जात्रा हेर्न गए । लाखे जात्रा हेरिसके पछी जात्रामा नै नाम परिबर्तित १७ (च) संग भेट भयो । भेटमा भीमेश्वर मन्दिर भित्र रहेको दान बाकसमा रहेको नगद चोर्न जाने सरसल्लाह भयो । तत्पश्चात् बेलुका अ. ०८.०० बजे हामी दुबै जना मन्दिर तर्फ गयौं । मन्दिरको मुलगेट बन्द भइसकेको

थियो । पुजारी तथा देख्ने मानिसहरु कोही छन की भनी हामी दुबै जनाले हेऱ्यौ। चारैतिर कोही कसैलाई देखिन तर बत्ती बलि रहेको थियो । केही समय पछि मन्दिरको दक्षिण तर्फको पर्खालबाट उक्लियौँ र दुबै जना दान पेटिका नजिक नरिवल फुटाउने ठाउमा रहेको ईट्टाले दान पेटिकाको सिसा मैले फुटाए । म र नाम परिबर्तित १७ (च) ले उक्त ईट्टा र सिसाका टुक्राहरु टिपी मन्दिरको पुर्ब पट्टीको कम्पाउण्डको बाहिर फाल्यौँ र दान पेटिका भित्र हात हाली २।२ मुठी पैसा निकाली मैले पिङ्क कलरको स्वीटरमा पोको पारी हिडियौं । उक्त चोरी घटना म र नाम परिबर्तित १७ (च) मिली योजना बनाई चोरेको हो । प्रहरीले मेरो साथबाट बिभिन्न दरको अबिर लागेको रु.४,४२५।- (चार हजार चार सय पच्चिस) रुपैयाँ घर जान लागेको अबस्थामा फेला पारी बरामद गरेको हो भन्ने समेत बेहोराको प्रतिबादी नाम परिबर्तित १७(छ) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

मिति २०७३।०४।२७ गते बेलुका पख दोलखा भीमेश्वरमा लाखे जात्रा लागि रहेकोले लाखे जात्रा हेर्न गएँ । त्यतिकैमा नाम परिबर्तित १७ (छ) संग भेट भयो । निजसँग पहिला देखि नै चिन जान थियो । तत् पश्चात् निसँग दोलखा मन्दिर गई दान पेटिकाको पैसा चोर्ने सर सल्लाह भयो । मन्दिर परिसरमा पुग्दा झमक्क साँझ परिसकेको थियो । मुलढोका बन्द गरी सकेको र बत्ती बलिरहेको थियो । मन्दिर नजिकै गई पुजारी तथा अन्य मानिसहरु कोही छन की भनी चारैतिर हेऱ्यौँ कोही देखिन र मन्दिरको दक्षिण तर्फको कम्पाउण्डको पर्खाल रेलिङ्गबाट चढी भित्र प्रबेश गऱ्यौँ, मुल ढोका नजिकै रहेको दान पेटिका माथि राखिएको चारपाटे फलामको पाता झिकी मैले नजिकको पिलरमा अढेस लगाई दिए र मसँगै गएका नाम परिबर्तित १७ (छ) ले नजिक रहेको ईट्टाले दान पेटिकाको सिसा फुटायो । सिसाको टुक्रा र ईट्टा मन्दिरको पुर्ब पटीको कम्पाउण्ड बाहिर फाल्यौँ र दुबै जनाले २।२ मुठी पैसा दान पेटिकाबाट निकाली हतार हतार गोजीमा राखी रेलिङ्गबाट तल झरी आ-आफ्नो बाटो लागेको हुँ । उक्त मन्दिर परिसरमा रहेको दान बाकस चोर्ने योजना हामी दुबै जनाले बनाएका हौँ । मैले चोरी गरेको उक्त रकम चरिकोट स्थित श्रेष्ठ मोबाईल सेन्टरमा काम गर्ने दाईलाई राख्न दिएको छ भन्नेसमेत बेहोराको नाम परिबर्तित १७ (च) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान ।

मिति २०७३।०४।२७ गते बेलुकीको समयमा दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं.२ स्थित श्री दोलखा भीमसेनको मन्दिर हाताभित्र रहेको दान बाकस फूटाई उक्त बाकस भित्रको नगद मध्ये बरामद हुन आएको नगद जम्मा रू.६,४९८।- यी प्रतिबादीहरुले नकबजनीको रितबाट चोरी गरी लगि मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. मा परिभाषित कसूरमा विरुद्ध

खण्डका प्रतिबादीहरु नम परिवर्तित १७(च) र १७(छ) लाई जम्मा बिगो रू.६,४९८।- कायम भई सोही ऐनको १४(१) नं. बमोजिम हुने सजायमा मिसिल संलग्न निज प्रतिबादीहरुको जन्मदर्ता प्रमाणपत्रबाट निज प्रतिबादीहरु १६ वर्ष मुनिका बालक रहेको देखिँदा प्रतिबादी मध्येका नाम परिवर्तित १७(च) लाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम र प्रतिबादी नाम परिवर्तित १७(छ) लाई सोही बालबालिका ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन एवं मुलुकी ऐन चोरीको महलको १०(३) र २१ नं. बमोजिम बरामदी नगद रकम रू.६,४९८।- जाहेरवाला मार्फत श्री भीमेश्वर मन्दिर गुठी तथा पूजा ब्यबस्थापन समितिलाई दिलाई भराई पाउँ भन्ने अभियोग माग दाबी ।

मिति २०७३ साल साउन २६ गते बेलुकी अन्दाजी ७.३० बजेतिर अर्को प्रतिबादी नाम परिबर्तित १७(च) र म समेत दोलखा भीमेश्वर मन्दिरमा लाखे नाच (जात्रा) हेर्दा हेर्दै हामीहरु बीच मन्दिरको पैसा चोर्ने कुरामा सरसल्लाह भएको करिब आधा घण्टा अर्थात् ८.०० बजेतिर हामीहरु दुबै जना मन्दिरको दक्षिण तर्फको नरिवल फोर्नेनिरबाट बार नाघेर मन्दिरभित्र छिर्‍यौं त्यसपछि दान बाकसको सिसा ईटा प्रयोग गरी मैले फुटाएँ त्यसपछि अर्को प्रतिबादी नाम परिबर्तित १७(च) ले पहिला पैसा झिक्यौं त्यसपछि मैले पनि पैसा झिके, झिकेको पैसा आ-आफ्नो गोजीमा हाली जाहाँबाट आएको हो त्यहीबाट फर्कियौं र यसरी फर्कदा आ-आफूले निकालेको पैसा आ-आफ्नो साथ राखी आ-आफ्नो घरतिर लाग्यौं । घरमा गएर गन्दा रु.४४२५।-(चार हजार चार सय पच्चिस रुपैयाँ) रहेछ । सो बारेमा बुबा आमालाई समेत जानकारी नदिई लुकाई राखें र भोलिपल्ट २७ गते प्रहरीले मलाई पक्राउ गर्‍यो । हामी दुई जना बाहेक कसैको पनि चोरीमा संलग्नता छैन र कसैले पनि हामीलाई चोर्न उक्साएको हैन । अर्को प्रतिबादीले निकालेको पैसा कति थियो सो मलाई थाहा छैन । मलाई सजाय हुनु पर्ने हो होइन थाहा छैन भन्नेसमेत बेहोराको प्रतिबादी नाम परिबर्तित १७ (छ)ले यस अदालतमा गरिदिएको बयान ।

मिति २०७३ साल साउन २७ गतेको दिन भीमेश्वर मन्दिरमा लाखे नाच (जात्रा) हेर्ने क्रममा प्रतिबादी नाम परिबर्तित १७(छ) र म समेत दुई जना मिली आज मन्दिरको पैसा चोर्नु पर्छ भनी नाम परिबर्तित १७(छ) ले मलाई भन्यो र हामीहरु बीच सल्लाह भएको एकछि मै करिब बेलुका ८.०० बजेतिर हामीहरु मन्दिरको दक्षिणतर्फ नरिवल फुटाउने ठाउँनिरबाट मन्दिरको बार क्रस गरेर मन्दिर भित्र छिर्‍यौं । यसरी छिरिसकेपछि प्रतिबादी नाम परिबर्तित १७(छ) ले पहिला त्रिशुलले दान बाकसको सिसामा हान्यो तर दान बाकस फुटेन । यसरी नफुटेपछि उक्त साथीले ढुंगा प्रयोग गरी दान बाकसको सिसा फुटायो त्यसपछि हामीहरु दुबै जनाले उक्त दान बाकसभित्र रहेका नोटहरु २/३

पटक निकाली आ-आफ्नो गोजीमा हाल्यौं । हाम्रो गोजी भरिसकेपछि हामीहरु मन्दिर परिसरबाट पहिलेकै बार नाघी बाहिर निस्क्यौं । बाहिर निस्केपछि हामीहरुसँग भएको पैसा नगनीकन अन्दाजको भरमा बाँडयौं र बाड्दा बराबर हुने गरी बाँडेको हो तर त्यहाँ गनेनौं । त्यसपछि आ-आफ्नो भागको पैसा लिई आ-आफ्नो घरमा गयौं । घरमा गएपछि पनि घरपरिबार कसैलाई पनि नभनी पैसा आफैले लुकाई राखे । भोलीपल्ट २८ गते बिहान ८.०० बजेतिर सातदोबाटो स्थित मोबाईल पसलको बिबेक दाईलाई मोबाईल किन्नको लागि आफ्नो भागको सबै पैसा दिए तर एकछि मै प्रहरीले मलाई त्यहीबाट पक्रियो । हामी २ जना बाहेक कसैले पनि पैसा चोरेको हैन र हामीलाई चोर्न कसैले पनि सिकाएको होइन । हामीहरु बीच पैसा बाँडी सकेपछि मलाई जम्मा रु.४०००।- चार हजार रुपैयाँ र नाम परिबर्तित १७(छ) लाई रु.४०२५।-(चार हजार पच्चीस रुपैयाँ) भागमा आएछ । मैले सजाय पाउनु पर्ने होईन भन्नेसमेत बेहोराको प्रतिबादी नाम परिबर्तित १७ (च)ले यस अदालतमा गरिदिएको बयान ।

प्रतिवादीहरुको उमेर १६ बर्ष मुनीको रहेको देखिँदा प्रतिबादीहरु नम परिबर्तित १७ (च) र नाम परिबर्तित १७ (छ)लाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. को देहाय दफा ५ र १० बमोजिम जनही नगद रु.५०००।- (अक्षरुपी पाँच हजार रुपैयाँ) वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राख्ने सो दिन नसके निज प्रतिवादीहरुलाई मुलुकी ऐन अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न पठाउनु पर्नेमा निज प्रतिवादीहरुको उमेर १६ बर्ष मुनीको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम बाल सुधार गृहमा पठाई दिनु भन्ने यस अदालतबाट मिति २०७३।५।८।४ मा भएको थुनछेक आदेश ।

प्रतिबादीहरुले मिति २०७३।४।२७ गते बेलुकी अं.८.०० बजे दोलखाको भीमेश्वर मन्दिरको दक्षिण पट्टी रहेको दान बाक्सबाट एक एक मुठ्ठी झिकेर लगेको जम्मा रकम अन्दाजी रु.१०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ) चोरी गरी लगेका हुँदा यी प्रतिबादीहरुलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला जीबनकुमार श्रेष्ठले यस अदालतमा गरिदिएको बकपत्र ।

उक्त वारदात भएको समयमा म काठमाडौंमा थिएँ । मिति २०७३।४।२८ गते मेरो चरिकोट बजारमा रहेको मोबाईल पसलमा भाई बसी रहेको समयमा नाम परिबर्तित १७ (च)ले पहिला मेमोरी कार्ड लगेको रकम बुझाई एक थान मोबाईल किन्छु भनी रु.१५००।- छोडी गएपछि निजलाई प्रहरीले समातेको रहेछ । प्रहरीले मिति २०७३।४।२८ खानतलासी गर्दा भीमेश्वर मन्दिरको चन्दा बाकसबाट चोरी भएको थाहा पाएको हुँ । प्रतिवादीहरुले कति रुपैयाँ चोरी गरेका हुन मलाई थाहा

छैन भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा घटना बिबरणमा कागज गर्ने नेत्रबहादुर श्रेष्ठले यस अदालतमा आई गरिदिएको बकपत्र ।

मिति २०७३।४।२७ गते यी प्रतिवादीहरुले भीमेश्वर मन्दिरमा रहेको चन्दा बाकस फुटाई कति रकम चोरी गरेका हुन मलाई थाहा छैन । यी प्रतिवादीहरुको चोरी गर्ने कार्यमा संलग्नता छ । भन्नेसमेत बेहोराको प्रतिवादी नाम परिबर्तित १७ (छ) का साक्षी शान्त थामीले यस अदालतमा आई गरिदिएको बकपत्र ।

बालमनोविज्ञ श्री ईश्वरबहादुर थापा र समाजसेवी श्रीमती देवी शिवाकोटीले पेश गरेको प्रतिवेदन मिसिल सामेल रहेछ ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा नेपाल सरकारका तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री कैलाश दाहाल र प्रतिबादीहरुका तर्फबाट उपस्थित बैतनिक कानुन ब्यबसायी श्री श्यामकृष्ण मास्केले गर्नु भएको तर्कपूर्ण वहस जिकिर सुनी मिसिल संलग्न कागजात अध्यन गरी हेर्दा अभियोग माग दावी बमोजिम प्रतिबादीहरुलाई सजाय हुनु पर्ने हो होइन ? सो सम्बन्धमा निर्णय दिनु पर्ने हुन आएको छ ।

यसमा नगद रुपैयाँ चोरी गरेको भन्ने बेहोराको घटनास्थल मुचुल्का, जम्मा रु.६०५।- (छ सय पाँच रुपैयाँ) श्रेष्ठ मोबाईल पसलको घर्राबाट बरामद भएको बरामदी मुचुल्का, नाम परिबर्तित १७(छ) बाट रु.४३९३।- (चार हजार तीन सय त्रियानब्बे रुपैयाँ) बरामद भएको बरामदी मुचुल्का, दानपेटिका बाकस फोरेको भन्ने घटना बिबरण कागज, मन्दिरको दक्षिण तर्फको पर्खालबाट उक्लियौं र दुबै जना दान पेटिका नजिक नरिवल फुटाउने ठाउँमा रहेको ईंटाले दान पेटिकाको सिसा मैले फुटाएँ । म र नाम परिबर्तित १७(च) ले ईंटा र सिसाका टुक्राहरु टिपी पुर्ब पट्टिको कम्पाउण्डमा बाहिर फाल्यौं र दान पेटिका भित्र हात हाली २/२ मुठी पैसा निकाली पिङ्क कलरको स्वीटारमा पोका पारी हिड्यौं भनी नाम परिबर्तित १७(छ) ले अधिकारप्राप्ता अधिकारीसमक्ष एबं यस अदालतमा समेत कसूर आफूले गरेको हो भनी आरोपित कसूर गरेमा साबित भई अर्का प्रतिबादी नाम परिबर्तित १७(च)लाई समेत पोल गरी नाम परिबर्तित १७(छ) ले यस अदालतमा बयान गरेको र सोही बेहोरा मिलान हुने गरी अर्का प्रतिबादी नाम परिबर्तित १७(च) ले अधिकारप्राप्त अधिकारीसमक्ष एबं अदालतमा समेत आरोपित कसूर आफूले गरेको हो भनी एकले अर्कालाई पोल गरी आरोपित कसूर गरेमा साबित भई बयान गरेको तथा उक्त साबिती बयानलाई बरामद भई

आएको रुपैयाँ लगायतका दशी प्रमाण तथा साक्षीहरु ठुले भन्ने शान्त थामी, एबं घटना बिबरणमा कागज गर्ने नेत्रबहादुर श्रेष्ठ, जाहेरवाला जीबनकुमार श्रेष्ठले प्रतिबादीहरुले दोलखा भीमेश्वर मन्दिरको दान पेटिका बाकसबाट रकम चोरी लगेका हुन भनी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको, प्रतिवादी १७(छ) को साथबाट रु.४,४२५।- चार हजार चार सय पच्चीस रुपैयाँ बरामद भएको बरामदी मुचुल्काबाट देखिएको समेतका प्रमाणबाट प्रतिबादीहरु, नाम परिबर्तित १७(च) नाम परिबर्तित १७(छ) ले मिति २०७३।४।२७ गते दोलखा भीमेश्वरको मन्दिर हाताभित्र रहेको दान पेटिका बाकस फुटाई उक्त बाकस भित्रका नगद मध्ये बरामद हुन आएको नगद रु.६४९८।- ( छ हजार चार सय अन्ठानब्बे रुपैयाँ) नकबजनीको रितबाट चोरी गरेको तथ्य पुष्टि हुन आएकोले मुलुकी ऐन चोरीको महलको १ र ३ नं. मा परिभाषित कसूरमा प्रतिबादीहरु नाम परिबर्तित १७(च) र नाम परिबर्तित १७(छ) लाई मुलुकी ऐन चोरीको महलको १४(१) नं. बमोजिम सजाय हुनेमा प्रतिबादीहरु मध्येका नाम परिबर्तित १७(च) १४ बर्ष भन्दा मुनिका १२ बर्षका बालक रहेको देखिँदा निजलाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) बमोजिम कैद हुने अपराध गरेकोमा मुलुकी ऐन चोरीको महलको १४(१) नं. ले नकबजनी चोरी गर्नेलाई सोही महलको १२ नं. बमोजिम हुने सजायमा डेढा बढाई सजाय हुने हुँदा ऐ.१२ नं. ले पहिला पटकमा १(एक) महिना कैद र बिगो बमोजिम जरिबाना हुने कानुनी ब्यबस्था रहेको र प्रतिबादी नाम परिबर्तित १७(च) १२ बर्षको देखिँदा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) नं. अनुरुप कैद दिन सात (७) हुन्छ । अर्का प्रतिबादी नाम परिबर्तित १७(छ) १६ बर्ष मुनीका भई वर्ष १५ को देखिँदा ऐ. ऐनको दफा ११(३) ले कानुन बमोजिम उमेर पुगेका ब्यक्तिलाई हुने सजायको आधा सजाय हुने हुँदा प्रतिबादी नाम परिबर्तित १७(छ) लाई दिन २२(बाईस) कैद र निजबाट बरामद भएको बिगो रु.४४२५।- को डेढा रु.६६३७।५० जरिवाना हुने ठहर्छ । बरामदी बिगो रकम जाहेरवाला मार्फत श्री भीमेश्वर मन्दिर गुठी तथा पुजा ब्यबस्थापन समितिलाई दिलाई भराई दिने ठहर्छ । सो ठहर्नाले अरु कुरामा तपसील बमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८६ नं.बमोजिम अड्डै तर्फबाट यो फैसला गरिदिएँ।

**तपसील**

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिबादी नाम परिबर्तित १७(च) १२ बर्षको देखिँदा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) नं. अनुरुप कैद दिन सात (७) हुने ठहरी फैसला भएकोले प्रतिवादी नाम परिवर्तित १७(च) मिति २०७३।४।२८ देखि प्रहरी हिरासत तथा यस अदालतको मिति २०७३।५।७ गते भएको आदेशानुसार बाल सुधार गृहमा बसेको देखिँदा

निजलाई लागेको कैद भुक्तान भई सकेको देखिएकोले कैद मुक्त गरी दिनु भनी बाल सुधार गृह सानो ठिमी भक्तपुरलाई लेखि पठाउनु र अर्का प्रतिबादी नाम परिबर्तित १७(छ) १६ बर्ष मुनीका देखिँदा ऐ. ऐनको दफा ११(३) ले कानुन बमोजिम उमेर पुगेका ब्यक्तिलाई हुने सजायको आधा सजाय हुने हुँदा प्रतिबादी नाम परिबर्तित १७(छ) लाई दिन २२(बाईस) कैद र रु.६६३७।५० जरिवाना हुने ठहरी फैसला भएकोले प्रतिबादी नाम परिबर्तित १७(छ) मिति २०७३।४।२८ देखि मिति २०७३।५।७ गतेसम्म ९ (नौ) दिन प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७३।५।८ गते भएको थुनछेक आदेशानुसार ध.र.नं.५७७ बाट रु.५०००।- (पाँच हजार रुपैयाँ) धरौटी राखी तारेखमा बसेको देखिँदा निजलाई लागेको २२ (बाईस) दिन मध्ये ९(नौ) दिन कट्टा गरी बाँकी १३ (तेह्र) दिन प्रतिवादी बेरुजु हुँदा लगत कसी असुल गर्ने र निज प्रतिबादी नाम परिबर्तित १७(छ) लाई लागेको जरिवाना मध्ये ध.र.नं. ५७७ बाट रु. ५०००।- राखेको देखिँदा उक्त धरौटी रकम सदर स्याह गरी नपुग जरिवाना रकम रु. १६३७.५० लगत कसी असुल गर्नु....................१

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रस्तुत मुद्दा अन्तिम किनारा भई आएपछि बरामदी बिगो रकम जाहेरवाला मार्फत श्री भीमेश्वर मन्दिर गुठी तथा पुजा ब्यबस्थापन समितिलाई दिलाई भराई पाउँ भनी दरखास्त परेमा आम्दानी बाँधीएको रकमबाट दिए नियमानुसार फिर्ता दिनु..............२

यो इन्साफमा चित्त नबुझे ७० दिन भित्र पुनरावेदन गर्न श्री उच्च अदालत पाटन ललितपुरमा जानु भनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकील कार्यालय दोलखालाई फैसला सहित पुनरावेदनको म्याद दिनु...................................................३

प्रस्तुत मुद्दाका सरोकारवालाले फैसला सहितको नक्कल माग्न आए बिशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धि निर्देशिका, २०६४ को प्रकृया पुरा गरि नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई लान दिनु..............................................४

प्रस्तुत मुद्दाको फैसला अपलोड गरेर दायरीको लगत कट्टा गरी छिनुवा मिसिल अभिलेख संरक्षण फाँटमा बुझाई दिनु.....................................................................५

माननीय जिल्ला न्यायाधीश ज्यूले बोली टिपाउनु भए
बमोजिम टाईप गर्ने टा.ना.सु. कृष्णबहादुर श्रेष्ठ

.....................

जिल्ला न्यायाधीश

ईीति सम्वत २०७३ साल पुस महिना ६ गते रोज् ४ शुभम्.......................................।

**श्री**

**रुपन्देही जिल्ला अदालत**

**इजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री वालचन्द्र शर्मा**

**फैसला**

**सम्वत २०७३ सालको फौ.नं ०७३–cr-०३२४**

**निर्णय नं.**(१८१)

**मुद्दाः– लागू औषध ।**

**वादी**

प्र.ह. डुल बहादुर रानाको प्रतिवेदन जाहेरीले नेपाल सरकार .......................१

**प्रतिवादी**

जिल्ला लम्जुङ् बस्ने परिवर्तित नाम भैरहवा M...........................................१

जिल्ला चितवन बस्ने परिवर्तित नाम भैरहवा S...........................................१

**साक्षी –**

प्र.ह. डुल बहादुर राना, बरामदी तथा बस्तुस्थिति मुचुल्काका मानिसहरु ।

**साक्षी -**

फ

**कागज**

अभियोग पत्रसाथ संलग्न कागजहरु

**कागज -**

फ

**अदालतबाट वुझेको**

**साक्षीः–**

मुलुकी ऐन अ.वं २९ नं तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ -

मिति २०७३।०६।११ गतेका दिन जिल्ला रुपन्देही सि.न.पा. ८ वुद्धचोक स्थितमा परिवर्तित नाम भैरहवा M र परीवर्तित नाम भैरहवा S को शरीर खानतलासी गर्ने क्रममा परिवर्तित नाम भैरहवा M को साथबाट २/२ एम एलको झोल सहितको सिसिमा लागु औषध डाईजेपाम, फेनरागन र नुफिन २६/२६ सिसि फेला परेको हुँदा उक्त लागु औषध बरामद गरेको बरामदी मुचुल्का ।

मिति २०७३।०६।११ गतेका दिन जिल्ला रुपन्देही सि.न.पा. ८ वुद्धचोक स्थितमा परिवर्तित नाम भैरहवा M र परीवर्तित नाम भैरहवा S को शरीर खानतलासी गर्ने क्रममा परिवर्तित नाम भैरहवा M को साथबाट २।२ एम एलको झोल सहितको सिसिमा लागु औषध डाईजेपाम, फेनरागन र नुफिन २६/२६ सिसि फेला परेको हुँदा निजहरुलाई कार्वाही गरी पाँउ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०७३।०६।११ गतेका दिन म र साथी परीवर्तित नाम भैरहवा S भई कवाड खोज्दै जाने क्रममा चितवन पोखरा बसपार्क नजिकै पुग्दा भैरहवा S संग चिनजान भएका विकाश श्रेष्ठ भन्ने दाई भेट भई हामीहरुलाई लागु औषध चाहिएको छ तिमिहरु गई ल्याईदिनु । ल्याईदिए वापत रु. २/२ हजारका दरले पैसा दिउला भनेको हुँदा परीवर्तित नाम भैरहवा S लाई रु. ८०००।- दिई हामीहरु लागु औषध खरिद गर्नको लागि गाडी चढी भैरहवा आई गाडीबाट झरी बेलहिया हुदै भारतको सुनौलीमा रहेको चाची भन्ने महिलाको घरमा गई लागु औषध २/२ एम एलको झोल सहितको सिसिमा डाईजेपाम, फेनरागन र नुफिन २६/२६ सिसि रु. ७०००।- मा खरिद गरी मैले कम्मर पेटिको भागमा लुकाई फर्कि आउने क्रममा सि.न.पा. ८ स्थितमा आईपुग्दा प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा सो लागु औषध फेला पारी बरामद गर्नुका साथै हामिलाई समेत पक्राउ गरेको हो । उक्त लागु औषध चितवन लगी विकाश श्रेष्ठलाई दिन तथा निजले दिएमा केही मात्रामा हामिले समेत सेवन गर्नको लागि लिई आएका हौ । उक्त खरिद गर्दा लागेको रकम विकाश श्रेष्ठ भन्नेको साथमा आएको अर्को दाजुले पैसा दिएका हुन भन्ने समेत व्यहोराको प्रतिवादी परीवर्तित नाम भैरहवा M को मौकाको वयान, सोही वयान संग मेल खाने गरी खुलाई लेखाई दिएको प्रतिवादी परीवर्तित नाम भैरहवा S को मौकाको वयान ।

भौतिक सवुतमा डाईजेपाम, फेनरागन र व्युप्रिनोर्फिन समेत पाईएको भन्ने व्यहोराको परीक्षण प्रतिवेदन ।

मिति २०७३।०६।११ गतेका दिन जिल्ला रुपन्देही सि.न.पा. ८ वुद्धचोक स्थितबाट लागु औषध सहित मानिसहरु पक्राउ परेका छन भन्ने सुनी थाहा पाएको हुँ । निज प्रतिवादीहरुको साथबाट बरामद भएको लागु औषधको मात्रा हेर्दा ओसार पसार, सेवन तथा विक्रि वितरण गर्नको लागी ल्याएको हुनुपर्छ । निज प्रतिवादीहरुलाई कार्वाही हुनुपर्छ भन्ने समेत व्यहोराको बस्तुस्थिती मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम भैरहवा M को साथबाट बरामद हुन आएको २६/२६ सिसी लागू औषध डाईजेपाम, फेनरागन र नुफिन प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S ले सेवन तथा विक्रि वितरण समेतको उद्देश्यका लागि भारत सुनौलीबाट खरिद गरी लिइ आएको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S लाई

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) र (च) विपरितको कसूरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरु नाबालक देखिएकाले वालवालीका सम्वन्धि ऐन २०४८ को दफा ११(३) नं. वमोजिम सजाय गरी पाँउ भन्ने समेत अभियोग माग दावी ।

म पक्राउ पर्नु भन्दा केहि दिन पहिला चितवनमा मेरो मामा घरमा आएको थिए सोहि क्रममा मेरो मामाघर नजिकै वस्ने सह प्रतिवादी नाम परिवर्तित भैरहवा S सँग भेट भै चिनजान समेत भयो । यसै क्रममा उक्त मिति २०७३।०६।११ गते नाम परिवर्तित भैरहवा S ले मलाइ मेरो साथमा पैसा छ घुम्न जाँउ भनि गाडिमा सँगै लिइ आएका हुन । आउने क्रममा भैरहवा आइ भारतको सुनौलीमा गै निज कता कता गए एउटा झोलामा केहि सामान लिइ आएका थिए । सो समान बोक भनि मलाइ पाइन्ट भित्र पट्टको खोल्टिमा राखि लिइ आउदै गर्दा प्रहरीले वरामदी लागु औषध सहित पक्राउ गरेका हुन । मलाइ पक्राउ पर्नु भन्दा पहिला सो वस्तु लागु औषध भन्ने थाहा थिएन । मैले लागु औषध सेवन पनि गर्दीन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम भैरहवा M ले अदालतमा आइ गरेको वयान ।

मैले आज भन्दा २/३ महिना पहिलेबाट लागू औषध सेवन गर्न थालेकोमा मिति २०७३।०६।११ गते म र मेरो साथी नाम परिवर्तित भैरहवा M भई चितवनबाट आफूहरुले लागू औषध सेवन गर्नको लागी भनी गाडि चढी भैरहवा हुँदै भारतको सुनौली गई दुवै जनाले बराबर लगानी गरी जम्मा रु.५०००।- मा लागू औषध डाईजेपाम फेनरागन र नुफिन २६/२६ सिसी खरिद गरी साथी नाम परिवर्तित भैरहवा M ले साथमा राखि हामीहरु दुवैजना संगै मिली आँउदै गर्दा बरामदी लागू औषध सहित दुवैजना पक्राउमा परेका हौं । मैले लागू औषध बिक्रि वितरण गर्दिन, बरामद लागू औषध सेवन गर्ने उद्देश्यले खरिद गरि लिई आएको हो भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम भैरहवा S ले अदालतमा आइ गरेको वयान ।

प्रतिवादीहरु नावालक भएका र निजहरुका अभिभावक समेत कोहि उपस्थित हुन नआएकाले अदालतबाट खोजि भएका वखत दाखिल गर्ने गरि भएका मिति २०७३।०८।०२ का आदेशानुसार निज प्रतिवादीहरु नाम भैरहवा S र परिवर्तित नाम भैरहवा M समेतलाइ प्रहरी जिम्मा लगाइ पठाइएको ।

**<u>अदालतको ठहर</u>**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्धामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधीवक्ता श्री ऋषिकेशव वस्यालले प्रतिवादी परिवर्तित नाम भैरहवा M को साथबाट बरामद हुन आएको २६/२६ सिसी लागू औषध डाईजेपाम, फेनरागन र नुफिन प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र

भैरहवा S ले सेवन तथा विक्रि वितरण समेतको उद्देश्यका लागि भारत सुनौलीबाट खरिद गरी लिइ आएको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) र (च) विपरितको कसूरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरु नाबालक देखिएकाले वालवालीका सम्वन्धि ऐन २०४८ को दफा ११(३) नं. वमोजिम सजाय गरी पाँउ भनि गर्नु भएको वहस तथा प्रतिवादीहरुको तर्फबाट रहनु भएका वैतनिक विद्धान अधिवक्ता श्री डण्ड प्रसाद भट्टराइले यि प्रतिवादीहरु नावालक रहेको निजहरुले साथिहरुको लहै लहमा लागु औषध सेवन गर्न थालेका हुन । निजहरुले लागु औषध विक्रि वितरण केहि नगर्ने भएकाले निजहरुलाइ सेवन सम्ममा सजाँए गरि वालवालिका सम्वन्धि ऐन २०४८ को दफा ५० वमोजिम गरि पाँउ भनि गर्नु भएको वहस समेत सुनि वुझीए सम्मका कागज प्रमाण अध्यान गरि किनारा गरि दिए हुने भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S ले अभियोग दावी बमोजिमको कसुर गरेका हुन् होइनन् ? कसुर गरेको भए निजहरुलाइ के कस्तो सजाय हुनुपर्ने हो ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा निर्णय तर्फ विचार गरि हेर्दा, प्रतिवादी परिवर्तित नाम भैरहवा M को साथबाट बरामद हुन आएको २६/२६ सिसी लागू औषध डाईजेपाम, फेनरागन र नुफिन प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S ले सेवन तथा विक्रि वितरण समेतको उद्देश्यका लागि भारत सुनौलीबाट खरिद गरी लिइ आएको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) र (च) विपरितको कसूरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरु नाबालक देखिएकाले बालबालीका सम्वन्धि ऐन २०४८ को दफा ११(३) नं. वमोजिम सजाय गरी पाँउ भन्ने अभियोग दावी भएकोमा प्रतिवादी मध्येका परिवर्तित नाम भैरहवा M ले अदालतमा आइ वयान गर्दा बरामदी लागू औषधको बारेमा आफूलाई थाहा जानकारी नभई सह प्रतिवादीले आफ्नो साथमा राख्न पठाएकाले अन्जानमा आफ्नो साथमा राखेका कारण आफ्नो साथबाट उक्त २६/२६ सिसी लागू औषध डाईजेपाम समेत बरामद भएको हो भनी र अर्का प्रतिवादी परिवर्तित नाम भैरहवा S ले अदालतमा आई वयान गर्दा आफू र साथि भैरहवा M भई लागू औषध सेवन गर्ने सल्लाह गरी चितवनबाट गाडि चढी भैरहवा हुँदै भारतको सुनौली गई दुवै जनाले बराबर लगानी गरी जम्मा रु.५०००।- मा २६/२६ सिसी लागू औषध डाईजेपाम फेनरागन र नुफिन खरिद गरी साथी नाम परिवर्तित भैरहवा M ले साथमा राखि लिई आँउदै गर्दा बरामदी लागू औषध सहित पक्राउ परेको भनी लागु औषध विक्रि वितरण तर्फको दावीमा इन्कारी भै वयान गरेको देखिन्छ ।

प्रतिवादी परिवर्तित नाम भैरहवा M ले अदालतमा आइ वयान गर्दा अर्का प्रतिवादी नाम परिवर्तित S को समेत सहमति लगानिमा वरामदी लागु औषध सेवन गर्नकै लागि लिइ आएको हो भनि खुलाएको देखिन्छ भने परिवर्तित नाम भैरहवा S ले आफुहरु चितवनबाट सँगै आइ भारतको सुनौलिमा गै वरामदी लागु औषध खरिद गरि लिइ आएको हो भनि साविति वयान गरेको र निजले अदालतमा दावीमा इन्कारी वयान गरेको भएतापनि सावितिले अदालतमा समेत लागु औषध सेवनको लागि सँगै खरिद गरि लिइ आएको हो भनि वयान गरेको देखिदा निजको अदालतको इन्कारी वयान सँग सहमत हुन सकिएन । प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S समेतले बरामदी लागु औषध कसैलाइ विक्रि गर्दा गर्दैको अवस्थामा वा बिक्रि गर्ने समाग्रि सहित पक्राउ परेको देखिदैन भने निजलाई पक्राउ गर्ने प्रतिवेदकले अदालतमा आई आफुले दिएको प्रतिवेदन समर्थन हुने गरि अदालतमा आइ बकपत्र गरि दिएको पनि देखिदैन । प्रमाण ऐन २०३१ को दफा २५ ले वादी पक्षले लिएको दावी प्रमाणित गर्ने भार वादी पक्षमा निहित गरेकोमा वादी पक्षले लिएको विक्रि वितरण तर्फको दावी आफ्ना साक्षी प्रमाणबाट पुष्टि गराउन सकेको नदेखिंएको र प्रतिवादीको उमेर अवस्था र वरामदी लागु औषधको मात्रा र परिमाणलाइ हेर्दा समेत बरामदी लागु औषध निज प्रतिवादीहरु परिवर्तित नाम भैरहवा M र भैरहवा S समेतले सेवन वाहेकको अन्य प्रयोजनका लागि लिई आएका हुन भन्न सकिने अवस्था देखिन नआएकाले प्रतिवादीहरुले वरामदी लागु औषध विक्रि वितरणको लागि लिइ आएकोले कारवाहि गरि पाँउ भन्ने अभियोग दावी सो हद सम्म पुग्न नसक्ने ठहर्छ ।

प्रतिवादीहरु परिवर्तित नाम भैरहवा S ले वरामदी लागू औषध दुवै जनाले मिलि सेवन गर्नकै लागि लिइ आएको भनि लागु औषध सेवनको कसुरमा सावित भई सह प्रतिवादी परिवर्तित नाम भैरहवा m लाइ समेत पोल गरि अदालतमा आई वयान गरेकोबाट प्रतिवादी परिवर्तित नाम भैरहवा m को अदालतको इन्कारी सँग सहमत हुन सकिएन । प्रतिवादीहरुको लागु औषध सेवन तर्फको साविती वयान वरामदी लागु औषधमा डाईजेपाम र व्युप्रिनोर्फिन पाईएको भन्ने परिक्षण प्रतिवेदन, वरामदी लागु औषध सहितको वरामदी मचुल्का समेतबाट पुष्टि हुन आएकोले वरामदी लागु औषधको मात्रा परिमाण र प्रतिवादीहरुको उमेर अवस्था समेतलाइ विचार गर्दा प्रतिवादीहरु परिवर्तित नाम भैरहवा S ले वरामदी लागु औषध सेवन वाहेकको अन्य प्रयोजनका लागि लिइ आएका रहेछन भन्न सकिने अवस्था मिसिलबाट नदेखिएकाले निज प्रतिवादीहरुले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (छ) विपरितको कसुर गरेको देखिदा निजहरुलाइ सोहि ऐनको दफा १४(१)(ज) बमोजिम जनही २ महिना कैद सजाय हुनेमा प्रतिवादीहरु १६ वर्ष मुनिका नावालक देखिएकाले वालवालिका सम्वन्धि ऐन २०४८ को दफा ११ (३) वमोजिम हुने सजाँएको

आधा जनही १ (एक) महिना कैद सजाँए हुने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम हुने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम फैसला गरि दियाँ ।

**तपसिल**

१. प्रतिवादीहरु परिवर्तित नाम भैरहवा S के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (छ) विपरितको कसुरमा सोहि ऐनको दफा १४(१)(ज) बमोजिम २ महिना कैद सजाय हुनेमा प्रतिवादी १६ वर्ष मुनिका नावालक देखिएकाले बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (३) बमोजिम आधा १ (एक) महिना कैद सजाँए हुने ठहरी फैसला भएकोमा कैदका हकमा निज प्रतिवादी मिति २०७३।०६।११ देखि मिति २०७३।०८।०२ गते सम्म अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहि निजहरुलाइ लागेको कैद भुक्तान गरेको देखिदा निज प्रतिवादीहरुलाइ लागेको कैद सजाँए लगत कसी असुली जनाउनु.......................................................१

२. प्रतिवादीहरु परिवर्तित नाम भैरहवा S लाई यस फैसला उपर चित्त नवुझे श्री उच्च अदालत तुल्सीपुर बुटवल इजलाशमा पुनरावदेन गर्न जानु भनि स.मु.स. ऐन २०४९ को दफा २६ (१) वमोजिम ७० दिने पुनरावेदनको म्याद दिनु..........................................१

३. जिल्ला सरकारी वकिल कार्याल रुपन्देहीलाई यस फैसला उपर चित्त नवुझे श्री उच्च अदालत तुल्सीपुर बुटवल इजलाशमा पुनरावदेन गर्न जानु भनि स.मु.स. ऐन २०४९ को दफा २६ (१) वमोजिम ७० दिने पुनरावेदनको म्याद सहित फैसलाको जानकारी दिनु.....१

४. सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिइ सारी सराइ दिनु.............................................................................................१

५. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा वुझाइ दिनु.............................................................................................१

कम्प्युटर टाइप गरि फैसला तयार गर्ने
डि. भगवती कोईराला
फाँटवाला ना.सु. युवराज पन्थी ।

.........................
जिल्ला न्यायाधीश

ईति संवत २०७३ साल पौष १४ गते रोज ५ मा शुभम्.....................................।

**बझाङ्ग जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री पूर्ण पसाद बास्तोला**

**फैसला**

**सम्वत् २०७२ सालको मुद्दा नं.** ०७२-CR-००९२

**रजिष्ट्रेशन नं.** ८८-०७२-००१३२

**निर्णय नं.** ८८

**मुद्दाः- हाडनातामा जवरजस्ती करणी।**

| वादीको नाम थर वतन | प्रतिवादीको नाम थर वतन |
|---|---|
| परिवर्तित नाम थर जिल्ला ६८ बस्ने बर्ष ७ की चैनपुर (झ) को संरक्षकको जाहेरीले नेपाल सरकार..........................१ | परिवर्तित नाम थर जिल्ला ६८ बस्ने वर्ष १३ को चैनपुर (ट)..............................१ |
| ऐ. को प्रमाण.......................... | ऐ. को प्रमाण................................ |
| ऐ. को साक्षी........................... | ऐ. को साक्षी................................ |
| ऐ. को कागज........................... | ऐ. को कागज............................... |

**यस अदालतबाट बुझेको**

जाहेरवाला चैनपुर (झ) को संरक्षक

प्रतिवादीका साक्षी रामनाथ

वस्तुस्थिति मुचुल्काका मानिस खडक नाथ

वस्तुस्थिति मुचुल्काका मानिस खडक विष्ट

प्रहरीमा कागज गर्ने धाना देवी नाथ

प्रहरीमा कागज गर्ने सुनिता नाथ

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-**

**तथ्य खण्ड**

१. मिति २०७३/०२/२२ गते मेरी छोरी बर्ष ७ की चैनपुर (झ) दिउँसो गाई गोरु चराउन धारीपाटा भन्ने खेतमा गएकी अबस्थामा प्रतिबादी चैनपुर (ट)ले छोरी चैनपुर (झ) लाई रु. १०। दिई झुक्यानमा पारी मेरो घरमा ल्याई घरमा कोही नभएको अबस्थामा मेरै सौचालयभित्र लगि ढोका बन्द गरी मुखमा दोपट्टाले छोपी जबरजस्ती करणी गरी हो-हल्ला गरेको अबस्थामा सौचालयमा के को हल्ला हो भनि मेरी जेठी छोरी सुनिता नाथ जाँदा निज प्रतिबादी चैनपुर (ट) भागी फरार रहेको र छोरी चैनपुर (झ) बेहोस अबस्थामा सौचालयमा नै रहेकी तथा मेरी छोरी चैनपुर (झ) र प्रतिबादी चौनपुर (ट) चार पुस्ता भित्रका दाई-बहिनी नाता पर्ने भएकाले निज प्रतिबादीलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाउँ भनि मिति २०७३/०२/२६ गते चैनपुर (झ) कि संरक्षकको जाहेरी दरखास्त ।

२. मिति २०७३।०२।२२ गते अं.१८.०० बजेको समयमा मेरो घर नजिकै रहेको खेतमा म गाई गोरु चराउन गएका बखत प्रतिबादी चैनपुर (ट)ले म एक्लै भएको अबस्थामा म भएको ठाँउमा आई बहिनी तिम्रो घरमा आरु खान जाउँ भनि मलाई रु. १० दिई फकाई घर नजिकैको सौचालयभित्र लगेर ढोका बन्द गरी निजको तल्लो शरीरमा लगाएको पैन्ट र कट्टु खोली आफ्नो लिङ्ग मलाई देखाई निजले नै मेरो सुरुवाल खोली मलाई लडाई जबरजस्तीसाथ निजले मेरो योनीभित्र लिङ्ग प्रबेश गराउँदा मलाई साह्रै नै पिडा भई दुखेको र मैले उम्कने कुनै उपाय नहुँदा हार गुहार माग्न रोई कराई चिच्याएकी हुँदा सुनिता नाथले हो-हल्ला सुनि घटनास्थल नजिक आउँदा प्रतिवादी चैनपुर (ट) ले मलाई बेहोस् हालतमा छोडी फरार भएको थियो । म तत्काल हिडडुल गर्न नसक्ने बेहोस अबस्थामा सौचालय भित्रै पल्टेकी हुँदा सुनिता नाथले नै मेरो उद्धार गरी घटनास्थलबाट घरमा ल्याएकी हुन् । म नाबालिकालाई झुक्यानमा पारी ४ पुस्ताभित्र कै दाजु नातापर्ने प्रतिबादी चैनपुर (ट) ले कोही नभएको अबस्थामा एक्लो भएको मौका छोपी जबरजस्ती करणी गर्ने निज प्रतिबादी उपर कडा कानुनी कारबाही हुनुपर्छ भन्ने ब्यहोराको मिति २०७३।०२।२७ गतेको पीडित चैनपुर (झ)को घटना बिवरण कागज ।

३. पीडित चैनपुर (झ)ले वारदातको समयमा लगाएको सुरुवालमा बिभिन्न ठाउँमा रगतजस्तो रातो पदार्थ लागेको पीडितको रगत समुह बंखभ रहेको निजको शारीरिक तथा मानसिक अबस्था ठिक रहेको निजको उमेर ६–९ बर्ष बीचको रहेको पीडितको यौनीमा लिङ्ग प्रबेश भएको देखिएको निजको कन्या जाली (Hymem) च्यातिएको र यौनीमा घाउ

(Cuntused) भएको, पीडितको (Low veginal swab) परिक्षणका निम्ति पठाएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय बझाङ्गको पीडित चैनपुर (झ)को स्वास्थ्य परिक्षण प्रतिबेदन ।

४. मिति २०७३/०२/२२ गते बेलुका अं.१८:०० बजेतिर म साथीहरुसंग खेलेर एक्लै आफ्नै घरतिर फर्कने क्रममा बाटो नजिकै पर्ने परिवर्तित नामथर चैनपुर (झ)को घर नजिकै पुग्दा निजको घर अगाडी आरु फलेको देखि सो आरु खान कुनै कसैलाई नसोधी रुखमा चढी आरु खाई रहेको थिए । निजको घरमा तत्काल कोही कसैलाई देखेन पीडित चैनपुर (झ) धारामा लुगा धुदै थिए । निजले मलाई आरु खान रुखमा चढेको देखि धराबाट आरुको रुख नजिकै आएर मलाई मेरो आरुको रुखमा किन चढेको घरमा कोही छैन कसलाई सोधेर आरु खादैछस् भनि बिभिन्न अश्लील शब्द प्रयोग गरी गाली गर्दै थिईन, मलाई साह्रै रीस उठेकोले चैनपुर (झ) लाई कुटपिट गर्न भनि रुखबाट ओर्लेर पीछा गर्दै जाँदा निज मेरो डरले घर नजिकै रहेको सौचालयभित्र भागेर गईन् म पनि सोही सौचालयभित्र गई पिडीतलाई एक्लै अबस्थामा देख्दा मैले निजलाई कुटपिट नगरी करणी गर्ने योजना बनाएर उक्त सौचालयको ढोका बन्द गरी मेरो तल्लो शरीरमा भएको कट्टु खोली मेरो लिङ्ग निजलाई देखाएर सो पश्चात निजलाई मैले निजको तल्लो शरीरमा लगाएको सुरुवाल खोल्न लगाए मेरो डरले निजले केही नबोली आफ्नो सुरुवाल खोली नाङ्गो अबस्थामा बसिन । सो पश्चात मैले मेरो लिङ्ग पीडित चैनपुर (झ)को योनीमा छिराएको हुँ । मेरो लिङ्ग निजको यौनीमा पूर्णरुपले प्रबेश हुन पाएन ब्रिय स्खलल यौनी वाहिर गरी सौचालय भित्र लिङ्ग र हात पानीले धोई पखाली पैंन्ट र कट्टु लगाएको हुँ । पीडित चैनपुर (झ)ले पनि सुरुवाल लगाए पछि सौचाालयको ढोका खोली बाहिर आउँदा पीडितकी बज्यैं र दिदी सुनिता नाथलाई देखेको थिए । सो पश्चात् म सरासर आफ्नो घरतिर गएको हुँ । मैले पीडितलाई जबरजस्ती करणी गर्दा निजको यौनीबाट रगत निस्क्यो वा निस्केन मैले हेरेन रोई कराएकी थिईन भन्ने मिति २०७३।०२।२८ गते प्रतिबादी चैनपुर (ट) को बयान कागज ।

५. जिल्ला बझाङ्ग सुनकुडा गा.बि.स. वडा नं. ५ भाडी स्थित पूर्बमा अं. १५ मिटर टाढा आरुको रुख, पश्चिममा अं. २० मिटर टाढा पदमादेबी नाथको घर, उत्तरमा अं. २० मिटर टाढा फुंगे नाथको कच्ची घर, दक्षिणमा अं. ५० मिटर टाढा पुस्कर नाथको कच्ची घर उक्त चार किल्ला भित्र ६ फिट लम्बाई ४ फिट चौडाई ७ फिट उचाई भएको ढुंगाको दिवाल बनाएको जस्ता पाताले छाएको पदमा नाथको सौचालय उक्त सौचालय उक्त सौचालयभित्र मिति २०७३।०२।२२ गते चैनपुर (झ)लाई जबरजस्ती करणी गरेको भन्ने घटनास्थल उक्त,

घटनास्थलमा जबरजस्ती करणीमा प्रमाण लाग्ने कुनै सुबुत प्रमाण फेला नपरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

६. प्रतिबादी चैनपुर (ट) को शारीरिक तथा मानशिक अवस्था ठिक रहेको निजको उमेर १२ देखी १६ बर्ष बीचको रहेको निजको रक्त समुह इंखभ रहेको निजको यौनाङ्गमा घाउ चोटपटक केही नभएको निजको Coronal Swab बृस्त्रृत परिक्षण गर्नुपर्ने भएकोले संकलन गरी पठाइएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय बझाङ्गको स्वास्थ्य परिक्षण प्रतिबेदन ।

७. मिति २०७३/०२/२२ गते को १७:३० बजेको समयमा म मेरै खेतमा थिए उक्त समयमा घरनजिकै भएको मकै बारीमा मेरै गोरुले मकै खाएको देखी गोरुलाई लखेटन घर नजिक जाँदा मेरै सौचालय भित्र सानी बच्ची कराएको आवाज सुनेर सौचालयको ढोका खोल्न खोज्दा बन्द रहेको हुँदा मैले तत्कालै मेरी नातिनी सुनिता नाथलाई बोलाई सौचालयको ढोका खोल्न लगाउँदा सौचालयभित्र परिवर्तित नाम थर चैनपुर (झ) रोई कराएकी र प्रतिबादी चैनपुर (ट)ले मलाई सौचालयभित्र ल्याई जबरजस्ती करणी गरेको हो भनि रोई कराई गरेकी र अर्धबेहोस् अबस्थामा थिई पीडितको यौनीबाट रक्त श्राव भएको अबस्थामा देखेकी हुँ । पीडित चैनपुर (झ) र प्रतिबादी चैनपुर (ट) चार पुस्ता भित्रका बहिनी दाई नाता पर्दछन् । प्रतिबादी चैनपुर (ट)ले पीडित चैनपुर (झ)लाई मिति २०७३।०२।२२ गते जबरजस्ती करणी गरेको कुरा मलाई पूर्ण बिश्वास लाग्दछ भन्ने ब्यहोराको धनादेबी नाथले गरी दिएको घटना बिवरण कागज ।

८. मिति २०७३/०२/२२ गते को १७:३० बजेको समयमा म मेरै खेतबारीमा थिए पीडित चैनपुर (झ) बहिनी र प्रतिवादी चैनपुर (ट) भाई नाता लाग्दछन्, निजहरुलाई म राम्रोसंग चिन्दछु । हाम्रो सौचालय भित्र बच्ची कराईरहेको आवाज आईरहेको ढोका बन्द छ भनि मेरी बज्यै धनादेबी नाथले मलाई बोलाउँदा म घरमा आई सौचालयको ढोका खोल्दा सौचालय भित्र परिवर्तित नामथर चैनपुर (झ) रोई कराई रहेकी र प्रतिबादी चैनपुर (ट) सौचालयबाट भागी गएको हो । चैनपुर (झ) सौचालयमा बेहोस अबस्थामा थिईन निजको मुहारमा पानी छ्यापी अलिकति पानी खुवाउदा केही बेरपछि होसमा आएकी र के भएको हो भनी सोध्दा चैनपुर (ट)ले मलाई सौचालयभित्र जबरजस्ती करणी गरेको हो भनि बताएकी र पीडितको यौनीबाट रक्तश्राव भएको र निजले लगाएको कलेजी रङ्गको सुरुवालमा रगत लागेको देखेको हुँ । परिवर्तित नामथर प्रतिबादी चैनपुर (ट) ले पीडित चैनपुर (झ)लाई

जबरजस्ती करणी गरेको पूर्ण बिश्वास लाग्दछ भन्ने ब्यहोराको सुनिता नाथले गरी दिएको घटना बिवरण कागज ।

९. मिति २०७३/०२/२२ गते हामीहरु आ-आफ्नो घर ठेगानामा थियौ । पीडित चैनपुर (झ) र प्रतिवादी (ट) राम्रोसंग चिन्दछौ । उक्त दिनको अं.१८:०० बजेको समयमा पीडित चैनपुर (झ)को घरमा कोही नभएको अबस्थामा एक्लो भएको मौका छोपी प्रतिबादी चैनपुर (ट)ले पीडित चैनपुर (झ) निजकै सौचालयभित्र जबरजस्ती करणी गरी रोई कराई रहेको अवस्थामा पीडितकी बज्यैं धनादेबी नाथले घटना थाहा पाई जानकारी गराउँदा जबरजस्ती करणी गरेको घटनाको बारेमा सुनि थाहा पाएको हौं । प्रतिबादी चैनपुर (ट) ले पीडित नाबालिका चैनपुर (झ)लाई जबरजस्ती करणी गरेको हुँदा प्रतिबादी उपर कानुनी कारबाही हुनुपर्छ भन्ने ब्यहोराको खडक नाथ, बालबिकास नाथ र खडक बिष्टले गरी दिएको बस्तु स्थिति मुचुल्का ।

१०. प्रतिवादी भागी फरार भएको भन्ने समेत पुष्टी भई निज प्रतिवादी चैनपुर (ट) (परिवर्तित नाम) ले मुलुकी ऐन जवरजस्ती करणी महलको १ नम्बर विपरित कसुर अपराध गरेकोले निज प्रतिवादीलाई सोही महलको ३(१) नम्बर बमोजिम सजाय हुन तथा सोही महलको २ नम्बर विपरित आफ्नै हाडनाता भित्रको बहिनी नाता पर्ने पीडितलाई जवरजस्ती करणी गरेको समेतबाट हाडनाता करणीको ३ नम्बरले हुने सजाय समेत थप हुन तथा सोही जवरजस्ती करणी महलको १० र १०(ग) नम्बर बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपुर्ती समेत दिलाई भराई पाउनका साथै प्रतिवादी चैनपुर (ट) (परिवर्तित नाम)को उमेर १३ बर्ष रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट खुल्न आएको देखिँदा बालवालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) बमोजिम समेत माग दावी भयो ।

११. मिति २०७३/०२/२२ गते म दिउँसो घरमै थिए । त्यसपछि साथीहरुसँग खेल्न माथी गडामा गएको हुँ । पीडित गोरु बाख्रा चराउन ठूलो भुवा भन्ने ठाउँमा थिएन । जाहेरवाली लेकमा गोरु भैंसी लिएर गएकी थिइन । उक्त दिन म साथीहरुसँग खेल्दै थिए । चैनपुर (झ) पनि घरमा आइ लुगा कपडा खुँदै थिइन । म पनि पीडितको घरको बाटो भएर घरमा आउँदै थिए । पीडितको बारीमा आरुको रुख चढी आरु खाँदै थिए । त्यसपछि पीडितले गाली गलौज गरिन् अनि म पनि रिसाएर त्यसलाई पिट्छु भनि ओर्लिदा पीडित डरले शौचालय भित्र लुकिन् । म पनि शौचालय भित्र गई ४/५ चोट हान्दा निजको तिघ्रा, पिठ्यु, पेट, योनीमा समेत चोट लाग्यो । त्यसपछि पीडित रोई शौचालयबाट भागेकी हो ।

मैले पिट्दा निजको बजैले देखी मलाई पिट्न आउँदा म पनि घर तिर आएँ । त्यहीवेला पीडितका घरपरिवारले गाली गलौज गरे । त्यसपछि मेरो बुबाले पिट्नुहुन्छ भन्ने डरले मामा घरमा गएको हुँ । त्यसपछि मेरो मामा घरबाट प्रहरीले पक्राउ गरी ल्याएका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी चैनपुर (ट)ले यस अदालतमा गरेको बयान ।

१२. मिति २०७३/०२/२२ गते म घरमा थिएँ । प्रतिवादी र पीडित पनि घरमै थिए । चैनपुर (झ)लाई प्रतिवादी चैनपुर (ट)ले जवरजस्ती करणी गरेको होइन । चैनपुर (ट) चैनपुर (झ)को घरमा आरु खान गएको अवस्थामा चैनपुर (झ)ले गाली गर्दा चैनपुर (ट)ले गएर कुटपिट गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी रामनाथले गरेको बकपत्र ।

१३. मिति २०७३/०२/२७ गते मैले प्रहरीमा गरेको कागजको व्यहोरा पढी सुनाउँदा सुने उक्त व्यहोरा मैले भने बमोजिम लेखिएको ठिक साँचो हो । सोमा भएको दस्तखत मेरो हो । भन्ने समेत व्यहोराको पीडित चैनपुर (झ) ले यस अदालतमा गरेको बकपत्र ।

१४. मैले दिएको जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरै हो । मैले दिएको ठिक साँचो हो भन्ने समेत व्यहोराको जाहेरवाला चैनपुर (झ)को संरक्षकले यस अदालतमा गरेको बकपत्र ।

१५. मिति २०७३/०३/०५ गते मैले गरेको वस्तुस्थिती मुचुल्का कागजको व्यहोरा र सो मा भएको सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस खडक नाथले गरेको बकपत्र ।

१६. मिति २०७३/०२/०५ गते मैले गरेको कागजको व्यहोरा सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस खडक विष्टले यस अदालतमा गरेको बकपत्र ।

१७. मिति २०७३/०३/०३ प्रहरीमा गरेको कागजको व्यहोरा र सहिछाप मेरै हो । वारदात भएको दिन म खेतमा धान गोड्न गएकी थिए । गाई गोरुले मकै खान लागपछि मैले चैनपुर (झ)लाई डाको लगाएँ । नबाले पछि म आफै गोरु खेद्न घर आउँदा चैनपुर (झ) लाई खोज्न शौचालय तिर जाँदा चैनपुर (ट)ले भित्रबाट चुकुल लगाई करणी गरीरहेको थियो । त्यसपछि चैनपुर (ट)ले नै पीडित बालिकालाई बाहिर फाली मलाई थाहा नदिई भित्रै लुकेको र पछि गाउलेहरुलाई जानकारी गराई शौचालयको ढोका चुडाइ भित्र हेर्दा चैनपुर (ट) भागेर गएको हो । पीडित शौचालय बाहिर व्यहोस अवस्थामा थिई । सुरुवाल च्यातिएको र रगताम्य भएको थियो । सुरुवाल केही भाग मैले नै सफा गरी दिएकी हुँ । चैनपुर (झ) लाई चैनपुर (ट) ले नै करणी गरेको हो भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने धाना देबी नाथले यस अदालतमा गरेको बकपत्र ।

१८. मैले पीडित चैनपुर (झ) लाई जिल्ला बझाङ्ग सुनकुडा गा.वि.स. वार्ड नं. ५ भाडीमा मेरै आफ्नै घरको शौचालयको बाहिरपट्टी वेहोस अवस्थामा रक्ताम्य भएर सुरुवाल समेत रगतले भिजेको अवस्थामा देखेकी हुँ भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने सुनिता नाथले यस अदालतमा गरेको बकपत्र ।

**ठहर खण्ड**

१९. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्‌वान सहायक जिल्ला न्यायाधिवक्ता श्री मोहनी प्रसाद जोशी र प्रतिवादी तर्फबाट उपस्थित विद्‌वान अधिवक्ता श्री मोहन बहादुर दौल्यालले गर्नु भएको बहस समेत सुनी बुझिएसम्मका प्रमाणसमेतको आधारमा निर्णय गरिदिए हुने देखिई मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणी महलको ३(१) नं. बमोजिम सजाय र सोही महलको हाडनाताकरणीको ३ नं. ले हुने सजाय समेत थप हुने र जवर जस्तीकरणी महलको १० र १० (ग) नं. बमोजिम पिडीतलाई क्षतिपुर्तिसमेत भराईपाउँ भन्ने अभियोग माग दावी भएको प्रस्तुत मुद्दामा प्रतिवादीले दावीबमोजिमको कसूर गरेको हो होइन? भए निजलाई के कस्तो सजाय गरिनुपर्ने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२०. प्रतिवादी परिवर्तित नामथर चैनपुर (ट)ले मिति २०७३/०२/२२ गते पिडीत परिवर्तित नाम चैनपुर (झ) लाई घरमा कोही नभएको अवस्थामा शौचालयभित्र लगी ढोका बन्दगरी जवरजस्ती करणी गरेको भन्ने पिडीतका संरक्षकबाट जाहेरी पर्न आएको र पिडीतले पनि अनुसन्धान अधिकारीसमक्ष सोही व्यहोराको बयान गर्दै प्रतिवादीबाट आफूउपर जवरजस्ती करणी भएको व्यहोरा लेखाएको देखिनुका अलावा उक्त व्यहोरालाई समर्थन गर्दै यस अदालतमा जाहेरवालाका तथा पिडीतको बकपत्र भएको दखिन आएको छ । त्यस्तै प्रतिवादीले यस अदालतमा बयान गर्दा पिडीतको घरबारीमा भएको आरुको रुखमा चढी आरु खाँदा पिडीतले गाली गरेकाले रुखबाट झरि शौचालयभित्र गएकी पीडितलाई पिटेको कारणबाट यसप्रकारको उजुरी दिएका हुन् भनी वारदात स्थलमा रहे भएको देखाई पीडितलाई जवरजस्ती करणी नगरेको भने पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडितलाई जवरजस्ती करणी गरेको भनी साविति वयान देखिन्छ । उक्त साविती बयानबाट पीडितको कन्याजाली (Hymen) समेत च्यातिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतको पुष्टी भएको देखिन आएको छ ।

२१. तसर्थ माथि उल्लेखित प्रमाणबाट प्रतिवादी चैनपुर (ट)ले पीडित उपर मुलुकी ऐन जवर जस्ती करणीको महलको १ नं. बमोजिम जवरजस्ती करणीको कसूर गरेको देखिन आयो। अब प्रतिवादी उपर सजायको सम्बन्धमा विचार गर्दा निज उपर उक्त ऐनको ३(१) नं. बमोजिमको सजाय एवं ४ पुस्ता भित्रको नाता भएकोले हाडनाता करणीको ३ नं. को सजायको मागदावी रहेको भए पनि प्रतिवादीको उमेर १४ बर्ष भन्दा कम भएको जन्मदर्ता समेतबाट देखिदा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(२) बमोजिम निज प्रतिवादी (ट) लाई छ (६) महिना कैद सजाय हुन्छ सो कार्यान्वयनका लागि बाल सुधार गृहमा पठाई दिने।

साथै पीडितको उमेरको अवस्था निज उपर भएको शारीरिक क्षती तथा मानसीक क्षति समेतलाई तथा प्रतिवादीको उमेर अवस्था समेतबाट पीडितलाई २०००००।- (दुई लाख) क्षेतिपूर्ति समेत मुलुकी ऐनको जवरजस्ती करणीका महलको १० नं. र १० (ग) नं. बमोजिम भराई पाउने ठहर्छ। सो प्रयोजनका लागि प्रतिवादीको अंश समेत रोक्का गर्ने गरी सो फैसला गरिदिएको छ।

**<u>तपसिल</u>**

२२. माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी (ट)लाई ।६। (छ) महिना कैद हुने ठहरी फैसला भएकाले प्रतिवादी (ट) मिति २०७३/०२/२७ देखि मिति २०७३/०३/१३ सम्म प्रहरी हिरासतमा बसेको दिन १९ कट्टा गरी मिति २०७३/१०/२३ गते देखि मिति २०७३/०४/०४ गते कैद भुक्तान गरी छुटी जाने हुँदा प्रतिवादी चैनपुर (ट) लाई वालसुधार गृह पठाउने गरी लेखी पठाई दिनू.............................................१

२३. माथि इन्साफ खण्डमा चैनपुर (झ) ले चैनपुर (ट) बाट रु. २०००००।- (दुई लाख) क्षेतिपूर्ति भराई पाउने निर्णय भएकोले मुद्दाको अन्तिम निर्णय भएपछि भराई पाउँ भनी कानूनका म्यादभित्र चैनपुर (ट) को यसै सरदको जेथा देखाई चैनपुर (झ) ले दरखास्त दिए भराई दिनुभनी लगत राख्नू...........................................................२

२४. यो इन्साफमा चित्त नबुझे मितिले ७० दिनभित्र श्री उच्च अदालत दिपायलमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई फैसला सुनाई सुनी पाएको कागज गराई सम्बन्धित मिसिल सामेल राख्नु..........................................................................................३

२५. सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल माग्न आए सारी सराई दिनू..................४

२६. फैसलाको प्रतिलिपी साथै राखी जिल्ला सरकारी कार्यालय बझाङ्गलाई मुद्दा फैसला भएको जानकारी दिनू......................................................................५

२७. प्रस्तुत मुद्दामा पुनरावेदन गरे मिसिल उच्च अदालत दिपायलमा पठाउने गरी हाललाई प्रस्तुत मुद्दाको मिसिल सुरक्षित साथ राख्न यसै अदालतको अभिलेख शाखामा बुझाई दिनू र फैसला अपलोड गर्नू..............................................................६

टिपोट गर्ने र कम्प्युटर टाइप गर्ने कम्प्युटर अपरेटर श्री लक्ष्मी प्रसाद जोशी

........................

जिल्ला न्यायाधीश

ईति सम्वत् २०७३ साल माघ महिना २३ गते रोज १ शुभम्......................................

**पाँचथर जिल्ला अदालत**

**ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्रकुमार श्रेष्ठ**

**फैसला**

**मुद्दा : जबरजस्ती करणी बाल यौन दुराचार**

**सम्वत् २०७३ सालको** 073-CR-0011

**र.नं. : २१-०७३-०००६०**

**निर्णय नं : १६०**

**वादी:**

परिवर्तित नाम ०२-जि को जाहेरीले नेपाल सरकार............................१

**साक्षी** :...................................

**कागज** :.................................

**प्रतिवादी:**

परिवर्तित नाम ०२-जि तीन...................१

**साक्षी** :.......................................

**कागज** :.......................................

**अदालतबाट बुझेको प्रमाण**

**साक्षी** : गोपाल श्रेष्ठ, ०२ जी, (परिवर्तित नाम) ०२ जी, भिम योङहाङ, आशिस राई, डा. मनोज नेपाली ।

**कागज : ।**

न्याय प्रशासन ऐन २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.ब.२९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रपर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं विवरण यस प्रकार छ :

म जाहेरवाला टेलर्स पेशामा सिलाईको काम गर्दै आएकोमा मिति २०७३।०५।१० गते साँझको अ. १८.०० वजेको समयमा विपक्षी परिवर्तित नाम ०२-जि तीनले मेरो छोरा वर्ष ४ को परिवर्तित नाम ०२-जि एक वजारमा खेल्दै गरेको वेला विपक्षीले छोरालाई फकाइ निजकै पसल घरको पछाडी रहेको गोदाम कोठामा (दोकानको समान फर्निचर राख्ने अध्यारो कोठामा) लगी अप्राकृतिक मैथुन गर्ने मनषाय गरी भुईमा लडाई मलद्धारमा अप्राकृतिक मैथुन गरेछन । केही

समयपश्चात वच्चा रुदै म सँग आएको र वच्चाको मलद्धारमा रगत वगिरहेको देखी वच्चालाई के भयो भनी सोध्दा विपक्षीले अध्यारो कोठामा लगी मलाई सुताई घोप्टो पारी मेरो शरीरमा चढी मेरो दिशा गर्ने ठाँउमा निजकोको पिसाव गर्ने कुरी छिराउनु भयो त्यसैले रगत आएको हो, मेरो दिशा गर्ने ठाँउ दुखी रहेको छ भनी रुदै बताएकोले मैले वच्चाको मलद्धारको घा चोट हेर्दा रगत देखेको हुँदा विपक्षीले मेरो नाबालक छोरा वर्ष ४ को परिवर्तित नाम ०२-जी एकलाई मलद्वारमा निज विपक्षीले लिङ्ग छिराई अप्राकृतिक मैथुन गरेको कुरामा पूर्ण विश्वाका साथ थाहा पाएको हुँदा विपक्षीलाई कानूनवमोजिम गरि पाउँ भन्ने समेत ब्यहोराको परिवर्तत नाम ०२-जिको जाहेरी दरखास्त ।

जिल्ला पाँचथर, पंचमी गा.वि.स.वडा नं. १ स्थित पूर्व र पश्चिममा मेची राजमार्ग, उत्तरमा शिवकुमार श्रेष्ठको घर र दक्षिणमा हर्कबहादुर राईको जमिन जंगल यति चार किल्लाभित्र रहेको मेदनीप्रसाद योङहाङको पसल घर रहेको दक्षिण खण्डमा रहेको गोदाम कोठामा मिति २०७३।०५।१० गते साँझको अ. १८.०० वजेको समयमा वर्ष १४ को परिवर्तित नाम ०२-जि तीनले वर्ष ४ को परिवर्तित नाम ०२-जि एकलाई अप्राकृतिक मैथुन गरेको भनी लेखाएको घटनास्थल अवस्थित उक्त कोठा अध्यारो रहेको कोठाको चौहदी टिनको वेराले निर्माण रहेको पूर्व खण्डमा काठको फर्निचरहरु ठाडो पारी राखिएको सो कोठा भुइ खुल्ला रही केही माडिएको देखिएको भन्ने समेत ब्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७३।०५।१० गते साँझ अ. १८.०० वजेको समयमा म आफ्नै टेलर्स अगाडी राजमार्गमा खेल्दै थिएँ । विपक्षी परिवर्तित नाम ०२-जि तीन म भएको ठाँउमा आई मलाई खेल्न जाँउ भनी वोलाएपछी हामी हिडदै निजको पसल घरमा पुगेपछि मलाई वोकेर पसल घरको पछाडीपट्टी रहेको कोठामा लगी वोकेर खेलाए, त्यसपछी मलाई कोठाको भुइमा घोप्टो पारेर सुताई मेरो शरीरमा चढी मेरो दिशा गर्ने ठाँउमा निजको पिसाव गर्ने कुरी छिराई मलाई धैरै वेरसम्म थिच्नु भयो मेरो दिशा गर्ने ठाँउ दुख्यो र म चिच्याएर रोएपछि निजले मलाई घर जा भनी गए पछी मेरो दिशा गर्ने ठाँउ (मलद्वार)वाट रगत आएको देखे र रुदैरुदै वुवाआमा भएको ठाँउमा गए र ममीवावाले मलाई फकाउनु भइ उपचार गर्न लानु भएको हो भन्ने व्यहोराको पीडित परिवर्तित नाम ०२-जि एकले निजको आमा परिवर्तित नाम ०२-जि को रोहवरमा गरेको घटनाविवरण कागज ।

पीडित परिवर्तित नाम ०२-जि एकको गुद्धद्धारमा घाए देखिन्छ । गुद्वारलाई घडीको सुईसंग दाज्दा हुन आउने ६ वजेको स्थानमा एउटा (0.5फ0.5)cm size को laceration छ भन्ने व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको परीक्षण रिपोर्ट ।

मिति २०७३।०५।१० गते साँझको अ. १८.०० वजेको समयमा परिवर्तित नाम ०२-जि

तीनले मेरो नावालक छोरा परिवर्तित नाम ०२-जि एकलाई खेलिरहेको वेला वाटोवाट उठाई निजको पसल पछाडी रहेको कोठामा लगी छोरालाई भुईमा लडाई घोप्टो पारी छोराको मलद्धारमा निज विपक्षीले लिङ्ग छिराएछन। सो दुखाईले बच्चा रुदै दोकानमा आएको मलद्धारवाट रगतसमेत वगेको देखी वच्चालाई के भयो भनी सोध्दा छोराले विपक्षीले निजको पसल पछाडिको कोठामा लगि भुईमा घोप्टो पारी दिशा गर्ने ठाउँमा निजको लिङ्ग छिराएर किचेकोले रगत आयो मलद्वार दुखी रहेको छ भनेपछी थाहा पाई तत्काल स्थानीय स्वास्थ्य अस्पतालमा उपचार गराएको हो। परिवर्तित नाम ०२- जि तीनलाई कानूनवमोजिम गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाउ भन्ने समेत व्यहोराको परिवर्तित नाम ०२-जि दुईको कागज।

मिति २०७३।०५।१० गते साँझको अ. १८.०० वजेको समयमा छिमेकी जाहेरवालाको परिवर्तित नाम ०२-जि को घर नजिकै गएकोमा निज जाहेरवालाको नावालक छोरा वर्ष ४ को परिवर्तित नाम ०२-जि एकलाई भेटी निजलाई हाम्रोमा जाँउ भनी हामीसंगै गई मैले सरासर हाम्रो पसल घरको मुनी गोदाममा लगे त्यहा मान्छे सुत्ने गरेको छैन सोही ठाँउमा नावालक परिवर्तित ०२-जि एकलाई भुईमा सुत भन्दा घोप्टो परेर सुतो मैले निजले लगाएको सुरुवाल तानी मेरो पेन्टको चेन खोली लिङ्ग निकाली मेरो उत्तेजित लिङ्गलाई निजको मलद्धार (दिशा गर्ने ठाँउ) मा लगाएर अलिकती ठेलेको थिए त्यसपछी निजले अईया भन्दै कराएपछि मैले छाडी दिएँ। त्यसपछी सुरुवाल तान्दै घरतिर लागे म पनि ट्वाइलेटमा गएर मेरो लिङ्ग धोए पछी निज परिवर्तित नाम ०२-जि एकले घरमा गई भनेछन् भोली पल्ट प्रहरीले मलाई ल्याएको हो भन्ने समेत ब्यहोराको वालविज्याइकर्ता परिवर्तित नाम ०२-जि तीनको वयान।

मिति २०७३।०५।१० गते साँझ अ १८.०० वजेको समयमा वालविज्याइकर्ता ०२-जि तीनले परिवर्तित नाम ०२- जि एकलाई आफ्नै घरको पसल मुनी गोदाममा लगी निजको मलद्धारमा अप्राकृतिक रुपमा जवरजस्ती करणी गरेछन र निजलाई वुवाआमाले उपचारको लागी प्राथमिक स्वास्थ्य केन्द्रमा लगेको भन्ने सुनी थाहा पाएका हौ। वालविज्याइकर्ताले नावालकको मलद्धारमा अप्राकृतिक रुपमा जवरजस्ती करणी गरेको हुँदा कानुनवमोजिम गरि पाउँ भनी प्रदिप राई गोपाल श्रेष्ठ र आशिष राई समेतले प्रायःएकै मिलान ब्यहोरामा वस्तुस्थिति मुचुल्का कागज।

बालबिज्याईकर्ता परिवर्तित नाम ०२-जि तीनले मिति २०७३।५।१० गते साँझ अ. १८.०० बजेको समयमा परिवर्तित नाम ०२-जि एकलाई फकाई आफ्नै पसलको पछाडि रहेको गोदाममा लगि अप्राकृतिक रुपमा मलद्वारमा जबरजस्ती करणी गरी बालयौन दुराचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२-जि तीनको उक्त कार्य मुलुकी ऐन

जवरजस्ती करणी महलको ९(क) र ३(१) नं. को कसूर हुँदा निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२-जि तीनलाई ऐ को दफा ३(१) बमोजिम सजाय गरी ऐ को ९(क) नं. बमोजिम थप सजाय गरी पाउ। निज बालबिज्याइकर्ता वारदात हुँदाको मितिमा जन्मदर्तानुसार निजको उमेर १४ वर्षको देखिदा निजलाई माथी हुने सजायमा वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११(३) वमोजिम सजाय गरी पाउनका साथै मुलुकी ऐन जवरजस्ती करणी महलको ९(क) नं. बमोजिम पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति निजै बालबिज्याईकर्ताबाट दिलाई भराई पाउन समेतको मागदावी लिई मिति २०७३।०५।२० गते यस अदालतमा पेस भएको अभियोगपत्र।

मैले पीडित ०२-जि एकलाई साइकलमा चढाइ मेरो पछाडी राखि घुमाउँदै थिएँ। बाटोमा अकस्मात साइकल लड्न पुग्यो। मैले चाही एउटा खुट्टा भूईमा टेके। मेरो पछाडी बसेको पीडित साइकलबाट उछिट्टिएर बाटोको छेउ साइडमा लड्दा बाटोको साइडमा भएको सानो चोकमा परेछ पीडितले सुरुवाल लगाएको थियो सुरुवाल समेत छेडी निजको मलद्वारमा घाउ देखियो। त्यसैले मैले पीडितलाई समाइ बोकी निजको आमा ०२-जी भएकोमा पुर्याएको हुँ। मैले पीडिताको मलद्वारमा मेरो लिङ्ग छिर्याएको होइन। निजलाई मैले जबरजस्ती करणी गरेको होइन म निर्दोष छु। मैले अभियोग मागदावीबाट सफाइ पाउनु पर्ने हो भन्ने व्यहोराको मिति २०७३।५।२१ गते बालबिज्याईकर्ता ०२ जि तिनले अदालतमा गरेको बयान।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी बालबिज्याई कर्ता ०२ जि तिन कसुरदार नै देखिएकोले निजलाई थुनामा राख्नु पर्ने अवस्था बिधमान देखिएता पनि निजलाई नाबालक बर्ष १४ को बिधालयमा कक्षा ९ मा अध्ययनरत रहेको भन्ने निजको बयानबाट समेत देखिंदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने नै हुँदा हाललाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० (१) बमोजिम निजलाई थुनामा राख्न उपयुक्त नदेखिएकोले चाहिएको बखत यस अदालतमा उपस्थित गराउने सर्त गरी निजको अभिभावक जिम्मा लगाई पठाई दिनू भन्ने मिति २०७३।५।२१ गते यस अदालतबाट भएको आदेश।

यस अदालतको आदेशबमोजिम उपस्थित भएका वस्तुस्थिति मुचुल्कामा कागज गर्ने गोपाल श्रेष्ठले मिति २०७३।०५।१६ गते मैले गरेको भनिएको वस्तुस्थिति मुचुल्का कागजको बेहोरा मेरो होइन। मैले सुनेबमोजिम बाल बिज्याईंकर्ताले पीडितलाई साइकलमा लादै गर्दा लडी छेस्कोले घोचेको भन्ने बेहोरा थियो भन्नेसमेत बेहोराको बकपत्र गरेको।

मिति २०७३।०५।१० गते मेरो छोरा बाल बिज्याईकर्ता सँग गएको थियो। निज बाल बिज्याईंकर्तासँग साइकलमा गएका थिए। निजले मेरो घरबाट १०० मिटरको दुरीमा पुग्दा साइकलबाट

लडी पीडितको गुदद्धारमा चोकेले चोट लाग्न गएछ। बालबिज्याईँकर्ताले जबरजस्ती करणी गरेको होइन भन्नेसमेत बेहोराको पीडितको बुवा (परिवर्तित नाम) ०२ जी दुईले गरेको बकपत्र।

प्रतिवादी र मेरो छोरा पहिलेपनि सँगै खेल्ने गरेकोमा मिति २०७३।०५।१० गते का दिन साइकलबाट चढी खेल्ने क्रममा साइकलबाट लडी मलद्धारमा चोट लाग्न पुगेको हो भन्नेसमेत बेहोराको जाहेरवाली (परिवर्तित नाम) ०२- जी ले गरेको बकपत्र।

वारदात मितिमा रुदै गरेका पीडितलाई प्रतिवादीले डोर्‍याउदै गरेको देखी मैले सोध्दा प्रतिवादीले चलाएको साइकल लडी पीडितको मलद्धारमा चोट लाग्न गएको हो प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी भिम योङहाङले गरेको बकपत्र।

प्रतिवादीले चलाएको साइकल लडी पीडितको मलद्धारमा चोट लाग्न पुगेको भन्ने सुनेको हुँ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने आशिस राईले गरेको बकपत्र।

पीडितलाई जाँच्दा मलद्धारलाई घडिको सुइसँग दाँज्दा हुन आउने ६ बजेको स्थानमा एउटा ०.५x०.५ सेमी आकारको laceration थियो। शरिरको अन्य कुनै भागमा कुनै चोटपटक थिएन। करणी गरे नगरेको यकिन गरी भन्न सकिन्न। पीडितको उक्त घाउ हेर्दा काठको तिखो चोकेले घोची बनाउन सक्ने अवस्था हुन सक्छ भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य परिक्षण गरी प्रतिवेदन पेस गर्ने विशेषज्ञ डा. मनोज नेपालीले गर्नुभएको बकपत्र।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष छलफलका निमित्त पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री जुद्धबहादुर आले तथा बाल बिज्याईकर्ताको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शर्मान्द सिग्देलसमेतको बहस सुनियो। मुलत : वादी नेपाल सरकारको अभियोग दावीबमोजिम बाल बिज्याईकर्ता ०२ जी तीन ले कसुर गरी सजायसमेत हुने हो वा होइन ? त्यसतर्फ निर्णय दिनुपर्ने देखियो।

मिसिल संलग्न प्रमाण कागजहरु हेरी निर्णयतर्फ विचार गर्दा बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ जी तीनले मिति २०७३।०५।१० गते साँझ अं. १८:०० बजेको समयमा (परिवर्तित नाम) ०२ जी एकलाई ललाई फकाई आफ्नै पसल पछाडिको गोदाममा लगी अप्राकृतिक रुपमा मलद्धारमा जबरजस्ती करणी गरी बाल यौन दुराचार गरेको हुदा बाल बिज्याईँकर्ता ०२ जी तीनको सो कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको ९(क) ३(१) नं. को कसुर गरेको हुदा निज बाल

बिज्याईँकर्ता ०२ जी तीन लाई ऐ. को ३(१) नं. बमोजिम सजाय गरी ऐ. ९(क) नं. बमोजिम थप सजाय गरी पाउँ र निज बालबिज्याईकर्ता १४ वर्षको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन र जबरजस्ती करणी महलको ९ क नं. बमोजिम मनासिव माफिकको क्षतिपूर्तीसमेत दिलाई पाउँ भन्ने अभियोगपत्रमा माग दावी लिई प्रस्तुत मुद्दा पेस हुन आएको देखियो । (परिवर्तित नाम) ०२ जी ले सुरु जाहेरी दिदा मिति २०७३।०५।१० गते साँझ अं. १८:०० बजेको समयमा विपक्षी ०२ जी तीन ले मेरो वर्ष ४ को छोरा (परिवर्तित नाम) ०२ जी एकलाई ललाई फकाई निजको पसल पछाडि रहेको गोदाममा कोठामा लगि अप्राकृतिक मैथुन गर्ने मनसायले भुइँमा लडाई मलद्धारमा अप्राकृतिक मैथुन गरेकोले कानुनबमोजिम कारवाही गरीपाउँ भन्नेसमेत बेहोराको जाहेरी दिई घटनास्थल प्रकृति मुचुल्का भई मिसिल सामेल रहेको पाइयो । पीडित (परिवर्तित नाम) ०२ जी एक (परिवर्तित नाम) पीडितका बाबु ०२ जी दुई , वस्तुस्थिति मुचुल्काका मानिस आशिस राई समेतले मौकामा बेहोरा लेखाउदा उक्त जाहेरी लाई पुष्ट्याई गरी दिई पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदन गुदद्धारमा चोट देखिएको पाइयो।

बाल बिज्याईँकर्ताले अधिकार प्राप्त अधिकारी समक्ष कसुरमा सावित भई बयान दिई अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही पीडित साइकलबाट उछिट्टिदा बाटो छेउ साइडमा लड्दा चोकेमा परेको कारणले मलद्धारमा घाउ देखिएको हो भनी बेहोरा लेखाई जाहेरवाली पीडित तथा पीडितका बुबा र वस्तुस्थिति मुचुल्कामा कागज गर्नेमा बस्ने आशिष राई , गोपाल श्रेष्ठसमेत अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा बाल बिज्याईँकर्तासँग पीडित साइकलमा जाँदा साइकलबाट लड्दा पीडितको गुदद्धारमा चोकेले चोट लागेको हो भन्नेसमेत बेहोरा उल्लेख गरी मौकाको बेहोरालाई प्रतिकुल हुने गरी बेहोरा लेखाईदिएको पाइयो । यसरी मौकाको बेहोरालाई अदालतसमक्ष उपस्थित भई खम्बिर गर्न सकेको अवस्था नहुदा तथा बाल बिज्याईँकर्ता अदालतसमक्ष कसुरमा इन्कार रही निजका साक्षीले समेत सो इन्कारीलाई पुष्टि हुने गरी बकपत्र गरीदिएको तथा स्वास्थ्य परिक्षण गर्ने चिकित्सकले बकपत्र गर्दा करणी भए नभएको यकिन गरी भन्न सक्दिनँ भन्ने बेहोरा लेखाई दिएकोसमेतका आधार कारणहरु बाट बाल बिज्याईँकर्ताले बाल यौन दुराचार गरेकै हो भन्ने पुष्टि हुने ठोस तथ्ययुक्त प्रमाण मिसिलबाट देखिन आएन ।

अत : उपरोक्त आधार कारणहरु बाट वादी नेपाल सरकारले बाल बिज्याईँकर्ता उपर लिएको अभियोग दावी पुग्न सक्दैन । बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ जी तीन ले वादी नेपाल सरकारको अभियोग दावीबाट सफाइ पाउने ठहर्छ । अरु कुरा तपसिलबमोजिम गर्नू ।

**तपशिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम वादी नेपाल सरकारले बाल बिज्याईँकर्ता उपर लिएको अभियोग दावी पुग्न नसकी बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ जी तीन ले वादी नेपाल सरकारको अभियोग दावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले यस अदालतको फैसला उपर चित्त नबुझे ऐनका म्याद ७० दिन भित्र श्री उच्च अदालत विराटनगर, इलाम इजलाश इलाममा पुनरावेदन गर्नुहोला भनी जिल्ला सरकारी वकिल कार्यालयलाई ७० दिने पुनरावेदनको म्याद सहित फैसलाको प्रतिलिपि पठाइदिनू ......................................................१

सरोकारवाला व्यक्तिले नक्कल मागे लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी साथै फैसला अपलोड गरी मिसिल अभिलेख फाँटमा वुझाईदिनू ..२

टिपाउनु हुने फाँटवाला : ना.सु. चोलेन्द्र कार्की
कम्प्युटर टाईप गर्ने : सुविन्द्र काम्बाङ्ग ।

............................
(**राजेन्द्रकुमार श्रेष्ठ**)
जिल्ला न्यायाधीश

इति सम्वत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ........................................।

श्री

**दोलखा जिल्ला अदालत**

**बाल (बन्द) ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र नेपाल**

**फैसला**

**सम्वत** 073-CR-0005

**निर्णय नं. ३**

**मुद्दाः– जवरजस्ती करणी**

**दायर मितिः– २०७३।४।३२**

**समाजसेवी श्री देवी शिवाकोटी**

**बाल मनोविज्ञ श्री ईश्वरबहादुर थापा**

**वादीको नाम, थर, वतन**

नाम परिवर्तित १७(ख) को जाहेरीले नेपाल सरकार....................................१

**वादीको साक्षी :**

जाहेरवाला नाम परिवर्तित १७(ख)

पीडित नाम परिवर्तित १७(क)

सावित्री थामी

उर्मिला थामी

बुद्धमाया थामी

**प्रतिवादीको नाम, थर, वतन**

दोलखा जिल्ला, लापिलाङ गा.वि.स. वडा नं ५ बस्ने नाम पविर्तित १७(घ) को छोरा बर्ष १३ को नाम परिवर्तित १७(ङ)........................१

**प्रतिवादीको साक्षीः**

दक्षकुमार थमी

धनकुमार थामी

गंगाबहादुर थामी

**अदालतबाट बुझेको**

**साक्षी**

जाहेरवाला नाम परिवर्तित १७(ख)

पीडित नाम परिवर्तित १७(क)

सावित्री थामी

उर्मिला थामी

बुद्धमाया थामी

गंगाबहादुर थामी

धनबहादुर थामी

**कागज**

बाल मनोविज्ञको अध्ययन प्रतिवेदन, सामाजिक अध्ययन प्रतिवेदन

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन

पीडित तथा प्रतिवादीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

**न्याय प्रशासन ऐन २०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई बाल (बन्द) इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः–**

दोलखा जिल्ला लापिलाङ्ग गा.बि.स. वडा नं.५ स्थितमा रहेको नाम परिवर्तित १७(ख) को घरमा ऐ.ऐ. बस्ने नाम परिबर्तित १७(ङ) ले नाम परवर्तित १७(क) लाई जबरजस्ती करणी गरेको भन्ने समेत ब्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मेरो नाबालिका छोरी नाम परिवर्तित १७(क) मिति २०७३।४।२२ गते दिउँसो १३:०० बजेको समयमा एक्लै आफ्नो घरमा बसिरहेको अवस्थामा प्रतिवादी नाम परिवर्तित १७(ङ) मेरो घरमा आई मेरो छोरीसँग जिस्की खेली बसेको अवस्थामा मैले देखे र केटाकेटी खेल्दैछन् भनि म आफ्नो काममा व्यस्त भएकोमा निज १७(ङ) को आमाले १७(ङ) लाई घरमा आइज भनि बोलाउँदा नाम परिवर्तित १७(ङ) घर जान नमानेको हुँदा म जाहेरवालाले बाबु तिमि घर जाउ तिम्रो आमाले बोलाएकी भन्दा समेत नमानेकोमा मैले घरमा आई हेर्दा नाम परिवर्तित १७(ङ) र मेरो नाबालिका छोरी नाम परिवर्तित १७(क) सँगै सुतेको देखी के गरेको हो भन्दा मेरो नाबालिका छोरीले नाम परिवर्तित १७(ङ) ले मलाई काँक्रो खुवाउँछु भनि प्रलोभन देखाई मेरो कट्टु खोली मेरो संवेदशील अङ्ग योनीमा परिवर्तित १७(ङ) ले आफ्नो संवेदशील अङ्ग (लिङ्ग) पसाई जवरजस्ती

करणी गरेको वताएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाँउ भन्ने समेत ब्यहोराको नाम परिबर्तित १७(ख) को जाहेरी दरखास्त ।

मिति २०७३।४।२२ गते मेरी आमा घास काट्न घर नजिकै बारीमा जानु भएको थियो । म घर नजिकै रहेको खोल्सीमा नुहाएर घरमा आउँदै थिए । त्यतिकैमा नाम परिवर्तित १७(ङ) ले काँक्रो लिएर आउनु भएको रहेछ । मलाई काँक्रो खाने हो घरमा जाउँ भन्नु भयो । म घरमा आएपछि लुगा सुकाएर घरमा नै बसेको थिए । निजलाई निजको आमाले घरमा बोलाई रहेको थियो तर घरमा नगई बस्यो । पछि मलाई काँक्रो दिन्छु भनि फकाई निजले लगाएको कट्टु र मेरो कट्टु पनि निजले नै खोली निजको सु गर्ने(लिङ्ग) मेरो सुगर्ने(योनी) मा पसाई मेरो शरिरमा चढेको थियो । त्यसपछि मेरो आमा घरमा आउनु भयो र घरमा किन नगएको आमाले बोलाउनु भएको छ भन्दै आमा घर भित्र प्रबेश गर्दा हामी दुबैजना बेडमा सिरक ओढी सुतेर बसेका थियौ । निज नाम परिबर्तित १७(ङ) ले कसैलाई नभन भनि डर त्रास देखाउनु भएको थियो । आमाले पछि सिरक तानी हेर्दा दुबै जना नाङ्गै देखेपछि आमाले गाली गर्नु भयो र कुटनु भयो । पछि मलाई तल दुख्यो र मैले आमालाई पनि भने भन्ने समेत ब्यहोराको पीडित नाम परिबर्तित १७(ङ) ले मौकामा गरिदिएको घटना विवरण कागज ।

मिति २०७३।४।२२ गते म घरमानै थिएँ । उक्त दिन दिउँसो नाम परिबर्तित १७(ङ) ले नाम परिबर्तित १७(क) लाई जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हो । घटनास्थलमा तत्काल गई बुझ्दा नाम परिबर्तित१७(ङ)ले नाम परिबर्तित १७(क) लाई ललाई फकाई काँक्रो खुवाउँछु भनि लोभ लालच देखाई जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हो भन्ने समेत ब्यहोराको बुद्धमाया थामी समेतले गरी दिएको घटना विवरण कागज ।

मिति २०७३।४।२२ गते स्कुल बिदा भएको हुँदा पढ्न गएको थिएन । खाना खाई सकेपछि गाई बस्तु चराउन जाँदै थिए, त्यतिकैमा निज पीडित नाम परिबर्तित १७(क) घर नजिकैको खोलामा पौडी खेलेर सुरुवाल सुकाउदै थिई । निजको तल्लो भाग नाङ्गै देखेर म हेरिरहेको थिए । त्यतिकैमा निज नाम परिबर्तित १७(क) ले मैले खादै आएको काँक्रो मलाई दिनुन भनिन् र मैले हतार गर्दै आधा दिए र निजसँगै निजको घरमा भित्र प्रबेश गरी म तिमिलाई अरु काँक्रो दिन्छु मलाई करणी गर्न देउ भनी निजको हात समाती खाटमा उकाली निज सुत्ने गरेको खाटमा सुताई कसैलाई नभन भनी ललाई फकाई मैले निजले लगाएको कट्टु खोले र मैले लगाएको कट्टु खोली निज माथी चढि मेरो दुबैहातले नाम परिबर्तित १७(क) को तिघ्रामा समाती निजको संवेदनशिल अंग योनीमा मेरो लिङ्ग प्रबेश गराई यौन सम्पर्क गरिरहे, निजले दुख्यो भनी कराई रहिन र घरबाट आमाले मलाई

बोलाई रहनु भएको हुँदा मैले निजको योनीबाट मेरो लिङ्ग निकाले । तत्पश्चात आमा आईपुग्नु भयो र म आफ्नो घरमा गए । निजलाई पहिला पहिला गाई बाख्रा चराउन जादा यौन सम्पर्क गर्न देउ भनि फकाउँथे । ५/७ दिन अगाडी देखि नै यौन सम्पर्क गर्ने भनि सोच्दै आएको थिए तर उक्त दिन मात्र यौन सम्पर्क गरेको हो भन्ने समेत ब्यहोराको प्रतिबादी नाम परिवर्तित १७(ङ)ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

No injury marks found on examination of victim, except redness and swelling around the vagina and open and patulous vagina which are unnatural for the age group, and is suggestive of forceful sexual assault. भन्ने समेत व्यहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

जाहेरवालाको ६ वर्षे छोरी नाम परिवर्तित १७(क) उपर यिनै प्रतिवादी नाम परिवर्तित १७(ङ) ले काँक्रो खान दिन्छु भन्दै घर भित्र पुऱ्याई आफ्नो लिंग पीडितको योनीमा छिराई जवरजस्ती करणी गरेको तथ्य शंकारहीत तवरले पुष्टि हुन आएकोले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १नं. मा परिभाषित ३(१)नं. अनुरुपको कसूरमा प्रतिवादी नाम परिवर्तित १७(ङ) लाई सोहि महलको ३(१)नं. बमोजिम सजाय हुनुपर्नेमा मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रबाट निज प्रतिवादीको उमेर १४ वर्ष मुनिको रहेको देखिंदा वालवालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुरुप सजाय हुन एवं जवरजस्ती करणीको महलको १० र १० ग नं. बमोजिम यी प्रतिवादीबाट पीडितलाई क्षतिपुती दिलाई भराई पाउँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारका अभियोग मागदावी ।

म वारदात भएको भनिएको दिन जाहेरवालाको घर नजिकै काँक्रो खाँदै वस्तु चराउने क्रममा नाम परिवर्तित १७ (क) ले मसँग काँक्रो मागेको र मैले आमालाई नसोधी काँक्रो टिपेकोले गाली खाने डरले पीडित र म सिरकभित्र लुकी काँक्रो खाई बसेको हो । मैले जवरजस्ती करणी गरेको छैन । अधिकार प्राप्त अधिकारीसमक्षको वयानमा भएको ब्यहोरा आमाले हो भन् तलाइ पुलिसले छाडिदिन्छ भन्नु भएकोले मैले भनेको हो । मैले केही पनि नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी नाम परिवर्तित १७ (ङ) ले यस अदालतसमक्ष गरेको वयान ।

तत्काल प्राप्त प्रमाणहरु समेतबाट यी प्रतिवादी नाम परिवर्तित १७(ङ) कसूरदार होइन रहेछ भन्न मिल्ने नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा प्रमाणबाट ठहरे बमोजिम हुने नै हुँदा मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रबाट निज प्रतिवादीको उमेर १४ वर्ष मुनिको रहेको देखिंदा बालवालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम बाल सुधार गृहमा पठाई दिनु भन्ने समेत ब्यहोराको

यस अदालतको मिति २०७३।४।३२ को थुनछेक आदेश ।

मिति २०७३।४।२२ गते पीडित छोरीलाई घरमा छोडी कोदो रोप्न बारीमा गई घर फर्किदा सुत्ने खाटमा सिरकभित्र प्रतिवादी र मेरो छोरीलाई नाङ्गै अवस्थामा भेटेको हो । मैले सिरक उचालेपछि प्रतिवादी भाग्यो । मैले छोरीलाई यसरी सिरकभित्र के गरेको भनि सोधे । छोरीले प्रतिवादी नाम परिवर्तित १७(ङ) ले मेरो सुरुवाल फुकाल्यो उसको पनि सुरुवाल फुकाल्यो अनि म माथि चढेर उसको सु गर्ने मेरो सु गर्नेमा घुसायो भनि छोरीले भनेपछि घटनाको बारेमा थाहा भयो । जाहेरीमा भएको सहिछाप मेरो हो, अभियोग दावी अनुरुप प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत ब्यहोराको जाहेरवाला नाम परिवर्तित १७(ख) ले यस अदालतमा गरेको बकपत्र ।

मलाई प्रतिवादीले काँक्रो दिई फकाई खाटमा सुत भन्यो, मेरो सुरुवाल खोल्यो र उसको सु गर्ने मेरो सु गर्नेमा म माथि चढी भित्र पसायो । मलाई फकाई कसैलाई नभन है भनेको थियो । मुद्दा अनुसन्धानको क्रममा गरेको कागज ब्यहोरा ठिक छ, सहिछाप मेरो हो भन्ने समेत ब्यहोराको पीडित नाम परिवर्तित १७(क)ले यस अदालतमा गरेको बकपत्र ।

घटना भएको भोलिपल्ट पीडित बच्चीकी आमाले प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गऱ्यो भनि भनेकाले थाहा पाएको हो । अभियोग मागदावी अनुरुप प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने बुद्धमाया थामीले यस अदालतमा गरेको बकपत्र ।

घटना भएको भोलिपल्ट मिति २०७३।४।२३ गते जाहेरवाला र पीडितलाई चरिकोट प्राथमिक स्वास्थ्य केन्द्रमा भेटेको हो । के भएर अस्पतालमा आएको भनि जाहेरवालालाई सोध्दा पीडित बच्चीलाई प्रतिवादीले जवरजस्ती करणी गरेको भनि भनेकाले घटना सम्बन्धमा थाहा पाएको हो । अभियोग मागदावी अनुरुप प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने साबित्री थामीले यस अदालतमा गरेको बकपत्र ।

घटना भएको भनिएको दिन म आफ्नै घरमा थिए । पीडितको घरमा हल्ला खल्ला भएको सुनी म पनि उक्त स्थानमा जाँदा पीडितको आमाले प्रतिवादी १७(ङ) ले पीडित १७(क)लाई जवरजस्ती करणी गऱ्यो भनि भनेकोले घटना सम्बन्धमा थाहा पाएको हो । अभियोग मागदावी अनुरुप प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने उर्मिला थामीले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो भन्ने कुरामा मलाई कति पनि विश्वास लाग्दैन, यो हुँदै नभएको कुरा हो । पीडितको आमाले एकै ठाउँमा सुतेको कारण शंका सम्म गरेको

हुनुपर्छ । पीडित र प्रतिवादी वल्लो पल्लो घर छिमेकी भएको हुँदा निजहरुका आमाबुवा बीच पूर्व रिसइवीको कारणले किटानी जाहेरी दिएको हुनुपर्छ भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी धनबहादुर थामीले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो भन्ने कुरामा मलाई कति पनि विश्वास लाग्दैन । केटाको उमेर पनि सानै रहेको र उक्त दिन बच्ची, केटा, बच्चीकी आमा पनि घरमा नै भएको हुँदा करणी गरे जस्तो लाग्दैन । दुवै केटाकेटी नै भएकोले, सगसँगै घर रहेकाले खाने खेल्ने सम्म गरेको हुन । शंकाको भरमा मात्र बच्चीकी आमाले आरोप लगाएकी हुन भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी गंगाबहादुर थामीले यस अदालतमा गरेको बकपत्र ।

समाजसेवी र बाल मनोविज्ञानवेत्तालाई समेत प्रतिवेदन पेश गर्न लगाउनु भन्ने समेत ब्यहोराको मिति २०७३।७।३० को यस अदालतको आदेश ।

सामाजिक कार्यकर्ता श्रीमती देवी शिवाकोटी तथा बालमनोविज्ञ श्री ईश्वर बहादुर थापाको अध्ययन प्रतिवेदन मिसिल संलग्न रहेको पाइयो ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्बान सहायक जिल्ला न्यायाधीवक्ता कैलाश दाहाल र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान वैतनीक अधिवक्ता श्यामकृष्ण मास्केले गर्नु भएको बहस जिकीर सुनीयो । प्रतिवादीले जाहेरवालाकी ६ वर्षे छोरी नाम परिवर्तित १७(क) लाई काँक्रो खान दिन्छु भन्दै घरभित्र पुर्‍याई आफ्नो लिंग पीडितको योनीमा छिराई जवरजस्ती करणी गरेको तथ्य शंका रहित तवरले पुष्टि हुन आएकोले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. मा परिभाषित ३(१) नं. अनुरुपको कसूरमा प्रतिवादी नाम परिवर्तित १७(क)लाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुनुपर्नेमा मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रबाट निज प्रतिवादीको उमेर १४ वर्ष मुनिको रहेको देखिंदा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) अनुरुप सजाय हुन एवं जवरजस्ती करणीको महलको १० र १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन समेतको मागदावी लिई अभियोग पत्र दायर हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाण अध्ययन गरि हेर्दा यि प्रतिवादीले अभियोग मागदावी बमोजिमको कसूर अपराध गरेका हुन् वा होइनन ? यदि कसूर अपराध गरेको भए के कस्तो सजाय समेत हुनुपर्ने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा मिति २०७३।४।२२ गते दिउँसो १३:०० बजेको समयमा मेरी छोरी एक्लै घरमा बसिरहेको अवस्थामा प्रतिवादी मेरो घरमा आई मेरो छोरीसँग जिस्की खेली बसेको अवस्थामा मैले देखे । केटाकेटी खेल्दैछन भनि म आफ्नो काममा व्यस्त भएकोमा प्रतिवादीको आमाले प्रतिवादीलाई घरमा आइज भनि बोलाउँदा घर जान नमानेको हुँदा मैले घरमा आई हेर्दा निज प्रतिवादी मेरो नाबालिका छोरीसँग सुतेको देखि के गरेको हो भन्दा मेरो छोरीले मलाई काँक्रो खुवाउँछु भनि प्रलोभन देखाई मेरो कट्टु खोलि मेरो संवेदनशील अंगमा (योनिमा) प्रतिवादीले आफ्नो संवेदनशील अंग (लिङ्ग) पसाई जवरजस्ती करणी गरेको भनि बताएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाउँ भनि पीडितकी आमाले यी प्रतिवादी उपर किटानी जाहेरी दिएको पाइन्छ । पीडितले मौकामा गरिदिएको घटना विवरण कागजमा प्रतिवादीले काँक्रो खान दिन्छु भनि मलाई फकाई आफ्नो कट्टु र मेरो कट्टु पनि खोली आफ्नो लिङ्ग मेरो सु गर्ने योनिमा पसाई माथिबाट मेरो शरिरमा चढेको थियो । हामी दुवै जना वेडमा सिरक ओढी सुतेका थियौं । निजले मलाई कसैलाई नभन भनी डर त्रास देखाई रहेको थियो । यत्तिकैमा आमा आई सिरक तानी हेर्दा दुवै जनालाई नाङ्गै देखि सोध्दा मैले सबै कुरा आमालाई भनेको हुँ भन्ने समेत व्यहोरा उल्लेख गरीदिएको देखिन्छ । मौकामा घटना विवरण कागज गरिदिने सावित्री थामी, उर्मिला थामी र बुद्धमाया थामी समेतका व्यक्तिहरुले अभियोग दावीलाई पुष्टि हुने गरी मौकामा कागज गरिदिएको समेत पाइन्छ ।

प्रतिवादीले आफ्नो पिताको रोहवरमा मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्ने क्रममा पीडितलाई काँक्रो खान दिई निजसँगै निजको घरभित्र प्रवेश गरी अरुपनि काँक्रो खान दिउँला मलाई करणी गर्न देउ भनी फकाई निजको हात समाती खाटमा उकाली निजहरु सुत्ने खाटमा सुताई कसैलाई नभन भनि ललाई फकाई निजको संवेदनशील अंग योनी भित्र मेरो लिङ्ग प्रवेश गराई यौन सम्पर्क गरिरहे । निजले दुख्यो भनी कराई रहेकी थिइन् । घरबाट मेरी आमाले मलाई बोलाई रहनु भएकोले यौन सम्पर्क गर्न छाडी निजको योनिबाट मेरो लिङ्ग निकाले । त्यसपछि पीडितको आमा आइपुग्नु भयो र मलाई तिम्रो घरमा जाउ भनेपछि म गएको हुँ । पीडितलाई पहिला पहिला पनि गाई बाख्रा चराउन जाँदा यौन सम्पर्क गर्न देउ भनी फकाउँथे । मिति २०७२।४।२२ गते मात्र निजलाई मैले करणी गरेको हुँ भन्ने समेत ब्यहोरा लेखाई आरोपित कसूरमा साबिती बयान गरेको देखिन आयो ।

पीडितको स्वास्थ्य परिक्षणवाट No injury marks found on examination of victim, except redness and swelling around the vagina and open and patulous vagina which

are unnatural for the age group, and is suggestive of forceful sexual assault भन्ने देखिएबाट पीडित उपर भएको वारदातलाई पुष्टि गरिदिएको पाइन्छ ।

प्रतिवादीले यस अदालतमा वयान गर्दा आरोपित कसूरमा इन्कारी वयान गरेतापनि पीडितलाई काँक्रो खान दिएको र पीडित सँग सँगै सिरक ओढी लुकेको तथ्यलाई स्वीकार गरेको देखिन्छ । मौकामा गरेको साविती वयान आमाले हो भन भने बमोजिम मैले हो भनिदिएको हुँ । सही छाप मेरै हो भन्ने समेत व्यहोरा लेखाइदिएको पाइन्छ । मौकाको वयानमा प्रतिवादीका पितालाई समेत रोहवरमा राखिएको देखिंदा प्रतिवादीले मौकामा गरेको वयान व्यहोरालाई अन्यथा शंका गर्नुपर्ने देखिन नआएवाट आरोपित कसूरमा प्रतिवादीको संलग्नता रहेको तथ्य पुष्टि भइरहेको देखिन आयो ।

मौकामा घटना विवरण कागज गरिदिने उर्मिला थामी, सावित्री थामी र वुद्धमाया थामी समेतले यस अदालतमा आई मौकामा गरिदिएको घटना विवरण कागज व्यहोरालाई समर्थन हुने गरि वकपत्र गरि दिएको पाइन्छ । पीडितले यस अदालतमा वकपत्र गर्ने क्रममा प्रतिवादीले मलाई फकाई खाटमा सुताई मेरो सुरुवाल खोली म माथी चढी उसको सु गर्ने मेरो सु गर्नेमा पसाई कसैलाई नभन भनेको थियो । मलाई जवरजस्ती करणी गर्दा दुख्यो, पिडा भयो अहिले पनि दुखि रहेको छ भन्ने समेत व्यहोरको वकपत्र गरिदिएको पाइन्छ भने पीडितकी आमा जाहेरवालीले मौकामा दिएको जाहेरी दरखास्तलाई पुष्टि हुने गरी यस अदालतमा आई वकपत्र समेत गरिदिएको पाइन्छ ।

प्रतिवादीका साक्षी धनबहादुर थामी र गंगाबहादुर थामीले यस अदालतमा वकपत्र गर्दा प्रतिवादी आरोपित कसुरमा संलग्न भएको विश्वास लाग्दैन भनी वकपत्र गरेतापनि निजहरुको वकपत्रलाई मिसिल संलग्न अन्य प्रमाण कागजले समर्थित गरिरहेको नदेखिंदा उक्त वकपत्र केवल काल्पनिक र मिथ्या मात्र देखिन गएको छ ।

तसर्थ माथी उल्लेखित तथ्य एवं प्रमाण समेतलाई हेर्दा प्रतिवादी उपर किटानी जाहेरी पर्न आएको, जवरजस्ती करणी जस्तो संवेदनशील एवं संगिन अपराधमा हुँदै नभएको वारदातको कल्पना गरी आमाले आफ्नी छोरी उपर प्रतिवादीले जवरजस्ती करणी गरेको भनी जाहेरी दिएकी होलिन् भनी कल्पना सम्म पनि गर्न सकिने स्थिती नदेखिएको, अवोध नावालिकाले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा एवं यस अदालतमा वकपत्र गर्दा समेत आफु उपर प्रतिवादीले गरेको जवरजस्ती करणीको घटनाक्रमलाई सिलेसिलवार रुपमा प्रस्तुत गरिदिएको देखिएको, ६ वर्षकी नावालिकाले कसैप्रति रिसइवी लिई वा कसैलाई फसाउने भावनाले गलत र झुठ्ठा कुराको पोल गरेको होलिन् भनि स्वभाविक रुपमा अनुमान गर्न सकिने अवस्था समेत नहुँदा

पीडित नावालिकाले मौकामा गरेको घटना विवरण कागज एवं यस अदालतमा गरेको बकपत्रमा उल्लेखित ब्यहोरा समेतलाई अन्यथा मान्न सकिने अवस्था समेत नदेखिएको, प्रतिवादीले मौकामा वयान गर्दा निजको पितालाई रोहवरमा राखी वयान गरेको देखिएबाट मौकाको प्रतिवादीको कसुरमा साबिती भई गरेको बयानलाई अन्यथा शंका गरिरहनुपर्ने नदेखिएको, प्रतिवादीले यस अदालतमा वयान गर्दा पिडीतसँग सँगै सिरक ओडी सुतेको भन्ने समेत व्यहोरा उल्लेख गरेबाट वारदातको थप पुष्टि भएको देखिएको, पिडीतको स्वास्थ्य परिक्षण प्रतिवेदनबाट पीडित उपर वारदात भएको पुष्टि भइरहेको देखिन आएको, जाहेरवाला एवं मौकामा घटना विवरण कागज गरिदिने व्यक्तिले यस अदालतमा आई मौकाको जाहेरी एवं घटना विवरण कागजलाई समर्थित हुने गरी वकपत्र गरिदिएको देखिएको समेतका मिसिल संलग्न कागज प्रमाणवाट जाहेरवालाको ६ बर्षकी छोरी परिवर्तित नाम १७(क) उपर यि प्रतिवादी परिवर्तित नाम १७(ङ) ले पिडीतलाई काँक्रो खान दिन्छु भनी घरभित्र फकाई लगि आफ्नो लिंग पीडितको योनीमा छिराई मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. मा परिभाषित सोही महलको ३(१) नं. बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आयो । प्रतिवादीले उल्लेखित कसूर गरेको सप्रमाण पुष्टि हुन आएको हुँदा सो कसूर बापत निजलाई हुने सजायतर्फ विचार गरी हेर्दा मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. ले दश वर्ष भन्दा मुनिको वालिकालाई जवरजस्ती करणी गर्नेलाई दश वर्ष देखि पन्ध्र वर्ष सम्म कैद सजाय हुने कानूनी व्यवस्था भइरहेको देखिन्छ । यी प्रतिवादीको उमेर मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रवाट १४ वर्ष मुनिको रहेको देखिन आएको हुँदा उक्त कसूर बापत प्रतिवादीलाई सजाय गर्दा वालवालिका सम्बन्धी ऐन, २०४८ आकर्षित हुने देखियो । सो ऐनको दफा ११ को उपदफा (२) ले कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष वा सो भन्दा माथी र चौध वर्ष भन्दा कम रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई वुझाई र कैद हुने गरेकोमा कसूर हेरी ६ महिना सम्म कैद हुन्छ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । तसर्थ प्रतिवादी परिवर्तित नाम १७(ङ) ले गरेको उल्लेखित कसूरको गाम्भीर्यता समेतलाई विचार गरी निज प्रतिवादीलाई बालबालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ (छ) महिना कैद हुने ठहर्छ । साथै पीडित वालिकालाई पर्न गएको शारिरीक एवं मानसिक क्षति समेतलाई विचार गरि मुलुकी ऐन, जवरजस्ती करणी महलको १० नं. र १० ग नं. बमोजिम प्रतिवादीबाट पीडित वालिकालाई क्षतिपूर्ति बापत रु.२५०००/ (अक्षेरुपी पच्चीस हजार रुपैयाँ) भराइदिने समेत ठहर्छ । अरु तपसिल बमोजिम हुने गरी अ.ब. १८६ नं बमोजिम यो फैसला गरिदिएँ ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम अभियोग मागदावी अनुसार प्रतिवादी नाम परिवर्तित १७(ङ) लाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६(छ) महिना कैद सजाय हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०७३।४।२४ देखि मिति २०७३।४।३१ सम्म मुद्दा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा र मिति २०७३।४।३२ देखि हाल सम्म बालसुधार गृह भक्तपुरमा थुनामा रहेको देखिंदा निजलाई लागेको कैद भुक्तान भैसकेको हुँदा आजैबाट थुनामुक्त गरिदिनु भनि बालसुधार गृह सानोठिमी, भक्तपुरमा लेखि पठाउनु.........................................................................................१

पीडित १७ (क) लाई माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी १७(ङ)बाट क्षतिपूर्तिबापत रु. २५,०००।- (अक्षेरुपी पच्चीस हजार रुपैयाँ) भराई पाउने ठहरेकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा भए पछि पिडीतले क्षतिपूर्ति भराइ पाउँ भनि प्रतिवादीको यसै सरहदको जायजेथा देखाई ऐनको म्याद भित्र दरखास्त दिए प्रतिवादीबाट भराई दिनु.............................................२

यो ईन्साफमा चित्त नबुझे ७० दिन भित्र पुनरावेदन गर्न उच्च अदालत पाटन जानु भनी प्रतिवादी १७(ङ) लाई पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकील कार्यालय दोलखालाई फैसलाको प्रतिलिपी सहित जानकारी दिनु.........................................................................३

सरोकारवालाले फैसला सहितको नक्कल माँग्न आए विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धि (कार्यविधी) निर्देशका, २०६४ को प्रकृया पुरा गरी नियमानुसार लाग्ने दस्तुर लिई सारी लान दिनु.......................................................४

प्रस्तुत फैसला अपलोड गरी दायरीको लगत कट्टा गरी छिनुवा मिसिल अभिलेख संरक्षण फाँटमा बुझाइ दिनु.........................................................................................५

माननीय जिल्ला न्यायाधीश ज्यूले बोलि टिपाउनु भए
बमोजिम टाईप गने डिठ्ठा सबिन गुरागाई
फाँटवालाना.सु. राजकुमार श्रेष्ठ

...........................

जिल्ला न्यायधीस

इति सम्बत २०७३ साल माघ २४ गते रोज २ सुभम् .......................................

**सल्यान जिल्ला अदालत**

**वन्द इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**

**फैसला**

**सम्वत् २०७३ सालको स.फौ.नं. ०७३–CR–००१५ रजिष्ट्रेशन नंवर ७१–०७३–०००८१**

**मुद्दाः– जवरजस्ती करणी**

**निर्णय नंवरः– १३०**

**वादीको नाम थर वतन**

नाम परिवर्तित स्थान जिल्ला सल्यान क बस्ने बर्ष २७ को परिवर्तित नाम 55A5 को जाहेरीले नेपाल सरकार...........१

**प्रतिवादीको नाम थर वतन**

नाम परिवर्तित स्थान जिल्ला सल्यान ख बस्ने बर्ष १२ को परिवर्तित नाम 55A3.........१

**साक्षी**

जाहेरवाला 55A5..................१

पिडित 55A2......................१

देववहादुर के.सी.....................१

भुपाल खत्री.........................१

खडानन्द गौतम......................१

**साक्षी**

भिमवहादुर खत्री...........................१

कृष्ण खड्का..............................१

थलराज खड्का...........................१

नन्दलाल खड्का..........................१

**कागज**

अदालतबाट बुझेको

साक्षी

जाहेरवाला 55A5 मौकामा कागज गर्ने निमा के.सी., पिडित परिवर्तित नाम 55A2 स्वास्थ्य परिक्षण गर्ने चिकित्सक प्रहसन राई प्रतिवादीका साक्षी कृष्णकुमार खड्का

**कागज**

(*विशेष प्रकृतिका मुद्दाहरुमा पक्षहरुको ब्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने सर्वोच्च अदालतबाट जारी निर्देशिका २०६५ अनुसार जाहेरवालाको परिवर्तित संकेत नाम ५५A५ पिडीतको संकेत नाम ५५A२ र पिडकको संकेत नाम ५५A३ कायम गरी निजहरुको परिचयात्मक विवरण गोप्य राखि सो बन्दि खाम तायदाती फारामको कहिले नसड्ने महलमा चढाई राख्नु ।*

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोवस्तको २९ नंवरले यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

मेरी छोरी परिवर्तित नाम 55A5 बर्ष ४ कि नावालिका हुन् । मिति २०७३/०६/२० गते दिउसो खाना खाई म मकै बारीमा काम गर्न गएको अवस्थामा मेरी छोरीलाई विपक्षी परिवर्तित नाम 55A3 को घरमा खेल्न गएको अवस्था निज विपक्षीले ललाई फकाई जवरजस्ती करणी गरेका रहेछन साँझ निज छोरी सुतेको देखी के भो भनि सोधपुछ गर्दा आफुलाई पिसाव फेर्न गाह्रो भएको र योनी दुखेको भनि भन्दा छोरीको योनीबाट हल्का रगत बगेको देखी तेल लगाई सेकी दिएकी थिए । यसरी मेरो नाबालक छोरीलाई घरमा कोही नभएको मौका पारी ललाई फकाई प्रलोभनमा पारी जवरजस्ती करणी गरेकाले निजलाई कारवाही गरी पाउँ भन्ने परिपर्तीत नाम 55A5 ले दिएको जाहेरी दरखास्त ।

55A5 को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी 55A3 भएको जवरजस्ती करणी मुद्धामा अनुसन्धानको सिलसिलामा पीडकलाई आफ्नो जिम्मा बुझि लगेको मा आज मति २०७३/०६/३० निजलाई यसै निवेदन साथ उपस्थित गराएको छ भन्ने व्यहोराको 55A4 ले पेश दिएको जाहेरी दरखास्त ।

योनीबाट रगत बगेको नदेखिएको,हाईमेन ठीक रहेको, शरीरमा संघर्षको चिन्ह नभएको अवस्था सामान्य रहेको भन्ने व्यहोराको पीडित 55A2 को जिल्ला अस्पताल सल्यानले गरी दिएको स्वास्थ्य परीक्षण रिपोर्ट ।

शरीरमा र लिङ्ग यरियामा कुनै किसिमको घाउ नभएको लिङ्गमा योनीरस नभेटिएको अवस्था सामान्य रहेको भन्ने व्यहोराको प्रतिबादी 55A3 को जिल्ला अस्पताल सल्यानले गरीदिएको स्वास्थ्य परीक्षण रिर्पोट ।

55A5 को जाहेरीले वादी नेपाल सरकार प्रतिबादी 55A3 भएको जवरजस्ती करणी मुद्धामा अनुसन्धानको सिलसिलामा पीडक 55A3 नाबालक भएकोले निजको बाबु 55A4 ले

ई.प्र.का. थारमारे सल्यानले खोजेको बखतमा उपस्थित गराउने गरी आफनो जिम्मा बुझिलिए भन्ने व्यहोराको जिम्मा जमानीको कागज ।

बारदताको दिन आफ्नै घरमा काम गरिरहेको थिए । विपक्षी 55A3 ले निज पीडित खेलीरहेको समयमा ललाई फकाई गरेर जवरजस्ती करणी गरेको कुरा पीडित की आमा 55A5 ले मेरो परिवारलाई भनेकोले थाहा पाई हेर्न जाँदा योनीबाट हल्का रगत बगीरहेको देखेको हु । उपचारको लागि लगेका हुन भन्ने व्यहोराको मिति २०७३/०७/०४ गतेका दिन भुपलाल खत्रीले गरी दिएको कागज ।

पीडित 55A2 लाई विपक्षी 55A3 ले आफनै घरमा खेल्न आएकी कोही नभएको अवस्थामा जवरजस्ती करणी गरेको कुरा गाँउघरमा हल्ला भएपछि थाहा पाएको हु । निज पीडितलाई उपचारको लागी तुल्सीपुर तर्फ लगेका हुन । बिपक्षीले पीडीतलाई जवरजस्ती करणी गरेको कुरामा शंका लाग्छ भन्ने व्यहोराको मिति २०७३/०७/०४ गतेका दिन पवनराज के.सी.ले गरीदिएको घटना विवरण कागज ।

मिति २०७३/०६/२० गते जाहेरवाला 55A5 बिहानको खाना खाई आफनो बारीमा काम गर्न गएको र पीडीत बालिका 55A2 आफनै छिमेकी प्रतिवादी 55A3 को घरमा खेल्न गएकी बखत चकलेट दिन्छु भनि फकाई फुलाई करणी गरेकोमा निज पिडित पिसाप गर्ने बेला अपठ्यारो भएको र राती सुत्ने बेला रुन कराउन थालेपछि निजकी आमाले सोधेपछि विपक्षीले फकाई आफूलाई करणी गरेको कुरा निज जाहेरवालाले मलाई फोन गरी बताउदा थाहा पाएको हु । तुरुन्त उपचारको लागि लैजाने सल्लाह दिएको थिए भनि भन्ने व्यहोराको मिति २०७३/०७/०५ गतेका देवबहादुर के.सी.ले गरी दिएको घटना विवरण कागज ।

मिति २०७३/०६/२० गते म आफ्नो आमासंग खाना खाई आमा र मेरो बज्यै बारीमा काम गर्न गएको र म विपक्षी 55A3 को घरमा खेल्न गएको बखत मलाई चकलेट दिन्टु भनि भनि मलाई भुईमा सुताई विपक्षीले आफनो लिङ्ग देखाई मलाई करणी गरेका हुन् । म आफनो घरमा आई सुतेकी थिए । आमा र हजुरआमा घरमा आई मलाई सुतेको देखी के भो भनि सोध्दा म डराई डराई मलाई पिसाव गर्न गाह्रो भयो भनि बताउदा आमा र हजुर आमा मेरो योनी हेर्दा रगत जस्तो बगेको थियो भन्ने व्यहोराको मिति २०७३/०७/०५ गतेको पीडित बालिका 55A2 ले गरेको आफ्नो आमाको रोहवरमा गरेको कागज ।

मिति २०७३/०६/२० गते म आफनो खेतबारीमा काम गरीरहेको अवस्थामा पीडित बालिका 55A2 लाई प्रतिबादी 55A2 ले आफनो घरमा खेल्न आएको बखत प्रलोभनमा पारी करणी गरेको कुरा थाहा भै हेर्न जाँदा निज बालिकालाई उपचारको लागि लगेको कुरा थाहा पाएको

हु । निज प्रतिबादीले पीडित बालिकालाई करणी गरेको कुरामा विश्वास लाग्छ भन्ने व्यहोराको मिति २०७३/०७/०५ गतेको जितबहादुर खत्रीले गरेको कागज ।

मिति २०७३/०६/२० गते म आफनो बारीको काम सकेर घर फर्कने क्रममा पीडीत 55A2 लाई रुन कराउन लागेको देखेर के भो भनि सोधपुछ गर्दा मिति २०७३/०६/२० गतेको दिन अं १४.०० बजेको समयमा पीडीत निज पीडकको घरमा खेल्न गएको बखत ललाई फकाई चकलेट दिउला भनि जिन पीडकले करणी गरेको भन्ने कुरा थाहा पाई औषधी उपचार गर्ने सल्लाह समेत दिएको हु । निज प्रतिबादीले पीडीतलाई फकाई करणी गरेको कुरामा विश्वास लाग्छ भन्ने व्यहोराको मिति २०७३/०७/०५ गतेको खडान्द गौतमले गरेको घटना विवरण कागज ।

मिति २०७३/०६/२० गतेका दिन म र मेरो बुहारी जाहेरवाला 55A3 बिहानको खाना खाई बारीमा काम गर्न गएको र मेरो नातिनी 55A2 चाहि प्रतिबादी 55A3 को घरमा खेल्न गएकी बखत निज प्रतिबादीले मेरो नातिनीलाई ललाई फकाई जवरजस्ती करणी गरेकोमा नातिनीले पिसाव गर्ने बखत रुन कराउन लागेको देखी के भो भनि सोध्दा मलाई प्रतिबादीले निजको घरमा खेल्न गएको बखत चकलेट दिउला भनि माथिल्लो तल्लामा लगी करणी गरेको हो भनि भन्दा निज नातिनीको योनी हेर्दा सुनिएको र रगत जस्तो तरल पदार्थ निस्केको देखी प्रतिवादीको बुवा 55A4 लाई बोलाई तपाईको छोराले मेरो नातिनीलाई जवरजस्ती करणी गरेको छ तत्काल उपचार गराउनु पर्‍यो भन्दा दशैपछि उपचार गराउला भनि भनेकोले मैले निज नातिनीलाई उपचारको लागि अंचल अस्पताल तुल्सीपुरमा लगी डाक्टरलाई देखाउदा यो प्रहरी केश हो प्रहरीले सिफारीस गरेपछि मात्र उपचार गर्छु भनि डाक्टरले भन्दा बुहारीलाई फोन गरी ईलाका प्रहरी कार्यालय थारमारे सल्यानमा खबर गर्न पठाए इलाका प्रहरी कार्यालय थारमारे सल्यानको पहलमा निज नातिनीको स्वास्थ्य परीक्षण समेत गराएका हौ । निज प्रतिबादीले मेरो नतिनी 55A2 लाई ललाई फकाई करणी गरेको हो भन्ने व्यहोरको पीडीतको बाज्यैले मिति २०७३/०७/०५ गतेका दिन गरी दिएको कागज ।

मिति २०७३/०६/२० गते म आफनै घरमा नै थिए र सो दिन गाउकै एकजना साथीले मलाई फोन गरी 55A3 ले 55A2 लाई आफनो घरमा खेल्न आएको बखत ललाई फकाई जवरजस्ती करणी गरेको भनि भन्दा थाहा पाएको हु । सो को भोली पल्ट उक्त घटना सम्बन्धमा सोधपुछ गर्दा निज पीडितलाई उपचारको लागि सकेको कुरा थाहा पाए भन्ने व्यहोराको मिति २०७३/०७/०५ गतेको तिलक लामीछानेले गरेको घटना बिवरण कागज ।

मिति २०७३/०६/२० गतेका दिन दिउसो म आफ्नो घरमा दिदीहरुसग थिए सोही समयमा 55A2 मेरो घरमा आईन । मिति २०७३/०६/२० गते ठुली आमाले मेरो बल लुकाई

दीएकीले तिम्रो बल खोज्न जाउ फेला परे संगै खेलौला भनी 55A2 ले मलाई भन्दा हामी दुबैजना बल खोज्न घर भित्र गएका हौ । निज 55A2 माथिल्लो तल्लामा जान नसेकेकीले तल बसीन म माथिल्लो तल्लामा गए र सोही समयमा मेरो दीदि म भएको ठाउँमा आई भित्र को हो भनि हल्ला गर्दा निज दिदीसंग भुई तल्लामा आउदा निज 55A2 सोही ठाउँमा थिईन र हामी तिनैजना घर बाहिर आएका हौ । 55A2 लाई मैले करणी गरेको होईन भन्ने व्यहोराको मिति २०७३/०७/०७ गतेका दिन 55A3 ले यस अदालतमा गरीदिएको बयान ।

यसमा ५५A५ जाहेरी दर्खास्त, घटनास्थल प्रकृति मुचुल्का, स्वास्थ्य परिक्षण रिपोर्ट, मौकामा बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज, प्रतिवादी संकेत नाम ५५A५ को बयान समेतका कागजप्रमाणहरुबाट प्रतिवादी नाम परिवर्तित ५५A२ लाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ३(१) बमोजिम कसूरमा ऐ.को ३(१) बमोजिम सजाय गरी पिडितलाई प्रतिवादीबाट ऐ को १० नं. बमोजिम क्षतिपूर्ति भराई पाउन र प्रतिवादी परिवर्तित नाम ५५A३ को उमेर १२ बर्ष भएकोले निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन समेतको माग दावी लिएको अभियोग पत्र ।

मैले मिति २०७३/६/२० गते दिउसोको समयमा परिवर्तित नाम ५५A२ मेरो घरमा खेल्न आएको समयमा निजलाई ललाई फकाई जवरजस्ती करणी गरेका होइन । बरु पिडित ५५A२ र म मिलेर लुकामरी खेल खेलेका हौ । खेलको केही समयपछि मेरो ठुली आमाको घरमा गई निज पिडित त्यहाबाट आफ्नो घर गएको हुन । पहिले देखिनै ५५A२ को यौनी दुखिरहन्थ्यो भन्ने कुरा सुनि थाहा पाएको हुँ । पिडितको यौनीमा निजको बज्यै नाता पर्नेले तेल बेसार लगाएको मेरी ठुली आमाले मैले देखेकी हु भनेर मलाई भनेकी थिइन । देवक बहादुर के.सी. को हुन । म चिन्दीन मैले पिडित बालिका नाम ५५A२ लाई जवरजस्ती करणी गरेको होइन । किन यस्तो व्यहोरा लेखाइदिएकी हुन मलाई थाहा भएन भनी प्रतिवादी परिवर्तित नाम ५५A३ ले यस अदालतमा गरिदिएको बयान ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान सहायक जिल्ला न्यायाधिबक्ता श्री केशवप्रसाद गौतमले प्रतिवादी उपर किटानी जाहेरी परेको, मौकामा बुझिएका खडानन्द गौतम, जितबहादुर खत्री समेतले प्रतिवादीले पिडित ५५A२ लाई ५५A३ ले लालई फकाई करणी गरेको पूर्ण विश्वास लाग्छ भनि लेखाएका, पिडित ५५A२ ले मौकामा कागज

गर्दा ललाई फकाई जवरजस्ती करणी गरेको भन्ने लेखाएको समेतका आधार प्रमाणबाट निज प्रतिवादीलाई हदै सम्मको सजाय भै प्रतिवादी परिवर्तित नाम ५५A३ को उमेर १२ बर्षको नाबालक भएकाले निजलाई बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुनुपर्छ भनि बहस गर्नु भयो । प्रतिबादी तर्फबाट रहनु भएका विद्धान अधिबक्ता श्री डम्बरबहादुर वलीले प्रतिवादी ५५A३ ले पिडित ५५A२ लाई जवरजस्ती करणी गरेमा अनुसन्धान अधिकारी तथा यस अदालतमा इन्कार रहि बयान गरेका छन्, पिडित भनिएको नाम ५५A२ को योनाङ्ग वरपर कुनै घाउ चोट समेत देखिदैंन, पिडित ५५A२ लाई प्रतिवादीले जवरजस्ती करणी गरेको होइनन् मेरो पक्ष प्रतिवादीलाई अभियोग माग दावी बमोजिम सजाय हुने होइन भनी गर्नु भएको बहस समेत सुनियो ।

दुवैतर्फका कानून व्यवसायीहरुको बहस समेत सुनी प्रतिबादीले अभियोग दावी बमोजिम कसूर गरेका हुन् होइनन् ? अभियोग दावीबाट सफाई पाउने हुन् वा होइनन् ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादी परिवर्तित नाम ५५A३ ले पिडित परिवर्तित नाम ५५A२ लाई मिति २०७३/६/२० गते दिनको १४.०० बजे आफ्नै घरमा करणी गरी बालविज्याई गरेकोले प्रतिवादीलाई मु.ऐ. जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं. को कसुरमा ऐ. ३(१) को सजाय गरी पिडितलाई प्रतिवादीबाट ऐ.को १० नं. बमोजिम क्षतिपूर्ति भराई पाउन र प्रतिवादीको उमेर १२ बर्ष भएकोले बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन समेत माग दावी लिई अभियोग पत्र दायर भएको देखियो ।

प्रतिवादी परिवर्तित नाम ५५A३ ले मिति २०७३/६/२० गते मेरो छोरी बर्ष ४ की परिवर्तित नाम ५५A२ लाई प्रतिबादीको घरमा खेल्न गएको मौका दिनको २ बजे तिर ललाई फकाई जवरजस्ति करणी गरेको भनि छोरीले पिसाव फेर्न गाह्रो भएको यौनी दुखेको भनि बताई छोरीलाई साँझ तेल घसी सेकी दिदा यौनीबाट हल्का रगत बगेको, घाउ देखी सोध्दा सो कुरा बताएकीले कारवाही गरी पाउ भनी मिति २०७३/६/३० मा जाहेरी परेको देखिन्छ । प्रतिबादी मौकामा अधिकार प्राप्त अधिकारी समक्ष र यस अदालतमा समेत बयान गर्दा पिडित भनीएकी परिवर्तित नाम ५५A२ लाई जवरजस्ती करणी गरी बालजिज्याईको कसुर गरेमा इन्कार रहेको देखिन्छ । पिडित भनिएकी परिवर्तित संकेत नाम ५५A२ र पिडक भनिएको प्रतिवादी परिवर्तित नाम ५५A३ को उमेर क्रमश ४ बर्ष र १२ बर्षको भन्ने देखिन आउछ । दुवै बालबालिका भन्नेमा कुनै विवाद देखिन्न । प्रतिवादी उपर जाहेरवालीको किटानी जाहेरी परेको र प्रतिवादी

आरोपित कसुर गरेमा यस अदालतमा समेत इन्कारी रही वयान गरेको देखिन आउँछ । प्रस्तुत वारदातको चश्मदीत गवाह प्रत्यक्षदर्शी अन्य कोही रहे भएको भन्ने देखिन आउदैन । मौकामा बुझिएका घटना विवरण, कागज गर्ने मानिसहरुले शंका र पूर्ण विश्वास लाग्छ भन्ने सम्म उल्लेख गरी लेखी लेखाई दिएको सम्म देखिन्छ । पिडित भनिएकी ५५A२ को जिल्ला अस्पताल सल्यानबाट शारीरिक परिक्षण हुँदा निजको यौनांग वरिपरी कुनै घाउचोट नभएको, Hymen Intact भन्ने समेत उल्लेख भएको देखिन्छ । पिडक भनिएको प्रतिवादी ५५A३ को सो अस्पतालबाट शारीरिक परिक्षण हुँदा पनि कुनै किसिमको घाउँचोट रहे भएको भन्ने देखिदैन । घटनाबाट पिडित भनिएकी ५५A२ ले यस अदालतमा बकपत्र गर्दा प्रतिवादीले आफूलाई करणी गरेको व्यहोराबाट बकपत्र लेखाएकी र जाहेरवालीले पनि जाहेरी समर्थन गरी बकपत्र गरी दिएको देखिन्छ ता पनि निजहरुको बकपत्रलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि समर्थन गरेको देखिदैन । पिडितको यौनी स्वाब, Nail scrapings, Urethral swab समेत परीक्षणको लागी केन्द्रीय प्रहरी विधि विज्ञानशाला काठमाण्डौंमा पठाईएकोमा Vaginal Swab समेतमा विर्य फेला नपरेको, Nail Scrapings मा पनि Negative भन्ने समेत उल्लेख भई आएको देखिन्छ । शारीरिक परिक्षण गर्ने चिकित्सक डाक्टरले बकपत्र गर्दा पनि पिडितको ढाडमा लागेको रातो चिन्हहरु, देब्रेतिघ्रा पछाडी भागमा घुँडाको जोर्नीतलतिर पाप्रा बसिसकेको सन्चोहुदै गरेको घाउ भए रहेकोमा के कारणले भएको हो भन्न नसकिने, खेल्दै गर्दा वा अन्य कारणले पनि हुन सक्छ, पिडितको योनीको वरपर सुनिएको, निलडाम भएको तथा कोतरिएको केही पनि थिएन समेत भनी बकपत्र गरिदिएको देखिन्छ । जाहेरवाली र पिडितले प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेको भनि जाहेरीमा र बकपत्रमा उल्लेख गरे पनि निजहरुको उक्त भनाई शारीरिक परिक्षण गर्ने डाक्टरको बकपत्र र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतले समर्थन हुन नसकेको भै निज पिडित समेतको भनाई पुष्टि हुन सकेको देखिदैन । प्रतिवादीको साक्षीले निजको वयान समर्थन हुने गरी बकपत्र गरी दिएको देखिन्छ । प्रतिवादी अभियोग दावीको कसुर गरेमा इन्कार रहेको र जाहेरवाली र पिडित भनिएकी परिवर्तित नाम ५५A२ को बकपत्र व्यहोरा समेत अन्य स्वतन्त्र प्रमाणबाट समर्थित पुष्टि हुन नआएकोले नाबालक बर्ष १२ को प्रतिवादीले नाबालिका बर्ष ४ को पिडित भनिएकी ५५A२ लाई जवरजस्ती करणी गरी बालविज्याई गरेको भनि लिएको प्रतिवादी उपरको वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन । प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन, अदालती बन्दोवस्तको १८६ नं. बमोजिम फैसला गरीदिए ।

<u>तपसिल</u>

प्रतिवादी परिवर्तित नाम 55A3 के माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहरी निर्णय भएकाले यस इन्साफमा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ को म्याद ७० दिनभित्र श्री उच्च अदालत सुर्खेतमा पुनरावेदन गर्नुहोला भनी श्री जिल्ला सरकारी वकील कार्यालय, सल्यानलाई पुनरावेदनको म्याद दिनू.................१

नियम बमोजिम नक्कल दिनू, दायरीको लगत काटी CMS Software मा up load गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू...........................................................२

माननीय जिल्ला न्यायाधीश ज्यू ले बोली टिपाए
बमोजिम टिप्ने ना.सु. विष्णुमणि उपाध्याय
कम्प्युटर टाइप गर्ने क.अ. रामकुमार खत्री

जिल्लान्यायाधीश

इति संम्वत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम..........................................।

**श्री**

**दाङ देउखुरी जिल्ला अदालत**

**वाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री चुरामन खड्का**

**फैसला**

**उपस्थिति**

**वाल मनोविज्ञः– श्री माधव प्रसाद गौतम**

**समाजसेवीः– श्री गोमा महरा**

**सम्वत् २०७३ सालको वालविज्याँई**

**दर्ता नं. ७३-०७३-००६४६** (073-CR-0124)

**नि.नः-३०२**

**मुद्दा – अप्राकृतिक मैथुन सम्बन्धी वाल विज्याई**

**वादी**

संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ख) को जाहेरीले नेपाल सरकार....................१

**साक्षी**

पीडित संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ख), डा. राजेन्द्र गोर्खाली.....................१

**कागज**

जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का तथा स्वास्थ परीक्षण प्रतिवेदनसमेतका कागजातहरु

**प्रतिवादी**

जिल्ला दाङ तुलसीपुर संकेत नं. ५६ को तुलसीपुर ०७३-१० (ग).......................१

**साक्षी**

तारा घर्ती

**कागज**

x

**अदालतबाट बुझेको**

**साक्षी**

जाहेरवाला दाङ ५६ तुलसीपुर ०७३-१०, पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१०(ख), डा. राजेन्द्र गोर्खाली

**कागज**

फ

न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) र अ.वं. २९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

**जाहेरी दरखास्त**

मिति २०७३/०७/२० गतेको बिहान संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) र संकेत नं.५६ तुलसीपुर ०७३-१० (क) भई खेतमा घास काट्न गएछन र संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) ले हातको ईसारा गरी संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) लाई बोलाई आफ्नो घरमा लगी फिनि रोटि र नसालु बस्तु जाड खुवाई संकेत नं.५६ तुलसीपुर ०७३-१० (क) लाई घोप्टो पारी अगाडिबाट मोवाईल देखाई गुदद्वारमा आफ्नो लिङ्ग हाली अप्राकृतिक मैथुन करणी गरेकोले कानुनबमोजिम गरी पाउँ भन्ने ब्यहोराको जाहेरी दरखास्त।

**स्वास्थ्य परीक्षण प्रतिवेदन**

Anal region : On knee chest position Redness 0.5x0.5 over 12 ⊥o⊥ clock and 3 ⊥o⊥ clock position. Abrasion 0.3x1.5 cm over 6 ⊥o⊥ clock position. No fresh bleeding. No external injuries seen over perianal region. Penis and serotal region No injuries seen. Abrassion 1x2 cm over left knee region over medial aspect. भन्ने ब्यहोराको राप्ती अंचल अस्पतालको पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) को स्वास्थ्य परीक्षण प्रतिवेदन।

**घटनास्थल प्रकृति मुचुल्का**

जिल्ला दाङ पुरन्धारा ८ जौवारीस्थित प्रतिवादीले संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) को सुरुवाल खोली जाँड खुवाई नसामा पारी भुईमा पल्टाई मलद्धारमा आफ्नो लिङ्ग प्रवेश गराउँदा पीडित चिच्याएको सुनी पीडितको हजुरआमा आउँदा प्रतिवादीले पीडितलाई भऱ्याङ तल झारी भनिएको चार किल्लासहितको घटनास्थल प्रकृती मुचुल्का।

**प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) ले मौकामा गरेको बयान**

उल्लेखित वारदात मिति र समयमा म आफ्नै घरमा फिनि रोटी खाई राखेको थिएँ। निज पीडित संकेत नं.५६ तुलसीपुर०७३-१० (ख) मेरो घरमा आई रोटी माग्दा निजलाई रोटी खान दिएको हुँ। हाम्रो घरमा घरेलु रक्सी पार्ने जाँड भएकोले कहिले काही जाँड खाने गर्दछु। उक्त दिन पनि जाँड खान मन लागि हल्का जाँड खाँदा निजले माग्दा निजलाई पनि दिएको हुँ। केही समयपछि निज लट्ठिएर पल्टिएकोले करणी गर्ने मन लागि निजको कट्टु फुकाई आफ्नो पनि पाईन्ट फुकाई घोप्टो बनाई मलद्धारमा आफ्नो लिङ्ग पसाउन खोज्दा निज चिच्याएका हुन। चिच्याएको सुनी निजको हजुरआमा आउँदा म भागी गएको हुँ। पछि प्रहरी आई मलाई पक्राउ गरी लगेका हुन भन्ने प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) को बयान।

**संकेत नं.५६ तुलसीपुर ०७३(१० (क) र पीडितको भएको घटना बिवरण कागज**

मिति २०७३/०७/२० गते बिहान ११:०० बजेको समयमा म आफ्नो नाती संकेत नं.५६ तुलसीपुर ०७२-१० (ख) संग घास काट्न खेतमा गई घास काटी रहेकी थिएँ। हाम्रो खेत प्रतिवादीको घर जग्गा नजिकै पर्दछ। म खेतमा घास काटी रहेको अवस्थामा मेरो नाती एक्कासी कता गएछ नजिकमा नदेखी निजलाई खोज्न जानु पर्‍यो भनी खेतबाट हिडी आफ्नो घरतिर जाँदा एक्कासी प्रतिवादीको घरबाट मेरो नाती संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) को चिच्याहटको स्वर सुनी के भयो भनी हेर्न जाँदा नाती को रुने स्वर माथीबाट (कोठा) आएको सुनी के भयो भनी कराउँदा प्रतिवादी हतार हतारमा बाहिर निस्की भागी गएको र नातीलाई हेर्न जाँदा नाती रुदै कोठाबाट बाहीर आउँदा के भयो भनी सोध्दा प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) ले मलाई फिनि रोटी देखाई खेतबाट बोलाई आफ्नो घरको माथिल्लो तलामा लगी जाड खान दिई मोवाईलमा गित बजाई सुन्दा मलाई जाँडको नसा लागि पल्टिदा निजले मलाई घोप्टो पारी मेरो सुरुवाल तल सारी मेरो मलद्धारमा आफ्नो लिङ्ग राखी धकेल्दा मलाई पिडा भई म चिच्याएको हुँ भन्दा सुनी थाहा पाई प्रतिवादीको अभिभावकहरुलाई सो कुरा भन्दा बताउँदा गाउँ घरको कुरा हो एक पटकको लागि मिलाउनु पर्छ भनी गाउँ समाजसमेतले भन्दा गाउमै बसी छलफल गर्दा प्रतिवादी पक्ष र हामीहरु कही कतै उजुर बाजुर नगरी बस्यौ पछि नातीले मलाई दिशा गर्न जाँदा अत्यधिक पिडा हुन्छ भन्दा प्रतिवादी पक्षलाई औषधी गराई दिन पर्‍यो भन्दा नमानी उल्टै तिमीहरुले जे गर्न सक्छौ गर भन्दा जाहेरी दिन आएका हौ भन्ने संकेत नं.५६ तुलसीपुर ०७३-१० (क) र पिडितको प्राय एकै मिलान ब्यहोराको घटना बिवरण कागज।

**राम बहादुर के.सी.को घटना विवरण कागज**

बारदात मिति र समयमा म आफ्नै घरमा थिएँ । मैले प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१० (ग) र पीडित संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ख) लाई प्रतिवादीले ललाई फकाई मलद्धारमा आफ्नो लिङ्ग पसाई अप्राकृतिक मैथुन गऱ्यो भन्ने कुरा गाउँघरमा हो हल्ला भई वास्तबिक के भएको हो भनी निज पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) को घरमा गई सोधपुछ गर्दा पीडित र निजको हजुरआमा घाँस काट्न गएको अवस्थामा प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१०(ग) ले पीडितलाई फिनि रोटी खान भनी ईसारा गरी बोलाई आफ्नो घरको माथिल्लो कोठामा लगी जाँड खुवाई नशामा पारी मोवाईलमा गित बजाई पीडितको सुरुवाल फुकाई घोप्टो पारी आफ्नो लिङ्ग पीडितको मलद्धारमा पसाई अप्राकृतिक मैथुन (करणी) गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ । पीडितलाई अप्राकृतिक मैथुन (करणी) गरेकोमा मलाई पूर्ण बिश्वास लाग्छ निज प्रतिवादीलाई क्षतिपूर्तिसमेत दिलाई भराई दिनुपर्छ भन्ने राम बहादुर के.सी.को कागज ।

**बाल मनोबिज्ञ माधब प्रसाद गौतमको राय**

जन्मदर्ता प्रमाणपत्रसमेत पेश नगर्ने, बहानाबाजी गर्ने, बिद्यालय प्रमाणपत्र पनि नदेखिने घटनालाई ढाकछोप गर्न खोजेको बच्चाले अप्राकृतिक मैथुनलाई स्वीकार गरेकोले प्रचलित बाल ऐन अनुसार कारवाही अगाडि बढाउने देख्दछु । पीडितलाई परेको शारीरिक पिडा मानसिक तनाव, अभिभावकको सामाजिक बदनामी समेतलाई मध्यनजर गर्दै कानुनी कारवाहीको राय व्यक्ति गर्ने बाल मनोबिज्ञ माधब प्रसाद गौतमको राय ।

**अभियोग पत्र**

मिति २०७३।७।२० गतेका दिन दिउँसो अं.११:०० बजेको समयमा पीडित वर्ष ४ को संकेत नं. ५६ तुलसीपुर ०७३-१०(ख) लाई प्रतिवादी संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ग) ले रोटी र जाँड खुवाई नशामा लठ्ठ पारी पल्टीएपछि घोप्टो पारी पीडितको मलद्धारामा आफ्नो उत्तेजित लिङ्ग पसाली जवरजस्ती करणी (गुदा मैथुन) गरेको देखिन आएकाले उक्त कार्य मुलुकी ऐन जवरजजस्ती करणीको महलको ९ क.नं. ले परिभाषित कसुर अपराध कायम भएकाले निज प्रतिवादीलाई ऐ. ऐन ऐ. महलको ३ नं. को देहाय(१) बमोजिम सजायँ गरी सोही महलको ९ क. नं. बमोजिम थप सजायँ हुनका साथै पीडितलाई क्षतिपूर्ति समेत भराई दिन हुनका साथै विज्याईकर्ता बालक संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ग) १४ वर्षको भएको भन्ने मिसिल संलग्न कागजबाट देखिन आएकाले निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (३) नं. अनुसार उल्लेखित सजायँको आधा सजायँ हुन मागदावी लिइएको छ । प्रतिवादीको र निजका परिवारको नाममा कुनै जग्गा श्रेष्ता नदेखिएवाट मुलुकी ऐन जवरजस्ती करणीको १०ग. नं.

बमोजिम पीडितलाई महिला तथा बालबालिका कार्यालय दाङबाट पीडितले पाउने गरी क्षतिपूर्ति रकम दिलाई भराई दिनु भन्नेसमेत व्यहोराको मिति २०७३/९/०१ को अभियोग पत्र ।

**प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१०(ग) ले गरेको बयान**

मिति २०७३/७/२० गते पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१०(ख) मेरो नजिक आई मैले फिनी रोटि खाईरहेको बेला मसँग निजले रोटि मागेपछि र मैले मेरो खेतमा सिँचाई गर्दा निजले मलाई डिस्टर्व गरेपछि निजलाई उक्त स्थानवाट पठाउन मैले खाइरहेको फिनी रोटी निजलाई खान दिइ सकेपछि उक्त ठाउँवाट आफ्नो घरतिर लागेका हुन् । निज पीडितलाई मैले छुने लगायतका अन्य कार्य गरेको होइन । साथै निजलाई घोप्टो पारी अगाडिवाट मोवाइल देखाई आफ्नो लिङ्ग निजको गुदद्धारमा हाली अप्राकृतिक मैथुन गरेको भन्ने सम्पूर्ण जाहेरी व्यहोरा झुठ्ठा हो । म घटनामा संलग्न छैन भन्नेसमेत व्यहोराको प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१०(ग)ले यस अदालतमा मिति २०७३/९/३ गते गरेको बयान ।

**यस अदालतको आदेश**

तत्काल प्राप्त प्रमाणवाट यी प्रतिवादी अहिले नै कसुरदार होइनन् भन्न सकिने अवस्था विद्यमान नहुँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल कसुरको गाम्भीर्यता समेतलाई ध्यानमा राखी निजलाई मुद्दा पुर्पक्षको निम्ती वाल वालिका सम्बन्धी ऐन २०४८ को दफा ५० वमोजिम वाल सुधार गृह पोखराको जिम्मामा रहने गरी पठाई दिने गरी मुलुकी ऐन, अ.बं. १२४ (ग) नं. बमोजिम यो आदेश पर्चा गरिदिएको छ । प्रतिवादी चुक्ता भैसकेको हुँदा प्रतिवादीका साक्षी निजवाटै र जाहेरवाला तथा मौकामा कागज गर्ने मानिसहरुलाई जिल्ला सरकारी वकील कार्यालय दाङमार्फत यस अदलातमा मिति २०७३/९/५ मा वकपत्रको लागी उपस्थित गराई दिनू भनी जिल्ला प्रहरी कार्यालय दाङलाई लेखी पठाई उपस्थित भए वकपत्रका लागि इजलाससमक्ष पेश गर्नू । प्रतिवादीको उमेर खुल्ने प्रमाण मिसिल संलग्न रहेको नदेखिदा त्यस्तो कुनै प्रमाण भए पेश गर्नु भनी जिल्ला सरकारी वकील कार्यालय दाङलाई लेखि पठाई दिनू । साथै पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलाई बुझ्नू भन्ने मिति २०७३/९/३ को यस अदालतको आदेश ।

उक्त आदेशानुसार निज प्रतिवादी वाल सुधार गृहमा थुनामा गएको ।

**जाहेरवाली दाङ ५६ तुलसीपुर ०७३-१० ले गरेको वकपत्र**

उक्त घटनाका बखत म घरमा थिएँ । म घरमा जाँदा पीडित जाँड खाई बेहोस थियो । मैले घटनाको बारेमा पीडितले भनेपछि मात्र थाहा पाएको हुँ । पीडितले भने अनुसार निज पीडितलाई यी प्रतिवादीले जाँड र रोटी खुवाई पीडितको मलद्धारमा सेक्स गरेको भन्ने कुरा खुल्न आएको

र मैले पनि सोही समयमा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाली दाङ ५६ तुलसीपुर ०७३-१० ले मिति २०७३/९/६ गते यस अदालतमा गरेको वकपत्र ।

**पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) ले गरेको वकपत्र**

मलाई यी प्रतिवादीले जाँड र सेल खान दिई निजको घरमा खेल्न गएको बेला मेरो गुद्धारमा अप्राकृतिक मैथुन गरेका हुन् । उक्त मैथुन हुँदाका बखत निजको घरमा कोही थिएनन् । पछि हजुरआमा आउनु भएको हो भन्नेसमेत व्यहोराको पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१० ले मिति २०७३/९/६ गते यस अदालतमा गरेको वकपत्र ।

**यस अदालतको आदेश**

यसमा कानुनसँग द्वन्द्वमा परेका वालकले वाल सुधार गृह पोखरामार्फत साक्षि उपस्थित गराउन समय पाउँ भनी निवेदन दिएको र निजलाई साक्षी उपस्थित गराउनू भनी कुनै कागज गराएको वा जानकारी दिएको कुनै कागज मिसिल संलग्न भएको नदेखिदा निवेदकको निवेदनमा उल्लेखित साक्षीलाई वकपत्र गराउन समय दिइ नियमानुसार पेश गर्नू भन्ने मिति २०७३/९/१८ गतेको यस अदालतको आदेश ।

**प्रतिवादीका साक्षी तारा घर्तीले गरेको वकपत्र**

मिति २०७३/९/२० गते दिउँसो ११ बजे तिरको घटना घटेको होइन खाली आरोप मात्र लगाइएको हो । पीडितको वावु र जाहेरवालाको वावुको विचमा राजनैतिक हिसाबमा रिसइवी थियो । त्यही रिसइवीको लागि प्रतिवादीलाई नभएको आरोप मात्र लगाइएको हो । सो आरोप खाली झुठ्ठा हो । वारदात समयमा प्रतिवादी आफ्नो खेतमा पानी सिचाई गर्न लागेका थिए । निर्दोष भएकाले सजाय पाउनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी तारा घर्तीले मिति २०७३/९/२८ गते यस अदालतमा गरेको वकपत्र ।

**डा. राजेन्द्र गोर्खालीले यस अदालतमा गरेको वकपत्र**

पीडितको स्वास्थ्य परीक्षण मैले गरेको थिएँ । पिडितको भनाई अनुसार निजको दिशा गर्ने मलद्धार दुखेको थियो । सामान्य सरह हिडडुल गर्न सकिरहेको थियो । निजको चेकअप गर्दा मलद्धारमा सानो कोरिएको जस्तो देखिएको, निजको मलद्धार रातो भएको थियो । निजको मलद्धारवाट रगत बगेको तथा अन्य ठूलो कुनै किसिमको घाउ थिएन । पीडितको घाउ (कोरिएको मलद्धार) वाट Swab लिइ जाँचको लागि प्रयोगशालामा पठाइएको थियो भन्नेसमेत व्यहोराको डा.राजेन्द्र गोर्खालीले मिति २०७३/११/३ गते यस अदालतमा गरेको वकपत्र ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्तिप्रसाद शर्माले मिति २०७३/७/२० गते यी प्रतिवादी संकेत नं.५६ तुलसीपुर ०७३-१०(ग) ले यी पीडित संकेत नं. ०७३-१०(ख) लाई घरमा बोलाई फिनी रोटी र जाँड खुवाई घोप्टो पारी अगाडिवाट मोवाइल देखाई गुदद्धारमा आफ्नो लिङ्ग हालि अप्राकृतिक मैथुन करणी गरेको भन्ने जाहेरी दरखास्त व्यहोरा परेको छ । जाहेरवालीले यस अदालतमा आई वकपत्र गर्दा निज पीडितलाई यी प्रतिवादीले जाँड र रोटी खुवाई पीडितको मलद्धारमा सेक्स गरेको भनी लेखाइ दिएको पाइन्छ । यी प्रतिवादीलाई अभियोग दावी वमोजिम सजाय गरी पाउँ भनी वहस गर्नुभयो ।

कानूनसँग द्वन्द्वमा परेका वालककातर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री अच्युत प्रसाद न्यौपानेले यी पीडितको स्वास्थ्य परीक्षणमा Injury देखिएको छैन । यी पीडितको वावु र प्रतिवादीका वावुको पूर्व रिसइवीको कारण जाहेरी परेको देखिन्छ । वाल विज्याई भएको छैन । प्रतिवादीलाई सफाई होस भनी वहस गर्नुभयो ।

उल्लिखित वहस जिकिरसमेत सुनी, अभियोग पत्र सहितको मिसिल कागजपत्र हेर्दा, यी प्रतिवादीलाई अभियोग दावी बमोजिम अप्राकृतिक मैथुनको अपराधमा सजाय हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, मिति २०७३।७।२० गते पीडित वर्ष ४ को संकेत नं. ५६ तुलसीपुर ०७३-१०(ख) लाई कानूनसँग द्वन्द्वमा परेका वालकले फीनी रोटी र जाँड खुवाई नशामा लठ्ठ पारी पल्टीएपछि घोप्टो पारी पीडितको सुरुवाल तलसारी मलद्धारामा आफ्नो उत्तेजित लिङ्ग पसाली जवरजस्ती करणी (गुदा मैथुन) गरेको उक्त कार्य मुलुकी ऐन जवरजजस्ती करणीको महलको ९ क.नं. ले परिभाषित कसुर अपराध कायम भएकोले निज प्रतिवादीलाई ऐ. ऐन ऐ महलको ३ नं. को देहाय-१ बमोजिम सजायँ गरी सोही महलको ९ क. नं. बमोजिम थप सजायँ हुनका साथै पीडितलाई क्षतिपूर्ति समेत भराई विज्याईकर्ता बालक संकेत नं. ५६ तुलसीपुर ०७३-१० (ग) १४ वर्षको भएको भन्ने मिसिल संलग्न कागजबाट देखिन आएकाले निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ (३) नं. अनुसार उल्लेखित सजायँको आधा सजायँ हुन मागदावी लिइएको छ । मुलुकी ऐन जवरजस्ती करणीको १० ग. नं. बमोजिम महिला तथा बालबालिका कार्यालय दाङबाट पीडितले पाउने गरी क्षतिपूर्ति रकम दिलाई भराई दिनु भन्नेसमेत व्यहोराको

अभियोग पत्र मागदावी रहेको देखिन आउँछ ।

यी कानूनसँग द्वन्द्वमा परेका वालकका विरुद्ध पीडित वालक संकेत नं. ५६ तुलसीपुर ०७३-१०(ख) लाई गुदद्वारमा लिङ्ग हाली अप्राकृतिक मैथुन गरेको भनी किटानी जाहेरी परेको र सोही बमोजिम जाहेरवालाले अदालतमासमेत सेक्स गरेको भनी बकपत्र गरिदिएको पाईन्छ । पीडितले मौकामा कागज गर्दा यी कानूनसँग द्वन्द्वमा परेका वालकले आफ्नो उत्तेजित लिङ्ग आफ्नो मलद्धारमा पसाउन धक्का दिएको भनी कागज गरेको र सोही वमोजिम कानूनसँग द्वन्द्वमा परेका वालकले आफ्नो गुदद्वारमा अप्राकृतिक मैथुन गरेको भनी अदालतमा बकपत्र गरी समर्थन गरेको पाईन्छ । पीडित वालक संकेत नं.५६ तुलसीपुर ०७३-१०(ख) को शारीरिक परीक्षण प्रतिवेदनमा Anal region : On knee chest position Redness 0.5x0.5 over 12 ⊥o⊥ clock and 3 ⊥o⊥ clock position. Abrasion o.3x1.5 cm over 6 ⊥o⊥clock position. No fresh bleeding. No external injuries seen over perianal region. Penis and serotal region. No injuries seen. Abrassion 1x2 cm over left knee region over medial aspect. उल्लेख भएको देखिन्छ । सो व्यहोरा चिकित्सकले अदालतमा बकपत्र गरी पीडितको मलद्वारमा कोरिएर रातो भएको भनी उल्लेख गरी पुष्टि गरिदिएको पाईन्छ । अदालतमा कानुनसँग द्वन्दमा परेका वालकले इन्कार रही वयान गरेतापनि मौकामा वयान गर्दा उक्त दिन पनि जाँड खान मन लागि जाँड खाँदा पीडितले माग्दा निजलाई पनि दिएको हुँ । केही समयपछि निज लट्ठिएर पल्टिएकोले करणी गर्ने मन लागि निजको कट्टु फुकाई आफ्नो पनि पाईन्ट फुकाई घोप्टो बनाई मलद्वारमा आफ्नो लिङ्ग पसाउन खोज्दा निज चिच्याएका हुन् । चिच्याएको सुनी निजको हजुरआमा आउँदा म भागी गएको हुँ भनी कसुरमा सावित रहेको पाइन्छ । निजको मौकाको सावितीलाई पीडितको अदालतसमक्षको वकपत्र र चिकित्सकको प्रतिवेदन तथा अदालतमा भएको बकपत्रसमेतवाट पुष्टि गरिदिएको पाईन्छ ।

यसप्रकार यी कानुनसँग द्वन्दमा परेका बालकले अति नै कम उमेरका ४ वर्षिय नावालकलाई गुदद्वारमा अप्राकृतिक मैथुन गरी गम्भीररुपमा वाल विज्याई गरेको पुष्टि हुन आउँछ । वस्तुतः वयस्क व्यक्तिले गर्ने सरह आपराधिक कार्य यी कानुनसँग द्वन्दमा परेका वालकले नियोजितरुपमा गरेको देखिए पनि नावालक भएको कारण निजले आपराधिक मनसायपूर्वक सो अप्राकृतिक मैथुन गरेको भन्न मिल्ने देखिदैन । निजले कौतुहुलता र जिज्ञासावस यस्तो क्रिया गरेको मान्नुपर्ने हुन आउँछ । मष्तिष्क विकसित भैनसकेको अवस्था हुँदा यस्तो कार्यको प्रकृति र परिणाम थाहा नपाइकनै गरेको मानिने हुँदा यस्तो कार्यको आपराधिक दायित्व नावालकले कठोररुपमा वहन गर्न नलगाई केवल सांकेतिकरुपमा गल्ती अनुभूतिसम्म गराउने गरी गरिनु उपयुक्त हुन्छ ।

यी प्रतिवादीको उमेरको सम्बन्धमा हेर्दा निजले अदालतसमक्ष गरेको बयानमा १४ वर्ष भनी बयान गरेको देखिए पनि निजको जन्म दर्ता प्रमाणबाट निजको जन्म मिति २०५९/१२/३ भन्ने देखिई वारदात मिति २०७३/७/२० सम्म १३ वर्ष सात महिना पुगी १४ वर्ष नपुगेको भन्ने देखियो ।

अतः उल्लिखित आधार र कारणले यी कानुनसँग द्वन्दमा परेका बालक तुलसीपुर ०७३-१० (ग) ले पीडित तुलसीपुर ०७३-१०(ख) लाई अप्राकृतिक मैथुन बालविज्याई गरेको स्थापित हुन आएकोले निजलाई जवरजस्ती करणीको महलको ९ (क) को कसुरमा सोही महलको ३ नं. को देहाय १ बमोजिम सजाय भई ९ क बमोजिम थप सजाय हुनेमा निज १४ वर्ष मुनीको बालक भएको देखिदा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ को २ बमोजिम चार (४) महिना कैद सजाय हुने ठहर्छ ।

साथै पीडित तुलसीपुर संकेत नं. ०७३-१० (ख) ले महिला तथा बालबालिका कार्यालय दाङबाट सोही महलको १० ग नं. बमोजिम रु.१५०००/- क्षतिपूर्ति भरी पाउँने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.वं. १८६ नं.बमोजिम यो फैसला गरिदिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी संकेत नं. तुलसीपुर ०७३-१०(ग) लाई चार (४) महिना कैद हुने ठहरी फैसला भएकाले निज मुद्दा पूर्पक्षको क्रममा मिति २०७३/८/९ गतेदेखि वाल सुधार गृह सराङकोट पोखरामा रहेको देखिदा लगत कसी सोही मितिदेखि कैद कट्टि हुने गरी कैदी पूर्जी दिई असुल उपर गर्नू...........................................................१

पीडित संकेत नं.५६ तुलसीपुर ०७३-१० (ख) ले महिला तथा बालबालिका कार्यालय दाङबाट रु. १५,०००/- क्षतिपूर्तिवापत दिलाई भराई पाउने ठहरेकाले प्रस्तुत मुद्दामा अन्तिम टुङ्गो लागेपछि दरखास्त दिए उक्त क्षतिपूर्ति निजलाई भराईदिनू भनी महिला तथा बालबालिका कार्यालय दाङलाई लेखी पठाइदिनू.....................................................................२

यस इन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत तुलसीपुर दाङमा पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू र वादी पक्ष जिल्ला सरकारी वकील कार्यालय दाङलाई फैसलाको जानकारी दिनू...........३

पीडितले पाउने गरी यो फैसलाको प्रमाणित प्रतिलिपि जाहेरवालालाई पठाइ दिनू.......................४

सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए जिल्ला अदालत नियमावली, २०५२ को

नियम ५६ बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू............................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति सिस्टममा अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू............................................६

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम
फैसला तयार गर्न सहयोग गर्ने ना.सु. सुमनकुमार पोखेल
कम्प्यूटर गर्ने का.स. अर्चना चौधरी
फाँट ना.सु. डिलबहादुर घर्तीमगर

............................
जिल्ला न्यायाधीस

ईति सम्वत २०७३ साल फाल्गुन महिना ५ गते रोज ५ शुभ्म्.................................।

श्री ओखलढुङ्गा जिल्ला अदालत

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री उद्धवप्रसाद भट्टराई**

**फैसला**

**उपस्थितिः**

**बालमनोवैज्ञानिकः श्री रेनुका खड्का कटवाल**

**समाजसेवीः श्री विष्णु विश्वकर्मा**

**सम्वत् २०७३ सालको बालबिज्याँई**

**दर्ता नं.** ०७३–CR–००१३

**रजिष्ट्रेशन नं.** २९–०७३–०००८२

**दर्ता मितिः** २०७३/०७/०५

**निर्णय नं.** १४२

**मुद्धाः– जबरजस्ती करणी सम्बन्धी बालबिज्याँई**

**वादीको नाम, थर, वतन**

जिल्ला १३ बस्ने परिवर्तित नाम गुँरासको जाहेरीले वादी नेपाल सरकार...............१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला १३ गा.वि.स. ११ वडा नं. ९ बस्ने परिवर्तित नाम संकेत A को छोरा बर्ष १३ को परिवर्तित नाम स कुमार................१

साक्षीः

कागजः

साक्षीः

कागजः

अदालतबाट बुझेको

साक्षी :

कागज :

कानून ब्यवसायी

| वादी नेपाल सरकारको तर्फबाटः | प्रतिवादीको तर्फबाटः |
|---|---|
| सहायक जिल्ला न्यायाधिवक्ता | वैतनिक कानून व्यवसायी |
| श्री प्रमोद भट्टराई | श्री टेकबहादुर राई |

न्याय प्रशासान ऐन, २०७३ को दफा ७, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकार अन्तर्गतको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेका छः

**तथ्य खण्ड**

मिति २०७३/०६/०३ गते दिउँसो अन्दाजी १२ः३० बजे मेरी नाबालिका वहिनी बर्ष ४ की परिवर्तित नाम कन्यालाई खेल्ने क्रममा ललाईफकाई गरी प्रतिवादी स कुमारले आफ्नै घरको तलामाथि भुईमा करणी गरेका रहेछन् । बहिनी हिडडुल गर्न नसक्ने भएपछि खुट्टा दुख्यो होला भनी हामीले नानीको खुट्टा समेत मालिस गरी दिए पश्चात हिडडुल गर्न थालिन् । हामीले के भयो नानी भनी सोध्दा केही बोल्दैनथिइन । मिति २०७३/०६/०४ गते साँझको खाना खाई म र नानीसंगै सुतेकोमा भोलीपल्ट बिहान अन्दाजी ६ बजेको समयमा सुतिरहेको अवस्थामा वहिनीले सिरकले टाउको छोपेर तलमाथि गरी हल्लिन थाले पश्चात तिमीले के गरेको तिमीलाई यस्तो गर्न कस्ले सिकायो भनी मैले सोध्दा परिवर्तित नाम स कुमारले मलाई उत्तानो पारी मेरो सु गर्ने (योनी) ठाउँमा निज दाईको सु गर्ने (लिङ्ग) छिराएर यस्तो कार्य गर्यो भनेपछि मैले निजको योनी हेर्दा रातो अवस्थामा थियो । निज परिवर्तित नाम स कुमारलाई पनि मैले सोध्दा निजले करणी गरेको हो भनी स्वीकार गर्यो र बहिनीलाई स्वास्थ्य चौकी, पलापुमा लगी उपचार गराउँदा निजको योनीमा घाउ समेत भएको थियो । निज प्रतिवादीले मेरी नाबालिका बहिनीलाई जबरजस्ती करणीको बाल बिज्याँई गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम गुराँसको जाहेरी दरखास्त ।

जिल्ला ओखलढुङ्गा पलापु गाउँ विकास समिति वडा नं. ९ खोप गाउँस्थित पूर्वमा खड्कबहादुर सुनुवारको खाली जग्गा, पश्चिममा खैमा सुनुवारको पाखा बारी, उत्तरमा बुद्ध सुनुवारको पाखा बारी र दक्षिणमा सबेरीमाया सुनुवारको घर यति चारकिल्ला भित्र परिवर्तित नाम संकेत (A) को घरको तलामाथि परिवर्तित नाम बर्ष ४ की कन्यालाई परिवर्तित नाम स कुमारले मिती २०७३/०६/०३ गते दिउँसो अन्दाजी १२ः३० बजेको समयमा जवरजस्ती करणीको वाल विज्याइँ

गरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७३/०६/०३ गते दिउँसो अन्दाजी १२.३० बजेको समयमा म खेल्दा खेल्दै परिवर्तित नाम स कुमारको घरको तलामाथि गएको अवस्थामा मैले जामा लगाएको थिए । कट्टु लगाएको थिइँन । प्रतिवादी परिवर्तित नाम स कुमारले मलाई तिम्रो सु गर्ने हेरौं भनी उत्तानो पारी सुताई निज म माथी चढी मेरो सु गर्नेमा निजको लिङगले घोची छिरायो । म दुखेर हिडडुल गर्न सकिन । त्यसपछि दिदीले के भयो भनी सोध्दा उक्त कुरा भनेकी हुँ । औषधी खाएपछि ठीक भएको छ । निजले मलाई करणी गरेको ठीक साँचो हो भन्ने समेत व्यहोराको परिवर्तित नाम कन्याको घटना विवरण कागज ।

There are no injuries over the genitalia and body. The possibility of sexual intercourse cannot be ruled out भन्ने समेत व्यहोराको परिवर्तित नाम स कुमारको शारीरिक परिक्षण रिपोर्ट ।

The general health condition of the examinee is stable. Even thought there are no fresh injuries in the genitalia, it cannot be confirmed sexual intercourse did not occur. Veginal swab for detection of spermatozoa have been sent and reports are awaited भन्ने व्यहोराको मिति २०७३/६/२४ मा रुम्जाटार अस्पतालबाट प्राप्त परिवर्तित नाम कन्याको शारीरिक परिक्षण रिपोर्ट भएकोमा सो वमोजिम Central Police Forensic Sciencw Laboratory, Samakhusi Kathmandu बाट भौतिक परीक्षण भई प्राप्त प्रतिवेदनमा Semen र Sperm नपाइएको भन्ने व्यहोरा उल्लेख भई मिति २०७३/१०/७ मा प्राप्त भएको।

मिति २०७३/०६/०३ गते दिउँसो अन्दाजी १२.३० बजेको समयमा परिवर्तित नाम कन्या मेरो घरमा खेल्न आएको बेला मैले तलामाीथ खेल्न जाउँ भनी हातमा समाती डोर्याई तलामाथि लगी गुन्द्रीमा सुताई उतानो पारी निजले लगाएको जामा फर्काई मेरो पेन्ट खोली निजको योनीमा लिङ्ग आधा जसो छिराएको हुँ । निज परिवर्तित नाम कन्या रुन कराउन थालेपछि मैले छोडे । मैले मेरो घरमा कोही नभएको अवस्थामा जबरजस्ती करणीको विज्याइँ गरेको हुँ भन्ने समेत व्यहोराको परिवर्तित नाम स कुमारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

मिति २०७३/०६/०३ गते दिउँसो १३.०० बजे मेरी नातिनी वर्ष ४ की परिवर्तित नाम कन्या घरमा आएर सु गर्ने ठाउँमा दुख्यो भने पश्चात मैले मालिस गरी दिए । पिसाव फेर्दा पनि दुख्यो भनेपछि मैले फकाएर सोध्दा प्रतिवादी परिवर्तित नाम स कुमारले खेल्ने क्रममा ललाईफकाई गरी आफ्नै घरको तलामाथि लगी भुईमा सुताई सु गर्ने ठाउँमा लिङ्ग छिरायो भनेपछि मैले घटनाको

बारेमा थाहा पाएको हुँ । मैले तत्कालै उपचारको लागि गाउँको हेल्थ पोष्टमा लगी उपचार गराएपछि मेरी नातिनी ठीक भएकी छ । निज प्रतिवादी स कुमारले मेरी नाबालिका परिवर्तित नाम कन्यालाई जबरजस्ती करणीको बिज्याइँ गरेको हुँदा कानूनबमोजिम कारवाही गरी पाउँ भन्ने समेत करिब एकै मिलान व्यहोराको हुने गरी परिवर्तित नाम पि कुमारी समेतले गरिदिएको घटना विवरण कागज ।

मिति २०७३/०६/०३ गते दिउँसो अन्दाजी १२:३० बजेको समयमा परिवर्तित नाम कन्या खेल्न गएको अवस्थामा जिल्ला १३–११–९ स्थित घरमा प्रतिवादी स कुमारले ललाईफकाई आफ्नै घरको तलामाथि लगी भुईमा सुताई जबरजस्ती करणीको बिज्याइँ गरेको भन्ने गाउँ घरमा हो–हल्ला भए पश्चात सुनी थाहा पाएका हौं । निज प्रतिवादी स कुमारलाई कानूनबमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको प्रायः एकै मिलान हुने गरी प्रेमकुमार सुनुवार समेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

पीडिताको उमेर ४ बर्ष रहेको तथा प्रतिवादीको उमेर १३ बर्ष रहेको भन्ने देखिएको जन्मदर्ताको प्रमाणपत्रको फोटोकपी मिसिल संलग्न रहेको ।

यी प्रतिवादीले नाबालिका पीडितलाई जबरजस्ती करणी गरेको भन्ने पीडितबाट मौकामा थाहा पाई परिवर्तित नाम गुराँसले दिएको किटानी जाहेरी दरखास्त, सो समर्थित घटनास्थल मुचुल्का, पीडितले गरिदिएको किटानी कागज, प्रतिवादी स कुमारले जवरजस्ती करणीको बाल बिज्याइँ गरेको हो भनी अख्तियार प्राप्त अधिकारी समक्ष गरेको साविती वयान, टि कुमार समेतले गरेको कागज तथा बस्तुस्थिति मुचुल्काका मानिसहरुले गरिदिएको कागज, पीडिताको उमेर वर्ष ३ रहेको तथा प्रतिवादीको उमेर बर्ष १३ रहेको भन्ने देखिएको कागज समेतका माथि उल्लेखित आधार प्रमाणहरुबाट मिति २०७३/०६/०३ गते दिउँसो अं.१२:३० बजेको समयमा पीडित वर्ष ४ की परिवर्तित नाम कन्यालाई खेल्ने क्रममा वर्ष १३ का प्रतिवादी परिवर्तित नाम स कुमारले आफ्नो घरमा ललाईफकाई विभिन्न प्रलोभनमा पारी लगी जबरजस्ती करणीको बालविज्याइँ गरेको तथ्य पुष्टि भएकोले प्रतिवादी स कुमारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको जवरजस्ती करणीको बाल विज्याँइमा ऐ ३(१) नं. बमोजिम सजाय गरी पाउन मागदावी लिईएकोमा निज प्रतिवादीको उमेर १३ भई निज नाबालक देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८को दफा ११ को उपदफा (२) बमोजिम गरी पाउन र जवरजस्ती करणी महलको १० नं. र १०(ग) नं. बमोजिम पीडितालाई प्रतिवादीबाटै क्षतिपूर्ति समेत भराई पाउन मागदावी लिई मिति २०७३/०७/०५ गते पेश भएको अभियोग पत्र ।

मिति २०७३/०६/०३ गते दिउँसो १२:३० बजेको समयमा म आफ्नै घरमा खेलिरहेको थिएँ । म खेलिरहेको अवस्थामा पीडित मेरो घरमा एक्लै आएकी हुन् । वारदात समयमा म र उ दुवै जना नाङ्गै भयौं । म उसको माथि चढेर हल्लिएको हो । निज पीडितलाई मैले पिसाब फेर्ने ठाउँमा मेरो पिसाव फेर्नेले चलाएको हो । भित्र पसाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी स कुमारले बुवा परिवर्तित नाम A, आमा परिवर्तित नाम B र समाजसेवी विष्णु विश्वकर्माको रोहवरमा अदालत समक्ष गरेको वयान ।

तत्काल प्राप्त प्रमाणहरुका आधारमा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडिता परिवर्तित नाम कन्यालाई आफ्नै घरको तलामाथि लगी जवरजस्ती करणीको बालविज्याइँ गरेको भन्ने तथ्यलाई निजको अनुसन्धानको क्रममा भएको वयान तथा अन्य तत्काल प्राप्त मिसिल संलग्न प्रमाणहरु र निजको अदालत समक्षको साबिती वयान समेतबाट प्रस्तुत वारदातमा निज संलग्न रहे भएको भन्ने विश्वास गर्ने सक्ने प्रर्याप्त आधार र कारणहरु देखिए तापनि अनुसन्धानको क्रममा तयार भएका कागजातहरु तथा निजको जन्मदर्ताको प्रमाणित प्रतिलिपिबाट पनि निजको जन्म मिति २०६०/१/२९ मा भएको देखिई बालविज्याइँको समयमा निजको उमेर १३ वर्ष मात्र भएको हुँदा थुनछेक प्रयोजनका लागि निजको हकमा मुलुकी ऐन अदालती बन्दोवस्तको ११८ को देहाय २ नं. लागू हुन नसक्ने भई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (१) बमोजिम निज परिवर्तित नाम स कुमारलाई अभिभावकको जिम्मा लगाई तारेखमा राख्नु भन्ने मिति २०७३/०७/०७ को स्रेस्तेदारबाट भएको थुनछेक आदेश ।

तत्काल प्राप्त प्रमाणहरुको आधारमा प्रतिवादी परिवर्तित नाम स कुमार प्रस्तुत जवरजस्ती करणीको बाल विज्याइँमा संलग्न रहेको देखिने मनासिब आधार देखिएको र उक्त बाल विज्याइँ गर्दाको समयमा निज प्रतिवादी स कुमार १३ बर्षको नाबालक अवस्थामा रहेको भन्ने देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८को दफा ५० को उपदफा (१) बमोजिम प्रतिवादी परिवर्तित नाम स कुमारलाई मुद्दा पुर्पक्षको क्रममा निजको अभिभावकको जिम्मा लगाइएको कुरा मिलेकै देखिँदा परिवर्तन गरिरहन परेन । कानून बमोजिम गर्नु भनी मिति २०७३/०७/०९ गतेको माननीय जिल्ला न्यायाधीशबाट भएको थुनछेक सदर आदेश ।

मिति २०७३/०६/०३ गते घटना घटेको रहेछ । मिति २०७३/०६/०५ गते म सुतिरहेको बेलामा पीडित परिवर्तित नाम कन्या सिरक ओढेर घोप्टो परेर हल्लिन थालेपछि किन यसो गरेको भन्दा स कुमारले हिजो उसको तुरी मेरो पापामा हालेर यसै गरेको भनेपछि थाहा पाएको हो । सो पश्चात हामीले उपचार गर्न स्वास्थ्य चौकी लगेपछि पनि यो व्यहोरा खुलेको हो । प्रतिवादीलाई

कानून बमोजिम सजाय हुनुपर्ने हो र पीडितले क्षतिपुर्ति समेत पाउनु पर्ने हो भन्ने समेत व्यहोराको जाहेरवाला परिवर्तित नाम गुराँसले गरेको बकपत्र ।

घटना भएको दिन पीडित रुँदै बस्दै गरिन । किन रोएको भनेर सोध्दा भनिनन् । भोलिपल्ट निज कन्याले मलाई परिवर्तित नाम स कुमारले उसैको घरको तलामाथि लगेर फकाएर जबरजस्ती मेरो सु गर्ने ठाउँमा उसको सु गर्ने छिरायो भनेपछि थाहा पाएको हो । प्रतिवादीलाई कानून बमोजिम सजाय हुनुपर्ने हो र पीडिताले क्षतिपुर्ति पाउनुपर्ने हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस परिवर्तित नाम पी कुमारीले गरेको बकपत्र।

प्रतिवादीले पीडितलाई प्रतिवादीकै घरको तलामाथि लगेर जबरजस्ती करणी गरेको कुरा गाउँघरमा हल्ला सुनेपछि थाहा पाएको हो, आँखाले देखेको होइन । प्रतिवादीलाई कानून बमोजिम सजाय हुनुपर्ने हो र पीडितले क्षतिपूर्ति समेत पाउनु पर्ने हो भन्ने समेत व्यहोरा खुलाई बस्तुस्थिति मुचुल्काका मानिस गीता सुनुवार र म प्रेम कुमार सुनुवारले प्रायः एकै मिलान हुने गरी बकेको बकपत्र ।

मिति २०७३/०६/२२ गतेको कागजमा भएको व्यहोरा र सहिछाप मेरै हो । प्रतिवादी परिवर्तित नाम स कुमारले मलाई निजकै घरको तलामाथि उसको तुरी मेरो पापामा छिराएको हो भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम कन्याले अदालतमा गरेको बकपत्र ।

घटना भएको भोलीपल्ट खुट्टा दुख्यो भनेर पीडितले भनेछिन । के भएर दुखेछ भनी सोध्दा परिवर्तित नाम स कुमारले मेरो सु गर्ने ठाउँमा उसको सु गर्ने छिरायो अनि तलमाथि गर्यो भनेपछि मैले थाहा पाएको हो । प्रतिवादीलाई कानून बमोजिम सजाय हुनुपर्ने हो र पीडिताले क्षतिपुर्ति समेत पाउनुपर्ने हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मानिस परिवर्तित नाम टी कुमारले गरेको बकपत्र ।

बालकका अविभावकहरुको असावधानीबाट र साथीसंगतको कारणले यो बालविज्याइँको घटना घट्न गएकोले थप विज्याइँ हुनबाट रोक्न निज नाबालकलाई कुनै सामाजिक संघसंस्थाको जिम्मा लगाउनु पर्ने समेतको धारणाको समाजसेवी रेनुका खड्काले दिनु भएको सामाजिक प्रतिवेदन ।

घटना भएपश्चात बालक डराउने र चिन्ता लाग्ने भएको देखिएकोले कुनै संघसंस्थामा लगि मनोवैज्ञानिक उपचार गराई पारिवारिक पुनर्मिलन गराउनु उपयुक्त हुने भनी मनोवैत्रानिक कौशिला कटवालले दिनु भएको प्रतिवेदन मिसिल सामेल रहेको ।

<u>ठहर खण्ड</u>

नियमानुसार साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराई र प्रतिवादीका तर्फबाट उपस्थित वैतनिक कानून व्यवसायी विद्वान अधिवक्ता श्री टेकबहादुर राईले गर्नु भएको बहस समेत सुनियो ।

उपरोक्तानुसारको बहस तथा प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेका अभियोग पत्र लगायत प्रमाण कागजहरु समेतको अध्ययन गरी हेर्दा अभियोग मागदावी बमोजिम प्रतिवादीले जबर जस्ती करणीको बालबिज्याइँ गरेको हो होईन ? र प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको बालबिज्याइँ गरेको भए प्रतिवादीलाई के कस्तो सजाय हुनु पर्ने हो ? सो सम्बन्धमा न्याय निरुपण गर्नु पर्ने देखियो ।

घटना विवरण कागज गर्ने परिवर्तित नाम टि कुमार समेतका व्यक्तिहरुले प्रतिवादी परिवर्तित नाम स कुमारले परिवर्तित नाम कन्यालाई जवरजस्ती करणीको बिज्याइँ गरेका हुन भनी किटानी व्यहोरा लेखाई दिएको देखिन्छ ।

जाहेरवाली परिवर्तित नाम गुराँसले अदालतमा बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडित परिवर्तित नाम कन्यालाई जाहेरीमा उल्लेखित तबरले जबरजस्ती करणीको बिज्याइँ गरेको हो । मिति २०७३/०६/०५ गते बिहान पीडित र म सुतिरहेको बेलामा सिरक ओढेर घोप्टे परेर पीडित परिवर्तित नाम कन्याले हल्लिन थालेपछि किन यसो गरेको भनेर भन्दा पीडित परिवर्तित नाम कन्याले मलाई प्रतिवादी परिवर्तित नाम स कुमारले हिजो उसको तुरी मेरो पापामा हालेर यसै गरेको भनेर भनेपछि मैले थाहा पाएको हो । सो पश्चात हामीले उपचार गर्न स्वास्थ्य चौकीमा लाँदा पनि यो व्यहोरा खुलेको हो भन्ने व्यहोरा खुलाई दिएको देखिन्छ ।

घटना विवरण कागज गर्ने मानिस परिवर्तित नाम पी कुमारीले अदालतमा बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडित परिवर्तित नाम कन्यालाई जाहेरीमा उल्लेखित तबरले जबरजस्ती करणीको विज्याइँ गरेको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

बस्तुस्थिति मुचुल्काका मानिस गीता सुनुवारले अदालतमा बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडित परिवर्तित नाम कन्यालाई जाहेरीमा उल्लेखित तबरले निज प्रतिवादीकै घरको तलामाथि लगेर जबरजस्ती करणीको विज्याइँ गरेको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

घटना विवरण कागज गर्ने मानिस परिवर्तित नाम टी कुमारले अदालतमा बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडित परिवर्तित नाम कन्यालाई जाहेरीमा उल्लेखित तबरले जबरजस्ती करणीको गरेको हो । मिति २०७३/०७/०३ गते प्रतिवादी परिवर्तित नाम स कुमारले निजकै घरमा खेल्दै जाने क्रममा उक्त घटना घटाएका रहेछन् भन्ने कुरा मैले थाहा पाएको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

बस्तुस्थिति मुचुल्काका मानिस प्रेमकमुार सुनुवारले अदालतमा बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले पीडित परिवर्तित नाम कन्यालाई जाहेरीमा उल्लेखित तबरले जबरजस्ती करणीको विज्याइँ गरेको हो भन्ने थाहा पाएको हो भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

परिवर्तित नाम कन्याको शारीरिक जाँच प्रतिवेदनमा There are no injury over the genitelia and body. Swabs from coronal sulcus, prepuce, penile shaft and urethral orifice are collected and sent for examination. Reports are awaited. Even though there are no fresh injuries in the genitalia and body, the possibility of sexual intercourse cannot be ruled out भनी प्रतिवेदन पेश भएको देखिन्छ । पीडितको सम्बन्धमा मौकामा भएको Medical Examination मा पीडितको शरीरको Vegina Hymen लगायतका अंगहरुमा कुनै चोटपटक लागेको र निजको स्वाव परीक्षण प्रतिवेदनबाट समेत कुनै उल्लेख्य प्रतिवेदन प्राप्त भएको नदेखिएपनि तत्काल उपचार गर्ने स्वास्थ्य चौकी पलापुबाट मिति २०७३/६/१० मा भएको स्वास्थ्य परिक्षण प्रतिवेदनमा (स्वास्थ्य सेवा कार्ड) मा पीडितको Injury in vegina भन्ने उल्लेख गरी अन्य कुराका अतिरिक्त betadine dressing भन्ने उल्लेख भएबाट रुम्जाटार अस्पताल, रुम्जाटारबाट ढिलो गरी मिति २०७३/६/२४ मा दिइएको प्रतिवेदनमा कुनै घाउचोट नदेखिएको हुनसक्ने देखियो ।

समाजसेवी रेनुका खड्का कटवालले पीडक बालकको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनमा नाबालकको परिवारिक अवस्था सामान्य रहेको, बालक विद्यालयमा नियमित उपस्थित नहुने र पढाई कमजोर भएकोले यदाकदा अनुशासनमा कारवाहीमा पर्ने गरेको भएपनि निजले उक्त बालबिज्याई आफ्नो जिज्ञासा मेटाउन गरेको भन्ने उल्लेख गरेको देखिन्छ ।

उपरोक्त अनुसार पीडित र पीडकको सम्बन्धमा भएको परिक्षण प्रतिवेदनबाट घटना सम्बन्धमा उल्लेख्य प्रमाण उपलब्ध हुन सकेको नदेखिएपनि निज बालविज्याँईकर्ता परिवर्तित नाम स कुमारले मौकाको तथा अदालत समक्षको वयानमा समेत जाहेरीमा भएको केही कुरा ठीक हो । निज पीडितलाई मैले पिसाब फेर्ने ठाउँमा मेरो पिसाव फेर्नेले चलाएको हो । हामीले नाङ्गै भएर

पिसाब फेर्ने चलाएपछि उसको पिसाब फेर्ने रातो भएको थिएन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ भने पीडित परिवर्तित नाम कन्याले समेत अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी परिवर्तित नाम स कुमारले मलाई निजकै घरको तलामाथि उसको तुरी मेरो पापामा छिराएको हो भन्ने व्यहोरा उल्लेख गरेको तथा तत्काल उपचार गर्ने स्वास्थ्य चौकी पलापुबाट मिति २०७३/६/१० मा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा (स्वास्थ्य सेवा कार्ड) मा पीडितको Injury in vegina भन्ने उल्लेख गरी अन्य कुराका अतिरिक्त betadine dressing भन्ने उल्लेख भएबाट देखिँदा निज प्रतिवादी नाबालक स कुमारले पीडिता कन्यालाई जबरजस्ती करणी हुने व्यहोराबाट बालबिज्याँइ गरेको पुष्टि हुन आयो ।

अतः प्रस्तुत मुद्दामा बालबिज्याँइ कर्ता प्रतिवादी स कुमारले अदालत समक्ष गरेको वयान तथा पीडित बालिका कन्याले गरेको बकपत्र समेतबाट प्रतिवादी स कुमारले पीडित कन्यालाई जबरजस्ती करणीको बालबिज्याँई गरेको पुष्टि हुन आएकोले प्रतिवादी स कुमारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय १ नं. बमोजिमको १० वर्ष कैद हुने ठहर्छ । बाल बिज्याँइ गर्दाको समय र मितिमा निज प्रतिवादी स कुमार १४ बर्ष भन्दा कम उमेरको नाबालक भएको देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम ६ महिनासम्म मात्र कैद गर्न सकिने भएकोले निज स कुमारलाई १५ (पन्ध्र) दिन कैद हुने ठहर्छ । पीडित परिवर्तित नाम कन्याले उक्त घटना वारदातबाट निजलाई पुग्न गएको शारीरिक मानसिक क्षतिबापत पीडक प्रतिवादी स कुमारबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम रु. ६०,०००/–(साठी हजार रुपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ । अरु कुराको हकमा तपसिल बमोजिम हुने गरी अ.व. १८६ नं. बमोजिम यो फैसला गरिएको छ ।

<u>**तपसिल खण्ड**</u>

माथि ठहर खण्ठमा उल्लेख भए बमोजिम प्रतिवादी स कुमारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय १ नं. बमोजिम १० वर्ष कैद हुने ठहरेकोमा बाल बिज्याँई गर्दाको समय र मितिमा निज प्रतिवादी स कुमार १४ बर्ष भन्दा कम उमेरको नाबालक भएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम ६ महिनासम्म मात्र कैद गर्न सकिने भएकोले निज स कुमारलाई १५ (पन्ध्र) दिन कैद हुने ठहरी फैसला भएकोले प्रतिवादीलाई लागेको कैद दिन १५ (पन्ध्र) मुद्दा अनुसन्धानको क्रममा निज नाबालक मिति २०७३/६/२२ देखि २०७३/७/७ सम्म दिन १५ (पन्ध्र) प्रहरी हिरासतमा रहेकोले फैसला बमोजिम लागेको कैद भुक्तान भईसकेकोले लगत कसी असुल जनाउनु.....................................................१

प्रस्तुत मुद्दाबाट पीडित परिवर्तित नाम कन्याले मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. बमोजिम क्षतिपूर्ति बापत रु. ६०,०००/–(साठी हजार रुपैयाँ) प्रतिवादी परिवर्तित नाम स कुमारबाट भराई लिन पाउने ठहरी फैसला भएकोले हाल निज प्रतिवादी परिवर्तित नाम स कुमार तथा निजको परिवारको नाममा कुनै सम्पत्ति भएको भनी देखाउन नसकेको अवस्था हुँदा र पीडिताले क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न नमिल्ने भएकोले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० ग. नं. बमोजिम सो रु. ६०,०००/–(साठी हजार रुपैयाँ) क्षतिपूर्ति रकम महिला तथा बालबालिका कार्यालय, ओखलढुङ्गाबाट भराई दिनु भनी लेखि पठाईदिनु.......................२

प्रस्तुत फैसलामा चित्त नबुझे सरकारी मद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ नं. बमोजिम ७० (सत्तरी) दिन भित्र श्री उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगामा पुनरावेदन गर्न जानु भनी परिवर्तित नाम स कुमारलाई पुनरावेदनको म्याद दिनु..................................३

फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय ओखलढुंगालाई दिनु........४

सरोकारवालाले फैसलाको नक्कल मागे प्रस्तुत मुद्दाका पीडित र प्रतिवादीको नाम नामेसी तथा अन्य परिचय गोप्य रहने गरीनियमानुसार दिनु..................................................५

प्रस्तुत मुद्दाको फैसलाको विद्युतीय प्रति अपलोड गर्नु साथै दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.........................................................६

फैसला तयार गर्न सहयोग गर्नेः–

कम्प्युटर अपरेटर मञ्जु खड्का

ईति सम्वत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्.........................................।

...............................

**उद्धवप्रसाद भट्टराई**

(जिल्ला न्यायाधीश)

**श्री डोटी जिल्ला अदालत**

**इजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री नरनारायण पौडेल**

**फैसला**

**सम्वत् २०७३ सालको मु.नं.०७३-CR-०००४**

**निर्णय नम्वरः- ३४**

**मुद्दाः- जबरजस्ती करणी।**

**वादीको नाम, थर, वतन**

नाम परिवर्तित ७० (१) (एक) को जाहेरीले नेपाल सरकार........................१

**प्रतिवादीको नाम, थर, वतन**

बर्ष १२ को परिवर्तित ७० (क)...........१

**अदालतवाट वुझेको**

**वादीका साक्षी**

जाहेरवाला नाम परिवर्तित ७०(१)........१

पिडित नाम परिवर्तित ७०(A)...........१

पिडितकी आमा नाम परिवर्तित ७०(२).....१

सुन्तली साउँद.........................१

तेज बहादुर साउँद.....................१

यकेन्द्र बहादुर साउँद...................१

भरत बहादुर साउँद....................१

**प्रतिवादीका साक्षी**

एकेन्द्र बहादुर साउँद.........................१

भरत बहादुर साउँद.........................१

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती वन्दोवस्तको महलको २९ नं. वमोजिम यस अदालतको अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ।

१. मिति २०७३।०४।२० गते दिउँसो ४ बजेको समयमा मेरो छोरी पिडित नाम परिवर्तित ७०( A) खर्क गोठको माथिल्लो तलामा बसी रहेको अवस्थामा प्रतिवादी नाम परिवर्तित ७०(क) मेरो खर्कमा गई पिडित नाम परिवर्तित ७०( A) लाई जवस्तीकरणी गरेको हुँदा निज प्रतिवादीलाई

पक्राउ गरी कानुन बमोजिम कारवाही गरीपाउँ भन्ने ब्यहोराको पिडितको बुवा नाम परिवर्तित ७०(१) को किटानी जाहेरी दरखास्त ।

२. मिति २०७३।०४।२० गतेको दिउँसो ४ बजेको समयमा म खर्कको माथिल्लो तलामा उभिरहेको अवस्थामा प्रतिवादी नाम परिवर्तित ७०(क) मेरो खर्कमा आई पानि खान देउ भन्दा म खर्क भित्र जादा प्रतिवादी पनि म सँगै खर्क भित्र गई पानी राख्ने भाडाबाट पानी निकाली खाई म उभिरहेको अवस्थामा प्रतिवादीले मलाई जवरजस्ती समाती भईमा पछारी मैले लगाएको कट्टु खोली निजले आफुले लगाएको सुरुवाल र कट्टु खोली आफ्नो उत्तेजित लीङ्ग मेरो यौनीमा घुसाएको हो मलाई जोर जोरले च्यापेको हो म रोई कराई गर्दा समेत प्रतिवादीले नमानी मलाई धेरै समय च्यापेर राखेको हो म बेहोस भएपछी प्रतिवादी के कहा गयो मलाई थाहा भएन म होसमा आउँदा मेरो यौनीबाट रगत बगीरहेको थियो यौनी दुखी राखेको थियो म रोई कराई गरीरहेकी थिए, त्यतीकैमा मेरो आमा बुवा घरमा आएपछी प्रतिवादीले आफु माथी गरेको ब्यावहारको बारेमा भनेकी हुँ भन्ने समेत ब्यहोराको पिडीत नाम परिवर्तित ७०( A) को घटनाविवरण कागज ।

३. पिडित नाम परिवर्तित ७०(A)को यौनिको तल्लो भागमा च्यातीएको, पिडितलाई करणी गरेको हुनसक्ने भन्ने समेत ब्यहोराको स्वास्थ्य परिक्षण प्रतिवेदन ।

४. मिति २०७३।०४।२० गते वारदात भनीएको दिन बिहान अन्दाजी १० बजेको समयमा म गाई गोरु लगाएर गाउँकै गोठाहरुसँग गोरु लगी सिराड बनमा गएको हुँ । गाई गोरुलाई बनमा छाडी नजीकै रहेको खोलामा साथीहरुसँगै नहाई ईमिला (निबुवा) पनि खाएको थिए सो दिन पिडितको खर्कमा गएन । पिडितसँग भेट पिन भएन साझ गोरु लीएर घर आएको हुँ । पिडितलाई मैले करणी गरेन मलाई पिडितलाई करणी गर्यो भनि किन जाहेरीमा र पिडितले आफ्नो कागजमा ब्यक्त गर्यो थाहा भएन भन्ने समेत ब्यहोराको प्रतिवादी नाम परिवर्तित ७० (क) को बयान कागज ।

५. मिति २०७३।०४।२० गते म लगाएत नवराज, बिरेन्द्र र भरत साउँद समेत गोरु चराउन भनि कलेना गा.बि.स. को सिरडा भन्ने स्थानमा गएका थियौ । हामी दिनभर सोही बनमा थियौ । सो घटना बारेमा मलाई केही थाहा भएन भोली पल्ट छीमेकबाट प्रतिवादी नाम परिवर्तित ७०(क) ले पिडीत नाम परिवर्तित ७०(A) लाई जवरजस्ती करणी गरेको रहेछ भनि थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको एकेन्द्र साउँदको घटनाविवरण कागज ।

६. मिति २०७३।०४।२० गते म लगायत एकेन्द्र बिरेन्द्र र भरत साउँद समेत गोरु चराउन भनि कलेना गा.बि.स. को सिरडा भन्ने स्थानमा गएका थियौ । हामी दिनभर सोही बनमा प्रतिवादीसँगै थियौ उक्त घटना बारेमा मलाई केही थाहा भएन भोली पल्ट छरछीमेकबाट प्रतिवादी नाम परिवर्तित

(७०) ले पिडित नाम परिवर्तित ७०(A) लाई जवरजस्ती करणी गरेको रहेछ भनि थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको नवराज साउँदको घटनाविवरण कागज ।

७. मिति २०७३।०४।२० गते म लगाएत नवराज, एकेन्द्र र बिरेन्द्र साउँद गोरु चराउन भनि कलेना गा.बि.स. को सिरडा भन्ने स्थानमा गएका थियौ । हामी दिनभर सोही बनमा प्रतिवादीसँगै थियौ उक्त घटना बारेमा मलाई केही थाहा भएन भोलिपल्ट छीमेकबाट प्रतिवादी नाम परिवर्तित ७०(क) ले पिडित नाम परिवर्तित ७०(A) लाई जवरजस्ती करणी गरेको रहेछ भनि थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको भरत साउँदको घटना विवरण कागज।

८. मिति २०७३।०४।२० गते म लगाएत नवराज, एकेन्द्र र भरत साउँद समेत गोरु चराउन भनि कलेना गा.बि.स. को सिराडा भन्ने ठाउँमा गएका थियौ । प्रतिवादी नाम परिवर्तित ७०(क) उक्त दिन गोरु चराउन हामी हरु सँगै थियौ । सो दिन हामी दिनभर बनमा प्रतिवादीसँगै थियौ । उक्त घटना बारेमा मलाई केही थाहा भएन भोलीपल्ट छीमेकबाट प्रतिवादी नाम परिवर्तित ७०(क) ले पिडित नाम परिवर्तित ७०(A) लाई जवरजस्ती करणी गरेको रहेछ भन्ने कुरा थाहा पाएको हुँ भन्ने समेतत व्यहोराको बिरेन्द्र साउँदको घटना विवरण कागज ।

९. मिति २०७३।०४।२० गतेका दिन म खाना खाएर खेतबारीमा काम गर्न गएकी हुँ मेरो श्रीमान गाई गोरु लगेर बनमा गएका थिए पिडित छोरी घरमा एक्लै थिईन बेलुका ६ बजेतिर म र मेरो श्रीमान सँगै घरमा पुगेको बेला छोरी रोई राखेको अवस्थामा देखी निजलाई के भएको हो भनि सोध्दा निज नबोकन रोई मात्र राखिन पछी निज पिडित छोरीलाई काखमा राखी लुगा फुकाली हेर्दा निजले लगाएको कट्टुमा रगत लागेको र यौनी च्यातीएको थियो । पछी निजलाई के भएको हो भनि सोध्दा नाम परिवर्तित ७० (क) म भएको खर्क गोठमा पानी खान आई मलाई एक्लै देखी निजले मलाई च्यापी आफ्नो लीङ्ग मेरो यौनीमा घुसाउँदा म रोई कराई गर्दा समेत निजले मानेन र पछी म जोरले रुन लाग्दा निज भागेको हो भनि छोरीले मलाई भन्दा थाहा पएकी हुँ भन्ने समेत ब्यहोराको पिडितकी आमा नाम परिवर्तित ७० (२) को घटना विवरण कागज ।

१०. मिति २०७३।०४।२० गतेका दिन पिडितको बुवा गाई गोरु चराउन बनमा गएको र पिडीतकी आमा कामकाजको सिलसिलामा खेतबारीमा गएको बेला दिउँसो अ. ४ बजेको समयमा पिडित खर्क गोठमा एक्लै भएको बेला प्रतिवादी पिडित भएको ठाउँमा गई पिडितलाई एक्लै भएको मौका छोपी प्रतिवादीले जवरजस्ती करणी गरेको भन्ने कुरा मैले भोलीपल्ट पिडितले नै भन्दा थाहा पाएकी हुँ सो दिन पिडीत हिडडुल गर्न नसक्ने अवस्थामा थिईन भन्ने समेत ब्यहोराको सुन्तली साउँदको घटनाविवरण कगज ।

११. मिति २०७३।०४।२० गतेको दिन दिउँसो अ. ४ बजेको समयमा पिडितको बुवा आमा घरमा नभएको बेला पिडित एक्लै घर खर्कमा बसीरहेको अवस्थामा प्रतिवादी पानी खाने बाहाना बनाई पिडित भएको ठाउँमा गई पिडितलाई एक्लै भएको मौका छोपी प्रतिवादीले जवरजस्ती करणी गरेको भन्ने कुरा मैले दोस्रो दिन थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको अमर साउँदको घटनाबिवरण कागज ।

१२. मिति २०७३।०४।२० गतेका दिन दिउँसो अ.४ बजेको समयमा पिडित नाम परिवर्तित ७०( A) खर्क गौठमा एक्लै बसीरहेको बेला प्रतिवादी नाम परिवर्तित ७०(क) पानी खाने भनि पिडितको खर्क गोठमा आई पीडितलाई एक्लै बसिरहेको देखी निज पिडितलाई समाती भुईमा समाती जवरजस्ती करणी गरेको भन्ने कुरा थाहा पाएको हुँ प्रतिवादी गाउँ घरमा रहदा बस्दा चन्चले स्वभावको थियो भन्ने समेत ब्यहोराको तेज बहादुर साउँदको घटनाविवरण कागज ।

१३. मिसिल सँलग्न आधार प्रमाणहरुबाट मिति २०७३।०४।२० गतेको दिउँसो ४ बजेतिर पिडित वर्ष ६ की बालीका नाम परिवर्तित ७०(A) जिल्ला डोटी कलेना गा.बि.स. स्थित आफ्नै खर्क गोठको माथिल्लो तलामा एक्लै बसि रहेको अवस्थामा पानी खाने बाहानामा प्रतिवादी नाम परिवर्तित ७०(क) पडितको गोठमा गई पिडितलाई जवरजस्ती करणी गरी भागी गएको भन्ने पुष्टी हुन आएकोले निज बर्ष १२ को प्रतिवादी नाम परिवर्तित ७०(क) को उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको दफा १ नं. बमोजिमको कसुर अपराधमा सोही मलको ३ नं. को देहाय १ नं. बमोजिम सजाय हुन र प्रतिवादी नाम परिवर्तित ७०(क) को उमेर १२ बर्षको बालक देखीएकोले बालबालीका सम्बन्धी ऐन २०४८ को दफा ११(२) बमोजिम समेत सजाय हुन तथा प्रतिवादी नाम परिवर्तित ७०(क) बाट पिडितलाई मुलुकी ऐन जवरजस्ती करणी महलको दफा १० नं बमोजिम मनासिव क्षतिपुर्ती समेत दिलाई भराई पाउँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग मागदावी ।

१४. वारदातको दिन म समेतका ५ जना साथीहरु गाईगोरु चराउन गोडसल्ला भन्ने खोलामा गएका थियौ भने पिडित नाम परिवर्तित ७०(ए) लाई उक्त दिन मैले देखेन म निजको खर्कमा गएको पनि होईन तथा मेरा अन्य साथीहरु पनि निजको खर्कमा गएका होईन हामीहरु दिनभरी त्यही खोलामा खेली साझ ६ बजे आ-आफ्ना गाई गोरु लीएर घर फर्कीएका हौ । उक्त दिन निज पिडितको खर्कमा को-को आए मलाई थाहा भएन । निज पिडित उपर भएको जवरजस्ती करणी सम्बन्धमा मलाई थाहा छैन । निजको शरीरमा के कती घाउँहरु के कुन कारणले पर्न गएका हुन सो पनि मलाई थाहा भएन भन्ने समेत ब्यहोराको प्रतिवादी ७०(क) ले यस अदालतमा गरेको बयान ।

१५. पिडितको योनीको तल्लो भाग च्यातिएको बाहेकको अरु घाउचोट केही नभएको र सो घाउ करणीले नभई अरु कारणले पनि हुनसक्छ तथा पिडित बालक भएकोले चेकजाँच गर्न सहयोग नगरेको औला राखेर चेक गर्दा पिडा पुग्ने भएकाले च्यातिएको नच्यातिएको थाहा नभएको, पिडितको शारिरिक र मानसिक अवस्था ठिक रहेको र शरिरमा अन्य घाउ चोट नभएको तथा सो घाउ लिङ्ग विकसित भएको मानिसले गर्दा हुने सम्भावना देखिन्छ पिडितको योनीको साइज र पिडकको लिङ्गको आकार हेर्दा सो कारणले घाउ हुने सम्भावना कम देखिन्छ भन्ने समेत ब्यहोराको पिडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टर गिरीश अवस्थीले यस अदालतमा गरेको बकपत्र ।

१६. वारदातको दिन म मेरो खर्कमा रहेको बेलामा बेलुका पख प्रतिवादी नाम परिवर्तित ७०(क) मेरो खर्कमा आई मलाई पानी मागी पानी खाई सकेपछी मलाई च्यापी मेरो शरीरमाथी चढेपछी मेरो यौनीबाट रगत आई मलाई पिडा भई रोईकराई गर्दा निज प्रतिवादी खर्कबाट भागी घर गएको थियो भने मलाई बेलुका मेरो बुवाको पिठ्युमा बोकेर घर लीएर जानुभएको थियो घरमा पुगेपछी सो कुरा मैले मेरी आमालाई भनेकी थिए भन्ने समेत ब्यहोराको पिडित नाम परिवर्तित ७०(A) ले यस अदालतमा आई गरेको बकपत्र ।

१७. वारदातको दिन म धान गोडमेल गर्न गएकी थिए पिडित नाम परिवर्तित ७०( A) बिहान ९ बजे तिर खर्कमा गएकी थिई र म ८ बजे राती घर आउँदा छोरी रोएर बसीरहेकोले मैले पिडितलाई सोध्दा परिवर्तित (क) मेरो शरीरमा जाई लागेर मलाई जबरजस्ती करणी गर्यो भनीभन्दा पिडितको कट्टु खोलेर हेर्दा निजको यौनीबाट रगत बगेको देखी सो कुरा जाहेरवाला श्रीमानलाई भनेपछि सो सम्बन्धमा प्रतिवादीको घरमा गई बुझ्दा प्रतिवादी र निजका अभिभावक केही बोलेनन भने वारदातको भोलीपल्ट पुनः प्रतिवादीको घरमा प्रतिवादीले गरेका कार्यका बारेमा भन्न जाँदा प्रतिवादीका बाजे कल्याण साउदले जे गर्छौ गर भनी जाहेरवाला श्रीमानलाई भनेपछि जिल्ला प्रहरी कार्यलय डोटीमा जाहेर गरी छोरीलाई पिठ्युमा बोकेर अस्पताल ल्याएकी हुँ भन्ने समेत ब्यहोराको पिडितकी आमा नाम परिवर्तित ७०(२) ले यस अदालतमा गरेको बकपत्र ।

१८. वारदातको दिन म गाईभैसी चराउन जङ्गलमा गएको थिए उक्तदिन पिडित नाम परिवर्तित ७०(A) खर्कमा रहेकोले साँझ ५ बजे खर्कमा पुग्दा छोरी नबोली बसेको देखी के भयो भन्दा उपचार गर्न सिलगढी लैजान्छु भन्दा टाउको हल्लाएको हुनाले घर लगेपछि श्रीमतीले सोधपुछ गर्दा प्रतिवादी नाम परिवर्तित ७०(क) ले जवरजस्ती करणी गरेको कारणले यौनीबाट रगत आएको कुरा पिडितकी आमाले भनेपछि वारदातको भोलीपल्ट जिल्ला प्रहरी कार्यलय डोटीमा उजुरी गरेको हुँ भन्ने समेत ब्यहोराको जाहेरवाला नाम परिवर्तित ७०(१) ले यस अदालतमा गरेको बकपत्र ।

१९. वारदातको दिन साँझ ८ बजे पिडितको घरमा गएको हुँ भने पिडित रोइरहेको अवस्थामा उनका बाबुले पिठ्युमा हालेको र पिडितको कोठा भित्रजाँदा उनकी आमाले पिडितको कट्टु खोली हेर्दा यौनीबाट रगत आएको थियो भने पिडितको घाउ र यौनी च्यातिएको हेर्दा जवरजस्ती करणीबाट भएको जस्तो लाग्थ्यो भने प्रतिवादीले खर्कमा पानी खाएपछि पल्टाई जवरजस्ती करणी गरेको पिडितले भनेकी थिईन । म प्रतिवादीको घरमा साँझ गएकी होइन भने वारदातको भोलीपल्ट म समेत भई स्टेचरमा राखी जिल्ला अस्पताल डोटीमा ल्याएको थियौ भन्ने समेत ब्यहोराको नेपाल सरकारका साक्षी सुन्तली साउदले यस अदालतमा गरेको बकपत्र ।

२०. म वारदातको साँझ ६.३० बजे घर आएको थिए भने साँझ ७ बजे तिर पिडितकी आमाले प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गर्यो भनी गाली गरेको सुनेको हो भने पिडितलाई उनका बाबुले डोटी जिल्ला अस्पतालमा उपचार गरेको सुनेको हो वारदातको तेस्रो दिन पिडितलाई देख्दा पिडितको अवस्था गम्भिर थियो भने जाहेरवालाको खर्कमा प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेतको ब्यहोराको नेपाल सरकारका साक्षी तेज बहादुर साउदले यस अदालतमा गरेको बकपत्र ।

२१. वारदातको दिन मिति २०७३ श्रावण २० गते म र प्रतिवादी लगायत पाँच जना गोरुबाख्रा लिएर वन तिर गएका थियौ भने दिनभर नजिकैको गाड खोलामा पौडी खेली अमिला खाएको थियौ र साँझ आ-आफ्ना घर फिर्ता भएका थियौ । वारदातको दिन पिडितसँग मेरो भेट भएन भने प्रतिवादी मसँगै दिनभर थियो र प्रतिवादी पिडितको खर्कमा गएको होइन निज उपर लगाएको आरोप झुट्टो हो भन्ने समेत ब्यहोराको नेपाल सरकारका साक्षीहरु यकेन्द्र बहादुर साउँद र भरत बहादुर साउँदले यस अदालतमा गरेको बकपत्र ।

**अदालतको ठहर**

२२. यसमा नियम बमोजिम साप्ताहीक तथा दैनीक पेशी सुचीमा चढी निणयार्थ ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधीबक्ता श्री खडिन्द्र राज कटुवालले पिडितले प्रतिवादीलाई फसाउनुपर्ने कुनै कारण नभएको तथा पिडित नावालीका भएकीले निजले कुनै योजना बनाई फसाउन सक्ने अवस्था पनि नरहेको तथा स्वयम पिडितले अनुसन्धान अधिकारी तथा अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले करणी गरेको कुरा उल्लेख गरी बकी लेखाई दिएको र पिडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा यौनीको तल्लोभाग च्यातिएको, यौनीमा घाउँ भएको कुरा उल्लेख गरेको र प्रतिवादीले पिडितलाई करणी गरेको कुरा घटनाविवरण कागज, जाहेरी दरखास्त, अदालतमा गरेको बकपत्र

समेतका कागजातबाट पुष्टी हुन आएको अवस्थामा प्रतिवादीले कसुरमा ईन्कार रही अनुसन्धान अधीकृत तथा अदालत समक्ष बयान गरेता पनि सो कुरालाई पुष्टी गर्ने आधार प्रमाण पेश गर्न नसकेकाले निज प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने हो भनि गर्नु भएको बहस र प्रतिवादीका कानुन व्यावसायी अधिबक्ता श्री कैलाश सिंह साउँदले प्रतिवादीले पिडितलाई करणी गरेको कुरा ईन्कार गरी अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत आई बयान गरेको र वारदातका दिन निजसँगै रहेका निजका साथिहरु भरत साउँद समेतका मानिसहरुले उक्त दिन प्रतिवादी दिनभर आफुसँगै रहेको कुरा उल्लेख गरेको र पिडितको यौनीमा के कुन कारणले उक्त घाउँहरु पर्न गएका हुन सो कुरा स्पष्ट रुपमा निजको स्वास्थ्य परिक्षण प्रतिवेदनमा समेत उल्लेख नभएकाले प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय नभई सफाई दिलाई पाउँ भनि गर्नु भएको बहस जिकीर समेत सुनियो ।

२३. मिसिल सँलग्न जाहेरी दरखास्त हेर्दा मिति २०७३।०४।२० गतेको दिउँसो ४ बजेतिर पिडित बर्ष ६ की बालीका नाम परिवर्तित ७०(A) जिल्ला डोटी कलेना गा.बि.स. स्थित आफ्नै खर्क गोठको माथिल्लो तलामा एक्लै बसि रहेको अवस्थामा पानी खाने बाहानामा प्रतिवादी नाम परिवर्तित ७०(क) पिडितको गोठमा गई पिडितलाई जवरजस्ती करणी गरी भागी गएको भन्ने पुष्टी हुन आएकोले निज बर्ष १२ को प्रतिवादी नाम परिवर्तित ७०(क) को उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको दफा १ नं. बमोजिमको कसुर अपराधमा सोही मलको ३ नं. को देहाय १ नं. बमोजिम सजाय हुन र प्रतिवादी नाम परिवर्तित ७०(क) को उमेर १२ वर्षको बालक देखिएकोले बालबालीका सम्बन्धी ऐन,२०४८ को दफा ११(२) बमोजिम समेत सजाय हुन तथा प्रतिवादी नाम परिवर्तित ७०(क) बाट पिडितलाई मुलुकी ऐन जवरजस्ती करणी महलको दफा १० नं. बमोजिम मनासिव क्षतिपुर्ती समेत दिलाई भराई पाउँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग मागदावी रहेको प्रस्तुत मुद्दामा निर्णय सम्म पुग्नका लागी देहाएका प्रश्नका सम्बन्धमा बिचार गर्नु पर्ने देखिन आयो।

(क) प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेका हुन वा होइनन् ?

(ख) करणी गरेका भए निज प्रतिवादीलाई के ? कती सजाय हुनुपर्ने हो ?

२४. प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेका हुन वा होईन् भन्ने सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा, मेरो ६ बर्षकी नाबालीका छोरी नाम परिवर्तित ७०( A) खर्क गोठको माथिल्लो तलामा बसी रहेको अवस्थामा निज छोरीलाई एक्लै रहेको अवस्थामा नाम परिवर्तित ७०(क) ले करणी गरी मरणासन्न अवस्थामा छाडी गएको र साँझ छोरीलाई गोठ छानामा मुर्छीत अवस्थामा

भेटी उपचार गरी हाल सामान्य अवस्थामा छ। मेरो छोरीलाई जवरजस्ती करणी गर्ने नाम परिवर्तित ७०(क) लाई हदै सम्म कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको जाहेरी दरखास्त परी कारवाहीको उठान भएको प्रस्तुत मुद्दामा पिडित नाम परिवर्तित ७०(A) लाई जवरजस्ती करणी गरेको भनि देखाईएको स्थानमा ओढ्ने ओछ्याउने पुराना कपडाहरु यत्रतत्र छरीएको अवस्थामा रहेको भन्ने घटना मुचुल्काबाट देखिन्छ।

२५. पिडित नाम परिवर्तित ७०(A) ले मिति २०७३।०४।२० गते दिउँसो १६.०० बजेको समयमा खर्कको माथिल्लो तलाको कोठामा उभिएको अवस्थामा प्रतिवादी नाम परिवर्तित ७०(क) मेरो खर्कमा आई पानी खान देउ भनि मलाई भन्दा म खर्कको माथिल्लो तलाको कोठाभित्र जाँदा प्रतिवादी पनि म सँगै भित्र गै आफैले पानी राख्ने भाडाबाट पानि निकाली खाई म उभिएको अवस्थामा प्रतिवादीले मलाई जवरजस्ती समाती उक्त कोठाको भुईमा पछारी मैले लगाएको कट्टुखोली आफुले लगाएको कट्टु समेत खोली प्रतिवादीले आफ्नो उत्तेजित लीङ्ग मेरो यौनीमा घुँसाएको हो प्रतिवादीले मलाई जोर-जोरले च्यापेको हो म रोई कराई गर्दा समेत मलाई च्यापी रहेको हो। पछी म बेहोस भएपछी निज कहा गयो थाहा भएन होस आउँदा यौनीबाट रगत बगी रहेको र यौनी दुखी रहेको थियो बुवा आमा घरमा आएपछी सो कुरा भनेकी हुँ भनि घटनाका सम्बन्धमा मौकामा लेखाई दिएको पाईयो। पिडित नाम परिवर्तित ७०(A) को यौनीको तल्लो भाग च्यातीएको पिडितलाई करणी गरीएको हुन सक्ने भन्ने परिक्षण प्रतिवेदनमा उल्लेख गरेको पाईन्छ। पिडित बालीकालाई लहरै खडा गरीएका ब्यक्तिहरुलाई देखाउँदा दाहीनेबाट तेस्रो स्थानमा रहेका नाम परिवर्तित ७०(क) ले नै मिति २०७३।४।२० गते दिउँसो १६.०० बजेको समयमा मेरो खर्कमा अरु कोही नभएको मौका छोपी मलाई एक्लै देखी जवरजस्ती समाती भुईमा लडाई जवरजस्ती करणी गरेको साँचो हो भनि यिनै प्रतिवादीलाई सनाखत गरीदीएको पाईयो।

२६. मौकामा अनुसन्धानको क्रममा बुझीएको पिडितको आमा नाम परिवर्तित ७०(२), सुन्तली साउँद, अम्मर साउँद र तेज बहादुर समेतका ब्यक्तिहरुले पिडितको मौकाको भनाई तथा जाहेरीलाई समर्थन हुने गरी लेखाई दिएको पाईन्छ र मौकामा घटनाका सम्बन्धमा बयान गर्ने ब्यक्तिहरुले अदालतमा आई मौकामा अनुसन्धानको क्रममा लेखाई दिएको ब्यहोरासँग मिलान हुने गरी अभियोग दावीलाई पुष्टाई हुने गरी यस अदालतमा आई बकपत्र गरेको पाईनुको साथै पिडितको शारीरिक परिक्षण गर्ने चिकित्सकले पिडितको यौनीको तल्लो भाग च्यातिएको घाँउ थियो भनि अदालत समक्ष आई बकी लेखाई दिएको देखिन्छ।

२७. बाल मनोबिज्ञ कैलास सिंह साउँद र समाज सेवी ईश्वरी ऐरले निज बालक १२ बर्षको नाबालक जिज्ञासु तथा कौतुहलताबस उक्त घटना घटाएको हुन सक्ने अवस्था रहेको भनि आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेको पाईयो।

२८. माथी उल्लेखित तथ्यहरु हेर्दा प्रस्तुत वारदातमा अनुसन्धानको बखत र अदालतमा भएको बकपत्र समेतबाट प्रतिवादीले करणी गरेको तथ्यलाई प्रष्ट रुपमा बालीकाले खुवाई बकी लेखाई दिएकी छन । त्यस्तै अवोध ६ बर्षकी बालीकाले आफु माथि भएको जवरजस्ती करणीको बारेमा जस्ताको त्यस्तै र स्वभाबीक रुपमा ब्यक्त गरेको भनाईलाई अन्यथा अर्थ गनुपर्ने आवश्यकता र अवस्था देखिदैन । यसरी यी वालीकाले आफुलाई करणी नगरेको भए प्रतिवादी उपर किटानी गरी देखाउनु पर्ने कुनै कारण र अवस्थापनि देखिदैन । प्रस्तुत वारदातमा पिडित स्वयम एक अकाट्य प्रत्यक्ष प्रमाण हुन । प्रमाण ऐन २०३९ को दफा १०(१)(ख) मा कुनै घटना वा अवस्थाबाट पिडित भएका ब्यक्तीले मौकामा ब्यक्त गरेको कुरा प्रमाणमा लिनु हुन्छ भन्ने कानुनी ब्यवस्था छ भने सोही ऐनको दफा १०(२) मा कुनै ब्यक्तीले निजको शारीरिक वा मानसिक अवस्था स्पष्ट रुपमा बोध हुने गरी त्यस्तो अवस्थामा कायम हुनेगरी ब्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था पनि भएको छ । यसैगरी प्रमाण ऐन २०३१ को दफा ३८ मा कलिलो उमेर, अति बृद्धा अवस्था वा शारीरिक वा मानसिक रोग वा अरु कुनै त्यस्तै कारणले गर्दा आफुलाई सोधीएका प्रश्न बुझ्न नसक्ने वा त्यस्को जवाफ दिन नसक्ने भनि अदालतले ठहर्याएको ब्यक्ती बाहेक जो सुकै ब्यक्ती पनि साक्षी हुन सक्ने छ भनि स्पष्ट ब्यवस्था गरेको पाईन्छ।

२९. प्रस्तुत मुद्दामा पिडित ६ वर्षके नावालीका भन्ने कुरा मिसिल संलग्न निजको डोटी कलेना गा.वि.स. कार्यलयको च.नं. १३७ मिति २०७१।८।९ को पत्रमा निज वालीकाको जन्म मिति २०६७।२।३ भनि उल्लेख भई आएको देखिदा निज पिडित वालीका ६ वर्षको भन्ने कुरामा कुनै बिवाद देखिदैन । वारदातमा पिडकले आफु उपर के गर्न लागेको हो भन्ने कुरा पनि यी पिडितले थाहा पाउन नसक्ने अवस्थाको देखिदा र निजले ढाट्ने र नभएको कुरा गर्ने वा कसै उपर रिसईवी साधन गर्ने वा कसै प्रति राग द्धष राख्ने उमेर पनि देखिदैन यी कलीलो उमेरकी वालीकाले कसैलाई फसाउने भावनाले गलत वा झुट्टा कुराको पोल गर्नुपर्ने भन्ने बिचार सम्मको बिकास भै नसकेको हुनाले यिनको भनाई प्रति संका गर्नुपर्ने अवस्था देखिदैन ।

३०. अब पिडित बालीकाको शारीरिक परिक्षणबाट यौनी सुन्नीएको र घाँउ भै रक्तस्राप भएको भन्ने देखीएको र उक्त परिक्षण गर्ने चिकित्सकले पनि अदालतमा आई सो कुरा बकी लेखाई दिएको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १८ समेतले प्रमाण ग्रहण गर्न मिल्ने नै देखियो ।

३१. माथी बिवेचित तथ्यहरुबाट प्रतिवादी अनुसन्धान अधीकारी तथा यस अदालतमा समेत कसुरमा ईन्कार रही बयान गरेता पनि प्रतिवादी उपरको किटानी जाहेरी पिडितको मौकाको कागज र सनाखत कागजलाई समर्थन हुने गरी निज पिडित, जाहेरवाला, तथा अन्य मौकामा बुझीएका नाम परिवर्तित ७०(२), सुन्तली साउँद तथा तेज बहादुर साउँद समेतका ब्यक्तीहरुले अदालतमा आई अभियोग दावीलाई पुष्टी हुने गरी बकी लेखाई दिएको बकपत्र समेतका मिसिल संलग्न सवुद प्रमाणहरुबाट प्रतिवादी नाम परिवर्तित ७०(क) उपरको कसुर स्थापित हुन आएको देखियो ।

३२. प्रतिवादी उपरको कसुर स्थापित भएको अवस्थामा निज उपर के कती सजाय निर्धारण हुनु पर्ने हो भन्ने सम्बन्धमा बिचार गरी हेर्दा निज प्रतिवादी उपर मुलुकी ऐन जवरजस्ती करणी महलको १ नं. बिपरितको कसुरमा ऐ को ३(१) बमोजिमको सजाय हुन मागदावी भएको प्रस्तुत मुद्दामा जवरजस्ती करणी महलको ३(१) नं. हेर्दा १० बर्ष भन्दा मुनीकी बालीका भए १० देखी १५ वर्ष सम्म कैदको सजाय हुनेछ भनि कानुनी ब्यवस्था गरेको छ । उक्त ब्यवस्था अनुसार यी प्रतिवादीलाई आरोपित कसुर गरेमा ऐ को ३(१) नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादी नाम परिवर्तित ७०(क) को उमेर १२ बर्षको भनि उल्लेख भई आएको देखिदा निज बालकलाई बालबालीका ऐन २०४८ को दफा ११(२) बमोजिम बालकको उमेर १० वर्ष देखी माथी १४ भन्दा कम रहेछ भने निजलाई कानुन बमोजिम सजाय जरीवाना हुने कुनै अपराध गरेमा निजलाई हप्काई, सम्झाइ, बुझाई र कैदको सजाय हुनेमा अपराध कसुर हेरी ६ महिना सम्म कैदको सजाय हुने कानुनी ब्यवस्था भएको पाईदा निज प्रतिवादी नाम परिवर्तित ७०(क) लाई ६ महिना कैदको सजाय हुने ठहर्छ ।

३३. निज प्रतिवादी उपरको मुलुकी ऐन जवरजस्ती करणी महलको १० नं. मागदावी सम्बन्धमा हेर्दा, पिडितलाई पर्न गएको शारीरीक तथा मानसिक क्षती समेतलाई मध्येनजर राखी प्रतिवादीको परिवारको आर्थीक अवस्था समेतलाई बिचार गर्दा पिडित नाम परिवर्तित ७०(A) ले प्रतिवादीबाट रु २५,०००/-(पच्चीस हजार) क्षतिपुर्ती बापत भराई लिन पाउँने ठहर्छ ।

३४. प्रतिवादीलाई कैद वापत कारागार शाखामा राख्न उपयुक्त नदेखिएकोले उक्त कैद अवधी बाल सुधारगृहमा राखी कैदको अवधी ब्यतित गर्ने गरी तोकिएको छ। बाल सुधारगृहको व्यवस्था नहुन्जेल सम्म निज प्रतिवादी नाम परिवर्तित ७०(क) लाई निजको संरक्षकको जिम्मा लगाउनु ।

**तपसिल**

३५. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी नाम परिवर्तित ७०(क) लाई बालबालीका ऐन २०४८ को दफा ११(२) बमोजिम कैद महिना ६(छ) बालसुधारगृहमा भुक्तान गर्ने गरी फैसला

भएको हुँदा निज प्रतिवादीलाई उक्त कैद अवधी भुक्तान गर्न कैदी पुर्जी दिई बाल सुधारगृहमा पठा ईदिनु.............................................................................१

३६. माथी ठहरखण्डमा प्रतिवादीबाट पिडितले रु २५,०००/- (पच्चीस हजार) जरीवाना वापत भरी लिन पाउने ठहरेकाले प्रस्तुत मुद्दाको अन्तीम टुङ्गो लागेपछी ऐनका म्यादभित्र पिडितले निवेदन दिए कानुन बमोजिम भराईदिनु.............................................................१

३७. यो ईन्साफमा चित्त नबुझे ऐनका म्याद ७०(सत्तरी) दिन भित्र श्री उच्च अदालत दिपायलमा पुनरावेदन गर्न जानु भनि प्रतिवादी नाम परिवर्तित ७०(क) लाई फैसलाको प्रतिलिपी सहित पुनरावेदनको म्याद दिनु र प्रस्तुत फैसलाको प्रतिलीपी सँलग्न राखी श्री जिल्ला सरकारी वकील कार्यलय डोटीलाई फैसलाको जानकारी गराउनु.................................................१

३८. नक्कल माग्ने सरोकारवालाहरुलाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु...१

३९. प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु..........१

माननीय जिल्ला न्यायाधीश ज्यूले
वोली टिपाए वमोजिम टिपी फैसला
तयार गर्ने ना.सु. लब बहादुर थापा

...............
(जिल्ला न्यायाधीश)

ईति सम्वत २०७३ साल फागुन महिना २३ गते रोज २ मा शुभम.............................।

**खोटाङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री शान्तिप्रसाद आचार्य**

**फैसला**

**उपस्थितीः– बामनोबैज्ञानिक श्री कटकबहादुर खत्री**

**सम्वत २०७३ सालको मुद्दा नंः– ०७३–CR–००१६**

**निर्णय न ः– ९८**

**मुद्दा ः– बाल बिज्याई (जवरजस्ती करणी)**

**दायर मिति ः– २०७३–०५–२६**

**वादीको नाम, थर र वतन**

परिवर्तित जिल्ला खोटाङ १२ डि-६ बस्ने परिवर्तित नाम आईको छोरा बर्ष ४७ को परिवर्तितत नाम जि को जाहेरीले नेपाल सरकार.......................१

**प्रतिवादीको नाम, थर र वतन**

परिवर्तित जिल्ला खोटाङ १२ डि-६ बस्ने परिवर्तित नाम मानको छोरा बर्ष १३ को परिवर्तित नाम पम्बा.........................
..........१

**ऐ.को प्रमाण**

साक्षी ः– परिवर्तित नाम जि, परिवर्तित नाम एच, बीर बहादुर खत्री, दुर्गा बहादुर खत्री, ध्रुबराज खत्री, सूर्य बहादुर खत्री, बिन्दा खत्री, दिपा खत्री, सीतादेबी कटुवाल, सुनिता खत्री, कुमार खत्री र तिर्थ बहादुर खत्री ।

कागज ः–

**ऐ.को प्रमाण**

साक्षी ः– हर्कराज खत्री र महेश बस्नेत ।

कागजः–

अदालतबाट बुझेको

साँक्षीः– परिवर्तित नाम जि, परिवर्तित नाम एच, दिपा खत्री र हर्कराज खत्री ।

प्रमाण कागज :–

न्याय प्रशासन ऐन, २०७३ को दफा ७, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदाफा (३) र (४) तथा मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यस अदालतको बाल इजलासको क्षेत्राधिकार अन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

**कानून व्यवसायी**

| बादीको तर्फबाट | प्रतिबादीको तर्फबाट |
|---|---|
| सहायक जिल्ला न्यायाधिबक्ता<br>श्री नारायण प्रसाद दाहाल | अधिबक्ता श्री कुलप्रसाद फूयल |

**घटनास्थल मुचुल्का :–**

परिवर्तित जिल्ला खोटाङ १२ डि-६ स्थित पूर्वमा परिवर्तित नाम (जि) को घर, पश्चिममा गोरेटो बाटो, उत्तरमा परिवर्तित नाम मानको घर तथा दक्षिणमा हर्कराज खत्रीको मकैबारी यति चार किल्लाभित्र कोमल खत्रीको घरमाथि पश्चिमतर्फको गोरेटो बाटो मुनि परिवर्तित नाम मानको मकै र कोदोबारीको बिच गरामा ४/५ वटा मकैको बोट किचिएको, सोही ठाउँमा मिति २०७३/०५/०३ गते ३.०० बजे पिडित एच स्कुलबाट घर आउँदै गरेको अवस्थामा परिवर्तित नाम पम्बाले हातमा तानी लगि मकै र कोदोबारी भित्र करणी गरेको भन्ने समेत व्यहोराको मति २०७३/५/१२ गते पिडितले देखाएको घटनास्थल मुचुल्का ।

**जाहेरी दरखस्त :–**

मिति २०७३/०५/०३ गते दिउँसो ३:०० बजेको समयमा मेरी नाबालिका छोरी बर्ष ९ की परिवर्तित नाम (एच) स्कुलबाट गोरेटो बाटो हुँदै घर आउँदै गर्दा निज अं. बर्ष १३ को परिवर्तित नाम पम्बाले हातमा समाई मुख थुनी तानी लगि मकैबारीभित्र रोपेको कोदोबारीमा जबर जस्ती करणी गरेको कुरा निज छोरीले सुनाएको र घटनास्थलमा गई हेर्दा मकैको ढोड भाँचिएको, कोदो मडारिएको देखिएकोले निज प्रतिवादीले मेरो नाबालिका छोरीलाई जबरजस्ती करणी गरको हुँदा कानुन बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको पिडितको बुवा परिवर्तित नाम जि ले मिति २०७३/५/१४ गते दिएको जाहेरी दरखास्त ।

**पीडित एच ले गरेको घटना बिवरण :–**

वारदातको समयमा स्कुलबाट घर आउँदै गरेको अवस्थामा प्रतिवादी परिवर्तित नाम पम्बाले हातमा समाई मुख थुनी तान्दै मकै, कोदोबारीमा लगि भुइँमा सुताई कट्टु खोली आफ्नो

सु-सु गर्ने मलाई समात्न लगाई मेरो सु-सु गर्नेमा दली कोही कसैलाई नभन्नु पापा दिन्छु यदि भनेमा भिरबाट काटेर फ्याँकिदिन्छु भनि त्यहाँबाट भागेकोमा म घरमा आई सबैलाई सुनाएदिएकी हुँ भन्ने समेत व्यहोराको पिडित एच ले मिति २०७३/५/१५ गते गरेको कागज ।

**पिडित परिबर्तित नाम एच को शारीरिक परीक्षण प्रतिवेदन :–**

2 parallel and oblique abrasions of size 5cm present in the left upper back just above the angle of scapula and reddish contusion present in the junction of the labia majora and labia minora of the bothside भन्ने समेत व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय खोटाङबाट प्राप्त पिडित परिबर्तित नाम एच को शारीरिक परीक्षण रिपोर्ट ।

**प्रतिबादी परिबर्तित नाम पम्बाको शारीरिक परीक्षण प्रतिवेदन :–**

Erythematous scab over the left index finger 3 cm away from the metacarpophalangeal joint भन्ने समेत व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय खोटाङबाट प्राप्त प्रतिबादी परिबर्तित नाम पम्बाको शारीरिक परीक्षण रिपोर्ट ।

**प्रतिवादी पम्बाले अनुसन्धामा गरेको बयान:–**

केही दिन अगाडि निज पिडितले नासपातीको दानाले मेरो घिचुकमा हिर्काई भागेकोले वारदातको समयमा पिडित_परिवर्तित नाम एच स्कुलबाट घर आउँदै गरेको अवस्थामा मैले बाटोमा भेटी हातमा समाती अस्ति मलाई किन नासपातीको दानाले हिर्काई भागेको भन्दा निज रुन थालेपछि निजलाई छाडिदिएको हो, मैले जबरजस्ती करणी गरेको होईन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम पम्बाले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७३/५/१९ गते अनुसन्धानमा गरेको बयान ।

**सुनिता खत्री र दिपा खत्रीले गरेको घटना बिवरण :–**

वारदातको समयमा प्रतिवादीले पिडितलाई स्कुलबाट घर फर्कदैं गरेको अवस्थामा एकान्त गोरेटो बाटोमा हातमा समाती मुख थुनी तान्दै कोदोबारीमा लगी जबरजस्ती करणी गरी कोही कसैलाई नभन भन्दै डर-त्रास देखाई भागेको कुरा पिडितले हामीलाई सुनाएपछि थाहा पाएका र प्रतिवादीको आचरण, व्यवहार गाउँ-घरमा खराब रहेकोले निजले पिडितलाई जबरजस्ती करणी गरेकोमा बिश्वास लाग्दछ भन्ने समेत व्यहोराको_सुनिता खत्री र दिपा खत्रीले मिति २०७३/५/२२ गते गरेको कागज ।

**बस्तुस्थिति मुचुल्का :–**

वारदातको समयमा परिवर्तित जिल्ला खोटाङ १२ डि-६ बस्ने परिवर्तित नाम मानको छोरा बर्ष १४ को परिवर्तित पम्बाले सोही ठाउँ बस्ने परिवर्तित नाम (जि) को नाबालिका छोरी बर्ष ९ की परिवर्तित नाम (एच) लाई स्कुलबाट घर फर्कदैं गरेको अवस्थामा एकान्त गोरेटो बाटोमा हातमा समाती मुख थुनी तान्दै कोदोबारीमा लगि जबरजस्ती करणी गरेको कुरा हल्ला-खल्ला भएपछि सुनि थाहा पाई पछि पिडितलाई सोध्दा सोही कुरा भनेकी र घटनास्थलमा मकैका ढोड भाँचिएको, कोदो मडारिएको जस्तो देखिएकोले निज प्रतिवादीले पिडितलाई जबरजस्ती करणी गरेकोमा पूर्ण बिश्वास लाग्दछ भन्ने समेत व्यहोराको कुमार खत्री समेतका व्यक्तिहरुले एकै मिलान हुनेगरी मिति २०७३/५/२२ गते लेखाई दिएको बस्तुस्थिती मुचुल्का ।

**पिडित तथा पिडकको जन्मदर्ता प्रमाणपत्रको व्यहोरा :–**

पिडित परिवर्तित नाम (एच) को जन्म मिति २०६४/०३/१६ गते भएकोले वारदातको समयमा निजको उमेर ९ बर्ष १ महिना १७ दिन भएको र पिडकको जन्म मिति २०५९/०९/०४ गते भएकोले वारदातको समयमा निजको उमेर १३ बर्ष ५ महिना २९ दिन भएको भन्ने जन्मदर्ता प्रमाणपत्र ।

**अभियोग दाबी :–**

स्कूलबाट घर आउदै गरेकी ९ वर्षकी नावालिका एचलाई प्रतिवादीले हातमा समाई घटनास्थलमा लगी जवरजस्ति करणी (वालविज्याई) गरी मुलुकी ऐन जवर्जस्ती करणीको महलको १ नं. बिपरित ३(१) न. अनुसारको कसूर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई सोहि ऐन महलको ३(१) न. अनुसार सजायको मागदावी लिईएको छ । साथै प्रतिवादीको उमेर निजको जन्म दर्ता प्रमाण पत्र अनुसार १३ बर्ष ७ महिना २९ दिन रहेको देखिँदा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) बमोजिम हुन समेत माग दाबी लिदै सोही महलको १० नं. बमोजिम पिडितालाई प्रतिवादीबाट क्षतिपुर्ति दिलाई भराई पाउनको लागि प्रतिवादीको बावु परिवर्तित नाम मानको नाममा रहेको जिल्ला खोटाङ दुर्छिम गा.वि.स.वडा नं.६ को कित्ता नं.१०६, ६८, १०८ र आमा परिवर्तित नाम लाभको नाममा रहेको जिल्ला खोटाङ दुर्छिम गा.वि.स.वडा नं.६ को कित्ता नं.२१७, ३१० को जग्गा सोहि ऐन महलको १०(ग) नं. बमोजिम रोक्का राखी पाउन समेत अनुरोध गर्दै जिल्ला सरकारी वकिल कार्यालय, खोटाङबाट मिति २०७३/५/२६ गते पेश हुन आएको नेपाल सरकारको अभियोग दाबी ।

**प्रतिवादी पविर्तित नाम पम्वाले यस अदालतमा गरेको बयान :–**

मिति २०७३/५/३ भन्दा केहि दिन अगाडी मलाई प्रस्तुत मुद्दाका पिडिता एचले नस्पातिको दानाले घुच्चुकमा हानेकी थिइन । त्यसपछि मैले मिति २०७३/५/३ गते दिउसो अ. ३:०० वजेको समयमा विद्यालयबाट घर फर्कने क्रममा तिमीले मलाई अस्ति किन त्यसरी नास्पातीले हानेको भनि हातमा समाउँदा एक चोटीलाई गल्ती भयो अंकल अव हान्दीन भन्दै कराएकी मात्र हुन । मैले निज पिडीत एच लाई वाल विज्याइँ (जवरजस्ती करणी) गरेको छैन । मलाई फसाउनका लागि म निर्दोष मान्छेलाई यो झुठ्ठा जाहेरी दिएका मात्र हुन । कागज गर्नेहरुले पनि मलाई फसाउन खोजेको हुन । म निर्दोष छु, त्यसो हुँदा मलाई अभियोग दावी वमोजिमको सजाय हुने हैन र म वाट पिडितले कुनै क्षतिपुर्ती भराउनुपर्ने पनि होइन भन्ने समेत ब्यहोरको प्रतिवादी परिवर्तित नाम पम्वाले मिति २०७३/५/२६ गते यस अदालतमा गरेको बयान ।

**यस अदालतको आदेश**

तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसूरदार होइनन् कि भनी मान्न मिल्ने देखिएन । तथापि मुलुकी ऐन जवरजस्ती करणीको ३(१) नं. ले गम्भीर कैद सजाय हुन सक्ने कसूर भएता पनि वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११(२) अन्तर्गत वालक र अपराधिक दायित्व अन्तर्गत चौध वर्ष पूरा नभएको वालक लाई कैदको सजाय हुने कसूर गरेमा बढीमा ६ महिना सम्म कैद हुने देखिएको स्थितीमा पिडक स्वयं नावालक, त्यसमा पनि १४ बर्ष मुनिको देखिएको र यस्तो कसूरको आरोप लागेको वाल विज्याई कर्तालाई पूर्पक्ष निमित्त वाल सुधार गृहमा राखी पूर्पक्ष गर्न सकिने, वाल सुधार गृहको सहज पहूँच नभएको र यी प्रतिवादी हाल अध्ययनरत रहेको देखिदा वालकको सर्वोत्तम हीत (Best Interest of The children) को दृष्टिकोणले यी प्रतिवादी नाम परिवर्तित पम्वा लाई अदालतले खोजेका वखत उपस्थित गराउने गरी वालवालीका सम्वन्धी ऐन २०४८ को दफा ५०(१) वमोजिम निजको संरक्षक अविभावक मध्ये वावु वा आमाको जीम्मा लागाई पूर्पक्ष गर्नु । प्रतिवादी चुक्ता भएकोले वादी पक्षका पीडित लगायका गवाहलाई जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउन र प्रतिवादीका साक्षीलाई निज मार्फत वकपत्र निमित्त उपस्थित गराउन जानकारी गराउनु भन्ने समेत व्यहोराको मिति २०७३/५/२६ गतेको यस अदालतको आदेश ।

**जाहेरवाला परिबर्तित नाम जी ले गरेको बकपत्र**

मिति २०७३/५/३ गते मलाई प्रतिबादी परिवर्तित नाम पम्बाले मुख छोपेर कोदो बारीमा जबरजस्ती करणी गरेको हो भनी मलाई पीडिताले भनेकी हुन् । म उक्त दिन घरमा थिईन । उक्त दिन मेरी छोरी परिबर्तित नाम एच स्कूलबाट १:०० बजे नै आएर घरमा किताब राखी साथीसँग

खेल्न उकालो गाउँतिर गएकी रहेछिन । खेल्न जाने ठाउँ स्कूलबाट करिब आधा घण्टाको बाटोमा पर्दछ । मिति २०७३/५/३ गतेको जाहेरी दरखास्तको ब्यहोरा र सही छाप मेरै हो भन्ने समेत ब्यहोराको मिति २०७३/७/२५ गते जाहेरवाला परिबर्तित नाम जी ले यस अदालतमा उपस्थित भई गरेको बकपत्र ।

**पीडित परिवर्तित नाम एच ले गरेको बकपत्र**

म मिति २०७३/५/३ गते दिउँसो १५:०० बजे स्कूलबाट घर जाँदै गर्दा बाटोमा प्रतिबादी परिबर्तित नाम पम्बासँग भेट भयो । म उकालो जाँदै गर्दा निज प्रतिबादीले मलाई तानेर उस्को बारीमा लगी लडाएर मेरो कपडा खोलेर उस्को सु-सु गर्नेले मेरो सु-सु गर्नेमा गरेको हो । म रुदा मरो मुख समेत थुनेर निज परिबर्तित नाम पम्बाले गरेको हो भन्ने समेत ब्यहोराको मिति २०७३/७/२५ गते पीडित परिबर्तित नाम एच ले गरेको बकपत्र।

**घटनास्थल मुचुल्कामा कागज गर्ने दिपा खत्रीले गरेको बकपत्र**

प्रतिबादी पम्बाले पीडितलाई बाल बिज्याई (जबरजस्ती करणी) गरेको कुरा मलाई पीडित परबिर्तित नाम एच बाट थाहा पाएको हुँ । म बच्चा बोकेर बसीरहेको अवस्थामा पीडित बालिका उधोबाट पानीमा रुइदै रुदै रुदै आईरहेकी थिन र मैले के भयो भनी सोध्दा पम्बाले मलाई सम्झना आन्टीको ट्वाईलेट पछाडी जबरजस्ती गर्यो भनी भनेकी हुन । मिति २०७३/५/१२ गतेको घट्ना बिबरण कागज घट्नास्थल मुचुल्काको ब्यहोरा मेरै हो भन्ने समेत ब्यहोराको मिति २०७३/७/२५ गते घट्नास्थल मुचुल्कामा कागज गर्ने दिपा खत्रीले गरेको बकपत्र ।

**प्रतिबादीका साक्षी हर्कराज खत्रीले गरेको बकपत्र**

मिति २०७३/५/३ गते म आफ्नै घरमा थिएँ । मैले प्रतिबादी पम्बाले परिबर्तित नाम एच लाई बाल बिज्याई (जबरजस्ती करणी) गरेको देखिन । घट्नाको बारेमा मलाई थाहा छैन र उल्लेखित मितिमा यी प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गरेको भन्ने कुरा समेत सुनिन । यी प्रतिबादी गाउँघरमा राम्रो आचरणका मान्छे भएकोले निजले जबरजस्ती करणी गरे होला जस्तो मलाई लाग्दैन भन्ने समेत ब्यहोराको मिति २०७३/७/२४ गते प्रतिबादीको साँक्षी हर्कराज खत्रीले गरेको बकपत्र ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी बादी नेपाल सरकार तर्फबाट उपस्थित बिद्वान सहायक जिल्ला न्यायाधिबक्ता श्री नारायण प्रसाद दाहालले प्रतिबादी नाम परिबर्तित पम्बाले पीडिता नाम परिबर्तित

एच लाई जवरजस्ती करणी बाल बिज्याईको कसूर गरेमा किटानी जाहेरी परेको, पीडिताले मौकामा निज उपर कसूर गरेमा किटानी पोल गरेको र अदालतको बकपत्रमा समेत प्रतिबादीले स्कूलबाट घर जाँदै गर्दा उसको बारीमा लगेपछि लडाएर लुगा खोलेर उसको सु सु गर्नेले मेरा सु सु गर्नेमा गर्यो भनी किटानी साथ उल्लेख गरेको र जाहेरवाला र मौकामा कागज गर्ने मानिसहरुले समेत पीडितकै भनाइलाई उदृत गरी किटानी पोल उजुर गरेको हुँदा अभियोग दाबी पुष्टि भईरहेकोले अभियोग दाबीबमोजिम प्रतिबादीलाई सजाय गरी पाउँ भनी गर्नु भएको बहश सुनियो ।

प्रतिबादी तर्फबाट उपस्थित बिद्वान अधिबक्ता श्री कुल प्रसाद शर्मा फूयलले सर्बप्रथमतः यदि साँच्चै वारदात भएको भए ११ दिन पछि मात्र जाहेरी पर्नु रहस्यमय छ, तर पीडिता सो दिन स्कूल गएर फर्केको अबस्थामा वारदात भयो भनिएको छ, तर पीडिता सो दिन स्कूलमा हाजिरनै छैनन् । जाहेरीमा वारदात मितिको दिन १५:०० बजे अर्थात ३:०० बजेको समयमा वारदात भएको छ भनिएको छ तर पीडितले बकपत्र गर्दा सोधपुछ खण्डमा ३:०० बजे तर जिरह खण्डमा १:०० बजेको समय भनी परस्पर बिरोधाभाष कुरा उल्लेख गरेको, पीडितको स्वास्थ्य परीक्षणबाट जवर जस्ती करणीको संकेत सम्म देखिएको छैन । मौकाको घट्नाबिबरण कागज गर्ने सर्बप्रथम पीडितले भेटेको भनिएकी दिपा खत्रीको मौकाको भनाई र अदालतको बकपत्र परस्पर बिरोधाभाष छ, जाहेरवाला स्वयंले वारदात भएको दिन आफूलाई छोरीले घट्नाबारे बताएको देखिदैन । प्रतिबादी अनुसन्धान र अदालत दुवैमा कसूर गरेमा इन्कार रहेको र निजका साँक्षीले निजको इन्कारी सर्मथन गरेको अबस्थामा वारदातनै पुष्टि नभएको र मेरो पक्ष शारीरिक एवं मानसिक रुपमा समेत कमजोर रहेको समेत हुँदा आरोपित कसूर अभियोगबाट निजलाई सफाई दिनु पर्छ भनी गर्नु भएको बहश समेत सुनियो ।

बिद्वानहरुको उल्लिखित बहश सुनी बाल मनोबिज्ञको राय समेतलाई आधार लिई यी प्रतिबादी नाम परिबर्तित पम्बाले अभियोग दाबीको बाल विज्याई (जवरजस्ती करणी) कसूर गरेको हो होइन ? यदि गरेको भए निजलाई के कस्तो सजाय हुने हो र पीडितले के कति क्षतिपूर्ती पाउने हो भन्ने सम्बन्धमानै निर्णय गर्नुपर्ने देखिन आयो ।

निर्णयतर्फ बिचार गर्दा स्कूलबाट घर आउँदै गरेकी बर्ष ९ की नावालिका परिबर्तित नाम एच लाई प्रतिबादीले हातमा समाई घट्नास्थलमा लगी जवरजस्ती करणी (बाल बिज्याई) गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बिपरित ३(१) नं. अनुसार कसूर गरेको देखिदा सोही महलको ३(१) नं. को सजाय माग गरी प्रतिबादीको उमेर १३ बर्ष ७ महिना २९ दिन रहेको देखिदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम हुन समेत

माग सहित जवरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तीको दाबी गरी अभियोग पर्न आएकोमा प्रतिबादीले मौकामा अनुसन्धानमा र अदालतमा समेत बयान गर्दा पीडिताले नास्पातीको दानाले हिर्काएको हुँदा किन हिर्काएको भनी हातमा समातेको मात्र हो, मैले जवरजस्ती करणीको कसूर गरेको होइन छैन भनी कसूरमा इन्कार रही बयान गरेको देखियो । मौकाको घट्नास्थल मुचुल्का हेर्दा मकैबारीभित्र कोदो रोपेको अवस्थाको बाँकी रहेको सोही बारीको बीच गराको किचिएको जस्तो हल्का देखिएको, ४/५ बोट मकैको बोट भाँचिएको भनी उल्लेख भएको, २०७३/०५/०३ गते दिनको १५:०० बजेको समयमा मेरो नावालिका छोरी बर्ष ९ की परिबर्तित नाम एच लाई प्रतिबादीले जवरजस्ती करणी गरेको भनी नावालिका छोरीले भनेको भन्ने आधारमा जाहेरवाला परिवर्तित नाम जि को किटानी जाहेरी परेको, पीडिताको स्वास्थ्य परीक्षण प्रतिबेदन हेर्दा injuries मा 2 parallel and oblique abrasions of size 5 cm present in the left upper back just above the angle of scapula भनी र Genital and anal injuries अन्तर्गत Labia majora मा Reddish contusion present in the junction of the labia majora and labia minora of the bothside भनी उल्लेख गरेको देखिन्छ । त्यस्तै प्रतिबादीको स्वास्थ्य परीक्षणमा any injuries अन्तर्गत Erythematous scab over the left index finger 3 cm away from the metacarpophalangeal joint भनी उल्लेख भएको देखियो । त्यस्तै पीडिताले मौकामा कागज गर्दा यी प्रतिबादीले मलाई समाई भाग्न उम्कन नदिई मैले लगाएको कटु खोली दियो र निजको पाइन्ट र कटु खोली आफ्नो सु सु गर्ने मलाई देखायो र मलाई समात्न लगायो र त्यसपछि उस्को सु सु गर्ने मेरो सु सु गर्नेमा छिरायो र मलाई दुखेर कराउन थालेपछि उस्को हातले मेरो मुखमा थिच्यो र एकछिन सम्म चल्यो र मलाई छोडीदियो भनी किटानीसाथ मौकाको कागजमा लेखाएको देखियो । त्यस्तै मौकामा कागज गर्ने अन्य मानिसहरु सुनिता खत्री, दिपा खत्रीले समेत प्रतिबादीले पीडितालाई जबरजस्ती करणी (बाल बिज्याइ) गरेमा पीडिताले भनेको भनी बिश्वास ब्यक्त गरेको र सोही अनुरुप बस्तुस्थिती मुचुल्काका मानिसहरुले समेत यी प्रतिबादीलाई कसूरमा शंका गरेको देखियो । जहाँसम्म प्रतिबादी पक्षका बिद्वान अधिबक्ताले आफ्नो बहशमा पीडताको अदालतको बकपत्रमा वारदातको समय फरक फरक बताएको, प्रतिबादीको इन्कारी समर्थन भएको, बिद्यालयमा हाजिर नरहेको जस्ता तर्क प्रस्तुत गर्नु भएको छ, सो तर्फ बिचार गर्दा पीडितासँग वारदातको मिति समयमा भेट भएको र अस्ती किन नासपातीले हानेको भनी हातमा समाउँदा एक चोटीलाई गल्ती भयो अंकल भनी कराएकी मात्र हुन भनी स्वयं प्रतिबादीले अदालतको बयानमा स्वीकार गरेको, पीडिताको उमेर र अबस्था अनुसार वारदात समय तलमाथी हुनु सामान्य देखिएको, निज

पीडिता विद्यालयमा हाजिर रहे नरहेको कुराले जवरजस्ती करणी जस्तो कसूर सँग प्रत्यक्ष तादात्म्य राख्ने भन्दा पनि अपराध घटे नघटेको बिषय महत्वपूर्ण रहेको र बालमनोबिज्ञ समेतको मनोबिमर्श बाट देखिएको तथ्य, पीडिताको बकपत्र र पीडिताको यौनाङ्गको घर्षण नै नाबालिग पीडितालाई जवरजस्ती करणीको बालबिज्याइ प्रतिबादीबाट भएको ठहर हुन पर्याप्त रहेको हुँदा निज तर्फका बिद्वानको बहश सँग सहमत हुन सकिएन ।

अब बादी पक्षको दाबी अनुरुप यी प्रतिबादीलाई अरोपित बाल बिज्याई (जवरजस्ती करणी) को कसूरमा के कस्तो सजाय हुने रहेछ भन्ने तर्फ बिचार गर्दा माथीका प्रकरणमा उल्लेख भए बमोजिम पीडितको यौनाङ्गमा देखिएको घर्षणको संकेत र निज पीडिताको किटानी पोल, किटानी जाहेरी र मौकामा कागज गर्ने मानिसहरु जाहेरवाली, पीडित, घटनाविवरणकी दिपा खत्रीको अदालतको बकपत्र समेतबाट वारदात मितिका दिन यी प्रतिवादी परिवर्तित नाम पम्बाले पीडिता नाम परिवर्तित एच लाई जबरजस्ती करणीको बालविज्याई गरेको भन्ने पुष्टि भै रहेको र पीडिता १० वर्ष मुनीकी नाबालिका र पीडक प्रतिवादी १४ बर्ष मुनीको नाबालक रहेको भन्ने कुरामा विवाद नरहेको हुँदा यी प्रतिवादी परिवर्तित नाम पम्बाले अभियोग दाबी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरित ३(१) नं.को कसूर गरेको पुष्टि हुन आएकोले साबालकलाई सो नं.ले न्युनतम १० बर्षकैद सजाय हुनेमा निजको उमेर १४ बर्षभन्दा मुनिको नाबालक भएकोले सो नं. ले हुने सजाय नहुने भै बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम आपराधिक दायित्व निर्धारण गर्नुपर्ने हुँदा निजको शारिरीक तथा मानसिक अवस्था, अपराधको परिस्थिति एवं निज हाल कक्षा ८ मा अध्ययनरत रहेको स्थिति समेतलाई मध्येनजर गरी सोही दफा अनुसार कैद महिना ३ को सजाय हुने ठहर्छ । सो सजायको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को देहाय २ बमोजिम कैद नगरी सजाय स्थगन गरीदिएको छ।

तर सो सजाय कार्यन्वयन गर्न प्रतिवादीलाई सुधारात्मक दिशा तर्फ दिशान्तर गर्न मनासिब देखिदा निजलाई तोकिएको ३ महिना कैद वापत प्रत्येक महिनाको एक पटक जिल्ला महिला तथा बालबालिका कार्यालय खोटाङका बाल संरक्षक निरीक्षक समक्ष अभिभावक सहित उपस्थित हुन जाने सर्त सहित कागज गराई निजलाई ६ महिनासम्म लगातार उक्त कार्यालयमा आवश्यक सुधार गर्ने गरी पठाई र सो कार्यालयबाट सो को प्रतिवेदन लिई सुधार भएमा सो कैदको सजाय असूल जनाउने गरी तोकिदिएको छ ।

क्षतिपुर्तिको हकमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. ले पीडितलाई

प्रतिवादीको अभिभावकबाट रु ५०,०००/– (पचास हजार) क्षतिपूर्ति दिलाई भराई दिनु । सो ठहर्नाले अरु कुरा तपसिलमा उल्लेख भए बमोजिम हुने गरी प्रस्तुत मुद्दा आजै फैसला गरिदिए ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिए अनुसार प्रतिवादी परिवर्तित नाम पम्बालाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम कैद महिना ३ (तीन) सजाय हुने ठहरी फैसला भएको हुँदा निज मिति २०७३/५/१४ गते देखि २०७३/५/२५ गते सम्म दिन १२ मुद्दा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७३/५/२६ गतेको आदेशानुसार निजका बावुले बुझि लगी मुद्दा पूर्पक्षमा रहेको देखिदा प्रहरी हिरासतमा रहेको मिति कट्टा गरी बाँकी कैद २ महिना १८ दिन कैद बेरुजु हुँदा लगत कस्नु । निज प्रतिवादीलाई लागेको कैद बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को देहाय २ नं. बमोजिम हाललाई कैद नगरी सजाय स्थगन गरीदिएको छ तर प्रतिवादी परिवर्तित नाम पम्बालाई लागेको सजाय कार्यन्वयन गर्न प्रतिवादीलाई सुधारात्मक दिशातर्फ दिशान्तर गर्न मनासिब देखिदा निजलाई लागेको ३ महिना कैद वापत प्रत्येक महिनाको एक पटक जिल्ला महिला तथा बालबालिका कार्यालय, खोटाङका बाल संरक्षक निरीक्षक समक्ष अभिभावक सहित उपस्थित हुन जाने शर्त सहित निजलाई ६ महिना सम्म लगातार उपस्थित गराउने छु भनी निजका बाबु परिवर्तित नाम मान लाई कागज गराई सोको निस्सा मिसिल सामेल राख्नु.......................................................................................१

उक्त इन्साफमा चित्त नबुझे पत्र प्राप्त भएका मितिले ७०(सत्तरी) दिन भित्र श्री उच्च अदालत बिराटनगर, अस्थाई इजलास ओखलढुंगामा पुनराबेदन गर्नुहोला भनी प्रतिवादी परिवर्तित नाम पम्बालाई पुनरावेदनको म्याद दिनु.................................................................२

परिवर्तित नाम पम्बालाई ६ महिना सम्म लगातार उपस्थित गराएपछि आवश्यक सुधार भएमा सोको प्रतिवेदन यस अदालतमा पठाइदिन भनी जिल्ला महिला तथा बालबालिका कार्यालय, खोटाङमा पत्र लेखि पठाई दिनु.......................................................................................३

महिला तथा बालबालिका कार्यालय, खोटाङबाट लगातार छ महिना प्रतिवेदन प्राप्त भएपछि सुधार भएको जानकारी प्राप्त भएमा निज प्रतिवादी परिवर्तित नाम पम्बालाई लागेको कैद सजाय असुल जनाउनु.......................................................................................................४

प्रस्तुत मुद्दाको फैसाला भएको जानकारी फैसलाको प्रतिलिपी साथै राखी जिल्ला सरकारी कार्यालय, खोटाङ दिक्तेललाई दिनु..................................................................................५

प्रतिवादी परिवर्तित नाम पम्बाको कसूर बापत निजको अभिभावक समेत बाट पीडिताले मुलुकी

ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम रु ५०,०००/– (पचास हजार) क्षतिपूर्ति भराई पाउने ठहरी फैसला भएको हुँदा तत्काल प्रतिबादीका अभिभाबक नाम दर्ताको अभियोगपत्रमा उल्लेखित जग्गा रोक्का राखी प्रस्तुत मुद्दा अन्तिम किनारा भएपछि पीडितले निबेदन दिए सोही जेथा मध्येबाट पीडितालाई क्षतिपूर्ती बापत केही दस्तुर नलिई भराई दिनु...........................६

सरोकारवालाले फैसलाको नक्कल माग गरे गोपनियता सम्बन्धी नियमको अधिनमा रही नियमानुसार गरी नक्कल सारी सरनईदिनु...............................................................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत फैसला सर्वोच्च अदालतको वेभसाइटमा अपलोड गरी मिसिल अभिलेख फाँटमा बुझाईदिनु........................................................८

प्रस्तुत पाना ९ (नौ) को फैशला मा.जि.न्या. ज्यूले बोली टिपाए बमोजिम

टिपोट गर्नेः– ना.सु. चरिन्द्र प्रसाद आचार्य

टाइप गर्नेः– डिङ्खा डेन्जर खनाल

फाँटः– मुद्दा फाँट ख

जिल्ला न्यायाधीश ः

शान्ति प्रसाद आचार्य

इति सम्वत् २०७३ साल फाल्गुन महिना २४ गते रोज ३ शुभम्...............................।

**श्री**

**बाँके जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री तेजनारायण पौडेल**

**फैसला**

**सम्वत २०७३ सालको ७४–०७३–१३३५/७३–CR–०२७४**

**नि.नं. २१२**

**दायरी मितिः– २०७३/१०/११**

**मुद्दाः– जबरजस्ती करणी**

**वादीको नाम, थर, वतनः–**

नाम परिवर्तित संकेत ६५ कोहलपुर (v) को जाहेरीले नेपाल सरकार.................१

**प्रतिवादीको नाम, थर, वतनः-**

परिवर्तित नाम बर्ष १५ को संकेत ६५ (सल्यान).................................१

**साक्षीः–**

जाहेरवाला परिवर्तित नाम संकेत ६५

घटना विवरणका मानिसहरु

**प्रमाणः–**

**दशीः–**

**प्रमाणः-**

**साक्षीः-**

प्रकाश विष्ट, प्रेम नेपाली

**अदालतबाट बुझेको**

प्रमाणः-

साक्षीः-

जाहेरवाली ६५ कोहलपुर (v)

साक्षी प्रकाश विष्ट

घटना विवरण कागज गर्ने रुपलाल बोहरा

कागज

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राअधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

**तथ्य खण्ड**

जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं.७ स्थित पुर्बमा संकेत नं A को एक तले कच्ची घर पश्चिममा B को खालि जग्गा, उत्तरमा C को खाली जग्गा, दक्षिणमा सार्बजनिक बाटो यति चार किल्लाभित्र रहेको परिबर्तित नाम संकेत ६५ कोहलपुर (v) को पुर्ब मोहडा भएको एक तले २ कोठा भएको कच्ची घर उक्त घरको पश्चिम तर्फको कोठामा सुतिरहेकी पिडित संकेत ६५ कोहलपुर (v) लाई मिति २०७३/९/१७ गते अं. १९:३० बजेको समयमा प्रतिवादी परिबर्तित नाम संकेत नं.६५ (सल्यान) कोठामा प्रबेश गरी पिडितलाई जबरजवस्ती करणी गरेको र करणी गर्दा निज पिडितले लगाएको सुरुवाल र सुईटर च्यातिएको भन्ने ब्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७३/९/१७ गते अं. १९:३० बजेको समयमा म आफ्नै घर कोठामा सुतिरहेको अबस्थामा प्रतिवादी परिबर्तित नाम संकेत ६५ (सल्यान) कोठामा प्रबेश गरी मेरो मुख थुनि बोल्न कराउन नदिई जबरजवस्ती करणी गरेको र सोही क्रममा मेरो सुरुवाल समेतका कपडा च्यातिएकोले निज प्रतिवादीलाई पक्राउ गरी कानुन बमोजिम गरी पाउँ भन्ने व्यहोराको संकेत ६५ (v) को जाहेरी दरखास्त ।

वारदात पश्चात भागि फरार भएको प्रतिवादी परिबर्तित नाम संकेत ६५ (सल्यान) लाई पक्राउ गरी दाखिला गरेको भन्ने ब्यहोराको प्र.स.नि. सोम बहादुर सारुमगरको पक्राउ प्रतिवेदन ।

पिडित संकेत ६५ (v) र प्रतिवादी परिवर्तित नाम संकेत ६५ (सल्यान) को स्वास्थ्य परीक्षण गरी पठाई दिन हुन भनी भेरी अंचल अस्पताललाई लेखेको पत्र ।

अुसन्धानको क्रममा यस कार्यालयमा उपस्थित भएकी पिडित संकेत ६५ (v) लाई खोजी भएका बखत यस कार्यालयमा दाखिला गर्ने गरी जिम्मा बुझि लिएको कागज ।

मिति २०७३/८/२७ गते म भारत जानको लागि गाउकै मानिससंग घरबाट हिडेकोमा ठेकेदारले मलाई कोहलपुरमै छाडी भागि गएकोले मसंग भारत जाने भाडा नभएको कारण कोहलपुरमा रहेकी दिदीलाई फोन गरी दिदीले घरमा आईजा भनेकाले म कोहलपुर तिरै काम गर्ने मनसायले दिदीको घरमा बसी काम गरी रहेकोमा मिति २०७३/९/१३ गते ९८०९८१२३३५ नं.को मोवाईलबाट मेरो ९८१६५५५३६७ नं. को मोवाईलमा मिसकल आएकोले मैल सो मिसकल आएको नम्वरमा डायल गर्दा नचिनेको महिलाले फोन उठाई निजसंग मिति २०७३/९/१६ गते सम्म कुराकानी भएको र मिति २०७३/९/१७ गते वेलुका अन्दाजी १९ वजे निज महिलाले मलाई फोन सम्पर्क गरी तपाईसंग भेटन गर्न मन लागेको छ । धैरै माया लागेको छ । मलाई भेटन आउनु

होस भनि मलाई स्थानको वारेमा जानकारी गराई निजको घर नजिकै अरहर वारीमा वोलाएकाले म निजलाई भेटन भनी जाँदा निज पहीला नै उक्त अरहर वारीमा आई वसेकी र मलाई घरमा नै जाउँ भनी मेरो हात समाती आफ्ना घर कोठामा लगी पहीला नै भुईमा लगाएको विस्तरामा पल्टीएर आफ्नो सुरुवाल खोली सकेपछी मेरो पाईन्ट खोली करणी गर भनेकाले मैले करणी गर्न लागी रहेको अवस्थामा यौनीमा लिङ्ग छिराउन नपाउँदै रुपलाल वोहराभित्र प्रवेश गरी मलाई हात मुक्काले कुटपिट गरी वाहिर निकाली लाठी समेतले कुटपिट गरेको र अन्य छिमेकीहरुले थाहा पाई मलाई समाति हातपात गरी प्रहरीलाई खबर गरेकोले प्रहरी नआउदै निजहरुको पंजाबाट भागि उम्की गएकोमा मिति २०७३/९/१९ गते प्रहरीले पक्राउ गरी ल्याएका हुन् । मैले निज पिडितलाई बल जफत कपडाहरु च्याति करणी गरेको होईन भन्ने ब्यहोराको नाम परिवर्तित प्रतिवादी संकेत ६५ (सल्यान) ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

पीडित संकेत नं. ६५ v को शरिरमा कोतरिएको, चिथोरिएको जस्ता संघर्षका चिन्हहरु नभएको, निजको शरिरीक मानसिक अवस्था ठिक रहेको र अन्य विवरण खुल्न नआएको भन्ने पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदन।

प्रतिवादी संकेत नं. ६५ (सल्यान) को पिठको भागमा कोतरिएको, Wrist Joint मा कोतरिएको तथा आँखाको भागमा निलडाम देखिएको र अन्य विवरण खुल्न नआएको भन्ने प्रतिवादीको स्वास्थ्य परिक्षण प्रतिवेदन ।

वारदातको दिन वेलुका १९:३० वजे म पीडितको घरमा जाँदा ढोका खुल्लै भएकाले कोठामा प्रवेश गर्दा पछि नामथर खुलेका प्रतिवादी संकेत नं.६५ (सल्यान) नाङ्गो अवस्थामा रहेका र जाहरवालीले मलाई जवरजस्ती करणी गरेको भनेकाले निजलाई विस्तरावाट उठाउन खोज्दा मुखमा रुमाल वाँधेको र रुमाल खोल्न खोज्दा भागी गएकाले अन्य स्थानीयहरुलाई वोलाई खोजतलास गर्दा फेला परेकाले छिमेकीहरु र म समेतले कुटपिट गरेका हौं भन्ने समेत व्यहोराको रुपलाल वोहराको घटनाविवरण कागज ।

मिति र समयमा म आफ्नै घरमा थिए । सोही समयमा प्रतिवादी परिवर्तित नाम संकेत ६५ (सल्यान) पिडितको घर कोठामा प्रवेश गरी एक्लै सुतिरहेकी निज पिडितलाई जबरजवस्ती करणी गरी भागी फरार भएको भन्ने कुरा वारदतको केही समय पछी थाहा पाई निज छोरीको घरमा जाँदा निजको शरीरको तल्लो भागको कपडा च्यातिएको अवस्थामा देखेको भन्ने समेत व्यहोराको संकेत ६५ v-१ र भिम बहादुर बोहराले गरेको करिब एकै मिलानको फरक फरक घटना बिबरण कागज ।

मेरो छोरा परिवर्तित नाम संकेत ६५ (सल्यान) १६ बर्ष मुनिको नाबालक भएकोले निजलाई मेरो जिम्मामा राखी अनुसन्धान कार्य गरी पाउँ भन्ने ब्यहोराको पिडितको आमाले बाँके जिल्ला अदालतमा दिएको निवेदन ।

परिवर्तित नाम संकेत ६५ (सल्यान) लाई बाल बालिका सम्बन्धी ऐन २०४८ को दफा १५ समेतलाई दृष्टिगत गरी थप अनुसन्धान कार्य गरी ७ दिनभित्र अभियोग पत्र पेश गर्नु भन्ने बाँके जिल्ला अदालतको आदेश।

उल्लेखित आधार कारण एवं सवुद प्रमाणहरुबाट वर्ष १५ का प्रतिवादी संकेत नं. ६५ सल्यानले वारदातको दिन साँझको १९:३० वजे जाहेरवाला तथा पीडितको घर कोठामा गई वर्ष २२ की पीडित संकेत नं. ६५ कोहलपुर (v) लाई करणी गरेको देखिएकाले निज प्रतिवादी संकेत नं.६५ सल्यानको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं ३(५) नं.अन्तर्गतको कसुर अपराध भएकाले निज प्रतिवादी संकेत नं.६५ सल्यानलाई सोही महलको ३(५) नं. बमोजिम सजाय गरी पिडितलाई प्रतिवादीवाट सोही महलको १० नं. बमोजिम मनासिव क्षतिपुर्ति दिलाई भराई पाउन र निज प्रतिवादी संकेत नं.६५ सल्यानको जन्म दर्ता प्रमाण-पत्रवाट निजको उमेर १५ वर्षको भएको देखिएकाले निजलाई वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) वमोजिम सजाय गरी पाउँ भन्ने अभियोग पत्र ।

मिति २०७३/९/१७ गते को मेरो उपरको जाहेरी दरखास्त र घटनाविवरण मुचुल्का पढीवाची सुनाउँदा सुनी पाए । जाहेरी वेहोरा सबै झुठ्ठा हो । मैले निज पिडितलाई जबरजस्ती करणी गरेको होइन । म निजलाई चिन्दैन । म बाटोमा हिडिरहेको बेला गाउँका मान्छेले चोर चोर भनी मलाई पिटेकाले मलाई चोट लागेको हो । अभियोग दावी बमोजिम मैले कुनै कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत वेहोराको प्रतिवादी परिवर्तित संकेत ६५ सल्यानले यस अदालतमा गरेको वयान ।

प्रतिवादी उपरको जाहेरवालीले किटानी जाहेरी, तथा प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष वयान गरेको घटना विवरण कागज समेत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी निर्दोष हुन् भनी भन्न सकिने अवस्था नदेखिंदा निज प्रतिवादीको उमेर १५ बर्ष देखिन आई अभियोजन पक्षबाट समेत बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(३) को माग दावी लिएकोले निजको उमेर, शिक्षा, स्वास्थ्य समेतलाई दृष्टिगत गरी पूर्पक्षका लागि थुनामा राख्न उपयुक्त नदेखिंदा अदालतले खोजेका वखत दाखेल गराउने शर्तमा कागज गराई निज प्रतिवादीलाई ऐ. ऐन को दफा ५०(१) बमोजिम अभिभावकको जिम्मा लगाई दिनु, प्रतिवादीहरु चुक्ता भैसकेको र निरन्तर सुनुवाई अन्तर्गतको मुद्दा हुँदा वादी तथा प्रतिवादीका साक्षीहरु बकपत्रको लागि मिति २०७३/१०/२५ गते जिल्ला सरकारी वकील कार्यालय बाँके मार्फत उपस्थित गराउनु भन्ने मिति २०७३/१०/१२ गतेको आदेश ।

आदेशानुसार परिवर्तित संकेत ६५ (सल्यान) लाई अदालतले खोजेको बखत उपस्थित गराउने छु भनी गरेको कागज मिसिल सामेल रहेको ।

मिति २०७३/९/२० गते जाहेरी दरखस्त दिएको हुँ । त्यसमा भएको वेहोरा मेरै हो । धेरै अधेरो भएको कारणले मलाई जबरजस्ती करणी गर्ने मानिसलाई चिन्दैन । गाउँलेहरुले हामीले चिनेका छौं यो मानिस हो भने पछि जाहेरी दिएको हुँ भन्ने समेत वेहोराको जाहेरवाली परिवर्तत संकेत ६५ कोहलपुर (v) ले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी संकेत ६५ सल्यान भन्ने प्रतिवादी भारत जान भनी आफ्नो दिदिको घरमा बसेका थिए । प्रतिवादीले जबरजस्ती करणी नगरेको हुँदा निजलाई सजाय हुनु पर्ने होइन । निज प्रतिवादी माथीको अभियोग दावी झुठ्ठा हो । निजले सफाई पाउनु पर्ने हो भन्ने प्रतिवादीका साक्षी प्रकाश विष्टले यस अदालतमा गरेको बकपत्र ।

मिति २०७३/९/२४ गते प्रहरी कक्षमा गरेको कागज पढीबाची सुनाउँदा सुने । सो मितिमा कागज मैले गरेको हुँ । यसमा भएको सहिछाप मेरै हो भन्ने घटना विवरण कागज गर्ने रुपलाल बोहराले गरेको बकपत्र ।

यसमा प्रतिवादी नावालक भएको अवस्था भएकोले निजका सम्बन्धमा बालमनोवैज्ञानीक एवं समाज सेवीबाट प्रतिवेदन पेश गर्न लगाई निजहरुलाई समेत मुद्दा पेशीमा चढेको जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७३/११/०९ गतेको आदेश बमोजिम बालमनोवैज्ञानीक र समाज सेवीबाट राय प्रतिवेदन प्राप्त भइ मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत जबरजस्ती करणी मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्र देवकोटाले र प्रतिवादीको तर्फबाट उपस्थित रहुनु भएका विद्वान अधिवक्ता श्री गणेशप्रसाद शर्माले गर्नु भएको बहस समेत सुनियो । मिसिल संलग्न वाल मनोविज्ञानवेत्ता र समाज सेवीको प्रतिवेदन समेत अध्ययन भयो । अब प्रतिवादीले अभियोग दावी बमोजिम कसूर गरेका हुन् होइनन् र सजाय हुनुपर्ने हो होइन ? सो सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

यस्मा निर्णय तर्फ विचार गर्दा, वादी नेपाल सरकारको दावीमा प्रतिवादी संकेत ६५ सल्यान उपर जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(५) नं. अनुसार हुने सजायमा वालवालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. अनुसार सजाय निर्धारण हुन माग दावी लिई अभियोग पत्र दायर भएको देखियो ।

प्रस्तुत मुद्दामा प्रतिवादी संकेत ६५ सल्यानका सम्बन्धमा यस अदालतका समाज सेवी र वाल मनोवैज्ञानिकको प्रतिवेदन समेत अध्ययन गर्दा मौकामा जाहेरवालीले जाहेरी गर्दा किटानी जाहेर दिएता पनि निजको शारिरीक परिक्षणबाट जबरजस्ती करणीको अवस्था र प्रमाण देखिदैन ।

मौकामा कागज गर्ने प्रत्यक्ष दर्शी भनिएका रुपलाल बोहराले यस अदालतमा आई बकपत्र गर्दा जबरजस्ती करणी गर्ने व्यक्तिलाई चिनिन भनी बकपत्र गरेको देखिन्छ। पिडितले यस अदालतमा आई बकपत्र गर्दा आफुलाई करणी गर्नेलाई रातको समय हुँदा चिन्दिन भनी बकपत्र गरेकी र प्रतिवादीले यस अदालतमा वयान गर्दा इन्कार रही वयान गरेको साथै समाज सेवीको र मनोविज्ञान वेत्ताको प्रतिवेदनबाट परिस्थितीजन्य आधारमा कानूनी द्वन्दमा परेको भनी प्रतिवेदन दिएको समेतका आधार प्रमाणबाट प्रतिवादी उपरको दावी स्थापित हुन नसकी अभियोग दावीबाट सफाई पाउने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ।

**तपसील**

माथि ठहरखण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम संकेत ६५ (सल्यान)ले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले परिवर्तित नाम संकेत ६५ (सल्यान) को हकमा थुनछेकको आदेशले निज प्रतिवादी अभिभावकको जिम्मामा रहेको हुँदा सो तर्फ केही बोली रहनु परेन...........१

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासमा, पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय, बाँकेलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम पुनरावेदनको म्याद दिनु......................२

सरोकारवाला नक्कल माग्न आएमा लाग्ने दस्तुर लिई नक्कल दिनु............................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला विद्युतिय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु...................................................................४

फाँटवालाः- गुप्तीप्रसाद गौली

कम्प्यूटर टाईप गर्नेः सिर्जना पौडेल

(तेजनारायण पौडेल)
न्यायाधीश

इति सम्बत २०७३ साल फागुन २४ गते रोज ३ शुभम्......................................।

**श्री**

**मोरङ जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विनोद कुमार पोखरेल**

**फैसला**

**फौ.दा.नं.** २७-०७३-००७४९

073-Cr-0121

**निर्णय नं.**– ३९७

**मुद्दाः**– **जबरजस्ती करणी उद्योग।**

वादीको नाम, थर, वतनः–

सांकेतिक नाम उर्लावारी क(७१) को जाहेरीले नेपाल सरकार.................१

प्रतिवादीको नाम, थर, वतनः–

सांकेतिक नाम उर्लाबारी क(७४) को छोरा जिल्ला ०९ मधुमल्ला गा.वि.स. वडा नं. ९ बस्ने सांकेतिक नाम उर्लाबारी क(७३)............१

प्रमाणः–

साक्षी–

कागज–

प्रमाणः–

साक्षी–

कागज–

अदालतवाट बुझेको

साक्षीः–

कागजः–

मुलुकी ऐन अ.वं. २९ नं. तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको रही दर्ता भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः–

म जाहेरवालाको ३ जना छोरा छोरी मध्ये जेठी छोरी बर्ष ७ की सांकेतिक नाम उर्लाबारी क(७२) हुन, अन्य २ जना साना छन। मिति २०७३/५/१४ गते दिउसो श्रीमान रोजगारको लागि

विदेश जाने तयारी भएकोले नावालिका छोरा छोरीलाई घरमा छाडी श्रीमान् र म उर्लाबारी-६ स्थित मंगलबारे बजारमा गई सौदापात गरी दुबै जना घरमा पुग्दा छोरी छोरा घरमानै थिए । खासै वास्ता भएन, श्रीमान सँग त्यति बोल्न पनि छोरा छोरी सक्दैन थिए, श्रीमान संग बोल्न समेत डराउथे, सोहि क्रममा श्रीमान मिति २०७३/५/१५गते रोजगारको लागि विदेश जान भनि काठमाण्डौ जानु भयो, ऐ १६ गते दिउसो म दउरामा जगल गई दाउरा लिइ घरमा आउदा मेरो जेठी छोरी बर्ष ७ की सांकेतिक नाम उर्लाबारी क(७२) रुदै म भएको ठाउँमा आई अस्ति तपाईहरु बजार गएको दिउसो अभियुक्त सांकेतिक नाम उर्लाबारी क(७३) दादा हाम्रो घरमा आई मलाई फकाउदै पैसा दिन्छु भन्दै खाटमा सुत्न लगाई निजले पेन्ट खोलि छाडा निकाली मेरो पिसाब फेर्नेमा लगाई छाडा गर्नु पर्छ भन्दै मेरो कटु खोलि छाडा गर्न खोज्दा म कराउन खोज्दा निजले गर्दिन भनी छाडेको र यो कुरा घरमा बताएमा, मेरो श्रीमानले उल्टै कुट्छन् भनि डर देखाएको भनि बताएकी हुदा,अस्ति किन नभनेको भन्दा बुबाको डरले नवताएको हु, यसरी अभियुक्त सांकेतिक नाम उर्लाबारी क(७३) घरमा ठुलो मान्छे नभएको बेला नावालिका छोरी सांकेतिक नाम उर्लाबारी क (७२) लाई मिति २०७३/५/१४ गते दिउसोको समयमा छोरीको कटु खोलि जवरजस्ति करणी गर्न खाजेको हुदा प्रतिबादीलाई पक्राउ गरी कानुन बमोजिम कडा कार्वाही पाउ भन्ने समेत ब्यहोराको सांकेतिक नाम उर्लावारी क(७१) को जाहेरी दरखास्त । मिति २०७३/५/१४ गते दिउसो ममि र बुवा बजार जानु भएको बेला घरमा मेरो सानो भाई सानो बैनि र म खेल्दै गर्दा छिमिकी सांकेतिक नाम उर्लाबारी क(७३) हाम्रो घरमा आई भाई र बैनलिाई बाहिर खेल्न जाउ भनि मलाई छाडा गर्नुपर्छ भनि कटु खोल्न थाल्नु भएकोले म भागि वाहिर जाँदा समाएर खाटमा ल्याई उत्तानो पारी सुताई मेरो कटु खोल्नु भयो अनि सांकेतिक नाम उर्लाबारी क(७३) दादाले पनि छाडा देखाउदै छाडा गर्न खोज्नु भएकोले म कराउदा निजले छाडा गरेनन कसैलाई नभन्नु भनेमा तिमीलाई बुबाले कुटनु हुन्छ म पनि कुटछु भनि त्यहाबाट घर तर्फ जानु भयो डरले बुबा ममि घरमा आउदा भनिन, बुबा विदेश जानु भएकाले ममिलाई सबै कुरा सुनाएको हु भन्ने समेत ब्यहोराकोको पिडिता सांकेतिक नाम उर्लाबारी क(७२) को घटना विवरण कागज ।

जिल्ला मोरङ मधुमल्ला गा.वि.स.वा.नं. ९ स्थित पूर्व, पश्चिमा कृष्ण सुबेदीको धान खेत घर, उत्तरमा तुलसा श्रेष्ठको धान खेत, दक्षिणमा लक्ष्मी झार बाट फाकफुके गाँउ जाने बाटो यती चार किल्ला भित्र दक्षिण मोहडा भई टिनको छाना र बासको भाटाको टाटी भएको सांकेतिक नाम उर्लावारी क(७१) को दुई कोठे घर सो घरको पश्चिम साईडको कोठा भित्र खाटमा मिति

२०७३/५/१४ गते दिउसो १४.०० वजेको समयमा सांकेतिक नाम उर्लावारी क (७३) ले सांकेतिक नाम उर्लावारी क (७२) लाई जबरजस्ति करणी गर्ने प्रयास गरेको हो भनि लेखाई दिइएको घटनास्थल मुचुल्का ।

मिति २०७३/५/१४ गते दिउसो सांकेतिक नाम उर्लारी क (७२) को ममि र बुबा बजार जानु भएकाले म निजको घरमा जाँदा सांकेतिक नाम उर्लावारी क (७२) र निजका साना साना भाइ बहिनि समेत खेल्दै गरेकोले मैले सानो बहिनि र भाईलाई लिएर बाहिर खेल्न जाउ भनि पठाई सांकेतिक नाम उर्लावारी क (७२) लाई छाडा गर्नु पर्छ भन्दै निजको कटु खोल्न लाग्दा निजले हुदैन भन्दै बाहिर भागेर गएकीले मैले निजलाई फकाउदै समाएर घर भित्र ल्याई निजको कटु खोलि मेरो पनि पेन्ट खोलि मेरो छाडा लिङ निजलाइ देखाउदै छाडा गर्नु पर्छ भनि निजलाई छाडा गर्न खोज्दा निज कराउन थालेपछि मैले छाडीदिए भन्ने समेत ब्यहोराको प्रतिबादी उर्लाबारी क(७३) को बयान कागज ।

अभियुक्त सांकेतिक नाम उर्लाबारी क(७३) जाहेरवालाको घरमा गई जाहेरवालाको छोरीलाई फकाउदै खाटमा सुत्न लगाई निजले पेन्ट खोलि छाडा निकाली पिडिताको पिसाब फेर्नेमा लगाई छाडा गर्नु पर्छ भन्दै पिडिताको कटु खोलि छाडा गर्न खोजी सांकेतिक नाम उर्लावारी क(७३) ले सांकेतिक नाम उर्लावारी क(७२) लाई मिति २०७३/५/१४ गते १४.०० बजेको समयमा जबरजस्ति करणी गर्ने प्रयास गरेको हुदा प्रतिबादी सांकेतिक नाम उर्लावारी क(७३) लाई कानुन बमोजिम कार्बाही गरी पाउ भन्ने समेत ब्यहोराको कल्पना लिम्बुको कागज ।

मिति २०७३/५/१४ गते १४.०० बजेको समयमा अभियुक्त सांकेतिक नाम उर्लाबारी क(७३) जाहेरवालाको घरमा गई जाहेरवालाको छोरीलाई फकाउदै पैसा दिन्छु भन्दै खाटमा सुत्न लगाई निजले पेन्ट खोलि छाडा निकाली पिडिताको पिसाब फेर्नेमा लगाई छाडा गर्नु पर्छ भन्दै पिडिताको कटु खोलि छाडा गर्न खोजी सांकेतिक नाम उर्लावारी क(७३) ले सांकेतिक नाम उर्लावारी क(७२) जबरजस्ति करणी गर्ने प्रयास गरेको हुदा प्रतिबादी सांकेतिक नाम उर्लावारी क(७३) लाई कानुन बमोजिम कार्बाही होस भन्ने समेत ब्यहोराको चन्द्र कुमारी श्रेष्ठ समेतले एकै मिलानमा लेखाई दिईएको बस्तुस्थिति मुचुल्का ।

सांकेतिक नाम उर्लावारी क(७२) को शारिरिक परिक्षण प्रतिवेदन ।

मिति २०७३/५/१४ गते अं. १४.०० बजेको समयमा जिल्ला मोरङ्ग मधुमल्ला गा.वि.स.वा.नं.९ स्थित जाहेरवालीको आफ्नै घर कोठामा वर्ष ७ कि पिडिता सांकेतिक नाम

उर्लावारी क(७२) लाई प्रतिवादी सांकेतिक नाम उर्लावारी क(७३) ले करणी गर्ने मनसायले पिडिताको साना भाई वहिनीलाई बाहिर पठाई सोही मौकामा पिडितालाई छाडा गर्नु पर्छ भन्दै आफ्नो कट्टु फुकाली पिडितालाई खाटमा उत्तानो बनाई छाडा (लिङ्ग) देखाई पिडिताको समेत कटु फुकाली करणी गर्न खोज्दा पिडिताले इन्कार गरी हल्ला गरेको कारण निज प्रतिवादीले जवरजस्ती करणी गर्न नपाई जवरजस्ती करणीको उद्योगको वारदात घटाएको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादी सांकेतिक नाम उर्लावारी क(७३) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुर अपराधमा ऐ ऐन, ऐ. महलको ३(१) नं. वमोजिम हुने सजायमा ऐ ऐन, ऐ महलको ५ नं. वमोजिम सजाय गरी पाउन र प्रतिवादी सांकेतिक नाम उर्लावारी क(७३) को उमेर १३ वर्ष १० महिना २५ दिन भएको निजको जन्मदर्ता प्रमाणपत्र मिसिल सम्लग्न रहेको देखिदा निज प्रतिवादीलाई वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(२) वमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र ।

मिति २०७३।५।१४ गते अन्दाजी १४.०० बजेको समयमा म घरमै थिए उक्त दिन कोही पनि मानिस सँग भेट भएन, मैले जाहेरीमा उल्लेख गरे अनुसार जाहेरवालीको छोरीलाई जबरजस्ती करणी गर्ने उद्योग गरेको होइन भन्ने समेत बेहोराको प्रतिवादी सांकेतिक नाम उर्लावारी क७३ ले गरेको बयान ।

प्रतिवादी कलिलो उमेरको कक्षा ८ मा पढ्दै गरेको भन्ने निजको बावुको समेत भनाई रहेको घटित अपराधको प्रकृति र अवस्था हेरि हाललाई यी प्रतिवादीलाई घर परिवारबाट टाढै (अलग्गै) एवं शिक्षा दिक्षा राम्रो हुने ठाँउ अपर्याप्त बाल सुधार गृह विराटनगरमा राख्न पठाउन निज नावालक प्रतिवादीको सर्वोत्तम हितका खातिर मनासिव देखिदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाल लाई यी प्रतिवादीलाई बाल सुधार गृहमा राख्न लेखी पठाउनु भन्ने समेत बेहोराको मिति २०७३/५/२९ को थुनछेकको आदेश ।

यस अदालतको आदेशानुसारको कार्य सम्पन्न गरी मिसिल सामेल रहेको ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी आज इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट उपस्थित विद्धान् जिल्ला न्यायाधिवक्ता श्री पुण्य प्रसाद पाठकले वादी दावी पिडितको वयान एवं प्रतिवादीको स्वीकारोक्ति वयानबाट प्रमाणित भई रहेकोले अभियोग दावी बमोजिम गरि पाउँ भनी बहस गर्नु भयो । प्रतिवादी तर्फबाट उपस्थित

विद्वान् वैतनिक अधिवक्ता श्री वल राम ठाकुरले प्रमाण ऐन २०३१ को दफा १८ एवं २५ बमोजिम वादी तर्फबाट वादी दावी प्रमाणित गर्न कुनै पनि प्रमाण आउन सकेको छैन । लुगा खोल्न र खोल्न लगाउने जबरजस्ती करणीको उद्योगको अवस्था हैन । तसर्थ मेरा पक्ष बालक समेत रहेको हुँदा आरोपित कसुरबाट सफाई दिनू पर्दछ भनी बहस गर्नु भयो ।

उल्लेखित तर्क पूर्ण बहस सुनी निर्णय तर्फ विचार गर्दा सांकेतिक नाम उर्लावारी क(७३) ले करणी गर्ने मनसायले पिडिताको सानो भाई बहिनीलाई बाहिर पठाई सोही मौकामा पिडितलाई छाडा गर्नु पर्छ भन्दै आफ्नो कट्टु फुकाली पिडिता लाई खाटमा उत्तानो बनाई छाडा लिङ्ग देखाई पिडिताको समेत कट्टु फुकाली करणी गर्न खोज्दा पिडिताले इन्कार गरी हल्ला गरेको कारणबाट जबरजस्ती करणी गर्न नपाई जबरजस्ती करणीको उद्योगको वारदात घटाएको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी सांकेतिक नाउँ उर्लावारी क(७३) लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुर अपराधमा ऐ. महलको ३(१) नं. बमोजिम हुने समयमा ऐ. ऐन ऐ. महलको ५ नम्बर बमोजिम सजाय गरी पाउन र निज प्रतिवादीको उमेर १३ बर्ष १० महिना २५ दिन भएको निजको जन्म दर्ता प्रमाण पत्र बाट देखिदा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११(२) बमोजिम गरि पाउँ भनि वादी नेपाल सरकारको तर्फबाट अभियोग दावी दर्ता हुन आएको पाइन्छ ।

उपरोक्त बमोजिमको अभियोग दावीको सम्बन्धमा मिसिल संलग्न प्रमाणहरु अध्ययन गरी आरोपित बाल विज्याई यी प्रतिवादीले गरेका हुन्, होइनन् निजलाई उक्त विषयमा के-कुन सजाय गरिनू पर्ने हो भनि मिसिल संलग्न तथ्य प्रमाणहरु अध्ययन गरी हेर्दा पति वैदेशिक रोजगारीमा जाने तयारीमा म तथा पति समेत बजार गएको अवस्थामा मिति २०७३/५/१४ गते दिउँसो घर कोठामा केटा केटी बसिरहेको स्थानमा आएका सांकेतिक नाउ उर्लावारी क(७३)ले पैसा दिन्छु भनि फकाई वर्ष ७ की छोरी उर्लावारी क(७२) लाई खाटमा सुत्न लगाई निजले पेन्ट खोली छाडा निकाली पिसाब फेर्नेमा लगाई छाडा गर्नु पर्छ भन्दै कट्टु खोली छाडा गर्न खोज्दा छोरीले कराउदा निजले छाडेको कुरा निजको बुवा हुँदा डरले नभनेकी र बावु काठमाण्डौ गएपछि मिति २०७३/५/१६ गतको दिन भनेकीले जाहेरी लिई आएको छु प्रतिवादीलाई पक्राउ गरी कडा कारवाही गरी पाउ भन्ने समेतको जाहेरी दरखास्त रहेको प्रस्तुत मुद्दामा बुझिएकी बर्ष ७ की पिडित भनिएकी उर्लावारी क(७२) ले आमा र बुवा बजार जानु भएको थियो घरमा मेरो सानो भाई सानो वैनि र म खेल्दै गर्दा छिमेकी सांकेतिक नाउँ उर्लावारी क(७३) (दादा) हाम्रो घरमा आई र बैनी लाई बाहिर खेल्न

जाउ भनि मलाई छाडा गर्नु पर्छ भनी कट्टु खोल्न लगाई उत्तानो पारी सुताई मेरो कट्टु खोल्नु भयो अनि निज दादाले पनि छाडा देखाउदै छाडा गर्न खोज्नु भएकाले म कराउदा निजले छाडा गरेनन् कसैलाई नभन्नु, भनेमा तिमीलाई बुवाले कुट्नु हुन्छ म पनि कुट्छु भनि त्यहाँ बाट घर तर्फ जानु भयो भनि मिति २०७३/५/१७ मा कागज गरि दिएको देखिन्छ ।

ततः कसुरमा पक्राउ गरिएका बालक प्रतिवादी उर्लावारी क(७३) ले अधिकार प्राप्त अधिकारी समक्ष छाडा गर्नु पर्छ भनि पिडित उर्लावारी क(७२) लाई खाटमा सुताई निजको कट्टु खोली मेरो पनि पेन्ट खोलि लिङ्ग देखाउदा निज कराउन लागेकील मैले छाडी कसैलाई नभन्नु भनि घर तर्फ गएको हुँ भनी लेखाएकोमा सो विषयमा अदालत समक्ष इन्कार रहेको देखिन्छ ।

पिडितको शारिरिक परिक्षण हुँदा शरिरमा कुनै चोटपटक लागेको नदेखिएको भनि Medical Report प्राप्त भई मिसिल संलग्गन रहेको पाईन्छ । तथापी अनुसन्धानमा जबरजस्ती करणी गर्न प्रयास स्वरुप प्रतिवादी बालकले बल प्रयोग गरेको लडाएको र पिडित तर्फबाट प्रतिरक्षात्मकताका सन्दर्भमा कुनै कार्य भएको भन्ने नदेखिदा चोट पटकको अवस्था रहेको विषयमा वादी तर्फबाट सुरु बाटै जिकिर हुन सकेको पाईदैन ।

पिडित भनिएकी बालिकाको कट्टु खोल्नु र प्रतिवादीले आफ्नो पनि कट्टु खोल्नु नै जबर जस्ती करणीको उद्योग हो, होइन ? भन्ने सन्दर्भमा विवेचनाको विषय भए पनि उक्त कृया भएको हो भन्ने वादी पक्षले प्रमाण ऐन, २०३१ को दफा १८ एवं २५ को सन्दर्भमा गवाह लगायत पिडित समेतलाई अदालत समक्ष उपस्थित गराई वकपत्र गराउनु पर्नेमा दुई पटक आदेश भई वादी तर्फलाई पत्राचार गर्दा समेत कोही पनि आउन सकेको पाईदैन।

कानूनको सम्पर्कमा आएको यी प्रतिवादी बालकका सन्दर्भमा भएको सामाजिक अध्ययन प्रतिवेदन र मनो सामाजिक अध्ययन प्रतिवेदन समेतबाट यी प्रतिवादी बालकको आचरणमा सुधार अएको अवस्था समेत देखिन आएको छ । तथापी यी प्रतिवेदनले कसुर स्थापित हुन प्रमाणित महत्व राख्ने नदेखिदा सोहो आधारमा कसुर सजाय गर्न समेत मिल्ने देखिदैन ।

अतः वादी अभियोग दावी प्रमाणित गर्ने दायित्व रहेको वादी तर्फ बाट प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम वादीको गवाह लगायत कुनै पनि साक्षी उपस्थित भई अदालत समक्ष बकपत्र गर्न सकेको पाईदैन । तसर्थ आरोपित कसुरमा इन्कार रहेका प्रतिवादी उपरको आरोपित कसुर विश्वसनिय एवं खम्वीर प्रमाणबाट प्रमाणित हुन आएन । अतः आरोपित कसुर बाट प्रतिवादी उर्लावारी क७३ ले सफाई पाउने ठहर्छ । वादी अभियोग दावी पुग्न नसक्ने ठहर्छ ।

प्रतिवादी बनाईएका बालक सांकेतिक नाउँ उर्लावारी क(७३) यसै अदालतको आदेशबाट बाल सुधार गृहमा रहेको देखिदा निजले आरोपित कसुर बाट सफाई पाएको हुँदा माथवर मानिसको जिम्मा छाडी दिनू भनी बाल सुधार गृह विराटनगरमा लेखी पठाई दिनू । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बमाजिम फैसला गरि दिए ।

**<u>तपसील</u>**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सांकेतिक नाम उर्लावारी क (७३) ले अभियोग दावीको आरोपित कसुरबाट सफाई पाउने ठहरेकाले प्रतिवादी नाबालक सांकेतिक नाम उर्लावारी क (७३ लाई माथवर मानिसको जिम्मा छाडी दिनू भनी बाल सुधार गृह विराटनगरमा लेखि पठाई दिनु...........................................................................................१

यो इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र श्री उच्च अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपी सहित जि.स.व.का. मोरङ्गलाई पुनरावेदनको म्याद दिनू..................२

सरोकारवालाले नक्कल माग गर्न आए लाग्ने दस्तुर दिई कानूनको रित पुऱ्याई नक्कल सारी वा सराई दिनु.............................................................................................
.३

प्रस्तुत मुद्दाको विद्युतिय प्रति अपलोड गरी निस्सा जनाई राख्नु...............................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू................५

टिपोट गर्नेः- ना.सु.गोविन्द प्रसाद दाहाल

कम्प्युटर टाईप गर्नेः- मन्जु देवान

फाँट नं. २

.................

न्यायाधीश

इति सम्वत् २०७३ साल चैत्र ६ गते रोज १ शुभम्...........................................।

**श्री**

**कैलाली जिल्ला अदालत**

**वाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री धन सिंह् महरा**

**फैसला**

**उपस्थितिः**

**वाल मनोवैज्ञानिक श्री अम्वादत्त जोशी**

**समाजसेवी श्री विमला पन्त ओझा**

**र.नं. ०८५-०७३-००४५५**

**मुद्दा नं. ०७३-CR-०१३२**

**निर्णय नं. २००**

**मुद्दाः- जवरजस्ती करणी सम्वन्धि वाल विज्याइ**

**वादीको नाम, थर, वतनः-**

परिवर्तित नाम कैलाली ७१ (ठ) को संरक्षक आमाको जाहेरीले नेपाल सरकार..१

**ऐ.को.साक्षीः**

जाहेरवाली ७१ (ठ) को संरक्षक आमा

वस्तुस्थिति मुचुल्काका कल्पना साउद

ऐ. को प्रमाण/कागज..................

**प्रतिवादीको नाम, थर, वतनः-**

जिल्ला कैलाली वस्ने परिवर्तित नाम कैलाली ७१ (८)....................................१

**ऐ.को.साक्षीः**

ऐ.को.प्रमाण/कागज........................१

**अदालतबाट बुझेको**

मिसिल संलग्न कागजातहरु

मुद्दाको संक्षिप्त तथ्य व्यहोरा यस प्रकार छ ।

म जाहेरवालाको नाबालक छोरी परिवर्तित नाम ७१ (ठ) यहि मिति २०७३/९/०२

गते दिनको अन्दाजी ३.०० बजेको समयमा दिशा पिसाब गर्नका लागी घरवाट निक्ली मनेहराको जंगलमा गएको अवस्थामा प्रतिबादीले मेरो छोरीलाई ललाई फकाई उक्त स्थानबाट भाग्न उम्कन नदिई विभिन्न किसिमका प्रलोभन देखाई आफ्नो नियन्त्रणमा लिई भाग्न उम्कन नदिई जबरजस्ती करणी गरी निज छोरी रुदै कराउदै शरीरमा रगताम्य भई घरमा आउदा के भयो भनी सोध्दा प्रतिवादी परिवर्तित नाम ७१ (८) ले जबरजस्ती करणी गरेको भनेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानुन वमोजिम कार्वाही गरी पाउ भन्ने समेत व्यहोराको पिडीत परिवर्तित नाम ७१ (ठ) को संरक्षकको जाहेरी दरखास्त ।

मिति २०७३/०९/०२ गतेको दिउंसो म आफनै घरमा थिए । मेरो बुवाको ३ वर्ष पहिला नै मृत्यु भएको हुंदा घरमा खुट्टाको अपाङ्ग आमा दिदि र सानो भाई म मात्रै घरमा रहि आएका छौ । वारदात मितिमा आमा घास दाउरा गर्न जंगलमा गएकी दिदि बज्यैको घरमा गएकी अवस्थामा सानो भाई मात्र घरमा भएको अवस्थामा हाम्रो घर नजिकै अन्दाजी २० मी जति टाढा घर भएको प्रतिवादी परिवर्तित नाम कैलाली ७१ (८) म दिशा गर्न भनी घर नजिकै अन्दाजी ४/५ मिनेट पैदल हिडेर पुगिने जंगलमा गई दिशा गर्न लागेको बेलामा एक्कासी पछाडीवाट प्रतिवादी परिवर्तित नाम ७१ (८) आई कम्मरमा हात हाली समाती त्यही नेर भुईमा जवरजस्ती वल प्रयोग गरी भुईमा पल्टाई रु. ५ दिन्छु भन्दै मरो शुरुवाल निजले नै खोली आफ्नो पाईन्ट पनि घुडा सम्म खोली मेरो शरीर माथी चढी आफ्नो उत्तेजित लिङ्ग मेरो योनीमा जबरजस्ती बल प्रयोग गरी मेरो योनी भित्र पसाई जवरजस्ती करणी गरेको हो । निज प्रतिवादीले मेरो योनी भित्र जवरजस्ती आफ्नो लिङ्ग प्रवेश गराउदा योनी दुखी रगत समेत आए पछि निज प्रतिवादीले मलाई सोही स्थानमा छोडी भागी गएको हो । त्यस पछि म रुदै घर तिर आउदा मेरै उमेरका पुजा कठायत संग मैले घटनाका वारेमा भनेपछि निजैकै सहयोगमा पानीले मेरो योनीबाट निस्केको रगत पखाली म घर गएकी हुँ । पछि साँझ ०६.०० बजेको समयमा आमा घास दाउरा बाट आउदा म टोलाई बसेको देखेर के भयो भनी सोध्दा मैले निज प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको कुरा वताएकी हुँ निज प्रतिवादीलाई कानुन वमोजिम कार्वाही हुनु पर्दछ भन्ने समेत व्यहोराको पिडित परिवर्तित नाम ७१ (ठ) को कागज ।

जिल्ला कैलाली धनगढी उप महानगरपालीका वडा नं. ७ मनेहरा स्थित पुर्व पश्चिम र उत्तरमा मनेहरा सामुदायिक वन दक्षिणमा धनगढी मनेहरा जोड्ने मुख्य सडक खण्ड जोड्ने कच्ची बाटो यति चार किल्ला भित्र रहेको मनेहरा सामुदायिक जंगलको बासको फेद नजिक भुईमा माटो खोस्रिएको, भुईमा खसेका पातहरु मडारिएको स्थानमा मिति २०७३/०९/०२ गते दिउसो ०३.००

वजेको समयमा प्रतिवादी परिवर्तित नाम कैलाली ७१ (८) ले पिडीत परिवर्तित नाम ७१ (ठ) लाई जबरजस्ती करणी गरेको भनी देखाएको घटनास्थल मुचुल्का ।

पिडीत परिवर्तित नाम ७१ (८) र मेरो घर संगै भएका कारण चिनजान छ, मिति २०७३/९/२ गतेका दिन शनिवारको विदा भएका कारण बिहानै देखि आफ्नै घरमा नै थिए । सो दिनको दिउँसो अन्दाजी १५.०० बजेको समयमा दिशा पिशाब गर्न भनी मनहेरा सामुदायीक बनमा गएको अवस्थामा पिडीत समेत सोही सामुदायीक बनमा गएकी थिईन । सो सामुदायीक वनमा भेट भए पश्चात मलाई करणी गर्न मन लागी पिडीतलाई करणी गर्न देउ भन्दा पिडीतले हुन्छ भने पश्चात मैले सोही सामुदायीक वनको भ्काडीमा लगी पिडीतले लगाएको फरीया माथि गरी आफ्नो उत्तेजित लिंग पिडीतको योनीमा राखी भित्र छिराउन खोज्दा पिडीतलाई दुखाई भई रुन कराउन लाग्दा मैले करणी गर्न छोडी निज रुदै कराउदै घर तर्फ गई घटनाको बारेमा आफ्नो आमालाई जानकारी गराई निजको घर परिवारले प्रहरीमा जानकारी दिएका हुन मैले एक साता अगाडी साथीको मोबाईलमा अश्लील भिडीयो हेरेको थिए। सोही भिडीयो हेरी मलाई करणी गर्न मन लागेकोले पिडीतलाई जबरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ७१ (८) को अनुसन्धान अधिकारी समक्षको बयान ।

मिति २०७३/९/२ गतेका दिन म बिहानै आफ्नो माईती घर फुलबारी गएकी थिए । पिडीत ७१ (ठ) को संरक्षक मेरो जेठानी हो र पिडीत भतिजी हो । प्रतिवादी मेरो गाउं छिमेकी हो । पिडीत र प्रतिवादीको घर एकै ठाउंमा भएका कारण घर नजिकै रहेको मनहेरा सामुदायीक वनमा दिशा पिशाब गर्नजाने आउने गरेका थिए। वारदात मितिको दिन पिडीत उक्त सामुदायीक वनमा दिशा पिशाब गर्न गएकी अवस्थामा प्रतिबादी परिवर्तित नाम ७१ (८) ले पिडीतलाई बल प्रयोग गरी समाती उक्त सामुदायीक जंगलको एकान्त ठाउंमा लगि पिडीतलाई जबरजस्ती करणी गर्न लाग्दा पिडीतको योनीबाट रगत बगेको देखी प्रतिबादीले करणी गर्न छोडे पश्चात पिडीत रुदै घरमा गई घटनाको बारेमा जानकारी गराएको हो भन्ने समेत व्यहोराको ललिता बि.क.को घटना विवरण कागज ।

मिति २०७३/९/२ गतेका दिन म आफनै घरमा नै थिए। म समेत पिडीत को संरक्षकको बसाई एउटै गाउं टोलमा हो। सो दिनको अन्दाजी १५.०० बजेको समयमा पिडीत परिवर्तित नाम ७१ (ठ) घर नजिकै रहेको मनहेरा सामुदायीक वनमा दिशा पिशाब गर्न गएकी अवस्थामा सोही जंगलमा गएका प्रतिवादी परिवर्तित नाम ७१ (८) ले पिडीतलाई सो जंगलमा एक्लै फेला पारी जबरजस्ती बल गरी समाती एकान्त स्थानमा लगी जबरजस्ती करणी गरेको अवस्थामा पिडीतको

योनीबाट रगत बगे पश्चात प्रतिबादीले करणी गर्न छोडे पश्चात पिडीत रुदै घरमा आई घटनाको बारेमा आफ्नो आमालाई जानकारी गराएको पिडीतको आमाले मलाई समेत जानकारी गराएकी हुन । सो पश्चात प्रहरीलाई जानकारी गराउँदा निज प्रतिबादीलाई पक्राउ गरी लागेका हुन भन्ने समेत व्यहोराको सरस्वती बि.क. को घटना विवरण कागज ।

जाहेरवाला, पिडीत र प्रतिबादीलाई मेरो गाउं छिमेकी हुन । मिति २०७३/९/२ गतेको दिउंसो म आफ्नै घर आगनमा भएको अवस्थामा पिडीत परिवर्तित नाम ७१ (ठ) रुदै कराउदै मनहेरा जंगलबाट घर तर्फ आउदै गरेकी देखेकी हुं । पछि पिडीतलाई किन रोएको भनी सोधपुछ गर्दा पहिला केहि भन्न मानिन् पछि म जंगलमा दिशा पिशाब गर्न भनी गएकी अवस्थामा प्रतिबादी परिवर्तित नाम ७१ (८) ले मलाई जबरजस्ती करणी गरेको भनी बताएकी हुन । पिडीतको योनीबाट रगत बगेको अवस्थामा थियो । पिडीत रगत देखि झन डराएकी देखी धारामा गई पखाल्न लगाएकी हुं । निजले लगाएको फरीया च्यातिएको थियो । सो पश्चात घटनाको बारेमा गाउं टोलमा जानकारी दिई प्रहरीमा जानकारी गराएका हौ भन्ने समेत ब्यहोराको पुजा कठायतको घटना विवरण कागज ।

मिति २०७३/९/२ गतेका दिन म आफ्नै घरमा नै थिए । पिडीत लगायत पिडीतको संरक्षकलाई म राम्ररी चिन्दछु । सो दिनको दिउंसो अन्दाजी १६.०० बजेको समयमा पिडीत परिवर्तित नाम ७१ (ठ) को घरमा मानिस भेला जम्मा भएका तथा हो-हल्ला गरी रहेका देखी के भएको रहेछ भनी उक्त स्थानमा गई बुझ्दा प्रतिवादी परिवर्तित नाम ७१ (८) ले पिडीत परिवर्तित नाम ७१ (ठ) घर नजिकै रहेको मनहेरा सामुदायीक वनमा दिशा गर्न गएकी अवस्थामा जबरजस्ती लछार पछार गरी एकान्त झाडीमा लगी जबरजस्ती करणी गरी भगी गएको र पिडीत रुदै घरमा आई आफ्ना साथी लगायत घरमा आमालाई घटनाको बारेमा जानकारी गराई प्रहरीमा समेत जानकारी दिएको भन्ने कुरा थाहा पाएका हौ । यसरी नाबालक पिडीतलाई जबरजस्ती करणी गर्ने निज प्रतिवादीलाई कानुन बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत व्यहोराको गीता आचार्य, सरस्वती ठकुल्ला, कल्पना साउदले गरि दिएको वस्तुस्थिती मुचुल्का कागज ।

मिसिल संलग्न जाहरी दरखास्त, पीडितको कागज, प्रतिवादीको बयान, पिडितको स्वास्थ्य परिक्षण, बुझिएका तथा वस्तुस्थिती मुचुल्काका व्यक्तिहरु समेतले खुलाई लेखाई दिएको कागज समेतका आधार प्रमाणहरुबाट मिति २०७३/०९/०२ गते दिउसो ०३.०० वजेको समयमा बर्ष ८ कि पिडीत परिवर्तित नाम ७१ (ठ) घर नजिकै रहेको मनहेरा सामुदायीक वनमा दिशा गर्न गएकी अवस्थामा प्रतिवादी परिवर्तित नाम ७१ (८) ले एक्कासी पछाडीवाट च्यापी डर धाक धम्की दिनुका साथै लोभ लालच देखाई जबरजस्ती लछार पछार गरी एकान्त झाडीमा लगी जबरजस्ती

करणी गरी पिडितलाई छोडी भागी गएको पुष्टी हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. विपरितको कसुर अपराध गरेको देखिंदा निज प्रतिवादीले सोही महलको ३(१) नं. बमोजिम सजाय गरी निज प्रतिवादीको जन्म मिति २०५९/११/५ भनी खुली आएको देखिंदा निज १४ वर्ष मुनिको नाबालक देखिएको हुंदा बालबालिका ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पिडीतलाई १० नं. र १० (ग) नं. बमोजिम क्षतिपूर्ति समेत दिलाई भराई पाउ भन्ने अभियोग मागदावी ।

२०७३/९/२ गते शनिबार भएकोले स्कुल विदा थियो र म दिनभरी आफ्नै घरमा थिए । पिडितको घर र मेरो घर निजकै भएकोले पहिला देखि नै चिनजान थियो । दिउसो अं. ३ वजेको समयमा म दिशा पिसाव गर्न भनी मनेहरा सामुदायीक वनभित्र गए र सोही जंगलमा निज पिडितसंग भेट भएपछि मलाई करणी गर्ने मन लाग्यो र पिडितलाई जवरजस्ती समाती भूईमा पल्टाई निजको कपडा माथी फर्काई आफ्नो उत्तेजित लिङ्ग पिडितको योनीमा छिराउदा पिडित रुन कराउन लागेपछि म भागी आफ्नो घर गएको हु र पिडित रुदै कराउदै आफ्नो घरमा गएपछि निजका घरमा मानिसहरुले प्रहरीमा खवर गरी प्रहरी आई मलाई मेरै घरबाट समाई जि.प्र.का.मा ल्याएका हुन भन्ने परिवर्तित नाम कैलाली ७१ (८) ले अदालत समक्ष गरेको वयान ।

मिति २०७३/९/२ गते दिउसोको समयमा पिडित जंगलमा दिशा गर्न गएको समयमा प्रतिवादीले निज पिडितलाई जवरजस्ती करणी गरेको हो । मैले उक्त कुरा गाउँ घरमा सुनी थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काकी कल्पना साउदले गरेको वकपत्र ।

मिति २०७३/९/२ गते दिउसो ११/१२ वजे घाँस काट्न जंगल गई दिउसो २/३ बजे घर फर्कदा पिडित छोरी रोई रहेकी र निजको नाकमा कोतरिएको देखी के भएको हो भनी सोद्धा निज छोरीले प्रतिवादीको नाम लिदै निज प्रतिवादीले म दिशा गर्न जंगलमा वसेको समयमा आई मलाई जवरजस्ती करणी गरेको हो भन्दा मैले निज पिडितको योनी हेर्दा रगत वगि रहेको देखेको हुँ । पिडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको हो भन्ने जाहेरवाली परिवर्तित नाम ७१ (ठ) को संरक्षक आमाले गरेको वकपत्र ।

## यस अदालतको ठहर

नियम वमोजिम साप्ताहिक एवं दैनिक पेशी सुचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अ.वं २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई मुद्दा छिनि किनारा गरि दिए हुने भएकाले वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री प्रकाश वहादुर भण्डारी र प्रतिवादी

नावालकलाई उपस्थित नगाराएको भए पनि निजका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री इन्द्र बहादुर खडकाको वहस समेत सुनि छलफलमा उपस्थित भएका वाल मनोवैज्ञानिक श्री अम्वादत्त जोशी तथा समाजसेवी विमला पन्त ओझाको उपस्थितिमा निजहरुले पेश गरेको प्रतिवेदन समेतको अध्ययन गरि हेर्दा प्रतिवादी नाम परिवर्तित कैलाली ७१ (८) ले ९ वर्षिया नावालिका नाम परिवर्तित कैलाली ७१ (ठ) लाई मिति २०७३/९/२ गते दिउसो जंगलमा जवरजस्ती करणी गरेकाले प्रतिवादीलाई मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. विपरितको कसूरमा सोही महलको ३(१) नं. वमेजिम सजायमा निज प्रतिवादी १४ वर्ष भन्दा मुनिको वालक देखिएकाले निजलाई वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११(२) अनुसार सजाय गरी क्षतिपुर्ति समेत दिलाई पाउ भन्ने समेत व्यहोराको सजाय मागदावी लिई प्रस्तुत मुद्दा यस अदालतमा दायर भएको रहेछ । प्रतिवादीले अनुसन्धानको क्रममा र यस अदालतमा समेत वयान गर्दा आफूले पिडितलाई करणी गरेको हुँ भन्ने कुरा स्वीकार गरि वयान गरेको र सोही व्यहोरा उल्लेख गर्दै आफूले करणीको विज्याई गरेको कुरा वाल मनोवैज्ञानिक समक्ष र समाजसेवी समक्ष पनि स्वीकार गरेको देखियो । पिडित वालिकाको स्वास्थ्य परिक्षण गराउदा निजको योनीको भित्र कन्याजाली सेभेन वो क्लकको आकारमा च्यातीएको घाउ भएको देखिन्छ भन्ने डाक्टरको स्वास्थ्य परिक्षण प्रतिवेदनमा उल्लेख भएको पाईयो । पिडितको संरक्षक जाहेरवाली समेतले अदालतमा उपस्थित भएर वकपत्र गर्दा पनि बिज्याईकर्ता प्रतिवादीले पिडितलाई करणी गरेको भन्ने कुरा लेखाएको पाईयो । यसरी सम्पुर्ण मिसिल सामेल प्रमाण लगायत प्रतिवादीले अदालत लगायत समाजसेवी, वाल मनोवैज्ञानिक समक्ष समेत वाल विज्याई गरेको स्वीकार गरेको देखिदा प्रतिवादी नाम परिवर्तित कैलाली ७१ (८) ले बादीको अभियोग मागदावी अनुसार मुलुकी ऐन जवरजस्ती करणीको महलको ३(१) नं. अनुसार कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीलाई वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११(२) अनुसार ६ महिना कैदको सजाय हुन्छ । साथ साथै प्रतिवादीबाट पिडित वालिकालाई सोही महलको १० र १० (ग) वमोजिम रु. ५०,०००/- पचास हजार रुपैया क्षतिपुर्ति समेत भराई दिने ठहर्छ ।

कैदको सजाय भुक्तान गर्ने सम्वन्धमा विचार गर्दा निजलाई कारागारमा नै राखेर भुक्तान गराउन निजको उमेर अवस्था एवं आईन्दा यस्तो विज्याई नगर्ने साधारण वनाएको भन्ने वाल मनोवैज्ञानिकको विश्लेषण समेत रहेको देखिदा लागेको कैद भुक्तान गर्नको लागी भक्तपुरमा रहेको वाल सुधार गृहमा वा कास्कीमा रहेको वाल सुधार गृहमा ठाँउ भए सोही ठाउँमा पठाउने र सो ठाउँमा नभए निजकै संरक्षक वुवाको जिम्मामा रहि कैद भुक्तान गर्ने गरि जिम्मा लगाई पठाई दिने

समेत ठहर्छ । सो ठहर्नाले अरु तपसिलका कलममा तपसिलै बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरी दियौं ।

**तपशिल**

माथी इन्साफ खण्डमा प्रतिवादी कैलाली ७१ (८) लाई मुलुकी ऐन जवरजस्ती करणीको महलको ३(१) को कसूरमा वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ११(२) अनुसार ६ महिना कैद सजाय हुने ठहरेकोमा निज प्रतिवादी मिति २०७३/९/२ गते देखि मिति २०७३/१०/३ सम्म जम्मा ३१ दिन मुद्दा अनुसन्धानको क्रममा थुनामा वसेको देखिदा वाँकी कैद ४ महिना २९ दिन कैद भुक्तान गर्न वाल सुधार गृह भक्तपुर वा वाल सुधार गृह कास्कीमा पठाउने र उपरोक्त दुई ठाउँमा स्थान (ठाउँ) नभएमा निजकै वावुको जिम्मा लगाउनु पर्नेमा निज प्रतिवादी वेरुजु हुदा निजका नाउँमा ४ महिना २९ दिन कैदको लगत कसी असुल गर्नु.......................................१

माथी इन्साफ खण्डमा पिडितले प्रतिवादीबाट रु. ५०,०००/– क्षतीपुर्ती भरी पाउने ठहरेकाले प्रतिवादीको यसै सरहद भित्रको जेथा देखाई ऐनका म्याद भित्र पिडितको दरखास्त परे पुनरावेदनको अवस्था नाघे वा मुद्दा अन्तिम भएपछि नियमानुसार क्षतीपुर्ती भराई दिनु..........................२

उक्त ईन्साफमा चित्त नवुझे ऐनका म्याद ७० दिन भित्र उच्च अदालत दिपायलमा पुनरावेदन गर्नु भनि प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु.....................................................३

फैसलाको प्रतिलिपी सहित फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय कैलालीलाई दिनु....................................................................................................४

नक्कल माग्ने सरोकारवालासँग नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु...............५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो इन्साफ उपर पुनरावेदन परे मिसिल श्री उच्च अदालत दिपायल, डोटीमा पठाई दिनु र नपरे मिसिल अभिलेख शाखामा नियमानुसार बुझाई दिनु........६

माननीय जिल्ला न्यायाधीशज्यूले बोली
टिपाउनु भए बमोजिम टिपोट तयार गर्ने
ना. सु. खोपीराम वस्नेत

..........................

कम्प्यूटर टाईप गर्ने टा.ना.सु. उद्धव सिंह थापा

(जिल्ला न्यायाधीश)

इति संवत २०७३ साल चैत्र १३ गते रोज १ मा शुभम्..........................................।

**पाँचथर जिल्ला अदालत**

**ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्रकुमार श्रेष्ठ**

**फैसला**

**मुद्दा : जबरजस्ती करणी (बाल यौन दुराचार)।**

**सम्वत् २०७३ सालको** 07३-CR-0048

**र.नं. : २१–०७३–००२३४**

**निर्णय नं. : २०९**

**वादी :**

परितर्तित नाम ०२ क्यूको जाहेरीले वादी नेपाल सरकार...........................१

साक्षी : ................................

कागज : ..............................

**प्रतिवादी :**

परिवर्तित नाम ०२ क्यू दुइ...................१

साक्षी : .....................................

कागज : ...................................

**अदालतबाट बुझेको प्रमाण**

**साक्षी** : ०२ क्यू, सुजता लावती, ०२ क्यू दुइ, टेकबहादुर चेम्जोङ, ०२ क्यू एक, ०२ क्यू तिन।

**कागज :।**

न्याय प्रशासन ऐन २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.ब.२९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रपर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं विवरण यस प्रकार छ :

मिति २०७३।१०।१४ गते फिदिममा संचालन भएको निग्रानी समूहको गोष्ठीमा सहभागी हुन म मेरो भाई परिवर्तित नाम ०२-क्यु तिनको साथमा परिवर्तित नाम ०२-क्यु एकलाई छोडी आएकोमा ऐ.२० गते घर फर्के। ऐ. २१ गते साँझपख पीडिता छोरी परिवर्तित नाम ०२-क्यु एकले पिसाव गर्ने ठाँउ दुख्यो भनेपछी हेरी पाछेको होला भन्ने सोचे। पीडित छोरी निदाएको वेलामा तर्सिने र डराउने गरेकोले पक्कै केही भएको छ की भनी ऐ.२४ गते होमवर्क गराउँदै नानी तिमिलाई के भएर पिसाब गर्ने ठाउँ दुखेको भन्दा निज छोरीले मिति २०७३।१०।१८ गते अं ११.०० बजेको

समयमा वालविज्याइकर्ता परिवर्तित नाम ०२-क्यु दुईले निजकै घरभित्र भुई तालामा रहेको खाटमा लगी छाडा कुरा वोल्न सिकाउदै निजको सुरुवाल खोली कुरी लिङ्ग निकाली मेरो सुरुवाल खोलि दिई पिसाब गर्ने ठाउँमा करणी गरेको कुरा निज छोरीले सुनाएपछि करणी गरेको थाहा पाई यो जाहेरी दिएको छु। निज बालबिज्याईकर्तालाई पक्राउ गरी कानूनवमोजिम गरी पाँउ भन्ने व्यहोराको परिवर्तित नाम ०२-क्युको जाहेरी दरखास्त ।

जिल्ला पाँचथर, फाक्तेप गा.बि.स. वडा नं. ४ सेलिनामटार स्थित पूर्वमा डम्वरवहादुर चेम्जोङको पाखो वारी, पश्चिममा गजेन्द्र चेम्जोङको घर, उत्तरमा टेकवहादुर चेम्जोङको पाखावारी र दक्षिणमा लुलीजंग चेम्जोङको घर यती चार किल्लाभित्र रहेको वालविज्याइकर्ता परिवर्तित नाम ०२-क्यु दुईको वासको सेन्टर वेरा लगाएको २ तले घरको भुई तलाको कोठामा रहेको खाटमा मिति २०७३।१०।१८ गते अ.११:०० वजेको समयमा परिवर्तित नाम ०२-क्यु दुईले परिवर्तित नाम ०२-क्यु एकलाई जवरजस्ती करणी गरेको भन्नेसमेत ब्यहोराको घटनास्थल मुचुल्का ।

म ५ वर्ष की भए, नर्सरीमा पढछु, सोधेको कुरा भन्न सक्छु। ममि मिति २०७३।१०।१४ गते फिदिम जानु भएको थियो। घरमा म र मामा परिवर्तित नाम ०२-क्यु तिन वस्ने गर्दै आएकोमा मिति २०७३।१०।१८ गते म विहानको खाना खाई पल्लो घरको माइला दादाकोमा खेल्न गएको वेला दादाको घरको कोठाको खाटमा खेल्दै गर्दा दादाले मलाई फटाहा कुरा सिकाउनु भयो अनि खाटमा उत्तानो पारेर सुत्न लगाई मेरो सुरुवाल खोली दादाले पनि सुरुवाल खोलेर दादाको पिसाव फेर्ने ठाँउले मेरो पिसाव फेर्ने ठाँउमा घोचेकोले मलाई दुखी रोएपछी छाडी दिनु भयो। केही दिनमा ममी आएपछी मैले पिसाव फेर्ने ठाँउ दुख्यो भनी सुनाउँदा के भयो भन्नु भयो अनि मैले माइला दादले छाडा कुरा गरेको सुनाएको हो भन्ने व्यहोराको पीडितको कागज ।

पीडिता परिवर्तित नाम ०२-क्यु एकको Erythematous area around vagina रहेको भन्नेसमेत ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको शारीरिक परीक्षण रिपोर्ट ।

पीडक परिवर्तित नाम ०२-क्यु दुईको यकिन गरी भन्न नसकिने भन्ने ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको शारीरिक परीक्षण रिपोर्ट ।

मिति २०७३।१०।१८ गते अं ११:०० वजेको समयमा परिवर्तित नाम ०२-क्यु एक मेरो घरमा खेल्न भनी आएकी थिइन । म घरमा एक्लै थिए । खेल्दै जादा मेरो घरको भुई तलाको कोठामा रहेको खाटमा गई खेल्न थाल्यौ । घरमा कोही पनि नभएकोले केही दिन अघी गाउकै काले भन्ने दाजुले मलाइ व्लु फिल्म देखाउनु भएको थियो मलाई पनि त्यस्तै गर्न मन लाग्यो अनि परिवर्तित नाम ०२-क्यु एकलाई खाटमा सुताए अनि सुरुवाल खोलेर मेरो पिसाव गर्ने (कुरी) परिवर्तित नाम ०२-क्यु एकको पिसाव फेर्ने ठाँउमा घोचेको थिए। निजले दुख्यो भनी रुन थालेकोले

मैले छाडी दिएको थिएँ । पछि निजले उस्को ममिलाई सुनाएकी रहिछिन् भन्ने समेत व्यहोराको बालबिज्याईकर्ता परिवर्तित नाम ०२-क्यु दुईको वयान ।

मेरो दिदिको सासुको मृत्यु भएपश्चात विगत १ वर्ष देखी म दिदिकोमा नै वस्दै पढ्दै आएकोमा जाहेरवाली दिदि २०७३।१०।१४ गते फिदिममा मिटिङको लागी जानु भएकोमा म र पीडित परिवर्तित नाम ०२-क्यु भान्जी घरमा वस्दै आएका थियौ । म स्कूलजादा भान्जी छिमेकीकोमा खेल्दै वस्ने गर्थिन । दिदि ऐ. २० गते साँझ घरमा फर्किएपछि ऐ २१ गते पीडित भान्जीले पिसाव गर्ने ठाँउ दुख्यो भनेपछि म समेतले हेरी घाँउ देखी पाछेको जस्तो लाग्यो । पछि पीडित परिवर्तित नाम ०२-क्यु एक रातमा तर्सने र डराउने गरेको देखी दिदिले ऐ. २४ गते फकाई सोधेपछी घटनावारे थाहा पाएको हो । मिति २०७३।१०।१८ गते म स्कुल गएको र पीडित भान्जी छिमेकीकोमा खेल्न गएकोमा वालविज्याइकर्ता परिवर्तित नाम ०२-क्यु दुईले भुई तालाको खाटमा लगी फटाहा कुरा सिकाउदै हातले निजको लिङ्ग छुन लगाई करणी गरेको र योनिमा लिङ्ग पसेपछी पिडित रोएकीले छाडी दिएका रहेछन । पछी म समेत भई प्रहरीमा उजुरी गरेको हो भन्ने व्होराको कागज ।

मिति २०७३।१०।१४ गते जाहेरवाली निग्रानी समुहको गोष्ठीमा सहभागी हुन फिदिममा आएकी र घरमा भाई परिवर्तित नाम ०२-क्यु तिनको जिम्मामा पीडिता ०२-क्यु एकलाई छोडेकोमा भाई स्कुल गएको र पीडित ०२-क्यु एक छिमेकीकोमा खेल्न गएकोमा मिति २०७३।१०।१८ गते दिनको अं ११:०० वजेको समयमा छिमेकी वालविज्याइकर्ता परिवर्तित नाम ०२-क्यु दुईले घरको भुई तालामा रहेको कोठाको खाटमा लगी छाडा कुरा वोल्न सिकाई करणी गरेका रहेछन । पछी ऐ. २० गते जाहेरवाला घरमा फर्की ऐ. २१ गते पीडित छोरीले पिसाव गर्ने ठाँउ दुख्यो भनेकाले हेर्दा घाउ देखी पाछेको होला भनी पर्खदा समेत छोरी रातमा तर्सने र डराउने गरकोले फकाई सोधे पछी ऐ. २४ गते मात्र घटना थाह भएको रहेछ । सो पश्चात हामीले पनी सुनी थाहा पाएको हो ,यसरी नावालिकालाई जवरजस्ती करणी (वाल यौन दुराचार)गर्ने वालविज्याइकर्ताउपर कानुन बमोजिम कार्वाही होस भन्ने समेत ब्यहोराको प्रायःएकै मिलान हुने गरी टेकवहादुर चेम्जोङ अरुणकुमार चेम्जोङ र सुजता लावतीसमेतले लेखाएको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बालबिज्याईकर्ताको बयान, शारीरिक परीक्षण प्रतिबेदन, घटनाबिबरण कागज एवं बस्तुस्थित मुचुल्का समेतका आधार प्रमाणहरुबाट मिति २०७३।१०।१८ गते विहान अ. ११:०० बजेको समयमा वालबिज्याईकर्ता परिवर्तित नाम ०२-क्यु दुईले वर्ष ५ की परिवर्तित नाम ०२-क्यु एकलाई जवरजस्ती करणी गरी (वालयौन दुराचार) गरेको वारदात स्थापित हुन आएकोले निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२-क्यु दुईको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १ बमोजिमको कसूर गरेको हुँदा निज

बालबिज्याईकर्ता परिवर्तित नाम ०२-क्यु दुईलाई ऐ महलको ३(१) नं. बमोजिम सजाय गरी पाउन र निज बालबिज्याइकर्ता वारदात हुँदाको मितिमा जन्मदर्ता प्रमाणपत्रानुसार निजको उमेर १२ वर्षको देखिदा निजलाई माथी हुने सजायमा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(२) वमोजिम सजाय गरी पाउनका साथै मुलुकी ऐन जवरजस्ती करणी महलको १० नं. बमोजिम पीडितालाई मनासिब माफिकको क्षतिपूर्ति निजै बालबिज्याईकर्ताबाट दिलाई भराई पाउ भन्ने व्यहोराको अभियोग पत्र ।

जाहेरी दरखास्त अभियोग पत्र समेतका सम्पूर्ण मिसिल संलग्न कागजहो व्यहोरा पढिवाचि सुनिपाएँ । म वारदात मितिमा पीडिता परिवर्तित नाम ०२ क्यू एकसँग उसकै घरमा काठको बाईक जस्तो बनाएर कुदाउने खेल खेल्दै थियौं । त्यही खेल्ने क्रममा उ लडेर उसलाई चोटपटक लागेको हो । मैले निज परिवर्तित नाम ०२ क्यूलाई कुनै किसिमको बालयौन दुराचार गरेको छैन । प्रहरीमा गरेको बयान कागजको व्यहोरा मेरो होईन । सहिछाप चाही मेरै हो । व्यहोरा मैले भने बमोजिमको लेखिएको छैन । मिसिलमा रहेको स्वास्थ्य परिक्षणको रिपोर्ट लगायत उल्लेखित मानिसहरुको कागजको व्यहोरा पढिवाची सुनाउँदा सुनिपाएँ । निजहरुले कागज गरे बमोजिमको परिवर्तित नाम ०२ क्यूलाई मैले जबरजस्ती करणी (बाल यौन दुराचार) गरेको होइन निज लडेर निजलाई घाउचोट लागेको हो । मैले अभियोग मागदावी अनुसारको कार्य नगरेको हुनाले मैले सफाई पाउनु पर्दछ भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम ०२ क्यू दुइले मिति २०७३।११।०३ गते अदालतमा गरेको बयान ।

बालविज्याईकर्ताको जन्मदर्ता प्रमाण-पत्रबाट १२ बर्ष लागेको भन्ने देखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने नै हुँदा हाल बालविज्याई कर्ता परिवर्तित नाम ०२ क्यू दुइलाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५०(१) बमोजिम निजको आमा संरक्षक जिम्मा लगाई पठाई दिनू भन्ने मिति २०७३।११।३।३ गते यस अदालतबाट भएको आदेश ।

दुवै पक्षको साँक्षी बुझि पेश गर्नु भन्ने आदेश बमोजिम जाहेरवाला ०२ क्यू ले बालविज्याई कर्ताले मिति २०७३।१०।१८ गते अं.११.०० बजेको समयमा निजकै घरमा पीडिता खेल्न गएको बेला सानो बच्चा बनाई दिन्छु भनि फकाई बिज्याई कर्ताको घर भित्र लगि बाल यौन दुराचार गरेछन् । उक्त समयमा म घरमा थिइन् । मिति २०७३।१०।२० गते घर गई २१ गते छोरीलाई नुहाइ दिदा छोरीको यौनाङ्ग पिल्सिएको देखेकी थिएँ र २०७३।१०।२४ गते पीडितले मलाई बालविज्याईकर्ताले नराम्रो काम गरे भनि सम्पूर्ण व्यहोरा सुनाएपश्चात थाहा पाएकी हुँ । जाहेरी दरखास्तको व्यहोरा पढिवाचि सुनाउँदा सुनिपाएँ । कागजको व्यहोरा र सहिछाप समेत मेरै हो भन्ने व्यहोराको बकपत्र गरेको ।

बस्तुस्थिती मुचुल्कामा कागज गर्ने सुजता लावतीले पीडित ०२ क्यू एकलाई निज पीडिताको ममि नभएको मौकामा बाल यौन दुराचार गरेछन् भन्ने कुरा जाहेरवालाले मलाई गाउँमा भनि सुनि थाहा पाएकी हुँ । सुने पश्चात पीडितको यौनाङ्गमा हेर्दा पिल्सिएको घाउ समेत थियो र उपचार गर्नु भनेकी थिएँ । बाल विज्याईकर्ताले पीडितालाई बाल यौन दुराचार गरेका हुन् भन्ने कुरामा मलाई विश्वास लाग्छ भन्ने व्यहोराको बकपत्र गरेको ।

बालविज्याईकर्ता ०२ क्यु दुइ (परिवर्तित नाम) का साँक्षी गणेशबहादुर चेम्जोङले उल्लेखित मितिमा हाम्रो गाउघरमा घटना बारे त्यस्तो हल्ला चलेको भएता पनि यी पीडक त्यस्तो नराम्रो आचरण भएको बालक नभएको त्यस्तो करणी गर्ने उमेर पनि नभएकोले उल्लेखित यो बालकले पीडितालाई बालयौन दुराचार गरेको हो जस्तो मलाई लाग्दैन । जन्म दर्तामा उसको उमेर के कति उल्लेख छ मलाई थाहा भएन । तर यी बालक अहिले १० बर्ष पनि पुगेका छैनन् । उक्त मितिमा यी बालकले पीडितालाई बाल यौन दुराचार गरेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन । यी बालविज्याई कर्ताले अभियोग मागदावीबाट सफाई पाउनु पर्दछ भन्ने व्यहोराको बकपत्र गरेको ।

बस्तुस्थिती मुचुल्कामा कागज गर्ने टेकबहादुर चेम्जोङले यकिन मिति थाहा भएन । म उक्त समयमा मेरै घरमा थिएँ । मैले गाउँघरमा चलेको हल्लाखल्ला मात्र सुनेको हुँ । पीडक बालविज्याईकर्ता ०२ ले पीडितालाइ बाल यौन दुराचार गर्ने कार्य गरेका हुन जस्तो लाग्छ । मैले प्रहरीमा गरेको व्यहोरा सहिछाप मेरै हो भन्ने व्यहोराको बकपत्र गरेको।

पीडित परिवर्तित नाम ०२ क्यू एकले मलाइ बालविज्याईकर्ताले हाम्रै घरमा खाटमा राखेर नराम्रो काम गरेका हुन् । बालविज्याईकर्ताले मेरो सुसु गर्ने ठाउँमा उसको सुसु लगायो मलाई दुख्यो र म रोएँ र मेरो सुसु गर्ने ठाउँमा भएको घाउ बालविज्याई कर्ताले बनाई दिएको हो भन्ने व्यहोराको बकपत्र गरेको ।

घटना विवरणमा कागज गर्ने ०२ क्यू तिन परिवर्तित नाम ले घटना भएको भनिएको यकिन मिति मलाई थाहा भएन । मेरी भान्जी पर्ने पीडितालाई यी प्रतिवादीले जबरजस्ती करणी गर्ने प्रयास गरे अरे भन्ने कुरा सुनेको हूँ । सो विषयमा मलाई अन्य कुरा थाहा भएन । यी प्रतिवादी र पीडिता अरु बेला पनि सँगैसँगै खेल्ने हिड्डुल गर्ने गर्दथे उक्त दिन के कस्तो घटना भयो भएन मलाई यकिन भएन । उक्त कागजको व्यहोरा र सहिछाप पढिवाचि सुनिपाएँ सो कागजमा भएको व्यहोरा र सहिछाप मेरै हो भन्ने व्यहोराको बकपत्र गरेको ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी छलफलका निमित्त ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायधिवक्ता श्री उत्तम श्रेष्ठको वहस समेत सुनियो । मुलतःअभियोग पत्रमा वादी नेपाल

सरकारले लिएको मागदावी बमोजिम बालबिज्याई कर्ताले कसुर गरी सजाय समेत पाउने हो वा होइन ? त्यस तर्फ निर्णय दिनुपर्ने देखियो ।

मिसिल संलग्न प्रमाण कागजहरु हेरी निर्णय तर्फ विचार गर्दा बालविज्याईकर्ता ०२ क्यू दुइले मिति २०७३।१०।१८ गते बिहान ११ बजे पीडिता बर्ष ५ की परिवर्तित नाम ०२ क्यू एक लाई बालयौन दुराचार गरेको हुँदा बालविज्याईकर्ता ०२ क्यू दुइलाई मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं.को कसुरमा ऐ.ऐ.को ३ (१) नं.बमोजिम सजाय गरी बालबिज्याईकर्ता वारदात मितिमा जन्मदर्ता प्रमाण पत्रानुसार १२ बर्षको देखिंदा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(२) बमोजिम हुन साथै ऐ.महलको १० नं.बमोजिम मनासिव क्षतिपूर्ती पीडितालाई दिलाई भराई पाउन मागदावी लिई प्रस्तुत मुद्दाको अभियोग-पत्र पेश भएको देखियो । मिति २०७३।१०।१८ गते अं.११ बजेको समयमा बालविज्याईकर्ता ०२ क्यू दुइले निजकै घर भित्र भूईतलामा रहेको खाटमा परिवर्तित नाम ०२ क्यू एकलाई लगि छाडा कुरा बोल्न सिकाउँदै निजको सुरुवाल खोली लिङग् निकाली मेरो सुरुवाल खोली पिसाव फेर्ने ठाउँमा करणी गरेको कुरा निज छोरीले सुनाएपछि करणी गरेको थाहा पाई बालविज्याई कर्तालाई पक्राउ गरी कानूनबमोजिम कार्वाही गरी पाउँ भन्ने परिवर्तित नाम ०२ क्यूको जाहेरी भई घटनास्थल प्रकृती मुचुल्का भई पिडित परिवर्तित नाम ०२ क्यू एकले मिति २०७३।१०।१८ गते दादाको घरको खाटमा खेल्दै गर्दा दादाले फटा कुरा सिकाई खाटमा उत्तानो पारी मेरो सुरुवाल खोली पिसाव फेर्ने ठाउँमा निजको पिसाव फेर्ने ठाउले घोचेकोले मलाई दुखि रोएपछि छाडि दिनु भयो भन्ने समेत व्यहोराको कागज गरेको देखिन्छ । पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा Erythematous area around vagina भन्ने उल्लेख भई बालविज्याई कर्ता अधिकार प्राप्त अधिकारी समक्ष पीडितालाई खाटमा सुताई मेरो पिसाव गर्ने (कुरी) पीडिताको पिसाव फेर्ने ठाउँमा घोचेको थिएँ भनि सविति व्यहोरा लेखाई दिई अन्य मौकामा बुझिएका मानिसहरुले जाहेरी समर्थन हुने कागज व्यहोरा लेखाएको पाईयो । बालविज्याई कर्ताले अदालत समक्ष कसुरमा इन्कार रहि बयान गरेको भएता पनि जाहेरवाला बस्तुस्थितीका मानिस सुजता लावती, टेकबहादुर चेम्जोङ, पीडित क्यू एक समेत अदालत समक्ष मौकाको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरी दिएको तथा सो जाहेरी तथा पीडिताको कागज समेतलाई स्वास्थ्य परिक्षण प्रतिवेदनले समर्थन गरिदिएकोले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम बालविज्याई कर्ता ०२ क्यू दुइले कसुर गरेको भन्ने निर्विवाद रुपले पुष्टी हुन आयो ।

अतः बालविज्याकर्ता परिवर्तित नाम ०२ क्यूले वादी नेपाल सरकारको अभियोग माग दावी बमोजिम मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं.को कसुर गरेकोमा ऐ.महलको ३(१) नं.बमोजिम सजाय हुनेमा बालविज्याई कर्ताको उमेर १२ बर्षको देखिएको बालबालिका सम्बन्धि ऐन२०४८ दफा ११(२) बमोजिम १ एक महिना कैद हुन्छ । ऐ.ऐनको दफा ५०(२) बमोजिम

शारीरीक अवश्था उमेर समेतलाई ध्यानमा राख्दा कैद सजाय दिन उपयुक्त नहुने र सामाजिक प्रतिवेदनबाट समेत अभिभावक जिम्मा दिन उपयूक्त छ भनि उल्लेख भएकोले सजाय कार्यान्वयन स्थगन गरी दिने ठहर्छ । बालविज्याई कर्तालाई अभिभावक जिम्मा पठाई दिनू । सो ठहर्नाले अरु कुरा तपशिल बमोजिम गर्नू ।

**तपशिल**

माथी ठहर खण्डमा लेखिए बमोजिम बावविज्याईकर्ता परिवर्तित नाम ०२ क्यू दुइलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ (१) नं.बमोजिम सजाय हुनेमा निजको उमेर १२ बर्षको देखिएकोले बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (२) बमोजिम १ महिना कैद हुन्छ ऐ.ऐनको दफा ५०(२) बमोजिम शारीरीक अवस्था उमेर समेतलाई ध्यानमा राख्दा कैद सजाय दिन उपयुक्त नहुने र सामाजिक प्रतिवेदन समेतबाट अभिभावक जिम्मा दिन उपयुक्त छ भनि उल्लेख भएकोले सजाय कार्यान्वनय स्थगन गरिदिने ठहरी फैसला भएकोले बालबिज्याई कर्ता परिवर्तित नाम ०२ क्यू दुइलाई बालबिज्याई कर्ताको अभिभावक जिम्मा लगाई कागज गराई मिसिल समेल राख्नू.............................................................................१

यस अदालतको फैसला उपर चित्त नबुझे ऐनका म्याद ७० दिन भित्र श्री उच्च अदालच विराटनगर इलाम इजलाश इलाममा पुनरावेदन गर्नु होला भनि बाल बिज्याई कर्ता परिवर्तित नाम ०२ क्यू दुइलाई ७० दिने पुनरावेदनको म्याद दिनू र जिल्ला सरकारी वकिल कार्यालय पाँचथरलाई फैसलाको प्रतिलिपि पठाइ दिनू.......................................................२

सरोकारवाला व्यक्तिले नक्कल मागे लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी साथै फैसला अपलोड गरी मिसिल अभिलेख फाँटमा वुझाईदिनू.................................................................................३

टिपोर्ट गर्ने फाँटवाला : ना.सु.चोलेन्द्र कार्की

कम्प्युटर टाईप गर्ने : पवित्रा योङहाङ ।

.............................

(राजेन्द्रकुमार श्रेष्ठ)

जिल्ला न्यायाधीश

इति सम्वत् २०७३ साल चैत्र १५ गते रोज ३ शुभम्.........................................।

**श्री**

**म्याग्दी जिल्ला अदालत**

**बालइजलास**

**माननीय जिल्ला न्यायाधीश श्री राम प्रसाद शर्मा**

**फैसला**

**संवत २०७३ सालको स.फौ.नं.६०–०७३–००१४९/०७३–CR–००२०**

**मुद्दा साधारण चोरी नि.नं. १८८**

**वादीको नाम, थर, वतनः–**

जिल्ला म्याग्दी नारच्याङ गा.वि.स.वडा नं. ०९ बस्ने बर्ष ३२ की दुध कुमारी गर्जुवाको जाहेरीले वादी नेपाल सरकार.............१

**साक्षीः–**

गोरी पुन, माया राम्जाली, बेग प्रसाद गर्वुजा, दान बहादुर राई, कर्ण बहादुर प्रधान

**कागजः–**

फ

**प्रतिवादीको नाम, थर, वतनः-**

परिवर्तित नाम थर वतन भएको बर्ष १३ क सुजन.......................................१

**साक्षीः-**

**कागजः–**

फ

**अदालतबाट बुझेको प्रमाण**

**साक्षीः–**

माया राम्जाली, दुधकुमारी गर्बुजा, गोरी पुन

**कागजः–**

x

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भई इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

जिल्ला म्याग्दी बावियाचौर-८ स्थित पूर्वमा हुम बहादुर सेनको खेत, पश्चिममा जिवन कार्किको खरबारी, उत्तरमा निमार्णधिन मालिका बोर्डिङ स्कुलको भवन दक्षिणमा बेनि दरवाङ जाने सडक बाटो यति चार किल्ला भित्र माघे सक्रान्तिको मेलामा दुध कुमारी गर्बुजाले संचालन गरेको खाजा नास्ता पसल निमार्णाधिन मालिका स्कुलको भवनको कोठा रहेको उक्त पसलमा मेलामा खाजा नास्ताको लागी सामाग्री राखिएको कोठाको उत्तर पट्टिको भित्तामा ढोका नजिकै सामानको थुप्रो माथि झोलामा राखिएको अं. ७८,०००/– (अठहत्तर हजार) चोरी भएको भनिएको घटनास्थल मुचुल्काको चारकिल्ला सहितको विवरण ठीक साँचो हो भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

जिल्ला म्याग्दी बाबियाचौर-८ स्थित सहस्रधारामा माघे सक्रान्तिको अवसरमा म जाहेरवाला उक्त स्थानको मेलामा खाजा नास्ता पसल राखी ब्यापार गरी रहेकी थिए, यस्तैमा मिति २०७३/१०/०४ गतेका दिन मैले व्यापार गरि जम्मा भएको करिव ने.रु. ७८,०००/– (अठहत्तर हजार) बराबरको नगद परिवर्तित नाम सुजनले चोरी गरी लगेकोले निजलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी चोरी भएको नगद समेत फिर्ता पाउँ भन्ने व्यहोराको जिल्ला म्याग्दी नारच्याङ-९ बस्ने बर्ष ३२ कि दुध कुमारी गर्बुजाको जाहेरी दरखास्त ।

जिल्ला म्याग्दी बेनि न.पा. -६ जिपपार्कस्थित पूर्वमा जिपपार्क देखि खुल्ला मञ्च जाने सडक बाटो, पश्चिममा मालपोत कार्यालय म्याग्दी, उत्तरमा बेनी सामुदायिक स्कुल र दक्षिणमा बेनी बागलुङ जाने आउने पक्की पुल यति चार किल्ला भित्र रहेको पक्की सडकमा निज परिवर्तित नाम सुजनलाई खानतलासी गर्दा निजले रातो रङ्गको लेडिज झोला समातेको उक्त झोला खोली हेर्दा दुध कुमारी गर्बुजाको नाम रहेको माछापुच्छ्रे बैकको चेक बुक र ने.रु. ७८,०००/– (अठहत्तर हजार) फेला पारी प्रहरीले रतिपुर्वक वरामद गरेको भन्ने समेत व्यहोराको बरामदी खानतलासी मुचुल्का ।

मिति २०७३/१०/०४ गतेका दिनको १८:३० बजेको समयमा म जिल्ला म्याग्दी बावियाचौर गाविस वडा नं. ०८ सहसधारा भन्ने स्थानमा माघे संक्रान्तीको अबसरमा लागेको मेलामा जिल्ला म्याग्दी नारच्याङ ०९ बस्ने जाहेरवाली दुध कुमारी गर्बुजा, म समेत गरि तीन जनाले संयुक्त रुपमा खाजा नास्ता पसल संचालन गरि बसेका थियौ, दिन भरि पसलमा व्यापार गरि दिन भरि व्यापार गरेको रकम कति भएछ भनि झोला खोज्दा हामीहरुले झोला कहि कतै फेला नपारे पछि उक्त रकम सहितको दुध कुमारी गर्बुजाको रातो लेडिज झोला चोरी भएको थाहा

भयो, पछि प्रहरीले प्रतिवादी हिडडुल गर्ने क्रममा शंका लागी चेकजाँच गर्ने क्रममा दुध कुमारी गर्बुजाको रातो झोलामा निजको नाममा रहेको माछापुच्छ्रे बैकको चेकबुक र ने.रु. ७८,०००/–(अठहत्तर हजार) फेला पारेको भन्ने थाहा पाई प्रहरीको नियन्त्रणमा रहेको व्यक्ती को रहेछ भनि प्रहरीद्धारा देखाउदा प्रतिवादीलाई हेरी देखि चिन्ही सनाखत गरे उक्त दिन निज प्रतिवादी दिउसोको समयमा खाजा खान आएका थिए निजलाई मैलेपहिलो पटक पसलमा देखेकी हुँ, खाजा खाई निज गएकोमा हामी तिनै जना काममा व्यस्त भएको मौका छोपी निज प्रतिवादीले के कसरी आई पसलको व्यापार गरी राखेको नगद सहितको दुध कुमारी गर्वुजाको झोला चोरी गरि भागेका रहेछन् मैले प्रतिवादीको नाम परिवर्तित गरेको खाम बन्दी पत्र हेरी निजको परिवर्तित नाम थाहा पाए निजको नाम गोप्यमै राख्ने छु, नराखे कानून बमोजिम सजाय भोग्न मन्जुर छु यसरी चोरी गर्नेलाई कानुन बमोजिम कडा कार्वाही गरि पाउँ भन्ने समेत व्यहोराको करिव एकै मिलान व्यहोराको गोरी पुन र माया राम्जालीको घटना विवरण कागज ।

यसमा मेरो सहि सत्य साचो व्यहोरा यो छ कि मिति २०७३/१०/०४ गते जिल्ला म्याग्दी बाबियाचौर गाविस वडा नं. ०८ सहसधारा भन्ने स्थानमा माघे संक्रान्तीको अबसरमा लागेको मेलामा म पनि आएको थिए, दिन भरि मेला हेरी बसेको हुँ, यस्तैमा ऐ. मितिको १८:०० बजेको समयमा म खाजा खान भनि जाहेरवालीको पसलमा गएको थिए, यस्तैमा खाजा खाई सकेपछि लाईन (बत्ति) समेत गएकोले अध्यारो थियो, पसल भित्रै मैले खाजा खाई बसेको थिए, निजकै रातो रंगको लेडिज व्याग देखी उक्त व्यागमा जाहेरवालीले पैसा राखेको थाहा पाई उक्त व्याग चोरी लिई बाहिर निस्केको हुँ उक्त व्याग लिई म सिधै बस्दै आएको घरमा गई उक्त व्याग खोली हेर्दा व्याग भित्र धेरै पैसा थियो, उक्त पैसा जस्ताको तस्तै घरमै राखी पुनः मेला लागेको स्थानमा फर्कि आई मेरा आफ्नो पैसा मध्ये बाट रेडबुल, चाउमिन, मासु समेत खाई म बस्ने घरमा आई सुती भोली पल्ट खाना खाई सकेपछि मिति २०७३/१०/०७ गतेका दिन बेनी बजार जान्छु भनि चोरी गरेको झोलामा रहेको सवै पैसा समेत लिई बाबियाचौर बाट बस चढी बेनी अएकोमा बस बाट झरेको केही समयमा सादा पोशाकका प्रहरीले मलाई शंकास्पद रुपमा हेरी चेकजाच गर्ने क्रममा लेडिज रातो व्याग, सो व्याग भित्र दुध कुमारी गर्बुजाको नाममा रहेको माछापुच्छ्रे बैकको चेक बुक र ने.रु. ७८,०००/–(अठहत्तर हजार) फेला पारी यति धेरै रकम र अर्काको चेक बुक किन लिई हिडेको भन्दा प्रहरीलाई बाबियाचौर सहसधारामा लागेको मेलामा खाजा नास्ता पसल गर्ने जाहेरवाली दुध कुमारी गर्बुजाको पसल बाट चोरी गरि ल्याएको वताए छपि मलाई शादा पोशाकका प्रहरीले नियन्त्रणमा लिई दाखिला गरेका हुन् यसरी अर्काको पैसा चोर्नु मेरो गल्ती

हो कानुन बमोजिम सहन भोग्न मंजुर छु भन्ने समेत व्यहोरोको प्रतिवादी परिवर्तित नाम सुजनको साविती वयान ।

मिति २०७३/१०/०४ गतेका दिन जिल्ला म्याग्दी बाबियाचौर स्थित सहसधारामा माघे संक्रान्तीको अबसरमा लागेको मेलामा चिया नास्ता पसल राखेकी जाहेरवाली दुधकुमारीको पसल बाट नगद रु. ७८,०००/–(अठहत्तर हजार) माछापुच्छ्रे बैकको चेक बुक समेत रहेको रातो रंगको लेडिज व्याग सहित नामथर वतन परिवर्तित सुजनले चोरी गरेको भन्ने कुरा सुनि थाहा पाएको हुँ पछि बुझ्दा नाम परिवर्तित सुजनले जाहेरवालीको सोही अनुसारको नगद तथा जिन्सी माल सामान चोरी गरेको एकिन भएकोले निज परिवर्तित नाम सुजनलाई कडा भन्दा कडा कार्वाही हुनु पर्दछ भन्ने समेत करिव एकै मिलान व्यहोराको बेग प्रसाद गर्बुजा, दान बहादुर राई र कर्ण बहादुर प्रधानको बस्तुस्थिति मुचुल्का ।

निजले गरेको उक्त कार्य मुलुकी ऐन चोरी महलको १ र १२ नं. बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १२ नं. बमोजिम सजाय गरी पाउन साथै निज नावालक देखिँदा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११ को उपदफा २ बमोजिम सजाँय गरी चोरीको बरामद हुन आएको नगद तथा जिन्सी धनमालका हकमा मुलुकी ऐन चोरी महलको १०(३) नं. बमोजिम जाहेरवालीलाई फिर्ता दिलाइ भराई पाउन समेत मागदावी लिई दायर भएको अभियोग पत्र ।

जाहेरी व्यहोरा सुनाउँदा सुने । उक्त जाहेरीमा भएको व्यहोरा साँचो हो । उक्त चोरी भएको रकम म बाट वरामद भएको ठिकै हो । मैले चोरी गरेको हो । मलाई चोरी गरेर सजाय हुन्छ भन्ने थाहा थिएन । नजानेर चोरी गरेँ । अब आईन्दा यस्तो काम गर्दिन । मिल्छ भने कम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम सुजनले यस अदालतमा गरेको बयान ।

यी प्रतिवादीले अनुसन्धान अधिकारी र यस अदालतमा बयान गर्दा समेत कसुरमा सावित भै बयान गरेको, जाहेरवालीले किटानी रुपमा जाहेरी दिएको देखिएको, उक्त दिन यी प्रतिवादी पसलमा खाजा खान आएका थिए हामीहरु व्यस्त भएको मौका छोपी चोरी गरी गएका रहेछन भनी गोरी पुनले गरिदिएको घटना विवरण कागज, यी प्रतिवादीको शरिर खानतलासी गर्दा रातो रङको लेडिज झोला र नगद रु. ७८ हजार वरामद भएको भन्ने वरामदी खानतलासी मुचुल्का समेतबाट यी प्रतिवादी कसुरदार रहेको देखिएतापनि निज प्रतिवादीको कुनै आय स्रोत नदेखिएको तथा निजको अभिभावक समेत रहेको नदेखिनुका साथै आर्थिक अवस्था कमजोर रहेको तथा निज प्रतिवादी १०-१४ वर्षको नावालक रहेको देखिई निज नाबालक प्रतिवादीको वृहत्तर हितलाई ध्यानमा राखी

निज प्रतिवादीलाई थुनामा राख्न तथा धरौटी माग गर्न उपयुक्त नदेखिदा पछि ठहरे बमोजिम हुने गरी हाल बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५० बमोजिम अदालतले खोजेका बखत उपस्थित गराउने कागज गराई निज प्रतिवादी परिवर्तित नाम सुजनलाई निजको तर्फवाट बहस पैरवी गर्ने वैतनिक अधिवक्ता श्री डण्डपाणी पराजुलीको जिम्मा लगाई मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु साथै प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भै सकेको देखिदा र प्रतिवादीले यस अदालतमा वयान गर्दा मेरो कुनै साक्षी प्रमाण छैन भनी लेखाएको देखिदा वादी पक्षका साक्षी गवाह जाहेरवाला लगायत घटना विवरण कागज गर्ने मानिसहरुलाई मिति तोकी बकपत्रको लागि जिल्ला सरकारी वकिल कार्यालय म्याग्दी मार्फत यस अदालतमा उपस्थित गराईदिनु भनि जिल्ला प्रहरी कार्यालय म्याग्दीमा लेखी पठाइ उपस्थित भएपछि बकपत्रको लागि पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७३/१०/२३ मा यस अदालतबाट भएको आदेश ।

मैले गरिदिएको घटना विवरण कागज व्यहोरा सुनाउदा सुने । उक्त मितिमा भएको कागज व्यहोरा साँचो हो । उक्त केटा खाजा खान गएको बेला पैसा चोरी गरेर गएको हो । यी प्रतिवादीले चोरी गरेको हुनाले अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो भन्ने समेत व्यहोराको वादीका साक्षी माया राम्जालीले यस अदालतमा गरेको वयान ।

जाहेरी ब्यहोरा सुनाउदा सुने । जाहेरी व्यहोरा साँचो हो । प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्दछ भन्ने समेत व्यहोराको जाहेरवाली दुधकुमारी गर्बुजाले यस अदालतमा गरेको बकपत्र ।

मैले गरेको कागज व्यहोरा सुनाउँदा सुने । कागजमा भएको व्यहोरा ठिकै हो । प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्दछ भन्ने समेत व्यहोराको वादीका साक्षी गोरी पुनले यस अदालतमा गरेको बकपत्र।

## ठहर खण्ड

नियम बमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान नि.जि.न्या.व. श्री खेमराज पाठकले प्रतिवादीले यस अदालत तथा अनुसन्धान अधिकारी समक्ष कसुरमा सावित भई वयान गरेको र निजबाट चोरीको नगद समेत वरामद भएको हुँदा निज प्रतिवादी परिवर्तित नाम सुजनलाई अभियोग दावी अनुरुप सजाय हुनु पर्दछ समेत भनी बहस गर्नु भएको बहस सुनियो । त्यस्तै प्रतिवादी परिवर्तित नाम सुजन तर्फका विद्वान वैतनिक अधिवक्ता श्री डण्डपाणी पराजुलीले

प्रतिवादी १० वर्ष माथी १४ वर्ष मुनीको नावालक रहेकोले निजको वृहत्तर हितलाई ध्यानमा राखी न्याय निरुपण हुनु पर्छ भनि बहस गर्नु भयो ।

उल्लेखित बहस जिकिर समेत सुनी तत्सम्बन्धमा हेर्दा जिल्ला म्याग्दी बाबियाचौर वडा नं. ८ स्थित सहस्रधारामा माघेसक्रान्तीको अवसर पारी मेला चलिरहेकोमा म जाहेरवावाले समेत उक्त स्थानमा खाजा नास्ताको पसल थापी व्यापार गरी जम्मा गरेको रु. ७८,०००/–(अठहत्तर हजार) रुपैया मिति २०७३/१०/०४ गते नाम परिवर्तित सुजनले चोरी गरी लगेकाले निजलाइ पक्राउ गरी कानून बमाजिम कारवाही गरी चोरी भएको नगद समेत फिर्ता पाउँ भन्ने समेत बेहोराको जाहेरवाली दुधकुमारी गर्वुजाले दिएको जाहेरी दरखास्तको आधारमा अनुसन्धान भएको प्रस्तुत मुद्दामा निज प्रतिवादी परिवर्तित नाम सुजनलाई मुलुकी ऐन चोरीका महलको १ नं. र १२ नं. को कसुरमा ऐ. १२ नं. बमोजिम सजाय गरी वरामद हुन आएको नगद तथा जिन्सी धनमाल ऐ. ऐनको १०(३) नं. बमोजिम जाहेरवालीलाई फिर्ता दिलाई पाउँ भन्ने वादी नेपाल सरकारको माग दावी रहेको पाइयो ।

निज प्रतिवादी परिवर्तित नाम सुजनले अभियोग दावी अनुरुप कसुर गरेका हुन्, होइन ? र निजलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो, होइन ? भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने भई इन्साफ तर्फ विचार गर्दा निज प्रतिवादी परिवर्तित नाम सुजनले वारदात मितिमा जाहेरवालीको नगद रु. ७८,०००/–(अठहत्तर हजार रुपैया) चोरी गरेकोमा सावित भई अनुसन्धान अधिकारी र यस अदालतमा बयान गरेको पाइयो । निजको साथबाट रु. ७८,०००/–(अठहत्तर हजार रुपैया), जाहेरवाली दुधकुमारी गर्वुजाको नाममा रहेको माछापुच्छ्रे बैकको चेकबुक र रातो लेडिज झोला थान-१ समेत बरामद भएको भन्ने मिति २०७३/१०/०७ को बरामदी मुचुल्काबाट देखियो । वरामदी नगद रु. ७८,०००/–, झोला, पर्स र चेकबुक जाहेरवालाले यस अदलातका आदेश बमोजिम मिति २०७३/११/५ मा बुझिलगेको समेत देखियो । उक्त बरामदी मुचुल्कामा निज प्रतिवादी सुजनले समेत दस्तखत गरेको पाइयो । निज प्रतिवादी उपर जाहेरवालीले आफ्नो धनमाल चोरी गरेको भनी किटानी जाहेरी दिएकोमा सो समर्थन गरी जाहेरवालीले यस अदालतमा बकपत्र समेत गरेको देखिन्छ । त्यस्तै घटना विवरण कागज गर्ने गोरी पुनले निज प्रतिवादी सुजनले जाहेरवालीको जाहेरीमा उल्लेखित धनमाल वारदात मितिमा चोरी गरेको भनी मौकामा घटना विवरण लेखाई दिएकोमा सो समर्थन गरी यस अदालतमा बकपत्र गरिदिएको पाइयो।

उल्लेखित मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी मुचुल्का, प्रतिवादीको बयान लगायतका प्रमाण कागजको मुल्याङ्कनबाट निज प्रतिवादी परिवर्तित नाम सुजनले वारदात मितिमा जाहेरवालीको नगद रु. ७८,०००/–(अठहत्तर हजार रुपैया), झोला र चेकबुक चोरी गरी अभियोग

दावी बमोजिम मुलुकी ऐन, चोरी महलको १ नं. र १२ नं. अनुरुपको कसुर गरेको निशंक पुष्टि हुन आएकोले निजलाई सोही ऐनको १२ नं. बमोजिम १ महिना कैद र विगो रु ७८,०००/–(अठहत्तर हजार) जरिवाना हुनेमा मिसिल संलग्न प्रमाण कागजबाट निज प्रतिवादी १० देखि १४ बर्ष उमेरको देखिएकोले निजका हकमा लागु हुने बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११ (२) बमोजिम जरिवानाको हकमा निज नाबालकलाई सम्झाइ कैद दिन १६ सजाय हुने ठहर्छ । बरामदी नगद रु. ७८,०००/–(अठहत्तर हजार रुपैया), झोला पर्स र चेकबुक समेत जाहेरवालीले यस अदालतबाट मिति २०७३/११/५ मा बुझिलिइसकेको भरपाइबाट देखिदा सो सम्बन्धमा केही बोलिरहनु परेन । सो ठहरेकाले अरुमा तपसिल बमोजिम हुने गरी अ.वं.१८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

**तपसील**

माथी इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम म्याग्दी सुजनलाई कैद दिन १६ हुने ठहरी फैसला भएकोमा निज मिति २०७३/१०/०७ मा पक्राउमा परी मिति २०७३/१०/२३ को यस अदालतको आदेश अनुसार जिम्मा जमानीमा छुटी गई निजलाई लागेको कैद कट्टी भइ सकेको हुँदा कैदको लगत कसी असुली बेहोरा जनाउन तहसिल शाखामा लगत दिनू............१

प्रस्तुत इन्साफमा चित्त नबुझे श्री उच्च अदालत पोखरा बागलुङ इजलास बागलुङमा पुनरावेदन गर्न जानू भनी परिवर्तित नाम सुजनको नाउमा ७० दिने पुनरावेदनको म्याद जारी गर्नु............२

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग्न आए लाग्ने दस्तुर लिई सारी सराइ दिनु.........३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु.................४

(राम प्रसाद शर्मा)
जिल्ला न्यायाधीश

फाँटवाला ना.सु. पदमबहादुर थापा
ईति संवत २०७३ साल चैत्र महिना १६ गते रोज ४ शुभम्...................................।

**पाँचथर जिल्ला अदालत**

**ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्रकुमार श्रेष्ठ**

**फैसला**

**मुद्दाः जबरजस्ती करणी (बाल यौन दुराचार)**

**सम्वत् २०७३ सालको** 073-CR-0045

**र.नं.** : २१-०७३-००२३१

**निर्णय नं.** : ११२

वादी :

परिवर्तित नाम ०२ ओ को जाहेरीले नेपाल सरकार............................१

**साक्षी** : ..................................

**कागज** : ................................

प्रतिवादी :

परिवर्तित नाम ०२ ओ दुई......................१

**साक्षी** : ......................................

**कागज** : .....................................

**अदालतबाट वुझेको प्रमाण**

**साक्षी** : ०२ ओ (परिवर्तित नाम), कमला केरुङ, देवीप्रसाद खनाल, फूलमाया केरुङ ।

**कागज : ।**

न्याय प्रशासन ऐन २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.ब.२९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रपर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं विवरण यस प्रकार छ :

मिति २०७३।१०।१२ दिनको १५:०० बजेको समयमा बजार जान भनि मेरो १७ महिनाको नावालक छोरी परिवर्तित नाम ०२-ओ एकलाई वाहिर निकाली म कपडा फेर्न कोठाभित्र गएको वाहिर निस्की हेर्दा छोरीलाई नदेखेपश्चात यताउता हेर्दा घरको पछाडी रुदै गरेको अवस्थामा देखे, सोही ठाँउबाट परिवर्तित नाम ०२-ओ दुई छिटो छिटो घरतर्फ जादै गरेको देखेको हो । केही छिनमा छोरीले दिशा गर्दा रगत आएको देखी के भयो भन्दा परिवर्तित नाम ०२-ओ दुई गए तिर औलाले देखाई रोएकोले केही उपद्रो भयो की भनी छोरीलाइ जिल्ला अस्पताल पाँचथर र

पाथिभरा अस्पतालसमेतमा लगी देखाउदा मेरो नावालक छोरीको मलद्धारमा निज वालविज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईले जवरजस्ती करणी (वालयौन दुराचार) गरेको थाहा भएकोले निज बालबिज्याईकर्तालाई कानुनबमोजिम गरी पाँउ भन्नेसमेत ब्यहोराको परिवर्तित नाम ०२-ओको जाहेरी दरखास्त ।

जिल्ला पाँचथर फिदिम न.पा.-२ स्थित पूर्वमा भोला मिश्रको घर, पश्चिममा माहानन्द ओझाको घर, उत्तरमा पल्लोटार बसपार्क जाने वाटो र दक्षिणमा रेणु ओझाको जग्गा यति चार किल्लाभित्र रहेको नरवहादुर केरुङको घर नजिक रहेको पेटीमा मिति २०७३।१०।१२ गते दिनको १५:०० बजेको समयमा वालविज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईले जाहेरवालाको छोरी परिवर्तित नाम ०२-ओ एकलाई जवरजस्ती करणी (वालयौन दुराचार) गरेको भन्ने समेत ब्यहोराको घटनास्थल मुचुल्का ।

पीडिता परिवर्तित नाम ०२-ओ एकको गुद्धद्धार तथा सोही वरपर (१२ o clock position) मा एउटा abrasion about(1फ0.2)cm को चोट रहेको भन्ने जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको शारीरिक परीक्षण रिपोर्ट ।

जाहेरवाला परिवर्तित नाम ०२-ओ मेरो एउटा घरमा कोठा भाडा लिई वसेका र अर्को घरमा परिवर्तित नाम ०२-ओ दुई वन्दकी लिई वसेकोमा मिति २०७३।१०।१२ गते दिनको अ. १५:०० बजेको समयमा म काम विशेषले फिदिम बजारतर्फ आएकोमा साँझ घर फर्कदा जाहेरवाला कपडा फेर्न घर भित्र छिरेको र निजको नावालक छोरी घर वाहिर रहेको अवस्थामा परिवर्तित नाम ०२-ओ दुईले निज नावालक परिवर्तित नाम ०२-ओ एकलाई मलद्धारमा जवरजस्ती करणी गरेका र पीडिताको मलद्धारबाट रगतसमेत आएकोले जिल्ला अस्पताल पाँचथर उपचार गराएका रहेछन । वाल विज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईलाई कानूनबमोजिम हुनुपर्छ भन्ने समेत ब्यहोराको महानन्द ओझाको कागज ।

मिति २०७३।१०।१२ गते दिनको अ.१५:०० बजेको समयमा परिवर्तित नाम ०२-ओ बजार जान कपडा फेर्न कोठाभित्र गएको र निज नावालक छोरी परिवर्तित नाम ०२-ओ एकलाई परिवर्तित नाम ०२-ओ दुईले बोकी राखेका थिए । म काम विशेषले घरभित्र गएकोमा परिवर्तित नाम ०२-ओ एक चिच्याइ रोएकोले जाहेरवाला गई हेर्दा निज वच्चालाई भुईमा छाडी परिवर्तित नाम ०२-ओ दुई भागी गएका रहेछन । निज नावालिकाले दिशा गर्दा रगत आएकोले अस्पतालमा उपचारको लागी लगेको हो । १७ महिनाकी नावालिकालाई जवरजस्ती करणी (वाल यौन दुराचार) गर्ने वाल विज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईलाई कानूनबमोजिम हुनुपर्छ भन्ने समेत ब्यहोराको फुलमाया केरुङको कागज ।

जाहेरवाला परिवर्तित नाम ०२-ओ र म छिमेकी भएकोले निजको घरमा गई निज परिवर्तित नाम ०२-ओ एकलाई बोक्ने खेलाउने गरेको थिएँ । यस्तैमा मिति २०७३।१०।१२ गते दिनको अ.१५:०० बजेको समयमा पीडिताको घरमा गएकोमा पीडिता परिवर्तित नाम ०२-ओ एकलाई घर वाहिर नाङ्गै खेलेको अवस्थामा देखी बोकी खेलाउने क्रममा केटाहरुले मोवायलमा देखाएको अश्लिल फिल्मको याद आई करणी गर्ने ईच्छा जागेकोले पीडितालाई घर पछाडी लगी मेरो उत्तेजित भइसकेको लिङ्ग निकाली पीडिता परिवर्तित नाम ०२-ओ एकलाई काखमा राखी मेरो लिङ्ग निजको मलद्धारमा लगाई ठेलेपछी निज रुन थालेकोले निजको आमा परिवर्तित नाम ०२-ओले सुनी आएपश्चात निज वालिकालाई त्यही छोडी भागी गएको हो भन्ने समेत ब्यहोराको वाल विज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईको वयान कागज ।

मिति २०७३।१०।१२ गते दिनको अ.१५:०० बजेको समयमा नावालिका ०२-ओ एकले दिशा गरी मलद्धारबाट रगत बगेको देखी उपचारका लागी अस्पताल ल्याएको भन्ने सुनेको र सो सम्वन्धमा बुझ्दै परिवर्तित नाम ०२-ओ दुईले नावालिकालाई घर पछाडी लगी मलद्धारमा जवर जस्ती करणी (वाल यौन दुराचार) गरेका रहेछन । निजले नावालिकालाई मलद्धारमा जवरजस्ती करणी (वालयौन दुराचार) गर्ने वाल विज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईलाइ कानुनबमोजिम होस भन्ने समेत ब्यहोराको प्रायः एकै मिलान हुने गरी कमला केरुङ भक्तिमाया क्यापछाकी मगर र चन्द्र केरुङसमेतले खुलाई लेखाएको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बालबिज्याईकर्ताको बयान, शारीरिक परीक्षण प्रतिबेदन, घटनाबिबरण कागज एवं बस्तुस्थित मुचुल्का समेतका आधार प्रमाणहरुबाट मिति २०७३।१०।१२ गते दिनको अ. १५:०० वजेको समयमा वालबिज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईले सत्र महिनाकी परिवर्तित नाम ०२-ओ एकलाई मलद्धारमा जवरजस्ती करणी गरी बालयौन दुराचार गरेको वारदात स्थापित हुन आएकोले निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १(घ) र ९(क) नं. को कसूर गरेको हुँदा निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुईलाई ऐ महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ महलको ९(क) नं. बमोजिम थप सजाय गरी पाउन र निज बालबिज्याइकर्ता वारदात हुँदाको मितिमा जन्मदर्तानुसार निजको उमेर १५ वर्षको देखिदा निजलाई माथी हुने सजायमा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) वमोजिम सजाय गरी पाउनका साथै मुलुकी ऐन जवरजस्ती करणी महलको ९(क) नं. बमोजिम पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति निजै बालबिज्याईकर्ताबाट दिलाई भराई पाउ भन्ने अभियोगपत्र ।

जाहेरी दरखास्त अभियोग पत्र समेतका सम्पूर्ण मिसिल कागजातहरुको व्यहोरा पढिवाचि सुनाउँदा सुनिपाएँ । पीडित परिवर्तित नाम ०२ ओ एकलाई हाम्रो घर नजिकै रहेकोले बोक्ने

खेलाउने गरिरहन्थे । उक्त मिति २०७३।१०।१२ गते पनि म उनलाई खेलाउन बोक्न उनको घरमा गएकोमा थिएँ । उक्त समयमा जाहेरवाली परिवर्तित नाम ०२ ओ आफ्नै घरमा थिइन् । बोक्ने खेलाउने क्रममा पीडिता परिवर्तित नाम ०२ ओ एक्कासी नजिकै रहेको अम्लिसोको झ्याङमा खस्न गई घाउ चोटपटक लागेको हो । निज पीडिता ०२ ओ एकलाई मैले जबरजस्ती करणी/बाल यौन दुराचार गरेको होइन् । उक्त चोटपटक लागेपछि उ रुन कराउन थालिन् त्यस पछि म डरले घर तर्फ भागेको हुँ । मैले अभियोग मागदावी अनुसारको कसुर नगरेको हुँदा सफाई पाउनु पर्दछ भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम ०२ ओ दुइले अदालतमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणहरुबाट बालबिज्याईकर्ता परिवर्तित नाम ०२ ओ दुइ कसुरदार रहेनछन् भन्न सकिने अवस्था समेत विधमान नदेखिएकोले बालबिज्याई कर्ता परिवर्तित नाम ०२ ओ दुइ हाल नाबालक बर्ष १५ उमेरको रहेको निज कक्षा ७ मा अध्ययन गरेको भन्ने देखिएकोले निजको शारीरीक र मानसिक अवस्था समेतलाई बिचार गर्दा थुनामा राखि मुद्दाको पुर्पक्ष गर्न उपयुक्त देखिन नआएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने नै हुँदा हाल बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५०(१) बमोजिम बालबिज्याई कर्ता ०२ ओ दुइ लाई निजकै बाबुको संरक्षक जिम्मा लगाई प्रस्तुत मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०७३।१०।३।३ यस अदालतबाट भएको आदेश ।

दुवै पक्षको साँक्षी बुझि पेश गर्नु भन्ने आदेश बमोजिम जाहेरवाला परिवर्तित नाम ०२-ओ ले मिति २०७३ साल माघ १२ गते दिउँसो अ.३.०० बजेको समयमा बालविज्याई कर्ताले मेरो १७ महिनाकी छोरीलाई हेर्दै गर्दा घर पछाडि लगी निज पीडिता ०२-ओ एको गुद्वारमा जबरजस्ती करणी बालयौन दुराचार गरेछन् । बालविज्याई कर्ता ०२-ओ दुइले खेलाउँदै गरेको नानी एक्कासी रोईकराई गरी सुनेपछि र निज नाबालिकाको गुदद्वारबाट रगत समेत आए पश्चात उपचारको लागी फिदिम बजार ल्याएकोमा पूर्ण रुपमा स्वास्थ्य नभएकोले घर गई निज बिज्याई कर्तालाई गाउँघरका अन्य भलाद्मीहरुले सोध्दा मैले जबरजस्ती करणी गरेको हुँ समेत भनेका थिए र मैले समेत निज बिज्याईकर्तालाई कुटेका थियौ । यसरी जबरजस्ती करणी गर्ने उपर मैले मिति २०७३।१०।१३ गते उजुरी दिएकी हुँ । उक्त मितिको जाहेरी दरखास्तको व्यहोरा पढिवाची सुनाउँदा सुनिपाएँ जाहेरी दरखास्तको व्यहोरा र सहिछाप समेत मेरै हो भन्ने व्यहोराको बकपत्र गरेको ।

बस्तुस्थिती मुचुल्का कागज गर्ने कमला केरुङले मिति २०७३ साल माघ १२ गते अं.३.०० बजेको समयको समयमा बालविज्याई कर्ताले खेलाउँदै नानीको घरको पछाडी लगी जबरजस्ती करणी बालयौन दुराचार गरेछन् । दुराचार गरे पश्चात नानीको गुदद्वारबाट रगत बगी नानी धेरै रोए पश्चात म र जाहेरवाला भई पीडितालाई उपचारको लागी अस्पताल ल्याएका हौं । निज पीडिता हाल पनि दिशा पिसाव गर्दा रुने गर्दछिन् । बाल बिज्याईकर्ताले बालयौन दुराचार गरेका हुन् भन्ने कुरामा पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको बकपत्र गरेको ।

बालविज्याइ कर्ताका साँक्षी देवी प्रसाद खनालले बालबिज्याईकर्ताले भने अनुसार निजले पीडितालाई बीकी खेलाईरहेका थिए रे निज पीडिताको घरमा बरोबर गई रहन्थे नजिकै छिमेकी भएको कारण निज त्यहाँ गई रहन्थे रे निजले पीडितालाई बोकी रहेको अवस्थामा अम्लिसोमा खसि सोही अम्लिसोको पातले काटी निज पीडिताको घाउ भएको भन्ने सुनेको हुँ । यो सबै कुरा निज बालबिज्याईकर्ताले नै भनि थाहा पाएको हुँ । पीडिता १७ महिनाको नाबालिका र बालविज्याईकर्ता समेत १३ बर्षको मात्र भएका कारण निजले बालयौन दुराचार गरे भन्ने कुरामा मलाई विस्वास लाग्दैन त्यसैले बालविज्याईकर्ताले बालयौन दुराचार गरेका होइनन् होला निजले अभियोग बाट सफाई पाउनु पर्ने हो भन्ने व्यहोराको बकपत्र गरेको ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायाधिवक्ता श्री उत्तम श्रेष्ठको वहस सुनियो । मुलतः वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम प्रतिवादीले कसुर गरी सजाय समेत हुने हो वा होइन ? त्यस तर्फ निर्णय गर्नुपर्ने देखियो ।

मिसिल संलग्न प्रमाण कागजहरु हेरी निर्णय तर्फ विचार गर्दा बालविज्याइ कर्ता परिवर्तित नाम ०२-ओ दुईले मिति २०७३।१०।१२ गते अं.१५ बजेको समयमा पीडिता १७ महिनाकी परिवर्तित नाम ०२-ओ एकलाई मलद्वारमा जबरजस्ती करणी बालयौन दुराचार गरेको भन्ने जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडिता परिवर्तित नाम ०२-ओ एकको गुद्वारमा चोट रहेको भन्ने शारीरीक परिक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिसहरुको कागज समेतका व्यहोरा तथा बालबिज्याइ कर्ता परिवर्तित नाम ०२-ओ दुईको अधिकार प्राप्त अधिकारी समक्षको साविती बयान व्यहोराले पुष्टी गरी दिएको पाईयो ।

बालबिज्याईकर्ता परिवर्तित नाम ०२-ओ दुई अदालत समक्ष कसुरमा इन्कार रहि बयान दिएकोमा सो इन्कारीलाई तथ्ययुक्त तवरबाट पुष्टी हुने प्रमाण नदेखिएको तथा जाहेरवाला, बस्तुस्थिती मुचुल्काका मानिस कमला केरुङ बुझिएका फुलमाया केरुङ अदालत समक्ष उपस्थित भई मौकाको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरी दिएको र पीडिताको स्वास्थ्य प्रतिवेदनमा उल्लेखित चोट समेतका आधार कारणहरुबाट बालविज्याइ कर्ता परिवर्तित नाम ०२ ओ दुई ले वादी नेपाल सरकारको अभियोग माग दावी बमोजिम कसुर गरेको निर्विवाद रुपले पुष्टी हुन आयो ।

अतः बालबिज्याइ कर्ता परिवर्तित नाम ०२ ओ दुइले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणी महलको १ (घ) र ९ (क) नं.को कसुर गरेको हुँदा बालविज्याइ कर्ता परिवर्तित नाम ०२ ओ दुईलाइ ऐ.३(१) को सजायमा ऐ.ऐ.९ (क) नं.बमोजिम हुने थप सजायमा बालबिज्याईकर्ताको उमेर १५ बर्षको देखिदा बालबालिका सम्बन्धि

ऐन २०४८ को दफा ११ (३) बमोजिम (५ $^{१/२}$) साढे ५ बर्ष कैद हुने ठर्हछ । बालविज्याई कर्ता परिवर्तित नाम ०२ ओ दुइ हाल नाबालक १५ बर्ष उमेरको भन्ने देखिएको निज कक्षा ७ मा अध्ययनरत रहेकोले मानसिक शारीरीक उमेर समेतलाई हेर्दा कैदमा राख्न उपयुक्त देखिन नआएकोले बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५० (२) बमोजिम लागेको कैदको हकमा स्थगित गरि दिएको छ । सो ठहर्नाले अरु कुरा तपशिल बमोजिम गर्नू ।

**तपशिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी बालविज्याईकर्ताको उमेर १५ बर्षको देखिंदा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (३) बमोजिम ५ $^{१/५}$ (साढे पाँच बर्ष) कैद हुने ठहरी फैसला भएकोले निज बाल बिज्याईँकर्ता ०२ ओ दुई (परिवर्तित नाम) लाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५० (२) बमोजिम निजलाई लागेको कैदको हकमा स्थगित गरिदिएको सम्बन्धमा फैसला पढिवाची सुनाइ बालविज्याईकर्तालाई अविभावकको जिम्मा लगाई जिम्मा बुझेको कागज गराई मिसिल सामेल राख्नू..................................................१

यस अदालतको फैसला उपर चित्त नबुझे ऐनका म्याद ७० दिन भित्र श्री उच्च अदालत विराटनगर इलाम इजलाश इलाममा पुनरावेदन गर्नु होला भनि बाल बिज्याईकर्ता परिवर्तित नाम ०२ ओ दुइ लाई ७० दिने पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकिल कार्यालय पाँचथरलाई फैसलाको जानकारीसहित फैसलाको प्रतिलिपि पठाइदिनू..................................................२

सरोकारवाला व्यक्तिले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी साथै फैसला अपलोड गरी मिसिल अभिलेख फाँटमा वुझा ईदिनू........................................................................३

टिपाउनु हुने फाँटवाला : ना.सु.चोलेन्द्र कार्की

कम्प्युटर टाईप गर्ने : पवित्रा योङहाङ

.............................

(राजेन्द्रकुमार श्रेष्ठ)

जिल्ला न्यायाधीश

इति सम्वत् २०७३ साल चैत्र २१ गते रोज २ शुभम्..........................................।

**पाँचथर जिल्ला अदालत**

**ईजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्रकुमार श्रेष्ठ**

**फैसला**

**मुद्दा : जबरजस्ती करणी (बाल यौन दुराचार)**

**सम्वत् २०७३ सालको 07३-CR-0049**

**र.नं. : २१-०७३-००२३५**

**निर्णय नं. : २२२**

| वादी : | प्रतिवादी : |
| --- | --- |
| परितर्तित नाम ०२ पि को जाहेरीले वादी नेपाल सरकार............................ १ | परिवर्तित नाम ०२ पि दुइ.......१ |
| साक्षी :.................................... | |
| साक्षी :.................................... | कागजः....................................... |
| कागजः.................................... | |

**अदालतबाट वुझेको प्रमाण**

**साक्षी** : ०२ पि, परिवर्तित नाम ०२ पि एक, भिमबहादुर विसुंखे, भूपेन्द्र भण्डारी ।

**कागज** : -

न्याय प्रशासन ऐन २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.ब.२९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रपर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं विवरण यस प्रकार छ :

जिल्ला पाँचथर, मौवा गा.बि.स. वडा नं. ८ स्थित पूर्वमा प्रेमवहादुर विसखेंको वारी, पश्चिममा श्री ज्यामिरे प्रा.बि.को खेल मैदान, उत्तरमा सार्की खोल्सा र दक्षिणमा सार्की खोल्सा यती चार किल्लाभित्र रहेको सार्की खोल्साको बगरमा मिति २०७३।१०।१६ गते अ.१०.०० वजेको समयमा परिवर्तित नाम ०२–पि दुईले परिवर्तित नाम ०२–पि एकलाई जवरजस्ती करणी गरेको र उक्त ठाँउको घासपातसमेत मडारिएको भन्ने समेत ब्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७३।१०।१६ गते म काठ काटन भनी जंगलतर्फ गएको र श्रीमतीसमेत माईत गएकोले घरमा नावालक छोराछोरी मात्र थिए । सोही दिनको अ.१०:०० बजेको समयमा मेरो छोरी परिवर्तित नाम ०२–पि एक घाँस दाउरा गर्नको लागी साथी बोलाउन जिल्ला पाँचथर मौवा ८ स्थित ज्यामिरे प्रा.वि.को पूर्वपट्टी पुग्दा सोही ठाँउमा गुच्चा खेलिरहेका परिवर्तित नाम ०२–पि दुईले निज छोरीलाई तानी लगी सार्की खोलाको बगरमा पुर्याई मेरो वर्ष १० की छोरी परिवर्तित नाम ०२–पि एकलाई भुईमा लडाई जवरजस्ती करणी गरेकाले छोरी चिच्याई कराउदा गाउलेहरुले छोरीलाई उद्धार गरेका रहेछन । निजलाई पक्राउ गरी कानूनबमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ०२–पि को जाहेरी दरखास्त ।

मिति २०७३।१०।१६ गते बुवा विहानै जंगल जानु भएको र आमा मावल जानु भएकोले म घाँस काटन भनी जंगल जानको लागी जादै गर्दा विपक्षी परिवर्तित नाम ०२–पि दुई ज्यामिरे प्रा वि को नजिकै गुच्चा गन्दै गरेको अवस्थामा म सरासर जादै गर्दा निज विपक्षीले मलाई पछाडीवाट च्याप्प पकडी दाहिने हातमा समाई तान्दै सार्की खोला वगर तान्दै लगेकोले मैले डेडी भन्दै कराउदा नकरा किन कराएको बन्दै कोही मान्छे नभएको ठाँउमा पुर्‍याएपछी मलाई भुईमा उत्तानो पारी लडाए र मेरो सुरुवाल जवरजस्ती हातले खोली निजले लगाएको सुरुवालसमेत खोली मैले ओडेको वर्कोले मुखमा छोपी वोल्न कराउन नदिई निजको उत्तेजित लिङ्ग मेरो योनीमा जवरजस्ती छिराई तल माथी गर्दै २/३ मिनट थिची करणी गरेपछी मलाई धेरै दुखी पिडा भएकाले मैले निजलाई पन्छाउदै अझ जोडले कराएपछी निजले मलाई करणी गर्न छाडी घटनास्थलबाट भागी गएका हुन । निज परिवर्तित नाम ०२–पि दुईलाई कानूनवमोजिम गरी पाउँ भन्नेसमेत ब्यहोराको पीडिता परिवर्तित नाम ०२–पि एकको कागज ।

पीडिता परिवर्तित नाम ०२–पि एकको योनीको हाईमन जाली च्यातिएको, निजको शरिरमा contision about(1×0.5) cm right wrist रहेको भन्ने समेत ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको शारीरिक परीक्षण रिपोर्ट ।

पीडक परिवर्तित नाम ०२–पि दुईको यकिन गरी भन्न नसकिने भन्ने ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाँचथरको शारीरिक परीक्षण रिपोर्ट ।

मिति २०७३।१०।१६ गते विहानको अ.१०:०० बजेको समयमा गोरेटोबाटोमा गुच्चा खेल्दै गरेको अवस्थामा परिवर्तित नाम ०२–पि दुई एक्लै आउँदै गरेकी थिइन् सोही क्रममा पहिला विवाहमा अश्लिल फिल्म हेरेको याद आई निजलाई एक्लै आएको देखी करणी गर्न मन लागेकोले मेरो लिङ्गसमेत उत्तेजित भई सकेकोले पीडितालाई हातमा समाई खोलाको बगरतर्फ लगी पीडिता परिवर्तित नाम ०२–पि एकलाई जवरजस्ती बगरमा लडाई निजको र मेरो सुरुवाल खोली निज

पीडिता माथिबाट चडी मेरो उत्तेजित लिङ्ग पीडिताको योनीमा पसाई तलमाथी गर्दा पीडिता रुन थालेकोले म गाउँलेले थाहा पाउछन् भनि भागी गएको हो भन्ने समेत ब्यहोराको बालबिज्याईकर्ता परिवर्तित नाम ०२–पि दुईको वयान ।

मेरो भाई परिवर्तित नाम ०२–पि दुईको वास्तविक जन्म मिति २०६०।०७।०७ गते भएकोले निज हाल १३ वर्षका भए, हाल दलितहरुलाई नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वालपोषण रकम उपलब्ध गराउने भएकाले निज भाईको जन्म २०६४।०१।१० गते जन्मिएको भनी जन्म दर्ता गराएको हो भन्ने समेत ब्यहोराको परिवर्तित नाम ०२–पि तिनको कागज ।

बालबिज्याईकर्ता परिवर्तित नाम ०२–पि दुईको उमेर १३ वर्षभन्दा माथी र १६ बर्षभन्दा मुनी रहेको भन्ने समेत ब्यहोराको मेची अञ्चल अस्पताल झापाको उमेर परीक्षण रिपोर्ट ।

मिति २०७३।१०।१६ गते विहान अ.१०:०० बजेको समयमा ज्यामिरे प्रा.बी.मुनी विपक्षीले पीडितालाई जवरजस्ती करणी गरेको सुनी पीडिताको घरमा गई बुझ्दा उक्त वारदात समयामा पीडक परिवर्तित नाम ०२–पि दुईले पीडितालाई एक्लै साथीहरु बोलाउन गएको मौका छोपी हातमा समाई तानि सार्की खोलाको बगरमा लगी पीडिताको सुरुवाल खोली दिई मुखमा वर्को लगाई बोल्न कराउनसमेत नदिई पीडिताको योनीमा निजको लिङ्ग छिराई जवरजस्ती करणी गरेको कुरा पीडिताले सुनाई थाहा पाएको हो भन्ने समेत ब्यहोराको भीमबहादुर विसखेंको कागज ।

मिति २०७३।१०।१६ गते विहान अ.१०:०० बजेको समयमा पीडिता परिवर्तित नाम ०२–पि एकको आमा र वाबुसमेत घरमा नभएकोले जंगलमा घास लिन गएको समयमा एक्लै भएको मौका पारी हातमा समाई तानि सार्की खोलाको बगरमा लगी पीडिताको सुरुवाल खोली दिई मुखमा वर्कोसमेत लगाई बोल्न कराउन नदिई पीडिताको यौनीमा नजको उत्तेजित लिङ्ग छिराई जवरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएका हौ एक्लै भएको मौका पारी जवरजस्ती करणी (वालयौन दुराचार) गर्ने बालबिज्याईकर्ताउपर कानुनबमोजिम होस् भन्ने समेत ब्यहोराको निशा थापा दिपक थापा धर्मराज थापासमेतले प्रायःएकै मिलानमा लेखाएको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बालबिज्याईकर्ताको बयान, शारीरिक परीक्षण प्रतिबेदन, उमेर परीक्षण प्रतिवेदन, घटनाबिबरण कागज एवं बस्तुस्थित मुचुल्का समेतका आधार प्रमाणहरुबाट मिति २०७३।१०।१६ गते विहान अ.१०:०० वजेको समयमा वालबिज्याईकर्ता परिवर्तित नाम ०२–पि दुईले वर्ष १० की परिवर्तित नाम ०२–पि एकलाई जवरजस्ती करणी गरी (वालयौन दुराचार) गरेको वारदात स्थापित हुन आएकोले निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२–पि दुईको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १ बमोजिमको कसूर गरेको हुँदा निज बालबिज्याईकर्ता परिवर्तित नाम ०२–पि दुईलाई ऐ महलको ३(२) नं.बमोजिम

सजाय गरी पाउन र निज बालबिज्याइकर्ता वारदात हुँदाको मितिमा मेची अञ्चल अस्पताल झापाको उमेर परीक्षणअनुसार निजको उमेर १४ वर्षको देखिदा निजलाई माथी हुने सजायमा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) वमोजिम सजाय गरी पाउनका साथै मुलुकी ऐन जवरजस्ती करणी महलको १० नं.बमोजिम पीडितालाई मनासिब माफिकको क्षतिपूर्ति निजै बालबिज्याईकर्ताबाट दिलाई भराई पाउ भन्ने व्यहोराको अभियोग पत्र ।

जाहेरी दरखास्त अभियोग पत्र समेतका सम्पूर्ण मिसिल संलग्न कागजातहरुको व्यहोरा पढिवाची सुनिपाएँ । उक्त वारदात मिति समयमा म आफ्नै घरको आगनमा गुच्छा गन्ने खेल खेलिरहेको थिएँ खेल खेल्ने क्रममा घरको माथिल्लो दिशातिरबाट परिवर्तित नाम ०२ पि एक मेरो घर तर्फ आई म खेलखेलिरहेको अवस्थामा उसले मलाई ढुंगाले हानी त्यस पछि मैले उसलाई पक्रेर उसको शरीरमा मैले सामान्य कुटपिट गरेको हो । अभियोग पत्रमा उल्लेख भए बमोजिमको जबरजस्ती करणी/बाल यौन दुराचार गर्ने कार्य मैले गरेको होइन । म सहित मेरो परिवारलाई फसाउने उद्देश्यले यस्तो जाहेरी जाहेरवालाले दिएका हुन् । मैले अभियोग माग दावी अनुसारको कार्य नगरेको हुनाले मैले सफाई पाउनु पर्छ भन्ने व्यहोराको मिति २०७३।११।४ गते प्रतिवादी परिवर्तित नाम ०२ पि दुइले अदालतमा गरेको बयान ।

उल्लेखित मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी बालविज्याई कर्ता ०२ पि दुइ कसुरदार नै रहेछन् भन्ने अवस्था विधमान हुँदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५० (१) बमोजिम अविभावकको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्न भनि मुलुकी ऐन अ.ब.१२४ ग नं.बमोजिम यो आदेश पर्चा गरि दिएको छ भन्ने मिति २०७३।११।४ गते यस अदालतबाट भएको आदेश ।

दुवै पक्षको साँक्षी बुझि पेश गर्नु भन्ने आदेश बमोजिम जाहेरवाला ०२ पि ले मिति २०७३।१०।१८ गतेको जाहेरी दरखास्तको व्यहोरा अदालतबाट पढिवाचि सुनाउँदा सुनिपाएँ । लेखिएको व्यहोरा र सहिछाप मेरै हो । लेखिएको व्यहोरा ठिक छ । मिति २०७३।१०।१६ गते ज्यामिरे स्कुलको पूर्वपट्टि सार्कि खोला भन्ने ठाउँमा प्रतिवादी परिवर्तित नाम ०२ पि दुइले मलाइ बलत्कार गर्यो भनेर पीडिताले मेरो भाउजूलाई भनेपछि के गर्ने भनेर गाउँमा छलफल भई पीडिताले मलाई जबरजस्ती करणी गरेको हो भनेपछि मैले जिल्ला प्रहरी आएर जाहेरी दरखास्त दिएको हो । प्रतिवादी बालविज्याईकर्ताले पीडितालाई जबरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम सजाय हुनु पर्दछ भन्ने व्यहोराको बकपत्र गरेको ।

पीडित ०२ पि एकले मिति २०७३।१०।१६ गते बिहान १० बजे प्रतिवादी परिवर्तित नाम ०२ पि दुइले ज्यामिरे प्रा.वि.स्कूल छेउमा मलाई पूर्वपट्टी तेर्सो लगेर सुरुवाल तानेर निजको पाईन्ट

फुकाली मलाई जबरजस्ती लडाई निजको लिङ निकाली मेरो योनिमा लगाई मलाई जबरजस्ती ठेलि करणी गरेको हो मलाई दुखि कराएँ । म कराएपछि प्रतिवादीको काकाको छोराले थाहा पाएर काकाको छोरा सोम पुर्कुटी आएपछि प्रतिवादीले छोडी भागी गएको हो । प्रतिवादी बालविज्याई कर्ताले मलाई जबरजस्ती करणी करणी गरेको हुँदा निजालई सजाय हुनु पर्दछ भन्ने व्यहोराको बकपत्र गरेको ।

घटना विवरणमा कागज गर्ने भिमबहादुर विसुंखेले उक्त कागजको व्यहोरा सुनिपाएँ । त्यसमा भएको व्यहोरा र सहिछाप मेरै हो । घटना भएको भोलिपल्ट जाहेरवालाले भनेपछि मैले घटनाबारे थाहा पाएको हुँ । मिति २०७३।१०।१६ गते अं.बिहान १०.०० बजेको समयमा मेरो घर नजिकको सार्की खोलामा यी पीडितालाई जबरजस्ती करणी गरेकोमा मलाई विस्वास लाग्छ फेरी फेरी पनि यस्तो घटना नहोस् भन्नका लागी पनि यी प्रतिवादीलाई सजाय गरिनु पर्दछ भन्ने व्यहोराको बकपत्र गरेको ।

प्रतिवादीका साँक्षी भूपेन्द्र भण्डारीले प्रतिवादी उपर लगाईएको अभियोग झुट्टा हो । प्रतिवादी ०२ पी दुइ परिवर्तित नामले पीडित ०२ पि एकलाई जबरजस्ती करणी बाल यौन दुराचार गरेको होईन । घरायसी रिसइबीको कारणले प्रतिवादीलाई अभियोग लगाइएको हो । कागज गर्ने व्यक्तिहरुले किन त्यस्तो आरोप लगाएका हुन् निजहरुले नै जानुन मलाई थाहा छैन । प्रतिवादीले पीडितालाई जबरजस्ती करणी/बाल यौन दुराचार गरेको होइन । सम्पूर्ण अभियोग झुट्टा हो । प्रतिवादी उपर लगाइए झुट्टा आरीप हुँदा अभियोग मागदावीबाट सफाई पाउनु पर्दछ भन्ने व्यहोराको बकपत्र गरेको ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी छलफलका निमित्त ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायधिवक्ता श्री उत्तम श्रेष्ठ र बालविज्याईकर्ताको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री लिलाप्रसाद राईको वहस समेत सुनियो । मुलतः वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम बालविज्याईकर्ताले कसूर गरी सजायसमेत पाउने हो वा होइन ? त्यसतर्फ निर्णय दिनुपर्ने देखियो ।

मिसिल संलग्न प्रमाण कागजहरु हेरी निर्णय तर्फ विचार गर्दा बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुइले पीडिता बर्ष १० कि परिवर्तित नाम ०२ पि एकलाई मिति २०७३।१०।१६ गते बिहान १० बजेको समयमा जबरजस्ती करणी (बालयौन दुराचार) गरेकोले बालविज्याईकर्ता ०२

पि दुइलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.को कसूरमा ऐ.ऐ.३ (२) नं.बमोजिम सजाय गरी बालबिज्याईकर्ताको उमेर १४ बर्षको देखिंदा हुने सजायमा बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (३) बमोजिम हुन र जबरजस्ती करणीको महलको १० नं.बमोजिम पीडितालाई मनासिव क्षतिपूर्ति दिलाई पाउँ भन्ने प्रस्तुत मुद्दाको अभियोग पत्रबाट देखिन्छ।

मिति २०७३।१०।१६ गते अं.१०.०० बजेको समयमा मेरी छोरी बर्ष १० कि परिवर्तित नाम ०२ पि एकलाई सार्की खोलाको बगरमा पुर्‍याई भूईमा लडाई बालविज्याईकर्ताले जबरजस्ती करणी गरेकोले निजलाई पक्राउ गरी कानूनबमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ०२ पि को जाहेरी परी घटनास्थल प्रकृती मुचुल्का भई पीडिता परिवर्तित नाम ०२ पि एकको शारीरीक परिक्षण प्रतिवेदनमा हाइमन च्यातिएको contision about(1×0.5) cm right wrist भन्ने उल्लेख भएको देखियो। पीडिता परिवर्तित नाम ०२ पि एकले अनुसन्धानको क्रममा कागज गर्दा बालबिज्याईकर्ता परिवर्तित नाम ०२ पि दुइले करणी गरेको हो भनि जाहेरी दरखास्तलाई समर्थन हुने गरी कागज गरिदिएको छ।

बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुइ अधिकार प्राप्त अधिकारी समक्ष कसूरमा साविति बयान दिई मौकामा बुझिएका मानिसहरुले समेतले पीडितालाई बालबिज्याईकर्ताले जबर जस्ती करणी/बालयौन दुराचार गरेको भन्ने व्यहोरा लेखाई दिई बालविज्याईकर्ता ०२ पि दुइ अदालत समक्ष कसूरमा इन्कार रहि बयान गरेको पाइयो। जाहेरवाली पीडिता घटनाविवरणका मानिस भिमबहादुर विसुंखे अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा मौकाको जाहेरी तथा कागजलाई पुष्टी हुने गरी व्यहोरा लेखाई दिई बालविज्याईकर्ता अदालत समक्ष कसूरमा इन्कार रही बयान दिएको भए तापनि अधिकार प्राप्त अधिकारी समक्षको साविति बयानलाई पीडिताको स्वास्थ्य परिक्षण प्रतिवेदन जाहेरी दरखास्त पीडिताको कागज व्यहोराले पुष्टी गरी दिएकोले बालविज्याईकर्ताले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम कसुर गरेको भन्ने निर्विवाद रुपले पुष्टी हुन आयो।

बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुई अधिकार प्राप्त अधिकारी समक्ष बयानमा १३ बर्ष उल्लेख गरेको छ भने अदालत समक्षको बयानमा ९ बर्ष उल्लेख गरेको पाइन्छ। मिसिल संलग्न बालविज्याईकर्ताको श्री ज्यामिरे आधारभूत बिधालयको मिति २०७३।१०।२० को पत्रबाट जन्म मिति २०६४।१।१० भन्ने उल्लेख भएको देखिएकोले र कक्षा २ मा अध्ययनरत रहेको भन्ने उल्लेख भएकोले निज बालविज्याई कर्ताको उमेर सोही रेकर्डबाट ९ बर्षको भन्ने देखियो।

अतः उपरोक्त आधार कारणहरुबाट बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुईले वादी नेपाल सरकारको अभियोग माग दावी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणको महलको १ नं.को

कसुर गरेकोले बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुईलाई ऐ.ऐ.महलको ३(२) नं.बमोजिम हुने सजायमा निजको उमेर ९ बर्षको देखिएको बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (२) बमोजिम १ (एक) महिना कैद हुने ठर्हछ । बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुई ९ बर्षको भन्ने देखिएको र कक्षा २ मा अध्ययनरत रहेको हुँदा कैदमा राख्न निजको मानसिक शारीरीक उमेर समेतलाई ध्यानमा राख्दा उपयुक्त हुने अवस्था नदेखिएकोले बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५०(२) बमोजिम उक्त तोकिएको सजाय स्थगित गरि दिने समेत ठर्हछ । सो ठहर्नाले अरु कुरा तपशिल बमोजिम गर्नू ।

**तपशिल**

माथी ठहर खण्डमा लेखिए बमोजिम बालविज्याईकर्ता परिवर्तित नाम ०२ पि दुईलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(२) नं.बमोजिम हुने सजायमा निजको उमेर ९ बर्षको देखिएकोले बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (२) बमोजिम १ महिना कैद हुने ठहरी फैसला भएकोले बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ५० (२) बमोजिम तोकिएको सजाय स्थगित गरिदिने समेत ठहरेको फैसला पढिवाचि सुनाई बालबिज्याईकर्तालाई अभिभावकको जिम्मा बुझाइ कागज गराई मिसिल सामेल राख्न.............................................................१

यस अदालतको फैसलाउपर चित्त नबुझे ऐनका म्याद ७० दिन भित्र श्री उच्च अदालत विराटनगर इलाम इजलाश इलाममा पुनरावेदन गर्नु होला भनि बाल बिज्याई कर्ता परिवर्तित नाम ०२ पि दुइलाई ७० दिने पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकिल कार्यालय, पाँचथरलाई फैसलाको प्रतिलिपि पठाइदिनू...........................................................................२

सरोकारवाला व्यक्तिले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी साथै फैसला अपलोड गरी मिसिल अभिलेख फाँटमा वुझ ईदिनू...........................................................................................३

टिपोर्ट गर्ने फाँटवाला : ना.सु.चोलेन्द्र कार्की
कम्प्युटर टाईप गर्ने : पवित्रा योङहाङ ।

............................

(राजेन्द्रकुमार श्रेष्ठ)
जिल्ला न्यायाधीश

इति सम्वत् २०७४ साल बैशाख ११ गते रोज २ शुभम्.......................................।

**श्री**

**ईलाम जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री नवराज दाहाल**

**फैसला**

**उपस्थितः–**

**वाल मनोवैज्ञानिकः– शर्मिला शर्मा**

**समाजसेवीः– मदनकुमार खड्का**

**२०७३ सालको स.फौ. नं.** 073–CR–0030

र. नं. १९–०७३–००१२५

नि.नं. ३४९

**मुद्दाः– जबरजस्ती करणी (वालविझ्याँई)**

| बादी | प्रतिबादी |
|---|---|
| परिवर्तित नाम शीला को जाहेरीले नेपाल सरकार................................१ | परिवर्तित नाम विवेक.......................१ |
| ऐ. को साक्षीः– | ऐ. को साक्षीः– |
| ऐ. को प्रमाणः– | ऐ. को प्रमाणः– |

**अदालतबाट बुझेको साक्षी, प्रमाण**

**जाहेरवाला परिवर्तित नाम शीला/पीडिता परिवर्तित नाम इलाम त्र।_**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अ. बं. २९ नं. अनुसार यसै अदालतको अधिकार क्षेत्र भित्रको रही नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः–

**टिपोट खण्डः–**

१. हामी श्रीमान र श्रीमती दुवै जना देउमाई नगरपालिका कार्यालयमा काम गर्ने भएकोले वारदात मिति २०७३/०६/०७ गते घरमा पीडित छोरी वर्ष ५ की परिवर्तित नाम “इलाम त्र”

सहितलाई छोडेर कामको लागी कार्यालयमा गएका थियौ । साँझको समयमा घर आउदा मरो छोरी परिवर्तित नाम “इलाम त्र” म आउदा रोई रहेकी थिईन । मैले निज छोरी “इलाम त्र” लाई किन रोएको भनि सोधखोज गर्दा मलाई सु गर्ने ठाउँमा दुख्यो भनेकोले के भएछ भनि निजको सु गर्ने ठाउँमा हेर्दा घाउ चोट निल डाम समेत देखेर के भएर यस्तो घाउ भएको हो भनि सोधनी गर्दा परिवर्तित नाम “विवेक” ले मलाई मेरो सु गर्ने ठाउँमा थुक लगाउदै दादाको सु गर्नेले घोचेको हो र ड्याडी ममीलाई नभन्नु भनि एउटा लेख्ने कापी समेत दिएर गयो भनि पीडित छोरी “इलाम त्र” ले भनेकाले भोलिपल्ट गाउको मानिसहरु समेतलाई खवर गरी प्रहरी कार्यालयमा गई निवेदन दिनु पर्छ भनेकोले म इलाका प्रहरी कार्यालय मंगलवारे इलाममा गई सवै कुरा भनि तत्काल यो जाहेरी दरखसात दिन आएको छु । यसरी मेरो नावालीका छोरी वर्ष ५ की पीडित परिवर्तित नाम “इलाम त्र” लाई जवरजस्ती करणी गर्ने प्रतिवादी परिवर्तित नाम “विवेक” लाई कानून बमोजिम कार्वाही गरी पीडित परिवर्तित नाम “इलाम त्र” लाई प्रतिवादीवाटै क्षेतिपुर्ति समेत दिलाई भराई पाऊँ भन्ने परिवर्तित नाम “सिला” को जाहेरी दरखास्त ।

२. वारदात मिति २०७३/०६/०७ गते मेरो बाबा आमा खाना खाएर काम गर्न जानु भएको थियो । घरमा मेरो भाई, दिदी दुईटी खेल्न पर गए । म चाँही घरको सुत्ने कोठामा नै वसी रहेको थिए । मैले यस अघि चिनेको मैले परिवर्तित नाम “विवेक” दादा भनि वोलाउने गरेको दादा आएर मलाई खाटमा सुताएर मैले लगाएको ट्राउजर खोलेर निज परिवर्तित नाम “विवेक” ले पनि आफ्नो पाईन्ट खोलेर निजको सु गर्ने दह्रो ठाडो बनाएर मेरो सु गर्ने ठाउँमा फटाहा गरेर घोच्न थाल्यो । मलाई दुखेकोले म रुएँ । निजले फटाहा गरी सकेपछि मलाई बाबा ममीलाई नभन्नु भनि मलाई एउटा नलेखेको कापी दियो । खेलेर आएका मेरी काईली दिदी आएपछि मैले परिवर्तित नाम “विवेक” ले मलाई फटाहा गर्‍यो भनि भनेको हो । वेलुकी मलाई सु गर्ने ठाउँमा धेरै दुखेको थियो । मेरो बाबा आमा आएपछि म रोई रहेको बेलामा मेरो आमाले मलाई के भएर रोएको भनि मलाई सोधेको थिए । मैले परिवर्तित नाम “विवेक” मलाई फटाहा गरेको थियो । मलाई सु गर्ने ठाउमा दुखेको छ भनि मैले आमालाई भनेको हो । मलाई फटाहा गर्ने परिवर्तित नाम “विवेक” लाई कानून बमोजिम कार्वाही गरी मलाई क्षेतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने पीडित “इलाम त्र” को घट्ना विवरण कागज ।

३. मिति २०७३/०६/०७ गते शुक्रवारको दिन स्कूल छिट्टै छुट्टी भएकोले म घरमा आउदा कोही पनि मानिसहरु थिएनन् । म निज पीडित परिवर्तित वतन जिल्ला ०३ नगरपालिका दुम्जा वडा

नं. ४ वस्ने वर्ष ०५ की परिवर्तित नाम "इलाम त्र" भाडामा वस्ने घरमा जादा पीडित "इलाम त्र" निजको कोठामा बसीरहेको देखेको थिए। म घरमा आएर टेलिभिजन निकै वेरसम्म हेरी सकेपछि मलाई करणी गर्न मन लागेकोले निज पीडित इलाम त्र निजको कोठामा वसीरहेको देखेकोले सोही कोठामा होलिन निजलाई करणी गर्न पर्‍यो भन्ने सोचेर निज पीडित इलाम त्र को घरमा गई हेर्दा निज पीडित इलाम त्र सोही कोठा भित्र वसीरहेको अवस्थामा फेला पारी ढोका लगाई भित्र पटिवाट चुकुल लगाई निज इलाम त्र लाई मलाई फटाई गर्न देउ भनि भन्दा निजले हुन्छ भनेकोले मैले निजको सुरुवाल निजलाई नै खोल्न लगाएँ। त्यसपछि मैले मेरो पाईन्ट घुडासम्म खोलेर निज इलाम त्र लाई खाटमा सुताएर करणी गरी कोही कसैलाई पनि नभन्नु भनि मैले मेरो एउटा कापी पनि दिएर म घरमा आएको हो भन्ने प्रतिवादी परिवर्तित नाम "विवेक" को अनुसन्धानमा भएको बयान।

४. परिवर्तित वतन जिल्ला ०३, नगरपालिका दुम्जा वडा नं. ४ स्थित पूर्वमा वद्री राईको जग्गा, पश्चिममा खहरे खोल्सि, उत्तरमा दिल बहादुरको घर र दक्षिणमा कच्चि सडक यति चारकिल्लला भित्र रहेको सिमेन्टको गारो, टिनको छानो भएको पूर्व पट्टिको जाहेरवाला परिवर्तित नाम सिलाको डेरा कोठा भाडामा लिई बस्ने गरेको सो कोठाभित्र प्रतिवादी परिवर्तित नाम वर्ष १३ को विवेक ले पीडित परिवर्तित नाम इलाम त्र लाई जवरजस्ति करणी गरेको भन्ने घटनास्थल मुचुल्का कागज।

५. पीडित परिवर्तित नाम "इलाम त्र" को जीउ शरीरमा घाउ चोट केही पनि नदेखिएको निजको योनीको Hymen च्याातिएको छ भन्ने इलाम अस्पताल इलामको स्वास्थ्य परीक्षण रिपोर्ट।

६. पीडित "इलाम त्र" को उमेर ५ (पाँच) वर्ष देखिएको छ भन्ने इलाम अस्पताल इलामको एकिन उमेर खुलाएको पत्र।

७. मेरो छोरी परिवर्तित नाम "इलाम त्र" को उमेर ५ वर्ष हो मैले जाहेरी दरखास्तमा समेत सोही उमेर लेखि पेश गरेको छु। निज परिवर्तित नाम "इलाम त्र" को जन्मदर्ता प्रमाण पत्र हालसम्म बनाएको छैन। निजको उमेर सम्बन्धमा यस कार्यालयवाट एकिन गरी पाउँ भन्ने जाहेरवाला परिवर्तित नाम "सिला" को घट्ना विवरण कागज।

८. वारदात मिति २०७३/०६/०७ गते दिनको समयमा प्रतिवादी परिवर्तित वतन जिल्ला ०३, नगरपालिका दुम्जा वडा नं. ४ वस्ने परिवर्तित नाम "खिल बहादुर" को छोरा परिवर्तित नाम "विवेक" ले आफ्नो घरमा एक्लै वसि रहेकी परिवर्तित वतन जिल्ला ०२, गा.वि.स. सुनसरी वडा नं. ८ घर भई हाल परिवर्तित वतन जिल्ला ०३, नगरपालिका दुम्जा वडा नं.

४ वस्ने परिवर्तित नाम राठोरको छोरा वर्ष अन्दाजी १३ को परिवर्तित नाम "विवेक" करणी गर्ने उद्देश्यले नै जाहेरवाला तथा पीडित इलाम त्र को घरमा गई घर कोठामा एक्लै बसिरहेकी पीडित परिवर्तित नाम "इलाम त्र" लाई फकाई फुल्याई निजले लगाएको ट्राउजर खोली खाटमा सुताएर प्रतिवादीले आफ्नो लिङ्ग दह्रो ठाडो बनाएर पीडित परिवर्तित नाम इलाम त्र को सु गर्ने ठाउँमा जवरजस्ति छिराएर करणी गरी कोही कसैलाई पनि नभन्नु भनि एउटा कापी समेत दिएको भन्ने मैले सुनि थाहा पाई पीडित परिवर्तित नाम "इलाम त्र" लाई सोधनी गर्दा समेत सोही विवरण वताएको हो । यसरी वर्ष ५ की नाबालिका परिवर्तित नाम "इलाम त्र" लाई एक्लै भएको अवस्थामा जवरजस्ति करणी गर्ने प्रतिवादी परिवर्तित नाम "विवेक" लाई कानून वमोजिम कार्वाही गरी पाउँ भन्ने प्राय एकै मिलान हुने गरी प्रदिप बस्नेत समेतले खुलाई दिएको बस्तुस्थिति मुचुल्का कागज ।

९. मिति २०७३/०६/०७ गते अं. दिनको २ बजेको समयमा जाहेरवालाको घर कोठामा प्रतिवादी वर्ष १३ को परिवर्तित नाम विवेकले पीडित वर्ष ५ की परिवर्तित नाम ईलाम त्र लाई जबरजस्ती करणी गरेको पुष्टि हुँदा प्रतिवादीको उल्लेखित कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर देखिंदा प्रतिवादीलाई सोही ऐनको सोही महलको ३(१) ले सजाय हुनेमा प्रतिवादीको उमेर १३ वर्षको देखिदाँ बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन र जबरजस्ती करणीको महलको १० नं. र १० (ग) नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिव क्षतिपुर्ति दिलाई भराई पाउन समेतको अभियोग मागदाबी लिई वादी नेपाल सरकारको अभियोग पत्र ।

१०. अभियोग माग दावी वमोजिम मलाई सजाय हुनु पर्ने होइन । यस्तो कार्य गर्दा मलाई सजाय हुन्छ भन्ने थाहा नभएर अन्जानमा गरेकोले मलाई सजाय नहोस भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम विवेकले यस अदालतमा गरेको वयान ।

११. प्रस्तुत वालविज्याईमा परेका वालक प्रतिवादी परिवर्तित नाम विवेकले अनुसन्धानको क्रममा वयान गर्दा घरमा टि.भि. हेर्दा करणी गर्न मन लागी गएको भनी वयान गरेको, अदालतमा वयान गर्दा समेत करणी गरेकोमा स्वीकार गरी वयान गरेको, पीडिताले बकपत्र गर्दा घरमा म मात्र भएको वेला फटाहा काम गरेको भनी बकपत्र गरेको, प्रतिवादी विवेकको अवस्था असामान्य रहेको भनी स्वास्थ्य परिक्षणबाट देखिएको आधारबाट वारदात घट्नुको मुख्य कारण भनेको वावु आमाको उचित हेरविचार नहुनु, निगरानी नहुन, घरमा वालवालिका मात्र छोड्नु, टि.भी. हेर्दा एक्लै हेरेको भन्ने देखिएकोले वालवालिकाले अश्लिल समेत हेर्न सक्ने

भएको हुँदा निजको उमेरको अवस्था जिज्ञासु हुने भएकोले सो कारणले समेत घट्ना हुन सक्ने देखिएको पाईन्छ भने विवेकको वयानमा कारवाही हुन्छ भन्ने थाहा भएको भए त्यस्तो गर्ने थिइन भनी लेखाई दिएको हुँदा अज्ञानताको कारण घट्ना घटाएको भन्ने देखिएको हुँदा प्रतिवादी विवेकले जानी बुझी घट्ना घटाएको भन्ने नदेखिएको हुँदा विवेकको दोष हो भन्न सकिने अवस्था रहेन समग्र चेतनाको अभाव, वावु आमाले छोरा छोरी प्रति गरिनु पर्ने व्यवहार, दिइनु पर्ने शिक्षा समेत नदिएर उचित जिम्मेवारी वहन नगरेको कारण घट्ना घटेको देखिएकोले यस घट्नामा विवेक होइन समाज, वावु आमाको उचित संरक्षण शिक्षा नहुँदा घट्ना घटेको ठम्याईका साथ यो लिखत राय व्यक्त गर्दछु भन्ने समेत व्यहोराको मिति २०७४/०१/१२ को सजाजसेवी मदनकुमार खड्काको प्रतिवेदन ।

**ठहर खण्डः-**

१. नियमानुसार पेश हुन आएको प्रस्तुत मुद्दा वादी नेपाल सरकारको तर्फबाट विद्वान जिल्ला न्यायधिवक्ता श्री ऋद्धिनाथ निरौला र प्रतिवादीको तर्फवाट विद्वान वैतनिक अधिवक्ता श्री दुर्गाबहादुर राईले गर्नु भएको बहस समेत सुनियो ।

२. मिति २०७३/०६/०७ गते अं. दिनको २ बजेको समयमा जाहेरवालाको घर कोठामा प्रतिवादी वर्ष १३ को परिवर्तित नाम विवेकले पीडित वर्ष ५ की परिवर्तित नाम इलाम त्र लाई जबरजस्ती करणी गरेको पुष्टी हुँदा प्रतिवादीको उल्लेखित कार्य मुलुकी ऐन जबरजस्ती करणी महलको १ बमोजिमको कसुर देखिंदा प्रतिवादीलाई सोही ऐनको सोही महलको ३(१) ले सजाय हुनेमा प्रतिवादीको उमेर १३ बर्षको देखिंदा वालवालिका सम्वन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन र जबरजस्ती करणीको महलको १० नं. र १० (ग) नं. बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिव क्षतिपुर्ती दिलाई भराई पाउँ भन्ने अभियोग रेहकोमा यी प्रतिवादीले मिति २०७३/०६/०७ गते स्कुलबाट घर आउदा घरमा कोही नभएकोले परिवर्तित नाम इलाम त्र बस्ने घरमा जाँदा पीडित परिवर्तित नाम इलाम त्र मात्र निजको कोठामा बसिररहेको देखेकोले घरमा आएर एकछिन टेलिभिजन हेरी सकेपछि करणी गर्न मन लागेकोले पीडित परिवर्तित नाम इलाम त्र लाई करणी गर्नु पऱ्यो भन्ने सोचेर निजको घरमा गई हेर्दा निज कोठा भित्र बसिरहेको फेला पारी ढोकाको भित्र पट्टिबाट चुकुल लगाई निज इलाम त्र लाई मलाई फटाई गर्न देउ भन्दा निजले हुन्छ भनेकोले मैले निजको सुरुवाल निजलाई नै खोल्न लगाएँ त्यस पछि मैले मेरो पाइन्ट घुडाँसम्म खोलेर निजलाई खाटमा

सुताएर करणी गरी कोही कसैलाई पनि नभन्नु भनि मैले मेरो एउटा कापि पनि दिएर घरमा आएको हो भनि वयान गरेको रहेछ ।

३. अव अभियोग दावी वमोजिम यी प्रतिवादीले कसुर गरेको हो होइन र निजलाई सजाय हुने हो होइन भन्ने तर्फ विचार गर्दा घट्ना मिति र समयमा पीडित वर्ष ५ की परिवर्तित नाम इलाम त्र लाई घरमा छाडी देउमाई नगरपालिकामा काम गर्न गई कार्यालय समय समाप्त भई घर फर्केर आउदा छोरी रोहिरहेको देखे पछि के भएको भनी सोधखोज गर्दा मलाई सु गर्ने ठाउँमा दुख्यो भनेकोले के भएछ भनि हेर्दा सु गर्ने ठाउँमा घाउ चोट निल डाम समेत देखेर के भएर यस्तो भएको भन्दा परिवर्तित नाम विवेकले मलाई मेरो सु गर्ने ठाउँमा थुक लगाउदै दादाको सु गर्नेले घोचेको हो र ड्याडी ममीलाई नभन्नु भनि एउटा लेख्ने कापी समेत दिएर गयो भनेकोले यसरी मेरो नावालिका वर्ष ५ की छोरी परिवर्तित नाम इलाम त्र लाई जबरजस्ती करणी गर्ने प्रतिवादी परिवर्तित नाम विवेक लाई कानून बमोजिम कर्वाही गरी पीडित परिवर्तित नाम इलाम त्र प्रतिवादीबाटै क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भनि वारदात भएको तीन दिन पछि पीडितको आमाले जाहेरी दिएको देखिन्छ ।

४. पीडित वर्ष ५ की परिवर्तित नाम इलाम त्र ले वारदात मिति २०७३/०६/०७ गते म घरमा एक्लै सुत्ने कोठामा बसी हरेको अवस्थामा मैले यस अघि नै चिनेको परिवर्तित नाम विवेक दादा आएर मलाई खाटमा सुताएर मैले लगाएको ट्राउजर खोलेर निजले पनि आफ्नो पाइन्ट खोलेर निजको सु गर्ने दह्रो ठाडो बनाएर मेरो सु गर्ने ठाउँमा फटाहा गरेर घोच्न थाल्यो मलाई दुखेकोले म रुएँ । निजले फटाहा गरी सकेपछि मलाई बाबा ममीलाई नभन्नु भनी एउटा नलेखेको कापी दियो भन्ने व्यहोरा लेखाई घटना विवरण कागज गरेको देखिन्छ ।

५. पीडित परिवर्तित नाम इलाम त्र को जीउ शरीरमा घाउ चोट पटक केही पनि नदेखिएको निजको योनीको Hymen च्याातिएको छ भन्ने पीडित परिवर्तित नाम इलाम त्र को स्वास्थ्य परीक्षण रिपोर्ट ।

६. पक्राउ परेका प्रतिवादी परिवर्तित नाम विवेकले अदालतमा वयान गर्दा यी प्रतिवादीले मिति २०७३/०६/०७ गते स्कुलबाट घर आउदा घरमा कोही नभएकोले परिवर्तित नाम इलाम त्र बस्ने घरमा जाँदा पीडित परिवर्तित नाम इलाम त्र मात्र निजको कोठामा बसिरहेको देखेकोले घरमा आएर एकछिन टेलिभिजन हेरी सकेपछि करणी गर्न मन लागेकोले पीडित परिवर्तित नाम इलाम त्र लाई करणी गर्नु पर्यो भन्ने सोचेर निजको घरमा गई हेर्दा निज कोठा भित्र बसिरहेको फेला पारी ढोकाको भित्र पट्टिबाट चुकुल लगाई निज इलाम त्र लाई मलाई फटाई गर्न देउ

भन्दा निजले हुन्छ भनेकोले मैले निजको सुरुवाल निजलाई नै खौल्न लगाएँ त्यस पछि मैले मेरो पाइन्ट घुडाँसम्म खोलेर निजलाई खाटमा सुताएर करणी गरी कोही कसैलाई पनि नभन्नु भनी मैले मेरो एउटा कापि पनि दिएर घर आएको हो भनी अनुसन्धानमा भएको वयानलाई स्वीकार गरी वयान गरेको देखिन्छ ।

७. आदेशानुसार उपस्थित भई वकपत्र गर्ने पिडित इलाम त्र ले उक्त दिन दादाले मेरो घरमा म मात्र भएको वेलामा मलाई कापी दिएर फटाहा काम गरेको हो । दादाको सु गर्ने मेरो सु गर्ने ठाउँमा लगाएर फटाहा काम गरेको हो । मलाई सारै दुखेकोले म सारै रोएको हो र मैले उक्त कुरा पहिला मेरो काइली दिदीलाई सुनाएको हो भनी वकपत्र गरेको देखिन्छ ।

८. त्यस्तै वालमनोविज्ञ श्री शर्मिला शर्मा तथा समाजसेवी श्री मदनकुमार खड्का समेतले पेश गर्नु भएको लिखित राय प्रतिवेदनबाट समेत यी प्रतिवादीले अभियोजित वाल विज्याँईमा संलग्न हुन सक्ने किसिमको राय प्रतिवेदन दिएको अवस्था देखिन्छ ।

९. अतः यी प्रतिवादीले अभियोग दावी वमोजिम ५ वर्षकी पिडित इलाम त्र को सु गर्ने ठाउँमा आफ्नो सु गर्ने छिराएको र सो गल्ती गरेकै हो भनि अदालतमा वयान गर्दा समेत वाल विज्याई गरेको तथ्य सावित रही वयान गरेको, निजको सावितीलाई पिडित तथा निजको आमा जाहेरवालाको वकपत्रले समर्थन गरेको तथा पिडितको स्वास्थ्य परीक्षण प्रतिवेदनवाट पिडितको Hymen च्यातिएको भन्ने समेतको प्रमाणवाट निजको वयान व्यहोरा स्थापित भई रहेको हुँदा यी प्रतिवादीले अभियोग दावी वमोजिम मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. को कसुर गरेको ठहर्छ ।

१०. सो ठर्हनाले निज प्रतिवादीलाई ऐ. ३(१) नं. वमाजिम सजाय हुनेमा अभियोग दावीमै प्रतिवादीलाई वालवालिका सम्वन्धी ऐन २०४८, को दफा ११(२) वमोजिम सजाय गरी पाउँ भन्ने उल्लेख हुँदा दावी वमोजिम निज प्रतिवादीलाई ऐ. ११(२) वमोमिज ६(छ) महिना कैदको सजाय हुने ठहर्छ ।

११. अभियोग पत्रमा क्षतिपुर्ती समेतको दावी रहको सन्दर्भमा मिसिल संलग्न सामाजिक अध्ययन प्रतिवेदनवाट देखिएको प्रतिवादीको आर्थिक अवस्था, प्रतिवादीको उमेर, पिडितको उमेर समेतलाई मध्यनजर गरी यी प्रतिवादीवाट पिडितले रु. ५०,०००/– (पचास हजार) क्षतिपुर्ती समेत भराई लिन पाउने ठहर्छ । सो ठहर्नाले अन्य कुरामा तपसिल बमोजिम हुने गरी अ.वं. १८६ नं. वमोजिम प्रस्तुत फैसला गरिदिएको छ ।

<u>**तपसिल**</u>

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी परिवर्तित नाम विवेकलाई ६ (छ) महिना कैदको सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०७३/०६/१० गते बाटै पक्राउ परी सोही मितिवाट फैसला मिति २०७४/०१/२० गते सम्म वाल सुधार गृहमा बसेको देखिंदा निजलाई लागेको कैद भुक्तान भइ सकेको देखिंदा आजै छोडिदिनु भनी वाल सुधार गृह विराटनगरलाई लेखि पठाउनु.........................................................................१

प्रतिवादीवाट भराई पाउने ठहरेको क्षतिपूर्ति रकम रु ५०,०००/– (पचास हजार) पीडित परिवर्तित नाम इलाम "त्र" लाई मुद्दा अन्तिम सदर भई आएपछि प्रतिवादीको यसै सरहदको जेथा देखाई निवेदन गरे कानून बमोजिम भराई दिनु.....................................................२

प्रस्तुत फैसला उपर चित्त नबुझे ऐनका म्याद ७० (सत्तरी) दिन भित्र श्री उच्च अदालत विराटनगर, इलाम इजलासमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु र फैसलाको प्रतिलिपी सहित जिल्ला सरकारी वकील कार्यालय इलामलाई फैसला भएको जानकारी दिनु...............३

प्रस्तुत मुद्दा बन्द इजलासवाट हेरिने प्रकृतिको हुँदा पीडित लगायतको नाम समेत सरोकारवाला सवैले गोप्य राख्ने गरी गोपनियता कायम राख्नु.................................................४

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम गरी नक्कल सारी सराइ दिनु.........५

प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु...........................................................................................६

प्रस्तुत पाना-७ को फैसला
माननीय जिल्ला न्यायाधीश ज्युले टिपाए बमोजिम तयार गर्ने
ना.सु. अशोक महत

.......................
जिल्ला न्यायाधीश

इति सम्वत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्.....................................।

**पाँचथर जिल्ला अदालत**

**ईजलास**

**माननीय जिल्ला न्यायाधीश राजेन्द्रकुमार श्रेष्ठ**

**फैसला**

**सम्वत २०७३ सालको मुद्दा नं : ०७३-CR-००३३**

**र.नं: २१-०७३-००१७७**

**मुद्दाः जबरजस्ती करणी (बाल यौन दुराचार)**

**निर्णय नं: २४८**

| **बादी** | **प्रतिबादी** |
|---|---|
| (परिवर्तित नाम) ०२-एलको जाहेरीले नेपाल सरकार.........................१ | (परिवर्तित नाम) ०२-एल तीन.............१ |
| साक्षीः.................................. | साक्षीः.................................... |
| कागजः.................................. | कागजः.................................... |

**अदालतबाट बुझेको प्रमाण**

**साक्षीः** कृष्ण ओझा, रणबहादुर सार्की, पिडित ०२ एल एक, ०२एल

कागजः-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.वं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ :

मिति २०७३।०९।११ गते दिनको ११:०० बजेको समयमा मेरो छिमेकी (परिवर्तित नाम) ०२-एल तीन घरमा आई छोरा परिवर्तित नाम-०२-एल एकलाई घास काट्न साथी लिई गएकोमा नावालक छोरालाई जिल्ला पाँचथर फिदिम न.पा १ स्थित साब्राङ मिताके कान्छाको बासघारीमा

लगी छोरालाई ललाई फकाई सुरुवाल खोल्न लगाई छोराको गुद्धद्वारमा आफ्नो लिङ्ग प्रवेश गराई जवरजस्ती करणी वाल यौन दुराचार गरी कसैलाई भने पिट्छु मार्छु भनी डर देखाएकोले छोराले नभनेको र छोराले दिशा गर्दा दुख्यो भन्ने रुने गरेकोले फकाइ सोध्दा मिति २०७३।०९।१४ गते मात्र वालबिज्याईकर्ताले मेरो नावालक छोरालाइ गुद्धद्वारमा जबरजस्ती करणी गरेको कुरा थाहा पाएको हुँदा परिवर्तिन नाम ०२-एल तीनलाई कानूनबमोजिम गरी पाँउ भन्नेसमेत बेहोराको (परिवर्तित नाम) ०२-एलको जाहेरी दरखास्त ।

पीडितको गुद्धद्वारमा करणी भएको नभएको एकीन गर्न नसकिने भन्ने बेहोराको पीडित (परिवर्तित नाम) ०२-एल एक को शारिरिक परीक्षण रिपोर्ट ।

जिल्ला पाँचथर फिदिम न.पा.-१ स्थित पूर्वमा मिताके कान्छाको खेतबारी, पश्चिममा (परिवर्तित नाम) ०२-एल दुईको घर, उत्तरमा मिताके कान्छाको बाँसघारी र दक्षिणमा आईसी काइलाको खेत । यति चार किल्लाभित्र रहेको मिताके कान्छाको बाँसघारीमा मिति २०७३।०९।११ गते दिनको अ.१२:०० बजेको समयमा (परिवर्तित नाम) ०२-एल एकलाई ललाई फकाई सुरुवाल खोली खोल्न लगाई परिवर्तित नाम ०२-एल तीनले पीडितको गुद्धद्वारमा जवरजस्ती करणी (वाल यौन दुराचार) गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

मिति २०७३।०९।११ गते दिनको अं. १२:०० बजेको समयमा ममीसँग वसिरहेको अवस्थामा (परिवर्तित नाम) ०२-एल तीन आई म सँग घाँस काट्न साथी जाउँ भनी वारदातस्थानतर्फ लगि निजले मलाइ फकाई मेरो सुरुवाल खोल्न लगाई आफ्नो पेन्ट खोलि आफ्नो कुरी निकाली मलाई घोप्टो पारी निजको कुरी मेरो दिशा गर्ने ठाँउमा लगाइ ठेल्यो मैले नगरभन्दा समेत ३/४ पटक भित्र/वाहिर गरी आफ्नो कुरीबाट सिगान जस्तो पदार्थ निकाली पुछी यो कुरा कसैलाई भने कुट्छु मार्छु भनेकाले सो कुरा तत्काल भन्न सकिनँ । पछि मलाई दिशा गर्दा दुखेपश्चात ममिले फकाएर सोध्दा सबै कुरा बताएको हो । मलाई फकाएर वालयौन दुराचार गर्ने (परिवर्तित नाम) ०२-एल तीनलाई कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको (परिवर्तित नाम) ०२-एलको रोहबरमा (परिवर्तित नाम) ०२-एल एकले गरिदिएको घटनाविवरण कागज ।

मिति २०७३।०९।११ गते दिनको ११:०० बजेको समयमा (परिवर्तित नाम) ०२-एल एक घरमा खेलिरहेको अवस्थामा मैले बाँस लिन जाउँ भनी घटनास्थलमा पुगी मैले बाँस काटेपश्चात दुबै जना केही बेर सँगै एकान्त बस्यौँ । पहिला साथीहरुसँग अश्लिल पिक्चर हेरेको याद आइ मेरो लिङ्ग केही उत्तेजित भएकोले निज वालकलाई गुद्धद्वारमा करणी गर्न दे भन्दा डराएपछि सुरुवाल खोल भन्दा खोलेकोले मैले आफ्नो उत्तेजित भएको लिङ्ग निकाली निजलाई भुईंमा

घोप्टो परी सुत्न लगाई म माथि चढी मेरो लिङ्ग निजको गुद्धद्वारमा छिराइ भित्र/बाहिर गरी सेतो पदार्थ निस्किएपछि भुईमा झारी वारदात स्थानबाट सँगै फर्की आएका हौं भन्नेसमेत बेहोराको बालबिज्याईकर्ता (परिवर्तित नाम) ०२-एल तीनको बयान ।

पीडक र पीडित मेरो छिमेकी भएकोले निजहरुलाई राम्रोसँग चिन्दछु । परिवर्ति नाम ०२-एल तीनको वुबा विदेश गएकोले निज प्रायः आफु खुसी गर्ने, स्कुल नजाने उत्ताउलो प्रवृत्तिका छन् । यस्तैमा परिवर्ति नाम ०२-एल तीनले (परिवर्तित नाम) ०२-एल एकलाई मिति २०७३।०९।११ गते दिनको १२:०० बजेको समयमा बाँस काट्न साथी जाउँ भनी लगी मिताके कान्छाको बाँसघारीमा लगी सुरुवाल खोल्न लागाइ घोप्टो पारी गुद्धद्वारमा जवरजस्ती करणी गरी कोही कसैलाई भने कुट्छु मार्छु भनी धम्काएकोले उक्त कुरा छोराले दिशा गर्दा दुख्यो भन्न थालेकोले निजको आमाले फकाई सोध्दा मात्र घटनाको वास्तविकता थाहा भएको रहेछ । बाल बिज्याईंकर्तालाई कानुनबमोजिम हुनुपर्छ भन्नेसमेत बेहोराको वसन्त रम्तेलको घटनाविवरण कागज ।

जाहेरवालाको छोरा (परिवर्तित नाम) ०२-एल एकलाई बालबिज्याईकर्ता (परिवर्तित नाम) ०२-एल तीनले जबरजस्ती करणी गरेको भन्ने हल्ला सुनि घटनाबारे बुझ्दा मिति २०७३।०९।११ गते दिउँसो निज बाल बिज्याईंकर्ताले पीडितलाई बाँस काट्न साथी जाउँ भनी जिल्ला पाँचथर फिदिम १ स्थित मिताके कान्छाको बाँसघारीमा लगी पीडितलाई सुरुवाल खोल्न लगाई वालबिज्याईकर्ताले पीडितको गुद्धद्वारमा करणी गरेको र उक्त कुरा कसैलाई सुनाए पीडितलाई कुट्ने मार्ने धम्की दिएको । नावालकलाई दिशा गर्न समस्या भएको र राती निन्द्रामा समेत प्रतिवादीको नाम भन्दै बरबराउने गरेकोले जाहेरवालाले फकाई सोध्दा मात्र घटना खुल्न आएको रहेछ । बाल बिज्याईंकर्ता (परिवर्तित नाम) ०२-एल तीनले नावालक (परिवर्तित नाम) ०२-एल एकलाई जवर जस्ती करणी गरेको हुँदा निजलाइ कानुनबमोजिम होस भनी प्रायः एकै मिलान हुने गरी वर्तमान राईसमेतले खुलाई लेखाएको वस्तुस्थिती मुचुल्का ।

बाल बिज्याईंकर्ता (परिवर्तित नाम) ०२-एल तीनले मिति २०७३।०९।११ गते अं. ११.०० बजेको समयमा पीडित वर्ष ४ को (परिवर्तित नाम) ०२-एल एकलाई ललाई फकाई सुताई घोप्टो पारी गुद्धद्वारमा जवरजस्ती करणी बालयौन दुराचार गरेको तथ्य पुष्टी हुन आएको हुँदा निज बाल बिज्याईंकर्ता (परिवर्तित नाम) ०२-एल एकको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १(घ) र ९(क) नं. को कसूर गरेको हुँदा निज बालबिज्याईकर्ता (परिवर्तित नाम) ०२-एल तीनलाई ऐ को दफा ३(१) बमोजिम सजाय गरी ऐ को ९(क) नं. बमोजिम थप सजाय गरी पाउन र निज बालबिज्याइकर्ता वारदात हुँदाको मितिमा जन्मदर्तानुसार निजको उमेर १४ वर्षको

देखिदा निजलाई माथी हुने सजायमा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउनका साथै मुलुकी ऐन, जवरजस्ती करणी महलको ९(क) नं. बमोजिम पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति निजै बाल बिज्याईँकर्ता बाट दिलाई भराई पाउनसमेतको मागदावी लिई मिति २०७३।०९।२५ गते यस अदालतमा पेस भएको अभियोगपत्र ।

मिति २०७३।०९।११ गते दिनको अं. ११:०० बजेको समयमा (परिवर्तित नाम) ०२ एल एकसँग पराल राख्ने माच बनाउनलाई घरदेखि मुनी खेत नजिक रहेको बाँसघारीमा बाँस ल्याई पराल राख्ने माच बनाइ परालको कुन्यु बनाएको हो । सो अवस्थामा हामीसँग दिदीहरु पनि थिए । मैले (परिवर्तित नाम) ०२ एल एकलाई जबरजस्ती करणी गरेको होइन । पिडितलाई मैले तिम्रो लिंग काटिदिउँ भनी खुकुरी देखाई जिस्काइ डर देखाएको थिएँ । निज घर गई बाबु आमालाई सुनाई मलाई जबरजस्ती करणी गरेको भनी आरोप मात्र लगाएको हो । मैले कसुर नगरेको हुदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बाल बिज्याईँकर्ता ०२ एल तीनले यस अदालतमा गरेको बयान ।

मिसिल संलग्न प्रमाणहरु बाट यी बाल बिज्याईँकर्ता कसुरदार नै रहेछन् भन्ने अवस्था विद्यमान हुदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई यी बाल बिज्याईँकर्ताको उमेर १४ वर्षको नाबालक देखिएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम चाहिएको बखत उपस्थित गराउने गरी तारिखमा राखी निजको आमाको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्न दिनु भन्नेसमेत बेहोराको मिति २०७३।०९।२५ गते यस अदालतबाट भएको आदेश ।

दुवै पक्षको साक्षी बुझी पेस गर्नु भन्ने आदेशबमोजिम उपस्थित भएका जाहेरवाला ०२ एलले मिति २०७३।०९।११ गते बाल बिज्याईँकर्ताले मेरो जेठो छोरालाई बाँस काट्न साथि लगी गुद्धद्वारमा जबरजस्ती करणी गरेछन् । छोरालाई कसैलाई भनिस भनी मारिदिन्छु भनी गाली गरेछन् । त्यसको भोलिपल्ट सोधखोज गर्दा छोराले सबै कुरा भनेपछि मैले थाहा पाएको हुँ । बाल बिज्याईँकर्तालाई कानुनबमोजिम होस भन्नेसमेत बेहोराको बकपत्र गरेको ।

बाल बिज्याईँकर्ताले बाँस बोक्न लगी माच बनाइ केहीबेर खेलेर म घर गएको हुँ । निजले मलाई पैसा दिन्छु भनेर पैसा चाहिँ दिएन । अरु केही गरेको होइन भन्नेसमेत बेहोराको पीडित ०२ एल एकले निजको एकाघरको आमा (परिवर्तित नाम) ०२ एलको रोहबरमा बसी गरेको बकपत्र ।

बाल बिज्याईँकर्ताले पीडितलाई बाँस बोक्न जाउँ भनी करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ । बाल बिज्याईँकर्तालाई सजाय गरी पीडितलाई क्षतिपूर्ती दिनुपर्ने हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्का रणबहादुर सार्कीले गरेको बकपत्र ।

वारदात मितिमा बाल बिज्याईँकर्ताले माच बनाउन सिकाइदिनु भनेकाले म बाल बिज्याईँकर्ता र पीडितसँगै थिएँ । सो दिन बाल बिज्याईँकर्ताले पीडितलाई करणी गरेका होइनन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी कृष्ण ओझाले गरेको बकपत्र ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी छलफलको लागि इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान निमित्त जिल्ला न्यायाधीवक्ता श्री उत्तम श्रेष्ठ र बाल बिज्याईँकँर्ताको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शर्मान्द सिग्देलको बहससमेत सुनियो । मुलतः वादी नेपाल सरकारको अभियोग माग दावीबमोजिम बाल बिज्याईँकर्ताले कसुर गरेको हो वा होइन ? सजाय पाउने हो वा होइन ? त्यसतर्फ निर्णय दिनुपर्ने देखियो ।

मिसिल संलग्न प्रमाण कागजहरु हेरी निर्णयतर्फ विचार गर्दा बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ एल तीन ले मिति २०७३।०९।११ गते अं. ११:०० बजेको समयमा पीडित वर्ष ४ को (परिवर्तित नाम) ०२ एल एकलाई ललाई फकाई सुताई घोप्टो पारी गुद्धद्वारमा जबरजस्ती करणी बाल यौन दुराचार गरेकोमा बाल बिज्याईँकर्तालाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १(घ) र ९(क) नं. को कसुरमा ऐ. ऐ. को ३(१) बमोजिम सजाय गरी ऐ. ९(क) बमोजिम सजाय हुन र निज बाल बिज्याईँकर्ता १४ वर्षको देखिदा हुने सजायमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी क्षतिपुर्तीसमेत दिलाई पाउँ भन्नेसमेत अभियोगपत्र रहेको पाइयो ।

मिति २०७३।०९।११ गते ११:०० बजेको समयमा मेरो छिमेकी (परिवर्तित नाम) ०२ एल तीन ले (परिवर्तित नाम) ०२ एल एकलाई जिल्ला पाँचथर, फिदिम नगरपालिका वडा नं. १ स्थित बाँसघारीमा लगी ललाई फकाई सुरुवाल खोल्न लगाई छोराको गुद्धद्वारमा आफ्नो लिंग प्रवेश गराई जबरजस्ती करणी बालयौन दुराचार गरेकोले कानुनबमोजिम कारवाही गरीपाउँ भन्ने जाहेरी दिई घटनास्थल प्रकृति मुचुल्का भई पीडितको शारिरिक परिक्षण रिपोर्ट मिसिल सामेल रहेको देखियो । बाल बिज्याईँकर्ता अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा सावित रही बयान गरेको र पीडितको मौकाको कागजमा जाहेरीलाई समर्थन हुने गरी कागज बेहोरा लेखाई दिएको छ । मौकामा कागज गर्ने वसन्त रम्तेल तथा वस्तुस्थिति मुचुल्काका मानिसहरु समेतले मौकामा कागजमा घटना पुष्टि हुने गरी बेहोरा लेखाएकोमा बाल बिज्याईँकर्ता अदालतसमक्ष बयान गर्दा कसुरमा पूर्णतया इन्कार रहेको, पीडित (परिवर्तित नाम) ०२ एल एक अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा मलाई केही पनि गरेको होइन भनी मौकाको बेहोरालाई खम्बिर गर्न सकेको पाइएन । जाहेरवालाले बकपत्र गर्दा

यौन दुराचार गरेकोमा विश्वास लाग्छ भनी बेहोरा लेखाईदिएको छ भने पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा पीडितको गुद्धद्वारमा संघर्षको चिन्ह घाउ चोटपटक देखिदैन भन्ने उल्लेख भएको पाइयो । यसरी बाल बिज्याईँकर्ता अदालतसमक्ष इन्कार रही निजको साक्षीले सो इन्कारीलाई पुष्टि गरीदिएको तथा स्वयं पीडितले पनि अदालतसमक्ष मौकाको भनाईलाई खम्बिर गर्न नसकेको र स्वास्थ्य परिक्षण प्रतिवेदनबाट समेत वादी नेपाल सरकारको दावीबमोजिम कसुर गरेको भन्ने देखिन नआएको समेतबाट वादी नेपाल सरकारको अभियोग दावीबमोजिम बालबिज्याईँकर्ताले कसुर गरेको भन्ने पुष्टि हुन आएन ।

अतः वादी नेपाल सरकारले बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ एल तीनउपर लिएको अभियोग माग दावी पुग्न सक्दैन । बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ एल तीनले वादी नेपाल सरकारको अभियोग माग दावीबाट सफाइ पाउने ठहर्छ । अरु कुरा तपसिलबमोजिम गर्नु ।

**तपसिल**

माथि ठहरखण्डमा लेखिएबमोजिम वादी नेपाल सरकारले बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ एल तीनउपर लिएको अभियोग माग दावी पुग्न नसकी बाल बिज्याईँकर्ता (परिवर्तित नाम) ०२ एल तीनले वादी नेपाल सरकारको अभियोग माग दावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले यस अदालतको फैसलाउपर चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र श्री श्री उच्च अदालत बिराटनगर, इलाम इजलाश, इलाममा पुनरावेदन गर्नुहोला भनी फैसलाको प्रतिलिपीसहित जिल्ला सरकारी वकिल कार्यालय, पाँचथरलाई ७० दिने पुनरावेदनको म्याद दिनु.........................१

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु र फैसला सर्वोच्च अदालतको सिस्टममा अपलोड गरी दायरी लगत कट्टा गर्नु र मिसिल अभिलेख फाँटमा बुझाइदिनु..............................................................................२

टिपोट गर्ने फाँटवालाः ना.सु. चोलेन्द्र कार्की,
कम्प्युटरः चन्द्रशेर राना,

..............................
(राजेन्द्रकुमार श्रेष्ठ)
जिल्ला न्यायाधीश

इति सम्वत् २०७४ साल जेठ ११ गते रोज ५ शुभम्.......................................।

**श्री**

**काठमाडौं जिल्ला अदालत**

**बाल इजलास**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम प्रसाद ढकाल**

**फैसला**

२०७३/१२/१७ **को स.वा.फौ.मि.नं.** ०७३-CR–१३१३

**निर्णय नं.** ३५५

**मुद्दाः– वाल विज्याई**

**फौसला मितिः–** २०७४/२/१६/३ **मा**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| बौद्ध १७क ०७३/०७४ को जाहेरीले वादी | परिवर्तित नाम बौद्ध १८ (०७३/०७४) |
| नेपाल सरकार............................१ | |

| **ऐ. को प्रमाण कागज** | **ऐ को प्रमाण कागज** |
|---|---|
| साक्षीः– | साक्षीः– |
| कागजः– | कागजः– |

वालमनोविज्ञवेत्ता, सामाजिक कार्यकर्ता :

सुचिता सुवेदी र रिमा शर्मा

अदालतबाट बुझिएको

साक्षी

प्रमाण

**तथ्य खण्ड**

**मुद्दाको संक्षिप्त तथ्यः–**

**न्याय प्रशासन ऐन,२०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोवस्तको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :–**

**नाम परिवर्तन गरिएको पत्रः–**

जाहेरवाला पिडित र विज्याईकर्ताको बास्तविक नामको सट्टामा परिवर्तित नाम बौद्ध १७ (क) (०७३।०७४) जाहेरवाला परिवर्तित नाम बौद्ध १७ (०७३।०७४), पिडित र परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) विज्याईकर्ता भनि नाम परिवर्तित गरिएको पत्र ।

**परिवर्तित नाम बौद्ध १७ (क) ०७३/०७४ को जाहेरी दरखास्तः–**

मिति २०७३/१२/११ गते दिउसो अं. १२ बजेको समयमा का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. १५ चुनिखेल स्थित कोठामा हेण्डीक्राफ्ट कारखाना खोली बसेकोमा विपक्षी परिवर्तित नाम बौद्ध (१८) ०७३।०७४ समेत सोही कारखानामा काम गर्दै गरेको अवस्थामा लुगा धुन गएकोमा सोही दिन अं. १६.३० बजेको समयमा छोरी मसंग आई दादाले मलाई आईया आईया भन्दै पिसाब गर्ने ठाउँ (योनी) देखाएको हुँदा मलाई संका लागि छोरीको कपडा हेर्दा घश्रेको देखी विपक्षीलाई सोधपुछ गर्दा निजले छोरीलाई करणी गरेको भनी खुलाएकोले निज परिवर्तित नाम बौद्ध (१८) ०७३।०७४ लाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराका परिवर्तित नाम बौद्ध १७ (क) ०७३/०७४ ले दिएको जाहेरी दरखास्त ।

**घटनास्थल प्रकृती मुचुल्का :–**

का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. १५ चुनिखेल स्थित पश्चिम मोहडा गरेको आशकाजी श्रेष्ठको साढे दुई तलाको पक्की घर सो घरको मुल ढोकाबाट प्रवेश गरी हेर्दा ४ वटा कोठा र एउटा ट्वाईलेट रहेको सो कोठाहरु परिवर्तित नाम बौद्ध १७ (क) ०७३।०७४ ले कोठा भाडामा लिई बसेको कोठाहरु रहेको, सो कोठाहरु मध्ये पुर्व उत्तर तर्फको कोठामा प्रवेश गरी हेर्दा सो कोठाको भुईमा निलो, रातो, सेतो रंगको बुट्टा भएको टाट विच्छाएको पुर्व उत्तर तर्फ पुर्व सिरान भएको विस्तरा सहितको खाट भएको खाटको नजिक काठको दराज भएको पश्चिम तफ किचन न्याक र भाडा राख्ने दराज भएको दक्षिणमा पानि राख्ने जार र २ पित्तलको गाग्री रहेको सोही नजिक खैरो म्याट भएको सोही म्याट माथी मिति २०७३।१२।११ गते अं.१६.३० बजेको समयमा परिवर्तित नाम बौद्ध (१७) ०७३।०७४ लाई विज्याईकर्ता परिवर्तित नाम बौद्ध (१८) ०७३।०७४ ले जबरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृती मुचुल्का ।

**प्रहरी प्रतिवेदनः–**

परिवर्तित नाम बौद्ध १७ (क) ०७३।०७४ को जाहेरीले वादी नेपाल सरकार विज्याईकर्ता वर्ष १४ को परिवर्तित नाम बौद्ध (१८) ०७३।०७४ भएको बाल यौन दुराचार मुद्दाको निज विज्याईकर्तालाई खोजतलास गर्दै जाने क्रममा मिति २०७३।१२।१२ गते दिउसो अं.१४.३०

बजको समयमा का.जि. गोकर्णेश्वर न.पा.वडा नं. १४ माकलबारी स्थितमा फेला पारी पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

**महानगरीय प्रहरी वृत बौद्ध, काठमाडौंको पत्र :–**

परिवर्तित नाम बौद्ध १७ (क) ०७३।०७४ को जाहेरीले वादी नेपाल सरकार विज्याईकर्ता परिवर्तित नाम बौद्ध (१८) ०७३।०७४ भएको बाल यौन दुराचार मुद्दाको वारदातस्थान तहाँ कार्यालय वडा एरिया अन्तर्गत पर्ने भएको हुँदा अनुसन्धानको क्रममा संकलन भएको सक्कलै मिसिल कागाजात र विज्याईकर्तालाई थप अनुसन्धानको लागि यसै पत्र साथ पठाईएको छ भन्ने समेत व्यहोराको प्रहरी वृत बौद्धको पत्र ।

**परिवर्तित नाम बौद्ध १८ ०७३।०७४ को बयान कागजः–**

बिगत ३ महिना अगाडी जाहेरवालाको पति मेरो घरमा गई मलाई महिनाको नगद रु. ६०००/– (छ हजार) तलब दिन्छु हिँड मेरो घरमा जाउँ भनी काठमाडौ ल्याई निजैको घरमा रहेको मुर्ति बनाउने, बुट्टा काट्ने काम गर्ने र सोही घरमा खाना खाने र बस्ने गरी आएको थिएँ । तर निज साहुले मलाई हालसम्म मैले काम गरे वापतको कुनै पैसा दिएको छैन । मिति २०७३।१२।११ गते दिनको अन्दाजी १६.३० बजेको समयमा म सोही घरमा काम गरी रहेको अवस्थामा पिडित परिवर्तित नाम वौद्ध १७ (२०७३।२०७४) कोठामा एक्लै खेलिरहेको देखि नानी भन्दै निजको नजिक गई म्वाई खाँदै बोकेको हो । त्यसबेला निजले फ्रक लगाएको र पेण्टी नलगाएको रहेछ, मैले निजलाई कोठमा रहेको खाटमा सुताई मेरो लगाएको कट्ठु खोली निजको योनिमा आफ्नो लिंग छुवाई खेलाएको हो । त्यसपछि सो स्थानमा निजको बुवा आमा आई के भयो भन्दा रुदै मलाई दादाले सु गर्ने ठाउँमा दुखायो भनेको हो । त्यो सुनेर मलाई उसको बुवाले मलाई हातले कुटेको हो । यसै क्रममा म काम गरी रहेको बेला भोलिपल्ट पुलिसले मलाई पक्रेर ल्याएको हो भन्ने समेत व्यहोराको विज्याईकर्ताले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको बयान कागज ।

**सन्दीप सुनार समेतको बस्तुस्थिती मुचुल्काः–**

जाहेरवाली र पिडीत हामीहरुको नातामा पर्ने व्यक्ति हुनाले चिनजान रहेको छ भने बिज्याईँकर्ता बौद्ध (१८) ०७३।०७४ समेत निजै जाहेरवालाको हस्त कला कारखानामा बुट्टा भर्ने काम गर्ने हुनाले सामान्य चिन्दथें । मिति २०७३।१२।११ गते साँझको अन्दाजी १९.३० बजेको समयमा जाहेरवालीको सोही डेरा कोठामा काम विशेषले पुग्दा पिडीतले आफ्नो यौनाङ्ग देखाउँदै ऐया ऐया दादाले दुखायो भनी विज्याईँकर्तालाई देखाएकी थिइन । त्यसपछि निजको यौनाङ्गको अवलोकन गर्दा सुन्निएको देखी सोही रातमा उपचारको लागि अस्पताल पठाएको हो, पछि सो घटनाको बारेमा

सोधपुछ गर्दा बिज्याईँकर्ता वौद्ध (१८) २०७३।२०७४) ले आफुले निज पिडितलाई घरमा कोही नभएको अवस्थामा वाल यौन दुराचार गरी वाल बिज्याईँ गरेको हो भनी मुख साविति गरेको हो । यसरी बिज्याईँकर्ता वौद्ध (१८) ०७३।०७४ ले आफुले निज पीडितलाई घरमा कोही नभएको अवस्थामा पिडीत परिवर्तित नाम वौद्ध १७ (२०७३।२०७४) लाई वाले यौन दुराचार गरी वाल बिज्याईँ गरेको हुँदा कानून बमोजिम हुनु पर्दछ भन्ने समेत एकै व्यहोराको राम बहादुर वि.क., दिल बहादुर रामदाम र सन्दिप सुनारले लेखाई दिएको कागज ।

**उमेर परिक्षण प्रतिवेदनः–**

The examinee is in between 11 to 13 years of age at the time of examination. भन्ने समेत व्यहोराको उमेर परिक्षण गरिएको पत्र ।

**परिवर्तित नाम वौद्ध १७** (२०७३।२०७४) **को परिक्षण प्रतिवेदनः–**

परिवर्तित नाम वौद्ध १७ (**२०७३।२०७४**) को शारिरीक अवस्था सामान्य देखिन्छ, निजको कन्या जाली च्यातिएको देखिदैन, निजको शरिरमा कहि कतै कोतरिएको, चिथोरिएको घाँउचोट निलडाम देखिदैन, निजको परिक्षण गर्दा रोई रहेकी थिईन भन्ने समेत व्यहोराको परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालको पत्र व्यहोरा ।

**एक्सेस नेपालको सामाजिक अध्ययन प्रतिवेदन :–**

विज्याईकर्ताको आफन्त कोही सम्पर्कमा नभएको र नयाँ परिस्थितीका कारणले बालकमा डर त्रास भएको, वालकले वालविज्याई गरेको स्वीकार गरेको र विद्यालयमा जाने ईच्छा देखाएको भन्ने समेत व्यहोराको एक्सेस नेपालको सामाजिक अध्ययन प्रतिवेदन ।

**अभियोग माग दावीः–**

निज विज्याई कर्ता परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) द्धारा घटित उल्लेखित कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको कसुर जन्य कार्य हो भन्ने पुष्टी हुन आएकोले निज विज्याईकर्ता परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) लाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुनेमा पीडक परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) वर्ष १३ को नावालक देखिंदा निजको हकमा वालवालिका सम्बन्धि ऐन, २०४८ आकर्षित हुने हुँदा यी विज्याईकर्ता परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) लाई सोही वालवालिका सम्बन्धि ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन र पीडिकले पीडिता उपर गरेको उल्लेखित कसुर जन्य कार्यबाट पीडिता उपर पर्न गएको मानसिक र शारिरक क्षतिको यथोचित मुल्यांकन गरी पीडितालाई सोही जवरजस्ती करणीको महलको १० नं. वमोजिम विज्याईकर्ताबाट मनासिव माफिकको क्षतीपुर्ति

समेत दिलाई भराई पाउँ भन्ने अभियोग माग दावी ।

**परिवर्तित नाम बौद्ध १८ (०७३/०७४) ले अदालतमा गरेको वयानः–**

कान्छा दाई भन्ने संग रु ६ हजार दिने भनी काठमाडौ आई एक महिना कान्छा दाइसंग वसेर मुर्ति वनाउने काम गरें । त्यस पछि राम बहादुर दाईको मा जाउँ काम दिनु हुन्छ भनि कान्छा दाईले भनेकोले ३ महिना वसी काम गरें । हप्ता दिनमा रु. १००/– दिने काम गरे तर मेरो तलबको पुरै रुपैयाँ दिएका छैनन् । त्यही घरमा वस्ने खाने गर्दथें । बहिनीलाई पनि कहिले काँही फुर्सद भएको बेलामा हेर्ने गर्थे । घटना घटेको दिन पनि दिउँसो वहिनीको आमा कपडा धुन कोठा बाहिर जानु भएको थियो । घटना त घटाएको होईन । आन्टी बाहिर लुगा धोइरहेको समयमा मैले कोठा भित्र बहिनीलाई हेरिरहेको थिएं । त्यही समयमा बहिनीले पिसाब फेरी सुरुवाल फेर्न खोज्दा बाहिरबाट कोठा भित्र छिर्दै गरेकी आन्टीले मलाई देखी के सोच्नु भयो वा के देख्नु भयो र मलाई यस्तो आरोप लगाई दिनु भयो थाहा भएन । मैले बहिनीलाई अरु केही गरेको छैन । जाहेरी व्यहोरा झुठ्ठा हो । प्रहरीले कुट्छ भनेर त्यसो भनेको हो । मलाई माकलबारीमा पक्राउ गरेको होईन अस्पतालबाट पक्राउ गरेको हो भनी परिवर्तित नाम बौद्ध १८ (०७३।०७४) ले यस अदालतमा गरेको वयान ।

**बुझिएको साक्षी प्रमाणः**

मलाई दाईले फोन गरे पछी थाहा भएको हो । मिति २०७३/१२/१२ गते प्रहरीमा भएको कागजको व्यहोरा सही छाप मेरो हो भनी वुझिएका मानिस दिल बहादुर रामदामले गरेको बकपत्र ।

प्रतिवादी हामी संगै वस्दै आएका थिए । मेरो १८ महिनाको छोरीलाई प्रतिवादीले छोरीको योनीमा रगड्दै गरेको आफ्नै आँखाले देखेको हो । मिति २०७३/१२/१२ गतेको जाहेरीको व्यहोरा र सहि छाप मेरो हो भनी पिडित बौद्ध १७ (०७३-०७४) को हकमा समेत जाहेरवाली आमा नाताकी बौद्ध १७क (०७३/०७४) ले गरेको बकपत्र ।

**ठहर खण्ड**

नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्धामा वादी तर्फका विद्वान सहायक जिल्ला न्यायाधीवक्ता सहायक जिल्ला न्यायाधिवक्ता श्री बिना दाहाल ले पिडितलाई प्रतिवादीले आरोपित कसुर गरेको मिसिल प्रमाणबाट पुष्टी भएकोले प्रतिवादीलाई अभियोग दावी वमोजिम सजाय हुनु पर्छ भन्ने र प्रतिवादी तर्फका विद्वान अधिवक्ता द्वय श्री ज्ञानेन्द्र कुमार अर्याल रश्री सुषमा द्विबेदी (लोहनी) ले प्रतिवादी अदालतमा कसुरमा ईन्कार रहेको, मौकाको साविती अन्य प्रमाणले पुष्टी नगरेकोले प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको वहस सुनियो ।

प्रतिवादी उपर मुलुकी ऐन जवरजस्ती करणीको महलको १ र ३(१)को कसुरमा ऐ को ३(१) नं. बमोजिम सजाय हुनेमा पीडक प्रतिवादी १३ वर्षको नाबालक देखिंदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम सजाय हुन र जवरजस्ती करणीको १० नं. वमोजिम पिडकबाट पिडितलाई उचित क्षतिपुर्ती भराई पाउँ भन्ने अभियोग दावी भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सामाजिक अध्ययन प्रतिवेदन कागज प्रमाणहरुको अध्ययन गरी सामाजिक कार्यकर्ता, बाल मनोवेत्ताको राय समेतको आधारमा दावी बमोजिमको कसुर प्रतिवादीले गरेको हो होईन ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा पिडित १८ महिनाको छोरीलाई मिति २०७३/१२/११ गते १२ वजे तिर आफुले संचालन गरी आएको हैण्डी क्राफ्ट कारखानामा छोडी कपडा धुन गएकोमा दिनको १६.३० बजे प्रतिवादीले छोरीलाई करणी गरेको कुरा छोरीले ऐया ऐया भन्दै योनी देखाउँदै भनेकोले थाहा भएको हुँदा प्रतिवादीलाई कारवाही गरी पाउँ भन्ने जाहेरवालाको जाहेरी व्यहोरा देखिन्छ। मिसिल संलग्न घटनास्थल मुचुल्काबाट कसुरसंग सम्वन्धित कुनै प्रमाण फेला पर्न सकेको देखिदैन । प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा जाहेरवालाको पतिले आफुलाई मासिक रुपमा ६०००/– दिने गरी निजको कारखानामा काममा लगाए पनि कुनै रकम नदिएको, मिति २०७३/१२/११ गते दिनको ४.३० बजे घरको कोठामा पिडित एक्लै खेलेको देखी नजिकै गै म्याई खाई वोकी कोठामा लगी मेरो लिङ्ग निजको योनिमा छुवाएको भनेको देखिन्छ। वुझिएका राम बहादुर वि.क. दिल बहादुर, रामदाम, सन्दित सुनारले प्रतिवादीले पिडितलाई करणी गरेको भनी जाहेरवालाले भनेको र पिडितको योनी सुन्निएको थियो भनी भनेको पाईन्छ। पिडितको मौकामा शाररिक परिक्षणबाट Hymen Intact No bleeding, No discharge शाररिक अवस्था सामान्य, शरिरमा कतै घाउ चोट निलडाम नरहेको परिक्षण गर्दा रोई रहेकी भन्ने देखिन्छ। पिडितको योनी सुन्निएको कारणले प्रतिवादी उपर शंखा गरी आरोपित कसुर गरेको भनी उजुर गर्नु पर्ने कारण पिडितको योनी सुन्निनु भन्ने उल्लेख भएकोमा पिडितको योनी सुन्निएको भन्ने स्वास्थ्य परिक्षणबाट देखिदैन । प्रतिवादीको सम्पर्कमा हाल सम्म परिवारका कोही सदस्य नरहेको भन्ने सामाजिक प्रतिवेदन रहेको पाईन्छ। प्रतिवादीले अदालतमा वयान गर्दा कसुरमा इन्कार रही पिडितले लगाएको कपडामा पिसाब गरेकोले कपडा फेराई दिंदा जाहेरवालाले वाहिरबाट देखेकोमा यस्तो आरोप लगाएको हो प्रहरीले कुट्छन भनी मौकामा सो व्यहोरा लेखाई दिएको हो भनी उल्लेख गरेको र साक्षी प्रमाण दिन सकेको पाइदैन । जाहेरवालाले मौकामा जाहेरी दिंदा घटना छोरीले भने पछि थाहा पाएको भनी उल्लेख गरेकोमा अदालतमा वकपत्र गर्दा प्रतिवादीले कसुर गरेको आफुले

कोठाबाट देखेको भनी मौकामा जाहेरीको तथ्य व्यहोरा विपरित बकपत्र गरेको देखिन्छ। वुझिएका दिल बहादुर रामदामले मौकामा गरेका कागज एवं बकपत्रबाट पनि वारदात भएको भनिएको समय जाहेरवाला घरमा नरहेको भन्ने देखिनछ र निज स्वयं वारदातको चश्मदीत रहेको भन्ने देखिदैन।

यसरी मिसिल संलग्न उल्लेखित प्रमाणहरुको समग्रताबाट प्रतिवादी उपरको कसुर कायम हुन सक्छ सक्दैन भनी हेर्दा जाहेरवालाले मौकामा जाहेरी दिंदा आफु घटनाको चश्मदीत नभै छोरीले भनेको आधारमा जाहेरी दिएको भन्ने जाहेरीबाट देखिन्छ तथापी अदालतमा बकपत्र गर्दा घटना आफुले नै देखेको भनेबाट जाहेरी व्यहोरा र बकपत्र परस्पर बाझिएको देखिन्छ। अब अन्य प्रमाण हेर्दा पिडितको मौकाको शाररिक परिक्षणबाट प्रतिवादीले पिडित उपर आरोपित कसुर गरेको भन्ने देखिदैन। प्रतिवादीले मौकामा वयान गर्दा कसुर गरेको भने पनि अदालतमा इन्कार रहेको र मौकामा प्रहरीले कुटछ भन्ने डरले कसुर गरेको भनी लेखाई दिएको हो भनी उल्लेख गरेको पाईन्छ। पिडक हाल सम्म परिवारको सम्पर्कमा नरहेको भन्ने दखिन्छ। वुझिएका व्यक्ति कोही वारदातको चश्मदित रहेको देखिदैन। परिवारको सम्पर्कमा नरहेको पिडक भनिएको व्यक्ति डर, त्रासको अवस्थामा रहेको भन्ने सामाजिक प्रतिवेदनबाट देखिन्छ। मौकामा भएको साविती अन्य स्वतन्त्र एवं शंखा रहित प्रमाणबाट पुष्टी हुनु पर्ने अनिवार्यता रहनेमा त्यस्तो अवस्था मिसिल संलग्न संकलित प्रमाणहरुको समग्रताबाट देखिदैन।

यसरी प्रस्तुत वारदातको चश्मदित व्यक्ति कोही रहेको नदेखिएको, मौकामा जाहेरी दिने पिडितकी आमाको जाहेरी व्यहोरा र अदालतमा भएको बकपत्र व्यहोरा नै परस्पर विरोधाभास रहेको देखिएको र पिडितको शाररिक परिक्षणबाट समेत दावीको कसुर स्थापित हुने कुनै भौतिक प्रमाण रहे भएको नपाई वादी पक्षबाट दावी स्थापित हुने कुनै प्रमाण गुज्रन नआएकोले संकलित प्रमाणबाट समर्थित नभएको केवल शंखा कै आधारमा परेको जाहेरीबाट जवर जस्ती करणी जस्तो गम्भिर प्रकृतिको फौज्दारी कसुरमा यि अवोध नावालकलाई कसुरदार ठहराउन शंखाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य शिद्यान्त समेतको प्रतिकुल हुने हुदा प्रतिवादी उपरको वादीको अभियोग दावी पुग्न सक्ने अवस्था देखिएन।

तसर्थ उल्लेखित आधार कारणबाट प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। हालसम्म प्रतिवादीको सम्पर्कमा निजको परिवार तथा आफन्त नरहेको भन्ने देखिई प्रतिवादी हाल वाल सुधार गृह सानोठिमीमा रहेको देखिएकोले प्रतिवादीको परिवार वा निजको आफन्त सँग सम्पर्क गरी प्रतिवादीलाई जिम्मा लगाई सो को जानकारी यस अदालतलाई दिनु भनी

वालसुधार गृह सानोठिमी भक्तपुरका नाममा लेखी पठाई दिने समेत ठहर्छ । अरु कुरा तपसिल वमोजिम गर्ने गरी मुलुकी ऐन अ.व. १८६ नं. वमोजिम फैसला गरी दिएको छ ।

**तपसिल खण्ड**

माथी ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकोले हालसम्म प्रतिवादीको सम्पर्कमा निजको परिवार तथा आफन्त नरहेकोले हाल प्रतिवादीको सम्पर्कमा निजको परिवार तथा आफन्त नरहेकोले हाल प्रतिवादी वाल सुधार गृह सानोठिमीमा रहेको देखिएकोले प्रतिवादीको परिवार वा निजको आफन्त संग सम्पर्क गरी प्रतिवादीलाई जिम्मा लगाई सो को जानकारी यस अदालतलाई दिनु भनी वालसुधार गृह सानो ठिमी भक्तपुरका नाममा लेखि पठाई दिनु..............................................................................१

जिल्ला सरकारी वकील कार्यालय, काठमाडौलाई प्रस्तुत फैसलामा चित्त नवुझे ७० दिन भित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्याद सहित प्रस्तुत फैसलाको प्रतिलिपी साथै फैसलाको जानकारी पठाई दिनु........................................२

सरोकारवाला व्यक्तिले मिसिल सम्लग्न कागज प्रमाणको नक्कल लिन आए नियमानुसार नक्कल दिनु..................................................................................................३

प्रस्तुत मुद्धाको लगत कट्टा गरी, फैसाल अपलोड गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु.............................................................................................४

माननीय न्यायाधशि ज्युले वोलिटिपाए वमोजिम
कम्प्युटर टाइप गर्नेः- मनमोहन थापा ।
मुद्धा फाँट –१
पाना ८ को फौसला

..........................

न्यायधीस

ईति सम्वत् २०७४ साल जेष्ठ १६ गते रोज ३ शुभम्.........................................।

**बागलुङ जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री हिमलाल बेल्बासे**

**फैसला**

**उपस्थिति**

**बालमनोविज्ञ श्री श्रीकृष्ण पौडेल**

**समाजसेवी श्री चुडामणि सुवेदी**

**संवत् २०७३ सालको बालबिजाइँ**

**मुद्दा नंः– ०७२– CR –०२७३**

**दायर मितिः– २०७३–०३–२४**

**निर्णय नं.: २९५**

**मुद्दाः– जबरजस्ती करणीसम्बन्धी बालबिजाइँ ।**

**वादीको नाम, थर, वतनः**

परिवर्तित नाम बुर्तिवाङ (४) को जाहेरीले नेपाल सरकार...........................१

ऐ.को साक्षी

जाहेरवाली परिवर्तित नाम बुर्तिवाङ (४), घटनाविवरण कागज गर्ने जीवलाल जैसी समेतका मानिसहरु

प्रमाण कागज

**प्रतिवादीको नाम, थर, वतन**

वर्ष १३ को परिवर्तित नाम दर्लिङ (क)........१

ऐ.को साक्षी

गंगाराम बुढा मगर, गुमानसिंह बुढामगर, भूमिश्वर पौडेल, छविलाल घर्ती, कुश्मा घर्तीमगर ।

प्रमाण कागज

<u>अदालतबाट बुझेको</u>

साक्षी :

श्यामकुमारी घर्ति, टिकाबहादुर के.सी., परिवर्तित नाम बुर्तिवाङ (४), छविलाल घर्ति मगर, परिवर्तित नाम बुर्तिवाङ (ग), डा. सस्मिता तुलाधर ।

प्रमाण कागज :

<u>कानुन व्यवसायी</u>

| वादीको तर्फबाटः | प्रतिवादीको तर्फबाटः |
|---|---|
| विद्वान जिल्ला न्यायाधिवक्ता श्री धर्मराज पौडेल | विद्वान अधिवक्ता श्री केशवराज पराजुली |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको २९ नम्बरबमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रै दायर हुनआएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

मिति २०७३।०२।२५ को बिहानको खाना खाएर श्रीमानसहित बनमा दाउरा काट्न भनी गएका, जेठो छोरा स्कुल गएको, अन्य २ छोराहरु तल्लो घरमा टि.भी हेर्न गएका र घरमा छोरी बुर्तिवाङ (ग) मात्रै भएको मौका पारी परिवर्तित नाम दर्लिङ (क) मेरो घरमा आई छोरीलाई कोही कसैलाई भनिस् भने मारेर ट्वाइलेटको खाल्डोमा हालिदिन्छु भनी डरत्रास देखाई घरको तल्लो तलाको कोठाको खाटमा जबरजस्ती लगी मुखमा कपडाको बुजो लगाई बोल्नसमेत् नदिई दुबैका कपडा खोली मेरी छोरीलाई जबजस्ती करणी गरेकाले निज प्रतिवादीलाई हदैसम्मको सजाय गरिपाऊँ भनी इलाका प्रहरी कार्यलय बुर्तिवाङ बाग्लुङमा परिवर्तित नाम बुर्तिवाङ (४) ले दिएको जाहेरी दरखास्त ।

जिल्ला बागलुङ दर्लिङ गा.वि.स. वडा नं २ बल्घासस्थित पूर्वमा पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) को जग्गा, पश्चिममा भीमगिठेबाट गंगरे जाने कच्ची मोटरबाटो, उत्तरमा टिकाबहादुर के.सी.को जग्गा र दक्षिणमा पीडितको जग्गा यति ४ किल्लाभित्र २ तले ढुंगाले छाएको पालीसहितको पीडित बुर्तिवाङ (ग) को घर रहेको, उक्त घरको तल्लो तलामा प्रवेश गरी हेर्दा उत्तर पूर्वतर्फ खाना पकाउने भाडाकुँडासहित दैनिक बन्दोबस्तीका सामान रहेको, दक्षिणतर्फ मूल ढोकासँगै भित्तामा जोडिएको बिस्तारासहितको खाट रहेको, उक्त खाटमा परिवर्तित नाम दर्लिङ

(क) ले परिवर्तित नाम बुर्तिवाङ (ग) लाई जबरजस्ती करणी गरेको र खाटको सिरानीको भागमा रहेको पीडितले वारदातको समयमा लगाएको विभिन्न रंगको जामा थान १ समेत वरामद भएको हो भन्नेसमेत् बेहोराको घटनास्थल र बरामदी खानतलासी मुचुल्का ।

The sign of sexual intercourse are present भन्ने पीडितको स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत डा. मनोज सापकोटाको परीक्षण प्रतिवेदन ।

मिति २०७३।०२।२५ को दिनको अं. १३:०० बजेको समयतिर म पीडितको घरमा पुग्दा ढोका खुलै रहेको र घर बाहिर वरिपरि कोही मानिस नभएकोले म भित्र पस्दा खाना बनाउने चुलोनजिकै पीडितलाई देखेपछि मैले भित्रबाट ढोका लगाई निज पीडितलाई कम्मरमा दुवै हातले समाती खाटमा लगी उत्तानो पारी पल्टाएँ । पीडितले लगाएको कपडा खोली निजको मुख थुनिदिई मैले लगाएका कपडासमेत् खोली भाग्नउम्कन नदिई कसैलाई भनेमा मारी ट्वाइलेटको खाडलमा हालिदिन्छु भनी डरत्रासमा पारी निजलाई जबरजस्ती करणी गरेको हुँ भनी प्रतिवादी परिवर्तित नाम दर्लिङ (क) ले प्रस्तुत मुद्दा अनुसन्धानका क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०७३।०२।२५ का दिन मेरा आमाबाबा दाउरा काट्न जंगल जानुभएको, दाजु पढन स्कुल गएका, म स्कुल नगई भाइहरु हेरी घरमा बसेकी, भाइहरु टि.भी हेर्न ठुलोबुवाको तल्लो घरमा गएका, सोही मौकामा प्रतिवादी घरभित्र प्रवेश गरी दुवै हातले कम्मरमा समाती खाटमा उत्तानो पारेर पल्टाए । मैले किन यस्तो गरेको आमालाई भनिदिन्छु भनी भनेकीमा ढोकाको चुक्कुल लगाई यो कुरा कसैलाई भनिस् भने मारेर ट्वाइलेटको खाडलमा हालिदिन्छु भनी मैले माथि लगाएको कुर्था खोली सोही कुर्थाले मेरो मुख थुनीदिई मलाई बोल्न कराउन नदिई तल लगाएको जामासमेत खोली आफूले लगाएको पाइन्ट र टिसर्ट खोली ममाथि चढी निजको उत्तेजित लिङ्ग मेरो पिसाव गर्ने ठाउँमा जबरजस्ती छिराई भित्रबाहिर गराए । मलाई अत्याधिक पीडा भई छट्पटाउन थालें, तर निजले मलाई नछाडी जबरजस्ती करणी गरिनै रहे । म बेहोस भएँछु, मलाई कति समय करणी गरे, कतिबेला गए मलाई थाहा भएन । म होसमा आउँदा नाङ्गै थिएँ भनी पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) ले गरेको घटनाविवरण कागज ।

मिति २०७३।०२।२८ को दिनमा जाहेरवाला बुर्तिवाङ (४) ले मेरी छोरी परिवर्तित नाम बुर्तिवाङ (ग) लाई परिवर्तित नाम दर्लिङ (क) ले मिति २०७३।०२।२५ मा घरमा कोही नभएको अवस्थामा घरको तल्लो तलामा लगी जबरजस्ती ढोका थुनी बिस्तारामा लगी मुख थुनिदिई आफ्नो कपडासमेत खोली करणी गरेको रहेछ भनेपछि थाहा पाएको हो भन्नेसमेत बेहोराको टिकाबहादुर के.सी.समेतले गरिदिएको घटनाविवरण कागज ।

मिति २०७३।०२।२५ को दिनको अं. १३:०० बजेको समयमा आफ्नो बाबुआमा दाउरा काट्न जंगल गएका, दाजु स्कुल गएका र साना भाइहरु टि.भी. हेर्न गएको समयमा पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) खाना खाइरहेको अवस्थामा प्रतिवादीले मौका छोपी एक्कासी पीडितको घरभित्र पसी पीडितको कम्मरमा समाई विस्तारामा उत्तानो पारी पल्टाई ढोकाको चुक्कुल लगाई धाकधक्की दिई डरत्रासमा पारी पीडितले लगाएको जामा र आफ्नो पाइन्ट टिसर्टसमेत् खोली पीडितमाथि चढी उत्तेजित लिंग योनीभित्र छिराई भित्रबाहिर गराई पीडितलाई जबरजस्ती करणी गरेको देखिंदा प्रतिवादीले दर्लिङ (क) ले गरेको कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरित ३(१) नं. अनुसारको कसुर हुँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुन र पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक क्षतिसमेत विचार गरी उक्त महलको १० नं. तथा १० ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाइपाऊँन तथा प्रतिवादी दर्लिङ (क) को उमेर १४ वर्ष नपुगेको देखिंदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन मागदाबी लिइएको अभियोगपत्र ।

मिति २०७३।०२।२५ का दिन म घरमा नै थिएँ । विहान खाना खाएर घरमा दिउसो सुतें, खाजा खाएर दिउँसो २ बजेतिर भलिवल खेल्न स्कुलमा गएर साँझ ६ बजेतिर घरमा आएर केटीको घरमा गएर एकछिन बसेर घरमा फर्केको हुँ । केटीको घरमा निजका बाबाआमा दाइभाइ सबै थिए । घरमा खाना खाएर सुतेको हुँ । परिवर्तित नाम बुर्तिवाङ (ग) लाई मैले जबरजस्ती करणी गरेको होइन भन्नेसमेत् बेहोराको परिवर्तित नाम दर्लिङ (क) ले यस अदालतसमक्ष गरेको बयान ।

तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी अहिले नै बेकसुर रहेछन् भन्ने अवस्था नदेखिए तापनि निज प्रतिवादीको मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट जन्म मिति २०६०।०१।११ देखिई निज १२ वर्षभन्दा माथि र १४ वर्षभन्दा कम उमेरको देखिएको अवस्थाले बालबालिका सम्वन्धी ऐन, २०४८ को दफा ११ (२) को व्यवस्थासमेतलाई विचार गर्दा निजलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नुपर्नेसम्मको अवस्था नदेखिएकोले निजलाई चाहिएको बखत उपस्थित गराउने शर्तमा निजका बाबुआमा वा संरक्षकलाई जिम्मा लगाउनू भन्नेसमेत् बेहोराको मिति २०७३।०३।२६ मा यस अदालतबाट भएको आदेश ।

विहानको खाना खाएर छोरीलाई घरमा नै राखेर दाउरा काटन गइकी थिएँ । छोरी सुतेको सुत्यै गरेकीले के भएको छ औषधी खान जाउँ भनी भन्दा तेरा बाबाआमा कसैलाई भनिस् भने तँलाई ट्वाइलेटको छपनी मुनी राखिदिन्छु भनी भनेको रहेछ । छोरी भित्र बसेर खाना खान लागेको समयमा बाहिरबाट आई ढोका लगाई पेटमा समाती खाटमा लगी पल्टाई मुखमा कुर्थाको बुझो

लगाई आफनो तथा पीडितको कपडासमेत खोली नगरनगर भन्दा नमानी मलाई के के गरे थाहा भएन भनी भनेकी, म बनबाट आउँदा उनी सुतेकै थिइन भनी जाहेरवाली परिवर्तित नाम बुर्तिवाङ (४) ले यस अदालतमा आइ गरेको बकपत्र ।

वारदात समयमा म मेरै घरमा थिएँ । प्रतिवादी पनि मेरै घरमा थिए । हामीहरु पाटामा मकै खन्दै थियौँ । उक्त दिन प्रतिवादी दर्लिङ (क) ले जाहेरवालाकी छोरीलाई जबरजस्ती करणी गरेका होइनन् भनी प्रतिवादी दर्लिङ (क) का साक्षी छविलाल घर्तिमगरले यस अदालतमा आई गरेको बकपत्र ।

घरमा कोही थिएनन् । म खाना खान लागेकी थिएँ । प्रतिवादी आएर ढोका लगाई मलाई उचालेर खाटमा सुताई ममाथि चढी अरु कसैलाई नभन्नू भनेमा ट्वाइलेटको छपनी उप्काई राखिदिन्छु भनी आफूले लगाएका तथा मैले लगाएको जामासमेत् खोली मेरो पिसाव फेर्नेमा उनको पिसाव फेर्ने छिराएका हुन् भनी पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) ले यस अदालतमा आई गरेको बकपत्र ।

प्रतिवादी दर्लिङ (क) ले पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) लाई जबजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएका हौँ भनी घटनाविवरण कागज गर्ने श्यामकुमारी घर्तीसमेतले यस अदालतमा आई गरेको बकपत्र।

प्रस्तुत मुद्दाको सुनुवाई बाल इजलासबाट गर्नुपर्ने हुँदा बाल न्याय (कार्यविधि) नियमावली २०६३ को नियम ११ बमोजिम सो इजलासमा रहने गरी बालमनोवैज्ञानिकका रुपमा श्रीकृष्ण पौडेल र समाजसेवीमा चुडामणि सुवेदीलाई तोकिएको हुँदा उल्लेखित सदस्यहरुलाई आफ्नो लिखित राय पेश गर्न लगाउनू र बाल न्याय (कार्यविधि) नियमावली २०६३ को नियम १३ बमेजिम तत्सम्बन्धी सेवाप्रदायक व्यक्ति वा संस्थाबाट सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउनू भनी मिति २०७३।०५।१५ मा भएको आदेश ।

परिवारले पढाईभन्दा घरायसी कामलाई बढी महत्व दिइनु, बाबाआमाको हेरचाहमा कमी हुनु र बालकको पढाइप्रति रुचि नहुनुजस्ता कारणबाट प्रस्तुत मुद्दाको वारदात घटित भएको भन्दै बाबुआमाको राय लिई काम गर्नुपर्ने, पढाईमा ध्यान दिनुपर्ने र शिक्षकहरुको निर्देशन पालन गर्नुपर्ने असल व्यक्तिको साथमा लागी अशल व्यवहार गर्नुपर्ने जस्ता बिजाइँकर्ता बालकको सुधारका लागि सुझाव दिइएको सामाजिक अध्ययन प्रतिवेदन र निज बालकलाई सजाय दिनुभन्दा प्रतिवादी र पीडितका परिवारबीच मेलमिलाप गराई भोलिका दिनहरु उज्जल बनाउनुपर्ने भन्ने रायप्रतिवेदन समाजसेवी श्री चुडामणि सुवेदीबाट र प्रतिवादी कसुरतर्फ पुनरोन्मुख हुने सम्भावना नरहेको हुँदा

बाबाआमाको साथमा राखी सबल व्यक्ति बनाउन सकिन्छ भन्ने रायप्रतिवेदन बालमनोवैज्ञानिक श्री श्रीकृष्ण पौडेलबाट पेस भई मिसिल संलग्न रहेका ।

पीडितको गुप्ताङ्गको जाँच गर्दा योनी वरिपरि रातो भएको, छुँदा दुखेको, कन्या जाली नच्यातिएको र अरु कुनै चोटपटक नदेखिएको थियो । मानसिक रुपमा तनावमा रहेकी थिइन् भनी पीडित बुर्तिवाङ (ग) को स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत डा. सस्मिता तुलाधरले यस अदालतमा आई गरेको बकपत्र ।

प्रतिवादी दर्लिङ (क) ले मिति २०७३।११।१० मा यस अदालतमा उपस्थित हुनको लागि तोकिएको तारेख गुजारी तारेखमा नरहेको ।

पीडितको भेजिनल स्वाव र निजले वारदातको समयमा लगाएको जामामा semen नपाइएको भन्नेसमेतको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको ।

## अदालतबाट ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी बालइजलास समक्ष पेस हुनआएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री धर्मराज पौडेलले प्रतिवादी परिवर्तित नाम दर्लिङ (क), विरुद्धको किटानी जाहेरी, पीडितले गरिदिएको घटनाविवरण कागज, खाटमा उत्तानो पारी डरत्रास देखाई निज पीडितलाई जबरजस्ती करणी गरेको हुँ भनी प्रतिवादी दर्लिङ (क) ले अनुसन्धानमा गरेको बयान र घटनाविवरण कागज गर्ने टिकाबहादुर के.सी समेतका मानिसहरुले लेखाइदिएको बेहोरा, पीडित र जाहेरवालाले अदालतमा आई गरेको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत डा. मनोज सापकोटाको परीक्षण प्रतिवेदनसमेतका आधारप्रमाणबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको गरेको कुरा पुष्टि भएको हुँदा निज प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम सजाय गरिनुपर्छ भनी र प्रतिवादीतर्फबाट रहनु भएका अधिवक्ता श्री केशवराज पराजुलीले मेरो पक्ष प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरेको कुरा स्वीकार गरेको भए पनि अदालतमा इन्कार रहेको, प्रतिवादीका साक्षी छविलाला घर्ति मगरले निज प्रतिवादी र आफू वारदात मितिको दिनभरि एउटै पाटामा मकै खनेको र जबरजस्ती करणी नभएको भनी गरेको बकपत्र र कन्या जाली नच्यातिएको र अरु कुनै चोटपटक नदेखिएको भनी पीडितको स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत डा. सस्मिता तुलाधरले गरेको बकपत्रसमेतका आधारप्रमाणबाट यी प्रतिवादी दर्लिङ (क) कसुरदार नभएकाले अभियोगदाबीको कसुरबाट सफाई

पाउनुपर्छ भनी बहस गर्नुभयो ।

दुवै पक्षबाट भएको उपर्युक्त बहस सुनी, इजलासमा उपस्थित बालमनोबैज्ञानिक तथा समाजसेवीले पेस गर्नुभएको रायप्रतिवेदनहरु तथा बिजाइँकर्ता भनिएका बालकको सम्बन्धमा पेस भएको सामाजिक अध्ययन प्रतिवेदनसहितका मिसिलसंलग्न कागजातको अध्ययन गरी हेर्दा, निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

१. **प्रतिवादीले पीडित परिवर्तित नाम बुर्तिवाङ** (ग) **लाई जबरजस्ती करणीसम्बन्धी बालबिजाइँ गरेको हो,होइन** ?

२. **प्रतिवादीउल्लखित सजाय गरी पीडितलाई क्षतिपूर्ति भराउनुपर्ने हो, होइन** ?

यसमा मिति २०७३।०२।२५ को दिनको अं. १३:०० बजेको समयमा आफ्नो घरमा कोही नभएको समयमा पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) खाना खाइरहेको अवस्थामा प्रतिवादी दर्लिङ (क) एक्कासी पीडितको घरभित्र पसी पीडितलाई डरत्रासमा पारी पीडितमाथि चढी आफ्नो उत्तेजित लिङ्ग पीडितको योनीभित्र छिराई भित्रबाहिर पीडितलाई जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(१) नं. अनुसारको कसुर गरेकाले निज प्रतिवादीलाई सोही ३(१) नं. तथा बालबालिका सम्वन्धी ऐन २०४८ को दफा ११(२) बमोजिम सजाय गरी निज प्रतिवादीबाट पीडितलाई मनासिव क्षतिपूर्ति दिलाइभराइपाऊँन मागदाबी लिइएको छ भन्नेसमेत बेहोराको अभियोगपत्र वादी नेपाल सरकारको तर्फबाट दायर भएको देखियो ।

निर्णयतर्फ विचार गर्दा, मिति २०७३।०२।२५ आफ्नी छोरी पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) घरमा एक्लै भएको मौका पारी सो घरमा परिवर्तित नाम दर्लिङ (क) आई कोही कसैलाई भनेमा मारेर ट्वाइलेटको खाल्डोमा हालिदिने डरत्रास देखाई घरको तल्लोतलाको कोठाको खाटमा सुताई जबरजस्ती निज पीडितलाई जबरजस्ती करणी गरेको बताएकीले निज प्रतिवादीलाई हदैसम्मको सजाय हुनुपर्ने भन्दै पीडित परिवर्तित नाम बुर्तिवाङ (ग) की आमा परिवर्तित नाम बुर्तिवाङ (४) को जाहेरी परी प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ ।

यस अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भने मिति २०७३।०२।२५ मा पीडितको घरमा गई हेर्दा निजलाई चुलोनजिकै देखेपछि आफूले भित्रबाट ढोका लगाई निज पीडितलाइ खाटमा लगी उत्तानो पारी पल्टाई निजले लगाएको कपडा खोली मुख थुनिदिई आफूले लगाएका कपडासमेत खोली पीडितलाई भाग्न उम्कन नदिई कसैलाई भनेमा मारी ट्वाइलेटको खाडलमा हालिदिने डरत्रास देखाई निजलाई जबरजस्ती करणी गरेको भन्दै प्रतिवादी दर्लिङ (क) पीडित विरुद्ध जबरजस्ती

करणीसम्बन्धी बालबिजाइँ गरेमा साबित रहको देखिन्छ । पीडितले पनि घरमा कोही नभएको मौका पारी निज प्रतिवादी आफ्नो घरमा आई आफूलाई डरत्रासमा पारी धाकधम्की दिई कपडाले मुख थुनिदिई आफ्नो पिसाबफेर्नेमा निजको पिसाबफेर्ने पसाई जबरजस्ती करणी गरेको भनी घटनाविवरण कागज गरिदिएको देखिन्छ ।

त्यसैगरी पीडितको भेजिनल स्वाव र वारदातको समयमा लगाएको जामामा semen नपाइएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिए तापनि पीडितको Vulva सुन्निएको र रातो भएको भन्ने तथा The sign of sexual inter course are present भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ भने सो प्रतिवेदन तयार गर्ने मेडिकल अधिकृत डा. मनोज सापकोटाले यस अदालतमा उपस्थित भई पीडितको यौनी वरिपरि रातो भएको पाइएको थियो भन्दै सो प्रतिवेदनअनुरुपको बकपत्र गरेको समेत् देखिन्छ । घटनाविवरणमा कागज गर्ने श्यामकुमारी घर्तीसमेतका मानिसहरुले वारदात मितिमा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने पीडितकी आमाले बताएर थाहा भएको हो भन्ने बेहोरा लेखाइदिएको देखिन्छ भने निजसमेतका मानिसहरु, पीडित र जाहेरवालीसमेत यस अदालतमा उपस्थित भई अनुसन्धानको कागज तथा जाहेरी बेहोरालाई समर्थन हुनेगरी बकपत्र गरेको देखिन्छ ।

विवेचित आधारप्रमाणबाट पीडितलाई प्रतिवादीले करणी गरेको भन्ने पुष्टि भएको छ भने पीडितको उमेर १६ वर्षभन्दा कम रहेको स्थितिले मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नम्बरले करणीका लागि निजको सहमति थियो थिएन भन्नेतर्फ विचार गरिरहनपरेन ।

यसरी, पीडितलाई जबरजस्ती करणी गरेमा साबित रही प्रतिवादी दर्लिङ (क)ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी, निज प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी पीडित बुर्तिवाङ (ग) ले गरिदिएको घटनाविवरण कागज र पीडितको Vulva सुन्निएको र रातो भएको पाइएको भन्ने निजको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको देखिई निज प्रतिवादीले मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीत ३ (१) नम्बरअनुसारको जबरजस्ती करणीसम्बन्धी बालबिजाइँ गरेको पुष्टि भएको देखिँदा निजलाई सोही महलको ३(१) तथा बालबालिकासम्वन्धी ऐन ,२०४८ को दफा ११(२) बमोजिम ३(तीन) महिना कैदको सजाय हुने र निज प्रतिवादीको परिवारको नाममा कुनै सम्पत्ति भएको नदेखिंदा मुलुकी ऐन जबरजस्ती करणीको महलको १० ग नम्वरबमोजिम पीडितलाई महिला तथा बालबालिका कार्यालय बागलुङबाट रु ५०,०००।- क्षतिपूर्ति भराइदिने ठहर्छ ।

सजाय कार्यान्वयन तर्फ विचार गर्दा, बिजाइँकर्ता बालकलाई भएको सजाय भोग्न अन्यत्र पठाउँदा निजको नियमित पठनपाठनमा बाधा पर्ने देखिएको छ। त्यसैगरी निजको यो बिजाइँ पहिलो पटकको हो । संरक्षककै जिम्मा लगाउन उपयुक्त हुने भन्ने बालमनोवैज्ञानिक तथा समाजसेवीको रायसमेत् रहेको छ । बिजाइँकर्ता बालकको पढाइमा रुचि नरहेको, परिवारको राम्रो हेरचाह नभएको र पढाईलाई महत्व नदिइएको कारणबाट उल्लिखित बिजाइँको कार्य भएको सामाजिक अध्ययन प्रतिवेदनबाट देखिएको छ ।

तसर्थ, उल्लिखित अवस्था र बालकको सम्बन्धमा निर्णय गर्दा अदालतले बालकको सर्वोत्तम हितलाई ध्यानमा राख्नुपर्ने बालन्याय सम्बन्धी सिद्धान्तलाई समेत विचार गरी निज बिजाइँकर्ता बालकले ३ महिनासम्म नियमितरुपमा आफूले अध्ययन गर्ने विद्यालयमा उपस्थित रही अध्ययन कार्यलाई सुचारु गर्नुपर्ने र परिवारका सदस्यको साथमा रहने गरी निजलाई हुने ठहरेको कैद तत्काल भोग्नुनपर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गरिदिएको छ । अरुमा तपसील बमोजिम गर्नू ।

**तपसील**

माथी ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी दर्लिङ (क) लाई ३ (तीन) महिना कैद सजाय हुने ठहरेको र तत्काल भोग्न नपर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगन गरिएकाले सोको लगत कसी स्थगन जनाउन तहसील शाखामा लगत दिनु................१

प्रतिवादी दर्लिङ (क) ले ३ महिनासम्म नियमितरुपमा आफूले अध्ययन गर्ने विद्यालयमा उपस्थित रही अध्ययन कार्यलाई सुचारु गर्नुपर्ने र परिवारका सदस्यको साथमा रहने गरी निजलाई हुने ठहरेको कैद तत्काल भोग्ननपर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गरिदिएको निज अनुपस्थित हुँदा निजको बाबुआमा वा उमेर पुगेका परिवारका सदस्यलाई झिकाई उल्लिखित बेहोराको जानकारी गराई ३ महिनाको अवधि पुरा भएपछि निजबाट र निजमार्फत बिजाइँकर्ता बालक अध्ययनरत रहेको विद्यालयबाट निजको अध्ययनको नियमितता सम्बन्धमा प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउनु..................................................२

पीडितले महिला तथा बालबालिका कार्यालय बागलुङबाट रु ५०,०००।- क्षतिपूर्ति भराइपाउने ठहरेकाले जिल्ला सरकारी वकिल कार्यलय बालगुङमार्फत जाहेरवाली र पीडितलाई फैसलाको जानकारी दिई उक्त क्षतिपूर्तिको रकम भराइपाउँन पीडितको तर्फबाट दरखास्त परे उक्त कार्यालयबाट पीडितलाई क्षतिपूर्ति भराइदिनेगरी लगत राख्न यस अदालत तहसिल शाखामा जानकारी दिनु....३

यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री उच्च अदालत पोखारा, बागलुङ इजलासमा पुनरावेदन गर्नुहोला भनी प्रतिवादी परिवर्तित नाम दर्लिङ (क) लाई पुनरावेदनको म्याद दिनु......३

प्रतिवादीलाई प्रस्तुत फैसलाको नक्कल कुनै दस्तुर नलिई उपलब्ध गराउनु......................४

फैसलाको जानकारी प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय बागलुङलाई दिनू...५

सरोकारवालाले नक्कल माग गरे गोपनियता कायम रहने गरी मात्र नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..............................................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु.......................................................................७

मा.जि.न्या. ज्यूले बोली टिपाएबमोजिम टिपी
टाईप गर्नेः- ऋषिराम रिजाल
फाँटः- मुद्दा फाँट १ ....................

जिल्ला न्यायाधीश

इति संवत् २०७४ साल आषाढ महिना ०५ गते रोज २ शुभम्...............................।

**श्री तनहूँ जिल्ला अदालत**

**बाल इजलाश**

**माननीय जिल्ला न्यायाधीश श्री अम्बरराज पौडेल**

**फैसला**

**सम्वत्** 073–CR–0134_

**नि.नं.–** ४२७

**मुद्दाः– जबरजस्ती करणी**

**वादी**

परिवर्तित नाम ट कुमारीको जाहेरीले नेपाल सरकार.........................१

**साक्षीः–**

**जाहेरवालाः–**

क. परिवर्तित नाम ट कुमारी

**घटना विवरण कागज गर्नेः–**

क. जितबहादुर गुरुङ

ख .बृर्खराज गुरुङ

ग .भक्तबहादुर लामा

**कागजः–**

**प्रतिवादी**

परिवर्तित जिल्ला ३९ बस्ने L बहादुर......१

**साक्षीः–**

**कागजः** फ_

**अदालतबाट बुझेको**

**साक्षीः–**

क. परिवर्तित नाम L बहादुर

ख. परिवर्तित नाम दमौली १५

ग. परिवर्तित नाम ट कुमारी

घ. बृर्खराज गुरुङ

ङ. सुष्मा गुरुङ

च. महेश गुरुङ

छ. बिमला बानिया

<u>**कागजः–**</u>

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ ।

१. मिति २०७४/०१/२३ गते दिउसो नामथर वतन परिवर्तित वर्ष १४ को L बहादुर घरमा आई मेरो छोरी बर्ष ६ की दमौली १५ लाई पात टिप्न तथा खेल्न जाने भनि ललाई फकाई गरी घर नजिक जंगलमा लगी उक्त दिनको अं. १३:०० बजेको समयमा प्रतिवादीले नावालक छोरीको गुद्दारमां लिङ्ग छिराई जवरजस्ती करणी गरेको हूँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ट कुमारीको जाहेरी दरखास्त ।

२. घटनाको दिन L बहादुर दादा हाम्रो घरमा आई जंगलमा पात टिप्न जाउँ भनि मलाई जंगलको कुनामा लगि निज दादाले मेरो कट्टु खोली निजको पिसाब फेर्ने कुरा मेरो दिशा गर्ने ठाऊँमा छिराएकोले मलाई दुखेको र मेरो दिशा गर्ने ठाउँबाट रगत आई कट्टुमा लागेकोले मैले ममीलाई बताएको हुँ दिशा गर्दा दुख्छ । मलम लगाई औषधि खाई रहेकी छु भन्ने व्यहोराको पिडित दमौली १५ को घटना विवरण कागज ।

३. जिल्ला तनहुँ, व्यास नगरपालिका वडा नं. १ तालघरे स्थित पुर्व खाने पानीको टंकी पश्चिम ७५ मिटर टाढा सपना गुरुङको पक्की घर, उत्तरमा अं. ६० मिटर टाढा सिता गुरुङको घर तथा दक्षिणमा वन पाखो यति चार किल्ला भित्र रहेको हल्का भिरालो वारीको पुर्व तर्फ कुनामा मिति २०७४/०१/२३ गते प्रतिवादी L बहादुरले नावालिका छोरी पिडित दमौली १५ लाई जवरजस्ती करणी गरेको भनि देखाए/बताए अनुसारको स्थानको विवरण ठिक छ भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

४. पिडितको दाहिने पाखुराको भित्री भागमा १ सेमी लामो नङले कोतरिएको घाउ, पिडितले लगाएको भित्री कट्टुमा रगतको दागहरु देखिएको, गुद्दारको प्वाल हल्का तान्दा धेरै खुल्ने र 3, 0 clock र 6 0, clock Position मा च्यातिएको घाउ रहेको, पिडकको ढाडको देब्रे भागको माथी तिर १ सेमी चिथरिई घाउ रहेको, परिक्षणको क्रममा सोधपुछ गर्दा पिडितको गुद्दारमा पुरै लिङ्ग छिराएको भनि बताएको भन्ने व्यहोराको पिडित तथा पिडकको स्वास्थ्य जाँच प्रतिवेदन ।

५. मिति ०७४/०१/२३ गते दिउँसो म दमौली १५ को घर गई जंगलमा पात टिप्न जांउ भनि पिडित दमौली १५ लाई घर नजिक रहेको जंगल बारीको कुनामा लगी दमौली १५ को कट्टु खोली निजलाई भित्ता तर्फ फर्किन लगाई घोप्टो पारी निजको दिशा गर्ने कुरा गुद्दारमा मेरो उत्तेजित लिङ्ग छिराउदा आनन्दको महसुस भएकोले बलजोड छिराउँदा निजको दिशा गर्ने ठाउँबाट रगत आएको हो भन्ने समेत व्यहोराको नामथर परिवर्तित L बहादुरको बयान कागज।

६. जाहेरवालीको घरमा गई जाहेरवालीको छोरा छोरी सँग खेल्ने गरेका प्रतिवादी L बहादुर मिति २०७४/०१/२३ गते दिउँसो पिडित दमौली १५ को घरमा गई जाहेरवालीकी छोरी बर्ष ६ की दमौली १५ लाई ललाई फकाई गरी घर देखी केही दुरीमा रहेको जंगलमा लगि पिडितको गुद्दारमा आफ्नो लिङ्ग छिराई जवरजस्ती करणी गरी पिडितको गुद्दारमा चोट समेत पुऱ्याएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत व्यहोराको घटना सम्बन्धमा बुझिएका जित बहादुर गुरुङ, बृर्खराज गुरुङ र भक्त बहादुर लामाले करिव एकै मिलानमा खुलाई लेखाई दिएको घटना विवरण कागज।

७. प्रतिवादी परिवर्तित नाम L बहादुरले वारदातको दिन जन्म दर्ता अनुसार वर्ष ६ की पिडित दमौली १५ लाई ललाई फकाई गरी एकान्त स्थानमा लगि पिडितको कट्टु खोली दिई आफ्नो लिङ्ग पिडितको गुद्दारमा छिराइ जवरजस्ती करणी गरी चोट समेत पुऱ्याएको पुष्टी हुन आएको हुँदा निज प्रतिवादी L बहादुरले गरेको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिम र ऐ ३(१) ले परिभाषित कसुर जन्य अपराध गरेको देखिँदा प्रतिवादी L बहादुरलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. र १० (ग) नं. बमोजिम प्रतिवादी L बहादुरबाटै पिडितलाई मनासिव क्षतीपूर्ति समेत दिलाई भराई दिनको साथै निज प्रतिवादी L बहादुर १४ वर्षको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८ का दफा ११(३) बमोजिम हुन र प्रस्तुत मुद्दामा प्रतिवादी एवं पिडित बालबालिका रहेको पाइदा बाल इजलाशबाट मुद्दाको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी।

८. मिति २०७४/०१/२३ गतेको दिन बिहान करिब ८ बजेतिरको समयमा म मेरो ठुलो आमाको छोरा महेश गुरुङ, अन्जन गुरुङ समेत भई करिब मेरो घरबाट १५ मिनेटको दुरीमा पर्ने अम्रेनी भन्ने ठाउँमा गई फुटवल प्रतियोगितामा भाग लिई करिव दिउसोको २ बजेतिर फुटवल प्रतियोगिता सकिएकोले करिब २.३० बजे म महेश गुरुङ समेत घरमा आएका हौं। घरमा आई खाना खाई फुटवल खेल्दा शरिर दुखेको हुँदा सुतेको हुँ। पिडित मेरो घर नजिक बस्ने छिमेकी हुन्। अभियोग मागदावी बमोजिमको पिडितको लुगा फुकाली गुद्दारमा लिङ्ग

छिराई जवरजस्ती करणी गरेको होइन। निजसँग म कहिल्यै नखेल्ने हुँदा उक्त वारदात घटेको भनिएको दिन पनि म निजसँग खेल्न गएको होइन। अभियोग माग दावी बमोजिमको सजाय हुनु पर्ने होइन, भन्ने समेत व्यहोराको प्रतिवादी L बहादुरले यस अदालत समक्ष गरेको वयान।

९. यि प्रतिवादीलाई प्रस्ताव गरिएको सजाय हेर्दा कसुर ठहर भएको अवस्था बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ ले गरेको व्यवस्था अनुसार पनि मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३ (१) लाई हेर्दा गणितिय रुपमा न्युनतम ५ वर्ष कैद हुने अवस्थाको रहेको छ। यो अवस्थाको कसुरमा विद्वान अधिवक्ताले भने जस्तो हिसाबबाट अभिभावकको जिम्मा लगाई छाड्दा न्यायप्रति नै प्रश्न उठ्न सक्ने अवस्था रहन्छ। ६ वर्षकी पिडितको हकमा पनि साथसाथै राखेर हेर्दा निजलाई बालसुधार गृहमा राख्न उपयुक्त देखियो। अतः निजलाई कानून बमोजिमको पुर्जि दिई बालसुधार गृह पोखरामा राख्न पठाउनु।

प्रतिवादी अध्ययनरत देखिएका हुँदा निजको अध्ययनलाई निरन्तरता हुने गरी व्यवस्था मिलाउन बालसुधार गृहलाई लेखि पठाउनु। पोखराको बालसुधार गृहमा निजको अध्ययनको वातावरण हुन नसकेमा निजलाई अध्ययन गर्न के कहाँ उपर्युक्त हुन्छ सो स्थानमा समेत पठाउन आदेश जारी गरिएको छ।

यसमा प्रतिवादी चुक्ता भैसकेको देखिदा र यो मुद्दा लगातार कारवाही र सुनुवाई गरिने मुद्दा हुँदा वादी प्रतिवादीका साक्षीका वकपत्र गराई नियमानुसार पेश गर्नु भन्ने मिति २०७४/०२/२१ गतेको यस अदालतको थुनछेक आदेश।

१०. मिति २०७४/०१/२३ गते दिउसो १ बजेतिरको समयमा प्रतिवादी परिवर्तित नाम L बहादुरले मेरो चाकमा निजले मलाई घोप्टो पर भनेर आफ्नो तुरी हाल्दिएको हो। मेरो चाक दुख्यो र रगत समेत आयो। मैले दुख्यो भनी कराएपछि निजले मलाई छोडेको हो। उक्त घटना बारेमा मैले मेरो आमालाई बताएकी हुँ भन्ने समेत व्यहोराको पिडित परिवर्तित नाम दमौली १५ ले यस अदालत समक्ष गरेको वकपत्र।

११. मिति २०७४/०१/२३ गते दिउसो १ बजेतिरको समयमा मेरो घर नजिकैको मान्छे प्रतिवादी परिवर्तित नाम L बहादुरले मेरो छोरी पिडित परिवर्तित नाम दमौली १५ लाई म पात टिप्न वनमा जान हिडेको एक्लै भएकाले बहिनीलाई लिएर जान्छु भनी सोधेको थियो। जाउन त भनी मेरो ३ बर्षको छोरा र पिडित छोरीलाई प्रतिवादीसँग पठाइदिएँ। त्यसपछि नानी चिच्याएको सुने किन चिच्चाएको भनी सोध्दा म यही छु केही पनि भएको छैन भनी निज प्रतिवादीले जवाफ दियो। निज प्रतिवादीले उक्त घटनाको विषयमा केही पनि बताएन।

त्यसपछि नानीले मेरो दिशा गर्ने ठाउँबाट रगत आएको छ भनी बताएकोले मैले थाहा पाई प्रहरी कार्यालयमा उजुरी गरेकी हुँ भन्ने समेत व्यहोराको जाहेरवाला नाम ट कुमारीले यस अदालत समक्ष गरेको वकपत्र ।

१२. अनुसन्धानको क्रममा कागज गर्दा पढि बाचि नसुनाई सहि छाप गर भनेकोले गरेको हो । उक्त घटनाको बारेमा मलाई केही थाहा भएन । वारदातको सम्बन्धमा मैले भनेको सुनेको मात्र हो देखेको होइन भन्ने समेत व्यहोराको घटना विवरणको कागज गर्ने बृर्खराज गुरुङले यस अदालत समक्ष गरेको वकपत्र ।

१३. मिति २०७४/०१/२४ गतेको दिन बिहान ११ बजे तिरको समयमा पिडित परिवर्तित नाम दमौली १५ पानी लिन धारामा आएकी थिइन् । किन तिमी विद्यालय गइनौ भनी सोध्दा मेरो पछाडी पट्टि हिजो खेल्दा बारीमा लडेर ठोसोले लागेर घाउ भएको छ भनेकी हुन् । यी प्रतिवादीले पिडितलाई जवरजस्ती करणी गरेको सम्बन्धमा मलाई केही थाहा भएन । करणी गरेको भए घर गाउँमा हल्ला खल्ला हुनु पर्दथ्यो त्यस्तो केही सुनिएको थिएन । उक्त वारदातको दिन निज प्रतिवादी फुटवल खेल्न गएका थिए भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी सुष्मा गुरुङले यस अदालत समक्ष गरेको वकपत्र ।

१४. अभियोग माग दावी बमोजिमको कसुर यि प्रतिवादीले गरेका छैनन् । यि प्रतिवादी र म वारदात भनीएको दिन म सँगै अम्रेनी भन्ने ठाँउमा फुटवल गेम खेल्न गएका थियौँ । प्रतिवादी परिवर्तित नाम L बहादुर निर्दोश छन् । जाहेरवालाले केही रिसइबीको कारण प्रस्तुत मुद्दा दायर गरेको हुन सक्छ । अभियोग माग दावी बमोजिमको सजाय यि प्रतिवादीलाई हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी महेश गुरुङले यस अदालत समक्ष गरेको वकपत्र ।

१५. प्रतिवादी बनाइएका L बहादुर इमान्दार, सोझो स्वभावको, लगनशिल केटो हो । उक्त वारदात भयो भनीएको दिन प्रतिवादी अम्रेनी भन्ने ठाँउमा फुटवल खेलेर आएको थिए । उक्त वारदात भनीएको स्थानबाट मेरो घर नजिकैको दुरीमा पर्दछ म उक्त दिन घरमा नै थिए घटना भएको भए नानी चिच्चाउदा मेरो घरमा सुनिनु पर्ने हो । मैले उक्त घटनाका बारेमा प्रतिवादीलाई प्रहरीले पक्राउ गरेपछि मात्र थाहा पाएकी हुँ । जाहेरवालाले केही रिसइबीको कारण प्रस्तुत मुद्दा दायर गरेको हुन सक्छ । यी प्रतिवादीले परिवर्तित नाम दमौली १५ लाई जवरजस्ती करणी गरेको भन्ने कुरा साँचो होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी बिमला बानियाले अदालत समक्ष गरेको वकपत्र ।

**<u>अदालतको ठहर</u>**

१६. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. समेतले यसै अदालतको अधिकार क्षेत्र भित्रको भै वादी नेपाल सरकारको तर्फबाट विद्‌वान जिल्ला न्यायाधीवक्ता श्री गोविन्द गिरी र प्रतिवादीका तर्फबाट विद्धान अधिवक्ता श्री त्रिभुवन श्रेष्ठले गर्नु भएको बहस समेत सुनियो ।

१७. प्रस्तुत मुद्दामा निर्णय तर्फ विचार गर्दा, यी प्रतिवादीले आरोपित कसूर गरेका हुन् वा होइनन् ? हुन् भने निजलाई के कति सजाय हुनुपर्ने हो ? भनी निर्णय गर्नु पर्ने देखियो ।

१८. अभियोग माग दावी हेर्दा, यसमा प्रतिवादीले जवरजस्ती करणीको १ र ३ को (१) बमोजिमको कसुरमा ऐ. १० र १० (ग) नं. बमोजिम क्षतिपुर्ती समेत भराइ पाउँ भन्ने अभियोग पत्र रहेको यस मुद्दामा मेरो छोरी वर्ष ६ कि परिवर्तित नाम दमौली १५ लाई गुद्दारमा जवरजस्ती करणी गरेकाले कारवाही गरी पाउँ भन्ने जाहेरी रहेकोमा पिडितले तत्काल गरेको कागजमा आफुलाई प्रतिवादीले जंगलमा पात टिप्न जाउँ भनी जंगलमा लगी एकान्त ठाउँमा निजको पिसाब फेर्नै कुरा मेरो दिशा गर्ने ठाउँमा छिराएको र दिशा गर्ने ठाउँबाट रगत आइ कट्टुमा लागेको हो भनी लेखाएकोमा पिडितको स्वास्थ्य जाँच प्रतिवेदनमा गुद्दारको प्वाल हल्का तान्दा धेरै खुल्ने च्यातिएको घाँउ रहेको उल्लेख छ भने पिडितको ढाडको देब्रे भागको माथि तिर १ से. मि. चिथरिएको घाउ रहेको उल्लेख छ ।

प्रतिवादीको तत्कालको वयानमा जंगलमा लगि पिडितको कट्टु खोली घोप्टो पारी गुद्दारमा आफ्नो लिङ्ग छिराउदा आनन्द भएको र जोडले छिराउदा भित्रको गुद्दारबाट रगत आएको भनी लेखाएकोमा प्रतिवादीले अदालतमा वयान गर्दा इन्कारी व्यहोरा लेखाएको पाइन्छ। पिडितले यस अदालतमा वकपत्र गर्दा तत्कालको कागजलाई सनाखत गर्दै पिडकले मेरो चाकमा निजको तुरी हाल्दीएको हो भनी लेखाएको देखिन्छ । जाहेरवाली पिडितको आमाको वकपत्रमा तत्कालको जाहेरीलाई सनाखत गर्दै पिडित नानीको रगत आएको र आफुले सोध्दा निजले भनेपछि थाहा पाइ जाहेरी दिएको हो भनी लेखाएको पाईन्छ। घटना विवरण कागज गर्ने बृर्खराज गरुङको वकपत्रमा तत्कालको भनाईलाई सनाखत गरिदिएको घटना देखेको होइन सुनेको हो भनी लेखाएको पाइन्छ। प्रतिवादीको साक्षीले उक्त वारदातका दिन प्रतिवादी र आफु बिहान ८ बजे देखि २ बजे सम्म सँगै फुटबल प्रतियेगितामा भाग लिन गएको हुँदा जाहेरी लगायत झुट्टा हो भन्ने रहेको यस मुद्दामा ६ वर्षकी अवोध बालिकाले

हुँदै नभएको वा असत्य घटनालाई अदालतमा आइ व्यक्त गरिन् होला भन्ने तथ्यलाई कुनै पनि तरहले विश्वास गर्न एकातिर सकिदैन भने अर्कोतिर पिडितको घाउ जाँच केश फारमले जवरजस्ती करणीलाई समर्थन गरी रहेको तथ्य अर्कोतिर देखिन्छ ।

यसै गरी जाहेरवाली पिडितकी आमाले यी प्रतिवादीलाई दोष लगाउन पर्ने सम्मको कारण देखिन आउँदैन भने प्रतिवादीले अदालतमा इन्कारी व्यहोरा लेखाएता पनि तत्कालको वयानलाई पिडितको भनाइ र पिडितको घाउ जाँच केश फारमले समेत स्पष्ट समर्थन गरीरहेको देखिन जाँदा वादी दावी पुग्ने ठहर्छ । प्रतिवादीलाई हुने सजायका सम्बन्धमा जवरजस्ती करणीको ३ को देहाय १ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुनेमा निजको उमेर १४ (चौध) वर्षको हुँदा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) बमोजिम आधा अर्थात ५ (पाँच) वर्ष कैद हुन्छ भने क्षतिपुर्तीको हकमा १०००००।- (एक लाख रुपैयाँ) भरी पाउने ठहर्छ । प्रस्तुत मुद्दाका प्रतिवादी नावालक हुँदा आर्थिक दायित्व लिन नसक्ने हुँदा जवरजस्ती करणीको १० (ग) नं. बमोजिम महिला तथा बालबालिका कार्यालयबाट सो रकम पिडितले पाउने गरी भराइ दिने व्यवस्था गर्नु । सो ठहर्नाले तपसिलका कलमहरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अदालती बन्दोबस्तको १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

प्रतिवादी परिवर्तित नाम L बहादुर के, माथि इन्साफ खण्डमा लेखिए बमोजिम यी प्रतिवादीलाई जवरजस्ती करणीको ३ को देहाय १ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहरेकोमा निजको जन्म मिति २०५९/१२/१५ देखिएको हुँदा वारदाद हुँदाका अवस्थामा निजको उमेर १४ (चौध) वर्षको हुँदा बालबालिका सम्बन्धि ऐन, २०४८ को दफा ११ (३) बमोजिम आधा अर्थात ५ (पाँच) वर्ष कैद हुन्छ । निज मिति २०७४/०१/२६ देखि थुनामा रहेको पाइदा मिति २०७५/१२/१४ सम्म बालसुधार गृह पोखरामा र मिति २०७५/१२/१५ देखि जिल्ला कारागार कार्यालय तनहूँमा राख्ने गरी कैद लगत कसी असुल उपर गर्नू................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम पीडित परिवर्तित नाम दमौली १५ लाई भराई दिने ठहरेको क्षतिपूर्ति रकम रु. १,००,०००।– (एक लाख रुपैयाँ) पुनरावेदनको अवस्था नाघेपछि भराई दिन फैसलाको नक्कल समेत साथै राखी नेपाल सरकार महिला तथा बालबालिका कार्यालय, तनहूँलाई लेखी पठाई दिनू...........................................................................२

प्रस्तुत इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र श्री उच्च अदालत, पोखरामा पुनरावेदन गर्नु भनी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद प्रतिवादी परिवर्तित नाम L बहादुरलाई बालसुधार गृह, कास्कीमा पठाई दिनू...............................३

फैसलाको प्रतिलिपि समेत साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकील कार्यालय, तनहुँमा पठाई दिनु.......................................................................४

फैसलाको प्रतिलिपि समेत साथै राखी फैसलाको जानकारी जाहेरवालालाई दिनू................५

सरोकारवालाले प्रस्तुत मुद्दाको फैसला समेतको नक्कल मागे ऐन कानूनको रीत पुऱ्याई नक्कल सारी सराई दिनू..........................................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतिय कपी अपलोड समेत गरी पुनरावेदन परे श्री उच्च अदालत, पोखरामा पठाउने गरी मिसिल नियम बमोजिम अभिलेख शाखामा बुझाई दिनू..................................................................................७

कम्प्युटर टाइप गर्ने क.अः– गंगा भण्डारी
फाँटवाला ना.सुः– शिवराज पौडेल

न्यायाधीश

ईति सम्वत् २०७४ साल असार महिना २९ गते रोज ५ शुभम्.................................।

**श्री काठमाडौं जिल्ला अदालत**

**बाल इजलास**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम प्रसाद ढकाल**

**फैसला**

२०७३/९/११ **को स.वा.फौ.मि.नं.**०७३- CR -०८१२

**नि.नं.-** ४४१

**मुद्दाः- ज्यान मार्ने उद्योग।**

**फैसला मितिः-** २०७४/३/३०/६ **मा**

**वादीको नाम, थर, वतन**

सागर लिम्बु को जाहेरीले वादी नेपाल सरकार................................१

ऐ.को प्रमाण कागज

साक्षीः-

कागजः-

**प्रतिवादीको नाम, थर, वतन**

काभ्रे जिल्ला च्यासिङखर्क गा.वि.स. वडा नं.६ बस्ने ईन्द्र बहादुर गोलेको नाती रामकृष्ण गोलेको छोरा जनसेवा क१.....................१

नुवाकोट जिल्ला दाङसिङ गा.वि.स. वडा नं.२ वस्ने क्षवा तामाङ्गको छोरा जनसेवा क२.......१

ऐ.को प्रमाण कागज

साक्षीः-

कागजः-

**वाल मनोविज्ञानवेत्ता र समाजसेवी**

**श्री रीमा शर्मा र सुचिता सुवेदी**

अदालतबाट बुझिएको

साक्षी

प्रमाण

तथ्य खण्ड

**मुद्दाको संक्षिप्त तथ्य**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोवस्तको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः-

**घटनास्थल तथा बरामदी मुचुल्काः-**

कास्थित पुर्वमा भुगोलपार्क २३ वडा नं पा.न.म.का.जि. तर्फ आउने गल्ली बाटो पश्चिममा झोछे तर्फ जाने गल्ली बाटो उत्तर दमकल जुद्धबारुणयन्त्रको कार्यालय दक्षिण ओमबहाल तर्फ जाने गल्ली बाटो यति चार किल्ला भित्र पर्ने सानो गल्ली चोकमा जाहेरवाला सागर लिम्बुलाई प्रतिवादी जनसेवा क१ र सुमन तामाङ्गले धारीलो हतियार खुकुरी प्रहार गर्दा जाहेरवालाको टाउको ढाड र हातमा चोट पुर्याएको नाङ्गो खुकुरी बोकी भागी रहेको बेलामा प्रतिवादी मध्येका जनसेवा क१ को साथबाट एक फिट लम्वाई भएको बुट्टा कुदिएको खुकुरी बरामद भएको घटानास्थलबाट रातो जस्तो देखिने रगतका टाटा उठाउन नसकिने अवस्थामा देखिएको भन्ने समेत व्यहोराको घटनास्थल तथा बरामदी मुचुल्काको व्यहोरा ।

**प्रहरी प्रतिबेदनः-**

मिति २०७३।८।१८ गते अ.१८.३० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं.२३ दमकल गल्लीमा खुकुरी प्रहार भएको भन्ने सुचना प्राप्त भए बमोजिम तत्काल हामी प्रतिवेदक प्रहरी टोली उक्त स्थानमा खटी गई बुझ्दा ३/४ जनाका केटाहरुले अ.१७/१८ बर्षको केटालाई धारिलो हतियार खुकुरी तथा लात्ति मुक्का प्रहार गरि रगताम्य बनाई भुईमा लडाई धर्मपथ तर्फ भागेको र घाईतेलाई निजका आफन्तहरुले उपचारको लागि अस्पताल तर्फ लागेको भन्ने बुझिन आएको हुदा खुकुरी प्रहार गर्ने व्यक्तिहरुको खोजतलास गर्दै निजहरु भागेको स्थान तर्फ जादा का.जि.का.म.न.पा. वडा नं.२२ भुगोलपार्क अगाडी भाग्दै गरेको सुमत तामाङ्ग र जनसेवा क १ लाई देखिएको निजहरु मध्ये पछि नाम खुलेका जनसेवा क१ ले हातमा नाङ्गो खुकुरी लिएको देखि निजहरुलाई घेरा हाली नियन्त्रणमा लिई निजहरुलाई रितपुर्वक तलासी गर्दा जनसेवा क१ को दायाँ हातबाट बरामदी मुचुल्कामा उल्लेखित धारिलो हातियार खुकुरी बरामद हुन आएको र घटना सम्वन्धमा सोधपुछ गर्दा आफुहरुले दमकल गल्लीमा एक केटालाई खुकुरी प्रहार गरी भागेको भनि बताएको हुदा निजहरुलाई थप अनुसन्धानको लागि यसै पत्र साथ दाखिला गरेका छौ साथै निजहरुको खुकुरी प्रहार गरेको व्यक्ति विरअस्पतालमा उपचार गराएको निजको नाम सागर लिम्बु भएको भन्ने बुझिन आएको हुदा घाईतेबाट सनाखत जाहेरी समेत लिई घटना सम्वन्धमा अनुसन्धान गरि पाउँ भन्ने प्रहरी प्रतिवेदन।

**सागर लिम्बुको किटानी जाहेरी दरखास्तः–**

म जाहेरवाला र मेरा साथीहरु बिशेष तामाङ्ग अनिष मानन्धर मिति २०७३।८।१८ गते बेलुका अ.६.३० बजे न्युरोड तिर घुमफिर गरी खाजा समेत खाई भक्तपुर स्थित घर जान भनि का.जि.का.म.न.पा. वडा नं. २३ दमकल पछाडीको गल्लीमा गफगाफ गर्दै हिडीरहेकोमा पछि नामथर वतन खुल्न आएका सुमन तामाङ्ग समेतका प्रतिवादीहरु र निजसंग संगै हिडी रहेका एकिन नामथर वतन नखुलेका साथीहरु एकाएक आज त यसलाई नमारी छोडदिन तेरो आजको दिन मात्र हो भनि पछाडीबाट आक्रमण गरी कुटपिट गर्न थाले कोही हात समात्ने कोहीले कुटपिट गर्ने गरेको र जनसेवा क१ ले हत्या गर्ने मनसायले मलाई धारिलो खुकुरी प्रहार गरी मलाई भुईमा लडाई फरार रहेको हुदा कानुन बमोजिम कारवाही गरि पाउँ भन्नेर समेत व्यहोराको जाहेरी दरखास्त ।

**घाउजाचँ केश फारमः–**

घाईते सागर लिम्बुको टाउकोमा शरिरमा घाउचोटहरु रहेको भन्ने समेत व्यहोराको घाउजाच केश फारामो व्यहोरा ।

**प्रतिवादी जनसेवा क२ को बयानः–**

मिति २०७३।८।१८ गते अं. १८.०० बजे म का.जि.का.म.न.पा. वडा नं.२३ दमकल गल्लीमा नै म जाहेरवाला सागर लिम्बुलाई चिन्दिन् पक्राउ परेका प्रतिवादी जनसेवा क १ लाई चिन्दछु निज मेरो साथी हुन् । उक्त मिति समयमा म समेत पक्राउ परेका सुमन तामाङ्ग समेतका साथीहरु उक्त गल्लीको बाटो हुदै बसन्तपुर स्थित तर्फ जादै गर्दा गल्ली बाटोमा निज जाहेरवाला समेत ४/५ जना बसिरहेका थिए । निजहरुले जनसेवा क१ लाई विनाकारण गाली गरी मलाई हातले धक्का दिए पश्चात जनसेवा क१ ले किन मलाई धक्का दिएको भनि निजसँग झै झगडा भई दुवै पक्ष बिच हानाहान गर्न थाले निज जाहेरवालासंग झगडा भए पनि मैले निज जाहेरवालालाई मुक्का र लात प्रहार गर्न थालेपछि मेरो साथी जनसेवा क१ ले साथमा भएको खुकुरी निकाली निजलाई पछाडीबाट प्रहार गरेको हुन् । निजले प्रहार गर्दा जाहेरवालाको के कुन ठाउमा चोट लाग्यो थाहा भएन । निज रगताम्मे भई भुईमा लडे पश्चात हामी सो स्थानबाट भागी भूगोलपार्क भाग्दै गर्दा प्रहरीले पक्राउ गरेको हो । यसमा हामी दुई जनाको संलग्नता छ । उक्त बरादात हामीले नै घटाएका हौं भन्ने समेत व्यहोराको प्रतिवादी जनसेवा क२ ले अनुसन्धानको क्रममा गरेको बयान ।

**प्रतिवादी जनसेवा क१ को बयानः–**

मिति २०७३।८।१८ गते अं. १८.०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं.२३ दमकल गल्लीमा नै थिए । म जाहेरवाला सागर लिम्बुलाई चिन्दीन पक्राउ परेका प्रतिवादी जनसेवा

क२ लाई चिन्दछु निज मेरो साथी हुन् । उक्त मिति समयमा म समेत पिक्राउ गरेका प्रतिवादी जनसेवा क२ समेतका साथीहरु उक्त गल्लीको बाटो हुदै बसन्तपुर स्थित तर्फ जादै गर्दा गल्ली बाटोमा निज जाहेरवाला समेत ४/५ जना बसिरहेका थिए । निजहरुले मलाई विनाकारण गाली गरी मलाई हातले धक्का दिए पश्चात मैले किन मलाई धक्का दिएको भएको भनी निजसंग झै झगडा भई दुवै पक्ष बिच हानाहान भएको थियो । निज जाहेरवालासंग झगडा भए पछि मेरो साथी पक्राउ परेका प्रतिवादी जनसेवा क२ ले निज जाहेरवालालाई हातपात गर्न थाले पछि मैले मेरो साथमा भएको खुकुरी निकाली निजलाई पछाडीबाट प्रहार गरेको हुँ । मैले प्रहार गर्दा निज जाहरवलाको के कुन ठाउमा चोट लाग्यो थाहा भएन । निज रगतम्मे भई भुईमा लडे अब मर्छ होला भनी हामी सो स्थानबाट भागी भुगोलपार्क तर्फ भाग्दै गर्दा प्रहरीले पक्राउ गरेको हो । यसमा हामी दुईजनाको संलग्नता छ । उक्त बारदात हामीले नै घटाएका हौं भन्नेर समेत व्यहोराको प्रतिवादी जनसेवा क१ ले अनुसन्धानको क्रममा गरेको बयान ।

**चन्द्रकला लिम्बुको कागजः–**

मिति २०७३।८।१८ गते म आफ्नो काम विशेषले का.जि. न्युरोडमा आएका थिए । त्यसै बेला मेरो छोरा नाता पर्ने सागर लिम्बु पनि साथीहरुसंग न्युरोडमा आएका रहेछन् । साझ पर्ने वेलामा धर्मपथ अगाडी दमकल गल्लीमा खुकुरी हानेर मानिस घाईते बनाएका छन् । खुकुरी हान्ने मानिसहरु भाग्दै गर्दा प्रहरीले पक्राउ गरेका छन् भन्नी थाहा पाएको कस्ले कसलाई कुटपिट गरेको रहेछन् भनि बुझ्दा आफ्नो छोरा पर्ने सागर लिम्बु पो रहेछन् । निजलाई तत्काल अस्पतालमा लगी उपचार गराउदा निजको टाउकोको पछाडी ढाड खुट्टा सहित विभिन्न ठाउँमा पटक पटक खुकुरी हानी ज्यानै मार्ने उद्धेश्यले प्रहार गरेको रहेछन् । धारिलो हतियार प्रहार गर्ने मानिसहरुको बारेमा बुझ्दा जनसेवा क१ र जनसेवा क२ रहेछन् भन्ने समेत व्यहोराको चन्द्रकला लिम्बुले अनुसन्धाको क्रममा गरेको कागज ।

**परीक्षणको लागि लेखिएको पत्रः–**

सागर लिम्बुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जनसेवा क१ समेत भएको ज्यान मार्ने उद्योग मद्दामा जाहेरी साथ पेश भएको ज्याकेट जिन्स पाइन्छ र घटनास्थलमा फेला परेको खुकुरी परीक्षणको लागि पठाइएको भन्ने समेत व्यहोराको पत्र ।

**जनसेवा क१ को ततिम्वा बयानः–**

मैले मिति २०७३।८।२३ गते अधिकार प्राप्त अधिकारी समक्ष गरि दिएको बयानको व्यहोरा पढी वाचि सुनाउदा सुने देखाउदा हेरे बरामदी मुचुल्कामा उल्लेखित धारिलो हतियार खुकुरी

प्रहरीले मेरो साथबाट बरामद गरेको हो । उक्त कुखुरीले नै मैले घाईते सागर लिम्बुलाई हत्या गर्ने उद्धेश्यले प्रहार गरी घाईते बनाएको हुँ भन्ने समेत व्यहोराको रोमी तामाङ्ग भन्ने जनसेवा क१ ले अनुसन्धानको क्रममा गरेको तातिम्वा बयान ।

**<u>अभियोग माग दावीः–</u>**

प्रतिवादीहरुले मुलुकी ऐन ज्यान सम्वन्धिको महलको १ र १५ नं. विपरीत कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही महलको १५ नं. बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग माग दावी ।

**यस अदालतमा प्रतिवादी जनसेवा क२ ले अदालतमा गरेको बयानः–**

मिति २०७३।८।१८ गते म र जनसेवा क१ भएर भित्र लगाउने भेष्ट किन्न भनी आर.वि.कम्प्लेक्स गएका थियौं । जाहेरवाला सागर उनका साथीहरु न्युरोडको दमकल साइडको गल्लिमा अर्को साइडबाट आइरहेका थिए । हामीलाई धक्का दिई उल्टै हामीलाई किन धक्का दिइस् भनी हामीसंग झगडा गर्न थाले । हामीहरु गल्लिबाट भागिरहेका थियौं । न्युरोडमा आई हामीहरुसंग पुनः झगडा गर्न थाले । उनीहरु धेरै थिए हामी दुईजना मात्र थियौं डराएर भाग्दा भाग्दै रोमी छुटेकोले उसलाई खोज्न फर्कदा जनताले समाती प्रहरी बोलाएर जिम्मा लगाए पछि प्रहरीले जनसेवा प्रहरी कार्यालय न्युरोडमा लगेर २१ दिनसम्म राखे पछि बाल सुधारमा ४ दिन राखे । हामीले कसैलाई खुकुरीले हानेको होइन । अभियोग दावी झुठ्ठा हो मलाई र मेरो साथी सुमन तामाङ्गलाई सजाय हुनु हुदैन । जाहेरवाला सागर लिम्बुलाई हामी दुई जना मात्र भएर हात र मुक्काले हानेको हो । खुकुरी लौरा केही पनि प्रयोग गरेको होइन । हामीहरुको बिचमा झगडा भएपछि सागरका अरु साथीहरु भागी गए सागर लिम्बु एक्लै भई झगडा गरी भुईमा लडाई हातले पिटेको हो । पहिला सागर र सागरका साथीहरुले पिटेर मेरो हात काटेको र नाकबाट रगत बगे पछि आफ्नो बचावटका लागि म र साथीले सागरलाई हातले पिटेको हो । घटनास्थल मुचुल्का र प्रहरी प्रतिवेदन व्यहोरामा लेखिएको रोमी तामाङ्गको साथबाट बरामद भएको भनी उल्लेख गरेको र मेरो साथबाट खुकुरी सहित निजलाई र मलाई पक्रेको भन्ने कुरा गलत हो । खुकुरी हामीलाई समातेको आधा घण्टापछि प्रहरीले लिएर आएका थिए । कहाँबाट ल्याए थाहा भएन । हामीले सागरलाई पिटी भागको भन्ने कुरा सही हो । मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान गर्दा मैले मेरो साथी रोमीले खुकुरी ले हाने भनि भनेको थिएन हामीहरु दुवै पक्ष विच बाटोमा हिड्दा धकेलेकाले झगडा भएको थियो । हातले हानेको हो भनेको थिए । त्यहा त्यस्तो किन लेखे थाहा भएन । अरु व्यहोरा ठिक छ सहिछाप मेरै हो । हामीहरुसंगै कपडा किन्न बजार जाँदा घटना घटेको थियो । खुकुरी लिएर जानलाई त्यँहा

खुकुरीको कुनै काम थिएन भनि प्रतिवादी जनसेवा क२ ले यस अदालतमा गरेको बयान ।

**यस अदालतमा जनसेवा क१ ले अदालतमा गरेको बयानः–**

मिति २०७३।८।१८ गते म जनसेवा क२ भएर भित्र लगाउने भेष्ट किन्नग भनी आर । वि । कम्पेक्स गएका थियौ । उनिहरु न्युरोडको दमकल साइडको गल्लीमा अर्को साइडबाट आईरहेका थिए । हामीलाई धक्काग दई उल्टै किन हामीलाई धक्क दिइस भनी हामीसंग झगडा गर्न थाले । हामीहरु गल्लिबाट भागिरहेका थियौं । न्युरोडमा आई हामीहरुसंग पुनः झगडा गर्न थाले । उनीहरु धेरै थिए हामी दुई जना मात्र थियो डराएर भाग्दा भाग्दै त्यही ठाउँमा जनताले समाती प्रहरी बोलाए जिम्मा लगाए पछि प्रहरीले जनसेवा प्रहरी कार्यालय न्युरोडमा लगेर २१ दिनसम्म राखे पछि बाल सुधार गृहमा ४ दिन राखे । हामीले कसैलाई खुकुरीले हानेको होइन । अभियोग दावी झुठ्ठा हो । मलाई र मेरो साथी सुमन तामाङ्गलाई सजाय हुन हुदैन । जाहेरवाला सागर लिम्बुलाई हामी दुईजना मात्र भएर हात र मुक्कासले हानेको हो खुकुरी लौरा केही पनि प्रयोग गरेको होइन । पहिला सागर र सागरका साथिहरुले पिटेर मेरो नाकबाट रगत बगे पछि आफ्नो बचावटका लागि म र सागरले हातले पिटेको हो । म चौध वर्षको भए भनि प्रतिवादी जनसेवा क२ ले यस अदालतमा गरेको बयान ।

**बुझिएका साँक्षी प्रमाणः–**

निज सागर लिम्वुको टाउकोको पछाडी पट्टी भागमा ठुलो चोट लागेको थियो सो चोट लागेको भागमा मैले औला छिराइ हेर्दा खोपडीमा गहिरो चोट लागेको थियो । सो घाउ धारिलो हतियारले नै काटेको देखिन्थ्यो घाउमा ४x४ गहिराई ४ सेन्टिमिटर थियो । सो घाउबाट रगत वगिरहेको थियो । मैले निजलाई इमर्जेसीमा जाँच गरेको हु । मिति २०७३।८।१८ गते सागर लिम्वुको चेक जाँचको लागि गरेको प्रेस्क्रिप्टसनमा भएको सहिछाप र व्यहोरा मेरै हो भनि विशेषज्ञ डाक्टर भावना तिवारीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०७२।८।१८ को घटना स्थलमुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरै हो । सागर लिम्वुको टाउकाको पछाडी भागमा र देब्रे भागको पछाडी घुडामा पिल्सिएको र निधारमा पिल्सिएको चोट लागेको थियो । टाउकाको चोट मा ७ वटा टाका लगाएको थियो । प्रतिवादी बनाइएका केटाहरुले नै मेरो छोरालाई खुकुरीले हानी चोट पुर्‍याएका हुन् । छोराको उपचारको निमित्त करिव रु.२,००,०००।( (दुई लाख) लागेको छ । उक्त रकम मैले कसैवाट पाएको छैन आफ्नै खर्चवाट उपचार गराएको हु । उक्त उपचार खर्च दिलाई पाउँ स्वास्थ्य अवस्था ठिक छ ।

टाउकाको पछाडीको चोटमा कहिलेकाही च्वास च्वास गर्छ भन्थ्यो भनि बुझिएका टंक सुब्वाले यस अदालतमा गरेको बकपत्र ।

मिति २०७३।८।१८ मा भएको घटना स्थल मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरै हो । सागर लिम्वुको टाउकोको पछाडी भागमा र कुमतिर चोट लागेको थियो । गालामा र घुँडामा पिल्सिएको घाउ लागेको थियो । यिनै प्रतिवादीहरुले चोट पुर्याएका हुन् । सागरको उपचार गर्दा करिव रु.२,००,०००।- (दुई लाख) जती खर्च भएको छ । खर्च कसैले दिएको छैन आफैले गरेको हो । उक्त रकम भराई पाउनु पर्दछ । सागर लिम्वुको हाल सवै घाउ निको भई सकेको छ भनि बुझिएका देउमाया फुम्भुले यस अदालतमा गरेको बकपत्र ।

बरामदी मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरो समेत हो । घटना घटेकै स्थानमा प्रतिवादी जनसेवा क१ वाट खुकुरी बरामद भएको हो भनि बरामदी मुचुल्काका मानिस प्र.स.नि. प्रेमबहादुर लामिछाने यस अदालतमा गरेको बकपत्र ।

**ठहर खण्ड**

नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फका उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री योगेन्द्र प्रसाद ढुंगेल ले जाहेरी, केश फाराम, प्रतिवादीहरुको वयान लगायत मिसिल संलग्न संकलित प्रमाणबाट प्रतिवादीहरु उपरको कसुर पुष्टी भएबाट प्रतिवादीहरुलाई अभियोग दावी वमोजिम सजाय हुनु पर्छ भन्ने र प्रतिवादी तर्फका विद्वान अधिवक्ता श्री रोशन कुमार झा ले प्रतिवादीहरु अदालतमा कसुरमा इन्कार भएको, मौकाको प्रतिवादी जनसेवा क१ को साविती मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टी नभएको जनसेवा क२ मौका मै कसुरमा इन्कार रहेको अन्य प्रमाणबाट प्रतिवादीहरु उपरको कसुर पुष्टी नभएकोले प्रतिवादीले अभियोग दावीको कसुरबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको बहस सुनीयो ।

प्रतिवादीहरु उपर ज्यान सम्वन्धी महलको १ र १५ नं. को कसुरमा ऐ. १५ नं. वमोजिम सजाय गरी पाउ भन्ने अभियोग दावी भएको प्रस्तुत मुद्दामा यस अदालतको थुनछेक आदेश वमोजिम दुवै प्रतिवादीहरु नावालक कायम भएकाले अभियोग पत्र सहितको मिसिल संलग्न कागज प्रमाणहरु सामाजिक प्रतिवेदन अध्ययन गरी वाल मनोविज्ञानवेत्ता र सामाजिक कार्यकर्ताको राय समेत बुझि हेर्दा प्रतिवादीहरुले अभियोग दावी वमोजिमको कसुर गरेका हुन होईनन् ? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा मिति २०७३।८।१८ गते बुलुकी ६.३० बजे न्यूरोडमा घुम्न साथीहरुसंग गएकोमा घुमी दमकल पछाडीको गल्ली हुँदै साथीहरुसंग जाँदा प्रतिवादी जनसेवा क१ ले आफुमाथी पछाडीबाट खुकुरी प्रहार गरेको जनसेवा क२ ले कुटपिट गरी ज्यान मार्ने उद्योगको कसुर गरेकोले कारवाही गरी पाउ भन्ने जाहेरवालाको प्रतिवादीहरु उपर किटानी जाहेरी परेको देखिन्छ। घाईतेको केश फाराम हेर्दा cut injury over the occipital region of head measuring 4x4 c.m depth 4 c.m. भन्ने उल्लेख भएको पाइन्छ। मौकामा भएको घटनास्थल एवं वरामती मुचुल्का व्यहोराबाट प्रतिवादी जनसेवा क१ बाट खुकुरी वरामत भै घटनास्थलमा रातो रगतको टाटो देखिएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ।

अव प्रतिवादीहरुको कसुरमा के कस्तो किसिमको संलग्नता थियो थिएन भन्ने सम्बन्धमा सर्व प्रथम प्रतिवादी जनसेवा क२ को हकमा हेर्दा प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा जाहेरवाला समेतका मानिसहरुले धम्की दिएकोले दुवै पक्ष विच हात हालाहाल भएको र जनसेवा क१ ले खुकुरीले जाहेरवालालाई हानेको भन्ने उल्लेख गरेको पाइन्छ। अदालतमा जनसेवा क१ ले खुकुरीले पिडितलाई हानेको भन्ने व्यहोरा वाहेक अन्य सवै मौकाको व्यहोरा उल्लेख गरेको पाइन्छ। घाइतेको केश फारामबाट धारिलो हतियारले हानेको चोट वाहेक शरिरका अन्य भागमा निलडाम रहेको भन्ने देखिदैन। प्रतिवादीबाट खुकुरी लगायतका धारिलो हतियार मौकामा वरामत हुन सकेको पनि देखिदैन। घटनाको चश्मदित कसैले पनि प्रतिवादीले खुकुरी प्रहार गरेको भन्न नसकेको पाईदैन। ज्यान सम्वन्धी महलको १५ नं. वमोजिम पिडितलाई खुकुरी प्रहार गर्ने वातावरण प्रतिवादीले मिलाइ दिएको भन्ने पनि देखिदैन। तसर्थ प्रतिवादीले अभियोग दावीको कसुर गरेको मिसिल प्रमाणबाट शंका रहित तवरले प्रमाण ऐन, २०३१ को दफा २५ नं. वमोजिम वादी पक्षले स-प्रमाण पुष्टी गर्न नसकेकोले प्रतिवादी उपरको वादीको अभियोग दावी पुग्न नसक्ने भै प्रतिवादी जनसेवा क२ ले अभियोग दावीबाट सफाई पाउने ठहर्छ।

अव प्रतिवादी जनसेवा क१ को हकमा हेर्दा प्रतिवादीले आफुलाई खुकुरीले पछाडीबाट टाउकोमा प्रहार गरेको भन्ने पिडितको मौकाको जाहेरी व्यहोरा देखिन्छ। पिडितको मौकामा भएको घाँ केश फाराममा टाउको को पछाडीको भागमा धारिलो हतियारको ४ से.मी. को गहिरो घाउ रहेको भन्ने देखिई घाँ केश फाराम गर्ने चिकित्सकले पिडितको टाउको को पछाडी ठुलो चोट लागेको तत्काल उपचार पाएकोले बाँचेको भनी यस अदालतमा वकपत्र समेत गरी दिएको पाइन्छ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा पिडितलाई वारदातमा आफुले खुकुरी प्रहार गरेको भनी उल्लेख गरेको पाईन्छ। अदालतमा वयान गर्दा आफुले पिडितलाई खुकुरीले

हानेको नभै हात मुक्का सम्मले हानेको भने पनि पिडितको शरिरमा अन्य चोट नदेखिएको मौकामा प्रतिवादीलाई खुकुरी सहित पक्राउ गर्ने प्रतिवेदकले यस अदालतमा प्रतिवेदन व्यहोरा पुष्टी गर्दै वकपत्र गरी दिएकोले अन्य व्यक्तिले पिडितलाई खुकुरी प्रहार गरेको मिसिलबाट नदेखिएको अवस्थामा प्रतिवादीको मौकाको साविति लगायत अन्य उल्लेखित प्रमाणबाट पिडितलाई प्रतिवादीले नै खुकुरी प्रहार गरेको तथ्यलाई अव अन्यथा भन्नु पर्ने देखिएन ।

प्रतिवादी उपरको अभियोग दावीको ज्यान सम्वन्धी महलको १५ नं. मा ज्यान मार्ने उद्योग ठहर्न कर्ताको पिडित उपर ज्यान मार्ने मनसाय रहेको पुष्टि हुनु पर्ने सोही वमोजिमको तयारी र मर्ने सम्मको काम भै तेश्रो पक्षको उपस्थितीको कारण ज्यान भने मर्न नपाएको अवस्था पुष्टी हुनु पर्ने भन्ने कानुनी व्यवस्था देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले खुकुरी जस्तो जोखिमी हतियारले पिडितको शरिरको सव भन्दा महत्व पुर्ण एवं संवेदनसिल अंग टाउकोको पटाडी पटीबाट प्रहार गरेको तथ्यलाई घाँ केश फारामले पुष्टी गरेको छ । तत्काल घाईलेलाई अरुले अस्पताल लगी उपचार नगरेको भए मर्न सक्ने अवस्थाको रहेको भन्ने घाँ जाच गर्ने चिकित्सकको वकपत्रले पुष्टी गरेको छ । वारदातमा प्रगोग भएको हतियार, प्रहार गरेको स्थान समेतबाट घाईतेले तत्काल उपचार नपाएको भए मर्न सक्ने अवस्थालाई इन्कार गर्न नसकिने हुँदा यस स्थितिमा कर्ता को मनसाय, तयारी आदी ज्यान मार्ने उद्योगको आवश्यक तत्वहरु गौड मानिई कर्ताको कार्य भित्रनै उल्लेखित तत्वहरु सन्निहीत रहेको मानिने भै यस्तो अवस्थामा ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन्छ ।

तसर्थ माथि उल्लेख गरिएको आधार प्रमाणबाट प्रतिवादीले पिडितलाई ज्यान मार्ने उद्येश्यले नै पिडितको टाउको जस्तो संवेदनसिल अंगमा खुकुरी जस्तो धारीलो हतियारले प्रहार गरेको र पिडितले मौकामा यथोचित उपचार पाएको कारण बाच्न सफल भएको देखिएकोले प्रतिवादीको उपरोक्त कार्य अभियोग दावीको कसुर भएको पुष्टी भएकोले प्रतिवादी उपर सावालकको रुपमा वादीको अभियोग दावी भए पनि निजको जन्म मिति २०५९/५/१५ रहेको भन्ने प्रमाण समेतको आधारमा वारदात हुँदाका दिन मिति २०७३/८/१८ मा निज १६ वर्ष पुगी सकेको नदेखिएकोले निज समेतको हकमा नावालकको हैसियतले मुद्दा पुपर्क्ष भएको हुँदा सावालकलाई हुने ज्यान सम्वन्धी महलको १५ नं. बमोजिमको न्युनतम कैद ५ वर्ष को बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद हुने ठहर्छ ।

अव प्रतिवादीबाट लागेको कैद के कसरी असुल गर्ने हो भन्ने सम्बन्धमा हेर्दा निज यस अदालतको थुनछेक आदेश वमोजिम मुद्दा पुपर्क्ष निमित्त अभिभावकको जिम्मामा रहेको देखिएकोले

निजको अपरिपक्व उमेर भै निजलाई सुद्रिने मौका दिएमा वालमनोविज्ञानमा समेत कुनै असर नपर्ने, वालमनोविज्ञान वेत्ता एवं सामाजिक कार्यकर्ताको समेत सोही राय भएको तथा मिसिल संलग्न सामाजिक प्रतिवेदन समेतलाई मध्यनजर गर्दा निजको सर्वोत्तम हितलाई हेरी निजलाई लागेको कैद तत्काल सुधार गृहमा वसी भुक्तान गर्नु पर्ने अवस्थालाई तत्कालको लागी निलम्वन गर्नु बालन्यायले सार्थकता समेत पाउन सक्ने अवस्थालाई हृदयङ्गम गरी प्रस्तुत मुद्दामा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ५० नं. वमोजिम प्रतिवादीलाई लागेको सजाय हाल कार्यान्वयन नगरी स्थगित गरी दिएको छ। निज पहिले देखिनै संरक्षकको जिम्माको रहेकोले प्रत्येक ३-३ महिनाको निजको चालचलन वानी व्यहोराको प्रतिवेदन यस अदालतमा पेश गर्नु भनी निजको संरक्षकलाई कागज गराई प्रतिवादीलाई संरक्षकको जिम्मामा छाडी दिने ठहर्छ। वाल मनोविज्ञानवेत्ता एवं सामाजिक कार्यकर्ता समेतलाई निजको चालचलन वानी व्यहोराको वारेमा पटक पटक अनुगमन गरी प्रतिवेदन समेत पेश गर्नु भनी निर्देशन गरी दिएको छ। अरु कुरा तपसिल वमोजिम गर्ने गरी मुलुकी ऐन अ.वं.१८६ नं. वमोजिम यो फैसला गरी दिएको छ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए वमोजिम निज प्रतिवादीलाई वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद हुने भएकोमा प्रतिवादीवाट उक्त लागेको कैद के कसरी असुल गर्ने हो भन्ने सम्वन्धमा हेर्दा निज यस अदालतको थुनछेक आदेश वमोजिम अभिभावकको जिम्मामा रहेको देखिएकोले निजलाई सुद्रिने मौका दिएमा वाल मनोविज्ञानमा समेत कुनै असर नपर्ने, वाल मनोविज्ञानवेत्ता एवं सामाजिक कार्यकर्ताको समेत सोही राय भएको तथा मिसिल संलग्न सामाजिक प्रतिवेदन समेतलाई मध्यनजर गर्दा निजको सर्वोत्तम हितलाई हेरी निजलाई लागेको कैद तत्काल सुधार गृहमा वसी भुक्तान गर्नु पर्ने अवस्थालाई तत्कालको लागी निलम्वन गर्नु वालन्यायले सार्थकता समेत पाउन सक्ने अवस्थालाई हृदयङ्गम गरी वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ५० नं. वमोजिम हाल सजाय कार्यान्वयन नगरी स्थिगित हुने गरी निज पहिले देखिनै संरक्षकको जिम्माको रहेकोले पत्येक ३-३ महिनाको निजको चालचलन वानी व्यहोराको प्रतिवेदन यस अदालतमा पेश गर्नु भनी निजको संरक्षकलाई कागज गराई प्रतिवादीलाई संरक्षकको जिम्मा छाडी दिने ठहरी फैसला भएको र निज संरक्षक प्रतिवादी मध्येका जनसेवा क१ को आमा भएकोले निजको चाल चलन वानी व्यहोराको बारेमा ३-३ महिनामा प्रतिवेदन दिन यस अदालतमा उपस्थित भई प्रतिवेदन दिने छु भनी कागज गराई मिसिल सामेल राख्नु.............१

जिल्ला सरकारी वकील कार्यालय, काठकाडौलाई प्रस्तुत फैसलामा चित्त नबुझे श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्याद सहित फैसलाको प्रतिलिपी साथै फैसलाको जानकारी पठाई दिनु..........................................................२

प्रतिवादी जनसेवा क२ ले सफाई पाउने ठहरेकाले निजका हकमा केही गरी रहनु परेन................३

सरोकारवाला व्यक्तिले मिसिल सम्लग्न कागज प्रमाणको नक्कल लिन आए नियमानुसार नक्कल दिनु..........................................................................................४

प्रस्तुत मुद्दाको लगत कट्टा गरी, फैसला अपलोड गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु...................................................................................५

माननीय न्यायाधीश ज्यू ले वोलिटिपाए वमोजिम
कम्प्यूटर टाइप गर्नेः- मनमोहन थापा ।
मुद्दा फाँट -१
पाना ११ को फैसला

................
न्यायाधीश

ईति सम्वत् २०७४ साल असार ३० गते रोज ६ शुभम्.......................................।

**अछाम जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद शर्मा उपाध्याय पंज्ञानी**

**फैसला**

**सम्वत २०७३ सालको स.फौ.दा.नं. ०७३–CR–००१२/८६–०७३–०००३९**

**मुद्दा– जबरजस्ती करणी**

**निर्णय नं.– ०१**

**वादीको नाम, थर, वतन**

जिल्ला ६९ बस्ने परिवर्तित नाम ख को जाहेरीले वादी नेपाल सरकार.............१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला ६९ बस्ने परिवर्तित नाम च को छोरा बर्ष १४ को परिवर्तित नाम ङ.............१

**वादीका साक्षी**

जाहेरवाला नाम परिवर्तित ख..............१

पीडित परिवर्तित नाम क..................१

परिवर्तित नाम ग........................१

परिवर्तित नाम घ........................१

लाल बहादुर भण्डारी.....................१

अनिल कुमार विष्ट......................१

हर्क बहादुर खड्का.......................१

**प्रतिबादीका साक्षी**

यशोदा टेलर................................१

दुर्गा भण्डारी...............................१

नेत्र बहादुर मोक्तान..........................१

पुजा मोक्तान................................१

जेनिका बोहरा...............................१

मेनिका बोहरा...............................१

बासु लामा..................................१

कान्छा तामाङ्ग...............................१

चन्द्र भण्डारी...............................१

कमला कुमारी वि.क.........................१

**अदालतबाट बुझेको**

**वादीका साक्षी**

जाहेरवाला नाम परिवर्तित ख..............१
डा. शरद चन्द्र बराल......................१
पीडित परिवर्तित नाम क..................१
परिवर्तित नाम ग.........................१
परिवर्तित नाम घ.........................१
लाल बहादुर भण्डारी ....................१
अनिल कुमार विष्ट.......................१
हर्क बहादुर खड्का.......................१

**प्रतिबादीका साक्षी**

यसोदा टेलर................................१
बासु लामा.................................१
दुर्गा भण्डारी...............................१
नेत्र बहादुर मोक्तान.........................१
चन्द्र भण्डारी...............................१

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (१) तथा मुलुकी ऐन, अदालती वन्दोवस्तको महलको २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तरगत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तत्थ्य र विवरण यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादी परिवर्तित नाम ङ ले मिति २०७३/०८/०४ को राति पीडित परिवर्तित नाम क र परिवर्तित नाम ग लाई घरमा टि.भि. हेर्न जाउँ भनी जवरजस्ती आफ्नो घरमा लगी आफ्नै घरमा सुताई अं. १२.०० बजेको समयमा पीडितले लगाएको कट्टु खोली आफ्नो लिङ्ग पीडितको योनीमा बल पूर्वक घुसाई जवरजस्ती करणी गरी सकेपछि पीडितले कराउ'दा परिवर्तित नाम ग ले थाहा पाएको र निज प्रतिवादीको आमाले समेत थाहा पाएपछि तिमिहरुले यो घटना वारे कसैलाई भन्यो भन्ने तिमीहरुलाई मारि दिन्छु। तिमीहरुलाई अहिले बाहिर पठाई दिन्छु। तिम्रा बुवा आमालाई जेल पठाई दिन्छु भनेकोले मेरो छोराछोरीले डर त्रासले कोही कसैसंग नभनेको र मेरो छोरी स्कूल नजाने, खाना पनि नखाने भएपछि मैले मेरो छोरीलाई कर गरी खाना खुवाउन लाग्दा निज पीडित क ले रुदै मेरो पिसाव गर्ने ठाँउमा निज प्रतिवादी ङ ले आफ्नो पिसाव गर्नेले जवरजस्ती घुसाएको हो भनेकी हुँदा यसरी मेरो नाबालिका छोरीलाई जवरजस्ती करणी गर्ने निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी उचित क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

२. जिल्ला अछाम मंगलसेन नगरपालिका वडा नं. ५ स्थित पुर्वमा विकास मासु पसल, पश्चिममा मेडिकल, उत्तरमा करेसा बारी, दक्षिणमा अछाम बहुमुखी क्याम्पस तर्फ जाने सडक यती चार किल्ला भित्र परिवर्तित नाम च को २ तल्ले जस्ता पाताले बनेको होटेलको माथिल्लो तल्लाको दक्षिण तर्फ मोहडा भएको ढोकाबाट भित्र गई हेर्दा सो कोठाको पछाडी पट्टी अर्को सुत्ने कोठा रहेको, जुन ठाउँमा प्रतिवादी परिवर्तित नाम ङ ले पीडित परिवर्तित नाम क लाई जवरजस्ती करणी गरेको भनिएको कोठामा हेर्दा सो कोठाको भुईमा ओछ्यान लगाएको, एउटा काठको खटिया मात्र रहेको भन्ने व्यहोराको घटना स्थल मुचुल्का ।

३. मिति २०७३/०८/०४ गतेको साँझ हामी दादा र म दुवै जना आफ्नो कोठामा सुति रहेका अवस्थामा प्रतिवादी परिवर्तित नाम ङ ले ढोका ढक ढक गर्दा मेरो दादाले को हो भन्दा म परिवर्तित नाम 'ङ' हुँ, ढोका खोल, मेरो घरमा टि.भि हेर्न जाउँ भन्दा मेरो दादाले हामी सुति सकेका छौ भन्दा भुतको सिरियल आएको छ, जिद्दी गरी जाउँ भने पछि हामी प्रतिवादीको घरमा गएका हौं । हामी सबै संगै बसी सिरियल हेरेको र अन्दाजी ११.०० बजे तिर हामीलाई घर पुर्‍याई देउ भन्दा राती नजाउ, यतै सुत भने पछि निज प्रतिवादीको कोठामा भुईमा लगाएको ओछ्यानमा सुतेको अवस्थामा निज प्रतिवादीले मेरो दादालाई अर्को पट्टी सराई मलाई आफु पट्टी लगी मेरो घाँटी मुख च्यापी मैले लगाएको कट्टु खोली म माथी चढी मेरो योनीमा आफ्नो उत्तेजित लिङ्ग घुसाई मलाई जवरजस्ती करणी गरेको र मैले कराउँदा मेरो दादा र निज प्रतिवादीको आमाले समेत थाहा पाएको, निज प्रतिवादीको आमाले नरोउ । यो कुरा कसै संग नभन्नु । भन्यो भने तिमीलाई मारी दिन्छु । तिमीहरुलाई अहिले बाहिर पठाई दिन्छु । तिम्रो बुवा आमालाई प्रहरीले लान्छ भनेकीले डरले कोही कसै संग नभनेको साथै निज प्रतिवादीले मलाई जवरजस्ती करणी गर्दा मैले लगाएको कट्टु समेत च्यातिएको हो भन्ने व्यहोराको पीडित परिवर्तित नाम क को कागज ।

४. मिति २०७३/०८/०४ गते साँझ मेरी आमा काम विशेषले जिल्ला अस्पताल जानु भएको अवस्थामा प्रतिवादी ङ हाम्रो पसलको ढोकामा आई ढकढक गर्दा मैले को हो भन्दा निज प्रतिवादीले म ङ हो ढोका खोल मेरो घरमा टि.भि हेरौला जाउँ भन्दा मैले हामी सुति सकेका छौ भनेको र निजले जिद्दी गरी भुतको सिरियल आएको छ जाउँ भनेपछि म र मेरो बहिनी निजको घर पसलमा गएका हौं । निज संग हामीहरुले रातीको अन्दाजी ११.०० बजे सम्म सिरियल हेरी निज ङ लाई हामीलाई हाम्रो घरमा पुर्‍याई देउ भन्दा राती नजाउ । यतै सुत भने पछि निजको पछाडी पट्टीको कोठामा भुईमा लगाएको ओछ्यानमा सुतेकोमा राती

अकस्मात मेरो बहिनी कराए पछि के भयो भनी हेर्दा निज प्रतिवादीले बहिनीलाई जवरजस्ती करणी गरेको थाहा पाएको हुँ । सोही समयमा निज प्रतिवादीको आमा आएर उल्टै नरोउ । यो कुरा कसै संग नभन्नु । भन्यो भने तिमीहरुलाई अहिले नै बाहिर पठाई दिन्छु । तिम्रो बुवा आमालाई प्रहरीले लान्छ भनेकीले मैले डरले अहिले सम्म यो कुरा कसै संग नभनेको हुँ भन्ने व्यहोराको परिवर्तित नाम "ग" को कागज ।

५. मेरो छोरी परिवर्तित नाम "क" स्कूल नजाने र खाना पनि मन लगाएर नखाने गरेको ले मैले छोरी तिमीलाई के भो भन्दा नबोली टोलाई रहेने गरेकोले मैले कर गरी खाना खाउ नत्र भने तिमीलाई के भएको छ भन्दा निजले डराई डराई मेरो पिसाव गर्ने ठाउँमा दुखी रहेको पोलि राखेको छ भने पछि मैले निज छोरीको योनीमा हेर्दा सुन्निएको देखिएकोले के भयो भन भन्दा निज छोरीले मलाई प्रतिवादी परिवर्तित नाम ङ ले मिति २०७३/०८/०४ गते राती अन्दाजी १२.०० बजेको समयमा मेरो लगाएको कट्टु च्याती मलाई जवरजस्ती करणी गरेको हो भन्दा तिमीले अहिले सम्म किन नभनेको निजलाई भन्दा प्रतिवादीको आमाले यो कुरा कसै संग नभन्नु , भन्यो भने तिमीलाई मारिदिन्छु । तिम्रो बुवा आमालाई प्रहरीले लान्छ भनेकीले डरले नभनेकी हुँ भनी मिति २०७३/८/१७ निज छोरीले भने पछि सो घटना बारे प्रहरीमा जाहेरी गरेकी हुँ भन्ने समेत व्यहोराको करिव एकै मिलानको परिवर्तित नाम "ख" ले गरेको कागज ।

६. म काम विशेषले कैलाली जिल्ला गएकोमा मिति ०७३/८/१५ गते बेलुकी मात्र घर पुगेको थिएँ । त्यसपछि मेरो छोरी परिवर्तित नाम "क" ले खाना पनि नखाएको र स्कूल पनि नजाने गरेकोले के भयो भनी उसको ममीले र मैले सोध्दा निज छोरीले २०७३/०८/०४ गतेको राती परिवर्तित नाम ङ ले मलाई जवरजस्ती करणी गरेको हो भनेपछि मैले अहिलेसम्म किन नभनेको भन्दा निज पीडकको ममीले यो कुरा कसै संग नभन्नु, भनिस भने तिमीलाई मारि दिन्छु र प्रहरीले तिम्रो आम बुवालाई लगेर जान्छ भनेकाले डरले नभनेको हुँ भनेर ऐ १७ गते दिउँसो तिर भनेकी थिइन । त्यसपछि मैले प्रहरीलाई खबर गरेको हुँ भन्ने समेत व्यहोराको करिव एकै मिलानको परिवर्तित नाम "घ" ले गरेको वयान ।

७. प्रतिवादी परिवर्तित नाम "ङ" लाई जिल्ला स्वास्थ्य कार्यालय अछाममा स्वास्थ्य परिक्षण गराउदा निजको लिङ्ग Prepucal skin easily retractable, vitilgo present over the prepucal skin and penis appears slightly enlarged भन्ने समेत व्यहोराको स्वास्थ्य परिक्षण प्रतिवेदन ।

८. पीडित परिवर्तित नाम "क" लाई जिल्ला स्वास्थ्य कार्यालय अछाममा स्वास्थ्य परिक्षण गराउदा The wound present on the mucosal aspect of the lower lip correlates with the history, The apperence of the genital organs especially the extroitus and the hymenal opening is consistent with the alleged history भन्ने समेत व्यहोराको स्वास्थ्य परिक्षण प्रतिवेदन ।

९. मिति २०७३/०८/०४ गते राती परिवर्तित नाम "क" र ग लाई मैले निजको घरबाट बोलाएको नभई टि.भि. हेर्न भनी आफै आएका हुन । हामी सवै जना बसी राती अ. ११.०० बजेसम्म टी. भी. हेरी सकेपछि सो राती हामी कोठाको भुइमा ओछ्यान लगाएर संगै सुतेका हौ । पछि राती निज क आफै म भएपट्टी आई मेरो शरीरमा खुट्टा फाल्ने र मसंग चल्ने गदै थिइन । मैले त्यसो नगर भन्दा झन बढी बढी चल्ने गर्दै थिइन र पछि निज परिवर्तित नाम "क" राती अचानक दाई दाई भनेर कराएको सुनेको हुँ । मैले तिम्रो दाई उतापट्टी छ भनेर भनेको हुँ र पछि राती निज पीडित उसको दाईको उता पट्टी गएर सुतेकी हो । राती मेरो आमा बुवा कोही पनि बोलेको थिएन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ङ को वयान ।

१०. मिति २०७३/०८/०४ को राती परिवर्तित नाम "क" लाई परिवर्तित नाम "ङ" ले जवर जस्ती करणी गरेको हो भन्ने कुरा मिति २०७३/८/१८ गते तिर सुनी थाहा पाएको हो भन्ने व्यहोराको हर्क बहादुर खड्का समेत जना ३ हर्क बहादुर खड्का, अनिल कुमार विष्ट, लाल बहादुर भण्डारीले एकै मिलान हुने गरी खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

११. यसमा मिसिल संलग्न कागज प्रमाणका आधारबाट मिति २०७३/०८/०४ को राती अं. १२.०० बजेको समयमा वारदात स्थल जिल्ला अछाम मंगलसेन नगरपालिका वडा नं. ५ स्थित कोठामा प्रतिवादी ङ (नाम परिवर्तित) ले परिवर्तित नाम "क" लाई जवरजस्ती करणी गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर अपराध भएकोले निज प्रतिवादी ङ लाई ऐ ऐ को ३(१) नं. बमोजिम पीडितलाइ प्रतिवादीबाट मनासिव माफिकको क्षतिपुर्ति दिलाई भराई पाउँन समेतको मागदावी रहेको र प्रतिवादीको उमेर १४ बर्ष भन्दा माथी १६ बर्ष भन्दा मुनी भएको निजको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन समेतको मागदावी रहको अभियोग पत्र देखिन्छ ।

१२. मिति २०७३/०८/०४ को राति परिवर्तित नाम क र ग लाई मैले निजको घरबाट बोलाएको नभई टि.भि. हेर्न भनी आफै आएका हुन । हामी सवै जना बसी राति ११.०० बजेसम्म टी. भी. हेरी सकेपछि सो राती हामी कोठाको भुइमा ओछ्यान लगाएर संगै सुतेका हौ । मैले परिवर्तित नाम क लाई जवरजस्ती करणी गरेको होइन । निजको कट्टु खोली पीडितको योनीमा आफ्नो लिङ्ग घुसाएको होइन । पीडितले लेखाएको कुरा झुट्टा हो । पीडितको आमाको र मेरो आमाबुवा बीच कहिले काँही झगडा हुने गर्नाले र हामी बाहिरी जिल्लाको मान्छे भएर होला फसाउने उद्देश्यले झुट्टा जाहेरी दिएको हुनु पर्छ भन्ने व्यहोराको यस अदालतमा गरेको बयान ।

**यस अदालतको आदेश**

१३. नियम बमोजिम आजको पुरक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा आजै वादी नेपाल सरकारले अभियोग पत्र साथ उपस्थित गराईएका परिवर्तित नाम “ङ” ले गर्नु भएको बयान समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागजहरु अध्ययन गरियो । वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका जिल्ला सरकारी वकील कार्यालय, अछामका सहायक जिल्ला न्यायाधिवक्ता विद्धान श्री ईश्वरदत्त जोशी र प्रतिवादी तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिबक्ता श्री गणेस प्रसाद ढुंगानाले गर्नु भएको बहस समेत सुनियो ।

यसमा मिसिल संलग्न कागज प्रमाण हेर्दा प्रतिवादी परिवर्तित नाम “ङ” उपर बादी नेपाल सरकारले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर अपराधमा ए. एने को ३(१) नं. बमोजिम सजाय गरी ऐ.ऐ. को १० र १० (ग) नं. बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिव माफिकको क्षतिपुर्ति दिलाई भराई पाउन र प्रतिवादीको उमेर १४ बर्ष भन्दा माथी ऐ १६ बर्ष भन्दा कम हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम हुन मागदावी लिएको देखिन्छ । थुनछेक आदेश तर्फ विचार गरी मिसिल हेर्दा आरोपित कसुर गरे उपर प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा उल्लेखित वारदात मिति २०७३/०८/०४ गते परिवर्तित नाम “क” र निजको दाजु TV सिरियल हेर्न मेरो घरमा आई राति ११.०० बजेसम्म निजहरु आफ्नो दिदीहरु समेत मेरो बुवाको होटलको सुत्ने कोठामा भुइमा ओछ्यान लगाई संगै सुतेको र पीडितले मेरो शरीरमा खुट्टा फाल्ने म संग चल्ने गरी यस्तो नगर भन्दा अझ बढी चल्ने गरेको र राती अचानक पीडित दाई दाई भनी कराएको दाई उता पट्टी छ । भनी आफुले भनेको र राती पीडित

उतापट्टी गएर उनको दाई पट्टी गई सुतेको तथा आफुले पीडितलाई करणी नगरेको भनी बयान गरेको देखियो । प्रतिवादी परिवर्तित नाम ङ ले पीडित परिवर्तित नाम क र परिवर्तित नाम ग लाई घरमा टी.भी हेर्न जाउँ भनी जवरजस्ती आफ्नो घरमा लगी आफ्नै घरमा सुताई अं. १२.०० बजेको समयमा पीडितले लगाएको कट्टु खोली आफ्नो लिङ्ग पीडितको योनीमा बल पुर्वक घुसाई जवरजस्ती करणी गर्दा पीडितले कराउँदा परिवर्तित नाम ग ले थाहा पाएको र निज प्रतिवादीको आमाले समेत थाहा पाएपछि तिमीहरुले यो घटना बारे कसैलाई भन्यो भने तिमीहरुलाई मारी दिन्छु । तिमीहरुलाई अहिले नै बाहिर पठाई दिन्छु । तिम्रा आमा बुवालाई जेल पठाई दिन्छु भनेकोले मेरो छोराछोरीले डर त्रासले कोही कसैसंग नभनेको र मेरो छोरी स्कूल नजाने खाना पनि नखाने भएपछि मैले मेरो छोरीलाई कर गरी खाना खुवाउन लाग्दा निज पीडित क ले रुदै मेरो पिसाव गर्ने ठाउँमा निज प्रतिवादी ङ ले आफ्नो पिसाव गर्नेले जवरजस्ती घुसाएको हो भनेकी हुँदा यसरी मेरो नावालिका छोरीलाई जवरजस्ती करणी गर्ने निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भनी मिति २०७३/०८/१८ मा किटानी जाहेरी देखियो । मिति २०७३/०८/१८ गते घटनास्थल मुचुल्काबाट उल्लेखित वारदात स्थलमा,."....... सुत्ने कोठामा एउटा भुईमा समेत सुत्ने गरी ओछ्यान लगाएको भन्ने देखिन्छ । प्रतिवादीले उल्लेखित स्थानमा मितिमा सुतेको अवस्था आफ्नो दादालाई उत्ता पट्टी सराई म भए निर आई घाँटी मुख, च्यापी मेरो कट्टु खोली म माथि चढी आफ्नो लिङ्ग मेरो योनीमा घुसाई जवरजस्ती करणी गरेको र निज प्रतिवादीको मम्मीले यो कुरा कसैलाई नभन्नु, भनिस भनो तिम्रो बुवा आमालाई प्रहरीले लान्छ । तिमीलाई मारी दिन्छु भनी भन्ने गर्थिन भनी लेखाई दिएकी र सोही व्यहोरा समर्थन गरी परिवर्तित नाम ग, परिवर्तित नाम छ ले लेखाई दिएको देखियो । उक्त घटना बारे बजारमा हल्लाखल्ला भई सुनी थाहा पाएको हो भनी बस्तुस्तिथि मुचुल्कामा कागज गर्ने हर्क बहादुर खड्का, लाल बहादुर भण्डारी र अनिल कुमार विष्टले लेखाई दिएको पाइयो । पीडित पविर्तित नाम क को स्वास्थ्य परिक्षण रिपोर्ट हेर्दा, Vagina extoitus appears erythermatous and congested, hymenal opening appers congested and in annular in shape, small wound present in the muscosal aspect of the lower lip on the right side. भन्ने लेखि आएको जिल्ला स्वास्थ्य कार्यालय, अछामको च.नं. ५०२ मिति २०७३/०८/२० को प्रतिवेदनबाट मिसिल संलग्न पीडितको स्वास्थ्य परिक्षण रिपोर्ट हेर्दा बर्ष ७ भन्ने जिल्ला स्वास्थ्य कार्यालयको परिक्षण रिपोर्टबाट देखिन्छ । भने

प्रतिवादीको मिसिल संलग्न जिल्ला मकवानपुर मनहरी गा.वि.स. को मिति २०७१/०७/१६ को जन्मदर्ताको प्रमाणपत्र हेर्दा निज प्रतिवादीको जन्म मिति २०५९/०३/१४ भई वारदात मितिमा निजको उमेर समेत हिसाव गर्दा १४ बर्ष ४ महिना २० दिन देखिन आयो। मिसिल संलग्न तत्काल प्राप्त प्रमाण हेर्दा आरोपित कसुर गरे उपर यि प्रतिवादी मुलुकी ऐन, अ.व. ११८, १, २ बमोजिम कसुरदार देखिने र त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गने मानसिव आधार देखिदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेमा निज प्रतिवादीलाई वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम हुन सक्ने निज प्रतिवादीको उमेर ५ बर्ष देखि साढे सात बर्षसम्म कैद सजाय हुन सक्ने अवस्था समेतलाई दृष्टिगोचर गरी अभियोग मागदावी बमोजिम बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उल्लेखित सजाय हुन सक्ने अवस्था देखिदा प्रमाण बुझ्दै जाँदा पछि ठहरे बमोजिम हुने नै हुँदा प्रतिवादीको वारदात मितिमा भएको उमेर समेतलाई दृष्टिगोचर गरी मुलुकी ऐन, अ.वं. ११८ को देहाय १, २, १, १ नं. बमोजिम निज प्रतिवादीको वारदात मितिमा उल्लेखित उमेरलाई दृष्टिगत गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम यस जिल्लामा बालबालिकाको कल्याण गर्ने संस्था वा सुधार गृह समेत नभएको उल्लखित ऐनको व्यवस्थालाई हेरी यि प्रतिवादीलाई चाहिएको वखत यस अदालतमा उपस्थित गराउने सर्तमा निज प्रतिवादी बालकको आमाबुवा वा संरक्षकको जिम्मेवारी लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा नजिकको बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको पुर्पक्ष र तहकिकात गर्ने गरी मुलुकी ऐन, अ.वं. १२४ ग बमोजिम यो थुनछेक आदेश जारी गरी दिएको छ।

प्रस्तुत मुद्दामा जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ ग (क) को ऐ. को अनुसूची ४ ख (५) बमोजिम लगातार कारवाही र सुनुवाई गरिने मुद्दा भई ऐ. नियमावलिको नियम ४६ ख (१) अन्तरगत बन्द इजलासबाट सुनुवाई हुने र विशेष प्रकृतिका मुद्दाहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४, को निर्देशन २ (क) (१) अन्तरगत ऐ. निर्देश ३ बमोजिम गोप्य राख्नु पर्ने हुँदा सोही बमोजिम गर्नु गराउनु।

प्रस्तुत मुद्दा बाल न्याय कार्यविधि नियमावली २०६३ को उप नियम ६ बमोजिम बाल इजलाश गठन भई सकेको हुँदा ऐ. नियमावली २०६३ को नियम ७ बमोजिम अभियोग र तत्सम्बन्धी लिखत निज प्रतिवादीका बावु आमा वा संरक्षकलाई ऐ. नियमावली अनुसार

दिनु । ऐ. नियमावलीको नियम ९ बमोजिम समाज सेवी वा बाल विशेषज्ञ वा बाल मनोबैज्ञानिकको छनौट गरी ऐ. नियमावलीको नियम १३ र १४ बमोजिम गर्ने व्यवस्था गर्नु । आज भएको वयानमा प्रतिवादीले साक्षी समेत राखेको देखिंदा नियमानुसर प्रतिवादीले साक्षी उपस्थित गराएमा सोही दिन पर्ने गरी अभियोग पत्रको सवुद प्रमाण खण्डमा उल्लखित जाहेरवाला, घटना विवरणमा कागज गर्ने, वस्तुस्थिति मुचुल्काका मानिसहरुलाई जिल्ला सरकारी वकील कार्यालय अछाम मार्फत बकपत्रार्थ उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय अछामलाई लेखि नियमानुसार उपस्थित भए मुलुकी ऐन, १४४ नं. समेतको आधारमा प्रमाण ऐन, २०३१ को प्रयोजनार्थ साक्षी परिक्षण गरी सोही दिन प्रतिवादी र पीडितको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्यकर्मीको वकपत्र समेत गर्नु गराउनु । र जिल्ला मकवानपुर, मनहरी गा.वि.स.बाट उल्लेखित प्रतिवादीको जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र भरेको जन्मदर्ता अनुसूची फाराम मगाई पेश गर्नु साथै मंगलसेन न.पा.बाट जारी भएको दर्ता नं. ४१ मिति २०७१/०३/०९ को पीडितको जन्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा सो को अनुसूची फाराम समेत झिकाई जिल्ला प्रहरी कार्यालय, अछामको च.नं. ८७७ मिति २०७३/०८/२५ बाट परिक्षणार्थ पठाईएको Vaginal swab / Penile swab केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी काठमाण्डौबाट यथासक्य छिटो परिक्षण रिपोर्ट जिल्ला सरकारी वकील कार्यालय, अछाम मार्फत पठाई दिनु भनी पत्राचार गरी आएपछि कानून बमोजिम पेश गर्नु ।

ऐ. नियमावलीको नियम १३ बमोजिम अभियोग पत्रसाथ प्रतिवादीको सामाजिक अध्ययन पेश भएको नदेखिंदा ऐ. नियमावलीको नियम १३ बमोजिम प्रतिवादीको सामाजिक प्रतिवेदन सूचीकृत समाजसेवीबाट पेश गर्नु ।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले प्रतिवादीबाट पीडितलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ऐ. १० र १० (गं) बमोजिम उचित क्षतिपुर्ति समेत भराई पाउन माग गरिएको देखिंदा सो को प्रयोजनको लागि उक्त ऐन को दफा १० र १० (ग) प्रयोजनार्थ जिल्ला अदालत नियमावली २०५२ को नियम ३१ (क) प्रयोजनको लागि जिल्ला सरकारी वकील कार्यालय, अछाम, पीडित र जाहेरवाला तथा आजै प्रतिवादी र निजका आमाबुवा वा संरक्षकबाट आजै मुलुकी ऐन, अ.वं. १३३ नं. बमोजिम अंश विवरण पेश गर्न लगाई भए नगदको हकमा सम्वन्धित वित्तिय संस्था र अचल सम्पत्तीका हकमा सम्बन्धित मालपोत कार्यालयबाट प्रतिवादीको चल वा अचल उल्लेख भएका दुवै सम्पत्ति आधा अंश रोक्का

राख्नु, राख्न लगाउनु ।

अभियोग साथ पेश हुन आएको कट्ठु थान-१ यस अदालतको तहसील जिन्सीमा आम्दानी बाँधी नियमानुसार गर्नु भन्ने व्यहोराको मिति २०७३/०८/२९/४ मा यस अदालतबाट भएको आदेश ।

यसमा अदालतको पूर्व आदेशानुसार प्रतिवादी परिवर्तित नाम ङ को अभिभावक नेत्र बहादुर मोक्तानले मिति २०७३/०८/२९/४ मा मुलुकी ऐन, अ.वं. १३३ नं. अनुसार कागज गर्दा निजको बुवाको नाम धन बहादुर मोक्तान, आमाको नाम जसमाया मोक्तान, बाजेको नाम आइते सिंह मोक्तान भएको व्यहोरा उल्लेख गरी कागज गरेका र कागज गर्दा आफ्ना दाजु भाईमा जेठा सूर्य बहादुर मोक्तान, ठाकुर मोक्तान र प्रताप मोक्तान लगायत आफुहरु ६ भाईहरु रहेको कुरा उल्लेख गरी मिति २०७३/१२/०९ मा कागज गरेको र मालपोत कार्यालय, मकवानपुरको मिति २०७३/११/२२ को च.नं. ८७१२ को पत्रबाट तीन पुस्ते र विवरण खोली आएको बखत उक्त कार्य गर्न सकिने व्यहोरा उल्लेख गरी आएको हुँदा प्रतिवादीका बुवा नेत्रबहादुर मोक्तान, निजका बावु धन बहादुर मोक्तान, आमा जसमाय मोक्तान, र बाजे आईते सिंह मोक्तान समेत का अन्य अंशियारहरुका नाममा जिल्ला मकवानपुर भित्र निजहरुको नाउको हकभोग दर्ताको कुनै जग्गा जमिन छ छैन ? भए हेरी बुझी मुलुकी ऐन, जवरजस्ती करणीको महलको ऐ. १० र १० (ग) बमोजिम तथा जिल्ला अदालत नियमावली २०५२ को नियम ३१ क बमोजिम सो कार्यको प्रयोजनका लागि अचलका हकमा प्रतिवादीको आधा अंश रोक्का राखी र नभए सोही व्यहोरा उल्लेख गरी जवाफ पठाई दिनु भनी मालपोत कार्यालय, मकवानपुरलाई लेखी यस अदालतको पुर्व आदेशानुसार प्रतिवादीको आधा अंश रोक्का भै आए वा अवधी नाघे पछि नियमानुसार गरी पेश गर्नु भन्ने व्यहोराको मिति २०७३/१२/२१/२ मा यस अदालतबाट भएको आदेश ।

**<u>स्रेस्तेदार अछाम जिल्ला अदालत केः–</u>**

यसमा प्रतिवादीका बुवा नेत्र बहादुर मोक्तानको तीन पुस्ते नामावली र निजको दाजुभाई के कति छन् र निजका नाउँमा सम्पत्ति के कति छ ? खुलाई पाउँ भनी जाहेरवाला परिवर्तित नाम ख को कागज गरेको देखिदा प्रतिवादी नेत्र बहादुर मोक्तानलाई उक्त तीन पुस्ते खुलाई खुल्न अएको सम्पत्ति रोक्का राख्न सम्बन्धीत मालपोतमा लेखी रोक्का राखी कानून बमोजिम गर्नु भन्ने व्यहोराको मिति २०७३/११/२३/२ को यस अदालतबाट भएको आदेश ।

यसमा प्रस्तुत मुद्दाको पेशी काज तोकीएको भनी प्रस्तुत मुद्धा बालबालिका सम्बन्धी

ऐन, २०४८ अन्तरगतको भै बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम ६३ बमोजिम बाल इजलासबाट सुनुवाई हुने मुना भएको देखिन्छ । आजको प्रस्तुत मुद्दा पेशीमा चढेता पनि बाल इजलाशबाट सुनुवाई हुने प्रस्तुत मुद्दामा तोकीएको समाजसेवी र बाल मनोवैज्ञानिकलाई यस पुर्व मिति २०७४/०२/८ मा पेशीको जनाउ दिएको देखिएको र यस पटक पेशीको जानकारी दिएको देखिएन । बाल न्याय कार्यविधि नियमावली, २०६३ को दफा १७ बमोजिम यस्ता मुद्दा दायर भएका १२० दिन भित्र फैसला गरी सक्नु पर्ने बाध्यात्मक परिस्थिति भएपनि कर्मचारीको तत् दिशामा ध्यान नपुग्दा को कस्को, के कारणबाट उल्लेखित बाल इजलासमा व्यक्तिहरुलाई पेशीको जानकारी नदिएको हो ? सम्बन्धित कर्मचारीहरुबाट स्पष्टिकरण लिई यथासक्य छिटो उल्लेखित बालमनोवैज्ञानिक र समाजसेवीलाई समेत पेशीको जानकारी दिई दिन लगाई नियमानुसार गर्नु ।

नेपाल बार यसोशियसन, अछाम के इकाई मार्फत विद्धान अधिवक्ता श्री कृष्ण प्रसाद ढुंगानालाई प्रस्तुत मुद्दाका पक्ष विपक्ष दुबै बालबालिका भएको र बाल न्याय कार्यविधि नियम बमोजिम मुद्दा दर्ता भएको मितिले १२० दिन भित्र पछ्र्यौट गरी सक्ने व्यवस्था भएको, यस पुर्व पनि प्रतिवादीका कानून व्यवसायी अधिवक्ता विद्धान श्री कृष्ण प्रसाद ढुंगानाले मिति २०७४/०२/०१ गते प्रथम पटक पेशीबाट हटाएको र आज पनि निज विद्धान अधिवक्ताको नाम लेखाई आजको मिति उल्लेख गरी विपक्षी प्रतिवादीका कानून व्यवसायी समेत रहेका विद्धान अधिवक्ता श्री गणेश प्रसाद ढुंगाना समेत काम विशेषले जिल्ला बाहिर रहेको स.फौ. नं. ०७३–CR–००२०/८६–०७३–०००८४ मा कानून व्यवसायीको नेपाल सरकार प्रतिवादी गणेश थापा भएको कर्तव्य ज्यान यस अदालतमा चलेको मुद्दामा पैरवीमा उपस्थित भएको देखिंदा समेतका कारणबाट पक्ष/विपक्ष बालबालिका भएको जवरजस्ती करणी जस्तो गम्भिर फौजादारी सरकारवादी मुद्दामा अदालतलाई सहयोग गर्नु पर्नेमा विद्धान अधिबक्ताबाट अदालतले मुद्दा फछ्र्यौट गर्ने कार्यमा पर्याप्त सहयोग नपाई बिलम्वता भोग्नु पर्ने हुँदा आगामी दिनमा तत् सम्बन्धमा अदालतलाई सहयोग गरी मुद्दा फछ्र्यौट गर्ने कार्यमा सहयोग गरी दिन नेपाल वार एसोसियसन जिल्ला बार ईकाई मार्फत निज विद्धान अधिबक्ता श्री गणेश प्रसाद ढुंगानाको ध्यान आकर्षण जिल्ला अदालत नियमावली (संसोधन सहित) को २०५२ को नियम ९७ र १०७ (४) क बमोजिम ध्यानाकर्षण पत्र दिई सोको जानकारी प्रतिवादीका विद्धान अधिबक्ता श्री गणेश प्रसाद ढुंगाना समेतलाई दिई कानून बमोजिम जानकारी दिई नियमानुसार गर्नु भन्ने व्यहोराको मिति २०७४/०३/०६/३ मा यस अदालतबाट भएको आदेश ।

**बादी नेपाल सरकारका साक्षीहरुको वकपत्र**

१४. पीडितलाई जवरजस्ती करणी गर्दा नाम परिवर्तित ग ले देखेको थियो । अरुले देखेको थिएन । तत्काल निज प्रतिवादीकी आमाले थाहा पाएकी हुन् । निज प्रतिवादीकी आमाले तिमीले लगाएको कट्टु तिम्रो आमा बुवालाई नदेखाई कतै राखी दिनु भनेकीले मेरो नाबालक छोरीले घरमा ल्याएर मलाई नदेखाई केही नभनी राखेकी थिइन भन्ने व्यहोराको जाहेरवाली नाम परिवर्तित ख ले यस अदालतमा गरेको वकपत्र ।

१५. निज परिवर्तित नाम क को स्वास्थ्य परिक्षण गर्दा निज पीडितको शारीरिक अवस्था सामान्य रहेको थियो र निजको मुखको ओठको भित्रि भागमा सानो निको हुन लागेको अवस्थामा रहेको घाउ थियो । निज पीडितको यौनाङ्ग परिक्षण गर्दा बाहिरी यौनाङ्गको भाग बढी रातो रहेको र प्वाल सो उमेर भन्दा खुला पाएको थिएँ र यसका साथै निजको मानसिक अवस्था भने डराएको र झस्याङ्ग झस्याङ्ग रहेको अवस्थामा परिक्षणमा पाएको थिएँ । निज पीडितको सामान्य शारीरिक अवस्था परिक्षण गर्दा भनिएको उमेरसंग मिल्दो जुल्दो पाएको थिएँ भन्ने व्यहोराको पीडितको स्वास्थ्य परिक्षण गर्ने डा. शरद चन्द्र बरालले यस अदालतमा गरेको बकपत्र ।

१६. मिति २०७३/०८/०४ गते राती म मेरो दादा समेतलाई मम्मीले ओछ्यान लगाई सुताई आफु हस्पिटल जानु भयो । हामी भाई बहिनी सुतेका थियौ । राती प्रतिवादी हाम्रा घर नजिक आई ढोका ढकढक्याई मेरो कोठामा जाउँ भूतको फिल्म आएको छ, हेरौँ भन्दा म, मेरो दादा गयौँ । फिल्म हेरी सकेपछि हामी आफ्नो घर आउन लाग्दा प्रतिवादीले राती भै सक्यो, यतै सुत भन्दा मेरो दादा, मनिका, जानकी समेत लहरैसंग सुत्यौँ । राती प्रतिबादीले मेरो दादालाई उता फाली म भएको ठाउँमा आई सुत्यो र मेरो कट्टु खोली आफ्नो लिङ्ग मेरो योनी भित्र छिराउँदा । म रोएँ । रुँदा सुनेपछि निजकी आमा आई मलाई उल्टै रोइस भने पुलिसलाई डाक्नेछु भनी डराएको थिए । निज प्रतिवादीले मेरो मुख समेत च्यापेका हुन भन्ने व्यहोराको पीडित पविर्तित नाम क ले यस अदालतमा गरेका बकपत्र ।

१७. घटना भएको कुरा बजारमा सुनेको हुँ । पछि पीडितका घरमा गएर कुराकानी बुझ्दा जवरजस्ती करणी घटना भएको थाहा पाएको हुँ । मिति २०७३/०८/१८ गते बिहान ११ बजे पीडितको घरमा पुग्दा पीडित र पीडितका बुबाआमा घरमै हुनुहुन्थ्यो भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने लाल बहादुर भण्डारीले यस अदालतमा गरेको बकपत्र ।

१८. हल्ला खल्ला भएर म बजार गएको थिएँ । भिडभाडमा गएपछि यहाँ के भयो भनी बुझ्न खोज्दा जबरजस्ती करणी भयो भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको वस्तुस्थिति

मुचुल्कामा कागज गर्ने अनिल कुमार विष्टले यस अदालतमा गरेको बकपत्र ।

१९. मिति २०७३/०८/०४ गते राती पीडित सुतेका कोठामा पीडित नाम परिवर्तित क, ग, प्रतिवादी, नाम परिवर्तित ङ र मनिका, जेनिका, पूजा संगै एकै ओछ्यानमा सुतेको थिए । प्रतिवादी परिवर्तित नाम ङ का आमा बुवा माथिल्लो कोठामा सुतेका थिए । पीडित क रोई कराई गर्दा प्रतिवादीले मुख च्यापी करणी गर्दा रुन कराउन नदिएको, दादा भन्दा नाम पविर्तित ग ले थाहा पाएको सोही समयमा निजकी आमाले सोध्दा घटनाको विवरण छोरीले भन्दा निजका आमाले कसैलाई यो कुरा भनिस भने तँलाई मारी दिन्छौँ । अहिले नै बाहिर पठाई दिन्छौ । तिम्रो आमा बुवालाई यो कुरा भनिस भने प्रहरीले लैजान्छ भनेका हुन् भन्ने व्यहोराको घटना विवरणमा कागज गर्ने पविर्तित नाम घ ले यस अदालतमा गरेको बकपत्र ।

२०. म बजारमा गएको बेला करणी भएको हल्लाखल्ला सुनी भिडभाडमा के हो भयो भनी बुझ्न खोज्दा नाम परिवर्तित क, लाई करणी भयो भनी सोध्दा पीडित क को बुवा घ बाट मैले थाहा पाएको हुँ । सो घटना कहिले र कहाँ घट्यो भनी भन्दा करणी गर्ने व्यक्ति मिति २०७३/०८/०४ गते राती अं. १२.०० बजेको समयमा आफ्नो कोठामा जवरजस्ती करणी गरेको हो भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने हर्क बहादुर खड्काले यस अदालतमा गरेको बकपत्र।

२१. टिभीमा भूतको सिरियल हेरी सकेपछि हामी जान्छौ भन्दा प्रतिवादीले यही सुत भन्यो । त्यसका बावुआमाले पनि यही सुत भन्यो । त्यसपछि हामी त्यही सुत्यौ । हामी सवभन्दा तल्लो कोठामा सुत्यौ । मलाई यता सार्‍यो । अनि मैले के भयो भनेर आँखा खोले त्यसपछि बैनी पनि चिच्याई, त्यती वेला प्रतिवादी बहिनीको माथी चढेको थियो । प्रतिवादीले मलाई सधै कुट्थ्यो, त्यसैले केही बोलिन । हामीले ममी ड्याडीलाई पनि केही भनेका थिएनौ । किनकी त्यसकी आमाले धम्की दिएकी थिइन । तिम्रो बाबा ममीलाई पुलिसले लैजान्छ भनेर । पछि ड्याडी विरगञ्जबाट यहाँ आउनु भयो । मैले यसको वारेमा केही भनेको थिएन । त्यो कुरा बैनीले ड्याडीलाई भनिन भन्ने व्यहोराको परिवर्तित नाम ग ले यस अदालतमा गरेको बकपत्र ।

**प्रतिवादीका साक्षीहरुको बकपत्र**

२२. त्यो राती हामी सबै जना घरमा थियौ । पीडितको आमा त्यो राती घरमा थिइनन् । जवर जस्ती करणी गरेको होइन । प्रतिवादीका बुवाआमा पनि त्यही थिए । पीडितको दाजु पनि संगै भएको कारण जवरजस्ती करणी भएको होइन । जवरजस्ती करणी भएको भए पीडित

करााउनु पर्ने हो भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम ङ को साक्षी यशोदा टेलरले यस अदालतमा गरेको बकपत्र ।

२३. मिति २०७३/०८/०४ गते राती जाहेरवाला परिवर्तित नाम ख र म जिल्ला अस्पताल अछाममा थियौ । प्रतिवादी र पीडित दुबैजना प्रतिवादीको कोठामा मोवाइल चलाएर बसेका थिए । मेरो कोठाबाट घटना घटिएको ठाँउको दूरी २ मिटर जति टाढा होला । सो राती प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको होइन भन्ने व्यहोराको प्रतिवादीका साक्षी दुर्गा भण्डारीले यस अदालतमा गरेको बकपत्र ।

२४. प्रतिवादीले जवरजस्ती करणी गरेको होइन । मिति २०७३/०८/०४ मा घटना घटेको भए किन मुद्दा दर्ता गरेन । र पछि गएर मलाई तिम्रो छोराले मेरो छोरीलाई जवरजस्ती करणी गऱ्यो । हामी मुद्दा दायर गर्दैनौ । हामीलाई रु. ५,००,००० (पाँचलाख रुपैया) देउ भनेपछि मैले यो यस्तो कुरा हुन सक्दैन भनेपछि १, २ दिनपछि गएर ल त्यसो भए २,००,००००। (दुईलाख) देउ भनी भन्दा मैले म दिन सक्दैन र त्यसो हुन सक्दैन भन्दा मैले पैसा नदिएपछि मुद्दा दायर भएको हो । नाम परिवर्तित क को आमाले २०७३/०८/०५ गते तिम्रो छोराले मेरो छोरीलाई जवरजस्ती करणी गऱ्यो भनी भनेकी थिइन भन्ने व्यहोराको प्रतिवादीका साक्षी नेत्र बहादुर मोक्तानले यस अदालतमा गरेको बकपत्र ।

२५. घटना भएको भनिएको २ हप्तापछि जाहेरवालाले पैसाको मोल मोलाई नमिलेपछि जाहेरी दिएको हुनुपर्छ भन्ने कारण त केही थिएन । पीडितको आमाले हाम्रो सामुन्नेमा पहिले ५,००,०००/– प्रतिवादीका आमाबावुबाट मागेपछि सो पैसाको सम्वन्धमा कुरा मिलेन त्यसपछि रु २,००,००००। माग गरेपछि सो कुरा नमिले पछि प्रतिवादीलाई फसाउने हिसावले जाहेरवालीले जाहेरी दिएको हुँदा उक्त कुरा लेखाएकी हुँ भन्ने व्यहोराको प्रतिवादीका साक्षी चन्द्र भण्डारीले यस अदालतमा गरेको वयान ।

२६. मिति २०७३/०८/०५ गते ६ बजेको समयमा म उठी मासु पसलमा गएको समयमा पीडित केटी काफ्नो आँगनमा चुङ्गी, डोरी खेलीरहेकी मैले देखेको थिएँ । त्यस्तो बलात्कार भएको भए त्यसरी खेलिरहनु नपर्ने र पीडितकी आमाले तपाईको छोराले मेरी छोरीलाई जवरजस्ती करणी गऱ्यो । मलाई पैसा देउ भनी माग्न आइन के गर्ने भनी प्रतिवादीकी आमाले मसंग भनेकी हुँदा सो आधारबाट मैले जवरजस्ती करणी भएको होइन भनेकी हुँ भन्ने व्यहोराको

प्रतिवादीका साक्षी बासु लामाले यस अदालतमा गरेको वकपत्र ।

**ठहर खण्ड**

**अदालतको क्षेत्राधिकार**

२७. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन (संसोधन सहितको) ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको देखियो । जिल्ला अदालत नियमावली (संसोधन सहित) २०५२ को नियम २३ ग अन्तरगत अनुसूची ४ (५) अन्तर्गतको मुद्दामा लगातार कारवाही र सुनुवाई गरिने मुद्दा भै सोही व्यवस्था अनुरुप सुनुवाई गरियो । जिल्ला अदालत नियमावली (संसोधन सहित) २०५२ को नियम ४६ ख (१) अन्तरगतको मुद्दा भै ऐ. नियमावली अनुसार बन्द इजलासबाट सुनुवाई गरियो । विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका २०६४ को निर्देश नं. २ (क) (१) (२) अन्तरगतको मुद्दा ऐ. को निर्देशन नं. ३ बमोजिम सुनुवाई गरी बाल न्याय कार्यविधि नियमावली २०६३ को नियम ६ बमोजिम गठित बाल इजलासबाट ऐ नियम ११ को (२) को नियम ३ बमाजिम निर्णय गरियो ।

२८. वादी नेपाल सरकारका तर्फबाट जिल्ला सरकारी वकील कार्यालय, अछामका सहायक न्यायाधीवक्ता विद्धान श्री ईश्वरदत्त जोशी, जाहेरवालाको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री खडग बहादुर खड्काले गर्नु भएको बहस जीकिर समेत सुनियो । त्यस्तै प्रतिवादीबाट तर्फबाट उपस्थित विद्धान अधिवक्ता द्वय श्री गणेश प्रसाद ढुंगाना र कृष्ण प्रसाद ढुंगानाले गर्नु भएको बहस जीकिर समेत सुनियो।

**पक्ष/ विपक्षका कानून व्यवसायीहरुको बहस जीकिर**

**वादी नेपाल सरकारका तर्फका विद्धान सहायक जिल्ला न्यायाधिवक्ताको बहस जीकिर**

२९. प्रस्तुत मुद्धामा बहस गर्दै वादी नेपाल सरकारका तर्फबाट उपस्थित जिल्ला सरकारी वकील कार्यालय, अछामका विद्धान सहायक न्यायाधिवक्ताले पीडितको मौकामा स्वास्थ्य परिक्षण गर्दा जनेन्द्रीय परिक्षणमा, योनीको बाहिरी र मुखमा रातो भएको देखिएको छ । प्रतिवादीको स्वास्थ्य परिक्षण गर्दा लिङ्ग ठुलो भएको देखिएको छ । प्रतिवादी र पीडित आफ्नो घरमा राती ११.०० संगै भएको, राती पीडित र प्रतिवादी जिस्किएका तथा परिवर्तित नाम ग ले पीडित रोएको सुनेको देखिन्छ । अतः मिसिल संलग्न कागज प्रमाणका आधारबाट मिति

२०७३/०८/०४ को रातीको समयमा वारदात स्थल जिल्ला अछाम मंगलसेन नगरपालिका वडा नं. ५ स्थित कोठामा प्रतिवादी ङ (नाम पविर्तन) ले परिवर्तित नाम क लाई जवरजस्ती करणी गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन जवरजस्ती करणीको महलको १. नं. बमोजिमको कसुर अपराध भएकोले निज प्रतिवादीको ङ लाई ऐ. ऐ. को ३(१) नं. बमोजिम सजाय गरी ऐ. ऐ. को १० र १० (ग) न. बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिव माफिकको क्षतिपुर्ति दिलाई भराई न्याय पाउँ भन्ने व्यहोराको गर्नु भएको बहस समेत सुनियो।

३०. त्यस्तै जाहेरवाला तर्फबाट उपस्थित विद्धान अधिवक्ताले मिति २०७३/०८/०४ मा घटना भै मिति २०७३/०८/१८ मा जाहेरी परेको छ। वादी नेपाल सरकारले अभियोग मागदावी बमोजिम मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीले पीडितलाई अभियोग दावी बमोजिम जवरजस्ती करणी गरको पीडितले वारदात मिति र समय र स्थलमा आफ्ना बावुआमा, घरमा नभएको प्रतिवादीले भुत सिरियल हेर्न निजमा आफ्नो कोठामा पीडित समेतलाई बोलाई लगी संगै सुतालेकोसम्म स्विाकार गरेको अवस्था छ। पीडित परिवर्तित नाम ङ ले आफुलाई प्रतितवादीले जवरजस्ती करणी गरेको र उक्त घटना परिवर्तित नाम ग ले देखेको भनी मौकामा र अदालतमा बकपत्रलाई घटनामा कागज गर्ने र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरुले समेत समर्थन गरी बकपत्र गरेको अवस्था देखिँदा अभियोग दावी बमोजिम प्रतिवादीलाई सजाय होस भन्ने व्यहोराको बहस गर्नु भयो।

<u>प्रतिवादीका कानून व्यवसायीको बहस जीकिर</u>

३१. प्रस्तुत मुद्दामा प्रतिवादी तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता गणेश प्रसाद ढुंगानाले मेरो पक्ष नाबालक भएको मिति २०५९/०३/१४ मा जन्म मिति छ। केवल जाहेरवालीले घटनाको भोलिपल्ट रगताम्य र योनी सुन्निएका भएता पनि ऐ. १७ गते भनेको भनी कागजपत्र गरी दिएको र जाहेरवाली, ग, घ लाई बुझिएको अवस्था छ। रिपोर्टबाट पीडितको योनीमा रगत आएको देखिदैन। अदालत र अधिकार प्राप्त अधिकारी समक्ष कसुर गरेको मा ईन्कार रही प्रतिवादीले बयान गरेको अवस्था छ। सामाजिक अध्ययन प्रतिवेदनमा प्रतिवादी कम बोल्ने, घुलमिल नहुने र रिसालु स्वभावको एकोहोरो भएर बस्ने कसैसंग मिलनसार भएर बस्ने, डाक्टरले परिक्षण गर्दा शुरुमा गरको रिपोर्ट र अदालतमा गरिएको बकपत्र परस्पर बाझिएको छ। दसीको रुपमा कट्टु पेश गरिएको र कट्टु च्यातिएको भनिएको भएता पनि वादी नेपाल सरकारले दशीको रुमपा पेश गरेको कट्टु परिक्षण गरिएको

छैन । जाहेरवालीले बकपत्र गर्दा मिति २०७४/०८/०४ मा र मिति २०७४/०८/१८ मा घटना भएको र जाहेरी गरे पश्चात मात्र भएको बकपत्र गरेको पाइन्छ । Blackmailing गर्न र छिमेकी भएको नाताले प्रतिवादीलाई फसाई पैसा माग्ने तौरतरिकाले प्रस्तुत मुद्दा आएको देखिन्छ। त्यसैले झुट्टा अभियोग मागदावीबाट मेरो पक्षले सफाई पाउनु पर्छ भन्ने व्यहोराको गर्नु भएको बहस समेत सुनियो ।

३२. त्यस्तै प्रतिवादीका तर्फबाट विद्धान अधिवक्ता कृष्ण प्रसाद ढुंगानाले प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम अनुसन्धानमा अनुसन्धान अधिकारीले प्रमाणहरु नबुझेको देखिन्छ। ४-५ जना केटाकेटीहरु संगै सुतेको, छेउमा नै प्रतिवादीका बावुआमाहरु सुतेको अवस्था हुँदाहुदै पनि तत्सम्बन्धमा निजहरुलाई अनुसनधान अधिकारी उक्त जवरजस्ती करणी भएको थाहा पाएको भनी नबुझेको अवस्था छ । मेडिकल अधिकृतले बकपत्रको स.ज. १२ मा विरोधाभाष बकपत्र गरको अवस्था छ। प्रतिवादीहरुले पीडित संगसंगै अरु व्यक्तिहरु सुतेको स्वीकार गरेको अवस्था छ । प्रतिवादी उमेर निर्धारण गर्दा बाल न्याय कार्यविधि सम्बन्धी नियमावली २०६३ को दफा १५ ख मा लिइको अवस्था हुँदा मेरो पक्ष प्रतिवादीले अपराध गरेको भन्ने मिसिलबाट नदेखिदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिलाई पाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नुभयो ।

**अभियोग पत्रको संक्षिप्त व्यहोरा**

३३. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले प्रतिवादी उपर मुलुकी ऐन, जवरजस्ती करणीको १.नं. बमोजिम कसुर अपराधमा निज परिवर्तित नाम ङ लाई ऐ. ऐनको दफा ३(१) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १० र १०(ग) न. समेतको आधारमा पीडित लाई प्रतिवादीबाट मनासिव माफिकको क्षतिपुर्ति दिलाई भराई पाउन र प्रतिवादीको उमेर १४ वर्ष भन्दा माथी र १६ बर्ष भन्दा मुनीको नाबालक देखिन आएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुने समेतको मात्र दावी लिएको देखियो ।

**पेश भएको र बुझेको प्रमाणः**

३४. प्रस्तुत मुद्दा जिल्ला अदालत नियमावली २०५२ को नियम २३ ग (क) को ऐ. को अनुसूची ४(ख)(५) बमोजिम लगातार कारवाही र सुनुवाई गरिएको ।

३५. जिल्ला अदालत नियमावली २०५२ को नियम ४६ ख(१) अन्तरगत बन्द इजलासबाट सुनुवाई गरिएको।

३६. विशेष प्रकृतिका मुद्दाहरुमा पक्ष/विपक्षको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि

निर्देशिका २०६४ को निर्देशन २(क) (ख) अन्तरगत नि.नं. ३ बमोजिम विवरण गोप्य राखिएको ।

३७. बाल न्याय कार्यविधि नियमावली २०६३ को नियम ६ बमोजिम इजलाश गठन भएकोले प्रस्तुत मुद्दाको अभियोग र तत्सम्बन्धी लिखत निज प्रतिवादीका बावुअमालाई दिएको । ऐ. नियमावलीको नियम ९ बमोजिम समाजवसेवी वा बाल मनोबैज्ञानिकको छनौट गरी ऐ. नियम १३ र १४ बमोजिम गरियो ।

३८. यस अदालतको मिति २०७३/११/२३ गतेका आदेशानुसार म परिवर्तितका बुवा नेत्र बहादुर मुक्तानबाट मेरो तिन पुस्ते नामावली र मेरो दाजु भाई के कति छन् र जग्गा जमिन के कति छ र कसको नाममा दर्ता श्रेस्ता छ भनी कागज गराउनु भन्ने आदेश सुनिपाए । सोमा मेरो व्यहोरा यस प्रकार छ। मेरो बाजेको नामः आइते सीह मोक्तान हो । मेरो बावुको नाम धन बहादुर मोक्तान हो । मेरो आमाको नाम जसमाया मोक्तान हो । जग्गा जमिन के कति छ कसको नाउँमा छ ? मलाई थाहा भएन र मेरो पुर्ख्यौली जग्गा जमिन केही थिएन । म २०५८ साल देखि घरबाट बाहिर बसेको छुँ। जग्गा जमिन सम्बन्धी मलाई थाहा छैन । मेरो ६ वटा दाजुभाई छौं । जेठा दाजु सूर्य बहादुर मोक्तान, माइला बीर बहादुर मोक्तान, साइला गंग बहादुर मोक्तान, काइला ठाकुर मोक्तान, कान्छो प्रताप मोक्तान र म नेत्र बहादुर मोक्तान गरी जम्मा ६ जना भाई छौं भन्ने व्यहोराको प्रतिवादीका बुवा नेत्र बहादुर मोक्तानले यस अदालतमा चढाएको कागज ।

३९. प्रतिबादीका बुवा नेत्र बहादुर मोक्तान निजका बुवा धन बहादुर मोक्तान, आमा जसमाया मोक्तान र बाजे आइते मोक्तान समेतका अन्य अंशियारहरुका नाममा यस कार्यालयको श्रेस्ता र कम्प्युटरमा जग्गा इन्ट्री फेला नपरेको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ भन्ने व्यहोराको च.नं. ९६८१, मिति २०७३/१२/२५ गतेको मालपोत कार्यालय, मकवानपुर, हेटौडाको पत्र ।

यस अदालतको मिति २०७४ साल असार ६ गते भएको आदेशानुसार परिवर्तित नाम ख को जाहेरीले वादी नेपनल सरकार प्रतिवादी परिवर्तित नाम ङ भएको जवरजस्ती करणी मुद्दामा बाल इजलासका व्यक्तिहरुलाई पेशीको जानकारी नदिएको भन्ने सम्बन्धमा सम्बन्धित कर्मचारीहरुबाट स्पष्टिकरण लिई यथासक्य छिटो उल्लेखित बाल मनोविज्ञान र समाजसेवीलाई समेत पेशीको जानकारी गराउनु भन्ने आदेश भएकोले सो सम्बन्धमा मिति

२०७४/०२/०८ गते पेशीको बाल इजलासका व्यक्तिहरु समेतलाई जानकारी गराएको र निजहरु उक्त पेशीका दिन उपस्थित नभएका र मिति २०७४/०३/०६ गते को पेशीमा स्थानीय तह निर्वाचन २०७४ असार १४ गते हुने निर्वाचनका लागि मुख्य निर्वाचनको कार्यालयमा खटिएको हुँदा निर्वाचनको कार्य व्यस्तताले गर्दा बाल इजलासका व्यक्तिहरुलाई जानकारी गराउन नसकेको र म संगको सहायक कर्मचारीले समेत भुल बस जानकारी गराउन नसकेको हुँदा बाल इजलासका व्यक्तिहरुलाई पेशीको जानकारी दिन नसकेको र अव उप्रान्त यस्तो कार्य गर्ने छैन भनी यो प्रतिवेदन पेश गरेको छु भन्ने व्यहोराको यस अदालतका ना.सु. यज्ञराज जोशी को प्रतिवेदन ।

४१. विज्याँईमा संलग्न भनिएका बालक र पीडित भनिएकी बालिकाको बस्ने स्थल सँगै जोडीएको र उक्त दिन बालिकाको आमा र बुवा दुवै घरमा नहुँदा बालककै घरमा सुत्न गएको देखियो । सामाजिक र पारिवारिक अवस्थालाई मध्यनजर गर्दा दुवै बालबालिकाका अभिभावकले बालबालिका प्रति ध्यान नदिनुले उक्त अवस्थाको सृजना भएको पाइयो । संगै बसोवास भएकाले सामाजिक रुपमा दुवैलाई त्यही बस्न असहज देखिएको हुँदा हाल बालक बस्दै आएको अस्थायी ठेगानाबाट स्थायी ठेगानामा अभिभावककै प्रत्यक्ष निगरानीमा स्थानान्तरण गर्दा दुवै बाबालिकाको सर्वोत्तम हित हुने देखिन्छ भन्ने व्यहोराको समाजसेवी/सामाजिक कार्यकर्ता शिवराज खत्रीले पेश गरेको राय प्रतिवेदन ।

४२. विज्याँईको मनोवैज्ञानिक पक्षको लेखाजोखा, विज्याँइका कारण उब्जेका मनोसामाजिक असरहरु बालबालिकाको सवल र दुर्वल पक्षहरु र सुधारात्मक उपायहरु सहितको संक्षिप्त व्यहोराको राय विज्याँइमा संलग्न भनिएका बाल र पीडित भनिएकी बालिका नाबालक भएकाले दुवै बालबालिकाको सर्वोत्तम हितका लागि मध्यमार्गी बाटोबाट सकारात्मक दृष्टिकोणले न्याय निरोपण हुनु र अभिकावकले सक्रियताका साथ बालक र बालिका प्रति ध्यान पुऱ्याउने र बालबालिकासंग धेरै समय दिन तथा जीवन उपयोगी सिप सिकाउन आवश्यक देखिन्छ भन्ने व्यहोराको बालविशेषज्ञ/बालमनोवैज्ञानिक रामबहादुर कुवँरले पेश गरेको राय प्रतिवेदन ।

**निर्णयार्थ उपस्थित प्रश्नहरु**

४३. आज पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज प्रमाणहरु अध्ययन गरी पक्ष/विपक्षका कानून व्यवसायीले गर्नु भएको बहस जिकिर र बाल इजलासका सहभागी समाजसेवी र बाल विशेषज्ञ/बाल मनोवैज्ञानिकले पेश गर्नु भएको राय प्रतिवेदन समेतलाई मध्यनजर गरी

इन्साफ तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निम्न लिखित प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

१. ***बादी नेपाल सरकारको अभियोग मागदावी बमोजिमको कसुर प्रतिवादीले गरेको हो, होइन ?***

२. ***यदी अभियोग मागदावी बमोजिमको कसुर प्रतिवादीले गरेको भए प्रतिवादीलाई के कुन कानूनको आधारमा के कति सजाय हुने हो ? अभियोग माग दावी नठहेरेमा प्रतिवादीलाई के हुने ?***

३. ***प्रतिवादीबाट पीडितलाई अभियोग मागदावी बमोजिमको क्षतिपुर्ति भराई दिनु पर्ने हो, होइन ? हो भने के कुन कानूनका आधारमा के कति क्षतिपुर्ति भराई दिनु पर्ने हो र दावी नपुगेमा क्षतिपुर्ति तर्फको अभियोग मागदावी के हुने ?***

४. ***अभियोग मागदावी बमोजिम प्रतिवादी उपर बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको कानून प्रयुक्त हुने हो, होइन ? हो भने अभियोग मागदावी बमोजिम प्रतिवादीलाई के कस्तो सजाय हुने र नहुने हो भने के हुने ?***

**यस अदालतको ठहर/इन्साफ**

४४. अव पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज प्रमाणहरु अध्ययन गरी मुद्दा सुनुवाईको क्रममा पक्ष/विपिक्ष तर्फका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको तर्कपूर्ण बहस जीकिर समेतलाई मध्यनजर राखी बाल इजलासमा उपस्थित समाजसेवी र बाल मनोवैज्ञानिक/बाल विशेषज्ञले दिएको राय प्रतिवेदन समेतलाई दृष्टिगत गरी इन्साफ तर्फ विचार गरी माथी निर्णयार्थ उल्लेखित प्रश्न नं. १ को हकमा विचार गरी मिसिल हर्दा यसमा प्रतिवादी परिवर्तित नाम ङ ले मिति २०७३/८/४ गते राती १२.०० बजेको समयमा वारदात स्थल जिल्ला अछाम मंगलसेन नगरपालिका वडा नं. ५ स्थित कोठामा पीडित परिवर्तित नाम ङ लाई जवरजस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १.नं. बमोजिमको कसुर अपराधमा निज प्रतिवादी परिवर्तित नाम ङ लाई ऐ. ऐनको ३(१) नं. बमामेजिम सजाय गरी ऐ. को १० र १०(ग) नं. बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपुर्ति दिलाई भराई पाउन र निज प्रतिवादी १४ बर्ष भन्दा माथी र १६ बर्ष भन्दा मुनीको नाबालक भएको हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १३(३) बमोजिम समेत हुन मागदावी लिई वादी नेपाल सरकारले मिति २०७३/८/२९ मा यस अदालतमा अभियोगपत्र पेश गरेको देखिन्छ । आरोपित कसुर गरेकोमा इन्कार रहेता पनि वारदात मिति र समयमा प्रतिवादी परिवर्तित नाम ङ वारदात स्थल प्रतिवादीको आफ्नो घरमा रहेको पीडित र निजका दाजु परिवर्तित नाम ग सबै

भै सोही स्थानमा राक्षस भन्ने टि.भि. सिरियल हेरेको, पीडित र निजका दाजु समेत भै प्रतिवादीको होटलको सुत्ने कोठामा ओछ्यान लगाएर आफु समेत भै सुतेको, राती निज पीडित बालिका आफै प्रतिवादीको शरीरमा खुट्टा फाल्ने र चन्ले गरेको र आफुले नगर भन्दा झन बढी चलेको र राती अचानक दाई भनी पीडित कराएको सुनेर पीडितलाई पीडितको दाई उतापट्टी छ भनी भनेको र पीडित उतापट्टी गएर सुतेको तथा प्रतिबादीका बावु आमा केही नबोलेको भनी अधिकार प्राप्त अधिकारी समक्षको वयानको स.ज ९ मा बयान गरेको निजको वयान कागजबाट देखिन्छ । यस अदालतमा मिति २०७३/८/२९/४ मा निज प्रतिवादीले वयान गर्दा सोही व्यहोरा उल्लेख गरी बयान गरेका तर आरोपित कसुर नगरेको भनी बयान गरेता पनि वारदात स्थल मिति र समयमा पीडितसंग यी प्रतिवादीसंग साथै भै राती संग साथमा सुतेको, प्रतिवादीसंग पीडित जिस्किएको र कराएकोसम्म सुनेका स्वीस्कार गरी बयान गरेको देखियो । मिति २०७३/०८/०४ गते आफन्त विरामी परी जिल्ला अस्पताल गएको अवस्था प्रतिवादीले आफ्ना छोरा र पीडित छोरी परिवर्तित नाम क लाई मेरो घरमा टि.भी. हेर्न जाँउ भनी जवरजस्ती लगी सुताई राती १२ बजेको समयमा पीडित संगै सुती पीडित छोरीको कट्टु खोली आफ्नो लिङ्ग छोरीको योनीनमा घुसाई आफ्नो छोरा र प्रतिवादीको आमाले थाहा पाए पछि उल्टै मेरो छोराछोरीलाई यो कुरा कसैलाई भनेमा मारिदिन्छु भनी भन्ने समेतको धम्की प्रतिवादीकी आमाले दिएको हुँदा सो घटना बारेको कुरा मेरी पीडित छोरी र छोराले भन्न नसकेको र पीडितले खाना नखाने, टोलाइ रहने भए पछि जवरजस्ती, निजलाई मैले खाना खुवाइ गए पछि निज प्रतिवादीले मेरो पीडित छोरीको पिसाव गर्ने ठाउँमा प्रतिवादीले पिसाव गर्नेले जवरजस्ती घुसाएको भनेकी र छोराले समेत सो कुरा समर्थन गरी भने पछि पीडित छोरीको योनी चेक गर्दा रगत बगेको, योनी सुन्निएको र हामी घरमा नभएको अवस्थामा प्रतिवादीकी आमाले उक्त कुरा कसैलाई भनेमा मारिदिन्छु भनी यातना दिने गरेकोले प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कार्यवाही गरी पाउँ भनी पीडितकी आमा परिवर्तित नाम ख को मिति २०७३/७/१७ मा किटानी जाहेरी परेको दखिन्छ । र परिवर्तित नाम ख भन्ने पीडितका दाजुले उक्त वारदात मितिमा प्रतिवादीले भुतको सिरियल हेरी प्रंतिवादीसंगै सुतेको अवस्थामा बहिनी पीडित राती चिच्याए पछि अनाचक उठी हेर्दा बहिनीलाई उतापट्टी सारी करणी गरेको र प्रतिवादीको आमाले विभिन्न डरधाक धम्की दिएकोले कसैलाई नभनेको भनी कागज गरी दिएको पाइन्छ । पीडित परिवर्तित नाम ख ले आफ्नो मामी अण्टी विरामी परेको अवस्था

हामीलाई खाना खुवाई सुताइ अण्टी सुत्केरी व्यथा लागेर जिल्ला अस्पताल अछाम गएको अवस्था प्रतिवादी आई हामीलाई टी.भी. हेर्न जाऔ भनी भन्दा सुती सक्यौ जान्नौ भनी प्रतिवादीलाई भन्दा भुतको सिरियल आएको छ, पछि तिमीहरुलाई घरमा पुऱ्याई दिन्छु भनी लगी सिरियल हेरे पछि घरमा पुर्याइ देउ भन्दा यता सुत भनेकोले हामी निजको घरमा सुतेको अवस्था मरो दादालाई उतापट्टी सारी म भए तिर आई घाँटी मुख च्यापी मेरो कट्टु खोली म माथी चढी आफ्नो लिङ्ग मेरो योनीमा घुसाई जवरजस्ती करणी गरेको, त्यती बेला आफु चिच्याउँदा प्रतिवादीको आमाले थाहा पाई कोठामा आइ कसैलाई यो कुरा नभन्नु, चुपलाग, भनेमा मारी दिन्छु भनी धम्की दिएकी हुँदा चुप लागी बसेको र प्रतिवदीले जवरजस्ती करणी गर्दा कट्टु च्यातीएको हो भनी लेखाई दिएकी निजको मौकाको कागजात बाट देखिन्छ । पीडितकी आमा जाहेरवाली परिवर्तित नाम ख, पीडितका दाई परिवर्तित नाम ग र पीडितका बावु परिवर्तित नाम घ ले समेत सुरु जाहेरी व्यहोरालाई समर्थन गरी मौकामा लेखाई दिएका र मौकामा कागज गर्ने परिवर्तित नाम छ ले समेत प्रतिवादी र पीडित भै प्रतिवादीको घरमा उल्लेखित मिति र समयमा टी.भी. हेरेको र उक्त राती प्रतिवादी, पीडित समेत ६ जना संगै सुतेको र आफुले धम्क्याएको फकाएको छैन भनी मौकामा लेखाई दिएको पाइन्छ । वस्तुस्थिति मुचुल्काका हर्क बहादुर खड्का, अनिल कुमार विष्ट, लाल बहादुर भण्डारी समेतका मौकाका व्यक्तिहरुले आफुहरुले पीडितलाई प्रतिवादीले उल्लेखित मितिमा करणी गरेको सुनी थाहा पाएको र जवरजस्ती करणी गर्ने प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनी लेखाई दिएका छन् । अदालतमा आइ बकपत्र गर्दा पीडित बर्ष ८ की नावालिका परिवर्तित नाम क ले बकपत्रको स. ज. ५ ,६, ७, ८ र ९ मा मौकाको कागजलाई समर्थन गरी बकपत्र गरी दिएको र जाहेरवाली परिवर्तित नाम ख ले समेत अदालतको बकपत्रको स.ज. ५, ६, ७, ८, ९, १०, १२, १३, १४, र १५, १७ मा सुरु मौकाको जाहेरी लाई समर्थन गरी बकपत्र गरी दिएको तथा मौकामा कागज गर्ने परिवर्तित नाम घ ले समेत अदालतको बकपत्रको स.ज. ५, ६ ,७, ८, ९, १०, १२, १३, मा शुरु कागजलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्कामा लाल बहादुर भण्डारीको बकपत्रको स.ज. ५, ६, ७, अनिल कुमार भण्डारीको बकपत्रको स.ज. ५, ६, ८, हर्क वहादुर विष्टको बकपत्रको स.ज. ५, ६, ७, ८ मा शुरु वस्तुस्थिति मुचुल्कालाई समर्थन गरी वकपत्र गरी दिएको देखियो । भै आएको जिल्ला स्वास्थ्य कार्यालय, अछामको च.नं. ४९२ मिति २०७३/८/१९ को पत्र साथ प्राप्त जिल्ला प्रहरी कार्यालय, अछामको

द.नं. ३४३ मिति २०७३/०८/१९ को स्वास्थ्य परिक्षण रिपोर्ट हेर्दा, पीडितको योनी मा A liner, fress Abartion present over the shin of the right tibia, Rectangular shaped, fress Abartion present over the mid of left भनी लेखि आएको देखिन्छ। मिसिल संलग्न जिल्ला स्वास्थ्य कार्यालय, अछामको च.नं. ५०२ मिति २०७३/८/२० को पत्रसाथ जिल्ला प्रहरी कार्यालय, अछामको द.नं. ३५३ मिति २०७३/०८/२१ को संलग्न स्वास्थ्य परीक्षण प्रतिवेदनमा The wound present on the mucosal of lower lip correlated with the history. The Appearance of the genital organs especially the extroitus and hymenal opening is contsistancy with the alleged history भन्दै तल्लो ओठमा चोट लागेको र hymen opening भएको बाहिरी भागमा चोट लागेको भन्दै Vagina मा Extoitus appears matous congerted भनी लेखि आएको देखिन्छ। पीडित तथा प्रतिवादीको स्वास्थ्य परिक्षण गर्ने जनस्वास्थ्य कार्यालय अछामका मेडिकल अधिकृत डा. शरद चन्द्र बरालले यस अदालतमा आई बकपत्र गर्दा बकपत्रको स.ज. ५ मा पीडितलाई आफुले स्वास्थ्य परिक्षण गरेको स.ज. ६ मा पीडितको मुखको आडमा भित्री भागमा सानो निको हुन सक्ने अवस्थाको घाउ रहेको, पीडितको बाहिरी यौनाङ्गको भाग बढी रातो रहेको, यौनाङ्गको मुख रातो रहेको, सो प्वाल सो उमेरको भन्दा खुला पाएको, पीडित मानसिक अवस्थामा भने डराएको र झसङ्ग रहेको र उमेर भनीएको उमेरसंग मिल्ने भनी बकपत्र गरी दिएको पाइन्छ। प्रतिवादीको स्वास्थ्य परिक्षण पनि आफुले गरेको र निजको लिङ्गको बाहिरी छाला सजिलै फर्किने खालको र लिङ्गको आकार सो उमेर भन्दा ठुलो भएको भनी स.ज. ६ मा लेखाई दिएको तथा स.ज. ७ मा पीडित आफु रुन थाले पछि मुख थुन्दा मुखमा घाउ भएको र उक्त घाउ १/२ हप्ता पुरानो देखिएको, स.ज.११ मा यौनाङ्गमा रातोपन कुनै पनि वस्तु यौनाङ्गमा छिराउँदा हुन सक्ने भनी लेखाई दिएको पाइन्छ। भै आएको जिल्ला सरकारी वकील कार्यालय, अछामको च.नं.१६६ मिति २०७३/१०/१० को पत्रसाथ संलग्न केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, सामाखुसी काठमाडौंको च.नं ५४८ मिति २०७३/१०/०६ को प्रतिवेदन साथ प्राप्त परीक्षण प्रतिवेदन exhibit no.1 cotton swab, slide smear Exhibit No.2 भै cotton swab stick exhibit No.3, slide smear exhibit no.4, exhibit no. 1-2 परिवर्तित नाम क बाट निकालिएको Veginal swab र exhibit no. 3 र 4, प्रतिवादी परिवर्तित नाम ङ को शरीर बाट निकालेको penile swab र exhibit no. 1 र 3 मा semen could not be detected र sperm cell could

not be found on exhibit no. 2 & 4 लेखिआएको पाइयो ।

४५ . प्रतिवादीका साक्षीहरु यशोदा टेलरको अदालतको वकपत्रको स.ज. ६ मा उक्त दिन वारदात स्थलमा पीडित, पीडितका दाजु र प्रतिवादीका आमा संगै भएको, स.ज. ७ मा प्रतिवादीका ३ भाईबैना, पीडितका दाजु, बैनी , बाहिरका दुई जना केटी संगै सुतेको भनी लेखाई दिएकी, प्रतिवादीको अर्को साक्षी दुर्गा भण्डारीको अदालतको बकपत्रको स.ज. ६ मा प्रतिवादी र पीडित प्रतिवादीको कोठामा मोवाइल चलाएर बसेको, अर्को साक्षी नेत्र बहादुर मोक्तानको बकपत्रको स.ज. ६ मा प्रतिवादी, पीडितको दाई, पीडित र अन्य मोनिका, जेनिका वारदातको दिन संगै सुतेको भनी लेखाई दिएका, स.ज. १० मा पनि सोही व्यहोरा लेखाएका, स.ज. ११ मा पीडितकी आमाले २०७३/८/५ गते मेरो छोराले पीडितलाई करणी गर्यो भनी भनेकी, त्यस्तै अर्को साक्षी बासु लामाले वकपत्रको स.ज. ५ मा पीडितले उक्त मितिमा प्रतिवादीको घरमा T.V. हेर्दै गरेको भनी लेखाइ दिएको र अर्को साक्षी चन्द्र भण्डारीले बकपत्रको स.ज. ११ र १२ मा प्रतिवादी र जाहेरवाली बीच घटनाको विषयमा पैसाको मोलतोल भै रकममा कुरा नमिलि जाहेरी दिएको र स. ज. १२ मा पैसाको मोलमलाईको कारण थाहा नभएको स.ज. १३ मा प्रतिवादीले पीडितलाई करणी गरेको पीडितकी आमाले भनी थाहा पाएको भनी लेखाई दिएको पाइन्छ । यस प्रकार प्रतिवादीका साक्षीहरुको बकपत्रबाट समेत वारदात मिति, समय, र स्थानमा राती पीडित, प्रतिवादी र अन्य व्यक्तिहरु टि.भी. हेरी संगै सुतेको भन्ने प्रमाणित हुन आयो । यस प्रकार मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादीको वारदात मिति, समय र स्थानमा पीडित र अन्य व्यक्तिहरु संग संगै सुतेको भन्ने अधिकार प्राप्त अधिकारी र अदालत समक्षको भनाई, मौकामा कागज गर्ने पीडित परिवर्तित नाम क, जाहेरवाला परिवर्तित नाम ख, मौकामा कागज गर्ने परिवर्तित नाम ग, परिवर्तित नाम घ को मौकाको कागज र अदालतमा भएको बकपत्रको मौकामा स्वास्थ्य परिक्षण र परिक्षण गर्ने मेडिकल अधिकृतको अदालतको बकपत्र तथा लगायतका मिसिल संलग्न कागज प्रमाण र तथा सम्मानीत सर्वौच्च अदालतबाट प्रतिपादित राजु सिंह भन्ने चित्रराज समेत वि. नेपाल सरकार ने.का.प. २०४६ पृष्ट ७२७ तथा नेपाल सरकार वि. धर्म सिंह, ने.का.प. २०५४ पृष्ट नं. १५३ तथा स.अ. बुलेटिन २०६०, पूर्णाङ्क २७५ पृष्ट १, २०६० सालको फौ.पु.इ.नं. ११ श्री ५ को सरकार वि. वासुदेव पौडेल, मुद्दाः– जवरजस्ती करणी मा लगायतका प्रतिपादित सिद्धान्त समेतका आधारमा मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी परिवर्तित नाम ङ ले पीडित परिवर्तित नाम क लाई अभियोग

मागदावी बमोजिम मुलूकी ऐन जवरजस्ती करणीको महलको १ नं. बमोजिम प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पुष्टी गरेको मिसिल कागज प्रमाणबाट देखिदा प्रतिवादी परिवर्तित नाम ङ ले नेपाल सरकारको अभियोग मागदावी बमोजिम मुलूकी ऐन जवरजस्ती करणीको महलको १ नं. अनुसार फौजदारी विज्याँई गरेको ठहर्छ ।

४६. अब निर्णयार्थ माथी प्रस्तुत प्रश्न नं. २ का हकमा विचार गर्दा माथि निर्णयार्थ प्रस्तुत प्रश्न नं. १ को ठहर खण्डमा उल्लेखित मिसिल संलग्न कागज प्रमाण, तथ्य र कानूनका आधारमा प्रतिवादी परिवर्तित नाम ङ ले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम मुलूकी ऐन जवरजस्ती करणी महलको १ नं. अनुसारको फौजदारी विज्याँई गरेको पुष्टी हुन आएकोले निज प्रतिवादी परिवर्तित नाम ङ लाई अभियोग मागदावी बमोजिम मुलूकी ऐन जवरजस्ती करणी महलको ३(१) नं. बमोजिम न्युनतम १० बर्ष कैद हुने ठहर्छ ।

४७. अव निर्णयार्थ प्रस्तुत प्रश्न नं. ३ को हकमा विचार गर्दा प्रतिवादी परिवर्तित नाम ङ को मौकामा भएको वयानबाट निज १४ बर्ष, अदालतको निजको बयानमाा उमेरमा १४ बर्ष भनी लेखाएको, यस अदालतको मिति २०७३/०२/२९ को आदेशानुसार गा.वि.स.को कार्यालय मनहरी, मकवानपुरको च.नं. १६६७ मिति २०७३/११/२० को पत्रसाथ द.नं. २३२ मिति २०६१/०७/१६ को जन्मदर्ता प्रमाणपत्र अनुसार प्रतिवादीको जन्ममिति २०५९/०३/१४ भै उक्त गा.वि.स. को च.नं. १६०१ मिति २०७३/११/६ को जन्मदर्ता रजिष्ट्रेशन प्रमाणित प्रतिलिपि अनुसार समेत निज प्रतिवादीको जन्म मिति २०५९/०३/१४ देखिन्छ । वारदात मिति २०७३/०८/०४ गतेमा निज पंतिवादीको उमेर १४-४-२० दिन हुन आएको देखिन्छ । यस अदालतको मिति २०७३/०८/२९, २०७३/११/२३, २०७३/१२/२१ को आदेशानुसार भएको पत्रानुसार राष्ट्रिय वाणिज्य बैंक, मंगलसेन, अछामको च.नं. २९९ मिति २०७३/१०/१३ व.हि.नं ७६० खाता रु. १४७१/३५ पैसा भएको, जनता विकास बैंक अछाम मंगलसेनको च.नं. २९२४० मिति २०७३/१०/२३ को खाता नं.०१९१०१००३९८३७०१ मा रु २२८/२८ मौज्दात रहेको, महालक्ष्मी विकास बैंक मंगलसनको च.नं. १७५ मिति २०७३/१०/१३ का पत्रानुसार उक्त बैंकको खाता नं. ००८००००२६४०५ मा १५७३/७७ मौज्दात देखिएको र यस अदालतको मिति २०७३/०८/२९ को आदेशानुसार प्रंतिवादीको संरक्षकको मुलुकी ऐन, अदालत वन्दोवस्त महल १३३ नं. बमोजिम कागज हुँदा जिल्ला अछामका कुनै अचल सम्पत्ति भएको नलेखाएको र मालपोत कार्यालय, मकवानपुरको च.नं. ९६८१ मिति २०७३/१२/२५ को पत्रानुसार प्रतिवादी र निजको अभिभावकको नाउमा मोठफाँट , कम्प्युटरमा जग्गा दर्ता इन्ट्री

भएको नदेखिएकोले निजहरुका नाउँमा जग्गा जमिन नरहेको व्यहोरा जानकारी गराइन्छ भनी लेखि आएको देखिन्छ । बादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम अभियोग मागदावी पुग्ने ठहरी आजै प्रस्तुत मुद्दामा फैसला भएको देखिंदा मुलूकी ऐन, जवरजस्ती करणीको महलको १० र १० ग नं. बमोजिम प्रतिवादीको र निजका अभिभावकको नाउँमा बैंक खाता मंगलसेन अछामको बैंकमा भएपनि थोरै रकम भै रोक्का रहेको सम्बन्धित बैँकको पत्रबाट देखिन आएको र यस अछाम जिल्ला तथा प्रतिवादीको स्थायी घर ठेगाना रहेको मकवानपुर जिल्लामा प्रतिवादी र निजको अभिभावकको नाममा अचल सम्पत्ति भएको मालपोत कार्यालय, मकवानपुरको मिसिल संलग्न पत्रबाट देखिन आयो । तसर्थ मुलूकी ऐन, जवरजस्ती करणीको १० नं. अनुसार प्रतिवादीको उक्त कार्यबाट पीडितलाई भएको शारिरीक वा मानसिक क्षती समेतलाई विचार गरी ऐ. ऐनको १० ग बमोजिम यस अछाम जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय, अछाम एवं हाल उक्त कार्यालयको दायित्व सर्ने भएको सम्बन्धीत सरकारी कार्यालयबाट रकम रु. १००००० (एकलाख) क्षतिपुर्ति वापतको रकम पीडित परिवर्तित नाम क लाई दिलाई भराई दिने ठहर्छ । सोको जानकारी सम्बन्धित कार्यालयलाई मुलूकी ऐन, जवरजस्ती करणीको महलको १० ग नं. बमोजिम तत्काल दिनु ।

४८. अब निर्णयार्थ प्रस्तुत प्रश्न नं. ४ को हकमा विचार गर्दा माथी निर्णयार्थ प्रस्तुत प्रश्न नं. १, २ र ३ को ठहर खण्डमा विवेचित मिसिल संलग्न कागज प्रमाण , तथ्य र कानूनका आधारमा प्रतिवादीले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम फौजदारी विज्याँई गरेको पुष्टि हुन आएको देखियो । मिसिल संलगन प्रतिवादीको अधिकार प्राप्त अधिकारी र यस अदालतमा भएको प्रतिवादीको वयान र मेडिकल अधिकृतबाट भएको निजको स्वास्थ्य परिक्षण र मनहरी गा.वि.स. मकवानपुरबाट प्राप्त मिसिल संलग्न प्रतिवादीको जन्म दर्ता प्रमाण पत्र, जन्मदर्ता अभिलेख फारमको प्रंमाणित प्रतिलिपि अनुसार बाल न्याय कार्यविधि नियमावली, २०६३ को दफा १५ ख बमोजिम वारदात मितिमा प्रतिवादीको उमेर १४ बर्ष ४ महिना २० दिन भएको पुष्टि हुन आएको देखियो । वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम बाल बालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार प्रतिवादीको वारदात मितिमा १४ बर्ष भन्दा माथी १६ बर्ष भन्दा कम उमेर देखिएकोले निलाई शुरु अभियोग मागदावी बमोजिम हुने सजायको कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुन सजायको आधा सजाय हुने कानूनी व्यवस्था हुँदा अभियोग मागदावी बमोजिम निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम न्युतम् सजाय गर्दा समेत विधायिकी मनसाय तथा न्याय र कानूनको उद्देश्य र औचित्य पुरा हुने

देखिंदा न्युनतम सजाय ५ बर्ष कैद हुने ठहर्छ। बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार प्रतिवादीको शारिरीक अवस्था उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक आदी मिसिल संलग्न कागज प्रमाणबाट यि प्रतिवादी परिवर्तित नाम ङ लाई कसुरदार ठहऱ्याई कैदको सजाय पाए पनि उल्लेखित आधार कारण प्रमाणबाट समाजसेवी र बाल मनोवैज्ञानिकले दिएको राय समेतलाई दृष्टिगत गरी प्रतिवादीलाई कारागारमा राख्न उपयुक्त नहुने चित्रले देखिएको हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम यि प्रतिवादीले आजको मितिले १ बर्ष भित्र त्यही वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी प्रतिवादीको स्थायी ठेगानामा रहेको इलाका जिल्ला मकवानपुर, मनहरी गा.वि.स.मा रहेको स्थायी घरमा प्रंस्तुत मुद्दामा तोकीएको सजाय निजका बावु आमाको र त्यस क्षेत्रको निकट रहेको बाल सुधार गृहको रेखदेखमा रही व्यतित गर्नु पर्ने गरी तोकी दिएको समेत ठहर्छ। प्रस्तुत सजायको जानकारी सम्वन्धित क्षेत्रको बाल सुधार गृह तथा प्रतिबादीको बुवा आमा समेतलाई दिनु। सो ठहर्नाले अरु कुरा तपसिल बमोजिम हुने गरी आजै मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १८६ नं. बमोजिम फैसला गरिदिएको छ।

**<u>तपसिल खण्ड</u>**

माथी इन्साफ खण्डमा लेखिए बमोजिम परिवर्तित नाम ङ लाई मुलूकी ऐन, जवरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० बर्ष कैद हुने ठहरी फैसला भएकोमा निज प्रतिवादीको उमेर वारदात मितिमा १४-४-२० दिन हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सो सजायका आधा अर्थात ५ बर्ष कैद हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी मिति २०७४/८/१७ देखि २०७४/०८/२८ गतेसम्म प्रहरी निगरानीमा बसेको हुँदा उक्त दिन कटाई बाँकी कैद ४ बर्ष ११ महिना १८ दिनको कैदको लगत कसी राख्नु भनी यस अदालतको तहसिल शाखामा सोको लगत दिनु.........................................................१

माथी इन्साफ खण्डमा लेखिए बमोजिम हुन ठहरेकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) नं. बमोजिम प्रतिवादीले फैसला भएको मितिले १ बर्ष भित्र त्यही वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैद सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यानवित गर्ने गरी प्रतिवादीका बुवाआमा तथा त्यस क्षेत्रको निकट रहेको बाल सुधार गृहको रेखदेखमा प्रतिवादीको स्थायी ठेगाना रहेको जिल्ला मकवानपुर मनहरी गा.वि.स. वडा नं. ३ स्थित घरमा रहने गरी प्रतिवादीलाई बुवाआमाको संरक्षणमा राख्न र सोही बमोजिम गर्ने गरी निज प्रतिवादीको बुवाआमाको कागज समेत गराई सोको जानकारी यस अदालतको तहसील

शाखा, त्यस जिल्लाको जिल्ला कारागार कार्यालय मकवानपुर र कारागार व्यवस्थापन बिभाग, काठमाडामा समेत पठाउनु.............................................................................२

प्रस्तुत मुद्दाका फैसलाको जानकारी सम्वन्धित प्रतिवादीको स्थायी घर ठेगाना निकटको बाल सुधार गृह केन्द्रीय कारागार व्यवस्थापन विभाग तथा प्रतिवादीका बुवाआमा समेतलाई फैसलाको प्रंतिलिपि समेत पठाई माथी उल्लेख भए बमोजिम गर्नु गराउनु भनी जानकारी दिनु...............३

माथी इन्साफ खण्डमा लेखिए बमोजिम हुने ठहरेकोले पीडित परिवर्तित नाम क लाई क्षतिपुर्ति वापत रकम रु १००००० -एक लाख) महिला तथा बाल बालिका कार्यालय, अछाम एवं उक्त कार्यालयको दायित्व सर्ने भएमा सम्बन्धीत सरकारी कार्यालयबाट पीडितलाई क्षतिपुर्ति रकम दिलाई भराई दिनु भनी पत्राचार गरी निज पीडितलाई उक्त क्षतिपुर्ति नियमानुसार गरी भराई दिनु भनी तहसील शाखामा सोको लगत दिनु.......................................................४

प्रस्तुत फैसला उपर चित्त नबुझे ऐनका म्याद ७० भित्र उच्च अदालत, दिपायलमा पुनरावेदन गर्न प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु र सोको जानकारी निजका बावुआमा समेत लाई दिनु.....५

कपी सर्वौचच अदालतको Software मा अपलोड गर्नु........................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रतिवादीको पुनरावेदन परे मिसिल उच्च अदालत दिपायल र नपरे यस अदालतको अभिलेख संरक्षण फाँटमा सुरक्षितसाथ मिसिल राख्न अभिलेख फाँटमा बुझाई दिनु..............................................................................................७

मा.जि.न्या.ज्युबाट बोली टिपाए बमोजिम
फैसला तयार गर्ने कार्यमा सहायोग पुराउने
क.अ. जागुराम चौधरी

फाँटवाला ना.सु. यज्ञराज जोशी

........................
(जिल्ला न्यायाधीश)

इति सम्बत् २०७४ साल श्रावण २९ गते रोज १ शुभम्.........................................।

**मोरङ जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विनोद कुमार पोखरेल**

**फैसला**

**दाखिला नं.** २७–०७३–१३५८

073–CR–०२१७

**निर्णय नं.** ३४१

**मुद्धाः– जवरजस्ती करणी**

**वादीको नाम, थर, वतन**

परिवर्तित नाम मनिषाको जाहेरीले नेपाल सरकार................................१

**प्रमाणः**

**साक्षीः–**

**कागजः–**

**प्रतिवादीको नाम, थर, वतन**

परिवर्तित नाम सुरेशको छोरा जि. मोरङ विराटनगर उ.म.न.पा. वा. नं. ९ आदर्श टोल बस्ने बर्ष ११ को परिवर्तित नाम ० ९(ण)...........१

परिवर्तित नाम श्यामको छोरा ऐऐ बस्ने बर्ष ११ को परिवर्तित नाम ०९(थ)..................१

परिवर्तित नाम किशनलालको छोरा ऐ.ऐ. बस्ने बर्ष को सांकेतिक नाम ०९(त)..................१

प्रमाण :

साक्षीः–

कागजः–

**अदालतबाट बुझेको**

**साक्षीः–**

**कागजः–**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७, तथा मुलुकी ऐन अ. ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा निम्न अनुसार देखिन्छ ।

मिति २०७३/२/२ गते बेलुका मेरो नाबालिका छोरी परिवर्तित नाम ०९(ढ) सधै झै

ग्यालक्सी पब्लिक हाईस्कूलमा पढी घरमा आएकी थिईन । खाजा खाईरहेको अवस्थामा विपक्षीहरु परिवर्तित नाम ०९(ण) समेत संगै आई डाक्टर डाक्टर खेलौ भनी बोलाएर लगे । निजहरु मेरो छोरीको संगै पढने साथीहरु र दाजु भएकाले म चुपचाप लागि आफ्नो घरमा बसिरहेको थिएँ । केही समय पछि निज छोरी रुदै घरमा आएकीले के भएको भनी सोधपुछ गर्दा आफ्नो सम्पूर्ण घटना निज छोरीले सुनाईन । निज अपराधिहरुले मेरो हात समाती ०९(ध) ले छोरीको मुख थुनी ०९(ण)ले छोरीको सम्पूर्ण लुगा खोली दिई ०९(थ) र ०९(ध) कराइस भने मारी दिन्छु भनी धम्की दिई अपराधीहरु सवैले आ–आफ्नो लुगा खोली पालै पालो आ–आफ्नो लिङ्ग मेरो छोरीको योनीमा घुसाई बाहिर केटाकेटीहरको हल्ला भएकोले निजहरु घटनास्थलबाट भागी गएका हुन् । यसरी घाईते भएकी छोरी रुदै कराउदै घरमा आएकीले के भयो भनी सोधपुछ गर्दा उक्त घटना मेरी छोरी ०९(ढ) ले उक्त व्यहोराको घटना भनेकीले सोही अनुसार यो जाहेरी दिन आएकी छु । निज अपराधीहरुलाई खोजतलास गरी मुलुकी ऐन, जवरजस्ती करणीको महल बमोजिम हदै सम्मको सजाय गरी उचित क्षतिपुर्ति समेत भराई छोरीको शारीरिक अवस्थाको जाँच समेत गरी पाउँ भन्ने समेत व्यहोराको सांकेतिक नाम मनिषाको जाहेरी दरखास्त ।

जिल्ला मोरङ विराटनगर उ.म.न.पा. वा. नं. ९ स्थित पूर्वमा उत्तर र दक्षिण बाटो, पश्चिममा पारस नुनियाको खाली जग्गा, उत्तरमा जगदीश सुनारको घर र दक्षिणमा पारस नुनियाको घर यती चार किल्ला भित्र रहेको पारस नुनियाको घरको भुई तलाको पश्चिम दक्षिण भएको ढोका भित्र दक्षिण पूर्व कुनामा भुईमा पुरानो डसना ओछ्याएको अवस्थामा रहेको सो स्थानमा जाहेरवालीको नाबालिका छोरी सांकेतिक ०९ (ढ) लाई प्रतिवादीहरु सांकेतिक नाम ०९(ण), ०९(थ), र ०९(द) समेतले जवरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

म आदर्श टोलमा बसोबास गर्छु, म नजिकैको ग्यालेक्सी पब्लिक हाईस्कूलमा कक्षा ५ मा अध्ययन गर्दैछु । मेरो छिमेकीहरु सांकेतिक नाम ०९(द) समेत बसोबास गर्छन । म पढने स्कूलमै ०९(ण) बाहेकका सबै विद्यार्थीहरु पढने गर्छन । स्कूल छुट्टी भएपछि हामीहरु घरमा आई खाजा खाई खेल खेलिरहेका थियौं, यतिकैमा अव डाक्टर डाक्टर बनी खेल्ने भने, मैले हुन्छ भने, त्यसपछि हामी सबै नजिकैको पारस नुनियाको ३ तले घरमा गयौं, निजको घरको तल्लो तला खाली नै थियो, हामी सबै जना उक्त घर कोठा भित्र गयौं र हामी कोठा भित्र पसेपछि काल्पनिक नाम ०९(थ) ले ढोका भित्रबाट लगाई दियो र निजले मेरो दुवै हात समात्यो र काल्पनिक नाम ०९(द) ले मेरो मुख थुन्यो, काल्पनिक नाम ०९(ध) र काल्पनिक नाम ०९(त) ले बोले कराई

भने मारी दिन्छु भन्यो र मैले लगाएको सबै कपडाहरु र काल्पनिक ०९(ण) ले खोली दियो र उनीहरुले पनि आ–आफ्नो सबै कपडा खोले र पालैपालो मेरो सु गर्ने ठाउँमा उनहिरुले आफ्नो सु गर्ने घुसाए म कराउन खोज्दा मुख थुनेकोले कराउन पाइन र बाहिर केटाकेटीहरुको हल्लाखल्ला हुन थालेपछि निजहरु आ–आफ्नो कपडा लगाएर त्यही छोडी भागे, म उठेर कपडा लगाई रुदै घरमा आई आमालाई सबै कुरा बताएकी हुँ भन्नेसमेत व्यहोराको सांकेतिक ०९(ढ) को घटना विवरण कागज ।

हामी सबै स्कूलबाट छुट्टी भएपछि घरमा आई खाजा नास्ता खाई घर छेउको खाली चउरमा लुकामारी, आसपास खेल खेल्छौ, मिति २०७३/२/२ गते पनि साथीहरु सांकेतिक नाम ०९(ण), ०९(त), ०९(थ) र ०९(द) समेत खेल खेलेर घर गएको हो, निज पीडितलाई मैले कुनै नराम्रो काम गरेको छैन, निजलाई कपडा खोली निजको सु गर्ने ठाउँमा मेरो तुरी लगाएको छैन, किन जाहेरी दिएको हो मलाई थाहा छैन भन्ने समेत व्यहोरा उल्लेख गरी पक्राउ प्रतिवादीहरु सांकेतिक नाम ०९(ण), ०९(त), ०९(थ) र ०९(द) समेतले आ–आफ्नो व्यहोरा उल्लेख गरी छुट्ट छुट्टै एकै मिलानमा लेखाएको बयान कागज ।

कोशी अञ्चल अस्पताल विराटनगरबाट भएको सांकेतिक नाम ०९(ढ) को शारीरिक परिक्षण प्रतिवेदन।

मिति २०७३/२/२ गते प्रतिवादीहरु सांकेतिक नाम ०९(ण), ०९(त), ०९(थ) र ०९(द) समेत भई जाहेरवालीकी छोरी सांकेतिक नाम ०९(ढ) लाई जवरजस्ती करणी गरेको भनने कुरासुनी थाहा पाएको हो के के भयो नाबालकहरुले के के गरे आँखाले नदेखेको कुरा भन्न सकिदैन, कानून बमोजिम कारवाही होस भन्ने समेत व्यहोरको बस्तुस्थिति मुचुल्का ।

जाहेरवालाको बर्ष ९ की नाबालिका सांकेतिक नाम ०९(ढ) लाई मिति २०७३/२/२ गते जिल्ला मोरङ विराटनगर उ.म.न.पा. वा. नं. ९ आदर्श टोल स्थित पीडितको घरबाट सांकेतिक नाम ०९(ण) समेतले बोलाई खेल्न जाउ भनी संगै पारस नुनियाको घरको तल्लो तलामा लगी सबै नाबालक प्रतिवादीहरुले सामुहिक रुपमा पालैपालो जवरजस्ती करणी गरी कानूनको द्वन्दमा परेको तथ्य सप्रमाण पुष्टी हुन आएकोले निज प्रतिवादीहरु सांकेतिक नाम ०९(ण), ०९(त), ०९(थ) लाई मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं. अनुसारको कसुर अपराधमा ऐ ऐन ऐ महलको ३(१) नं. बमोजिम सजाय हुन र सामुहिक रुपमा जवरजस्ती करणी गरे तर्फ सोही ऐन महलको ३(१) नं. बमोजिम सजाय हुन र सामुहिक रुपमा जवरजस्ती करणी गरे तर्फ सोही

ऐन महलको १० नं. बमोजिम निज प्रतिवादीहरुबाट पीडित सांकेतिक नाम ०९(ढ) लाई उचित क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

पीडितलाई चिन्दीन म समेत भई पीडितालाई जवरजस्ती करणी गरेको होइन । म समेतलाई लगाइएको अभियोग झुट्टा हो, म निर्दोष भएकोले मलाई सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सांकेतिक नाम, ०९(त), ले यस अदालतमा गरेको बयान ।

मैले पीडितालाई कोठा भित्र लगी चुकुल लगाई जवरजस्ती करणी गरेको होइन । जाहेरी व्यहोरा झुट्टा हो । मलाई अभियोग दावी अनुसार सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सांकेतिक नाम, ०९(थ), ले यस अदालतमा गरेको बयान ।

म समेत भई सांकेतिक नाम ०९(द), लाई जाहेरीमा उल्लेख गरे जस्तो कटाई काम गरेका छैन । ढोका लगाएर कहिले केही खेलेका छैनौ । फिल्डमा लुकी छिपी खेल्छौ । पीडितको लुगा खोली दिएको, धम्की दिएको समेत केही होइन । पीडितालाई जवरजस्ती करणी गरेको होइन अभियोग दावी अनुसार सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सांकेतिक नाम ०९(ण), ले यस अदालतमा गरेको बयान ।

**अदालतको ठहर**

नियम बमोजिम शाप्ताहिक तथा दैनिक मुद्धा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्धामा बादी नेपालको सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिबक्ता श्री रोहित कुमार पोखरेलले पीडित बर्ष ९ की नाबालिका रहेकी र संगै स्कूल पढने प्रतिवादीहरुले खेलाउने भनी कोठा भित्र थुनी आरोपित कसुर गरेको देखिन्छ। तसर्थ अभियोग दावी बमोजिम गरी पाउँ भनी बहस गर्नु भयो । प्रतिवादी तर्फबाट उपस्थित हुन भएको विद्वान अधिबक्ता श्री कल्याण के.सी. तथा सुनिल कुमार कर्णले प्रतिवादी बनाइएका ११ बर्षको नाबालक रहेका र निजहरु करणी गर्न सक्षम भई नसकेको भनी स्वयं बादी तर्फबाट बुझिएको विशेषज्ञको पत्रबाट देखिन्छ। पीडित उपर जवरजस्ती करणी भएको कुनै चिन्ह समेत रहेको छैन। वादी दावी प्रमाणित गर्न वादी तर्फबाट कुनै पनि साक्षी उपस्थित भई बकपत्र गर्न सक्नु भएको छैन । यस स्थितिमा प्रारम्भिक कागजहरुबाटै प्रतिवादीहरु उपर आरोपित कसुर स्थापित भईरहेको नदेखिदा हाम्रा पक्षलाई सफाई दिनु पर्दछ भनी बहस गर्नु भयो ।

उल्लेखित बहस सुनी निर्णय तर्फ विचार गर्दा जाहेरवालाको छोरी बर्ष ९ की नाबालिका सांकेतिक नाम, ०९(ढ) लाई मिति २०७३/२/२ गते जिल्ला मोरङ विराटनगर उ.म.न.पा. वा. नं. ९ आदर्श टोल स्थित पीडितको घरबाट सांकेतिक नाम ०९(ण) समेतले बोलाई खेल्न जाउ

भनी संगै पारस नुनियाको घरको तल्लो तलामा लगी सबै नाबालक प्रतिवादीहरुले सामुहिक रुपमा पालैपालो जवरजस्ती करणी गरी कानूनको द्वन्दमा परेको तथ्य सप्रमाण पुष्टी हुन आएकोले निज प्रतिवादीहरु सांकेतिक नाम ०९(ण), ०९(त), ०९(थ) लाई मुलुकी ऐन जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं. अनुसारको कसुर अपराधमा ऐ ऐन ऐ महलको ३(१) नं. बमोजिम सजाय हुन र सामुहिक रुपमा जवरजस्ती करणी गर्ने तर्फ सोही ऐनको ऐ महलको ३ क नं. बमोजिम थप सजाय गरी ऐ को १० नम्बर बमोजिम प्रतिवादीहरुबाट पीडितलाई उचित क्षतिपुर्ति दिलाई भराई पाउन माग दावी लिई अभियोग पत्र पेश गरिएको छ भनी उल्लेख गर्दै प्रतिवादीहरु ०९(थ), ०९(त), के उमेर १० बर्ष भन्दा माथी १४ बर्ष भन्दा कम रहेकोले निजहरुको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को ११(२) बमोजिम हुने र जाहेरीमा उल्लेख गरिएका कसुर गरेको भनी देखाइएका सांकेतिक नाम ०९(द), ०९(ध), को उमेर जन्म दर्ता प्रमाणबाट १० बर्ष भन्दा कम रहेको देखिदा १० बर्ष भन्दा कम उमेरको बालकलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को ११ को (१) ले उन्मुक्ति दिइएको हुँदा निजहरु उपर कुनै माग दावी लिइएको छेन भनी बादी नेपाल सरकारको तर्फबाट अभियोग दावी लिएको पाइन्छ ।

उपरोक्त बमोजिम अभियोग दावीको सन्दर्भमा देहाय बमोजिमको प्रश्नको निराकरण गर्दै प्रतिवादीहरु उपरको आरोपित कसुर बमोजिम सजाय हुनु पर्ने हो होइन ? भनी निश्कर्षमा पुग्नु पर्ने भएको छ ।

(क) पीडित भनिएका बर्ष ९ की बालिका उपर करणी भएको चिन्हहरु रहेको छ छैन ?

(ख) आरोपित कसुरको सम्बन्धमा प्रतिवादी बनाइएका बालकहरुको भनाई के रहेको छ ?

(ग) यी बालकहरुको अवस्थाको सम्बन्धमा सामाजिक अध्ययन प्रतिबेदनबाट के देखिन आएको छ ?

(घ) बादी दावी प्रमाणित हुने अवस्था रहेको छ छैन ?

सर्व प्रथमतः प्रथम प्रश्न सम्बन्धमा विचार गर्दा पीडित भनिएकी सांकेतिक नाम ०९(ढ) लाई डाक्टर डाक्टर खेलौ भनी सांकेतिक नाम ०९(ण) समेत मिली बोलाई लगेकोमा निज छोरी केही समय पछि रुदै घरमा आएकीले निजलाई के भयो ? भनी सोध्दा खेल्दै लगेका प्रतिवादीहरुले घटनास्थलमा लगी कोठाको चुकुल भित्रबाट लगाई ०९(त) ले छोरीको दुवै हात समातेको, ०९(ध) ले मुख थुनी ०९(ण) ले सम्पूर्ण लुगा खोली दिई ०९(थ) र ०९(ध) ले कराइस भने मारी दिन्छु भनी धम्की दिई सवै अपराधीहरुले आ–आफ्नो लुगा खोली पालैपालो आ–आफ्नो लिङ्ग मेरो छोरीको योनीमा घुसाई बाहिर केटाकेटीहरु हल्ला भएको सुनी घटनास्थलबाट भागी गएको भनी किटानी रुपमा जाहेरी दिएको र बुझिएको पीडित बर्ष ९ की बालिका सांकेतिक नाम ०९(द)

ले सोही बमोजिमको कागज गरेको देखिन्छ ।

यसरी किटानी रुपमा प्रतिवादी बनाइएको बालकहरुले करणी गरेका भन्ने सन्दर्भमा परेको जाहेरी बमोजिम अनुसन्धान हुँदा पीडित र प्रतिवादीहरु समेतको शारीरिक परिक्षण भएको र पीडित ०९(ढ) को शारीरिक परिक्षण हुँदा निजको गुप्ताङ्ग समेतमा कुनै चोटपटक लगायतका चिन्हहरु रहेको नदेखिएको भनी कोशी अञ्चल अस्पताल विकास समितिको च.नं. २२८७ मिति २०७३–२–१३ को पत्रबाट भई मिसिल संलग्न रहेको पाइन्छ ।

त्यस्तै जाहेरीमा प्रतिवादी बनाइएको ०९(थ), ०९(त), ०९(ण) को शारीरिक परिक्षण हुँदा करणी गरिएको र तत् सम्बन्धमा समक्ष रहेको समेतको विशेषज्ञबाट उल्लेख हुन सकेको अवस्था छैन । पीडित तर्फबाट पीडितले वारदात हुँदा लगाएको लुगा समेत दाखिला गर्न सकेको देखिदैन । घटनास्थल प्रकृति मुचुल्काबाट संघर्षका चिन्हहरु करणी भएको भन्ने विषय प्रमाणित गर्न कुनै प्रमाण संकलन हुन सकेको समेत पाईदैन ।

दोश्रो प्रश्न तर्फ विचार गर्दा जाहेरीमा उल्लेख गरिएका बालकहरुलाई अभिभावक कै जिम्मा लागाई अनुसन्धान भएको र मुद्धा चलाइएका तथा मुद्दा नलाइएका समेत सम्पूर्ण बालकहरुले अनुसन्धानमा हामी स्कूलबाट आई बहिनी समेत संगै खेल्ने गरेका थियौं, वारदातका दिन समेत गेम खेलेको हो हामीले नराम्रो काम गरेका छैनौ भनी आ–आफ्नो अभिभावकको रोहवरमा कसुरमा ईन्कार गरी बयान गरेका र अदालतमा आरोप सन्दर्भमा उपस्थित भएका परिवर्तित नाम ०९(ण), ०९(थ), ०९(त) ले अनुसन्धान कै व्यहोरा उल्लेख गर्दै पीडित उपर कुनै पनि नराम्रो काम नगरेको र लगाइएको आरोप झुट्टा हो भनी लेखाई दिएको देखिन्छ । त्यस्तै यी बालकहरुको उमेर बाट यौन सम्पर्क गर्न सक्ने नसक्ने सक्षमताको सम्बन्धमा विशेषज्ञबाट राय माग गरिएकोमा कोशी अञ्चल अस्पताल विकास समितिको च.नं. २५६४ मिति २०७३–३–१० को पत्रबाट राय प्राप्त भई मिसिल संलग्न रहेको र उक्त पत्रमा स्वास्थ्य पुरुष मान्छेको यौनाङ्गबाट शुक्रकिटहरु - (Sperms) नक्लिने (Ejaculation) उमेर १२.५ Years –१४–Years) साढे बाह्र बर्ष देखि १४ बर्षका उमेर पछि शुरु हुनछ । यौनाङ्गको विबास भई यौन चाहना वा उत्तेजना माथी उल्लेखित उमेरमै शुरु हुन्छ र उसको सामाजिक परिवेस स्वस्थ्य अवस्था र खानपामा पनि भर पर्छ भनी लेखि आएको देखिन्छ ।

अव तेश्रो प्रश्न तर्फ विचार गर्दा आदेशानुसार भएको सामाजिक अध्ययन प्रतिवेदन तथा बालकहरुको मनोवैज्ञानिक परिक्षण बाट प्रतिवादी बनाइएका ६ कक्षामा पढने बालक रहेका र खेल्ने क्रममा घटना भएको भनी देखाइएको भएपनि उक्त विज्याँई यी बालकहरुबाट नभएको भन्ने निजहरुबाटै जानकारी हुनुका साथै कुनै पनि प्रमाणबाट दोषी नदेखिएका यी बालकहरुले सफाई

पाउनु पर्दछ भनी राय आएको मिसिलबाट देखिन्छ ।

चोथो तथा अन्तिम प्रश्न तर्फ विचार गर्दा प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम बादी दावी प्रमाणित गर्ने दायित्व बादीमा रहेको र अनुसन्धानमा खडा भएको प्रमाणहरु प्रमाणित गर्ने गरी प्रमाणहरुको सन्दर्भमा उपस्थित भएका र लेखाई दिएका व्यक्तिहरु अदालत समक्ष उपस्थित भई बकपत्र गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुदामा उक्त कानूनी बमोजिम बादी तर्फ बाट आरोपित बालकहरुले गरेको विज्झाँईको सन्दर्भमा कुनै पनि प्रमाण आउन सकेको देखिदैन । जाहेरवाला तथा पीडित समेत लिई उपस्थित गराई बकपत्र गर्न सकिएको अवस्था समेत छैन । अतः प्रमाण ऐन २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्धामा अभियोग दावी प्रमाणित गर्ने भार रहेको वादी नेपाल सरकारको तर्फबाट उक्त कर्तव्य निर्वाह भएको अवस्था पाईदैन ।

अतः प्रतिवादीहरु उपरको आरोपित कसुर बादी तर्फबाट प्रमाणित हुन नसकेको अवस्था रहेबाट प्रतिवादीहरु परिवर्तित नाम ०९(ण), ०९(थ), तथा ०९(त) ले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ । वादी अभियोग दावी पुग्न नसक्ने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल

माथी ठहर खण्डमा लेखिए बमोजिम दावी वादी पुग्न नसक्ने ठहरी फैसला भएकोले केही गरी रहनु परेन.......................................................................................१

प्रस्तुत ईन्साफ उपर चित्त नबुझे ७० दिन भित्र श्री उच्च अदालत विराटनगरमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि जि. स. व. का. मोरङलाई पुनरावेदनको म्याद दिनु...................२

सरोकारवालाले नक्कल मागे नियमानुसार गरी नक्कल दिनु.....................................३

प्रस्तुत मुद्धाको विद्युतीय प्रति अपलोड गरी निस्सा जनाई राख्नु.................................४

प्रस्तुत मुद्धाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु................५

फा. ना.सु. नरेन्द्र प्रसाद कोईराला

टा. ना.सु. मञ्जु देवान

जिल्ला न्यायाधीश

इति सम्बत २०७४ साल माघ महिना २७ गते रोज ५ शुभम्.................................।

# अनुसूचिहरु

*अनुसूचि १ : जिल्ला तथा उच्च अदालतबाट भएका बालबालिका सम्बन्धी महत्वपूर्ण फैसलाहरु*

**श्री काठमाडौं जिल्ला अदालत**

**बाल इजलास**

**माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री शारदा प्रसाद घिमिरे**

**फैसला**

**सम्वत २०५८।०५९ सालको सं. फौ. दा. नं. २८१**

**राय नम्बर : २६४**

**मुद्दा : क्षतिपूर्ति भराइ पाउं समेत।**

**वादीको नाम, थर, वतनः–**

वाल स्याहार केन्द्र (सिविन) वस्ने वर्ष १२ धिरज के.सी.को हकमा जन सरोकार मंचका तर्फबाट र आफ्ना हकमा समेत अधिवक्ता प्रकाशमणी शर्मा..........................१

वन संरक्षण मंचका तर्फबाट र आफना हकमा समेत का. जि. कलंकी बस्ने अधिवक्ता अम्विका प्रसाद कोइराला..................१

जनहीत संरक्षण मंचका तर्फबाट र आफ्ना हकमा समेत नयां बानेश्वर वस्ने अधिवक्ता शर्मिला पराजुली..........................१

साक्षी :

कागजः

**प्रतिवादीको नाम, थर, वतनः-**

जिल्ला पाल्पा तानसेन नयां घर भई का. जि. का. म. पा. वडा नं ११ त्रिपुरेश्वर कुमारी मधुसुदन मुनाकर्मी............................१

ऐ बस्ने ज्ञानु मुनाकर्मी........................१

साक्षीः

कागजः

**अदालतबाट बुझ्केको**

**साक्षी :**

**कागजः**

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

संयुक्त राष्ट्र संघको महासभाले नोभेम्वर १९८९ मा बाल अधिकार सम्वन्धी महासन्धि पारीत गरि उक्त महासन्धिको धारा १९(१) ले बाल बालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार हेला वा उपेक्षित व्यवहार वा यौन अवचार लगायत दुर्व्यहार तथा शोषणहरुबाट वैधानिक प्रशासनिक सामाजिक वा शैक्षिक उपायहरु अपनाउने छन् । धारा १९(२) मा राज्य पक्षबाट आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागि समेत प्रभावकारी उपाय गर्नु पर्ने व्यवस्था भै सो महासन्धिमा उल्लेख भएका प्रावधानलाई नेपालले १९९० मा अनुमोदन गरी वालवालिका सम्वन्धी ऐन २०४८ र नियमावली समेत तर्जुमा भई सकेकोछ। विपक्षीहरुले आमाको समेत मृत्यू भै सकेका कलिको उमेरका वालक धिरज के.सी. लाई ५।७ वर्ष अगाडी पढाई दिने प्रलोभन दिई फकाई काठमाण्डौं ल्याई केही समय पढाए जस्तो गरी पछी घरमा काम गर्ने मानिस भएन भनि स्कुलबाट झिकि निजलाई विभिन्न किसिमबाट कुटपीट गरी दुःख दिन थालेका र भरपेट खान नदिने सानो गल्ती गर्दा वा केही नगर्दा पनि उसलाई कुटी हाल्ने निजको स्वास्थमा प्रतिकुल असर पर्ने निधाउने औषधी खुवाएर सुताउने त्यसले गर्दा विहान उठन ढीलो भए लठ्ठीले हिर्काइ उठाउने र सो यातना सहन नसकी कतै गएमा खोजेर ल्याई कुटपिट गर्ने गरेका र २०५३।४।१२ गते देखि कहिले धागोले कहिले कुकुरको साङ्गलाले दुवै खुट्टा कस्ने र केही दिनपछि निजलाई विहान वेलुका मरुन्जेल काम गर्न लगाउने कही कतै हिड्न नदिनका लागि फलामको सिक्रीले बांधी घाटीमा दुईवटा र खुट्टामा दुइवटा ताल्चा लगाई पाइला मात्र चल्न सकिने अवस्थामा भाडाकुडा मोल्न र टूवाइलेट सफा गर्न लगाइ कार्यालय जाने गरेको कुरा संचार माध्यमहरु पत्रपत्रिकाबाट जानकारी हुन आएको र बालबालिका माथी गरिने दुर्व्यहार सार्वजनिक चासोको विषय भएको र वालकको हक हितको लागि कलीलो वालक धिरज के.सी लाई कुर एवं यतनापूर्ण व्यवहार गर्ने विपक्षीहरु उपर आवश्यक सजाय समेत गर्न वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा २० बमोजिम जो सुकैले वालकका तर्फबाट निवेदन दिन सक्ने हुदा विपक्षीहरुले वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ७ विपरीत वालक धिरज के.सी. माथि क्रुर यातनापूर्ण व्यवहार गरेको हुनाले निजहरुलाई सोही ऐनको दफा ५३ को उपदफा ३ बमोजिम सजाय गरी पीडितलाई उचित क्षतिपूर्ति समेत विपक्षीहरुबाट भराई

पाउ भनि वाल स्याहार केन्द्र सिवीन वस्ने धिरज के.सी. को हंकमा जनसरोकार मंचका र आफ्ना हकमा समेत अधिवक्ता प्रकाश मणी शर्मा, जन संरक्षण मंच र आफ्ना हकमा समेत अधिवक्ता अम्विका प्रसाद कोइराला, जनसंरक्षण मंच र आफ्ना हकमा समेत अधिवक्ता शर्मिला पराजुली समेतका २०५३।६।११ मा संयुक्त निवेदन परि कार्यवाही चल्दै जांदा प्रमुख जिल्ला अधिकारीले सार्वजनिक अपराध ऐन अन्तर्गत कारवाही गरेको र वालवालिका सम्वन्धी ऐन २०४८ को उद्देश्य र मनसाय विपरित कार्य गरेको हुँदा सो बदर गरी पाउन सम्मानित श्री सर्वोच्च अदालतमा रिट दायर गरी कार्यवाहि चलिरहेको हुदा सो मुद्दा किनारा नभए सम्म प्रस्तुत मुद्दा मुलतवी राखी पाउ भनि निवेदन दिई सोही निवेदन अनुरुप २०५४।३।१३ मा मुलतवी रहने आदेश भई २०५८ ।८।२८ को श्री स.अ.को फैसला अनुसार कार्यवाहीको लागि वादिहरु २०५८।५।२० मा निवेदन परी मुलतवीबाट सोही मितिमा जगाई कारवाही चलेको ।

मिति २०५३।५।५ मा धिरज के.सी. लाई साङ्गलोले बांधेको अभियोग लगाई दायर गरेको सार्वजनिक अपराध मुद्दामा सजाय पाएको र निजको आमाको मृत्यू भई निजको वावुको स्वीकृतिले निजको वहिनी रीता के.सी. समेतलाई ९ बर्ष अगाडि बालककै अवस्थामा ल्याई हेरबिचार गरी पालन पोषण गरी आइको र निज धिरज केसीलाई विद्यालयमा पनि भर्ना गरि दिएकोमा विद्यालय नगइ घरको पैसा चोर्ने र खराब साथीको संगतमा परि खराब आचारणहरु गर्ने गरेकोले बानी सुध्रियोस भनि मैले सुधार्न अभिभावकको हैसियतले गरेको कार्यलाई पत्र पत्रिकाले अतिरजीत रुपमा प्रस्तुत गरेको सव झुठ्ठा हो एउटै कसुरमा दोहोरो सजाय पाउनु पर्ने नहुंदा विपक्षिहरुको निवेदन खारेज गरी पाउं भन्ने प्र. मधुसुदन मुनाकर्मीको प्रतिउत्तर पत्र ।

विपक्षीहरुको म उपर लगाएको आरोप झुठा हो सोही कसुरमा मेरो पतिलाई सार्वजनिक अपराधमा सजाय गरि सकेको छ । म उपर कस्तो प्रकारको कसुर गरेको हो सो स्पष्ट खुलाउन सकेको छैन म उक्त घटना हुनु भन्दा अगाडि २०५३ । ४। १० गते नै आफ्नो माइति सर्लाही गइ भाद्र ७ गते काठमाडौं आएको र काठमाडौं आए पछि मात्र मैले यथार्थ जानकारी पाएको हो निज धिरज के.सी. लाई सानै उमेर देखि राम्ररी नै पालन पोषण गरि आएको निजलाई नराम्रो क्रुर व्यवहार गरेको मलाई थाहा छैन मैले कुनै कसुर नगरेको हुंदा म उपरको निवेदन दावि खारेज गरी पाउ भन्ने ज्ञानु मुनाकर्मीको प्रतिउत्तर पत्र ।

बुझिएका वादीका साछी सोभा गौतमले वादीको निवेदन जिकिरलाई समर्थन गरी वकपत्र गरेको र प्रतिवादीहरुले साक्षी उपस्थित नगराएको ।

<u>अदालतको ठहरः</u>

नियमानुसार दैनिक पेसी सूचीमा चढी पेश भएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन २०४८ को दफा ७ अ.वं. २९ र वालवालिका सम्वन्धी ऐन २०४८ बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको भै निर्णय तर्फ विचार गर्दा यसमा विपक्षि मधुसुदन मुनाकर्मी तथा निजकी श्रीमती ज्ञानु मुनाकर्मी समेतले वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ७ विपरित वालक धिरज के.सी. माथि क्रुर र यातनापूर्ण व्यवहार गरेको हुनाले निज अन्यायीहरुलाई उक्त ऐनको दफा ५३(३) बमोजिम सजाय गरी क्षतिपूर्ति समेत दिलाइ भराइ पाउं भन्ने समेतको वादी दावी, धिरज के.सी. र निजकी वहिनीलाई निजहरुको वावुको स्वीकृतिले ९ वर्ष अगाडि वालक अवस्थामा ल्याई पालन पोषण गरेको हो निजले राम्ररी पढिलेखि आफ्नो स्थान वनाउन सकोस भनि मैले विद्यालयमा भर्ना गरि दिएकोमा निज विद्यालय नजाने पढ्न मन नगर्ने घरको पैसाहरु चोर्ने वाहिर खराव साथीहरुको संगतमा परि खराव आचरण गर्ने गरेकोले सुध्रियोस भनि निजलाई सम्झाउदा नमानी खराव आचरण गर्ने गरेकोले निजलाई सुधार्नको लागि संरक्षकको हैसियतले गरेको कार्यलाइ वालवालिका सम्बन्धी ऐन २०४८ को दफा ७ को प्रतिवन्धामक वाक्यांशले सजाय गर्न मिल्दैन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (२) ले कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा वढि मुद्दा नचलाइने र सजाय गर्ने छैन भनि सम्वैधानिक व्यवस्था गरेको र मलाई यसै कसुरमा केही सार्वजनिक अपराध नियन्त्रण ऐन २०२७ को दफा २(झ) (ज) अनुसारको कसुर गरेको ठहरी फैसला भएको र दण्ड सजाय समेत भोगी सकेकोले एकै विषयमा दोहोरो सजाय गर्न मिल्दैन भन्ने समेतको मधुसुदन मुनाकर्मीको प्रतिउत्तर पत्र र मैले प्रतिवादी उपर के कस्तो अमानविय एवं क्रुर व्यवहार गरेको हो सो कुरा दावीमा उल्लेख गर्न नसकेको र वालकलाई ल्याई राम्रोसँग पालि राखेको र निजले कुनै गल्ती गरे सम्झाउने हप्काउने सम्म गरेको हो श्रमिकको रुपमा काममा लगाएको छैन भन्ने समेतको प्र. ज्ञानु मुनाकर्मीको प्रतिउत्तर जिकिर भएको मुद्दामा वादी तर्फबाट रहनु भएको विद्धान अधिवक्ता श्री राजु प्रसाद चापागाईंले प्रतिवादीहरुले वालवालिका सम्वन्धी ऐन अर्न्तगत नावालकलाई गर्नु पर्ने कार्य नगरी पीडित वालक धिरज के.सी. लाई विभिन्न किसिमको क्रुर यातनापूर्ण व्यवहार गरेको र त्यस्तो कार्यलाई वालवालिका सम्वन्धी ऐन २०४८ ले निषेध गरेको हुंदा दावी बमोजिम सजाय गरी पीडितलाई प्रतिवादीहरुबाट क्षतिपूर्ति समेत भराई पाउं भन्ने र प्रतिवादीहरुका तर्फबाट रहनु भएका विद्धान अधिवक्ताहरु व्दय श्री लव मैनाली र सोमनाथ सापकोटा र धिरज के.सी. हाल सावालक भैसकेको छ सावालक भैसके पछि आफ्नो मुद्दा आफै सकार गर्नु पर्नेमा सो गरेको छैन तसर्थ यो मुद्दा खारेज गरी पाउं । संरक्षकमा लिएको वालकलाई

पालेको छ वालकलाई कुन मितिमा यातना दिएको हो सो कुरा दावीमा उल्लेख छैन वालवालिका सम्वन्धी ऐनको दफा ५४ को हद म्याद नाघेको छ दावी बमोजिम सजाय हुनु पर्ने होइन भनी गर्नु भएको वहस समेत सुनि निर्णय तर्फ हेर्दा निम्न लिखित कुरामा निर्णय दिनु पर्ने देखिन आयो ।

(क) सावालक भैसके पछि मुद्दा आफैले सकार गर्नु पर्ने हो होइन र प्रस्तुत फिराद पत्र वालावालिका सम्बन्धि ऐन २०४८ को दफा ५४ को हद म्याद भित्र दायर भएको छ छैन?

(ख) जिल्ला प्रशासन कार्यालयमा प्रतिवादी मधुसुदन मुनाकर्मी विरुद्ध दायर भएको सार्वजनिक अपराध मुद्दा र यो मुद्दाको विषय वस्तु एउटै हो होइन? दोहोरो खतराको सिद्धान्त प्रस्तुत मुद्दामा लागु हुने हो होइन?

(ग) प्रतिवादीहरुले निजलाई संरक्षणमा राखेको अवस्थामा वालवालिका सम्वन्धी ऐन २०४८ बमोजिमको सुविधा दिएको थियो थिएन?

(घ) राखेको पीडित वालकलाई यी प्रतिवादीहरुले क्रुर अमानवीय यातना दिएको हो होइन?

(ङ) हो भने प्रतिवादीहरुलाई के कति सजाय हुने र पीडितले के कति क्षतिपूर्ति भराई लिन पाउने हो?

सर्वप्रथम पीडित वालक सावालक भैसकेको छ निजले मुद्दा सकार गरेको छैन भन्ने सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दा वालक नावालक छदा निजले प्रतिवादीहरुबाट पाएको यातना सम्वन्धमा अदालतको अनुमति लिई मुद्दा दायर भएको र कार्यवाही चल्दै जांदा वालक साबालक भएको देखिन्छ । साबालक भैसकेपछि मुद्दा सकार गर्ने नगर्ने अधिकार पिडित बालक माथिनै हुने हुंदा निजले सकार नगरेको कारणले प्रस्तुत मुद्दामा सजाय गर्न मिल्दैन भनि भन्न मिलेन प्रस्तुत फिराद पत्र वालवालिका सम्वन्धी ऐन २०४८ को दफा ५४ को हदम्याद मित्र परेको छ छैन भन्ने तर्फ हेर्दा उक्त ऐनको दफा ५४ मा "यो ऐन अन्तर्गत सजाय हुने कसुरका सम्बन्धमा सो भए गरेको मितिले १ वर्ष भित्र मुद्दा दायर गर्नुपर्छ" तर वदनियतपुर्वक वालकको सम्पत्ति वेचविखन गरेकोमा जहिलेसुकै पनि वालकलाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको मितिले ३ वर्ष सम्म नालिस लाग्न सक्नेछ भन्ने उल्लेख भएको र यी वालक धिरज के.सी लाई प्रतिवादीहरुले आफ्नो संरक्षकत्वमा लिई राखेको अवस्थामा विभिन्न क्रुर र अमानवीय यातना दिएको भन्ने कुराको पुष्टि पीडित धिरज के.सी.ले यसै लगाउको वादी हकमा तारक धितालले दायर गरेको स.फौ.न) २८२ को क्षतिपूर्ति समेत मुद्दामा तारेखमा रहेका पक्षबाट उपस्थित गराई ०५८।१२।१९।२ मा वयान गर्दा सविस्तार प्रतिवादीहरुबाट भए गरेको कुरा उल्लेख गएको र बुझिएका सोभा गौतमको बकपत्रबाट देखिन्छ । त्यसरी पिडित बालकले पाएको यातना फोटो २०५३/५/७ को कान्तिपुर दैनिक

पत्रिकामा निस्केको र त्यसपछि मात्र पीडितले प्रतिवादीहरुको हातबाट छुट्कारा पाई सो छुट्कारा पाएको म्यादबाट प्रस्तुत मुद्दामा फिरादपत्र दायर भएको हुदा हद म्याद नाघेको भन्ने विद्धान अधिवक्ताहरुको वहस जिकिर संग सहमत हुन सकिएन ।

फिरादपत्र ऐनको दफा ५४ बमोजिमको हद म्याद भित्र दायर भएको देखिए पछि जिल्ला कार्यालयमा प्रतिवादी मधुसुदन मुनाकर्मी विरुद्ध दायर गरेको सार्वजनिक अपराध मुद्दा र यो मुद्दाको विषय वस्तु एउटै हो होइन दोहोरो खतराको सिद्धान्त प्रस्तुत मुद्दामा लागु हुने हो होइन भन्ने सम्वन्धमा हेर्दा यसै विषयमा धिरज के.सी. को हकमा शर्मिला पराजुली विरुद्ध प्रतिवादी मधुसुदन मुनाकर्मी भएको २०५४ सालको रिट नं. ३१२३ को उत्प्रेषणको आदेश जारी गरी पाउ भन्ने मुद्दामा सर्वोच्च अदालत संयुक्त इजलासबाट मिति २०५३।६।११ मा वालवालिका सम्बन्धी ऐन २०४८ को दफा २०(१) बमोजिम दिएको उजुरी निवेदन उपर दिएको कार्यवाही केहि सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ को दफा ८ ले निष्कृय हुन जान्छ भन्ने वहसका सम्बन्धमा विचार गर्दा सार्वजनिक अपराधमा सजाय हुने कसुरमा अन्य कानुन बमोजिम पनि कार्यवाही चलाउन सकिने व्यवस्था सो ऐनको दफा ८ को बनोटबाट देखिन्छ । दफा ८ प्रतिवन्धात्मक वाक्यांसमा सो ऐन अन्तर्गत कार्यवाही र सजाय भै सकेकोमा सोहि कसुरमा अन्य कानून अन्तरर्गत सजाय गर्न निषेध गरेको सम्म देखिन्छ । जो की प्रत्यार्थि तर्फका विव्दान अधिवक्ताले जिकिर लिएको दोहोरो खतराको सिद्धान्तद्धारा निषेधित स्थिति समेत हुने स्वत स्पष्ट छ । दोहोरो खतराको सिद्धान्तलाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ को उपधारा २ ले कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा बढि मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने फौजदारी न्याय सम्वन्धी हकको रुपमा प्रत्याभूत समेत गरेको देखिन आउछ । तर रिट निवेदकहरुले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको उजुरी निवेदन सार्वजनिक स्थानमा कुनै मानिस उपर भयावह अवस्था सृजना गरी त्यहाँ रहे भएका मानिसहरुलाई त्रासयुक्त पारी त्यस प्रकृतिको पीडा पुर्‍याए बापत सार्वजनिक अपराधको कसुर र पिडित ब्यक्ति एउटा बालकलाई १५/२० दिन देखि बालकलाई वादछाद गरि कानुन विरुद्ध काममा लगाएमा वालवालिका सम्वन्धि ऐन २०४८ द्धारा सुरक्षित अधिकार हनन् भैराखेको भनि सो ऐनको २० (१) अन्तरर्गत दिएको उजुरी वेग्लै प्रकृतिको उजुरी भएको देखिन आउँछ । सार्वजनिक अपराध सम्वन्धी कार्यवाहीमा सार्वजनिक स्थलमा जनसाधरणलाई त्रासयुक्त वातावरण सृजना गरेको कसुर उपर कार्यवाही भएको र रिट निवेदकहरुले काठमाण्डौं जिल्ला अदालतमा दिएको उजुरीमा १५।२० देखि वादछाद गरि कानून विरुद्ध काममा लगाइएको भन्ने एक वालकको कानून बमोजिमको हक अधिकार विरुद्धको

कार्य उपर वालवालिकाको हक अधिकार संरक्षणको विषय भएकोले सार्वजनिक ठाउँमा भएको सार्वजनिक अपराध र सजाय ऐन अर्न्तगत सजाय भएको र प्रस्तुत मुद्दा वालकलाई सार्वजनिक स्थानमा गरेको कार्य उपर सार्वजनिक अपराध र सजाय भएको र प्रस्तुत मुद्दा वालकलाई श्रमिकको रुपमा घरमा काममा वालकलाई श्रमिकको रुपमा घरमा काममा लगाई वालकलाई विभिन्न यातना दिएको विषयमा दायर भएको देखिँदा दुई मुद्दाको विषय वस्तु फरक फरक रहेको हुँदा प्रस्तुत मुद्दामा दोहोरो सजाय गर्न मिल्दैन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिरसँग सहमत हुन सकिएन ।

पीडित धिरज के.सी.लाई प्रतिवादीहरुले संरक्षकमा लिइ राखेको भन्ने वादीको फिरादपत्रमा उल्लेखित व्यहोरा र प्रतिवादीहरुको प्रतिउत्तरवाट समेत पीडितलाई प्रतिवादीहरुले नावालक छदाकै अवस्थामा आफुहरुले संरक्षणमा लिएको कुरा निर्विवाद रुपमा देखिन आयो । संरक्षणमा राखेको वालकलाई बालबालिका सम्वन्धी ऐन २०४८ बमोजिमको सुविधा दिएको थियो थिएन भन्ने तर्फ हेर्दा फिराद लेख र प्रतिउत्तर पत्रबाट यी पीडित धिरज के.सी. लाई प्रतिवादीहरुले वावुको स्वीकृति लिई आफुहरुले संरक्षणमा लिएको बालकलाई उचित स्याहार संरक्षण शिक्षा स्वास्थ उपचार लगायतका सम्पूर्ण दायित्व यी प्रतिवादीहरुमा रहेको र *वालवालिका सम्वन्धी ऐन २०४८* को प्रस्तावनालाई हेर्दा "वालवालिकको हकहित संरक्षण गरी तिनीहरुको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले" भनि वालवालिकाको हकहित संरक्षणको लागि प्रस्तुत ऐन बनेको र *वाल अधिकार सम्वन्धी महासन्धि सन् १९८९र यातना तथा क्रुर अमानीय व्यवहार वा सजाय सम्वन्धी महासन्धि १९८४ लाई* नेपालले अनुमनोदन गरि सकेको र नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा मानव अधिकारको संरक्षण गर्ने उल्लेख भएको र संविधानको धारा २६ (८) मा राज्यले वालवालिकाको शोषण हुन नदिइ उनिहरुको हकहितको रक्ष गर्न आवश्यक व्यवस्था गर्नेछ र निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ भन्ने र ऐ को (९) मा राज्यले अनाथ वालवालिका असहाय महिला वृद्ध अपांग र असक्तहरुको संरक्षण उन्नतिको लागि शिक्षा स्वास्थ र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्नेछ भन्ने र धारा २० मा मानिसलाई वेचविखन गर्ने दास तुल्याउन वाधा वनाउन वा कुनै किसिमका निजको इन्छा विरुद्ध काम गराउन निषेध गरिएको छ । यस्तो कार्य कानून द्धारा दण्डनीय हुनेछ । तर सार्वजनिक प्रयोजनको लागि कानून द्धारा अनिवार्य सेवाको व्यवस्थ गर्न वाधा पर्ने छैन । नावालकलाई कुनै करकारखाना खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन भनि संवैधानिक रुपमा अधिकारको प्रत्याभूति गरेको देखिन्छ। *बाल अधिकार महासन्धि १९८९* को धारा १८ मा वालावालिकाको लालन पालन र विकासका निमित्त वावु आमा

र वैधानिक अभिभावकको प्रथम दायित्व हुने व्यवस्था,धारा १९ मा वावु आमा वा वालवालिकाको स्याहारको निमित्त उत्तरदायी व्यक्तिहरुद्धारा हुन सक्ने कुनै पनि प्रकारका शारिरिक र मानसिक चोट वा दुरव्यवहार हेला वा उपेक्षित व्यवहार लगायतका दुरव्यवहार तथा शोषणबाट संरक्षण गर्ने सम्बन्धी व्यवस्था , र धारा ३७ मा कुनै पनि वालवालिकालाई यातना वा अन्य कुनै ऋुरता अमानवीय व्यवहार वा सजाय सम्वन्धी महासन्धिको धारा २ र १४ ले पनि यातनावाट संरक्षण गरेको र उक्त सन्धिहरुलाई नेपालले मान्यता दिइ हस्ताक्षर गरिसकेको देखिन्छ । यी उल्लेखित महासन्धि बमोजिम नेपालले पनि वालवालिका सम्वन्धी ऐन लागु गरी उक्त ऐनको दफा ७ मा वालवालिकालाई क्रुर र यातनापूर्ण व्यवहार गर्न नहुने र दफा १५ मा कठोर सजाय दिन नहुने भनि व्यवस्था गरेको देखिन्छ ।

यसरी नेपालले माथि उल्लेखित सन्धिहरुमा हस्ताक्षर गरि सकेपछि ती सन्धिहरुमा उल्लेखित कार्यहरुको पूर्ण रुपमा दायित्व पनि राज्यको हो । नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले पनि उक्त कुरालाई प्रष्ट गरेको पाइन्छ । यसरी नेपाल अधिराज्यको संविधान र वालवालिका सम्वन्धी ऐन बमोजिम आफुले संरक्षकत्वमा लिएको व्यक्तिलाई आधारभूत सुविधा दिनुपर्ने कर्तव्य प्रतिवादीहरुको हो । त्यसरी संरक्षणमा लिएको व्यक्तिको उचित रुपमा स्याहार शिक्षा दिक्षा भएन भने त्यस्तो कार्य दण्डनीय हुने हुन्छ । प्रतिवादीहरुले आफुले संरक्षणमा लिएको कुरालाई स्वीकार गरेको, संरक्षकको हैसियतले गरेको कार्यमा सजाय नहुने भनि प्रतिवादीहरुले जिकिर लिए पनि सो तर्फ कुनै प्रमाण दिन नसकेको कहा कुन स्कुल भर्ना गरेको हो, के कस्तो प्रकारको सुविधा दिएको थियो सो स्पष्ट रुपमा प्रतिवादीहरुले उल्लेख गर्न नसकेका, २० औं शताब्दीमा एउटा वालकलाई संरक्षण दिन्छु भनि ल्याई संरक्षण दिएको नाममा वालकलाई पशुवत व्यवहार गरि सिक्रीले बांधेको ,क्रुर अमानवीय व्यवहार गरेको मिसिल संलग्न रहेको प्रकाशित समाचारको फोटोकपीबाट देखिएको र पीडित धिरज के.सी. को ०५८।१२।१९ को वयानबाट सो कुरा प्रमाणित भएको देखिदा राज्यले स्वीकार गरेको महासन्धिहरु र वालवालिका सम्वन्धी ऐन बमोजिम वालकलाई दिन पर्ने आधारभूत सुविधा प्रतिवादीहरुले दिएको देखिएन ।

कस्तो कार्यलाई क्रुर र अमानवीय यातना भनिन्छ भनि हेर्दा Blacks law dictionary 8th Edition पृष्ट ३४० मा Cruelty○ The intentionel and malicious infliction of physical or mental suffering upon living creatures particulary human beings of as applied to the later wanton, malicious and unnecessary infliction of pain upon the body,or the feelings and emotions, abusive treatment inhumanity, outrage भनि अर्थात कुरताको

अर्थ निठुरता, जीवित प्राणी विशेष मानवजाती माथि शारीरिक दुःख पुऱ्याउने , जानाजान द्धेषपूर्ण कार्य वा कुनै व्यक्तिको भावना, विचार वा शरीरमाथि निच द्धेषपूर्ण र आवश्यक रुपमा कष्ट पुऱ्याउने कार्य अमानवीयता निष्ठुर व्यवहार भनि परिभाषा गरेको पाइन्छ । भार्गव आदर्श हिन्दी शष्दकोष पृष्ठ ३५९ छैठौं संसकरणमा निर्दय (दयाहिन, निष्ठुर) निर्दयताको निष्ठुरता भन्ने र नेपाली शब्दकोष सम्पादक वालचन्द्र द्धुतिय प्रकाशन पृष्ठ ५७७ मा निर्दयको अर्थ दया नभएको निष्ठुर, निर्दयता भन्ने र भार्गव डिक्सनेरीमा Cruel (क्रुर) को अर्थ निर्दय निष्ठुर भन्ने र नालन्द करेन्ट डिक्सनेरी पृष्ठ ३१८ मा Cruel निष्ठुर, क्रुर,कठोर, निर्दय, दुखदाय भनि उल्लेख गरेको देखिन्छ भने नेपाली वृहद शष्दकोषमा अमानवीय भन्ने शष्दको अर्थमा मानिसले गर्न नसक्ने, नहुने वा नसुहाउने दानवीय वा आसुरी, मानिसलाई उचित नहुने तथा नसुहाउने गुणका व्यवहार भनि परिभाषा गरेको देखिन्छ । Convention againt torture and other cruel inhuman or degrading treatment or punishment 1984 sf] article 1(1) df torture means any act by which severe pain of suffering, whether physical or mental is intentionally inflicted on person for such purposes____भन्ने समेत उल्लेख भएको देखियो । नेपालको कानूनी व्यवस्थाको अध्ययन गर्दा २० साल भन्दा अगाडि गम्भिर प्रकृतिको फौजदारी मुद्दामा अपराधीहरुलाई मात्र पुर्पक्षको निमित्त नेलठोकी थुनामा राख्ने व्यवस्था तत्काल प्रचलित मुलुकी ऐन अ.व.१५२ मा व्यवस्था गरेको देखिन्छ भने कारागारमा कैद गर्दा पनि त्यस्तै ज्यान दामन हुने र गम्भिर प्रकृतिका चोरी डाका मुद्दामा नेल, हतकडी, गलफन्दि समेत हाल्ने व्यवस्था तत्काल प्रचलित खोर झेलखानाको कैदि थुनुवाको २ नं. मा व्यवस्था भएको देखिन्छ। २०२० साल पछि मुलुकी ऐनमा तत्सम्वन्धी व्यवस्था हटाएको पाइन्छ । कारगार ऐन २०१९ लागु भए पछि सामान्य अपराधीलाई पनि नेल हतकडी लगाउने व्यवस्था भएको पाइदैन । कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा सोही ऐनको दफा २२(२) बमोजिम वल प्रयोग गर्ने अपराधीहरुलाई मात्र कारागार भित्र नेल वा हतकडी लगाउने प्रावधान रहेको देखिन्छ। यसरी संविधानको भावना अनुसार नागरिकको व्यक्तिगत स्वतन्त्रताको संरक्षण हुँदै आएको देखिन्छ। राज्यले समेत साना तिना अपराध गर्ने व्यक्तिलाई नेल हतकडी लगाउन वन्देज लगाएकोमा व्यक्तिले आफ्नो संरक्षणमा लिएको वालकलाई साङ्गलाले बाँध्ने कार्य गर्दछ भने सो कार्यलाई क्रुर र पर्याप्त मात्रामा अमानवीय व्यवहार गरि पर्याप्त मात्रामा यातना दिएको मान्नु पर्दछ । यसरी संरक्षणमा राखेको पीडित वालकलाई यी प्रतिवादीहरुले क्रुर र अमानवीय यातना दिएको हो होइन भन्ने सम्बन्धमा हेर्दा प्रतिवादीहरुले धिरज के.सी. लाई आफूहरुले संरक्षणमा लिएपछि निज वालकलाई दिन पर्ने सम्पूर्ण सुविधा दिन पर्नेमा सो नगरी

संरक्षणमा लिएको नाउमा आफूहरुले जे गरे पनि हुन्छ भन्ने ठानी वालकलाई दिन पर्ने सुविधा नदिइ वालकमाथि विभिन्न किसिमबाट कुटपिट गरि दुःख दिने भरपेट खान नदिने मानवीय व्यवहार नगरी कलिलो बालकलाई काममा लगाउने नमाने कुटपिट गर्ने आफु काममा जाँदा भाग्छ भनि सिक्रीले बाध्ने भागेको ठाउँबाट समातेर ल्याई साङ्गलाले दुवै खुट्टा बाधने गरि यी पीडित वालकलाई विभिन्न प्रकारको यातना दिई निजको वालकको जीवनमा विभिन्न किसिमको मनोवैज्ञानिक असर पर्ने कार्य यी प्रतिवादीहरुले गरेको र सो कुरा मिसिल संलग्न प्रकाशित समाचार, प्रकाशित फोटो स्वयं पीडित वालकको वयानबाट पुष्टि भएको देखिंदा प्रतिवादीहरुले पीडित क्रुर र अमानवीय व्यवहार गरि यातना दिएको पुष्टि हुन आयो । तसर्थ यी माथि उल्लेखित बुंदा प्रमाणहरुबाट प्रतिवादीहरुले पीडित वालक धिरज के.सी. माथि क्रुर र अमानवीय व्यवहार गरेको देखिदा वादी दावी बमोजिम आरोपित कसुर गरेको ठर्हछ । अब प्रतिवादीहरुलाई के कति सजाय गर्ने हो भनि हेर्दा ऐनको दफा ५३(३) मा कैद वा जरिवाना गरि दुवै किसिमको सजायको व्यवस्था गरे पनि यी प्रतिवादीहरुले वालकलाई आफ्नो संरक्षणमा लिएको कुरालाई स्विकार गरेका र संरक्षणमा लिएपछि सुरुको समयमा दिएको उचित संरक्षण कुनै यातना दिएको नदेखिएको र पछि आएर प्रतिवादीहरुको व्यवहारमा परिवर्तन भएको देखिएको र त्यसरि व्यवहारमा परिवर्तन भए पछि पीडितलाई क्रुर र अमानवीय व्यवहार गरेको देखिएको हुँदा ऐनमा कैद र जरिवानाको दुवैको व्यवस्था भएको देखिए पनि प्रतिवादीहरुको उमेर समेत विचार गर्दा जरिवाना सजाय नै पर्याप्त हुने हुँदा र प्रतिवादी मध्ये मधुसुदना मुनाकर्मीलाई सार्वजनिक अपराधमा सजाय भैसकेको र प्रतिवादीहरुले यस्तो कार्य पहिलो पटक गरेको देखिँदा जरिवानाको सजाय नै पर्याप्त हुने हँदा दफा ५३(३) बमोजिम प्रतिवादीहरुलाई जनही रु ३०००।- का दरले जरिवाना हुने ठहर्छ ।

अब क्षतिपूर्तिको हकमा यी प्रतिवादीहरुबाट वालकलाई के कति क्षतिपूर्ति भराई दिने हो सो सन्दभमा विचार गर्दा पीडित वालकलाई पर्न गएको क्षेती , सम्मानपूर्वक बाँच्न पाउने उसको अधिकारमा पर्न गएको असर र कलिलो उमेरमा भोग्नु परेको क्रुर एवं अमानवीय व्यवहारबाट पुग्न गएको पिडालाई हेरी उचित राहत दिनु पर्ने कुरालाई अदालतले उच्चतम महत्व दिनु पर्ने हुन्छ । साथै अपराधको प्रकृति कसुरको गम्भिरता प्रतिवादीहरुको आर्थिक स्थिति र पारिवारिक अवस्था समेतलाई अदालतले क्षतिपूर्तिको सन्दर्भमा दृष्टिगत गर्नु पर्ने दायित्व पनि रहन्छ तसर्थ यी कुराहरुलाई समग्रमा हेरी यी दुई प्रतिवादी मध्ये मधुसुदन मुनाकर्मी औषधी व्यापार गर्ने र निजको श्रीमतिको व्यवसाय भएको नदेखिएको एउटाको आम्दानीबाट आश्रीत परिवारहरु पाल्नु पर्ने अवस्था देखिदा उल्लेखित आधारमा प्रतिवादीहरुबाट दामासाहीले पीडित वालक धिरज के.सी. ले रु.

७५,०००।-(पचहत्तर हजार रुपैया) क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ। अरु तपशिल बमोजिम गर्नु।

तपशिल

१. निम्न प्रतिवादीहरु के माथी इन्साफ खण्डमा कसुर गरेको ठहरी निजहरुलाई बालवालिका सम्बन्धी ऐन २०४८ को दफा ५३(३) अनुसार जनही रु ३०००।- का दरले जरिवाना हुने ठहरेकाले निजहरु गैर हुंदा असल गर्न लगत दिनु.......................................१
प्रतिवादी मधुसुदन मुनाकर्मी के रु ३०००।-
ऐ ज्ञानु मुनाकर्मी के रु ३०००।-

२. पीडित धिरज के.सी के प्रतिवादी मधुसुदन मुनाकर्मी ज्ञानु मुनाकर्मी ,ज्ञानु मुनाकर्मीबाट माथी ईन्साफ खण्डमा रु ७५,०००।-(पचहत्तर हजार ) क्षतिपूर्ति वापतको रकम भराई लिन पाउने ठहरेकाले पुनरावेदन परि यही फैसला सदर भएमा वा पुनरावेदनको अवधी व्यात्तीत भए पछि ऐनका म्याद भित्र प्रतिवादीहरुको जेथा देखाई उक्त रकम भराई पाउं भनी दरखास्त दिए सो रकम दामासाहीले प्रतिवादीहरुबाट पीडितलाई भराई दि भराए वापत कोर्टफी ऐनको दफा १३ ले दशौद पीडित पक्षबाट लिन लगत दिनु..........................................२

३. हाजीर नरहेका प्रतिवादीहरुलाई यो फैसला प्रती चीत्त नबुझे बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्नु भनि पुनरावेदनको म्याद जारी गरी निस्सा मिसिल सामेल राख्नु......................३

४. नक्कल माग्नेबाट नियमानुसार लाग्ने दस्तुर ली नक्कल सारी सराई दिनु यो मुद्दाका दायरी लगत कट्टा गरी अभिलेख संरक्षकलाई बुझाई दिनु.......................................४

श्रीमान्‌बाट वोली फैसला टाइप गर्ने
टा.ना.सु.सुन्दर बहादुर कार्की
(फाँटवाला : ना.सु नारायण वि.सी.)

....................
न्यायाधीश

इति सम्बत २०५९ साल बैशाख २० गते रोज ६ शुभम्.......................................।

**श्री काठमाडौं जिल्ला अदालत**

**बाल इजलास**

**माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री शारदा प्रसाद घिमिरे**

**फैसला**

**सम्वत् २०५८/०५९ सालको स. फौ. दा. नं. २८२**

**राय नंम्बर : २६५**

**मुद्धाः– क्षतिपुर्ति समेत।**

**वादीको नाम, थर, वतनः–**

का.जि.का.म.न.पा वडा नं. १३ बाफल स्थित नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन) मा रहेको बर्ष १२ को् धिरज के.सीको हकमा ऐ केन्द्रका कार्यक्रम संयोजक ऐ वडा नं.२ लाजिम्पाट बस्ने बस्ने तारक धिताल.............................१

साक्षी :

कागज :

**प्रतिवादीको नाम, थर, वतनः-**

जि. पाल्पा तानसेन न.पा.वडा नं ३ घर भई का.जि.का.म.न.पा वडा न ११ त्रिपुरेश्वर कुमारी मार्गमा डेरा गरी बस्ने मधुसुधन मुन ाकर्मी.....................................१

साक्षी :

कागज :

**अदालतबाट बुझेको**

**साक्षी :–**

**कागज :–**

मुद्धाको संक्षिप्त तथ्यः–

बाल बालिका सम्बनधी ऐन २०४८ को दफा २ को खण्ड (क) ले व्यवस्ता गरे अनुरुप पीडित धिरज के.सी बर्ष १२ को बालक हुन। निजलाई ऐनको उद्देश्य विपरीत गैर कानूनी ढंगले काममा लगाइएको तथा क्रुर एवं यातना पूर्ण व्यवहार गरिएको हुदा सोही ऐनको दफा २० बमोजिम

(सिविन) का कार्यक्रम संयोजकको हैसियतले पीडितको हकमा निवेदन लिई उपस्थित भएको छु। विपक्षीले पीडित र निजको बहिनी बर्ष ७ की रिता के.सी.लाई आफ्नो डेरामा काम गर्न राखेको विहान बेलुका खाना पकाउने भाडा माभ्र्ने, लुगा धुने, घर भुई सफा गर्ने बजार गै गह्रो भारीहरु बोकी ल्याउने धारा पानी नआएका बखत डेराबाट अन्यत्रबाट पानी ओसार्नु पर्ने लगायतका उस्को उमेर तथा शारीरिक क्षेमताले धान्न नसक्ने प्रकृती समेतका कतिपय काममा लगाउने गरेको र निजलाई सिक्रीले बाँधी ताल्चा लगाई राख्ने गरेकोमा निज उक्त डेराबाट बाहरी सडकमा आए पछि सो कुराको सार्वजनिक भै पत्र पत्रिकामा समाचार प्रकाशीत भै सो कार्य उक्त ऐनको दफा ७ को वर्खिलाप भएको हुँदा निजलाई र उनकी बहिनी समेतलाई सिविनमा संरक्षणमा राखीएको र निज बालकलाई शारीरिक, मानसिक, र वौद्धीक विकासमा समेत क्षेतीपुऱ्याएको हुँदा दफा ७ को कसुरमा ५३(३) बमोजिम सजाय गरी क्षतीपूर्ति समेत विपक्षीबाट दिलाई पाउँ भन्ने वादी धिरज के.सी. को हकमा सिवीनका कार्यक्रम संयोजक तारक धितालको निवेदन।

मिति ०५३/५/५ मा धिरज के.सीलाई साङलोले बाँधेको अभियोगमा म उपर सार्वजनिक अपराध मुद्धा दायर भै सजाय पाई सकेको र निजले आमाको मृत्यु पश्चात बावुको स्वीकृतिले निजको बहिनी समेतलाई ९ बर्ष अगाडी बालकै अवस्थामा ल्याई हेर विचार गरी पालन पोषण गरी आएको र निजलाई विद्यालय भर्ना गरेकोमा विद्यालय नगै घरको पैसा चोर्ने गरेकोले बानी सप्रीयोस मैले सुधार्न गरेको कार्यलाई पत्र पत्रिकाले अतिरजित रुपमा प्रस्तुत गरेको सब झुठा हो। एउटै कसुरमा दोहोरो सजाय पाउनु पर्ने होइन निवेदन खारेज गरी पाउँ भन्ने प्र. मधुसुदन मुनाकर्मीको प्रतिउत्तर पत्र।

वादीका साक्षी जनकलाल प्रधानले निवेदक बेहोरालाई समर्थन गरी वकपत्र गरेको र प्रतीवादीका साक्षी उपस्थित नगराएको।

विपक्षीले मलाई पत्रिका ल्याउने भाँडा माझ्ने, रक्सी ल्याई दिने बच्चा हेर्ने पानी न आउदा धेरै टाढाबाट पानी ल्याउनु पर्ने भात पकाउनु पर्ने समेतका काम लाउने गर्दथे करिव १ बर्ष जती पढाएको त्यसमा पनि घरको काम सकि मात्र जानु पर्ने हुन्थ्यो। पत्रिकामा देखाइएको फोटो मेरो हो म भाग्छु भनेर जंजिरले वाँधी ताल्चा लगाएको हो म बसे पछि मलाई पिता भेट गर्न नआएको म बसेको देखी मै मैले पारीश्रमीक केही लिएको छैन। म उपर भएको ज्यादती कै कारण निवेदन परेको हो त्यसो हुँदा दावी बमोजिम हुनु पर्ने हो भन्ने बुझिएका पीडित धिरज के.सी. को ०५८/१२/१९ मा भएको बयान।

**अदालतको ठहर**

नियमानुसार दैनिक पेसी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दो न्याय प्रशासन ऐन २०४८ को दफा ७ अ.वं.२९ नं र बाल बालीका सम्बन्धी ऐन २०४८ बमोजिम यसै अदालत अधिकार क्षेत्र भित्रको भै वादी तर्फबाट उपस्थित विद्वान अधिबक्ता श्री भोजराज ऐर र प्रतीवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता दय श्री लव मैनाली र श्री सोम नाथ सापकोटाको बहस समेत सुनी वादी दावी अनुसारको कसुर यी प्रतिवादीले गरेको हो होइन ? र प्रतविादीलाई सजाय भै पीडितले क्षतिपुर्ति पाउने नपाउने के हो सो कुराको निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा पीडित धिरज के.सीलाई प्रतीवादीले बालबालिका सम्बन्धी ऐन २०४८को दफा ७ विपरित क्रुर यातना पूर्ण व्यवहार गरेको हुनाले निजलाई सोही ऐनको दफा ५३(३) बमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने पीडितलाई संरक्षण गर्ने पीडितका तर्फबाट संरक्षक भै फिराद परेको देखिन्छ । यसै सन्दर्भमा जनसरोकार मन्च, जन संरक्षण मन्च, जनहित संरक्षण मन्च समेत भै यी प्रतीवादी र निजका श्रीमती ज्ञानु मुनाकर्मी समेत उपर यसै विषयमा यसै लगाउ साथ आज पेश भएको स.फौ.नं २८१ को क्षतिपूर्ति भराई पाउँ भन्ने समेत मुद्दा रहेको र सो मुद्दा आजै यसै इजलाशबाट फैसला हुदा प्रतीवादीहरुले कसुर गरेको ठहरी निजहरुलाई जरीवाना र पीडितलाई क्षतिपुर्तिको रकम समेत भराई दिने ठहरी आजै यसै इजलाशबाट फैसला भै सकेकोले प्रस्तुत मुद्दा दायर हुनु भन्दा अगावै लगाउको मुद्दा दर्ता भएको पीडितलाई संरक्षण दिने तर्फबाट फिराद परेको देखिदा सो ठहर भएको लगाउका मुद्दामा उल्लेखित बुदाहरुको आधार प्रमाणबाट प्रस्तुत मुद्दामामा पीडितलाई क्रुर र अमानवीय व्यवहार गरेको देखीदा वादी दावी बमोजिम प्रतीवादीले आरोपीत कसुर सम्म गरेको ठहर्छ ।जहा सम्म सजाय र क्षतिपूर्ति समेतको दावी रहे तर्फ विचार गर्दा पीडितलाई क्रुर र अमानवीय व्यवहार गरेको वालवालीका सम्बन्धी ऐन २०४८ को दफा ५३(३)अनुसार जरिवाना क्षतिपूर्तिको रकम समेत यी प्रतीवादी समेतलाई सो लगाउको मुद्दाबाट सजाय भै सकेको हुंदा । यस मुद्दाबाट क्षतिपुर्तिको रकम भराइ दिन र सजाय गर्न समेत परेन । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१. प्रतीवादी मधुसुदन मुनाकर्मी के माथी इन्साफ खण्डमा प्रतीवादीले कसुर सम्म गरेको ठहरी फैसला भएकोले भएको फैसला प्रति चित्त नबुझे बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५६ बमोजिम ३५ दिन भित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्नु भनि बादी र प्रतीवादी दुवै थरीलाई पुनरावेदनको म्याद जारी गरी निस्सा मिसिल सामेल राख्नु...........१

२. नक्कल माग्ने सरोकावाला व्यक्तिबाट नियमानुसार लाग्ने दस्तुर ली नक्कल सारी दिनु । यो मुद्धाको दायरी लगत कट्टा गरी अभिलेख संरक्षलाई बुझाई दिनु.........................२

श्रीमान्‌बाट बोली फैसला टाइप गर्ने
टा.ना.सु. सुन्दर बहादुर कार्की

............................
न्यायाधीस

(फाँटवालाः ना.सु. नारायण वि.सी.)

इति सम्वत २०५९ साल बैशाख २० गते रोज ६ शुभम्...................................... ।

**श्री**

**पुनरावेदन अदालत पाटन**

**संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री माधवप्रसाद चालिसे**

**माननीय न्यायाधीश श्री मीरा खड्का**

**फैसला**

**सम्वत २०६७ सालको फौ.पु न.........CP१0030**

**इजलास नं. ४ को नि.नं.३९६**

**मद्दाः–यातनापूर्ण व्यवहार गरे वापत क्षतिपुर्ति ।**

**वादीको नाम, थर, वतनः-**

का.जि.का.म.न.पा.वडा नं. १३ स्थित नेपाल बाल मजदुर सरोकार केन्द्रमा पुनरावेदक रही हाल ऐ वडा नं.१० बस्ने धिरज के.सि...... ....................................१

**प्रतिवादीको नाम, थर, वतनः-**

पाल्पा जिल्ला तानसेन न.पा.वडा नं. ३ घर भई हाल का.जि.का.म.न.पा. वडा नं ११ त्रिपुरेश्वर कुमारी मार्गमा डेरा गरी बस्ने मधुसुदन मुनाकर्मी........................................१

ऐ. ऐ. बस्ने ऐ.ऐ.को श्रीमती ज्ञानु मुनाकर्मी..१

शुरु फैसला गर्ने न्यायाधीशः– श्री शारदा प्रसाद घिमिरे

शुरु फैसला गर्ने अदालतः– काठमाडौं जिल्ला अदालत

सुरु फैसला मितिः– २०५९/१/२०

न्याय प्रशासन ऐन,२०४८ को दफा ८(१) बमोजिम यसै अदालतको क्षत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :–

संयुक्त राष्ट्र संघको महासभाले नोभेम्बर १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारीत गरि उक्त महासन्धिको धारा १९(१) ले बालबालिकालाई शारीरिक वा मानसिक वा दुर्व्यबहार हेला वा उपेक्षित वा यौन दुराचार लगायतका दुर्व्यबहार तथा शोषणहरुबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक प्रशासनिक सामाजिक वा शैक्षिक उपायहरु अपनाउने छन् । धारा १९(२) मा

राज्य पक्षबाट आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागि समेत प्रभावकारी उपाय गर्नुपर्ने व्यवस्था भै सो महासन्धिमा उल्लेख भएका प्रावधानलाई नेपालले १९९० मा अनुमोदन गरी बालबालिका सम्बन्धी ऐन,२०४८ र नियमावली समेत तर्जुमा भई सकेको छ। विपक्षीहरुले आमाको समेत मृत्यु भई सकेको कलिलो उमेरका बालक धिरज के.सी.लाई ५/७ बर्ष अगाडी पढाई दिने प्रलोभन दिई फकाई काठमाडौं ल्याई केही समय पढाए जस्तो गरी पछी घरमा काम गर्ने मानिस भएन भनि स्कूलबाट झिकी निजलाई विभिन्न किसिमबाट कुटपिट गरी दुःख दिन थालेका र भरपेट खान नदिने सानो गल्ती गर्दा वा केही नगर्दा पनि उसलाई कुटी हाल्ने निजको स्वास्थ्यमा प्रतिकुल असर पर्ने निधाउने औषधी खुवाएर सुताउन त्यसले गर्दा विहान उठन ढीलो भए लट्ठीले हिर्काई उठाउने र सो यातना सहन नसकी कतै गएमा खोजेर ल्याई कुटपिट गर्ने गरेको र २०५३/४/१२ गतेदेखि कहिले धागोले कहिले कुखुर बाध्ने साङलाले दुवै खुट्टा कस्ने र केही दिन पछि निजलाई बिहान बेलुका मरुन्जेल काम गर्न लगाउने कही कतै हिड्न नदिनका लागि फलामको सिक्रीले बाँधी घाटीमा दुईवटा र खुट्टामा दुईवटा ताल्चा लगाई पाइला मात्र चाल्न सकिने अवस्थामा भाडा कुडा मोल्न र ट्वाइलेट सफा गर्न लगाई कार्यालय जाने गरेको कुरा सञ्चार माध्यमहरु र पत्रपत्रिकाबाट जानकारी हुन आएको र बालबालिका माथी गरिने दुर्व्यवहार सार्वजनिक चासोको विषय भएको र बालकको हकहितको लागि कलीलो बालक धिरज के.सी.लाई क्रुर एवं यातनापूर्ण व्यवहार गर्ने विपक्षीहरु उपर आवश्यक सजाय समेत गर्न बालबालिका सम्बन्धी ऐन,२०४८ को दफा २० बमोजिम जो सुकैले बालकको तर्फबाट निवेदन दिन सक्ने हुँदा विपक्षीहरुले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ विपरित बालक धिरज के.सी.माथी क्रुर यातनापूर्ण व्यवहार गरेको हुनाले निजहरुलाई सोही ऐनको दफा ५३ को उपदफा ३ बमोजिम सजाय गरी पीडितलाई उचित क्षतिपूर्ति समेत विपक्षीहरुबाट भराई पाउँ भनी बाल स्याहार केन्द्र सिविन बस्ने धिरज के. सी.को हकमा जनसरोकार मञ्च र आफ्ना हकमा समेत अधिवक्ता प्रकाश मणी शर्मा, जनसंरक्षण मञ्च र आफ्ना हकमा समेत अधिवक्ता अम्बिका प्रसाद कोईराला र जनसंरक्षण मञ्च र आफ्ना हकमा समेत अधिवक्ता शर्मिला पराजुली समेतको मिति २०५३/६/११ म संयुक्त निवेदन परि कारवाही चल्दै जाँदा प्रमुख जिल्ला अधिकारीले सार्वजनिक अपराध ऐनअन्तरगत कार्वाही गरेको र बालबालिका सम्बन्धी ऐन,२०४८ को उद्देश्य र मनसाय विपरित कार्य गरेको हुँदा सो बदर गरी पाउन सम्मानित श्री सर्वोच्च अदालतमा रिट दायर गरी कारवाही चलि रहेको हुँदा सो मुद्दा किनारा नभएसम्म प्रस्तुत मुद्दा मुलतवीमा राखी पाउँ भनी निवेदन दिई सोही निवेदन अनुरुप मिति २०५४/३/१३ मा मुलतवी रहने आदेश भई मिति २०५८/२/८ को श्री स.अ. को फैसला अनुसार कारवाहीको लागि वादीहरुको मिति २०५८/५/२० मा निवेदन परी मुलतवीबाट सोही मितिमा जगाई कारवाही चलेको।

मिति २०५३/५/५ मा धिरज के.सी.लाई साङ्गलोले बाधेको अभियोग लगाई दायर परेको सार्वजनिक अपराध मुद्दामा सजाय पाएको र निजको आमाको मृत्यु भई निजको बावुको स्वीकृतिले निजको बहिनी रीता के.सी.समेतलाई ९ बर्ष अगाडी बालककै अवस्थामा ल्याई हेरविचार गरी पालन पोषण गरी आएको र निज धिरज के.सी.लाई विद्यालयमा पनि भर्ना गरि दिएकोमा विद्यालय नगई घरको पैसा चोर्ने र खराव साथीको संगतमा परि खराव आचरणहरु गर्ने गरेकोले बानी सुध्रियोस भनि मैले सुधार्ने अभिभावकको हैसियतले गरेको कार्यलाई पत्र पत्रिकाले अतिरंजित रुपमा प्रस्तूत गरेको सबै झुट्टा हो एउटै कसुरमा दाहोरो सजाय पाउनु पर्ने नहुँदा विपक्षीहरुको निवेदन खारेज गरी पाउँ भन्ने मधुसुदन मुनाकर्मीको प्रतिउत्तर पत्र ।

विपक्षीहरुले म उपर लगाएको आरोप झुट्टा हो । सोही कसुरमा मेरो पतिलाई सार्वजनिक अपराधमा सजाय गरी सकेको छ । म उपर कस्तो प्रकारको कसुर गरेको हो सो स्पष्ट रुपमा खुलाउन सकेको छैन । म उक्त घटना हुनु भन्दा अगाडि मिति २०५३/४/१० गते नै आफ्नो माइती सर्लाही गई भाद्र ७ गते काठमाडौं आएको र काठमाडौं आएपछि मात्र मैले यथार्थ जानकारी पाएको हो,निज धिरज के.सी. लाई सानै उमेर देखि राखी राम्ररीनै पालन पोषण गरी आएको निजलाई नराम्रो क्रुर व्यवहार गरेको मलाई थाहा छैन मैले कुनै कसुर नगरेको हुँदा म उपरको निवेदन दावी खारेज गरी पाउँ भन्ने ज्ञानु मुनाकर्मीको प्रतिउत्तर पत्र ।

बुझिएका वादीका साक्षी सोभा गौतमले वादीको निवेदन जिकिरलाई समर्थन गरी बकपत्र गरेको र प्रतिवादीहरुले साक्षी उपस्थित नगराएको ।

यसमा प्रतिवादीहरुले धिरज के.सी. लाई आफ्नो संरक्षणमा लिएपछि निज बालकलाई दिनुपर्ने सम्पूर्ण सुविधा दिनुपर्नेमा सो नगरी संरक्षणम लिएकै नाममा आफुहरुले जे गरे पनि हुन्छ भन्ने ठानी बालकलाई दिनुपर्ने सुविधा नदिई बालक माथी विभिन्न किसिमबाट कुटपिट गरी दुख दिने भरपेट खान नदिने मानवीय व्यवहार नगरी कलिलो बालकलाई काममा लगाउने नमाने कुटपिट गर्ने आफु काममा जाँदा भाग्छ भनी सिक्रीले बाध्ने, भागेको ठाउँबाट समातेर ल्याई साङलोले दुवै खुट्टा बाध्ने गरी यि पिडीत बालकलाई विभिन्न प्रकारको यातना दिई निज बालकको जिवनमा विभिन्न किसिमको मनोवैज्ञानिक असर पार्ने कार्य यि प्रतिवादीहरुले गरेको कुरा मिसील संलग्न प्रकाशित समाचार प्रकाशित फोटो स्वयं पिडीत बालकको वयानबाट पुष्टी भएको देखिदा प्रतिवादीहरुले पिडीत माथि क्रुर र अमानविय व्यवहार गरी यातना दिएको पुष्टी हुन आएकोले बालबालीका सम्बन्धी ऐन,२०४८ को दफा ५३(३) बमोजिम प्रतिवादीहरुलाई जनही रु.३०,०००/–जरिवाना र क्षतिपुर्ति वापत प्रतिवादीहरु बाट दामासाहीले रु.७५,०००/–भरि पाउने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०५९/१/२० को फैसला ।

शुरु काठमाडौं जिल्ला अदालतले फैसला गर्न कानून र सन्धिको विवेचना गरेपनि अन्त्यमा

जरिवाना र क्षतिपूर्ति दिलाउँदा अत्यन्तै फितलो हचुवाको भरमा जरिवाना र क्षतिपूर्ति तोकिएको हदसम्म शुरु फैसला नमिलेको हुँदा वदर गरी मैले घरेलु कामदार भई काम गर्दा गर्दै गुमाएको अवसर पारिश्रमिक, यातना पिडा समेतको यथार्थ मूल्याङ्कन गरी उचित क्षतिपूर्तिको व्यवस्था गरी विपक्षीलाई हदैसम्मको सजाय गरी पाउँ भन्ने बादीको पुनरावेदन पत्र ।

**अदालतको ठहर**

नियम बमोजिम दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गरीयो । प्रस्तुत मुद्दामा शुरु काठमाडौं जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन ? बादीको पुनरावेदन जिकिर पुग्न सक्ने हा,होइन ? सोही सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, विपक्षी मधुसुदन मुनकर्मी तथा निजकी श्रीमती समेतलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ विपरित बालक धिरज के.सी. माथि क्रुर र यातना पूर्ण व्यवहार गरेको हुनाले निजहरुलाई उक्त ऐनको ५३(३) बमोजिम सजाय गरी पाउं भन्ने निवेदन दावी भएकोमा खराव आचरण गर्ने गरेकोले बानी सुध्रियोस् भनि गरेको कार्यलाई पत्र पत्रिकाले अतिरञ्जित रुपमा प्रस्तुत गरेकोमा सो कुरा झुट्टा हो । एउटै कसूरमा दोहोरो सजाय हुनुपर्ने होइन भन्ने प्रतिउत्तर जिकिर भएकोमा पिडीत बालक धिरज के.सी.को वयान समेतबाट प्रतिवादीहरुले पीडित बालकलाई क्रुर अमानविय व्यवहार गरेको पुष्टी हुन आएकोले प्रतिवादीहरु लाई जनही रु.३,०००/–जरिवाना हुने र दामासाहीले रु.७५,०००/–पीडित बालक धिरज के.सी.ले क्षतिपूर्ति भराई लिन पाउने ठहर गरी शुरु काठमाडौ जिल्ला अदालतबाट मिति २०५९/१/२० मा फैसला भएकोमा सो फैसला उपर पीडित व्यक्ति धिरज के.सी.को प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ ।

प्रतिवादी द्वय मधुसुदन मुनाकर्मी र ज्ञानु मुनाकर्मीलाई बालबालिका सम्बन्धी ऐन,२०४८ को दफा ५३(३) बमोजिम जनही रु.३,०००/–जरिवाना हुने र दामासाहीले रु.७५,०००/–क्षतिपुर्ति वापत पीडित धिरज के.सी.ले भरी पाउने ठहर गरी भएको फैसला उपर निज प्रतिवादीहरुको पुनरावेदन परेको नदेखिदा निजहरुले वादी दावी बमोजिमको कसूर गरेको सिद्ध भएको अवस्था हुँदा निजहरुले आरोपित कसुर गरेको हुन, होइनन् भन्नेतर्फ विचार गर्नु परेन ।

शुरु काठमाडौं जिल्ला अदालतबाट भएको सामान्य रुपमा जरिवाना र क्षतिपूर्ति दिलाउँदा अत्यन्तै न्यून भएको हुँदा हदैसम्मकको जरिवाना र काम गर्दा गुमाएको अवसरको पारिश्रमिक यातना पीडा समेतको यर्थाथ मूल्याङ्कन गरी उचित क्षतिपूर्ति पाउँ भनि वादीको पुनरावेदन पर्न आएको देखियो । प्रतिवादीहरुको उक्त पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५३(३) ले कैद र जरिवाना दुवैको व्यवस्था गरेको पाईन्छ । सजायको उद्धेश्य भनेको सजायबाट पीडित भएका व्यक्तिलाई राहत दिई अपराध गर्नेलाई पुनः अपराध गर्न

सक्ने सम्भावनाबाट निजलाई रोक्ने भएकोले कुनै प्रकारका गम्भिर प्रकृतिका अपराधहरुमा कडा सजायको व्यवस्था गरेको हुन्छ र सजाय तोक्दा स्वविवेकिय अधिकार प्रदान गरिएकोमा अदालतले पनि सोही आधारमा विवेक प्रयोग गरी सजायको मात्र निर्धारण गर्छ । दण्ड भनेको कुनै कसुर गर्ने व्यक्तिलाई सुध्रने मौका दिने पुनः कसूर गर्न निरुत्साहित गर्ने र पीडितलाई केही हदसम्म भएपनि राहत प्रदान गर्ने भएकोले दण्डको मात्रा बढाउनु मात्र न्यायको उद्धेश्य हुन सक्दैन । बरु यस्तो न्यायले पुनः कसूरजन्य कार्य हुन नदिन र यस्ता प्रकृतिका कसूरलाई न्युन दण्ड सजाय गरी सुध्रने मौका प्रदान गरिनु पर्छ ।

प्रस्तुत मुद्दाामा पीडितले वयान गर्दा "पहिले राम्रै गरेका थिए" भनि वयान लेखेका छन् भने सोही वयानको क्रममा "एक पटक १ हजार चोरेको थिए" भनि उल्लेख गरेको पाइन्छ । चोरी भएको अवस्थामा संरक्षकको हिसावबाट हप्काई दप्काई गर्नुको सट्टा सिक्रीले बाध्ने जस्ता कार्य क्रुर अमानवीय यातना दिने कार्य गरेकोले प्रतिवादीहरुलाई जनही रु.३,०००/–का दरले जरिवाना गरेको देखिन्छ । कसूर गर्दाको परिस्थिति अवस्था र गन्भिरतालाई समेत मध्यनजर गरी सजाय निर्धारण गरीने हुँदा प्रस्तुत मद्दाामा उक्त कुरालाई मध्यनजर राखी प्रतिवादीहरुलाई जरिवाना गर्ने गरेको देखिन्छ ।

अतःप्रतिवादीहरुको आर्थिक स्थिति उमेर र निजहरुबाट भएको कार्यलाई दृष्टिगत गरी कसूर अनुसार प्रतिवादी मधुसुदन मुनाकर्मी र ज्ञानु मुनाकर्मीलाई जनही रु.३,०००/–जरिवाना हुने र दामासाहीले रु. ७५,०००/–क्षतिपूर्ति प्रतिवादीहरुबाट पीडितले भरी पाउने ठहर गरी शुरु काठमाडौ जिल्ला अदालतबाट मिति २०५९/१/२० मा भएको फैसला मिलेकै देखिदां सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

(मीना खड्का)
न्यायाधीश

उक्त रायमा सहमत छु ।

(माधव प्रसाद चालिसे)
न्यायाधीश

इजलास अधिकृतः–उपेन्द्र पोखरेल
टाइप गर्नेः–धुब प्रसाद पराजुली

संम्बत २०६८ साल बैशाख १९ गते रोज २ शुभम्.........................................।

*अनुसूचि २ : बाल न्यायसम्बन्धी केही महत्वपूर्ण अन्तराष्ट्रि कानूनी दस्ताबेजहरु*

# बालअधिकारसम्बन्धी महासन्धि, १९८९[१]

**प्रस्तावना**

संयुक्त राष्ट्रसंघको बडापत्रमा उद्घोषित सिद्धान्तहरु अनुरुप नैसर्गिक मया{दा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरुको समान तथा अखण्डनीय अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्रसंघको समस्त जनताले बडापत्रमा उल्लिखित मौलिक मानव अधिकारहरु तथा मानवीय मूल्य र मान्यतामा आफ्नो आस्थाको पुनःसमर्थन गर्दै व्यापक स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्द्धन गर्ने अठोट गरेको कुरालाई मनन गर्दै,

संयुक्त राष्ट्रसंघले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र र मानव अधिकारबारे अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लिखित सम्पूर्ण अधिकार र स्वतन्त्रता सबैलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा विना कुनै भेदभाव प्रदान गर्न घोषणा र मन्जुरी गरेका कुरालाई मान्यता दिदैं,

संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको माध्यमबाट बाल्यावस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नुपर्ने कुरालाई घोषणा गरेको स्थितिलाई संस्मरण गर्दै, परिवारले आफ्ना सम्पूर्ण सदस्यहरुको र खास गरी बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण तथा समाजको आधारभूत एकाइको रुपमा कार्यगर्ने भएकोले यसलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरी सम्बन्धित समूदायभित्र रही आफ्नो जिम्मेवारी पूर्णरुपले बहन गर्न सक्ने बनाउनुपर्ने आवश्यकतामा विश्वस्त हुंदै,

बालबालिकाले आफ्नो व्यक्तित्वको पूर्ण र सामन्जस्यपूर्ण विकासको लागि एउटा पारिवारिक वातावरण तथा प्रसन्नता, ममता र समझदारीको वातावरणमा हुर्कन पाउनुपर्छ भन्ने कुरालाई मान्यता दिदैं, बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बँच्न पूर्ण रुपले समर्थ बनाइनुपर्ने र संयुक्त राष्ट्रसंघको बडापत्रमा घोषित आर्दशहरु अनुरुप र खास गरी शान्ति, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालनपालन गर्नुपर्ने कुरालाई ध्यानमा राख्दै,

---
[१] नेपालद्वारा १४ सेप्टेम्बर १९९० मा अनुमोदित

बालबालिकालाई विशेष स्याहार पुऱ्याइनु पर्दछ भन्ने कुरालाई बालबालिकाको अधिकारबारे जेनेभामा १९२४ मा भएको घोषणापत्र, संयुक्त राष्ट्रसंघले १९५९ मा पारित गरेको बालबालिकाका अधिकारहरुको घोषणापत्र, विश्वव्यापी मानवअधिकार घोषणापत्रमा मान्यता दिइएको एवं नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध ( विशेषगरी धारा २३ र २४) मा उल्लेख भएको एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध (विशेष गरी धारा १०) मा उल्लेख भएको र बालबालिकाको कल्याणमा समर्पित विशिष्टीकृत सङ्गठन तथा अन्तर्राष्ट्रिय संस्थाहरुको ऐनहरु तथा सम्बद्ध अध्यालेखहरुमा समेत उल्लेख भएको तथ्यलाई हृदयङ्गम गर्दै,

सन् १९५९ नोभेम्वर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालबालिकाको अधिकारसम्बन्धी घोषणापत्रमा "शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले बालबालिकालाई जन्मनु अघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहार साथै उचित कानुनी संरक्षणको आवश्यकता पर्छ" भन्ने उल्लेख भएको कुरालाई हृदयङ्गम गर्दै,

बालबालिकाको संरक्षण एवं कल्याणसम्बन्धी सामाजिक एवं कानुनी सिद्धान्तहरु, खास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बालबालिकाको हेरचाह र दत्तक लिने प्रक्रियासम्बन्धी घोषणापत्र, बालन्याय प्रशासनसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (वेइजिङ नियमहरु) र सङ्कटकाल तथा सशस्त्रद्वन्द्वमा महिला र बालबालिकाको संरक्षणसम्बन्धी घोषणापत्रका प्रावधानहरुलाई संस्मरण गर्दै,

विश्वका सबै देशहरुमा केही बालबालिकाहरु अति कठिन अवस्थामा बाँचेका र यी बालबालिकाहरुलाई विशेष ध्यान दिनुपर्ने कुरालाई मान्यता दिँदै,

बालबालिकाको संरक्षण र सामान्जस्यपूर्ण विकासको लागि प्रत्येक राष्ट्रका परम्परा र सांस्कृतिक मूल्यहरुको महत्वलाई उचित ध्यान दिँदैं,

प्रत्येक देशमा विशेषतः विकासशील मुलुकहरुमा बालबालिकाको जीवनस्तर सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिँदैं,

यस महासन्धिका राज्यपक्षहरुले निम्न कुराहरुमा सहमति जनाएका छन् :-

# भाग-१

### धारा १

यस महासन्धिको प्रयोजनको लागि बालकसम्बन्धी कानुनअन्तर्गत वयस्कताको उमेर योभन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्षमुनिका प्रत्येक मानवलाई सम्झनुपर्छ ।

### धारा २

(१) यस महासन्धिमा पक्ष रहेका राज्यहरुले यस महासन्धिमा उल्लिखित आफ्नो क्षेत्रभित्रको प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसका बाबु आमाको वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक, वा अन्य विचारहरु राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनुपर्नेछ ।

(२) बालकका बाबुआमाहरु, वैधानिक अभिभावकहरु वा अन्य पारिवारिक सदस्यहरुको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरु वा आस्थाहरुको आधारमा गरिने सबै किसिमका भेदभाव वा सँजायवाट बालबालिकाको संरक्षण गर्न यस महासन्धिका राज्यपक्षहरुले सबै उचित कदमहरु चाल्नेछन् ।

### धारा ३

(१) सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरु, अदालतहरु, प्रशासनिक यन्त्रहरु वा विधायिकाहरु सबैले बालबालिकाहरुसंग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्नेछ ।

(२) राज्यपक्षहरुले बालबालिकाको आमा, बाबु, वैधानिक अभिभावक वा कानुनीरुपमा तिनको लागि जिम्मेवार अन्य व्यक्तिहरुको बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र यस उद्देश्यको निमित्त सबै उचित वैधानिक र प्रशासनिक उपायहरु गर्नेछन् ।

(३) राज्यपक्षले बालबालिकाको स्याहार र संरक्षणका लागि जिम्मेदार संस्थाहरु तथा सेवा र सुविधासम्बन्धी निकायहरु, सक्षम अधिकारीहरुले निर्धारण गरेका मापदण्डहरु खास गरी सुरक्षा, स्वास्थ्य, आवश्यक कर्मचारीहरुको संख्या र उपयुक्तताको साथ साथै दक्ष सुपरिवेक्षणको व्यवस्था गर्नेछन् ।

**धारा ४**

राज्यपक्षहरुले यस महासन्धिले मान्यता दिएको अधिकारहरुको कार्यान्वयनका लागि सबै उपयुक्त वैधानिक, प्रशासनिक र अन्य उपायहरु अपनाउने छन् । विशेषगरि आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको सन्दर्भमा राज्यपक्षहरुले आ-आफ्ना स्रोतहरुले भ्याएसम्म र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट बढी मात्रामा यस्ता कदमहरु चाल्नेछन् ।

**धारा ५**

राज्यपक्षहरुले यस महासन्धिले मान्यता दिएको बालबालिकाहरुको अधिकारको प्रयोगको सिलसिलामा निजहरुको उदयोन्मुख व्यक्तिगत क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्ने बाबु, आमा वा स्थानीय परम्पराले दिएअनुसार परिवार वा समुदायका वैधानिक अभिभावकहरु वा बालबालिकाको निम्ति कानुनी रुपमा जिम्मेदार अन्य व्यक्तिहरुको दायित्व, अधिकार तथा कर्तव्यलाई मान्यता दिनेछन् ।

**धारा ६**

(१) राज्यपक्षहरुले प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार हो भनी मान्यता दिन्छन् ।

(२) राज्यपक्षहरुले बालबालिकाको दीर्घ जीवन र विकासको लागि यथासम्भव बढी भन्दा बढी प्रयास गर्ने अठोट गर्नेछन् ।

**धारा ७**

(१) बालबालिकाहरुलाई जन्मनासाथ दर्ता गरिनेछ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकार पाउनेछ ।

(२) राज्यपक्षहरुले आआफ्ना राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय अध्यालेखअन्तर्गतको दायित्वअनुसार माथि उल्लिखित अधिकारहरु विशेष गरी बालबालिका राज्यविहीन हुने भएमा, कार्यान्वयन गर्नेछन् ।

**धारा ८**

(१) राज्यपक्षहरुले कानुनले मान्यता दिएअनुसारको बालबालिकाको आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्धलगायतको परिचय यथावत राख्न पाउने अधिकारलाई, विना गैरकानुनी हस्तक्षेप, मान्यता दिनेछन् ।

(२) कुनै बालबालिकाको आफ्नो परिचयसम्बन्धी कुनै वा सबै तत्वहरु गैरकानुनी ढङ्गले वञ्चित हुन गएमा राज्यपक्षहरुले तिनका ती परिचयात्मक तत्वहरुको यथाशीघ्र पुनःस्थापनाको लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नेछन् ।

**धारा ९**

(१) बालबालिकाको सर्वोत्तम हितकालागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानुन र कार्यविधिअनुरुप सक्षम अधिकारीहरुले, न्यायिक पुनरावलोकनको अधीनमा रही निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबु आमाको इच्छा विरूद्ध अलग गरिनेछैन भनी राज्यपक्षहरुले निश्चित गर्नेछन् । बालबालिकालाई यस प्रकारले अलग राख्ने निर्णय, खास गरेर कुनै बालबालिका आफ्नो आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित गरिएमा वा आमाबाबु छुट्टिएर बसोबास गरेमा र त्यस्तो अवस्थामा बालबालिकाको बासस्थानको निधो गर्नुपर्ने भएमा, आवश्यक हुनेछ ।

(२) प्रकरण १ मा उल्लिखित कुनै पनि कामकारबााईमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ ।

(३) बालबालिकाको सर्वोत्तम हितमा विपरित असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले आमाबाबुसँग नियमित रुपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने बालबालिकाको अधिकारलाई राज्यपक्षहरुले मान्यता दिनेछन् ।

(४) राज्यपक्षबाट उठाइएका कुनै कामकारबाई जस्तो कि बाबु वा आमा वा दुवै वा बालबालिकाको नजरबन्द, कैद, निर्वासन, देश निकाला वा मृत्युदण्ड (कुनै व्यक्ति राज्यको हिरासतमा रहंदा हुनगएको कुनै प्रकारको मृत्युलगायत) ले गर्दा यस प्रकारको विछोड भएमा त्यस्तो राज्यपक्षले सम्बन्धित आमाबाबु वा बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा, बालबालिकाको हितमा विपरित असर पर्ने अवस्थामा बाहेक, परिवारको त्यस्तो अनुपस्थित सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ। यस प्रकारको अनुरोधको प्रस्तुतिको कारणले गर्दा सम्बन्धित व्यक्तिहरुको विरूद्ध कुनै प्रतिकूल असर पर्ने छैन भन्ने कुरामा पनि राज्यपक्षले निश्चित गर्नुपर्नेछ ।

**धारा १०**

(१) धारा ९ को प्रकरण १ अन्तर्गत राज्यपक्षहरुको दायित्वअनुरुप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बालबालिका वा तिनका बाबुआमाले कुनै राज्यमा प्रवेश गर्ने वा त्यसलाई त्याग्ने उद्देश्यले दिइएका आवेदनहरुमाथि राज्यपक्षहरुले सकारात्मक, मानवीय र छिटो तवरले कार्य गर्नेछन् । राज्यपक्षहरुले आवेदकहरु र उनीहरुको परिवारका सदस्यहरुप्रति यस आवेदनले कुनै प्रकारका प्रतिकूल असर पार्ने छैन भन्ने कुरा पनि निश्चय गर्नेछन् ।

(२) कुनै बालबालिकाको बाबुआमा बेग्लाबेग्लै राज्यहरुमा बसेका रहेछन भने ती बालबालिकालाई, अति विशेष परिस्थितिमा बाहेक, दुवै बाबुआमासँग नियमित रुपमा व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्यक्ष भेटघाट गर्ने अधिकार हुनेछ। यसको लागि धारा ९ को प्रकरण १ अन्तर्गत राज्यपक्षहरुमा भएको दायित्वअनुरुप राज्यपक्षहरुले बालबालिका र तिनका बाबुआमाहरुले आफ्नो लगायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश पाउने अधिकारलाई मान्यता दिनेछन् । कुनै पनि देशलाई छाड्न पाउने अधिकार कानुनी प्रावधानबाट गरिएको प्रतिबन्धहरुको अधीनमा रही हुनेछ, जुन प्रतिबन्ध राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षण गर्न आवश्यक भएको हुनुपर्छ र त्यस्ता प्रतिबन्ध यस महासन्धिमा मान्यता दिइएका अन्य अधिकारहरुसँग अनुकूल हुनुपर्नेछ।

**धारा ११**

(१) राज्यपक्षहरुले बालबालिकाको अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्ने उद्देश्यले पाइला चाल्नेछन् ।

(२) यसकोलागि राज्यपक्षहरुले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरु गर्ने वा भइरहेका सन्धिहरुमा सामेल हुने कुरामा जोड दिनेछन् ।

**धारा १२**

(१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्र रुपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्यपक्षहरुले गर्नुपर्दछ। बालबालिकाले त्यस्तो विचारलाई उसको उमेर र परिपक्वताअनुसार उचित मान्यता दिइनेछ।

(२) यस प्रयोजनको लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाईमा सम्बन्धित राष्ट्रिय कानुनका प्रावधानबमोजिम प्रत्यक्ष रुपमा वा प्रतिनीधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषतः सुनुवाइ हुने अवसर प्रदान गरिनेछ।

**धारा १३**

(१) बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सिमानाको कुनै हद नराखी यस अधिकारभित्र सबै प्रकारका जानकारीहरु र विचारहरु खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रुपमा, कलाको

रुपमा वा बालबालिकाको रुचिअनुसार कुनै पनि प्रचारमाध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ।

(२) यो अधिकार केही प्रतिबन्धहरुको अधीनमा रही प्रयोग गर्न सकिन्छ, तर ती प्रतिबन्धहरु कानुनद्धारा व्यवस्थित भएको र निम्न कारणले आवश्यक भएको हुनुपर्दछ :-

(क) अरुको अधिकारहरु वा प्रतिष्ठाको आदर गर्नको लागि, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि ।

**धारा १४**

(१) राज्यपक्षहरुले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्यपक्षहरुले बालबालिकाको विकसित हुंदै गरेको क्षमतासँग मेल खाने किसिमले निजको अधिकार प्रयोगको सिलसिलामा बाबु आमा र उपयुक्त अवस्थामा वैधानिक अभिभावकहरुको निर्देशन दिने अधिकार र कर्तव्यहरुलाई मान्यता दिनेछन् ।

(३) कानुनद्धारा व्यवस्था गरिएका बन्देजहरुका अधीनमा रही आफ्नो धर्म र आस्थालाई प्रदर्शन गर्न स्वतन्त्रता हुनेछ । कानुनका ती बन्देजहरु पनि सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक हुनुपर्नेछ ।

**धारा १५**

(१) राज्यपक्षहरुले बालबालिकाको सङ्गठनसम्बन्धी स्वतन्त्रता र शान्तिपुर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन् ।

(२) यी अधिकारहरुको प्रयोगमा कानुनअनुकूल तथा राष्ट्रिय सुरक्षा वा जनसुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य एवं नैतिकताको संरक्षण वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षणको लागि प्रजातान्त्रिक

समाजमा आवश्यक पर्ने बन्देजबाहेक अन्य कुनै पनि बन्देज लगाइनेछैन ।

**धारा १६**

(१) बालबालिकाको निजीपना, परिवार, घर वा पत्राचार माथि बलजफ्ती वा गैरकानुनी हस्तक्षेप गरिनेछैन, न त उनीहरुका मर्यादा र इज्जतमाथि नै गैरकानुनी आक्रमण गरिनेछ ।

(२) यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानुनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ ।

**धारा १७**

राज्यपक्षहरुले सार्वजनिक सञ्चार माध्यमहरुले खेलेको महत्वपूर्ण भूमिकाहरुलाई मान्यता दिनेछन् । विशेषतः बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितहरुमा शारीरिक एवं मानसिक स्वास्थ्य संवर्द्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरुको विविधताबाट बालबालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन् ।

यस प्रयोजनको लागि राज्यपक्षहरुले :-

(क) सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को व्यवस्थाको भावनाअनुरुप तथा बालबालिकाको सामाजिक र साँस्कृतिक हित हुने खालको सूचना र सामाग्री प्रचारप्रसार गर्न प्रोत्साहन दिनेछन्,

(ख) साँस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरुको विविधताबाट प्राप्त हुने जानकारी र सामाग्रीको उत्पादन, आदानप्रदान र वितरणमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन्,

(ग) बालपुस्तकहरुको उत्पादन र वितरणलाई प्रोत्साहन दिनेछन्,

(घ) सार्वजनिक प्रचार प्रसार संस्थाहरुलाई अल्पसंख्यक समूदाय वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन्,

(ङ) धारा १३ र १८ का प्रावधानहरुलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामाग्रीबाट तिनको संरक्षण गर्नका लागि सहि मार्गदर्शनको विकासलाई प्रोत्साहन दिनेछन् ।

**धारा १८**

(१) राज्यपक्षहरुले बालबालिकाको लालनपालन र विकासको लागि बाबुआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई मान्यता दिलाउन भरपुर्ण प्रयासहरु गर्नेछन् । बालबालिकाको लालनपालन र विकासको निमित्त बाबुआमाहरु वा त्यस्तै अवस्थामा वैधानिक अभिभावकको प्रथम दायित्व हुनेछ । बालबालिकाको सर्वोपरि हितको कुरा उनीहरुको प्रमुख चासोको विषय हुनेछ ।

(२) यस महासन्धिमा व्यवस्था भएका अधिकारीहरुलाई प्रत्याभूत तथा संवर्द्धन गर्ने प्रयोजनको लागि राज्यपक्षहरुले बालबालिकाको पालनपोषणको दायित्व पूरा गर्न सक्षम बनाउन बाबुआमा वा वैधानिक अभिभावकलाई उचित सहयोग प्रदान गर्नेछन् र बालबालिकाको स्याहार सम्बन्धमा संस्था, सुविधा र सेवाको विकास गर्नेछन् ।

(३) राज्यपक्षहरुले श्रमिक बाबुआमाका बालबालिकाहरुले पाउनुपर्ने बालस्याहार सेवा र सुविधाहरुको उपभोग गर्ने अधिकार छ भन्ने कुराको सबै आवश्यक व्यवस्था मिलाउनेछन् ।

**धारा १९**

(१) राज्यपक्षहरुले बालबालिकाप्रति निजको बाबुआमा वा वैधानिक अभिभावक वा अन्य व्यक्तिहरुको हेरचाहमा रहेको अवस्थामा त्यस्ता व्यक्तिका तर्फबाट हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, हेला वा उपेक्षित व्यवहार वा यौनदुराचार लगायतका शोषणहरुबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरु अपनाउनेछन् ।

(२) यस प्रकारका संरक्षात्मक कार्यहरुमा उपयुक्त भएसम्म सामाजिक कार्यक्रमहरुको संस्थापनाको लागि प्रभावकारी कार्यविधिहरु समावेश गरी बालबालिका र बालबालिकाको स्याहार गर्नेहरुलाई सहायता पुर्‍याउनुका साथै अन्य प्रकारका निवारक उपायहरु गर्नुपर्ने छ र साथै माथि उल्लेख गरिएका प्रकारका बालदुर्व्यवहारका घटनाहरु पत्ता लगाउने, खबर गर्ने, सोध्ने एवं तिनीहरुको जानकारी, अनुसन्धान, उपचार तथा अनुगमनको लागि र आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागि समेत प्रभावकारी उपाय गरिनुपर्दछ ।

**धारा २०**

(१) कुनै पनि बालबालिका स्थायी वा अस्थायी रुपमा आफ्नो पारिवारिक वातावरणबाट वञ्चित भएमा वा त्यस प्रकारको वातावरणमा रहँदा निजको सर्वोपरि हितको विपरीत हुने भएमा त्यस्ता बालबालिकाले राज्यद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) राज्यपक्षहरुले आफ्नो राष्ट्रिय कानुनअनुसार यस्ता बालबालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्ने उपाय निश्चित गर्नेछन् ।

(३) यस प्रकारले गरिने स्याहार कार्यमा अन्य व्यवस्थाहरुका अतिरिक्त बालबालिकाहरुको पालन पद्धति, इस्लामिक कानुन अन्तर्गतको कफाला, दत्तक लिने वा आवश्यकतानुसार बालस्याहारका उपयुक्त संस्थाहरुमा भर्ना गर्नेजस्ता कार्यहरु समावेश हुनेछन् । यस्ता कुराहरुको समाधान गरिदा बालबालिकाको जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यानमा राखी निजको लालनपालनमा निरन्तरता कायम रहने तरिकामा ध्यान दिइनुपर्दछ ।

**धारा २१**

दत्तक लिने प्रथालाई मान्यता वा अनुमति दिने राज्यपक्षहरुले तिनीहरुले बालबालिकाको सर्वोपरि हितलाई प्राथमिकता दिनेछन् र तिनीहरुले :-

(क) बालबालिकालाई दत्तक लिने विषयमा सक्षम अधिकारीले मात्र स्वीकृति दिइएको हुनुपर्दछ । उपयुक्त कानुन र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबु, आमा, नातेदार र वैधानिक संरक्षकहरुको स्थितिलाई

दृष्टिगत गरी त्यस्ता बालबालिकालाई दत्तक लिनदिन हुन्छ भन्ने लागेमा त्यस्तो स्वीकृति दिन हुन्छ । आवश्यक परेमा सम्बन्धित व्यक्तिहरुले दत्तक लिने विषयमा उपलब्ध सरसल्लाहको आधारमा पूर्ण जानकारी लिएर मात्र आफ्नो स्वीकृति दिएको हुनुपर्दछ ।

(ख) यदि कुनै बालबालिकालाई पालनपोषण गर्ने वा दत्तक लिने परिवारमा राख्न सकिने भन्ने संभावना नभएमा वा निजको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भन्ने लागेमा अन्तरदेशीय रुपमा दत्तक लिने दिने प्रक्रियालाई पनि बालस्याहारको एउटा वैकल्पिक उपायको रुपमा लिन सकिन्छ भन्ने कुरालाई मान्यता दिइनेछ ।

(ग) अन्तरदेशीय रुपमा दत्तक लिइएका बालबालिकालाई स्वदेशमा दत्तक लिइएका बालबालिका सरह समान सुरक्षा तथा स्तर प्राप्त छ भन्ने कुराको पूर्वनिश्चित गरिनुपर्दछ ।

(घ) अन्तरदेशीय रुपमा दत्तक लिने प्रक्रियाको क्रममा यसमा संलग्न व्यक्तिहरुले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा यकिन गर्नको लागि उपयुक्त कदमहरु चाल्नेछन् ।

(ङ) यस धारामा उल्लिखित उद्देश्यहरु उपयुक्तताअनुसार द्विपक्षीय वा वहुपक्षीय व्यवस्था वा सम्झौताद्वारा संवर्द्धन गर्नेछन् र यस्तो बन्दोबस्तअनुसार अन्य देशमा गरिएको बालबालिकाको पालनपोषणको काम सक्षम अधिकारी वा निकायहरुबाट हुनेछ भनी निश्चित गर्ने प्रयास गर्नेछन् ।

### धारा २२

(१) राज्यपक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानुन र कार्यविधिहरुअनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकाले आफ्नो बाबु, आमा वा अन्य कोहीसँग बसे पनि वा नबसे पनि यस महासन्धिमा र आफूसमेत पक्ष भएको अन्य अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय व्यवहारसम्बन्धी अन्य अध्यालेखहरुमा उल्लिखित अधिकारको उपभोगसम्बन्धी उचित संरक्षण र मानवीय सहयोग प्राप्त गर्न पाउने व्यवस्था गर्नेछन् ।

(२) यस उद्देश्यको निमित्त राज्यपक्षहरुले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता शरणार्थी बालबालिकाको बाबुआमा वा परिवारका अन्य सदस्यहरुलाई पत्ता लगाउने काममा संयुक्त राष्ट्रसंघसँग सम्बद्ध अन्य सम्बन्धित अन्तरसरकारी सङ्गठनहरु र यस प्रकारको बालसंरक्षण तथा सहायता कार्यमा संयुक्त राष्ट्रसंघलाई सहयोग गरिरहेका गैरसरकारी सङ्गठनलाई उपयुक्तताअनुसार सहयोग प्रदान गर्नेछन् ।

### धारा २३

(१) कुनै पनि मानसिक वा शारीरिक रुपमा अपाङ्ग बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्बनमा अभिबृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता लिन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवन यापन गर्न पाउनुपर्दछ भन्ने कुरा राज्यपक्षहरुले मान्यता दिन्छन् ।

(२) राज्यपक्षहरुले अपाङ्ग बालबालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलब्ध स्रोतहरुले भ्याएसम्म योग्य बालबालिकालाई र तिनका हेरचाह गर्न जिम्मा लिनेलाई आवश्यक सहायता उपलब्ध गराउन त्यस सम्बन्धमा आवेदन परेमा र त्यस्तो बालकको अवस्था र निजको हेरचाह गर्ने बाबु, आमा वा अन्य व्यक्तिको परिस्थितिअनुसार उपयुक्त भएमा यस्तो सहायता विस्तार गर्न प्रोत्साहन र निश्चित गर्नेछन् ।

(३) अपाङ्ग बालबालिकाको विशेष आवश्यकतालाई विचार गर्दै बालबालिकाको स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिहरुको आर्थिक स्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म प्रकरण २ मा उल्लिखित सहयोग निःशुल्क उपलब्ध गराइनेछ र कुनैपनि अपाङ्ग बालबालिकाको साँस्कृतिक तथा आध्यात्मिक अभिबृद्धिलगायत निजले हुन सक्नेसम्म पूर्णरुपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट, शिक्षा, प्रशिक्षण, स्वास्थ्यस्याहार सेवाहरु, पुनःस्थापन सेवाहरु र रोजगारीको तयारी र मनोरन्जनका अवसरहरु प्राप्त गर्ने र त्यसमा वास्तविक पहुँच हुने गरी व्यवस्था गर्ने कुरामा निश्चय गर्नेछन् ।

(४) राज्यपक्षहरुले पुनःस्थापन, शिक्षा र व्यावसायिक सेवाहरुको तरिकासम्बन्धी सूचनाहरु वितरण गर्ने र प्राप्त गर्नेलगायत अपाङ्ग बालबालिकासम्बन्धी निवारक स्वास्थ्यस्याहार र औषधोपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदानप्रदान गर्ने कुरालाई अन्तर्राष्ट्रिय सहयोगको भावनाअनुसार अभिबृद्धि गर्नेछन् । यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न राज्यपक्षहरुलाई सक्षम बनाउने उद्देश्यले पनि त्यस्तो भावनालाई अन्तर्राष्ट्रिय सहयोगको संवर्द्धन गर्नेछन् । यस विषयमा विकासोन्मुख देशहरुको आवश्यकता बारे विशेष रुपमा विचार गरिनेछ ।

**धारा २४**

(१) राज्यपक्षहरुले बालबालिकाको उच्चतम स्तरको स्वास्थ्य कायम गर्ने र विरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ लिन पाउने अधिकारलाई मान्यता दिनेछन् । राज्यपक्षहरुले कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरु पाउने अधिकारबाट वञ्चित हुनु नपरोस भनी निश्चित गर्न सक्दो प्रयास गर्नेछन् ।

(२) राज्यपक्षहरुले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषतः देहायका कदम चाल्नेछन्ः-

(क) शिशु तथा बालमृत्युदर घटाउने;

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने;

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरुलाई मध्य नजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहज रुपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउनेपानीको व्यवस्थाद्वारा रोग र कुपोषणका विरुद्ध लड्ने;

(घ) आमाहरुको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्यस्याहारको व्यवस्था निश्चित गर्ने;

(ङ) समाजको प्रत्येक क्षेत्रमा, खास गरी बाबुआमा र बालबालिकाहरुलाई बालस्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय सरसफाईका फाइदाहरु र दुर्घटनाको रोकथामबारे जानकारी दिइएको छ, शिक्षा उपलब्ध छ तथा यस काममा सहयोग पुऱ्याइएको छ भन्ने कुरामा निश्चित गर्ने;

(च) निवारक स्वास्थ्यस्याहार, बाबुआमाको लागि सरसल्लाह र परिवार नियोजनसम्बन्धी शिक्षा र सेवाहरुको विकास गर्ने ।

(३) राज्यपक्षहरुले बालबालिकाको स्वास्थ्यलाई हानि पुऱ्याउने खालको परम्परागत उपचारलाई निर्मुल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उपयुक्त कदमहरु चाल्नेछन् ।

(४) राज्यपक्षहरुले यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्ण रुपमा लागू गर्न अन्तर र्राष्ट्रिय सहयोगलाई संवर्द्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन् . यस सन्दर्भमा विकासोन्मुख देशहरुको आवश्यकता बारेमा विशेष रुपमा विचार गरिनेछ ।

**धारा २५**

राज्यपक्षहरुले बालबालिकालाई निजको स्याहार, संरक्षण वा शारीरिक र मानसिक स्वास्थ्यको उपचारको लागि सक्षम निकायबाट पालन व्यवस्थामा राखिएको भए सो सम्बन्धमा आफू उपर भएको व्यवहार तथा आफू राखिएको व्यवस्थासम्बन्धी परिस्थितिहरुको आवधिक समीक्षा गराउने निजको अधिकारलाई मान्यता दिनेछन् ।

**धारा २६**

(१) राज्यपक्षहरुले सामाजिक बीमालगायत सामाजिक सुरक्षासम्बन्धी सुविधाबाट लाभ उठाउन

पाउने प्रत्येक बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् र यस अधिकारको पूर्ण प्राप्ति तर्फ आ-आफ्नो राष्ट्रिय कानुनबमोजिम आवश्यक सबै कदमहरु चाल्नेछन् ।

(२) यस्ता सुविधाहरु बालबालिकाको र बालबालिकाको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरुको स्रोत र परिस्थितिका साथै सुविधाको लागि बालबालिकाले वा निजका तर्फबाट गरिएका आवेदनसँग सम्बन्धित अन्य कुरालाई समेत ध्यानमा राखेर उपयुक्तताको आधारमा प्रदान गरिनेछ ।

**धारा २७**

(१) राज्यपक्षहरुले कुनै पनि बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन् ।

(२) बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुको आफ्नो सामर्थ्य र आर्थिक क्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि चाहिने रहनसहनका अवस्थाको बन्दोबस्त गर्नु प्राथमिक दायित्व हुनेछ ।

(३) राज्यपक्षहरुले राष्ट्रिय परिस्थितिअनुरुप आफ्नो स्रोतसाधनले भ्याएसम्म यो अधिकारलाई कार्यान्वयन गराउन बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुलाई सहयोग गर्न उचित पाईला चाल्नेछन् र आवश्यक परेमा खास गरी गाँस, बास र कपासको सम्बन्धमा भौतिक सहायता प्रदान गर्नेछन् तथा यस्ता कार्यक्रम सञ्चालन गर्नेछन् ।

(४) राज्यपक्षहरुले स्वदेशमा तथा विदेशमा रहेका बाबुआमाहरु वा बालबालिकाको आर्थिक दायित्व बहन गर्ने व्यक्तिहरुबाट बालबालिकाको स्याहारसुसारका लागि चाहिने मानाचामल असूलउपर गर्न उचित पाइलाहरु चाल्नेछन् । खास गरी, बालबालिकाप्रति आर्थिक दायित्व बहन गर्ने व्यक्ति बालबालिका बस्ने ठाँउ भन्दा भिन्दै राज्यमा बसेका रहेछन् भने राज्यपक्षहरुले यस प्रयोजनको लागि अन्तर्राष्ट्रिय सन्धिहरुमा संलग्न हुनेछन् वा त्यस प्रकारको सम्झौता गर्ने तथा अन्य उपयुक्त व्यवस्थाहरु गर्ने प्रक्रियालाई संवर्द्धन गर्नेछन् ।

**धारा २८**

(१) राज्यपक्षहरुले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिन्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन्ः-

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निशुल्क उपलब्ध गराउने,

(ख) साधारण र व्यावसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध

गराउने र पुऱ्याउने तथा निशुल्क शिक्षाको सुरूवात गर्ने र आवश्यक परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरु गर्ने,

(ग) क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरुद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरुलाई शैक्षिक र व्यावसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने,

(ङ) विद्यालयमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरुको सङ्ख्या घटाउन विभिन्न उपायहरु अपनाउने ।

(२) राज्यपक्षहरुले बालबालिकाको मानवीय मर्यादा अनुकूल र वर्तमान महासन्धिको प्रावधानबमोजिम विद्यालयमा अनुशासनसम्बन्धी नियम लागू गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

(३) राज्यपक्षहरुले शिक्षाको क्षेत्रमा, खास गरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनका लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन तथा प्रोत्साहन दिनेछन् । उक्त सहयोगभित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउने तथा आधुनिक शिक्षण तरिकामा योगदान गर्ने कुरा पनि समावेश छन् । यस सम्बन्धमा विकासोन्मुख देशहरुको खाँचोहरुलाई विशेष ध्यान दिइनेछ ।

### धारा २९

(१) राज्यपक्षहरु बालबालिकाको शिक्षा निम्न विषयमा निर्दिष्ट हुनुपर्ने कुरामा सहमत छन्ः–

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने,

(ख) मानवअधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लिखित सिद्धान्तहरुको आदर गर्ने भावनालाई विकास गर्ने,

(ग) बालबालिकाको बाबुआमा प्रति, उसको आफ्नै सांस्कृतिक परिचय, भाषा र मूल्यहरु प्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्य प्रति, निजको उत्पत्तिको देशप्रति र बालबालिकाको आफ्नो भन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने,

(घ) सम्पूर्ण जनताहरु, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरु बीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग, समानता र मित्रताको भावनाअनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपुर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने,

(ङ) प्राकृतिक वातावरणको सम्मानको विकास गर्ने ।

(२) शैक्षिक संस्थाहरु स्थापना गर्न र सञ्चालन गर्न व्यक्ति र संस्थानहरुको स्वतन्त्रतालाई वाँधा

पुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइनेछैन । तर त्यस्ता शैक्षिक संस्थाहरुको सञ्चालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरु अन्तर्गत र यस्ता संस्थाहरुमा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतम स्तरअनुसार हुनुपर्ने सर्तका अधीनमा रही व्यवस्थित हुनेछ ।

**धारा ३०**

जाति, धर्म वा धार्मिक अल्पसंख्यकहरु वा आदिवासी मूलका मानिसहरु वसोवास गरेका राज्यहरुमा त्यस्तो अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्नो समूहको अन्य सदस्यहरुसँग सामुदायिकरुपमा आफ्नो सँस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने वा आफ्नो भाषा बोल्न पाउने अधिकारबाट वञ्चित गरिनेछैन ।

**धारा ३१**

(१) राज्यपक्षहरुले बालबालिकाको आराम गर्ने र फुर्सद लिन पाउने, उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण गतिविधिहरुमा संलग्न हुन पाउने र साँकृतिक जीवन र कलामा स्वतन्त्ररुपले सहभागी हुन पाउने अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्यपक्षहरुले साँस्कृतिक र कलात्मक जीवनमा पूर्णरुपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र संवर्द्धन गर्नेछन् र साँकृतिक, कलात्मक, मनोरन्जनात्मक र फुर्सदसम्बन्धी क्रियाकलापका लागि सुहाउँदो र समान अवसर प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

**धारा ३२**

(१) राज्यपक्षहरुको आर्थिक शोषण र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा असर पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरुको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्यपक्षहरुले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरु चाल्नेछन् । यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय अध्यालेखका सम्बन्धित प्रावधानहरुलाई ध्यानमा राख्दै, विशेष गरी देहायका व्यवस्थाहरु गर्नेछन् :-

(क) रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम हद वा न्यूनतम उमेर तोक्ने व्यवस्था गर्ने,

(ख) काम गर्ने समय र रोजगारीका सर्तहरुसम्बन्धी उपयुक्त नियमहरुको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयनको लागि उचित सजाय र दण्डभारको व्यवस्था गर्ने ।

**धारा ३३**

राज्यपक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरुमा उल्लेख भएअनुसार लागू औषध तथा मनोदीपक पदार्थहरुको गैरकानुनी प्रयोगबाट बालबालिकाहरुलाई जोगाउन र त्यस प्रकारको वस्तुको अवैध उत्पादन र बिक्रीवितरणमा बालबालिकाको उपयोगलाई रोकथाम गर्न वैधानिक, प्रशासकीय, सामाजिक र शैक्षिकलगायतका सबै उचित उपायहरु गर्नेछन् ।

**धारा ३४**

राज्यपक्षहरुले बालबालिकाहरुलाई सबै खालको यौनशोषण र यौन दुर्व्यवहारबाट संरक्ष0ा गर्ने काम गर्नेछन् । यस प्रयोजनको निम्ति राज्यक्षहरुले निम्न कुराहरुलाई रोक्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र वहुपक्षीय उपायहरु अपनाउनेछन् :-

(क) कुनै प्रकारको गैरकानुनी यौनकार्यहरुमा बालबालिकालाई संलग्न गराउने, प्रलोभन वा दवाब दिने;

(ख) वेश्यावृत्ति र अन्य गैरकानुनी यौनकार्यहरुमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्ने;

(ग) अश्लील चित्रणको काममा वा पत्रपत्रिकाहरुमा बालबालिकाहरुलाई शोषणपूर्ण प्रयोग गर्ने ।

**धारा ३५**

राज्यपक्षहरुले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रुपमा बालबालिकाहरुको अपहरण बेचविखन वा सौदाबाजीलाई रोकथाम गर्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरु अपनाउनेछन् ।

**धारा ३६**

राज्यपक्षहरुले बालकल्याणको कुनै पनि कुराको विपरीत हुने सबै किसिमका शोषणविरुद्ध बालबालिकाको संरक्षण गर्नेछन् ।

**धारा ३७**

राज्यपक्षहरु के निश्चित गर्छन् भने :-

(क) कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रूरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सँजाय दिइनेछैन । १८ वर्ष भन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरुका लागि मृत्युदण्डको सँजाय वा रिहाई पाउने नसकिने गरी आजीवन कारावासको सँजाय दिइनेछैन ।

(ख) कुनै पनि बालबालिकालाई गैरकानुनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिनेछैन । बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानुन अनुकूल

तवरबाट मात्र हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायको रुपमा मात्र अपनाइनेछ ।

(ग) स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई मानवीयता र मानवको अन्तर्निहित मर्यादाअनुरुप तथा निजहरुको उमेरअनुसारको व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ । खास गरेर स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोपरि हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरुबाट छुट्टै राखिनेछ । बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ ।

(घ) स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानुनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथै कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी समक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधता बारेमा उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुख निर्णय पाउने अधिकार हुनेछ ।

**धारा ३८**

(१) सशस्त्र संघर्षको सम्बन्धमा राज्यहरुलाई लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुनको बालबालिकासँग सम्बन्धित व्यवस्थाको आदर गर्ने र गराउने अभिभारा राज्यपक्षहरुले लिन्छन् ।

(२) राज्यपक्षहरुले १५ वर्ष नपुगेका बालबालिकालाई लडाईमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरु चाल्नेछन् ।

(३) राज्यपक्षहरुले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनेछन् ।

(४) राज्यपक्षहरुले अन्तर्राष्ट्रिय मानवीय कानुन मुताविक सशस्त्र लडाईबाट गैरसैनिक मानिसहरुलाई जोगाउने आफ्नो दायित्वअनुसार सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

**धारा ३९**

राज्यपक्षहरुले कुनैपनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र द्वन्द्वको सिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनःस्थापनालाई संवर्द्धन गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् । यस प्रकारका पुनर्लाभ तथा पुनःस्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ ।

**धारा ४०**

(१) राज्यपक्षहरुले आरोपित, अभियुक्त वा फौजदारी कानुनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई संवर्द्धन गर्ने किसिमबाट तिनीहरुको मनमा अरुहरुको मानवअधिकार र मौलिक स्वतन्त्रताहरु प्रतिको आदर जागृत हुने एवं तिनीहरुको उमेर एवं पुनर्स्थापन तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्धन हुने वान्छनीयतालाई ध्यानमा राखी व्यहार गर्नुपर्नेछ ।

(२) यसको लागि एवं अन्तर्राष्ट्रिय अध्यालेखहरुमा भएका प्रासंङ्गिक प्रावधानहरुलाई मध्यनजर राख्दै, राज्यपक्षहरुले विशेषतः देहायका कुरा मिलाउनेछन् :-

(क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरु गरे वापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निषेध गरिएको रहेनछ भने निजलाई त्यस्तो फौजदारी कानुन सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन ।

(ख) फौजदारी कानुनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनैपनि बालबालिकाले कम्तीमा निम्न कुराको प्रत्याभूति पाउनेछन् :-

(१) कानुनद्वारा दोषी सावित नहुन्जेल निर्दोष अनुमान गरिने;

(२) निजको विरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरून्त र प्रत्यक्ष रुपमा निजलाई र उचित भएमा निजका बाबुआमा वा वैधानिक अभिभावक मार्फत जानकारी गराईने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुनी र अन्य उचित सहयोग पाउने;

(३) कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाहरुबाट कानुनबमोजिम यथेष्ट सुनवाई पश्चात सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनवाई बालबालिकाको उच्चतम हितको विपरीत नहुने भएमा निजको उमेर र अवस्थाको समेत विचार गरी निजको बाबुआमा वा वैधानिक अभिभावकको उपस्थिति हुनुपर्ने;

(४) बयान गर्न कर नलगाइने, सावित हुन कर नलगाईने, विपरीतमा बक्ने साक्षीहरुको जिरह गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरुलाई विपक्षी सरहको समान स्थितिमा सम्मिलित गराउने र वयान गराउने अवसर दिने;

(५) फौजदारी कानुनको उल्लंघन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यसको परिणाम स्वरुप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा

कानुन ब्मोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने;

(६) प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा रुपान्तर गर्ने व्यक्तिको निःशुल्क सहयोग पाउने;

(७) कारबाईको सम्पू0f अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने ।

(३) राज्यपक्षहरुले फौजदारी कानुनको उल्लंघन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरुका लागि उपयुक्त हुने खालका कानुनहरु, कार्यविधिहरु, अधिकारीहरु र निकायहरुको स्थापनालाई प्रवर्द्धन गर्ने कार्य गर्नेछन् र विशेषतः निम्न कुराहरुको व्यवस्था गर्नेछन् :-

(क) न्यूनतम उमेरको हद तोक्ने, यसभन्दा मुनिका बालबालिकाहरु फौजदारी कानुन उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिनेछन् ।

(ख) उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरुका सम्बन्धमा न्यायिक कारबाई नगरी मानवअधिकार र कानुनी संरक्षणको अनुकूल हुने गरी अन्य उपायहरु अवलम्बन गरिनेछ ।

(४) बालबालिकाहरुको हितको अनुकूल हुने गरी निजहरुको परिस्थिति र अपराधमा समानुपातिक हुनेगरी निजहरुसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरु जस्तैः स्याहार, मार्गदर्शन र निरिक्षणसम्बन्धी आदेशहरु, सरसल्लाह सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यावसायिक तालिम कार्यक्रमहरु तथा संस्थागत पालनपोषणका अन्य विकल्पहरु अपनाइनेछन् ।

**धारा ४१**

यस महासन्धिका कुनै पनि कुराले बालअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि निम्न लिखित व्यवस्थालाई असर पार्नेछैन :-

(क) त्यस्तो राज्य पक्षको कानुनमा विद्यमान छ भने, वा

(ख) त्यस्तो राज्यको निम्ति लागू हुने अन्तर्राष्ट्रिय कानुनमा विद्यमान छ भने ।

**भाग–२**

**धारा ४२**

राज्यपक्षहरुले उपयुक्त र सक्रिय माध्यमद्वारा महासन्धिका सिद्धान्तहरु र प्रावधानहरुलाई बालबालिका र वयस्कमा विस्तृत रुपले प्रचार गर्ने अभिभारा लिएका छन् ।

**धारा ४३**

(१) यस महासन्धिद्वारा लिईएका दायित्वहरु हासिल गर्न राज्यपक्षहरुले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यका लागि बालअधिकार समितिको स्थापना गरिनेछ र त्यसले यसपछि उल्लिखित कार्यहरु गर्नेछ ।

(२) यो समितिमा यस महासन्धिहरुद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका र ख्यातिप्राप्त क्षमतावान १० जना विशेषज्ञहरु रहनेछन् । समितिका सदस्यहरु राज्यपक्षहरुले आफ्ना नागरिकहरु मध्येबाट निर्वाचित गर्नेछन् । ती सदस्यहरुले आ-आफ्नो व्यक्तिगत रुपमा कार्य गर्नेछन् । समितिका सदस्यहरुको छनोट भौगोलिक विभाजन र प्रमुख कानुन समानुपातिक पद्धतिको आधारमा हुनेछ ।

(३) राज्यपक्षद्वारा मनोनीत व्यक्तिहरुको सूचीबाट गोप्य मतदान गरी समितिका सदस्यहरुको निर्वाचन गरिनेछ । प्रत्येक राज्यपक्षले आफ्ना नागरिकमध्येबाट एक व्यक्ति मनोनीत गर्न सक्नेछ ।

(४) समितिको प्रारम्भिक निर्वाचन यो महासन्धि लागू भएको मितिले ६ महिनाभित्र र त्यसपछि हरेक दोस्रो वर्षमा हुनेछ । हरेक निर्वाचन हुने मितिको करिब ४ महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले दुई महिनाभित्रमा आ-आफ्नो मनोनयनपत्र दाखिला गर्न राज्यपक्षहरुलाई एउटा पत्र सम्बोधित गर्नेछन् । महासचिवले तत्पश्चात् मनोनित गर्ने राज्यको नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरुको वर्णानुक्रमअनुसार नामावली तयार पार्नेछन् र यो नामावली प्रस्तुत महासन्धिका सहभागी राज्यपक्षहरु समक्ष प्रस्तुत गर्नेछन् ।

(५) निर्वाचनको कार्य महासचिवद्वारा संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा आयोजित राज्यपक्षहरुका बैठकमा हुनेछ । यस्तो बैठकको लागि दुईतिहाइ राज्यपक्षहरुको उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ । समितिको लागि निर्वाचित व्यक्तिहरु तिनै हुनेछन् । बैठकमा उपस्थित भई मतदान गर्ने राज्यपक्षहरुको प्रतिनीधिहरुको सबैभन्दा बढी मत पाउने तथा स्पष्ट बहुमत प्राप्त गर्ने व्यक्तिहरु समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

(६) समितिका सदस्यहरु चार वर्षको लागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएको खण्डमा उनीहरु अर्को निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरुमध्येका पाँच जनाको अवधि २ वर्षमा सकिनेछ । पहिलो निर्वाचन भएको लगत्तैपछि यी पाँच जना सदस्यको नाम बैठकको अध्यक्षले गोला प्रथाबाट छुट्याउनेछ ।

(७) समितिको कुनै सदस्यको मृत्यु भई वा उसले राजिनामा दिएमा वा कुनै अन्य कारणले गर्दा समितिमा काम गर्न सक्षम नभएको भनी घोषणा गरेमा सम्बन्धित राज्यपक्षले बाँकी अवधिको लागि आफ्ना नागरिकहरु मध्येबाट एकजना विशेषज्ञलाई बाँकी अवधिको लागि काम गर्न निमित्त, समितिको स्वीकृतिको अधीनमा रही मनोनित गर्नेछ ।

(८) समितिले आफ्नो कार्यविधि नियमहरु आफै व्यवस्थित गर्नेछ ।

(९) समितिले दुई वर्षको अवधिको लागि आफ्ना अधिकृतहरुको निर्वाचन गर्नेछ ।

(१०) समितिका बैठकहरु सामान्यतया संयुक्त राष्ट्रसंघका प्रधान कार्यालयहरुमा वा समितिले नै निर्धारण गरेबमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन् । समितिको बैठक सामान्यतयाः प्रत्येक बर्ष हुनेछ ।

समितिको बैठकको अवधि महासभाको स्वीकृति लिई यो महासन्धिमा पक्षहरुको बैठकबाट निश्चित गरिनेछ र आवश्यकताअनुसार सोबारे पुनर्विचार गरिनेछ ।

(११) यस महासन्धि अन्तर्गतको उक्त समितिको काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउनेछन् ।

(१२) महासभाको स्वीकृतिबाट यस महासन्धि अन्तर्गत गठित समितिका सदस्यहरुले सभाद्वारा निर्णित सर्त र अवस्थाहरुअनुसार संयुक्त राष्ट्रसंघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

## धारा ४४

(१) राज्यपक्षहरुले संयुक्त राष्ट्रसंघका महासचिवमार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरुको प्रतिवेदनहरु समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन र सो प्रतिवेदनमा महासन्धिमा उल्लेख भएका अधिकारहरुको उपभोगमा भएको प्रगति देहायबमोजिम प्रस्तुत हुनेछ :-

(क) सम्बन्धित राज्यपक्षको सम्बन्धमा महासन्धि लागू भएको दुई वर्षभित्र,

(ख) त्यसपछि हरेक पाँच वर्षमा ।

(२) यो धारा अन्तर्गत दिइएका प्रतिवेदनहरुमा यस महासन्धि अन्तर्गतका दायित्वहरुको परि पूर्तिको  मात्रालाई प्रतिकूल प्रभाव पार्ने कारक र कठिनाईहरुलाई इंगित गरिनेछ । साथै यी प्रतिवेदनहरुमा सम्बन्धित राज्यमा भएको महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालका पर्याप्त विवरण उल्लेख गरिएको हुनुपर्नेछ ।

(३) कुनै राज्यपक्षले समितिलाई एउटा विस्तृत प्रारम्भिक प्रतिवेदन बुझाई सकेपछि प्रकरण १ (ख) अनुसार दिइने तत्पश्चात्को प्रतिवेदनमा अघिबाटै दिइसकेको आधारभूत विवरण दोहोऱ्याइ राख्नु पर्नेछैन ।

(४) समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित अरु बढी जानकारीको लागि राज्यपक्षहरुलाई अनुरोध गर्न

सक्नेछ ।

(५) आफ्ना क्रियाकलापहरु बारेको प्रतिवेदनहरु समितिले आर्थिक तथा सामाजिक परिषद मार्फत दुई वर्षमा संयुक्त राष्ट्रसंघको महासभामा पेस गर्नेछ ।

(६) राज्यपक्षहरुले आफ्नो प्रतिवेदनका कुराहरु आफ्ना देशको सर्वसाधारण जनतालाई व्यापक

रुपमा उपलब्ध गराउनेछन् ।

**धारा ४५**

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गर्न :–

(क) विशेषज्ञ संस्थाहरु, युनिसेफ र संयुक्त राष्ट्रसंघका अन्य अङ्गहरुलाई उनीहरुको अधिकारक्षेत्रभित्र पर्ने यो महासन्धिका प्रावधानहरुका कार्यान्वयन सम्बन्धमा विचारविमर्श गरिँदा प्रतिनीधित्व गर्ने अधिकार हुनेछ । आ-आफ्ना सम्बन्धित अधिकारक्षेत्रहरुभित्र पर्ने महासन्धिको कार्यन्वयन विषयमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य सक्षम संस्थाहरुलाई विशेषज्ञ परामर्श प्रदान गर्न निम्त्याउन सक्नेछ । समितिले विशेषज्ञ संस्थाहरु युनिसेफ तथा अन्य सक्षम संस्थाहरुलाई उनीहरुको कार्यक्षेत्रभित्र पर्ने विषयहरुमा भएको महासन्धिको कार्यान्यिनसम्बन्धी प्रतिवेदन पेस गर्नका लागि निम्त्याउन सक्नेछ;

(ख) राज्यपक्षहरुबाट प्राप्त कुनै पनि प्रतिवेदनहरुमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा त्यस्तो सल्लाहको आवश्यकता दर्साइएको रहेछ र समितिलाई उचित लागेको ख0डमा समितिले सो प्रतिवेदन र त्यस्तो अनुरोध तथा सङ्केतहरुको सम्बन्धमा समितिको आफ्नो विचार र सुझाबहरु भएमा सो सहित विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य समक्ष संस्थाहरुलाई पठाउनेछ;

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरुमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई आग्रह गर्ने गरी महासभालाई सिफारिस गर्न सक्नेछ;

(घ) यस महासन्धिका धारा ४४ र ४५ अनुरुप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझाबहरु र सामान्य सिफारिसहरु गर्न सक्नेछ । यस प्रकारका सुझाबहरु र सामान्य सिफारिसहरु सम्बन्धित कुनै पनि राज्यपक्षहरुलाई पठाइनेछ र तिनीहरुबाट कुनै टिप्पणी आएको भए सोसहित महासभामा प्रतिवेदन पठाइनेछ ।

**भाग–३**

**धारा ४६**

यो महासन्धि हस्ताक्षरका लागि सम्पूर्ण राज्यहरुलाई खुल्ला रहनेछ ।

**धारा ४७**

यो महासन्धि अनुमोदनको विषय रहेकोछ । अनुमोदनका अध्यालेखहरु संयुक्त राष्ट्रसंघका

महासचिवसमक्ष दाखिला गर्नुपर्नेछ ।

**धारा ४८**

यस महासन्धि कुनै पनि राज्यबाट संलग्न हुनका लागि खुला रहनेछ । संलग्नताको अध्यालेख संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गर्नुपर्नेछ ।

**धारा ४९**

(१) अनुमोदन वा संलग्नताको बिसौँ अध्यालेख संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला भएको मितिले तिसौँ दिनमा यो महासन्धि लागू हुनेछ ।

(२) अनुमोदन वा संलग्नताको बिसौं अध्यालेखको दाखिलापश्चात् यस महासन्धिलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको अध्यालेख दाखिलाको मितिले तिसौं दिनमा महासन्धि लागू हुनेछ ।

**धारा ५०**

(१) यो महासन्धिमा कुनै पनि राज्यपक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दर्ता गराउन सक्नेछ । संशोधन प्राप्त भएपछि महासचिवले राज्यपक्षहरु सो विषयमा सम्मेलन गराउने पक्षमा र प्रस्तावहरुमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको सङ्केत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरु राज्यपक्षहरुलाई पठाउनेछन् । यस प्रकारले जानकारी गराईएको मितिले ४ महिनाभित्र कम्तीमा एकतिहाई राज्यपक्षहरुले यस्तो सम्मेलनको चाहना गरेको खण्डमा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वाधानमा सम्मेलनको आयोजना गर्नेछन् । उपस्थित राज्यपक्षहरु मध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन संयुक्त राष्ट्रसंघका स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिनेछ ।

(२) यो धाराको प्रकरण १ बमोजिम पारित संशोधन संयुक्त राष्ट्रसंघको महासभाबाट पारित भई राज्यपक्षहरुले दुईतिहाइ बहुमतबाट पनि स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(३) कुनै संशोधन लागू हुँदा जुन राज्यपक्षहरुले त्यसलाई स्वीकार गरेका छन् । ती राज्यपक्षहरुले सो संशोधनलाई मान्नैपर्ने हुन्छ र अन्य राज्यपक्षहरुले यस महासन्धिका प्रावधानहरु र आफूले स्वीकार गरेका अघिल्ला संशोधनहरु मान्नुपर्नेछ ।

**धारा ५१**

(१) अनुमोदन वा संलग्नताको समयमा राज्यद्वारा संरक्षण गरिएको सर्तहरु संयुक्त राष्ट्रसंघको महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरुलाई सोको जानकारी पठाउनेछन् ।

(२) यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता सुरक्षित सर्तहरुलाई अनुमति प्रदान

गरिनेछैन ।

(३) संयुक्त राष्ट्रसंघका महासचिवलाई सूचना दिई त्यस्ता सुरक्षित सर्तहरु फिर्ता लिन सकिनेछ । महासचिवले उक्त कुराको जानकारी सम्पूर्ण राज्यसमक्ष पठाउनेछन् र यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिबाट लागू हुनेछ ।

**धारा ५२**

संयुक्त राष्ट्रसंघका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्यपक्षले यो महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्ष पश्चात परित्याग कार्य प्रभावकारी हुनेछ ।

**धारा ५३**

संयुक्त राष्ट्रसंघका महासचिव यस महासन्धिको जिम्मावाल रहनेछन् ।

**धारा ५४**

यस महासन्धिको मूल प्रति जसका अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरु समान रुपमा आधिकारिक मानिनेछन्, ती प्रतिहरु संयुक्त राष्ट्रसंघका महासचिवको जिम्मामा राखिनेछन् । यस कुराको साक्षीको रुपमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनीधिहरुले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन् ।

## सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००

संयुक्त राष्ट्रसंघको महासभाको मिति २०५७/२/१२ (२५ मे २०००) को प्रस्ताव नं. ए/आर.ई.यस. /५४/२६३ बाट स्वीकार गरी सदस्य राष्ट्रहरुको हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला गरिएको छ । (लागू भएको मिति २०५८/१०/३० (१२ फेब्रुअरी २००२)

प्रस्तुत ऐच्छिक प्रलेखमा राज्यपक्षहरु,

बालअधिकारसम्बन्धी महासन्धिमा भएको व्यापक समर्थनबाट उत्साहित भई व्यापक प्रतिबद्धता, जुन बालबालिकाहरुको अधिकारको संरक्षण र रक्षा गर्न प्रयासरत छ, प्रदर्शन गरिँदै, बालबालिकाहरुको अधिकारलाई विशेष प्रकारको संरक्षणको आवश्यकता पर्दछ भन्ने कुरामा पुनः विश्वस्त भई र विना कुनै भेदभाव बालबालिकाहरुको अवस्थाको निरन्तर सुधारको साथसाथै शान्ति र सुरक्षाको वातावरणमा तिनीहरुको विकास र शिक्षाका लागि आह्वान गर्दै,

सशस्त्र संघर्षबाट बालबालिकाहरुमा हानिकारक र व्यापक असर र हन्छ तथा दीर्घकालीन शान्ति,

सुरक्षा र विकासमा नकारात्मक असर पर्छ भन्दै, सशस्त्र संघर्षको अवस्थामा बालबालिकाहरुलाई लक्षित गरिने कार्य र अन्तर्राष्ट्रिय कानुनद्वारा संरक्षित वस्तुहरुको साथै स्थानहरु, जहां साधारणतया धेरैको संख्यामा बालबालिकाहरु रहन्छन्, जस्तो कि स्कूल र अस्पतालहरुमा गरिने प्रत्यक्ष हमलाको भत्सर्ना गर्दै,

अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम दस्तावेज, खास गरी विद्रोहको लागि १५ वर्ष मुनिका बालबालिकाहरुलाई सहभागी गराउने वा जर्बजस्ती लगाउने वा तिनीहरुलाई अर्न्तराष्ट्रिय वा गैरअर्न्तराष्ट्रिय सशस्त्र संघर्षमा प्रभावकारी रुपमा काममा लगाउन प्रयोग गर्ने कुरालाई युद्ध अपराधको रुपमा त्याहां समावेश गरिएको छ, लाई स्वीकार गरिएको कुरालाई ध्यानमा राख्दै,

बालबालिकाहरुको अधिकारहरु, जुन बालअधिकारसम्बन्धी महासन्धिले मान्यता दिएको छ, को अझ प्रभावकारी कार्यान्वयनका लागि, सशस्त्र संघर्षमा बालबालिकाहरुलाई संलग्न गराउनबाट रोक्न उनीहरुको संरक्षणको प्रयासमा अरु जोड दिनु आवश्यक छ भन्ने कुरालाई त्यस कारणले ध्यान दिँदै,

बालअधिकारसम्बन्धी महासन्धिको धारा १ ले, सो महासन्धिको प्रयोजनकोलागि, एउटा बालबालिका भन्नाले १८ वर्ष मुनिको कुनै मानवजाती वा बालबालिकालाई लागू हुने कानुनबमोजिम सो भन्दा बढी उमेरकालाई बालबालिका मानिएकोछ भने सो उमेर पुग्नुभन्दा अघिको अवस्थामा रहेको व्यक्ति भनी तोकेको कुरालाई इंगित गर्दै,

महासन्धिको एक ऐच्छिक प्रलेख, जसले सशस्त्र संघर्षमा भर्ती गरिने संभावित व्यक्तिको उमेर बढाएको र तिनीहरुको विद्रोहको कार्यमा हुने सहभागीताको सम्बन्धमा उल्लेख गरेको छ, ले बालबालिकाहरुसँग सम्बन्धित कुनै पनि काम गर्दा उनीहरुको सर्वोत्तम हितलाई मुख्य रुपमा ध्यान दिनुपर्छ भन्ने सिद्धान्तको प्रभावकारी कार्यान्वयनकोलागि सघाउ पुऱ्याउनेछ भन्ने कुरामा विश्वस्त भई,

रेडक्रस र रेडक्रिसेन्टको २६ औं अन्तर्राष्ट्रिय सम्मेलनले द्वन्द्वरत पक्षहरुले अरु कुराको अतिरिक्त १८ वर्षमुनिका बालबालिकाहरुलाई विद्रोहमा नलगाउन हर सम्भवप्रयास गर्नेछन भनी १९९५ को डिसेम्वर महिनामा गरेको सिफारिसलाई स्मरण गर्दै,

निकृष्ट प्रकृतिको बालश्रमलाई निषेध र उन्मूलन गर्नकोलागि तत्काल कार्य गर्ने अन्तर्राष्ट्रिय

श्रमसङ्गठनको महासन्धि नं. १८२, जसले अरु कुराहरुको अतिरिक्त सशस्त्र संघर्षमा बालबालिकाहरुको जर्बजस्ती वा अनिवार्य रुपमा प्रयोग गर्न उनीहरुलाई गरिने भर्नालाई निषेध गरेको छ, लाई १९९९ को जून महिनामा एकै मतले स्वीकार गरिएको कुरालाई स्वागत गर्दै,

सशस्त्र समूहहरु, जुन राष्ट्रको फौजी शक्तिभन्दा अलग छ, ले राष्ट्रिय सिमाभित्र वा क्षेत्रमा बालबालिकाहरुलाई विद्रोहको निमित्त भर्ना गर्ने, तालिम दिने र प्रयोग गर्ने गरेको कुरालाई गम्भिर चासो दिई र भर्त्सना गर्दै तथा यस प्रयोजनकोलागि बालबालिकाहरुलाई भर्ना गर्ने, तालिम दिने, र प्रयोग गर्ने समूहको उत्तरदायित्व छ भन्ने कुरालाई मान्यता दिँदै,

अन्तर्राष्ट्रिय मानवतावादी कानुनका प्रावधानहरुलाई सशस्त्र द्वन्द्वका प्रत्येक पक्षले पालन गर्नुपर्ने जिम्मेवारीलाई स्मरण गर्दै, प्रस्तुत ऐच्छिक आलेख संयुक्त राष्ट्रसंघको बडापत्र र सो को धारा ५१ समेतमा उल्लेख भएका उद्देश्य र सिद्धान्तहरु तथा मानवतावादी कानुनका सम्बन्धित मान्यताहरुको विपरीत छैन भन्ने कुरामा जोड दिँदै,

शान्ति र सुरक्षाको अवस्थाहरु बडापत्रमा भएका उद्देश्य र सिद्धान्तहरुको पूर्ण पालनमा आधारित छन र खासगरी द्वन्द्व र विदेशी हस्तक्षेपको समयमा बालबालिकाहरुको पूर्ण संरक्षणको लागि लागू गर्न सकिने मानवअधिकारसँग सम्बन्धित तौरतरिकाहरुको पालन गर्नु अपरिहार्य छ भन्ने कुरालाई ख्याल गर्दै,

त्यस्ता बालबालिकाहरु, जो खास गरी आर्थिक, सामाजिक र लैङ्गिक कारणबाट विद्रोह, जुन यो ऐच्छिक प्रलेखको विपरीतमा छ, मा भर्ना वा प्रयोग हुन सक्ने अवस्थामा छन्, लाई पर्न गएको विशेष आवश्यकतालाई ध्यान दिँदै, सशस्त्र संघर्षमा बालबालिकाहरुले सहभागी हुनुपर्ने खास आर्थिक, सामाजिक र राजनैतिक कारणहरुलाई ध्यान दिनुपर्ने आवश्यकतामाथि विचार गर्दै, यो ऐच्छिक प्रलेखको कार्यान्वयनको लागि र बालबालिकाहरु, जो सशस्त्र संघर्षबाट पीडित भएका छन, को शारिरिक र मनोसामाजिक पुनःस्थापना एवं समाजमा उनीहरुलाई पुनःसामेल गराउनका लागि अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्नुपर्छ भन्ने कुरामा आश्वस्त हुँदै,

यो ऐच्छिक प्रलेखको कार्यान्वयनका लागि सूचनामूलक एवं शैक्षिक कार्यक्रमहरुको प्रचार प्रसारको लागि समूदाय, खास गरी बालबालिकाहरु र पीडित बालबालिकाहरु, लाई सहभागी गराउन उत्साहित गर्दै निम्नबमोजिम गर्न सहमत छन् ।

**धारा १**

राज्यपक्षहरुले आफ्ना सशस्त्र समूहका सदस्यहरु, जो १८ वर्ष उमेर पुगेका छैनन्, ले विद्रोहमा प्रत्यक्ष भाग लिएका छैनन् भन्ने कुरा सुनिश्चित गर्न हरसम्भव उपायहरु अपनाउनेछन् ।

**धारा २**

१८ वर्ष उमेर नपुगेका व्यक्तिहरु राज्यपक्षहरुले आफ्नो सैनिक सेवामा अनिवार्य रुपमा भर्ना हुनुपर्नेछैन भन्ने कुराको निश्चिन्तता गर्नकोलागि आवश्यक व्यवस्था गर्नेछन् ।

**धारा ३**

(१) बालअधिकारसम्बन्धी महासन्धिको धारा ३८ को उपधारा (३) मा उल्लेख भएअनुसार सो धारामा निहित सिद्धान्तहरुलाई मध्यनजर गर्दै तथा १८ वर्ष मुनिका बालबालिकाहरुलाई विशेष ध्यान दिइनेछ भनी महासन्धिले उल्लेख गरेको कुरालाई मान्यता दिँदै राज्यपक्षहरुले आफ्नो राष्ट्रिय सशस्त्र फौजमा स्वेच्छाले भर्ना हुन चाहिने न्यूनतम उमेर बढाउनेछन् ।

(२) प्रत्येक राज्यपक्षले यो ऐच्छिक प्रलेख, जसले न्यूनतम उमेर, जुन पुगेपछि आफ्नो राष्ट्रिय सशस्त्र फौजमा स्वैच्छिक रुपमा भर्ना हुन पाइन्छ, तोकेकोछ, लाई अनुमोदन वा सम्मिलन गरेपछि एउटा बाध्यात्मक घोषणापत्र तयार गरी, सुरक्षाको उपायहरुको विवरण, जुन यसले अपनाउनेछ र जसले त्यस्तो भर्ना जबर्जस्त वा बलपूर्वक गराइएको होइन भनी स्पष्ट गर्छ, पनि उल्लेख गरी, पठाउनेछन् ।

(३) राज्यपक्षहरु, जसले आफ्नो राष्ट्रिय सशस्त्र फा}जमा १८ वर्षमुनिका बालबालिकाहरुलाई स्व}च्छिक भर्नाको अनुमति दिएका छन\, ले त्यस्ता बालबालिकाहरुको संरक्षणको प्रत्याभूति दिनका लागि कम्तीमा निम्न कुराहरुको व्यवस्था गर्नुपर्छ :–

(क) त्यस्तो भर्ना वास्तवमा स्वैच्छिक छ ।

-ख) त्यस्तो भर्ना बालबालिकाको बाबु आमा वा कानुनी संरक्षकलाई सूचना दिई अनुमति लिएर गरिएको छ ।

(ग) भर्ना हुन चाहने व्यक्तिहरु त्यस्तो सैनिक सेवामा रहँदा निर्वाह गर्नुपर्ने कर्तव्यको बारेमा पूर्ण रुपमा परिचित छन् ।

(घ) राष्ट्रिय सैनिक सेवामा प्रवेश पाउनु अगावै त्यस्ता व्यक्तिहरुले आफ्नो उमेर देखिने भरपर्दो प्रमाण पेस गरेका छन् ।

(४) प्रत्येक राज्यपक्षले आफ्नो घोषणालाई मजवुत बनाउन कुनैपनि समयमा संयुक्त राष्ट्रसंघको महासचिवलाई सम्बोधन गरी सोसम्बन्धी सूचना दिन सक्नेछ र महासचिवले सब} राज्यपक्षलाई सो कुरा सूचित गर्नेछ . त्यस्तो सूचना महासचिवलाई जुन दिनमा प्राप्त हुन्छ सो दिन देखि त्यस्तो सूचना लागू हुनेछ ।

(५) बालअधिकारसम्बन्धी महासन्धिको धारा २८ र २९ मा उल्लेख भएको कुरालाई ध्यान दिँदै प्रस्तुत धाराको उपधारा (१) मा उल्लेख भएको उमेरको हद बढाउने कुरा पक्ष राष्ट्रको सशस्त्र फौजले सञ्चालन गरेको वा अधीनमा राखेका विद्यालयहरुका हकमा लागूहुँदैन ।

**धारा ४**

(१) सशस्त्र समूह, जुन राष्ट्रको सशस्त्र फौज भन्दा भिन्न छ, ले १८ वर्ष नपुगेका व्यक्तिहरुलाई कुनै पनि अवस्थामा विद्रोहकोलागि भर्ना गर्न वा प्रयोग गर्न हुँदैन ।

(२) त्यस्तो कार्यलाई निषेध गर्न वा अपराध घोषणा गर्न आवश्यक भएका कानुनी उपायहरु अपनाउनुको अतिरिक्त राज्यपक्षले त्यस्तो भर्ना वा प्रयोग रोक्न हरसम्भव उपायहरु अपनाउनेछन् ।

(३) यो धारा लागू गर्ने कुराले सशस्त्र विद्रोह भएको राज्यपक्षको कानुनी हैसियतलाई असर गर्ने छैन ।

**धारा ५**

यो ऐच्छिक प्रलेखको कुनै पनि कुराले राज्यपक्षको कानुनी प्रावधानहरु वा अन्तर्राष्ट्रिय कानुनहरु वा अन्तर्राष्ट्रिय मानवतावादी कानुन, जसले बालबालिकाहरुको अधिकारलाई अझ राम्ररी पहिचान गर्न सघाउ पुरयाएको छ, लाई हटाएको अर्थ लगाउनु हुँदैन ।

**धारा ६**

(१) हरेक राज्यपक्षले प्रस्तुत ऐच्छिक प्रलेखको प्रावधानहरुको आफ्नो क्षेत्राधिकारभित्र प्रभावकारी तवरले कार्यान्वायन र लागू गर्न आवश्यक भएको सबै कानुनी, प्रशासनिक र अरु उपायहरु अपनाउनेछ ।

(२) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखको सिद्धान्त र प्रावधानहरुलाई वयस्क र वयस्क हुन लागेका बालबालिकाहरुलाई व्यापक रुपमा अवगत गराउने र अभिबृद्धि गर्ने उत्तरदायित्व लिनेछन् ।

(३) राज्यपक्षहरुले व्यक्तिहरु, जसलाई आफ्नो क्षेत्राधिकार भित्रको विद्रोहमा यो ऐच्छिक प्रलेखविपरीत भर्ना वा प्रयोग गरिएका छन, लाई निष्कृय पार्न वा अरु प्रकारले त्यस्तो सेवा गर्नबाट मुक्ति दिलाउन हरसम्भव उपायहरु अपनाउनेछन । राज्यपक्षहरुले आवश्यकताअनुसार त्यस्ता व्यक्तिहरुलाई तिनीहरुको शारीरिक र मानसिक अवस्था पूर्वस्थितिमा ल्याउन र तिनीहरुलाई समाजमा पुनः स्थापना गर्नका लागि उपयुक्त प्रकारको सबै सहयोग उपलब्ध गराउनेछन् ।

**धारा ७**

(१) राज्यपक्षहरुले, प्राविधिक सहयोग तथा आर्थिक योगदानलगायतको माध्यमबाट यो ऐच्छिक प्रलेखको कार्यान्वयनका लागि कुनैपनि कार्यहरु जुन यो ऐच्छिक प्रलेखको विपरीत छन्, लाई रोक्नुको साथै व्यक्तिहरु, जो यो ऐच्छिक प्रलेखविपरीत भएका कार्यहरुबाट पीडित भएका छन्, को पुर्नवास र सामाजिक पुनःस्र्थापनाका लागि सहयोग गर्नेछन । त्यस्तो सहयोग र योगदान सम्वद्ध राज्यपक्षहरु र सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरुको परामर्श लिएर गरिनेछ ।

(२) राज्यपक्षहरु, जो सोअनुसार गर्न समर्थ छन्, ले त्यस्तो सहयोग प्रचलित बहुपक्षीय, द्विपक्षीय र अरु कार्यक्रमहरुको माध्यमबाट वा अरु कुराहरुको अलावा महासभाको नियमानुसार स्थापना भएको स्वैच्छिक कोषको माध्यमबाट गर्नेछन् ।

**धारा ८**

(१) हरेक राज्यपक्षले यो ऐच्छिक प्रलेख आफूलाई लागू भएको २ वर्षभित्र यो ऐच्छिक प्रलेखको कार्यान्वयनकोलागि गरीएका उपायहरुको साथै सहभागिता र भर्नासम्बन्धी प्रावधानहरुको कार्यान्वयन गर्न अपनाएका अरु उपायहरु समेतको विस्तृत सूचनाहरु समावेश गरी एउटा प्रतिवेदन बालअधिकारसम्बन्धी समितिमा पठाउनु पर्नेछ ।

(२) विस्तृत प्रतिवेदन बुझाइसकेपछि प्रत्येक राज्यपक्षले महासन्धिको धारा ४४ अनुसार यो ऐच्छिक प्रलेखको कार्यान्वयनको सम्बन्धमा भएको कुनै थप सूचना, आफ्नो प्रतिवेदन जुन यसले बालबालिकाहरुको अधिकारसम्बन्धी समितिमा बुझाउनेछ, मा समावेश गर्नेछ । यो ऐच्छिक प्रलेखको अरु राज्यपक्षहरुले आफ्नो प्रतिवेदन प्रत्येक पाँच वर्षसम्म बुझाउनुपर्नेछ ।

(३) बालबालिकाहरुको अधिकारसम्बन्धी समितिले यो ऐच्छिक प्रलेखको कार्यान्वयनसम्बन्धी थप सूचनाको लागि
राज्यपक्षहरुसँग अनुरोध गर्न सक्नेछ ।

**धारा ९**

(१) महासन्धिको पक्ष भएको वा सोमा हस्ताक्षर गर्ने राज्यलाई यो ऐच्छिक प्रलेखमा हस्ताक्षर गर्न खुला गरिएको छ ।

(२) यो ऐच्छिक प्रलेख अनुमोदन गरिने विषय रहनेछ र यसमा सम्मिलन हुनको लागि कुनै पनि राज्यलाई खुला गरिएको छ । संयुक्त राष्ट्रसंघका महासचिवबाट अनुमोदन वा सम्मिलनको प्रति सङ्कलित हुनेछ ।

(३) महासन्धि र यो ऐच्छिक प्रलेखको दस्तावेज सङ्कलनकर्ताको हैसियतले महासचिवले महासन्धिका राज्यपक्षहरु र सबै राज्यहरु, जसले महासन्धिलाई हस्ताक्षर गरेका छन्, लाई सो हस्ताक्षरसम्बन्धी प्रत्येक घोषणाको धारा ३ बमोजिम सूचना दिनेछन् ।

**धारा १०**

(१) अनुमोदन वा सम्मिलनको दशौं प्रति दर्ता भएको ३ महिनापछि यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

(२) यो ऐच्छिक प्रलेख लागू भई सकेपछि यसलाई अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रलाई, यसले आफ्नो अनुमोदन वा सम्मिलनको दस्तावेज दर्ता गरेको १ महिनापछि, यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

**धारा ११**

(१) ऐच्छिक प्रलेख परित्याग गर्न सक्नेछ र त्यसपछि सोको सूचना महासचिवले महासन्धिका राज्यपक्षहरु र सबै राज्यहरु जसले महासन्धिलाई हस्ताक्षर गरेका छन्, लाई दिनेछन् । परित्यागको सूचना महासचिवले पाएको १ वर्षपछि सो परित्याग लागू हुनेछ । त्यसो भए पनि यदि ऐच्छिक प्रलेखको परित्याग गर्ने राज्यपक्ष सशस्त्र संघर्षमा संलग्न भएमा सो वर्ष व्यतित भएपछि पनि सो सशस्त्र संघर्ष समाप्त नभई सो परित्याग उसलाई लागू हुनेछैन ।

(२) परित्याग लागू हुनु भन्दा अगाडिको मितिमा भएका कुनै कार्यको सम्बन्धमा राज्यपक्षलाई

यो ऐच्छिक प्रलेखको दायित्वहरु बहन गर्नबाट त्यस्तो परित्यागले छुट दिएको मानिनेछैन । त्यस्तो परित्यागले सो परित्याग लागू हुनुभन्दा अघि कुनै विषयमा विचाराधीन रहेका कुरा, जुन बालअधिकारसम्बन्धी समितिमा पहिलेनै विचाराधीन रहेको थियो, लाई पनि कुनै पनि तरिकाबाट असर पुऱ्याउनेछैन ।

**धारा १२**

(१) कुनै राज्यपक्षले संशोधनको प्रस्ताव गर्न र सो प्रस्ताव संयुक्त राष्ट्रसंघका महासचिवलाई पठाउन सक्नेछ । महासचिवले, त्यसपछि सो प्रस्तावको सम्बन्धमा विचार गर्न र मतदान गर्न राज्यपक्षहरु सम्मेलन चाहन्छन् कि चाहँदैनन् भन्ने आशय व्यक्त गर्न राज्यपक्षहरुलाई अनुरोध गर्दै, प्रस्तावित संशोधनको सूचना राज्यपक्षहरुलाई पठाउनेछन् । त्यस्तो सूचना पठाइएको ४ महिना भित्रमा कम्तीमा एक तिहाई राज्यपक्षहरुले सम्मेलनको माग गरेको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वाधानमा त्यस्तो सम्मेलनको आह्वान गर्नेछन् । सो सम्मेलनमा यदि बहुमत राज्यपक्षहरुले उपस्थित भई र मतदान गरी कुनै संशोधन पारित गरेमा, सो संशोधन अनुमोदनका लागि संयुक्त राष्ट्रसंघको महासभामा पठाइनेछ ।

(२) माथि उपधारा (१) मा उल्लेख भएबमोजिम पारित गरिएको संशोधन महासभाले समर्थन गरी दुई तिहाइ राज्यपक्षहरुले स्वीकार गरेको मितिबाट लागू हुनेछ ।

(३) जब कुनै संशोधन लागू हुन्छ, सो संशोधन राज्यपक्षहरु जसले यसलाई स्वीकार गरेका छन्, लाई बााध्यात्मक रुपमा लागू हुनेछ । अरु राज्यपक्षहरु भने यो ऐच्छिक प्रलेखको प्रावधान र उनीहरुले पहिले स्वीकार गरी सकेको कुनै संशोधन लागू गर्न उत्तरदायी हुनेछन् ।

**धारा १३**

(१) यो ऐच्छिक प्रलेख, जसका अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस प्रतिहरु उत्तिकै आधिकारिक छन्, लाई संयुक्त राष्ट्रसंघको अभिलेखमा दर्ता गरिनेछ ।

(२) संयुक्त राष्ट्रसंघका महासचिवले यो ऐच्छिक प्रलेखको प्रमाणित प्रतिलिपिहरु महासन्धिका राज्यपक्षहरु र जसले महासन्धिलाई हस्ताक्षर गरेका सबै राज्यहरुलाई पठाउनेछन् ।

## बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००)

प्रस्तुत ऐच्छिक प्रलेखमा राज्यपक्षहरु,

बालअधिकारसम्बन्धी महासन्धिका उद्धेश्यहरुलाई अझ राम्ररी प्राप्त गर्न र यस्का प्रावधानहरु, खास गरी धारा १, ११, २१, ३२, ३३, ३४, ३५ र ३६ को कार्यान्वयन गर्नकोलागि राज्यपक्षहरुले बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रण हुन बाट उनीहरुलाई संरक्षणको निश्चिन्तता प्रदान गर्न अपनाउनु पर्ने उपायहरुमा व्यापकताल्याउनु वाञ्छनीय हुन्छ भन्ने कुरालाई ध्यान दिँदै,

बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाहरुलाई आर्थिकशोषण हुनबाट, उनीहरुलाई हानिकारक हुन सक्ने वा उनीहरुको शिक्षामा असर पुग्न सक्ने वा उनीहरुको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासकोलागि हानिकारक हुन सक्ने काम गर्नबाट संरक्षण प्रदान गर्ने बालबालिकाहरुको अधिकारलाई मान्यता दिएको छ भन्ने कुरालाई पनि ध्यान दिँदै,

बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति रअश्लील चित्रणकोलागि उनीहरुको अन्तर्राष्ट्रियस्तरमा हुने गरेको ओसारपसारमा आएको बृद्धि प्रति गम्भीर र महत्वपूर्ण चासो दिँदै, व्यापक र निरन्तर रुपमा बढ्दो यौन पर्यटनका व्यवहारहरु, जहाँ विशेष गरी बालबालिकाहरु सिकार हुन सक्छन्, र जसले बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणकोलागि प्रत्यक्ष रुपमा बढावा दिन्छ, लाई गहन रुपमा ध्यान दिँदै,

बालिकाहरुलगायतका विभिन्न समूहहरु, जो खास गरी सिकार हुन सक्ने अवस्थामा छन्, यौनशोषणको ठूलो खतरामा रहेका छन् र यौनशोषण हुनेहरु मध्ये पनि बालिकाहरुको सङ्ख्या नै अत्याधिक रहेको छ भन्ने कुरालाई इंगित गर्दै,

इन्टरनेटमा र विकसित भएका अरु प्रकारका प्रविधिहरुमा बढ्दो संख्यामा उपलब्ध रहेका बालबालिकाहरुको अश्लील चित्रणहरु प्रति चासो दिई र सन् १९९९ मा भियनामा सम्पन्न भएको बालबालिकाहरुको इन्टरनेटमा हुने अश्लील चित्रणलाई निवारण गर्ने अन्तर्राष्ट्रिय सम्मेलन, जसले खास गरी बालबालिकाहरुको अश्लील चित्रणहरुको उत्पादन, वितरण, निर्यात, प्रसार, आयात, मनसायपूर्वक राखिएको भोग र गरिएको विज्ञापनलाई अपराध भनी घोषणा गर्न विश्वव्यापी रुपमा गरिएको आह्वानरुपी निचोडलाई स्मरण गर्दै र सरकारी पक्ष र इन्टरनेट उद्योगको बीचमा हुनुपर्ने निकटतम सहयोग र साझेदारीको महत्वमाथि जोड दिँदै,

अविकसितपना, गरिबी, आर्थिक विभेदहरु, असमान सामाजिक-आर्थिक ढाँचा, काम गर्न नसक्ने अवस्थाका परिवारहरु, अशिक्षा, शहरी-ग्रामीण बसाई सराई, लिङ्ग भेद, अनुत्तरदायी वयस्क यौन क्रियाकलाप, हानिकारक परम्परागत व्यवहारहरु, सशस्त्र द्वन्द्वहरु र बालबालिकाहरुको ओसार

पसारलगायतका कारक तत्वहरुलाई सम्बोधन हुने किसिमबाट एउटा समग्र दृष्टिकोण अपनाउँदै बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणको निवारण गर्ने कार्यमा सहयोग पुऱ्याईनेछ भन्ने कुरामा विश्वास गर्दै,

बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्र0ाका लागि उपभोक्ताबाट हुने माग घटाउन सार्वजनिक सचेतना बढाउने प्रयासहरु गर्नु आवश्यक छ भन्ने कुरामा पनि विश्वास गर्दै र सबै पक्षहरुको बीचमा हुनुपर्ने विश्वव्यापी साझेदारीलाई बल पुऱ्याउनुपर्ने र राष्ट्रिय तहमा कानुनको कार्यान्वयनमा सुधार गर्नुपर्ने कुराको महत्व माथि पनि विश्वास राख्दै,

बालबालिकाहरुको संरक्षणसँगसम्बन्धीत-बालबालिकाहरुको संरक्षण र अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धमा सहयोग पुऱ्याउनेसम्बन्धी हेग महासन्धि, अन्तर्राष्ट्रिय तहमा हुने बालबालिकाहरुको अपहरणमा रहने देवानी पक्षसम्बन्धी हेग महासन्धि, बालबालिकाहरुको संरक्षणमा बाबुआमाको दायित्व र उपायहरुकोलागि क्षेत्राधिकार, कार्यान्वयनयोग्य कानुन, मान्यता, कार्यान्वयन र सहयोगसम्बन्धी हेग महासन्धि र निकृष्ट प्रकृतिको बालश्रमलाई निषेध र उन्मूलन गर्नकोलागि तत्काल कार्य गर्ने अन्तर्राष्ट्रिय श्रमसङ्गठनको महासन्धि नं. १८२ लगायतका अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुका प्रावधानहरुलाई ख्याल गर्दै,

बालअधिकारसम्बन्धी महासन्धिमा भएको व्यापक समर्थनबाट उत्साहित भई, व्यापक प्रतिबद्धता, जुन बालबालिकाहरुको अधिकारहरुको बढावा गर्न र संरक्षण गर्न प्रस्तुत भएको छ, प्रदर्शन गर्दै, २७–३१ अगष्ट १९९६ सम्म (११-१५ भाद्र २०५३) स्टकहोममा आयोजित विश्वसम्मेलनले स्वीकार गरेको बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रण रोक्न बनाइएको “कार्ययोजना”, बालबालिकाहरुको व्यापारीक यौनशोषणविरूद्धको “घोषणा र कार्यगत बुँदाहरु” र सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुका अरु सम्बन्धित निर्णयहरु र सिफारिसहरुका प्रावधानहरुको कार्यान्वयनको महत्वलाई पहिचान गर्दै,

बालबालिकाहरुको संरक्षण र उनीहरुको उचित विकासको लागि मानिसहरुको परम्पराहरु र साँकृतिक मान्यताहरुको महत्वप्रति उपयुक्त प्रकारले ध्यान दिँदै, निम्नबमोजिम गर्न सहमत भएका छन् ।

**धारा १**

राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखले व्यवस्था गरेबमोजिम बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण गर्ने कार्यलाई निषेध गर्नेछन् ।

**धारा २**

यो ऐच्छिक प्रलेखको प्रयोजनकोलागि :

(क) "बालबालिकाहरुको बेचबिखन" भन्नाले कुनै कार्य वा कारोवार हो, जहां कुनै व्यक्ति वा व्यक्तिहरुको समूहले पारिश्रमिक वा अरु कुनै प्रकारको प्रतिफलकोलागि एउटा बालबालिका अरुलाई हस्तान्तरण गर्दछ ।

(ख) "बालवेश्यावृत्ति" भन्नाले पारिश्रमिक वा अरु कुनै प्रकारको प्रतिफलका लागि यौनजन्य क्रियाकलापमा बालबालिकाको प्रयोग गर्नु हो ।

(ग) "बालबालिकाको अश्लील चित्रण" भन्नाले वास्तविक रुपमा वा स्पष्ट सँग उस्तै देखिने कृत्रिम यौनजन्य क्रियाकलापमा जुनसुकै माध्यमबाट हुने बालबालिकाको कुनै प्रकारको प्रदर्शन वा मुख्य रुपमा यौनजन्य प्रयोजनका लागि हुने, बालबालिकाका यौनजन्य भागहरुको कुनै प्रकारको प्रदर्शनी हो ।

**धारा ३**

(१) प्रत्येक राज्यपक्षले आफ्नो फौजदारी वा दण्डसम्बन्धी कानुनमा, कम्तीमा निम्न कार्यहरु वा क्रियाकलापहरु, जुन आफ्नो देशभित्र वा देशबाहिर व्यक्तिगत रुपमा वा साङ्गठनिक तवरले घटेका छन, लाई पूर्ण रुपमा समेटिएका छन् भनी प्रत्याभूति दिनेछन् ।

(क) धारा २ मा उल्लेख भए बमोजिमको बालबालिकाको बेचबिखनको सन्दर्भमा :

(अ) निम्न उद्धेश्यकोलागि कुनै बालबालिका, कुनै पनि तरिकाबाट, दिन प्रस्ताव गर्नु, दिनु वा लिनुः

(१) बालबालिकाको यौनजन्य शोषण गर्न,

(२) नाफाका ागि बालबालिकाको अङ्गहरुको हस्तान्तरण गर्न,

(३) बालबालिकालाई जबर्जस्ती काममा लगाउन ।

(आ) धर्मपुत्र/पुत्री ग्रहण गर्ने सम्बन्धमा लागू हुने अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको उल्लंघन हुने गरी कुनै बालबालिकाको धर्मपुत्र/पुत्री ग्रहणको अनुमतिका लागि मध्यस्थकर्ताको हैसियतले गैरकानुनी तवरले प्रभाव पार्नु ।

(ख) धारा २ मा उल्लेख भए बमोजिमको बाल वेश्यावृत्तिकोलागि कुनै बालबालिका दिन प्रस्ताव गर्नु, प्राप्त गर्नु, खरिद गर्नु वा दिनु ।

(ग) धारा २ मा उल्लेख भए बमोजिमको बालबालिकाको अश्लील चित्रण, माथि उल्लिखित प्रयोजनका लागि, उत्पादन गर्नु, वितरण गर्नु, प्रचार प्रसार गर्नु, आयात गर्नु, निर्यात गर्नु, दिन प्रस्ताव गर्नु, बिक्री गर्नु र भोगमा राख्नु ।

(२) कुनै राज्यपक्षको राष्ट्रिय कानुनका प्रावधानहरुमा उल्लेख भएबमोजिम हुने गरी ती प्रावधानहरु, माथि उल्लिखित कुनै पनि कार्यहरु गर्न उद्योग गर्ने, सम्पन्न गर्ने वा माथि उल्लिखित कुनै

पनि कार्यहरुमा हुने
सहभागीतामा, लागू हुनेछ ।

(३) प्रत्येक राज्यपक्षले त्यस्ता कसुरहरुलाई उपयुक्त दण्डहरु, जसले त्यस्ता कसुरहरुको गम्भीरताको प्रकृति विचार गर्छ, द्वारा दण्डनीय बनाउनेछन् ।

(४) प्रत्येक राज्यपक्षले आफ्नो राष्ट्रिय कानुनका प्रावधानहरुमा उल्लेख भएबमोजिम हुने गरी यो धाराको अनुच्छेद १ मा तोकिएका कसुरहरुका लागि उत्तरदायी भएका कानुनी व्यक्तिहरुको दायित्व निश्चित, जहाँ उपयुक्त हुन्छ गर्न, उपायहरु अपनाउनेछन् । राज्यपक्षको कानुनी सिद्धान्तहरुबमोजिम हुने गरी त्यस्ता कानुनी व्यक्तिहरुको दायित्व फौजदारी, देवानी वा प्रशासनिक हुन सक्नेछ ।

(५) राज्यपक्षहरुले सबै व्यक्तिहरु, जो धर्मपुत्र/पुत्री ग्रहण गर्ने काममा संलग्न छन्, ले सम्बन्धित अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुसँग मेल खाने गरी काम गर्छन् भन्ने कुराको प्रत्याभूति दिन सबै उपयुक्त प्रकारको कानुनी र प्रशासनिक उपायहरु अपनाउनेछन् ।

धारा ४

(१) प्रत्येक राज्यपक्षले धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसुरहरु यदि आफ्नो भू-भागमा वा आफ्नो राष्ट्रको नाममा दर्ता भएको जहाज वा डुङ्गा वा हवाईजहाजमा घट्न गएमा त्यस्ता कसुरहरु माथि आफ्नो क्षेत्राधिकार कायम गर्न त्यस्ता उपायहरु, यदि आवश्यक भएमा, अपनाउन सक्नेछन् ।

(२) प्रत्येक राज्यपक्षले निम्न अवस्थामा धारा ३ को अनुच्छेद १ मा उल्लेख भएका कसुर हरुमाथि आफ्नो क्षेत्राधिकार कायम गर्न त्यस्ता उपायहरु, यदि आवश्यक भएमा, अपनाउन सक्नेछन् ।

(क) यदि कसुरको अभियोग लागेको व्यक्ति त्यो राष्ट्रको नागरिक भएमा वा यसको भू-भागमा बसोबास गर्ने व्यक्ति भएमा ।

(ख) यदि पीडित व्यक्ति त्यो राष्ट्रको नागरिक भएमा ।

(३) प्रत्येक राज्यपक्षले कसुरको अभियोग लागेको व्यक्ति आफ्नो भू-भागमा रहेको र आफ्नो एक नागरिकले त्यस्तो कसुर गराएको छ भन्ने आधारमा यसले त्यस्तो अभियुक्तलाई अर्को राज्यपक्षमा सपुर्दगी नगरेको अवस्थामा माथि उल्लिखित कसुरहरुमाथि आफ्नो क्षेत्राधिकार कायम गर्न पनि त्यस्तो उपायहरु, यदि आवश्यक भएमा, अपनाउनेछ ।

(४) यो ऐच्छिक प्रलेखले राष्ट्रिय कानुनबमोजिम प्रयोग भएको कुनै फौजदारी कानुनसम्बन्धी क्षेत्राधिकारलाई समाप्त पार्नेछैन ।

**धारा ५**

(१) धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसुरहरु, दुई पक्ष राष्ट्रहरु बीच बहाल रहेको कुनै सपुर्दगी सन्धिमा र ती राष्ट्रहरुबीच पछि सम्पन्न हुने प्रत्येक सन्धिसमेतमा, सोही सन्धिमा उल्लेख भएको सर्तबमोजिम हुने गरी सर्पुदगी हुने कसुरको रुपमा, समावेश भएका छन् भनी मानिनेछ।

(२) यदि कुनै राज्यपक्ष, जसले सन्धिको माध्यमबाट सपुर्दगीलाई सर्तमूलक बनाएको छ, अर्को राज्यपक्ष, जोसँग यसको सपुर्दगी सन्धि भएको छैन, बाट सपुर्दगीको लागि अनुरोध प्राप्त गर्दछ भने त्यस्तो राष्ट्रले, त्यस्तो कसुरहरुको सम्बन्धमा सपुर्दगी गर्नको लागि यो ऐच्छिक प्रलेखलाई कानुनी आधार मान्न सक्नेछ। त्यस्तो सपुर्दगीका लागि अनुरोध गरिने राष्ट्रको कानुनमा व्यवस्था भएको सर्तबमोजिम हुनेछ।

(३) सन्धिको माध्यमबाट सपुर्दगी सर्तमूलक नबनाउने राज्यपक्षहरुले, अनुरोध गरिने राष्ट्रको कानुनमा व्यवस्था भएको सर्तहरुबमोजिम हुने गरी, त्यस्तो कसुरहरुलाई एक आपसमा सपुर्दगीयोग्य कसुरहरु मान्न सक्नेछन्।

(४) राज्यपक्षहरु बिच सपुर्दगी गर्ने प्रयोजनकोलागि, त्यस्तो कसुरहरुलाई, जुन ठाउँमा घटेको छ सोही ठाउँमा घट्नुको साथै राज्यपक्षहरुले धारा ४ बमोजिम आफ्नो क्षेत्राधिकार कायम भएको देखाउनुपर्ने भू-भागमा समेत घटेको सरह मानी, व्यवहार गरिनेछ।

(५) धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कुनै कसुरको सम्बन्धमा यदि सपुर्दगीकोलागि अनुरोध गरिएको छ भने र अनुरोध गरिने राज्यपक्षले कसुरदारको नागरिकताको आधारमा सपुर्दगी गरेको छैन वा गर्न लागेको छैन भने त्यो राष्ट्रले त्यो कसुरको कारबाई गर्ने प्रयोजनकोलागि आफ्नो सक्षम निकायहरुमा पठाउन उपयुक्त उपायहरु अपनाउनेछ।

**धारा ६**

(१) राज्यपक्षहरुले धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसुरहरुको अनुसन्धान वा फौजदारी वा सपुर्दगी प्रक्रियाको सम्बन्धमा सो प्रक्रियाको लागि आवश्यक भएका प्रमाणहरु उपलब्ध गराउनेलगायतका सहयोगका उच्चतम उपायहरु उपलब्ध गराउन एक आपसमा सहयोग पुर्‍याउनेछन्।

(२) राज्यपक्षहरुले यो धाराको अनुच्छेद १ बमोजिमका उत्तरदायित्वहरु, उनीहरुको बिचमा पारस्परिक कानुनी सहयोगका लागि, कुनै सन्धिहरु वा अन्य व्यवस्थाहरु भए, सोसँग मेल खाने गरी, बहन गर्नेछन्। त्यस्ता सन्धिहरु वा व्यवस्थाहरु नभए, पक्ष राष्ट्रहरुले आफ्नो राष्ट्रिय कानुनबमोजिमको सहयोग परस्परमा उपलब्ध गराउनेछन्।

**धारा ७**

आफ्नो राष्ट्रिय कानुनका प्रावधानहरुबमोजिम हुने गरी राज्यपक्षहरु :

(क) निम्न कुराहरु जफत वा अधिग्रहण, उपयुक्तताअनुसार गर्नकोलागि, उपायहरु अपनाउनेछन् ।

(अ) सामग्रीहरु, जस्तो कि चीज बस्तुहरु, सम्पत्तिहरु र अरु प्रकारका उपकरणहरु जुन यो ऐच्छिक आलेख बमोजिमको कसुरहरु घटाउन वा घटाउन मद्दत गर्न प्रयोग गरिएका छन्,

(आ) त्यस्तो कसुरहरुबाट प्राप्त आम्दानीहरु ।

(ख) अर्को राज्यपक्षबाट माथि उप-अनुच्छेद (क) मा उल्लेख गरिएको सामग्रीहरु वा आम्दानीको जफत वा अधिग्रहण गर्न भएको अनुरोध कार्यान्वयन गर्ने,

(ग) त्यस्तो कसुरहरु घटाउन प्रयोग भएको स्थानहरु अस्थायी रुपमा वा तोकिएको अवधिका लागि बन्द गर्ने उद्देश्यका लागि उपायहरु अपनाउनेछन् ।

धारा ८

(१) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखले निषेध गरेका कार्यहरुबाट पीडित बालबालिकाहरुको अधिकारहरु र हितको फौजदारी न्यायप्रक्रियाको सबै तहमा रक्षा गर्न उपयुक्त उपायहरु, खास गरी देहायबमोजिम गरी, अपनाउनेछन् :

(क) बालबालिकाहरु पीडित हुन सक्ने संभाव्यताको पहिचान गरी र साक्षी हुनकोलागि तिनीहरुलाई चाहिने विशेष प्रकारको आवश्यकताको साथै तिनीहरुको विशेष आवश्यकताहरुको पहिचान गर्न सघाउ पुऱ्याउन कार्यविधिहरु अपनाउने ।

(ख) पीडित बालबालिकाहरुलाई तिनीहरुको अधिकारहरु, भूमिका, क्षेत्र, प्रक्रियामा लाग्ने समय र प्रगति तथा उनीहरुको मुद्दामा हुने निर्णयको बारेमा जानकारी दिने ।

(ग) राष्ट्रिय कानुनको कार्यविधिगत नियमसँग मेल खाने गरी पीडित बालबालिकाहरुको दृष्टिकोणहरु, आवश्यकताहरु र चासोहरुलाई प्रक्रिया, जहाँ उनीहरुको व्यक्तिगत चाहनाहरुमा असर पुग्न सक्छ, मा प्रतिनिधित्व गराउने र विचार पुऱ्याउने ।

(घ) कानुनी प्रक्रियाको सबै तहमा पीडित बालबालिकाहरुलाई उपयुक्त सहयोगी सेवाहरु उपलब्ध गराउने ।

(ङ) पीडित बालबालिकाहरुको व्यक्तिगत कुरा र परिचयलाई, उपयुक्तताअनुसार, संरक्षण गर्ने र अनुपयुक्त ढङ्गबाट सूचना, जसले पीडित बालबालिकाहरुको परिचय दिन सक्छ, प्रबाह हुनबाट राष्ट्रिय कानुनबमोजिम रोक्न उपायहरु अपनाउने ।

(च) पीडित बालबालिकाहरुको साथै उनीहरुको तर्फबाट रहेका उनीहरुको परिवार र साक्षीहरुलाई, तर्साउने र बदला लिने काम बाट बचाउ, जहाँ उपयुक्त हुन्छ, गर्ने ।

(छ) पीडित बालबालिकाहरुको सम्बन्धमा फैसला गर्दा वा उनीहरुलाई क्षतिपूर्ति दिने गरी आदेश दिँदा वा निर्णय गर्दा अनावश्यक ढिलासुस्ती नगर्ने ।

(२) राज्यपक्षहरुले पीडितको उमेर निश्चित गर्ने उद्धेश्यले गरिने अनुसन्धानका साथै फौजदारी अनुसन्धान प्रक्रियाको थालनी गर्ने काममा पीडितको वास्तविक उमेरको अनिश्चितताले रोक्नेछैन भन्ने कुराको प्रत्याभूति दिनेछन् ।

(३) राज्यपक्षहरुले बालबालिकाहरु, जो यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसुरहरुबाट पीडित छन्, लाई उपचार दिने काम गर्दा आफ्नो फौजदारी न्याय प्रणालीले उनीहरुको सर्वोत्तम हितलाई मुख्य रुपमा ध्यान दिनेछ भन्ने कुराको प्रत्याभूति दिनेछन् ।

(४) राज्यपक्षहरुले व्यक्तिहरु, जो यो ऐच्छिक प्रलेखले निषेध गरेका कसुरहरुबाट पीडित व्यक्तिहरु सँग काम गर्छन्, लाई उपयुक्त प्रकारको तालिम, खास गरी कानुनी र मनोवैज्ञानिक तालिम दिने कुराको निश्चिन्तता गर्नकोलागि उपायहरु अपनाउनेछन् ।

(५) राज्यपक्षहरुले पीडित व्यक्तिहरुलाई त्यस्तो कसुरहरुबाट रोकथाम र/वा संरक्षण र पुनर्वास गराउने काममा संलग्न व्यक्तिहरु र/वा सङ्गठनहरुको सुरक्षा र एकताको रक्षा गर्ने उपायहरु, जहाँ उपयुक्त हुन्छ, अपनाउनेछन् ।

(६) यो धाराको कुनै पनि कुराले अभियुक्तको स्वच्छ र निष्पक्ष ढङ्गबाट जाँचबुझ गराउन पाउने अधिकारहरुलाई असर पुऱ्याएको वा असम्बन्धित बनाएको अर्थ लगाएको मानिनेछैन ।

## धारा ९

(१) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएको कसुर हरुलाई रोक्नकोलागि कानुनहरु, प्रशासनिक उपायहरु, सामाजिक नीतिहरु र कार्यक्रमहरु बनाउने वा मजबुत बनाउने, कार्यान्वयन गर्ने र प्रचार प्रसार गर्ने काम गर्नेछन् । बालबालिकाहरु, जो खास गरी त्यस्तो कसुरहरुबाट पीडित हुन सक्ने संभावनामा छन्, को संरक्षण गर्न विशेष ध्यान पुऱ्याईनेछ ।

(२) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसुर हरुको हानिकारक असरहरु र सो को सुरक्षात्मक उपायहरुको बारेमा सबै प्रकारका उपयुक्त तरिकाहरु, शिक्षा र तालिम एवं सूचनाको माध्यमबाट बालबालिकासहित ठूलो सङ्ख्यामा जनसाधारणमा चेतना अभिबृद्धि गर्नेछन् । राज्यपक्षहरुले यो धारा बमोजिमको उत्तरदायित्वपूरा गर्दा त्यस्ता सूचना र शिक्षा एवं तालिम कार्यक्रमहरु, अन्तर्राष्ट्रिय तहका समुदाय, खास गरी बालबालिकाहरु र पीडित बालबालिकाहरु, को सहभागीता गराउन उत्साहित गर्नेछन् ।

(३) राज्यपक्षहरुले त्यस्तो कसुरहरुबाट पीडित भएका व्यक्तिहरुलाई उनीहरुको पूर्णरुपमा

सामाजिक पुनःस्थापना एवं शारीरिक र मनोवैज्ञानिक पुनःस्थापनालगायतका सबै प्रकारको उपयुक्त सहयोगको निश्चिन्तता पुऱ्याउने उद्धेश्यका लागि सम्भव भएसम्मका सबै उपायहरु अपनाउनेछन् ।

(४) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसुर हरुबाट पीडित भएका सबै बालबालिकाहरुले कानुनबमोजिम उत्तरदायित्व भएका व्यक्तिहरुबाट कुनै भेदभावविना क्षतिको क्षतिपूर्ति लिन पर्याप्त कानुनी प्रक्रियाहरुमा प्रवेश पाएका छन् भन्ने कुराको प्रत्याभूति दिनेछन् ।

(५) राज्यपक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसुर हरुको विज्ञापन हुने सामग्रीहरुको उत्पादन र प्रचारप्रसार गर्न प्रभावकारी तवरले रोक्ने उद्धेश्यले उपयुक्त उपायहरु अपनाउनेछन् ।

## धारा १०

(१) राज्यपक्षहरुले बालबालिकाहरुको बेचबिखन, वेश्यावृत्ति,अश्लील चित्रण र बालयौन-पर्यटन हुने किसिमको कार्यमा उत्तरदायी व्यक्तिहरुलाई रोक्न, पहिचान गर्न, अनुसन्धान गर्न, कारबाई गर्न र सजाय गर्नकोलागि बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यवस्थाहरुको माध्यमबाट अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्न आवश्यक भएका सबै कदमहरु चाल्नेछन् ।

(२) राज्यपक्षहरुले पीडित बालबालिकाहरुको शारीरिक र मनोवैज्ञानिक एवं सामाजिक पुनःस्थापना तथा उनीहरुलाई आफ्नो घरमा पठाउने काममा सहयोग गर्न अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्ने छन् ।

(३) राज्यपक्षहरुले खास कारणहरु, जस्तो कि गरिबी र पछौटेपना, जसले गर्दा बालबालिकाहरु बेचबिखन हुन, वेश्यावृत्तिमा लाग्न, अश्लील प्रकारले चित्र0ा हुन वा बालयौन-पर्यटनमा लाग्न विवश हुन पुग्छन्, लाई समाधान गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्न बढावा दिनेछन् ।

(४) राज्यपक्षहरु, जो सोअनुसार गर्न समर्थ छन्, ले प्रचलित बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय वा अरु कार्यक्रमका माध्यमबाट आर्थिक, प्राविधिक र अन्य सहयोगहरु उपलब्ध गराउनेछन् ।

## धारा ११

यो ऐच्छिक प्रलेखको कुनै पनि कुराले कुनै प्रावधानहरु जसले बालबालिकाहरुको अधिकारलाई अझ राम्ररी पहिचान गर्न सहयोग पुऱ्याएको छ र निम्न दस्तावेजमा रहेको हुन सक्छ, लाई असर गर्नेछैन :-

(क) राज्यपक्षको कानुनमा,

(ख) त्यो राज्यपक्षलाई लागू हुने अन्तर्राष्ट्रिय कानुनमा ।

### धारा १२

(१) हरेक राज्यपक्षले, यो ऐच्छिक प्रलेख आफूलाई लागू भएको २ वर्ष भित्र, यो ऐच्छिक प्रलेखको कार्यान्वयनकोलागि गरिएका उपायहरुको विस्तृत सूचनाहरु समावेश गरी एउटा प्रतिवेदन बालअधिकारसम्बन्धी समितिमा पठाउनेछन् ।

(२) विस्तृत प्रतिवेदन बुझाई सकेपछि प्रत्येक राज्यपक्षले महासन्धिको धारा ४४ अनुसार यो ऐच्छिक प्रलेखको कार्यान्वयनको सम्बन्धमा भएको कुनै थप सूचना, आफ्नो प्रतिवेदन जुन यसले बालअधिकारसम्बन्धी समितिमा बुझाउनेछ, मा समावेश गर्ने छन् । यो ऐच्छिक प्रलेखको अरु राज्यपक्षहरुले आफ्नो प्रतिवेदन प्रत्येक पाँच वर्षमा बुझाउनेछन् ।

(३) बालअधिकारसम्बन्धी समितिले यो ऐच्छिक प्रलेखको कार्यान्वयनसंग सम्बन्धित थप सूचनाका लागि राज्यपक्षहरुसंग अनुरोध गर्न सक्नेछ ।

### धारा १३

(१) महासन्धिको पक्ष भएको वा सो मा हस्ताक्षर गर्ने राष्ट्रलाई यो ऐच्छिक प्रलेखमा हस्ताक्षर गर्न खुला गरिएको छ ।

(२) यो ऐच्छिक प्रलेख अनुमोदन हुनुपर्नेछ र यसमा सम्मिलन हुनकोलागि महासन्धिको पक्ष भएको वा सो मा हस्ताक्षर गर्ने राष्ट्रलाई खुला गरिएको छ । अनुमोदन वा सम्मिलनको प्रति संयुक्त राष्ट्रसंघका महासचिवबाट सङ्कलित हुनेछ ।

### धारा १४

(१) अनुमोदन वा सम्मिलनको दशौं प्रति दर्ता भएको ३ महिनापछि यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

(२) यो ऐच्छिक प्रलेख लागू भई सकेपछि यसलाई अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रलाई यसले आफ्नो अनुमोदन वा सम्मिलनको दस्तावेज दर्ता गरेको १ महिनापछि, यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

### धारा १५

(१) कुनै राज्यपक्षले कुनै पनि समयमा संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिई यो ऐच्छिक प्रलेख परित्याग गर्न सक्नेछ र त्यसपछि सो को सूचना महासचिवले महासन्धिका राज्यपक्षहरु र सबै राष्ट्रहरु जसले महासन्धिलाई हस्ताक्षर गरेका छन्, लाई दिनेछन् । परित्यागको सूचना महासचिवले पाएको १ वर्षपछि सो परित्याग लागू हुनेछ ।

(२) परित्याग लागू हुनु भन्दा अगाडिको मितिमा भएका कुनै कसुरको सम्बन्धमा राज्यपक्षलाई यो

ऐच्छिक आलेखको दायित्वहरु बहन गर्नबाट त्यस्तो परित्यागले मुक्ति दिएको मानिनेछैन। त्यस्तो परित्यागले सो परित्याग लागू हुनु भन्दा अघि कुनै विषयमा विचाराधिन रहेका कुरा, जुन बालअधिकारसम्बन्धी समितिमा पहिले नै विचाराधिन रहेको थियो, लाई पनि कुनै पनि तरिकाबाट असर पुऱ्याउनेछैन।

## धारा १६

(१) कुनै राज्यपक्षले संशोधनको प्रस्ताव गर्न र सो प्रस्ताव संयुक्त राष्ट्रसंघका महासचिवलाई पठाउन सक्नेछ। महासचिवले त्यसपछि सो प्रस्तावको सम्बन्धमा विचार गर्न र मतदान गर्न राज्यपक्षहरु, राज्यपक्षहरुको सम्मेलन चाहन्छन् कि चाहदैनन् भन्ने आशय व्यक्त गर्न राज्यपक्षहरुलाई अनुरोध गर्दै, प्रस्तावित संशोधनको सूचना राज्यपक्षहरुलाई पठाउनेछन्। त्यस्तो सूचना पठाइएको ४ महिना भित्रमा कम्तीमा एक तिहाई राज्यपक्षहरुले सम्मेलनको माग गरेको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वाधानमा त्यस्तो सम्मेलनको आह्वान गर्नेछन्। सो सम्मेलनमा बहुमत राज्यपक्षहरुले उपस्थित भई र मतदान गरी कुनै संशोधन पारित गरेमा, सो संशोधनको समर्थनकोलागि संयुक्त राष्ट्रसंघको महासभामा पठाइनेछ।

(२) माथि अनुच्छेद (१) मा उल्लेख भएबमोजिम पारित गरिएको संशोधन महासभाले समर्थन गरी दुईतिहाई राज्यपक्षहरुले स्वीकार गरेको मिति देखि लागू हुनेछ।

(३) जब कुनै संशोधन लागू हुन्छ, सो संशोधन राज्यपक्षहरु जसले यसलाई स्वीकार गरेका छन्, लाई बाध्यात्मक रुपमा लागू हुनेछ। अरु राज्यपक्षहरु भने यो ऐच्छिक प्रलेखको प्रावधानहरु र उनीहरुले पहिले स्वीकार गरिसकेको कुनै संशोधनहरु लागू गर्न उत्तरदायी हुनेछन्।

## धारा १७

(१) यो ऐच्छिक प्रलेख, जसको अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस प्रतिहरु उत्तिकै आधिकारिक छन्, लाई संयुक्त राष्ट्रसंघको अभिलेखमा दर्ता गरिनेछ।

(२) संयुक्त राष्ट्रसंघका महासचिवले यो ऐच्छिक प्रलेखको प्रमाणित प्रतिलिपिहरु महासन्धिका सबै राज्यपक्षहरु र महासन्धिलाई हस्ताक्षर गरेका राज्यहरुलाई पठाउनेछन्।

# बालन्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली ("बेइजिङ" नियमावली)

*महासभाको २९ नोभेम्बर १९८५ को सय्ल्पलेख ४०/३३ द्वारा जारी*

## भाग–१ आमसिद्धान्त

### १. मूलभूत परिप्रेक्ष्य

१.१ सदंस्य राष्ट्रले सान्दर्भिक आमहितसँग सुसङ्गत रहने गरी बालविज्याँईकर्ता र तिनका परिवारहरुको भलाई अघि बढाउन चाहनेछन् ।

१.२ सदस्य राष्ट्रले विचलित व्यवहारको जोखिमयुक्त जीवन अवधिमा रहेका बालबालिकाका लागि सकेसम्म कसुर र बिज्याँईबाट मुक्त व्यक्तिगत विकास र शिक्षाको प्रक्रिया हुर्काउने गरी समुदायमा सार्थक जीवन सुनिचित गर्ने अवस्था विकास गर्न प्रयास गर्नेछन् ।

१.३ कानुनअन्तरगत हस्तक्षेप गर्ने आवश्यकतालाई घटाउने र कानुनको विवादमा परेका बालबालिकाको हकमा प्रभावकारी, स्वच्छ र मानवीय रुपले व्यवहार गर्ने दृष्टिसाथ बालबिज्याँईकर्ताको भलाई पर्वर्द्धन गर्ने प्रयोजनका लागि परिवार, स्वयंमसेवक र अन्य सामुदायिक समूह, साथसाथै विद्यालय र अन्य सामुदायिक संस्था लगायतका सम्भाब्य सम्पूर्ण स्रोतसाधनको पूर्ण परिचालन समावेश गर्ने सकारात्मक उपायहरुमा प्रर्याप्त ध्यान दिइनेछ ।

१.४ बाल न्यायलाई, सम्पूर्ण बालबिज्याँईकर्ताका लागि सामाजिक न्यायको विस्तृत ढाँचाभित्र किशोरकिशोरीहरुको संरक्षण र समाजमा शान्तिव्यवस्था कायम गर्नमा योगदान गर्ने, प्रत्येक देशको राष्ट्रिय विकास प्रक्रियाको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

१.५ प्रत्येक सदस्य राष्ट्रका विद्यमान आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थाका परिप्रेक्ष्यमा यी नियमहरुलाई कार्यान्वयन गरिनेछन् ।

१.६ विधि, पद्धति र प्रबृत्तिलगायत सेवामा संलग्न कर्मचारीहरुको सक्षमता सुधार्ने र दिगो पार्ने उद्देश्यले बाल न्याय सेवाको योजनाबद्ध तरिकाले विकास र समन्वय गरिनेछ ।

### टिप्पणी

यी बृहत् आधारभूत दृष्टिकोणले सामान्यतः विस्तृत सामाजिक नीतिलाई निर्देश गर्दछन् र अधिकतम हदसम्म बालबिज्याँइकर्ताको कल्याण प्रवर्द्धन गर्ने लक्ष्य राख्दछन् जसले बालन्याय प्रणालीद्वारा गरिने हस्तक्षेपको आवश्यकतालाई घटाउनेछ र त्यसपछि कुनै पनि हस्तक्षेपद्वारा हुन सक्ने हानिलाई कम गर्नेछ । बिज्याँईको सुरूआत हुनुअघि किशोरकिशोरीका लागि गरिने यस्ता स्याहारका उपाय नियमावलीको कार्यान्वयनको आवश्यकता पूरा गर्न निर्मित आधारभूत नीतिगत पूर्वसर्त हुन् ।

अन्य कुराको साथै बाल अपराध र बिज्याँईको रोकथाममा अल्पवयस्कको रचनात्मक सामाजिक नीतिले खेल्ने महत्वपूर्ण भूमिकालाई नियम १.१ देखी १.३ सम्मका नियमले इंगित गर्छन् । नियम १.४ ले बालबिज्याँईकर्ताका लागि बालन्यायलाई सामाजिक न्यायको अभिन्न अङ्गको रुपमा परिभाषित गर्छ भने नियम १.६ ले सामान्यतः बालबिज्याँईकर्ताको प्रगतिशील सामाजिक नीतिको विकासमा पछि नपरी एवं कर्मचारी सेवाको निरन्तर अभिवृद्धिको आवश्यकतालाई ध्यानमा राखी बालन्यायलाई निरन्तर रुपले सुधार गर्नुपर्ने आवश्यकतालाई उल्लेख गर्दछ ।

नियम १.५ ले सदस्य राष्ट्रमा विद्यमान अवस्थालाई दृष्टिगत गर्न खोज्दछ जसले खासखास नियमको कार्यान्वयन आवश्यकताअनुसार अन्य राष्ट्रमा कार्यान्वयन गरिएको तरिकाभन्दा भिन्न तरिकाले गराउने कुरामा ध्यान दिन खोज्छ ।

### २. नियमवलीको क्षेत्र र प्रयुक्त परिभाषा

२.१ उदाहरणका लागि, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म र राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतजस्ता कुनै पनि कुराको अन्तर नराखी बाल कसुरदारउपर देहायका न्यूनतम मापदण्डका नियमहरुलाई निष्पक्षतापूर्वक लागू गरिनेछन् ।

२.२ यी नियमहरुको प्रयोजन लागि सदस्य राष्ट्रले आफ्ना कानुनी व्यवस्था र अवधारणासँग मेल खाने तरिकाले निम्न परिभाषालाई लागू गर्नेछन् :–

(क) आफ्ना कानुनी प्रणाली अन्तरगत कसुरका लागि वयस्कभन्दा भिन्दै तरिकाले समाल्नु पर्ने बालबालिका वा किशोर किशोरी नै बालबिज्याँईकर्ता हो .

(ख) आफ्ना कानुनी प्रणाली अन्तरगत कानुनद्वारा दण्डनीय कुनै पनि व्यवहार (कार्य वा अकार्य) नै कसुर हो .

(ग) कसुर गरेको भनिएको वा कसुर गरेको पाइएको कुनै बालबालिका वा बयस्क भन्दा कम उमेरको व्यक्ति नै बाल कसुरदार हो .

२.३ हरेक राष्ट्रको आफ्नो अधिकारक्षेत्र भित्र, बाल कसुरदार र बालन्याय प्रशासनको कार्य सुम्पिएका संस्थापना तथा निकायका हकमा विशेषतः लागू हुने कानुन, नियम र प्रावधानहरुको समुच्चय सङ्ग्रह स्थापना गर्न प्रयास गरिनेछन् र निम्न कुरा रुपाङ्कित गरिनेछन् :–

(क) तिनको आधारभूत अधिकारको संरक्षण गर्दा बाल कसुरदारको विविध आवश्यकताको संवोधन गर्ने;

(ख) समाजका आवश्यकता पूरा गर्ने;

(ग) देहायका नियमहरुलाई समग्र रुपमा र उचित तरिकाले कार्यान्वयन गर्ने ।

## टिप्पणी

विभिन्न कानुनी व्यवस्थाभित्र लागू गर्ने गरी र साथै वालबिन्जाँईकर्ताको कुनै पनि परिभाषा एवं बाल कसुरदारलाई हेर्ने कुनै व्यवस्था अन्तरगत बाल कसुरदारलाई गर्नु पर्ने व्यवहारका लागि केही न्यूनतम मापदण्ड तोक्न न्यूनतम मापदण्डको नियमावली विचारपूर्वक तर्जुमा भएको हो। यी नियमहरु संधै पक्षपातरहित ढङ्गले र कुनै पनि किसिमको भेदभावविना लागू गरिनुपर्छ।

त्यसैले नियम २.१ ले सधैं निश्पक्ष ढङ्गले र कुनै पनि किसिमको भेदभावविना लागू भइरहनुपर्ने नियमहरुको महत्वलाई जोड दिन्छ। यस नियमले बालअधिकारसम्बन्धी घोषणापत्रको सिद्धान्त २ को बनोटलाई अनुशरण गरेको छ।

नियम २.२ ले "बालबिज्याँईकर्ता" र "कसुर" लाई यो न्यूनतम मापदण्डको नियमावलीलाई मुख्य विषय भएको "बाल कसुरदार" को अवधारणाको अङ्गको रुपमा परिभाषित गर्छ (तथापि नियम ३ र ४ पनि हेर्नुहोस्)। यसरी सदस्य राष्ट्रका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र कानुनी व्यवस्थाको पूर्ण आदर गरी उमेरको हद प्रत्येक कानुनी व्यवस्थामा निर्भर हुनेछ र स्पष्टतः निर्भर बनाइने कुरामा ध्यान दिनु पर्नेछ। यसले गर्दा ७ देखि १८ वर्षसम्म वा त्यसभन्दा माथिको उमेरसम्म पनि पर्ने गरी "बालबिन्ज्याँइकर्ता" को परिभाषा अन्तरगत उमेरको विस्तृत विविधताको व्यवस्था गर्छ। विभिन्न राष्ट्रिय कानुनी व्यवस्थाका दृष्टिकोणले यस्तो विविधता देखिन्छ र यसले यो न्यूनतम मापदण्डको नियमावलीको प्रभाव भने घटाउँदैन।

नियम २.३ ले कानुनी र व्यावहारिक दुवै हिसाबले यी नियमहरुको उच्चतम कार्यान्वयनका निमित्त खास राष्ट्रिय कानुनी व्यवस्थाको आवश्यकतालाई सम्बोधन गर्दछ।

## ३. नियमहरुको विस्तार

३.१ नियमावलीका सान्दर्भिक प्रावधान बाल कसुरदारलाई मात्र नभई वयस्कद्वारा गरिँदा दण्डनीय हुन सक्ने कुनै खास व्यवहारका लागि पनि लागू गर्ने गरी कारबाई अगि बढाउन सकिनेछ।

३.२ नियमावलीमा समेटिएका सिद्धान्तहरुलाई कल्याण र स्याहारको प्रक्रियामा समालिएका सबै बालबिज्याँईकर्तासम्म विस्तार गर्न प्रयास गरिनेछ।

३.३ नियमावलीमा समेटिएका सिद्धान्तहरुलाई कम उमेरका वयस्क कसुरदारसम्म विस्तार गर्न प्रयास गरिनेछ।

### टिप्पणी

नियम ३ ले बालन्याय प्रशासनका लागि न्यूनतम मापदण्डको नियमावलीले निम्न कुरा समेट्ने गरी विस्तार गरेको छ :–

(क) विभिन्न राष्ट्रिय कानुनी व्यवस्थामा वयस्कहरुलाई भन्दा बालबिज्याँईकर्ताका हकमा बढी  दायरामा कसुर ठानिने व्यवहारको परिधिमा तोकिएका (उदाहरणका लागि, पलायन, विद्यालय र परिवारमा अनाज्ञाकारिता, सार्वजनिक स्थलमा उपद्रो आदि) (नियम ३.१) कथित “हैसियती कसुर”;

(ख) बालबिज्याँईकर्ताको कल्याण र स्याहारको कारबाई प्रक्रिया (नियम ३.२);

(ग) तोकिएको हरेक उमेरसीमा मा वास्तवमा निर्भर कम उमेरका वयस्क कसुरदारलाई समाल्ने कारबाई प्रक्रिया (नियम ३.३) ।

यी तीन क्षेत्रलाई समेट्ने गरी गरिने नियमावलीको विस्तारलाई पुस्ट्याई हुनुपर्ने देखिन्छ । नियम ३.१ ले ती क्षेत्रमा न्यूनतम प्रत्याभूति उपलब्ध गराएको छ र नियम ३.२ लाई कानुनको विवादमा परेका समस्त बालविज्याँईहरुका लागि बढी स्वच्छ, समानतापूर्ण र मानवीय न्यायको दिशामा अपेक्षित पाइलाका रुपमा हेरिएको छ ।

### ४. आपराधिक उत्तरदायित्वको उमेर

४.१ बालबिज्याँईकर्ताका लागि आपराधिक दायित्वको उमेरको अवधारणालाई मान्यता दिने कानुनी प्रणालीमा उद्वेगात्मक, मानसिक र बौद्धिक परिपक्वता जस्ता तथ्यहरुलाई ध्यानमा राखी सो उमेर प्रारम्भ हुने हद सारै कम उमेर तहबाट निर्धारण गरिनेछैन ।

### टिप्पणी

इतिहास र सँस्कृतिको कारणबाट आपराधिक दायित्वको न्यूनतम उमेर ठाँउठाँउमा फरकफरक हुन्छ । आपराधिक दायित्वको नैतिक तथा मनोवैज्ञानिक पक्ष बालबालिकाले व्यहोर्न सक्छ कि सक्दैन भन्ने कुरा विचार गर्नुचाहिँ आधुनिक दृष्टिकोण हो; अर्थात् निजका व्यक्तिगत विवेक र समझदारीका कारणले बालबालिकालाई मूलतः असामाजिक व्यवहारका लागि उत्तरदायी बनाउन सकिँदैन । आपाराधिक दयित्वको उमेर निकै कम निर्धारण भएको छ भने वा न्यूनतम उमेरको निर्धारण भएको छ भने वा न्यूनतम उमेरको सीमा छैन भने दायित्वको अवधारणा अर्थहीन हुन्छ । सामान्यतः दोषी वा आपराधिक व्यवहार गर्ने लागि दायित्वको अवधारणा र अन्य सामाजिक अधिकार तथा दायित्व ( जस्तो वैवाहिक अवस्था, नागरिक बहुसंख्या आदि) बीच घनिष्ट सम्बन्ध हुन्छ । अतः अन्तर्राष्ट्रिय रुपले लागू हुने मुनासिब न्यूनतम उमेरको हदका सम्बन्धमा सहमतिमा

पुग्न प्रयासहरु गरिनुपर्छ ।

### ५. बालन्यायका उद्देश्य

५.१ बालन्याय प्रणालीले बालबिज्याँईकर्ताको भलाईमा जोड दिनेछ र बाल कसुरदारप्रति गरिने कुनै पनि प्रतिक्रिया कसुरदार र कसुर दुवैको परिस्थितिप्रति सधै समानुपातिक हुने कुरा निश्चित पार्नेछ ।

### टिप्पणी

बालन्यायका महत्वपूर्ण उद्देश्यहरुमध्ये दुई वटालाई नियम ५ ले इंगित गरेको छ । पहिलो उद्देश्य – बालबिज्याँईकर्ताको कल्याणलाई अभिवृद्धि गर्नु हो । पारिवारिक न्यायालय वा प्रशासनिक अधिकारीद्वारा व्यवहार गरिने बाल कसुरदारसम्बन्धी कानुनी व्यवस्थाको यो मुख्य केन्द्रबिन्दु हो तर दण्डात्मक सजायको वर्जनलाई योगदान गर्दै फौजदारी अदालतको ढाँचा अवलम्बन गर्ने कानुनी प्रणालीले पनि बालबिज्याँईकर्ताको भलाईलाई जोड दिनुपर्छ । ( नियम १४ पनि हेर्नु होस्) ।

दोस्रो उद्देश्य "समानुपातिकताको सिद्धान्त" हो । कसुरको गम्भीरताका सम्बन्धमा व्यक्त हुने खाँटी दण्डका रुपमा व्यक्त हुने दण्डात्मक सजायलाई निरुत्साहित गर्ने प्रख्यात साधनको रुपमा यो सिद्धान्त रहेकोछ । किशोर कसुरदारप्रतिको प्रतिक्रिया कसुरको गम्भीरताको मात्रामा होइन व्यक्तिगत परिस्थितिको मूल्याङ्कनमा पनि आधारित हुनुपर्दछ । कसुरदारका व्यक्तिगत परिस्थितिले (उदाहरणका लागि, सामाजिक हैसियत, पारिवारिक परिस्थिति, कसुरबाट गरिएको हानि वा व्यक्तिगत परि स्थितिलाई प्रभाव पार्ने अन्य कारक तत्वहरु) प्रतिक्रियाहरुको अनुपातलाई (उदाहरणका लागि, कसुरबाट पीडित भएका व्यक्तिलाई हर्जाना दिने प्रयास वा तिनको वा उनको हितकारी तथा उपयोगी जीवनमा परिणत हुने चाहनालाई ध्यानमा राख्दै) प्रभाव पार्नुपर्दछ .

सोही कुराले किशोर कसुरदारको कल्याणलाई सुनिश्चित गर्न लक्षित प्रतिक्रियाहरु आवश्यकताभन्दा बाहिर जान सक्दछन् र त्यसैले केही बाल न्याय प्रणालीहरुमा देखिएजस्तै किशोरकिशोरीहरुका आधारभूत अधिकारहरु उल्लंघन हुनपुग्दछन् । यहाँ पनि पीडित व्यक्तिसमेत कसुरदार र कसुर दुवैका परिस्थितिहरुप्रति प्रतिक्रियाको अनुपातलाई संरक्षण गरिनुपर्दछ ।

नियम ५ ले सारतः बालबिज्याँई तथा अपराधका सम्बन्धी कुनै पनि मामिलामा स्वच्छ प्रतिक्रियाभन्दा बाहेक नत घटी नत बढी आह्वान गर्दैगर्दैन । नियममा मिलान गरिएको विषयले बालबिज्याँईकर्तामाथिको औपचारिक सामाजिक नियन्त्रणको जाँलोको कुनै पनि अनावश्यक विस्तारका सट्टामा नयाँ र सिर्जनात्मक किसिमका प्रतिक्रिया र सतर्कता, दुवैको विकासलाई प्रेरित

गर्न मद्दत दिन सक्छ ।

### ६. तजबिजको क्षेत्र

६.१ बालबिज्याँईकर्ताको बदलिँदो विशेष आवश्यकता साथसाथै उपलब्ध विविध उपायलाई दृष्टिगत गरी अनुसन्धान, अभियोजन, निरुपण तथा निर्णयहरुको कार्यान्वयनलगायत बाल न्याय प्रशासनका कारबाईका सबै चरणमा विभिन्न तहमा तजबिजको क्षेत्रलाई उचित स्थान दिइनेछ ।

६.२ तथापि, यस्तो कुनै पनि तजबिजी प्रयोगमा सबै तह र चरणमा यथेष्ट उत्तरदायित्व सुनिश्चित गर्ने प्रयास गरिनेछन् ।

६.३ तजबिजको प्रयोग गर्ने व्यक्तिहरु न्यायिक रुपले साथै आफ्ना कामकर्तव्य र कार्यादेशअनुसार यसको प्रयोग गर्न विशेष योग्यताप्राप्त र तालिमप्राप्त हुनेछन् ।

### टिप्पणी

प्रभावकारी, स्वच्छ र मानवीय बालन्याय प्रशासनका धेरै महत्वपूर्ण विशेषताहरु नियम ६.१, ६.२ र ६.३ ले समावेश गरेकाछन्; प्रत्येक व्यक्तिगत मुद्दामा एकदमै उपयुक्त ठानिएका कार्यहरु निश्चय गर्नेले गर्न सकोस् भनेर कारबाईका सबै महत्वपूर्ण चरण वा तहमा स्वविवेक शक्तिको प्रयोग गर्न अनुमति दिने; र कुनै पनि स्वविवेक शक्तिको दुरूपयोगलाई रोक लगाउने र किशोर कसुरदारका अधिकारको संरक्षण गर्ने क्रममा नियन्त्रण र सन्तुलन प्रदान गर्नुपर्ने आवश्यकता छ । उत्तरदायित्व र व्यावसायिकता फराकिलो तजबिजउपर अङ्कुश लाउने उत्तम साधन हुन् । यसरी यहाँ बाल कसुरदारका मामिलामा व्यावसायिक योग्यता र विशेषज्ञता तालिमलाई तजबिजको न्यायिक प्रयोग सुनिश्चित तुल्याउने महत्वपूर्ण साधनको रुपमा जोड दिइएको छ (नियम १.६ र २.२ पनि हेर्नुहोस्) । यस सन्दर्भमा निर्णय र उत्तरदायित्वउपर निगरानीलाई स्थान दिन तजबिजको प्रयोगसम्बन्धी निर्दिष्ट मार्गदर्शन र पुनरावलोकन, पुनरावेदन र यस्तै कुराको प्रणालीको व्यवस्थालाई जोड दिइएकोछ । तिनलाई सजिलैसँग अन्तर्राष्ट्रिय न्यूनतम मापदण्डका नियमहरुमा गाभ्न नसकिने र न्याय प्रणालीका सबै पृथकताहरुलाई समेट्न नसकिने हुनाले यस्ता संयन्त्रहरुलाई यहाँ निर्दिष्ट गरिएकोछैन ।

### ७. बालबिज्याँईकर्ताका अधिकार

७.१ निर्दोषताको अनुमान, आरोपबारे सूचित हुने अधिकार, मौन बस्ने अधिकार, कानुनी परामर्शको अधिकार, आमाबाबु वा संरक्षकको उपस्थितिको अधिकार, साक्षीको परीक्षण तथा जिरह गर्ने अधिकार र माथिल्लो अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकारजस्ता आधारभूत कार्यविधिगत संरक्षण कारबाई प्रक्रियाका सबै चरणमा प्रत्याभूत गरिनेछन् ।

### टिप्पणी

स्वच्छ र न्यायोचित जाँचका लागि आवश्यक तत्व प्रस्तुत गर्ने र विद्यमान मानवअधिकार अध्यालेख (नियम १४ पनि हेर्नुहोस्) मा अन्तर्राष्ट्रिय रुपले मान्यता पाएका केही महत्त्वपूर्ण बुँदाहरुलाई नियम ७.१ ले जोड दिन्छ । उदाहरणको लागि, निर्दोषताको अनुमानको अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ११ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ प्रकरण २ मा पनि उल्लेखछ ।

नियम ७.१ ले सामान्य तरिकाबाट अति आधारभूत कार्यविधिगत संरक्षणलाई सुनिश्चित गर्छ भने न्यूनतम मापदण्डको नियमावलीको नियम १४ ले क्रमशः बालविज्याँईकर्ताको मुद्दाको कारबाई प्रक्रियाका महत्त्वपूर्ण सवालहरुलाई निर्दिष्ट गर्दछ ।

### ८. गोप्यताको संरक्षण

८.१ नचाहिँदो प्रचारप्रसार वा कलङ्कित पार्ने कुराबाट निजलाई हुन सक्ने हानिलाई वर्जित गर्नका लागि बालविज्याँईकर्ताको व्यक्तिगत गोपनीयताको अधिकारलाई सबै चरणमा सम्मान गरिनेछ ।

८.२ सिद्धान्ततः बाल कसुरदारलाई चिनाउन सक्ने कुनै पनि जानकारीलाई प्रकाशमा ल्याइनेछैन ।

### टिप्पणी

व्यक्तिगत गोपनीयता कायम राख्ने बालविज्याँईकर्ताको अधिकारको संरक्षणको महत्वलाई नियम ८ ले जोड दिन्छ । खास गरी किशोरकिशोरीहरुलाई बदनामीको दाग लाग्ने कुराप्रति सशङ्क हुन्छन् । बदनामीको दागसम्बन्धी गरिएका अपराधशास्त्रीय अनुसन्धानले “दुराचारी” र “अपराधी” का रुपमा बालविज्याँईकर्ताको स्थायी परिचयको नतिजास्वरुप हानिकारक प्रभावको प्रमाण फेला पारेका छन् । नियम ८ ले मुद्दाको विषयमा (उदाहरणका लागि, अभियुक्त वा दोषसाबित भएका बाल कसुरदारहरुको नाम) आसञ्चार माध्यममा भएको प्रकाशनबाट उत्पन्न हुन सक्ने नकारात्मक प्रभावबाट बालविज्याँईकर्ताको संरक्षण गर्नुपर्ने कुराको महत्वमा जोड दिन्छ । कम्तीमा सिद्धान्तमै मात्र भए पनि व्यक्तिको हितको संरक्षण गरिनुपर्छ र कायम राखिनुपर्छ । (नियम ८ का आमविषय नियम २१ मा थप निर्दिष्ट गरिएका छन् ।)

### ९. बचाउ दफा

९.१ यस नियमावलीको कुनै कुरालाई संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको बन्दीप्रति गर्नुपर्ने

व्यवहारको न्यूनतम मापदण्डको नियमावली र युवाको हेरचाह र संरक्षण गर्ने अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्रदान गरिएका अन्य मानवअधिकार अध्यालेख र मापदण्डको प्रचलनलाई अलग्याउने गरी व्याख्या गरिनेछैन ।

### टिप्पणी

नियम ९ ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय अनुबन्ध, र बालअधिकारसम्बन्धी घोषणापत्र तथा बालअधिकार महासन्धिको मसौदाजस्ता विद्यमान वा विकास भइरहेका अन्तर्राष्ट्रिय मानवअधिकार अध्यालेख र मापदण्डहरुमा रहेका सिद्धान्तका अनुरुप यस नियमावलीको व्याख्या र कार्यान्वयनमा सुझबुझहीनताको परित्याग गर्ने कुरा बुझाउँछ । यस नियमावलीको वर्तमान प्रयोग कुनै पनि बृहत्तर रुपमा प्रयोगमा आएका अन्य अन्तर्राष्ट्रिय अध्यालेखका प्रावधानसँग आग्रहरहित हुन्छ भन्ने बुझिनुपर्छ । (नियम २७ पनि हेर्नुहोस्) ।

## भाग–२ अनुसन्धान र अभियोजन

### १०. प्रारम्भिक सम्पर्क

१०.१ बालविज्याँईकर्ताको पक्राउ मा निजका आमाबाबु वा संरक्षकलाई सो पक्राउबारे तत्काल जनाउ दिइनेछ र यस्तो जनाउ तत्काल दिन सम्भव नभएको ठाउँमा त्यसपछि आमाबाबु वा संरक्षकलाई सकेसम्म छोटो समयमा यस्तो जनाउ दिइनेछ ।

१०.२ न्यायाधीश वा अन्य सक्षम अधिकारीले छुटकाराको सवालमा अविलम्ब विचार गर्नेछन् ।

१०.३ कानुन कार्यान्वयन निकाय र बाल कसुरदारबीचको सम्पर्क मुद्दाका परिस्थितिहरुप्रति मुनासिब ध्यान राख्दै बालविज्याँईकर्ताको कानुनी हैसियतको सम्मान, भलाईको अभिवृद्धि र निजविरूद्धको हानिलाई वर्जित गर्ने गरी व्यवस्थित गरिनेछ ।

### टिप्पणी

नियम १०.१ बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावलीको नियम ९२ मा रहेको सिद्धान्त हो । छुटकाराको प्रश्नलाई (नियम १०.२) न्यायाधीश वा अन्य सक्षम अधिकारीले विनाढिलाई विचार गर्नुपर्छ । पछिल्लो शब्दावली "सक्षम अधिकारी"ले पक्राउ परेको व्यक्तिलाई रिहाई गर्ने अधिकार भएको सामुदायिक समिति वा प्रहरी अधिकारीसमेतका कुनै व्यक्ति वा संस्थालाई व्यापक अर्थमा इंङ्गित गर्छ । (नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ९ अनुच्छेद ३ पनि हेर्नुहोस्) ।

बाल अपराधसम्बन्धी मुद्दामा प्रहरी र कानुन कार्यान्वयन गर्ने अधिकारीको तर्फबाट हुने कारबाई प्रक्रिया र व्यवहारका केही आधारभूत पक्षलाई नियम १०.३ ले छोएको छ। "हानिलाई वर्जित गर्ने" भन्ने शब्दावली आफै स्वीकार्यतः लचिलो छ र सम्भावित अन्तरक्रियाका धैरै स्वरुपलाई यसले समेट्छ (उदाहरणका लागि, रुखा शब्दको प्रयोग, शारीरिक हिंसा वा वातावरणमा खुलासा गर्ने कार्य) । बाल न्याय प्रक्रियामा तिनको सहभागिता नै बालबिज्याँईकर्ताका लागि हानिकारका हुन सक्छ; त्यसैले, "हानिलाई वर्जित गर्ने" शब्दावलीलाई पहिलो पटकमा नै सकेसम्म हानि कम गर्ने साथसाथै अतिरिक्त र अनुचित हानि नगर्ने व्यापक अर्थमा व्याख्या गरिनुपर्छ । बालविज्याँईकर्ताको राज्य र समाजप्रतिको अभिवृत्तिलाई सघन तरिकाले प्रभाव पार्न सक्ने भएकाले यो कुरा कानुन कार्यान्वयन गर्ने संस्थाहरुसँगको प्रारम्भिक सम्पर्कमा विशेष महत्वपूर्ण हुन्छ । अझ, अन्य थप हस्तक्षेपको सफलता यस्तो प्रारम्भिक सम्पर्कमै निर्भर हुन्छ । यस्ता अवस्थाहरुमा समानुभूतिभाव र दयाशील दृढनिश्चयता महत्वपूर्ण हुन्छन् ।

### ११. दिशान्तरण

११.१ उपयुक्त भएसम्म, नियम १४.१ मा उल्लिखित सक्षम अधिकारीद्वारा औपचारिक पुर्पक्ष गर्ने प्रक्रियातर्फ नलागी बाल कसुरदारलाई समाल्ने कुरामा विचार गरिनेछ ।

११.२ बालबिज्याँईकर्ताको मुद्दा हेर्ने प्रहरी, अभियोजन वा अन्य एजेन्सीलाई आफ्नो कानुनी प्रणाली सो प्रयोजनका लागि कायम गरिएका सर्त र आधारबमोजिम र यस नियमावलीमा रहेका सिद्धान्तबमोजिम समेत औपचारिक
सुनुवाईको उपचारविनै, तिनका तजबिजमा, यस्ता मुद्दा निप्टारा गर्न सशक्त तुल्याइनेछ ।

११.३ उपयुक्त सामुदायिक वा अन्य सेवामा पठाउने कुरा समावेश रहेको कुनै पनि दिशान्तरका लागि बालबिज्याँईकर्ता, वा निजका आमाबाबु वा संरक्षकको मन्जुरी चाहिनेछ, तर निवेदन परेमा यसरी मुद्दा पठाउने गरी भएको नि0ाय सक्षम अधिकारीबाट पुनरावलोकन गरिने विषय हुनेछ ।

११.४ बालबिज्याँईकर्ताको मुद्दाको तजबिजी समाधानलाई सहजता प्रदान गर्नका लागि अस्थायी सुपरिवेक्षण तथा मार्गनिर्देशन, प्रतिपूर्ति, र पीडितलाई क्षतिपूर्तिजस्ता सामुदायिक कार्यक्रमहरुको व्यवस्था गर्न प्रयास गरिनेछन् ।

### टिप्पणी

फौजदारी न्याय कारबाई प्रक्रियाबाट अलग्याउने र बारम्बार सामुदायिक सहयोग सेवामा पुनर्निर्दिष्ट गर्ने – दिशान्तरण – थुप्रै कानुनी प्रणालीहरुमा औपचारिक तथा अनौपचारिक आधारमा साझा

रुपमा अभ्यास गरिएकोछ । यस अभ्यासले बाल न्याय प्रशासनमा पछिल्ला कारबाई प्रक्रियाका नकारात्मक असर (उदाहरणका लागि, दोषसाबित र सजायको दाग) लाई रोक्नका लागि टेवा दिन्छ । धेरै मुद्दामा अहस्तक्षेप नै उत्तम प्रतिक्रिया वा प्रत्युक्ति हुन सक्छ । यसरी दिशान्तर, सुरूमै र वैकल्पिक सेवा (सामाजिक) नसाधिकनै उत्तम प्रतिक्रिया हुन सक्छ । कम गम्भीर प्रकृतिको कसुर भएको र परिवार, विद्यालय वा अन्य अनौपचारिक सामाजिक नियन्त्रण भएका संस्थाहरुले उचित र रचनात्मक तरिकाले पहिले नै प्रतिक्रिया जनाइसकेका वा जनाउन सक्ने ठाउँमा यस्तो कुरा विशेष गरी हुन सक्छ ।

नियम ११.३ मा प्रस्तुत भएअनुरुप अन्य उपाय निर्णय गर्दाको कुनै पनि विन्दुमा प्रहरी, मुद्दा चलाउने अधिकारी वा न्यायालय, न्यायाधिकरण, समिति वा परिषद जस्ता अन्य संस्थाहरुद्वारा दिशान्तरको प्रयोग हुन सक्छ । सम्बन्धित व्यवस्थाका नियम र नीतिअनुरुप तथा यस नियमावलीसँग मेल खाने गरी एक, धेरै वा सबै अधिकारीले यसको अभ्यास गर्न सक्छन् । यसरी दिशान्तरलाई महत्वपूर्ण औजारको रुपमा लिँदै, यसलाई खालि साना मुद्दाहरुमा मात्र सीमित राख्न आवश्यक छैन ।

नियम ११.३ ले सुझाएको दिशान्तरा–उपायका लागि किशोर कसुरदार (वा आमाबाबु वा संरक्षक) को मन्जुरी लिनुपर्ने महत्वपूर्ण आवश्यकतालाई जोड दिन्छ । (यस्तो मन्जुरी नलिई सामुदयिक सेवातर्फको दिशान्तरको उपाय जबरजस्त श्रमको उन्मूलनसम्बन्धी महासन्धिको विपरीत हुन्छ।) यस मन्जुरीलाई हाँकै दिन नपाइने अवस्थामा भने राखिनुहुन्न किनभने कहिलेकाँही बालविज्याँईकर्ताको पक्षबाट खालि नैराश्यकै कारणले यस्तो मन्जुरी नदिइएको हुन्छ । दिशान्तर प्रक्रियाका सम्पूर्ण तहमा बलप्रयोग र त्रासको सम्भावनालाई कम गर्न ध्यान दिनु पर्ने कुरालाई यस नियमले जोड दिन्छ । दिशान्तर कार्यक्रमलाई मन्जुरी दिन आफूमा दबाब परेको भावना (उदाहरणका लागि, न्यायालयमा हुने उपस्थितिबाट जोगाउन) अल्पवयस्कमा आउन दिनुहुँदैन वा दबाब दिनुहुँदैन । यसरी अल्पवयस्क कसुरदारका बारेमा "निवेदन दिएपछि कुनै सक्षम अधिकारी" ले गरेको निर्णयको औचित्यको वस्तुगत मूल्याङ्कन गर्न व्यवस्था गरिनुपर्दछ भन्ने कुराको वकालत गरिन्छ । ("सक्षम अधिकारी" नियम १४ मा उल्लेखित व्यक्तिभन्दा भिन्दै हुन सक्छ)

समुदायमा आधारित दिशान्तरको स्वरुपमा बाल न्याय प्रक्रियाको व्यवहारिक विकल्पको व्यवस्थालाई नियम ११.४ ले सिफारिस गरेको छ । पीडितलाई प्रतिपूर्ति/प्रतिभरण दिएर मामिला टुङ्ग्याउने र भविष्यमा कानुनको पालना नहुने कुरालाई अस्थायी सुपरिवेक्षण र मार्गदर्शनबाट जोगाउने कार्यक्रम विशेषतः सिफारिस गरिएका छन् । हरेक मामिला विशेषको अवस्थाले बढी गम्भीर कसुरहरु भएका अवस्था (उदाहरणका लागि पहिले कसुर, पूरै दबाबमा परी गरिएको कार्य आदि) मा पनि

दिशान्तरलाई अपनाउन उचित बनाउँछन् ।

## १२. प्रहरीभित्र विशेषज्ञता

१२.१ आफ्ना कार्य कुशल तरिकाले पूरा गर्नका लागि बालविज्याँईकर्तालाई समाल्ने वा बालअपराध रोकथाम कार्यमा प्राथमिक रुपमा संलग्न प्रहरी अधिकारीहरुलाई विशेष तरिकाले निर्देशित गरिने र तालिम दिइनेछ । सो प्रयोजनका लागि ठूला सहरमा विशेष प्रहरी एकाई स्थापना गरिनुपर्छ ।

### टिप्पणी

नियम १२ ले अल्पवयस्क न्यायको कार्यान्वयनमा संलग्न सबै कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि विशेषीकृत तालिमको आवश्यकताप्रति ध्यान आकृष्ट गर्दछ । अल्पवयस्क न्याय व्यवस्थासँग सम्पर्क हुने पहिलो विन्दु प्रहरीहरु हुन् भने तिनले सुसूचित रुपमा र उचित तरिकाले कार्य गर्नुपर्ने कुरा महत्वपूर्ण हुन्छ ।

सहरीकरण र कसुरबीचको सम्बन्ध स्पष्टतः जटिल हुँदा खास गरी तीब्र र योजनारहित रुपमा ठूला सहरहरुको वृद्धिसँगै अल्पवयस्क अपराधको वृद्धि पनि गाँसिएको छ । त्यसैले यस अध्यालेख (जस्ता नियम १.६) मा रहेका खास सिद्धान्तहरुको कार्यान्वयनको हितमा मात्र नभई अझ सामान्यतः अल्पवयस्क कसुरको रोकथाम र नियन्त्रण तथा अल्पवयस्क कसुरदारहरुप्रतिको व्यवहारमा सुधार गर्नका लागि पनि विशेषीकृत प्रहरी एकाई अत्यावश्यक हुन्छन् ।

## १३. थाती पुर्पक्षको थुना

१३.१ पुर्पक्ष थाती रहेको थुनालाई अन्तिम उपायका रुपमा र एकदमै छोटो अवधिका लागि मात्र प्रयोग गरिनेछ ।

१३.२ सम्भव भएका बेला, थाती पुर्पक्षको थुनछेकलाई निकट सुपरिवेक्षण, सघन उपचारात्मक स्याहार, परिवार वा शैक्षिक स्थान वा घरमा राख्नेजस्ता वैकल्पिक उपायद्वारा प्रतिस्थापित गरिनेछ ।

१३.३ पुर्पक्ष थाती रहेको थुनाअन्तर्गत रहेका बालविज्याँईकर्ताहरु संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावलीले दिएका सबै अधिकार र प्रत्याभूतिको हकदार हुनेछन् ।

१३.४ पुर्पक्ष थाती रहेको थुनाअन्तर्गत रहेका बालविज्याँईकर्तालाई वयस्कबाट अलग्ग राखिनेछ र छुट्टै संस्था वा वयस्कलाई पनि राखिएको संस्थाको छुट्टै खण्डमा थुनिनेछ ।

१३.५ हिरासतमा रहँदा, बालविज्याँईकर्ताले हेरचाह, संरक्षण तथा तिनका उमेर, लिङ्ग र व्यक्तित्वका हिसाबले चाहिने सामाजिक, शैक्षिक, व्यावसायिक, मनोवैज्ञानिक, चिकित्सात्मक तथा

शारीरिकजस्ता सबै आवश्यक व्यक्तिगत मद्दत प्राप्त गर्नेछन् ।

**टिप्पणी**

पुर्पक्ष बाँकी भई थुनामा राखिएको अल्पवयस्कको "आपराधिक मिश्रण" को खतरालाई कम आँकिनुहुँदैन । अतः वैकल्पिक उपायहरुको आवश्यकतालाई जोड दिइनुपर्छ । यसो गरेर नियम १३.१ ले अल्पवयस्कको हितमा यस्तो थुनालाई प्रतिस्थापन गर्न नयाँ तथा प्रवर्तनात्मक उपायहरुको तर्जुमालाई प्रोत्साहित गर्छ । जाँचबुझअघिको थुनाअन्तरगतका अल्पवयस्कलाई बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावली साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध विशेषतः धारा ९ र धारा १० प्रकरण २ (ख) तथा ३ का सम्पूर्ण अधिकार र प्रत्याभूति प्राप्त हुन्छन् ।

नियम १३.४ ले राज्यहरुलाई कम्तीमा यस नियममा प्रभावकारी भनेर उल्लेख भएका उपाय वयस्क कसुरदारहरुको नकारात्मक प्रभावविरूद्ध अवलम्बन गर्नलाई कुनै रोक लगाउँदैन ।

सम्बोधन गर्नुपर्ने कलिलो उमेरका थुनुवा (उदाहरणका लागि, महिला वा पुरूष, दुर्व्यसनी, जँड्याहा, मनोरोगी अल्पवयस्क, पत्राउ आदिको प्रतिघातबाट पीडित कम उमेरका व्यक्तिका निमित्त) का खास आवश्यकताप्रति बृहद् मात्रामा ध्यानाकृष्ट गराउन आवश्यक हुन सक्ने सहयोग विभिन्न प्रकारले आवश्यक हुन सक्छन् ।

कम उमेरका थुनुवाको शारीरिक तथा मनोवैज्ञानिक चारित्रिक विभिन्नताले वर्गीकरणका उपाय आवश्यक बनाउन सक्छ, जसले गर्दा केहीलाई, पीडितीकरणको वर्जन र अझ उपयुक्त मद्दत दिँदै, बाँकी पुर्पक्षका लागि अलग्गै राख्नुपर्ने हुन्छ ।

कसुरको रोकथाम र कसुरदारप्रति गर्नुपर्ने व्यवहारसम्बन्धी छैटौं राष्ट्रसंघीय कङ्ग्रेसले बाल न्यायको मापदण्डसम्बन्धी सङ्कल्पलेख ४ मा नियमावलीले अन्य कुराका अतिरिक्त अन्तिम उपायको रुपमा मात्र थाती पुर्पक्षका थुनाको प्रयोग गर्नुपर्छ भनेर तोकेको छ, वयस्क थुनुवाको नकारात्मक प्रभावको असर पर्ने गरी थुनागत सुविधामा कम उमेरका थुनुवालाई राखिनुहुँदैन र खास गरी तिनको विकास–चरणका हुर्कदो आवश्यकतालाई सर्वदा ध्यानमा राख्नुपर्छ ।

## भाग–३ न्यायनिरुपण र निप्टारा

### १४. न्याय दिने सक्षम अधिकारी

१४.१ दिशान्तर (नियम ११ अन्तरगत) नगरिएमा बाल कसुरदारको मामिला सक्षम अधिकारीले (अदालत, न्यायाधिकरण, समिति, परिषद् आदि) स्वच्छ र न्यायोचित र पुर्पक्षका सिद्धान्तअनुसार हेर्नेछन् ।

१४.२ कारबाई प्रक्रिया बालविज्याँईकर्ताको सर्वोत्तम हितअनुकूल रहनेछ र बालविज्याँईकर्तालाई त्यसमा स्वतन्त्रतापूर्वक सहभागी हुन र आफ्ना कुरा व्यक्त गर्न पाउने गरी सुझबुझपूर्ण

वातावरणमा सञ्चालन हुनेछ ।

**टिप्पणी**

न्यायनिरुपण अधिकारी भनेर विश्वव्यापी रुपले व0र्नन हुने सक्षम निकाय वा व्यक्तिको परिभाषा तर्जुमा गर्न कठिन छ । "सक्षम अधिकारी" को अर्थमा पेसागत तथा सामान्य न्यायायुक्तका साथै प्रशासनिक समिति (उदाहरणका लागि स्कटेली र स्क्याण्डिनाभियाली व्यवस्था) अथवा न्याय दिने प्रकृतिका अन्य बढी अनौपचारिक समुदाय तथा विवादनिरुपण एजेन्सी वा न्यायाधिकरणको (एकजना न्यायाधीश वा धेरै सदस्यहरुले बनेको) आसन ग्रहण गर्ने व्यक्तिहरु समावेश हुन्छन् । बाल कसुरदारलाई हेर्ने कारबाई प्रक्रियाले उचित कानुनी प्रक्रिया भनेर चिनिने कारबाई प्रक्रियाअन्तरगत कुनै पनि फौजदारी प्रतिवादीका लागि औसत सर्वव्यापी रुपले लागू हुने न्यूनतम मापदण्डकै अनुसरण गर्ने गर्दछ । उचित प्रक्रियाअनुसार "स्वच्छ र न्यायोचित पुर्पक्ष" ले निर्दोषताको पूर्वामान, साक्षीको उपस्थिति र परीक्षण, सामान्य कानुनी प्रतिरक्षा, मौन बस्ने अधिकार, पुर्पक्षमा अन्तिम कुरा भन्ने अधिकार, पुनरावेदन गर्ने अधिकार आदि (नियम ७.१ पनि हेर्नुहोस्) जस्ता आधारभूत संरक्षणलाई समावेश गर्दछ ।

### १५. कानुन व्यवसायी, आमाबाबु तथा संरक्षक

१५.१ कारबाई प्रक्रिया अवधिभर बालविज्याँईकर्तालाई कानुनी सल्लाहकारको प्रतिनिधित्व गराउने वा मुलुकमा सहायताको व्यवस्था भएमा निःशुल्क कानुनी सहयोगका लागि निवेदन दिने अधिकार हुनेछ ।

१५.२ आमाबाबु वा संरक्षकको कारबाई प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ र बालविज्याँईकर्ताको हितका लागि सक्षम अधिकारीले तिनलाई उपस्थित गराउन चाहन सक्नेछन् । तर, बालविज्याँईकर्ताको हितमा यस्तो अनुपस्थिति आवश्यक देखिने कारण भएमा सक्षम अधिकारीले तिनको सहभागितालाई इन्कार गर्न भने सक्नेछन् ।

**टिप्पणी**

बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावलीको नियम ९३ मा पाइएसरहको शब्दावली नियम १५.१ ले प्रयोग गरेको छ । बालविज्याँईकताको कानुनी सहयोगलाई आश्वस्त पार्न कानुन व्यवसायी र निःशुल्क कानुनी सहयोग आवश्यक हुन्छन् भने नियम १५.२ मा देखाइए अनुरुप आमाबाबु वा संरक्षकले सहभागी हुने अधिकारलाई बालविज्याँईकर्ताको कारबाई प्रक्रियाको अवधिभर विस्तार हुने कार्यलाई सामान्य मनोवैज्ञानिक तथा भावनात्मक सहयोगका रुपमा हेरिनुपर्छ ।

मुद्दाको पर्याप्त निप्टाराका लागि सक्षम अधिकारीले गर्ने खोजीलाई खास गरी बालविज्याँईकर्ताका

कानुनी प्रतिनिधिहरुको सहयोगबाट (अथवा त्यस कुराका लागि बालविज्याँईकर्ताले विश्वास गर्न सक्ने र साँच्चै विश्वास गर्ने अन्य व्यक्तिगत सहयोग) फाइदा पुग्न सक्छ । पुर्पक्ष प्रक्रियामा आमाबाबु वा संरक्षकको उपस्थितिले नकारात्मक भूमिका निर्वाह गरेमा, तिनले बालविज्याँईकर्ताप्रति वैरभाव देखाएमा यस्तो चासोलाई धक्का पुग्छ, त्यस कारण तिनको सम्भावित अनुपस्थितिलाई व्यवस्थित गरिनुपर्छ ।

### १६. सामाजिक जाँचबुझ प्रतिवेदन

१६.१ सक्षम अधिकारीबाट गरिने न्यायिक निरुपणलाई सहज तुल्याउनका लागि, सामान्य मामिलाबोहक, सबै मुद्दामा सक्षम अधिकारीले सजाय निर्धारण अगावै अन्तिम निप्टारापूर्व बालविज्याँईकर्ता रहेको पृष्ठभूमि तथा सो कसुर भएको परिस्थितिको उचित रुपमा अनुसन्धान गरिनेछ ।

### टिप्पणी

सामाजिक जाँचबुझ प्रतिवेदनहरु (सामाजिक प्रतिवेदन वा सजायपूर्वका प्रतिवेदन) बालविज्याँईकर्ता संलग्न भएको अधिकांश कानुनी कारबाईका लागि अपरिहार्य सहयोग हुन् । सामाजिक तथा पारिवारिक पृष्ठभूमि, विद्यालय जीवन, शैक्षिक अनुभवजस्ता बालविज्याँईकर्ता बारेका सान्दर्भिक तथ्यबारे सक्षम अधिकारीलाई सूचना दिइनुपर्छ । यस उद्देश्यका लागि कुनै न्याय प्रणालीले खास सामाजिक सेवा वा न्यायालय वा समितिसँग सम्बद्ध कर्मचारीको प्रयोग गर्छ । दण्डपरीक्षण अधिकारी वा सुपरिवेक्षकसमेत अन्य कर्मचारीले त्यही कार्य गर्न सक्छन् । अतः योग्य प्रकृतिका सामाजिक जाँचबुझ प्रतिवेदन दिने पर्याप्त सामाजि सेवा प्राप्त हुनुपर्ने कुरा यस नियमका लागि आवश्यक छ ।

### १७. न्यायनिरुपण र निप्टाराका निर्देशक सिद्धान्त

१७.१ सक्षम अधिकारीको निप्टारानिर्णय निम्न सिद्धान्तबाट निर्देशित हुनेछ :-

(क) लिइएका प्रतिक्रिया सधैँ परिस्थिति र कसुरको गम्भीरताको मात्रामा मात्र समानुपातिक नभई बालविज्याँईकर्ताका परिस्थिति र आवश्यकताका साथै समाजको आवश्यकताको मात्रामा पनि समानुपातिक हुनेछ ।

(ख) बालविज्याँईकर्ताको व्यक्तिगत स्वतन्त्रता माथिको रोकटोक होसियारीपूर्वक विचार गरेपछि मात्र अवलम्बन गरिनेछ र सकेसम्म न्यूनतममा सीमित हुनेछ ।

(ग) अन्य व्यक्तिविरूद्धको हिंसामा संलग्न हुने गम्भीर कार्यको वा अन्य गम्भीर कसुर गर्न निरन्तर दृढता देखाएको कुरा निरुपित गर्नुपर्ने भएमा र अन्य उचित बिकल्प नभएको अवस्थामा मात्र बालविज्याँईकर्तालाई व्यक्तिगत स्वतन्त्रतामा बन्देज

लगाइनेछ ।

(घ) बालविज्याँईकर्ताको भलाई निजको मुद्दाको विचार गर्ने कुरामा मार्गदर्शक तत्व हुनेछ ।

१७.२ बालविज्याँईकर्ताले गरेको कुनै पनि कसुरका लागि मृत्युदण्ड दिइनेछैन ।

१७.३ बालविज्याँईकर्तालाई शारीरिक सजाय दिइनेछैन ।

१७.४ सक्षम अधिकारीलाई कुनै पनि बेला कारबाई प्रक्रिया टुङ्ग्याउने अधिकार हुनेछ ।

### टिप्पणी

किशोरहरुको न्याय दिने कार्यका लागि मार्गदर्शनको तर्जुमा गर्ने कार्यमा मुख्य कठिनाई दार्शनिक प्रकृतिबाट समाधान नहुने विद्यमान रहने विवादबाट उत्पन्न हुन्छ, जुन निम्नानुसारका छन् :–

(क) पुनःस्थापनविरूद्ध खाँटी दण्ड

(ख) सहयोगविरूद्ध दमन र सजाय

(ग) व्यक्तिगत मुद्दाको एकल गुणदोष विरूद्ध आमसमाजको संरक्षणअनुसारको प्रतिक्रिया

(घ) आमनिरोधविरूद्ध व्यक्तिगत अक्षमकरण ।

यी दृष्टिकोणबीचको अन्तरविरोध वयस्कका मुद्दामा भन्दा अल्पवयस्कको मुद्दामा बढी स्पष्ट हुनुपर्छ । बालविज्याँईकर्ताको मुद्दाबाट देखिने विभिन्न कारण र प्रत्युक्ति वा प्रतिक्रियाले गर्दा यस्ता विकल्पहरु जटिलतापूर्वक अन्तरसम्बन्धित हुन्छन् ।

बाल न्यायको कार्यान्वयनका लागि कुन दृष्टिकोण अपनाउने भनी किटान गर्नु न्यूनतम मापदण्डगत नियमावलीको कार्य होइन बरू अन्तर्राष्ट्रिय रुपले स्वीकृत सिद्धान्तअनुरुप सारै निकट हुने दृष्टिकोणलाई तोक्नु हो । अतः नियम १७.१ खास गरी उपप्रकरण क र ग मा स्थापित अत्यावश्यक तत्वहरुलाई साझा आरम्भ विन्दु सुनिश्चित गर्ने मुख्यतः व्यावहारिक मार्गदर्शनका रुपमा बुझ्निुपर्छ; सम्बन्धित अधिकारीले (नियम ५ पनि हेर्नुहोस्) ध्यान दिएमा बाल कसुरदार हरुका आधारभूत अधिकारहरुको संरक्षण गर्न विशेषतः व्यक्तिगत विकास र शिक्षाका आधारभूत अधिकारलाई सुनिश्चित गर्ने कार्यमा उल्लेखनीय रुपले योगदान पुऱ्याउन सक्छन् ।

कडाईका साथ दण्डात्मक दृष्टिकोण राख्नु उपयुक्त छैन भन्ने कुरा नियम १७.१ (ख) ले अर्थ्याउँछ । वयस्कहरुको मुद्दामा र सम्भवतः अल्पवयस्कले गरेको केही गम्भीर कसुरको मुद्दामा खाँटी दण्ड र प्रतिशोधात्मक बन्देजको केही तुक हुन्छ भनेर विचार गर्न सकिन्छ भने अल्पवयस्कका मुद्दामा कलिलो उमेरका व्यक्तिहरुको भलाई र भविष्य सुरक्षित पार्ने विचारले नै प्राथमिकता

पाउनुपर्छ ।
छैटौं राष्ट्रसंघीय कङ्ग्रेसको सङ्कल्पलेख ८ सँग मिल्ने गरी कलिलो उमेरका व्यक्तिहरुको बास्तविक आवश्यकतालाई सम्बोधन गर्ने कुरा ध्यानमा राखी सकेसम्म अधिकतम सीमासम्म संस्थापनाकरणका विकल्पहरुको प्रयोग गर्ने कुरालाई नियम १७.१ (ख) ले प्रोत्साहित गर्छ । यसरी सार्वजनिक सुरक्षालाई ध्यानमा राखी विद्यमान वैकल्पिक दण्डभारका दायराको पूर्ण प्रयोग गर्नुपर्छ र नयाँ वैकल्पिक दण्डभारको विकास गर्नुपर्छ । निलम्बित सजाय, सर्तयुक्त सजाय, समितिका आदेश र अन्य निप्टारामार्फत सक्दो उच्चतम सीमासम्म दण्डपरीक्षण छुटकारा (प्रोबेसन) दिइनुपर्छ ।

सार्वजनिक सुरक्षालाई जोगाउने अन्य कुनै उपयुक्त प्रतिक्रिया नभएसम्म बालविज्याँईकर्ताको मुद्दामा कैदलाई छल्न लक्षित छैटौं कङ्ग्रेसको सङ्कल्पलेख ४ मा भएको एक मार्गदर्शक सिद्धान्तसँग नियम नियम १७.१ (ग) मेल खान्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ६ प्रकरण ५ अनुरुप धारा १७.२ मा मृत्युदण्डलाई निषेध गर्ने व्यवस्था छ ।

शारीरिक सजायविरूद्धको व्यवस्था नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ र यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धि तथा बालअधिकार महासन्धिअनुरुपछ । कारबाई प्रक्रियालाई कुनै पनि बेला रोक्न सक्ने अधिकार (नियम १७.४) बाल कसुरदारलाई समाल्नमा अन्तर्निहित विशिष्टता हो, हो जुन वयस्कका लागि अस्वीकार्य हुन्छ । सक्षम अधिकारीलाई कुनै पनि बेला मुद्दा सर्वोत्तम निप्टारा नै हस्तक्षेपको पूर्ण समाप्ति हो भन्ने परिस्थितिले ज्ञात गराउछ ।

### १८. निप्टाराका विभिन्न उपाय

१८.१ सकेसम्म उच्चतम हदमा संस्थापनाकरणलाई त्याग्ने लचकताका लागि, सक्षम अधिकारीलाई निप्टाराका बिभिन्न उपायहरु उपलब्ध गराइनेछ । केहीलाई मिश्रित गर्न सकिने यस्ता उपायहरुमा निम्न कुरा समेटिनेछन :–

(क) हेरचाह, मार्गदर्शन र निरीक्षण आदेश,
(ख) दण्डपरीक्षण,
(ग) सामुदायिक सेवा आदेश,
(घ) वित्तीय दण्ड, क्षतिपूर्ति र हर्जाना,
(ङ) अन्तरमाध्यमिक तथा अन्य उपचार आदेश,

(च) समूहगत विमर्श र त्यस्तै क्रियाकलापमा सहभागी हुने आदेश,

(छ) लालनपालन, समुदायगत बसोबास वा अन्य शैक्षिक स्थानसँग सम्बन्धित आदेश,

(ज) अन्य सान्दर्भिक आदेश ।

१८.२ निजको मुद्दाको परिस्थितिले आवश्यक नबनाएसम्म बालविज्याँईकर्तालाई पैत्रिक सुपरिवेक्षणबाट आंशिक वा पूर्ण कुनै रुपमा पनि अलग्याइनेछैन ।

### टिप्पणी

नियम १८.१ ले विभिन्न कानुनी व्यवस्थामा निक्कै व्यवहार गरिएका र सफल प्रमाणित भएका कुनै महत्वपूर्ण प्रत्युक्ति वा प्रतिक्रिया र दण्डभारलाई क्रमिक रुपमा राख्ने प्रयास गर्छ । समग्रमा तिनले अन्य ठाउँमा तिनको फैलाउने र थप विकास गर्ने प्रतिबद्ध राय प्रतिनिधित्व गर्छन् । केही क्षेत्रमा पर्याप्त कर्मचारीको सम्भावित कमीका कारणले नियमले कर्मचारी राख्ने आवश्यकतालाई खुलाउँदैनन् । ती क्षेत्रमा कम कर्मचारी चाहिने उपायहरुलाई प्रयोगमा ल्याउन वा विकास गर्न सकिन्छ ।

नियम १८.१ मा दिएका उदाहरणहरुमा, साझा रुपमा, वैकल्पिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि समुदायप्रतिको भर व्यक्त र त्यसका लागि आग्रह गरिएको छ । सामुदायमा आधारित सुधार वा शुद्धीकरण धेरै पक्षमा परम्परागत उपाय हो । त्यस आधारमा समुदायमा आधारित सेवा प्रदान गर्न सम्बन्धित अधिकारीहरु प्रोत्साहित हुनुपर्छ ।

नियम १८.२ ले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १० प्रकरण १ अनुसार समाजको प्राकृतिक र आधारभूत एकाई – परिवार – को महत्वलाई दर्साउँछ । परिवारभित्र आफ्ना बालबालिकाको हेरचाह र सुपरिवेक्षण गर्ने आमाबाबुको अधिकार मात्र होइन दायित्व पनि हो । त्यसैले बालबालिकालाई तिनका आमाबाबुबाट अलग राख्ने कुरा अन्तिम उपाय हो भन्ने कुरा नियम १८.२ ले व्यवस्था गरेको छ । मुद्दाको तथ्य यो गम्भीर पाइला (उदाहरणका लागि, बालदुर्व्यसन) स्पष्टतः खोज्ने खालको भएमा मात्र यसलाई अपनाउन खोज्नुपर्छ ।

### १९. संस्थाकरणको सारै कम सम्भाव्य प्रयोग

१९.१ बालविज्याँईकर्तालाई कुनै पनि संस्थारुपमा राख्ने कुरा सधैं अन्तिम उपायको निप्टारास्वरुप र न्यूनतम आवश्यक अवधिका लागि हुनेछ ।

### टिप्पणी

प्रगतिशील अपराधशास्त्रले संस्थागतको सट्टा गैरसंस्थागत व्यवहारको प्रयोगको वकालत गर्दछ । संस्थाकरणको तुलनामा संस्थाकरणको सफलता साह्रै कम पाइएको छ । संस्थपनागत परिवेशभित्र सामना गर्नु नै पर्ने देखिएका व्यक्तिमा पर्ने प्रतिकूल प्रभावलाई प्रस्टतः उपचारप्रयासबाट सन्तुलनमा राख्न सकिन्न । यो मामिला नकारात्मक प्रभावको जोखिममा रहने बालविज्याँईकर्तामा विशेष रहन्छ । अझ, नकारात्मक प्रभावहरुले स्वतन्त्रतामा घाटा पार्ने मात्र होइन तिनका विकासका प्रारम्भिक चरणका कारण वयस्कका लागि भन्दा बालविज्याँईकर्तालाई निश्चय नै बढी तीव्र हुने सामान्य सामाजिक वातावरणबाट पनि अलग्याउँछ ।

नियम १९ ले संस्थाकरणलाई दुई सन्दर्भमा नियन्त्रण गर्ने लक्ष्य राखेको छ : परिमाणमा (अन्तिम उपाय) र समयमा (न्यूनतम आवश्यक अवधि) । छैटौं राष्ट्रसंघीय कङ्ग्रेसको सङ्कल्पलेख ४ का आधारभूत मार्गदर्शक सिद्धान्तमध्ये एकलाई नियम १९ ले प्रतिविम्बित गर्दछ । अन्य उपयुक्त उपाय नभएका अवस्थामा बाहेक बाल कसुरदारलाई कैद गरिनुहुँदैन । त्यसैले बालविज्याँईकर्ताको संस्थाकरण गर्नुपर्ने भएमा बन्धनका लागि विशेष संस्थागत व्यवस्थासँगै र कसुरदार, कसुर र संस्थागत प्रकारमा भएका विभिन्नतालाई ध्यानमा राखी सकेसम्म कम मात्रामा स्वतन्त्रताको घाटालाई सीमित गरिनुपर्ने कुराको वकालत यस नियमले गर्दछ । वास्तवमा “बन्द” संस्थालाई भन्दा “खुला” लाई प्राथमिकता दिनुपर्छ । अझ कुनै पनि सुविधा बन्दीगृह प्रकारको भन्दा पनि सुधार वा शुद्धीकरण गर्ने वा शैक्षिक प्रकारको हुनुपर्छ ।

### २०. अनावश्यक ढिलाइको अन्त्य

२०.१ अनावश्यक विलम्ब नगरी प्रत्येक मुद्दा प्रारम्भबाटै शीघ्रतापूर्वक अगाडि बढाइनेछ ।

### टिप्पणी

बालविज्याँईकर्ताको मुद्दामा औपचारिक कारबाई प्रक्रियाको छिटो सञ्चालन परम चासोको विषय हो; अन्यथा कारबाई प्रक्रिया र नि0ियबाट प्राप्त गर्न सकिने कुनै पनि राम्रा कुरा जोखिममा पर्छ । समय बित्दै जाँदा, असम्भवै नभए पनि, बालविज्याँईकर्ताले बौद्धिक तथा मनोवैज्ञानिक दुवै हिसाबले कारबाई प्रक्रिया र नि0ियलाई कसुरसँग जोड्न बढो कठिनाई अनुभव गर्न थाल्नेछन् ।

### २१. अभिलेख

२१.१ बाल कसुरदारको अभिलेख बिल्कुलै गोप्य राखिनेछ र तेस्रो पक्षका लागि बन्द रहनेछ । नप्टाराका वेला र निप्टारासँग प्रत्यक्ष सम्बन्धित रहेको वा विधिवत् अधिकार पाएका व्यक्तिसम्म मात्र यस्तो अभिलेखको पहुँचलाई सीमित तुल्याइनेछ ।

२१.२ बाल कसुरदारको अभिलेखलाई उही कसुरदार संलग्न भएको वयस्कको कारबाई प्रक्रियाको पछिल्लो मुद्दामा प्रयोग गरिनेछैन ।

**टिप्पणी**

यस नियमले अभिलेख वा फाइलसँग गाँसिएका परस्पर बाझिएका स्वार्थ : नियन्त्रणमा सुधार ल्याउने प्रहरी, अभियोजन र अन्य अधिकारीहरुको हितविरूद्ध बाल कसुरदारका हितबीच सन्तुलन हासिल गर्न प्रयास गरेको छ। (नियम ८ पनि हेर्नुहोस्) । "विधिवत् अधिकार पाएका व्यक्ति" मा सामान्यतः अन्यबीच अनुसन्धानकर्ता पनि समेटिन्छन् ।

## २२. व्यावसायिकता तथा तालिमको आवश्यकता

२२.१ बालविज्याँईकर्ताको मुद्दा हेर्नमा संलग्न रहने सबै कर्मचारीको आवश्यक व्यावसायिक सक्षमता स्थापना गर्न र कायम राख्न व्यावसायिक शिक्षा, सेवाकालीन तालिम, पुनर्तागजी र निर्देशनका अन्य उचित तरिकाहरूको उपयोग गरिनेछ ।

२२.२ बालन्यायका कर्मचारीहरुले बाल न्याय प्रणालीको सम्पर्कमा आउने बालविज्याँईकर्ताको विविधतालाई प्रतिविम्बित गर्नेछन् । बालन्यायका एजेन्सीहरुमा महिला र अल्पसङ्ख्यकहरुको उचित प्रतिनिधित्वलाई सुनिश्चित गर्न प्रयास गरिनेछन् ।

**टिप्पणी**

निर्णयका लागि सक्षम अधिकारीहरु विभिन्न पृष्ठभूमि भएका हुन सक्छन् (बेलायत तथा उत्तरी आयरल्यान्डका एकीकृत अधिराज्य र बेलायती न्यायप्रणालीबाट प्रभावित क्षेत्रहरुका मेजिस्ट्रेट रोम कानुन प्रणाली प्रयोग गरिरहेका देश र तिनबाट प्रभावित क्षेत्रमा कानुनी रुपले तालिमप्राप्त न्यायाधीश, अन्यत्र निर्वाचित वा नियुक्त साधारण व्यक्ति वा कानुनविद, समुदायमा अधारित समितिका सदस्य आदि) कानुन, समाजशास्त्र, मनोविज्ञान, कसुरशास्त्र तथा व्यावहारिक विज्ञानहरुमा न्यूनतम तालिममा यी सबै अधिकारीले पूरा गर्नुपर्ने आवश्यकता छ । यसलाई सँगठनात्मक विशिष्टीकरण र सक्षम निकायको स्वतन्त्रता जत्तिकै महत्वपूर्ण मानिएको छ। सामाजिक कार्यकर्ता र दण्डपरीक्षण अधिकारीका लागि अल्पवयस्क कसुरदारलाई हेर्ने कुनै पनि कार्यको उत्तरदायित्व लिने पूर्वाधारका रुपमा पेसागत विशिष्टीकरणलाई आवश्यकता राख्नु अव्यावहारिक हुन पनि सक्छ। अतः पेसागत सेवाकालीन प्रशिक्षण न्यूनतम योग्यता नै हुन जान्छ ।

बालन्यायको निष्पक्ष र प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न पेसागत योग्यता अति आवश्यक कारक हुन सक्छ । त्यस्तै कर्मचारीको नियुक्ति, पदोन्नति र पेसागत तालिमलाई सुधार गर्ने तथा आफ्ना कार्यकलाप ठीकसँग सम्पन्न गर्न तिनलाई सक्षम पार्ने आवश्यक स्रोतसाधन उपलब्ध गराउन आवश्यक छ ।

बालन्याय प्रशासनमा निष्पक्षता प्राप्त गर्न बाल न्यायका कर्मचारीको छनोट, नियुक्ति र पदोन्नतिमा सबै राजनीतिक, सामाजिक, लैङ्गिक, जातीय, धार्मिक, सांस्कृतिक वा अन्य कुनै पनि प्रकारको भेदभावलाई प्रवेश गर्न दिनुहुँदैन । यो कुरा छैटौं कङ्ग्रेसले सिफारिस गरेको थियो । अझ, छैटौं कङ्ग्रेसले फौजदारी न्याय प्रणालीका कर्मचारीका रुपमा महिलाको स्वच्छ र समान व्यवहार निश्चित गर्न सदस्य राष्ट्रलाई आह्वान गऱ्यो र बाल न्यायप्रशासनमा महिला कर्मचारीको नियुक्ति, तालिम र पदोन्नतिलाई सघाउ पुऱ्याउन विशेष उपायहरु अवलम्बन गर्नुपर्ने सिफारिस गरेको छ ।

## भाग–४ गैरसंस्थागत उपचार

### २३. निप्टाराको प्रभावकारी कार्यान्वयन

२३.१ माथि नियम १४.१ मा उल्लेख गरिएअनुसार सक्षम अधिकारीको आदेशको अधिकारी आफै वा परिस्थितिले आवश्यक पारेअनुसार अन्य केही अधिकारीबाट कार्यान्वयनका लागि उचित व्यवस्था गरिनेछ ।

२३.२ यस्ता व्यवस्थामा यस नियमावलीमा रहेका सिद्धान्तहरुअनुरुप त्यस्ता फेरबदल निर्धारण हुने गरी समक्ष अधिकारीले समयसमयमा आवश्यक ठानेअनुसार आदेशलाई फेरबदल गर्ने अधिकार यस्ता परिवर्तन गर्ने अधिकार समावेश हुनेछ ।

### टिप्पणी

वयस्कहरुको मुद्दाको भन्दा बालविज्याँईकर्ताहरुको मुद्दाको निप्टाराले लामो समयसम्मका लागि कसुरदारको जीवनलाई प्रभाव पार्न सक्छ । यसरी प्रथमतः मुद्दा छिन्ने सक्षम अधिकारीसरहको योग्यता भएको सक्षम अधिकारी वा कुनै पनि स्वतन्त्र निकायले (दण्डजमानी समिति, दण्डपरीक्षण कार्यालय, युवा कल्याणसंस्था वा अन्य) नि0र्यको कार्यान्वयनलाई सुपरिवेक्षण गर्नुपर्ने कुरा महत्वपूर्णछ । यस प्रयोजनका लागि कुनैकुनै मुलुकमा सजाय कार्यान्वयन न्यायाधिकारी पनि राखिएकाछन् ।

यस्तो निकायको बनोट, अधिकार र कार्य लचिलो हुनै पर्छ; व्यापक स्वीकार्यताको सुनिश्चित गर्नका लागि तिनलाई नियम २३ मा सरल शब्दावलीमा वर्णन गरिएको छ ।

### २४. आवश्यक सहयोग व्यवस्था

२४.१ पुनर्स्थापना प्रक्रियालाई सहज बनाउनका लागि, कारबाई प्रक्रियाका सबै चरणमा बालविज्याँईकर्तालाई बास, शिक्षा वा व्यावसायिक तालिम, रोजगारी वा अन्य कुनै सहयोगी र व्यावहारिक मद्दत उपलब्ध गराउने प्रयास गरिनेछन् ।

### टिप्पणी

बालविज्याँईकर्ताको भलाईको प्रवर्द्धननै ध्यान दिनुपर्ने प्रमुख विषय हो। यसरी पुनःस्थापनप्रक्रियाको अवधिभर बालविज्याँईकर्ताको सर्वोत्तम हितलाई बढावा दिन सक्ने आधारभूत सुविधा, सेवा र अन्य आवश्यक सहयोग उपलब्ध गराउने महत्वलाई नियम २४ ले जोड दिन्छ।

### २५. स्वयम्सेवक तथा र अन्य सामुदायिक सेवाको परिचालन

२५.१ स्वयंसेवक, स्वयंसेवी सङ्गठन, स्थानीय संस्था र अन्य सामुदायिक स्रोतसाधनलाई सामुदायिक ढाँचाभित्रै र सकेसम्म पारिवारिक एकाईभित्र पर्ने गरी प्रभावकारी रुपले बालविज्याँईकर्ताको पुनःस्थापनमा योगदान गर्न आह्वान गरिनेछ।

### टिप्पणी

यस नियमले बाल कसुरदारहरुसँगै सम्पूर्ण कार्यको पुनःस्थापनात्मक अभिमुखीकरणका लागि चाहिने आवश्यकतालाई प्रतिविम्बित गर्छ। सक्षम अधिकारीहरुका निर्देशनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्छ भने समुदायसँगको सहयोग अपरिहार्य छ। खास गरी स्वयंसेवक र स्वयंसेवक संस्थाहरु सेवकहरु मूल्यवान् प्रमाणित भएका छन् तर हाल कम मात्रामा मात्र प्रयोग गरिएका छन्। केही अवस्थामा पूर्वकसुरदार (पूर्वदुर्व्यसनीसमेत) को हातेमालो उल्लेखनीय सहायता हुन सक्छ।

नियम १.१ र १.६ मा स्थापित सिद्धान्तबाट नियम २५ सिर्जना भएको हो र यो नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका सान्दर्भिक प्रावधानहरुसँग सुसङ्गत छ।

## भाग – ५

## संस्थागत उपचार

### २६. संस्थागत उपचारका उद्देश्य

२६.१ संस्थामा राखिएका बालविज्याँईकर्ताका लागि गरिने तालिम र उपचारको उद्देश्य भनेको तिनले समाजमा आफ्नो भूमिका सामाजिक रुपले रचनात्मक र उत्पादक छ भन्ने ठानून् भन्ने दृष्टिले तिनलाई हेरचाह, संरक्षण, शिक्षा र व्यवसायिक सीप प्रदान गर्नु हो।

२६.२ संस्थागत रुपमा रहेका बालविज्याँईकर्ताले तिनको हेरविचार, संरक्षण र तिनका उमेर, लिङ्ग तथा व्यक्तित्व र समग्र विकासको हितका आवश्यकताको कारणले चाहिने सामाजिक, शैक्षिक, व्यावसायिक, मनोवैज्ञानिक, स्वास्थ्यसम्बन्धी तथा शारीरिकजस्ता सबै आवश्यक

सहयोग प्राप्त गर्नेछन् ।

२६.३ बालविज्याँईकर्तालाई संस्थामा राख्दा वयस्कबाट अलग्गै राखिनेछ र छुट्टै संस्थामा वा वयस्कलाई पनि राखिएको संस्था भए छुट्टै खण्डको थुनामा राखिनेछ ।

२६.४ संस्थामा राखिएका कम किशोरी महिला कसुरदारउपर तिनका व्यक्तिगत आवश्यकता र समस्याअनुरुप विशेष ध्यान दिनुपर्ने हुन्छ । तिनले किशोर पुरुष कसुरदारभन्दा कम हेरचाह, संरक्षण, सहयोग, उपचार र तालिम कुनै हालतमा पनि पाउनेछैनन् । तिनहरु प्रतिको स्वच्छ व्यवहारलाई सुनिश्चित गरिनेछ ।

२६.५ संस्थाकरण गरिएका बालविज्याँईकर्ताको हित र भलाईमा आमाबाबु वा संरक्षकलाई पहुँचको अधिकार हुनेछ ।

२६.६ शैक्षिक बेफाइदासाथ संस्था छाडेर जान नपरोस् भन्ने कुरालाई सुनिश्चित गर्ने दृष्टिले संस्थाकरण गरिएका बालविज्याँईकर्तालाई पर्याप्त प्राज्ञिक वा उचित भएअनुरुप व्यावसायिक तालिम प्रदान गर्ने उद्देश्यका लागि अन्तरमन्त्रालयगत तथा अन्तरविभागीय सरसहयोगलाई अझ मजवुत बनाईनेछ ।

### टिप्पणी

नियम २६.१ र २६.२ मा अपेक्षा गरिएअनुरुप संस्थागत उपचारका उद्देश्यहरु कुनै पनि व्यवस्था र संस्कृति अनुरुप मान्य हुनेछ । यद्धपि, अझै ती कुरा जहाँ पनि प्राप्त भएका छैनन् र यस सन्दर्भमा धेरै गर्न बाँकीछ ।

वयस्क कसुरदारहरुमार्फत नकारात्मक प्रभाव पर्न नदिन र संस्थागत संरचनामा बालविज्याँईकर्ताको भलाईको संरक्षण नियम २६.३ मा प्रोत्साहित गरिएअनुरुप छैटौं कङ्ग्रेसले आफ्नो सङ्कल्पलेख ४ मा प्रस्तुत गरेको मूलभूत मार्गदर्शक सिद्धान्तमध्येको एक सिद्धान्तअनुरुप छ । यस नियमले राज्यलाई नियममा उल्लिखित (नियम १३.४ पनि हेर्नुहोस्) उपायहरुभन्दा काम प्रभावकारी देखिएका वयस्क कसुरदारको नकारात्मक प्रभावहरुविरूद्ध अन्य उपायहरु अपनाउनका लागि रोक लगाउँदैन ।

छैटौं कङ्ग्रेसले देखाएअनुरुप पुरुष कसुरदारभन्दा महिला कसुरदारले कम ध्यान पाउँछन् भन्ने तथ्यलाई नियम २६.४ ले देखाएको छ । खास गरी छैटौं कङ्ग्रेसको सङ्कल्पलेख ९ ले महिला कसुरदारको फा}जदारी न्याय प्रक्रियाको प्रत्येक तहमा स्वच्छ पुर्पक्षका लागि र हिरासतमा हुँदा तिनका खास समस्या र आवश्यकताप्रति विशेष दृष्टि दिनका लागि आह्वान गरेको छ । अझ यस नियमलाई छैटौं कङ्ग्रेसको क्याराकास घोषणाका परिपेक्ष्यमा हेर्नुपर्छ, जसले अन्य कुराका साथै महिलाविरूद्ध भेदभावको उन्मूलनसम्बन्धी घोषणा एवं महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको परिप्रेक्ष्यमा फौजदारी न्याय प्रशासनमा समान व्यवहारको आह्वान गर्छ

। पहुँचको अधिकार (नियम २६.५) नियम ७.१, १०.१, १५.२ र १८.२ का व्यवस्थाहरुबाट आएको हो । सामान्यतः संस्थापनागत उपचार र तालिमको गुणस्तर प्रवर्द्धन गर्ने उद्देश्यका लागि अन्तरमन्त्रालयगत र अन्तरविभागीय सहयोग (नियम २६.६) खास महत्वका छन् ।

## २७. राष्ट्रसंघद्वारा जारी बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डका नियमावलीको कार्यान्वयन

२७.१ बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावली र सम्बन्धित सिफारिस सान्दर्भिक रहेको हद र मात्रामा न्यायनिरुपण थाती राख्दा राखिने थुनछेकलगायत संस्थागत रुपमा रहेका बाल कसुरदारका उपचार– व्यवहारमा लागू हुनेछन् ।

२७.२ बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावलीमा स्थापित सान्दर्भिक सिद्धान्तलाई बालविज्याँईकर्ताको उमेर, लिङ्ग र व्यक्तित्वअनुरुप तिनका बदलिँदा आवश्यकताको परिपूर्ति गर्नका लागि सम्भव भएसम्म अधिकतम हदमा कार्यान्वयन गर्न प्रयास गरिनेछन् ।

### टिप्पणी

बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावली राष्ट्रसंघबाट जारी गरिएका यस किसिमका पहिला अध्यालेख मध्येका हुन् । तिनको प्रभाव विश्वभर परेको छ भन्ने कुरा आमरुपमा स्वीकार गरिएको छ । तर पनि, अझै यस्ता देशहरु छन्, तिनको कार्यान्वयन तथ्यमा भन्दा उत्प्रेरणाको स्रोत मात्र बनेका छन् । ती मापदण्डका नियमावली सुधार गर्ने संस्थाहरुको मानवीय एवं समन्यायिक प्रशासनमा अझै पनि महत्वपूर्ण प्रभाव पारिराखेकै छन् ।

संस्था रुपमा रहेका बाल कसुरदारलाई समेट्ने गरी केही अति आवश्यक संरक्षणहरु (बास, भवन, ओछ्यान, लत्ताकपडा, उजुर तथा गुनासा, बाहिरी विश्वसँगको सम्पर्क, भोजन, स्वास्थ्यको हेरचाह, धार्मिक सेवा, उमेरको वर्गिकरण र पृथकता, कर्मचारी नियुक्ति आदि) सजाय र अनुशासन तथा खतरनाक कसुरदारका लागि नियन्त्रणसम्बन्धी व्यवस्थाहरु भएजस्तै व्यवस्था बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावलीमा परेका छन् । बाल न्याय प्रशासनका लागि न्यूनतम मापद0डको नियमावलीको क्षेत्रभित्र बाल कसुरदारका लागि संस्थाको खास प्रकृति अनुसार ती मापदण्डका नियमहरुलाई परिवर्तन गर्नु उचित हुँदैन ।

संस्थागत रुपमा रहेका (नियम २७.१) बालविज्याँईकर्ताका साथै तिनको उमेर, लिङ्ग र व्यक्तित्व (नियम २७.२) सँग मिल्ने बदलिँदा आवश्यकताहरुका लागि आवश्यक आधारहरुमाथि नियम २७ ले मुख्य ध्यान दिएको छ । यसरी नियमका उद्देश्य र त्यसमा निहित कुराहरु बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावलीका सान्दर्भिक व्यवस्थाहरुसँग अन्तरसम्बद्ध छन् ।

## २८. ससर्त छुटकाराको निरन्तर र छिटोछरितो उपचार

२८.१ संस्थाबाट ससर्त छुटकाराको सम्भव भएसम्म अधिकतम हदमा उपयुक्त अधिकारीबाट प्रयोग हुनेछ र यथाशक्य छिटो समयमा प्रदान गरिनेछ ।

२८.२ संस्थाबाट ससर्त छुटकारा दिइएका बालविज्याँईकर्तालाई उपयुक्त अधिकारीबाट मद्दत र सुपरिवेक्षण गरिनेछ र समुदायबाट पूर्ण सहयोग पाउनेछन् ।

### टिप्पणी

ससर्त छुटकाराको आदेश दिने अधिकार नियम १४.१ मा उल्लेख गरेअनुरुप सक्षम अधिकारी वा अन्य कुनै अधिकारीसँग रहन सक्छ । यसको विचार गरी “सक्षम” अधिकारीभन्दा पनि “उचित” भनी यहाँ उल्लेख गर्नु पर्याप्तछ । परिस्थितिहरुले दिएमा ससर्त रिहाईलाई पूर्ण सजायको दाँजोमा रोजिनेछ . पुनःस्थापनतिरको सन्तोषजनक प्रगतिको प्रमाणका आधारमा संस्थाकरणको समयमा खतरनाक देखिएका कसुरदारहरुलाई पनि जुन बेला सम्भव हुन्छ, त्यस बेला ससर्त छुटकारा दिन सकिनेछ । दण्डपरीक्षण रिहाईजस्तै यस्तो रिहाई उदाहरणका लागि, कसुरदारका राम्रो चालचलन, सामुदायिक कार्यक्रमहरुमा उपस्थिति, मार्गस्थगृहमा बास आदि निर्णयमा निर्देशित समायावधिका लागि सान्दर्भिक अधिकारीबाट तोकिएका आधारहरुको सन्तोषजनका परिपूर्तिमा ससर्त हुन सक्नेछ । संस्थाबाट ससर्त आधारमा रिहाई भएका कसुरदारहरुका हकमा परीक्षण रिहाई वा अन्य अधिकारीबाट हुने सहयोग र सुपरिवेक्षण -खास गरी परीक्षण रिहाई अभ} ग्रहण नगरिएका स्थानमा) उपलब्ध गराईनेछ र सामुदायिक सेवालाई प्रोत्साहित गरिनेछ ।

## २९. अर्धसंस्थागत बन्दोबस्त

२९.१ मार्गस्थगृह, शैक्षिक गृह, दिवा तालिमकेन्द्र र समाजमा तिनको उचित पुनःसम्मिलनका लागि बालविज्याँईकर्तालाई मद्दत गर्न सक्ने अन्य यस्तै उपयुक्त बन्दोबस्तजस्ता अर्धसंस्थागत बन्दोबस्त उपलब्ध गराउन प्रयास गरिनेछन् ।

### टिप्पणी

संस्थाकरणको अवधिपछिको हेरचाहको महत्वलाई कम मुल्याङ्कन गरिनुहुँदैन । यस नियमले अर्धसंस्थागत व्यवस्थाको सञ्जाल निर्माण गर्ने अवस्थालाई जोड दिन्छ । समुदायमा पुनःसम्मिलन गरेका बाल कसुरदारको विभिन्न आवश्यकता पूरा गर्न निर्मित सुविधा र सेवाको विविधतायुक्त मात्राको आवश्यकतालाई र समाजमा सफलतापूर्वक पुनःसम्मिलन गर्नेतर्फ महत्वपूर्ण पाइलाको

रुपमा मार्गदर्शन र संरचनात्मक सेवा उपलब्ध गराउन यस नियमले जोड दिन्छ ।

**भाग–६**

## अनुसन्धान, योजना, नीतिनिर्माण र मूल्यात्कन

### ३०. योजना, नीतिनिर्माण र मूल्यात्कनका आधारका रुपमा अनुसन्धान

३०.१ प्रभावकारी योजनातर्जुमा र नीतिनिर्माणको आधारका रुपमा आवश्यक अनुसन्धानको व्यवस्था र प्रवर्द्धन गर्न प्रयास गरिनेछन् ।

३०.२ बालबिज्याँई एवं अपराधका प्रवृत्ति, समस्या र कारणका साथसाथै हिरासतमा रहेका बालविज्याँईकर्ताका बदलिँदा खासखास आवश्यकताहरुको आवधिक रुपमा पुनरावलोकन र लेखाजोखा गर्न प्रयास गरिनेछन् ।

३०.३ बाल न्याय प्रशासनका प्रणालीमा समाहित नियमित मूल्याङ्कनकारी अनुसन्धान संयन्त्र स्थापना गर्न र प्रशासनको उचित लेखाजोखा र भावी परिमार्जन र सुधारका लागि सान्दर्भिक तथ्याङ्क र सूचनाको सङ्कलन तथा विश्लेषण गर्न प्रयास गरिनेछन् ।

३०.४ बाल न्याय प्रशासनमा प्रदान गरिने सेवालाई राष्ट्रिय विकास प्रयासको अभिन्न अङ्गका रुपमा सुव्यवस्थित तरहले योजनाबद्ध र कार्यान्वयन गरिनेछ ।

### टिप्पणी

सुसूचित बालन्याय नीतिका लागि एक आधारको रुपमा अनुसन्धानको उपायलाई ज्ञानको अभिवृद्धिभन्दा व्यवहारलाई अगिनै राख्न र बाल न्याय प्रणालीको निरन्तर विकास र समृद्धिका लागि महत्वपूर्ण संयन्त्रसरह व्यापक रुपमा स्वीकार गरिएको छ । अनुसन्धान र नीतिको आपसी सूचनाको आदानप्रदान बाल न्यायमा विशेष रुपले महत्वपूर्ण छ । कम उमेरका व्यक्तिहरुको जीवनशैलीमा द्रूत र औसत आमूल परिवर्तन तथा बाल अपराधको किसिम र आयामसँगै बाल अपराध वा बिज्याँईप्रतिको सामाजिक तथा न्यायिक प्रक्रिया तुरून्तै समयसँग नमिल्दो र अपर्याप्त हुन जान्छ ।

यसरी नियम ३० ले बाल न्याय प्रशासनमा अनुसन्धानलाई नीतिनिर्माण र कार्यान्वयनको प्रक्रियामा एकीकृत गर्नका लागि मापदण्ड निर्धारण गर्दछ । विद्यमान कार्यक्रम र उपायहरुको नियमित अनुगमन र मूल्याङ्कनको आवश्यकताप्रति सम्पूर्ण विकासको उद्देश्यको बृहत्तर परिप्रेक्ष्यमा योजनाका लागि सो नियमले खास ध्यानाकर्षण गर्दछ .

बालविज्याँईकर्ताको आवश्यकताका साथै बिज्याँईको प्रवृत्ति र समस्याको नियमित मूल्याङ्कन नै उचित नीतिहरुको निणंय गर्ने तरिकामा सुधार ल्याउने र औपचारिक तथा अनौपचारिक दुवै स्तरमा

स्थापना गरिने पर्याप्त सहयोगात्मक हस्तक्षेपको पूर्वाधार हो ।
यस परिप्रेक्ष्यमा स्वतन्त्र व्यक्ति तथा निकायबाट हुने अनुसन्धानलाई उत्तरदायी संस्थाहरुबाट सघाउ पुऱ्याइनेछ र व्यवस्थाको सम्पर्कमा आएका मात्र नभई बालविज्याँईकर्ता स्वयंको विचार प्राप्त गर्नु र त्यसलाई ध्यानमा राख्नु महत्वपूर्ण हुन सक्छ .

योजनाप्रक्रियाले आवश्यक सेवा पुऱ्याउनका लागि बढी प्रभावकारी न्यायोचित व्यवस्थालाई विशेष जोड दिनुपर्छ । त्यसका लागि बालविज्याँईकर्ताका खासखास बृहत्तर दायराका आवश्यकता र समस्याको बृहत् एवं नियमित मूल्याङ्कन हुनुपर्छ तथा प्राथमिकताको स्पष्ट पहिचान हुनुपर्छ । सो सन्दर्भमा, स्थापित कार्यक्रमहरुको कार्यान्वयन र अनुगमन गर्ने उपयुक्त कार्यविधिको स्थापना गर्न सुहाउँदा विकल्प र सामुदायिक टेवालगायतका विद्यमान स्रोतसाधनको प्रयोगमा समन्वय पनि हुनुपर्छ ।

# बालबिज्याँई रोकथामका लागि संयुक्त राष्ट्रसंघीय मार्गदर्शन
## (रियाद मार्गदर्शन)

महासभाको १४ डिसेम्बर १९९० को सङ्कल्पलेख ४५/११२ द्वारा घोषित तथा जारी

### १. मूलभूत सिद्धान्त

(१) बालबिज्याँईको रोकथाम समाजमा हुने अपराध रोकथामको अत्यावश्यक पक्ष हो । कानुनसम्मत, सामाजिक रुपमा उपयोगी क्रियाकलापमा सामेल गराएर र समाज र जीवनदृष्टितर्फ मानवेली अभिमुखीकरणको अवलम्बन गरेर किशोरकिशोरीहरुले गैरअपराधमूलक दृष्ट्रिभाव विकास गर्न सक्छन् ।

(२) बालबिज्याँईको रोकथामका लागि पूरै सिङ्गो समाजबाटै प्रारम्भिक बाल्यावस्थादेखिकै तिनको व्यक्तिको सम्मान र प्रवर्द्धनसाथ किशोरकिशोरीहरुको सन्तुलित विकास निश्चित पार्न आवश्यक हुन्छ ।

(३) यस मार्गदर्शनको व्याख्याको प्रयोजनका लागि, बालकेन्द्रीत अभिमुखीकरणबाट प्रेरित रहनुपर्छ । समाजभित्र किशोरकिशोरीहरुको सक्रिय भूमिका र सहभागिता रहनुपर्छ र उनीहरुलाई खालि सामाजिकीकरण वा नियन्त्रणका विषय मानिनुहुँदैन ।

(४) यस मार्गदर्शनको कार्यान्वयनको प्रयोजनका लागि, राष्ट्रिय कानुनी प्रणालीबमोजिम प्रारम्भिक बाल्यावस्थादेखिकै किशोरकिशोरीहरुको भलाईमा कुनै पनि रोकथामपरक कार्यक्रमको जोड रहनुपर्छ ।

(५) बालबिजाइँ रोकथामको प्रगतिशील नीति तथा पद्धतिगत अध्ययन र उपायहरुको विस्तारको आवश्यकता र महत्वलाई मान्यता दिनुपर्छ । तिनले बालबालिकाको विकासलाई गम्भीर क्षति र अरुलाई हानि नपुऱ्याउने आचारव्यवहारको आपराधीकरण र दण्डीकरणलाई त्याग्नुपर्छ । त्यस्ता नीति तथा उपायहरुमा निम्न कुरा समाहित हुनुपर्छ :-

(क) सबै किशोरकिशोरी, खास गरी स्पष्टै खतरामा परेका वा सामाजिक जोखिममा रहेका र विशेष हेरचाह र संरक्षणको आवश्यकता परेका, को व्यक्तिगत विकासलाई सुरक्षित गर्नका लागि सहयोगी ढाँचालाई टेवा पुऱ्याउन र किशोरकिशोरीहरुका भिन्नभिन्न आवश्यकताहरु पूरा गर्न अवसरहरु, विशेषतः शैक्षिक अवसरहरुको प्रबन्ध;

(ख) कानुन, प्रक्रिया, संस्थापना, सरसुविधा तथा सेवा प्रदान गर्ने सञ्जालका आधारमा अतिक्रम गराईका उत्प्रेरणा, सोको उद्धत गराउने आवश्यकता र अवसर वा अवस्थालाई न्यूनीकरण गर्नमा लक्षित बिज्याँई रोकथामका विशिष्टीकृत दर्शन र पद्धतिहरु;

(ग) किशोरकिशोरीहरुको समग्र हितमा प्राथमिक रुपले प्रेरित र स्वच्छता तथा समानताबाट दिग्दर्शित औपचारिक हस्तक्षेप;

(घ) सबै किशोरकिशोरीहरुको भलाई, विकास, अधिकार तथा हितको सुरक्षण;

(ङ) समग्र सामाजिक मूल्यमान्यतासँग मेल नखाने र प्रायः परिपक्वता तथा विकास प्रक्रियामा अभिन्न भएर हुने वयस्कताको सङक्रमणसँगै आफै हराएर जाने खालका युवाअवस्थाका बानीबेहोरा र आचरणउपरको ख्याल;

(च) धेरै विशेषज्ञहरुको रायमुताबिक किशोरकिशोरीहरुलाई "विचलित", "उपद्रोही" वा "पूर्वउपद्रोही" जस्ता लेबल वा विल्ला लगाउनाले किशोरकिशोरीका व्यक्तिमा स्थिर रुपमा अवाञ्छित व्यवहार गरिराख्ने कुरा विकास गराउनमा बल पुग्छ भन्ने कुरामा सचेतता ।

(६) बालबिज्याँईको रोकथामका लागि विशेष गरी कुनै पनि निकाय स्थापना नभएका ठाउँमा समुदायमा आधारित सेवा र कार्यक्रमको विकास गर्नुपर्छ । सामाजिक नियन्त्रणका औपचारिक निकायहरुलाई अन्तिम उपायको रुपमा मात्र उपयोग गरिनुपर्छ ।

## २. मार्गदर्शनको क्षेत्र

(७) यो मार्गदर्शनको व्याख्या मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, बालअधिकारसंवन्धी घोषणापत्र एवं बालअधिकार महासन्धिको बृहत् ढाँचा र बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली) साथसाथै बालबालिका तथा किशोरकिशोरीहरुका अधिकार, हित तथा भलाईसम्बन्धी अध्यालेख तथा मान्यताका सन्दर्भमा हुनुपर्दछ ।

(८) यो मार्गदर्शन हरेक सदस्य राष्ट्रमा विद्यमान आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थासमेतका सन्दर्भमा कार्यान्वयन हुनुपर्दछ ।

## ३. सामान्य रोकथाम

(९) सरकारका हरेक तहमा व्यापक रोकथाम योजनाहरु संस्थागत हुनुपर्दछ र निम्न कुरा समावेश हुनुपर्दछ :-

(क) समस्याको गहन विश्लेषण र उपलब्ध कार्यक्रम, सेवा, सुविधा र स्रोतसाधनको लगत;

(ख) रोकथाम प्रयासमा संलग्न योग्यतापूर्ण एजेन्सी, संस्थापना तथा कर्मचारीगणको सुस्पष्ट परिभाषित उत्तरदायित्व;

(ग) रोकथाम प्रयासको उपयुक्त समन्वय निमित्त सरकारी तथा गैरसरकारी एजेन्सीहरुबीचको संयन्त्र;

(घ) कार्यान्वयनका क्रममा नियमित रुपले अनुगमन तथा सतर्कतापूर्वक मूल्याङ्कन गर्न पर्ने अग्रसूचक अध्ययनमा आधारित नीति, कार्यक्रम र रणनीति;

(ङ) बिज्याँईपूर्ण कार्य गर्ने अवसरहरु प्रभावकारी रुपमा घटाउने विधि;

(च) बृहत् दायरामा सेवा र कार्यक्रममार्फत समुदायको संलग्नता;

(छ) बालबिज्याँई र युवाअपराध रोकथाम गर्ने कार्यमा केन्द्रित भई काम गर्ने निजी क्षेत्र, सेवा गरिनुपर्ने समुदायका प्रतिनिधि नागरिक तथा श्रम, बालस्याहार, स्वास्थ्यशिक्षा, सामाजिक, कानुनकार्यान्वयन र न्यायिक निकायहरुको संलग्नतामा राष्ट्रिय, राज्य, प्रान्तीय तथा स्थानीय सरकारहरुका बीचको घनिष्ट अन्तरविभागीय सरसहयोग;

(ज) सामुदायिक स्रोतसाधनको प्रयोग, युवा हातेमालो र पीडितलाई क्षतिपूर्ति तथा सहयोग कार्यक्रमलगायत बिज्याँई रोकथाम नीति तथा प्रक्रियामा युवा सहभागिता;

(झ) सबै तहमा विशिष्टीकृत कर्मचारीगण ।

## ४. सामाजिकीकरण प्रक्रिया

(१०) सबै बालबालिका र किशोरकिशोरीहरुको विशेषतः परिवार, समुदाय, सँगती समूह, विद्यालय, व्यावसायिक तालिम र कामका अन्य क्षेत्र साथसाथ स्वैच्छिक सङ्गठनहरुमार्फत सफल सामाजिकीकरण र सम्मिलनलाई सहज बनाउने रोकथाममूलक नीतिमा जोड दिइनुपर्दछ । बालबालिका तथा किशोरकिशोरीहरुको मुनासिब व्यक्तिगत विकासमा उत्तिकै ख्याल राखिनुपर्दछ र उनीहरुलाई सामाजिकीकरण तथा सम्मिलन प्रक्रियामा पूर्ण र समान साझेदारका रुपमा उचित आदर गरिनुपर्दछ ।

## क. परिवार

(११) हरेक समाजले परिवार र तिनका सबै सदस्यका आवश्यकता र भलाईप्रति उच्च प्राथमिकता दिनुपर्दछ ।

(१२) बालबालिकाको प्रारम्भिक सामाजिकीकरणको केन्द्रीय उत्तरदायी एकाईनै परिवार भएकाले संयुक्त परिवार लगायत परिवारको परिपूर्णतालाई बचाउनका लागि सरकारी तथा सामाजिक प्रयासहरुको अनुसरण गरिनुपर्छ । हेरचाह र संरक्षण उपलब्ध गराउने र बालबालिकाको शारीरिक तथा मानसिक भलाई सुनिश्चित पार्ने कुरामा परिवारलाई मद्दत गर्ने समाजको उत्तरदायित्व छ । दिवा हेरचाह लगायतका बन्दोबस्तहरुको पर्याप्त व्यवस्था गरिनुपर्दछ ।

(१३) सरकारहरुले बालबालिकाको हुर्काइ स्थिर र व्यवस्थित पारिवारिक वातावरणमा हुने कुरालाई अनुकूल बनाउने नीतिहरु स्थापित गर्नुपर्दछ । अस्थिरता वा द्वन्द्वका अवस्थामा समाधानका लागि सहयोगको आवश्यकता भएका परिवारहरुलाई चाहिएको सेवा उपलब्ध गराइनुपर्दछ ।

(१४) स्थिर र व्यवस्थित पारिवारिक वातावरणको कमी भएको र सो सन्दर्भमा बाबुआमालाई सघाउने सामुदायिक प्रयास असफल भएका अवस्था र संयुक्त परिवारले यो भूमिका पूरा गर्न नसकेका अवस्थामा फोस्टर केयर तथा धर्मसन्तान राख्नेलगायतका वैकल्पिक रखाईबारे विचार गर्नुपर्दछ । यस्तो रखाईको कुरा स्थिर र व्यवस्थित पारिवारिक वातावरणका लागि सकेसम्म विस्तार गर्नुपर्दछ भने साथसाथै लालनपालन स्याहार ओइरासँग जोडिएका समस्याहरुलाई वर्जित गर्दै बालबालिकाका लागि स्थायित्वको भाव स्थापित पनि गरिनुपर्दछ ।

(१५) तीव्र र विशृङ्खल आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवर्तन, खास गरी आदिवासी, प्रवासी तथा शरणार्थी परिवारका बालबालिका जस्ता तीव्र र विशृङ्खल आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवर्तनबाट उब्जेका समस्याबाट प्रभावित परिवारका बालबालिकालाई विशेष ध्यान दिइनुपर्दछ । यस्ता परिवर्तनहरुले द्वन्द्वको भूमिका र संस्कृतिको परिणामस्वरुप, परिवारको बालबालिकालाई हुर्काउनेबढाउने परम्परा जोगाउनमा परिवारको सामाजिक क्षमतालाई भत्काउन सक्ने भएकाले बालबालिकाको सामाजिकीकरणका लागि नयाँ सोचका र सामाजिक रुपले सिर्जनात्मक प्रारुपहरुको रुपाङ्कन गरिनुपर्दछ ।

(१६) बाबुआमा र बालबालिकाबीचको सकारात्मक सम्बन्ध प्रवर्द्धन गर्द}, बालबालिका र किशोरकिशोरीहरुका समस्याप्रति बाबुआमालाई संवेदनशील बनाउदै र पारिवारिक तथा सामुदायिक क्रियाकलापमा तिनको संलग्नतालाई प्रोत्साहित गर्दै बालबालिकाको विकास र हेरचाहका सिलसिलामा बाबुआमाको अभिभावकीय भूमिका बुझ्ने अवसर परिवारहरुलाई उपलब्ध गराउनका लागि उपायहरु अपनाइनुपर्दछ र कार्यक्रमहरु विकास गरिनुपर्दछ ।

(१७) सरकारहरुले परिवारमा सा}हाद्रता र सामाञ्जस्य बढाउन र बालबालिकाको कल्याण र भविष्यलाई असर पार्ने परिस्थितिको सम्भाव्य विकल्प नरहेको अवस्थामा बाहेक तिनका बाबुआमाबाट बालबालिकालाई अलग्याउने कुरालाई निरूत्साहित गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ ।

(१८) परिवार र संयुक्त परिवारको सामाजिकीकरण कार्यमा जोड दिनु महत्वपूर्ण छ; अनि, समाजमा किशोरकिशोरीहरुको भावी भूमिका, उत्तरदायित्व, सहभागिता र साझेदारीलाई मान्यता दिनु पनि त्यत्तिकै महत्वपूर्ण छ ।

(१९) बालबालिकाको उचित सामाजिकीकरणको अधिकारलाई निश्चित पार्नमा सरकार र अन्य एजेन्सीहरुले विद्यमान सामाजिक तथा कानुनी एजेन्सीहरुमा भर गर्नुपर्दछ तर, परम्परागत संस्थापना र प्रथाहरु प्रभावकारी नरहेमा उनीहरुले नयाँ सोचका उपायहरु उपलब्ध गराउनु र मन्जुर गर्नुपर्दछ ।

### ख. शिक्षा

(२०) सरकारहरु सबै किशोरकिशोरीहरुलाई सार्वजनिक शिक्षा सुलभ गराउने दायित्वमा रहेका छन् ।

(२१) शिक्षा प्रणालीहरुले तिनको शैक्षिक तथा व्यावसायिक तालिमका क्रियाकालपको अतिरिक्त देहायका कुरामा ध्यान समर्पित गर्नुपर्दछ :–

(क) मूलभूत मूल्यमान्यता र बालबालिका रहनेबस्ने मुलुकको सामाजिक मूल्यमान्यता र सोभन्दा भिन्न सभ्यताहरु र मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुका लागि बालबालिकाको सांस्कृतिक पहिचान तथा ढाँचाप्रति आदर विकास गर्ने शिक्षण;

(ख) तिनको पुर्णत संभाब्यसम्म पुग्न किशोरकिशोरीहरुको व्यक्तित्व, तृक्ष्ण तथा मानसिक तथा शारीरिक क्षमताहरुको प्रवर्द्धन र विकास;

(ग) शैक्षिक प्रक्रियामा किशोरकिशोरीहरुको विषयस्वरुप होइन, सक्रिय र प्रभावकारी सहभागीका रुपमा संलग्नता;

(घ) विद्यालय र समुदायसँग पहिचान र अपनत्वको भावना बढाउने क्रियाकलापको सञ्चालन;

(ङ) फरक दृष्टिकोण र अभिमत साथसाथै सांस्कृतिक तथा अन्य अन्तरहरुलाई बुझ्न र तिनको आदर गर्न किशोरकिशोरीहरुलाई प्रोत्साहन;

(च) व्यावसायिक तालिम, रोजगारीको अवसर तथा वृत्तिविकासका बारेमा सूचना तथा मार्गदर्शनको प्रबन्ध;

(छ) किशोरकिशोरीहरुलाई सकारात्मक भावनात्मक मद्दत र मनोवैज्ञानिक दुर्व्यवहारलाई वर्जन गर्ने प्रावधान;

(ज) कठोर अनुशासनात्मक उपाय खास गरी शारीरिक सजायको वर्जन ।

(२२) शैक्षिक प्रणालीले किशोरकिशोरीहरुका क्रियाकलापका सम्बन्धमा बाबुआमा, सामुदायिक सङ्गठन तथा एजेन्सीहरुसँग साथसाथमा कार्य गर्न खोज्नुपर्दछ ।

(२३) किशोरकिशोरीहरु र तिनका परिवारलाई कानुन र कानुनअन्तर्गत तिनका अधिकार तथा दायित्वहरुका साथसाथै संयुक्त राष्ट्रसंघीय अध्यालेखहरुलगायत विश्वव्यापी मूल्यमान्यताका पद्धतिहरुबारे जानकारी गराइनुपर्दछ ।

(२४) शैक्षिक प्रणालीले सामाजिक जोखिममा रहेका किशोरकिशोरीहरुमा विशेष हेरचाह र ध्यान बढाउनुपर्दछ । विशिष्टीकृत रोकथाममूलक कार्यक्रम तथा शैक्षिक सामग्री, पाठ्यक्रम, पद्धति र साधनहरुको विकास र पूर्ण उपयोग गरिनुपर्दछ ।

(२५) किशोरकिशोरीहरुबाट हुन सक्ने मादक, लागू वा अन्य पदार्थको दुर्व्यसनको रोकथामका लागि विस्तृत नीति तथा रणनीतिमा विशेष ध्यान दिनुपर्दछ । यी समस्याहरुसँग जुध्न

गर्नका लागि शिक्षकशिक्षिका तथा अन्य व्यवसायीहरु साधनसुसज्जित र तालिमप्राप्त हुनुपर्दछ । मादक पदार्थलगायतका आ}षधिजन्य वस्तुको प्रयोग र दुरूपयोगका बारेमा विद्यार्थीवर्गलाई जानकारी उपलब्ध गराइनुपर्दछ ।

(२६) किशोरकिशोरीहरु, खासगरी विशेष आवश्यकता भएका, दुर्व्यवहार, उपेक्षा, पीडन र शोषणबाट सताइएकाहरुका लागि विद्यालयले स्वास्थ्योपचार, मनोविमर्श तथा अन्य सेवाहरुको स्रोत तथा सिफारिस केन्द्रका रुपमा काम गर्नुपर्दछ ।

(२७) विविधीकृत शैक्षिक कार्यक्रमहरुमार्फत विशेषतः सुविधाविहीन, लाभवञ्चित, जातीय तथा अन्य अल्पसङ्ख्यक र निम्नआय भएका समूहका किशोरकिशोरीहरुका समस्या, आवश्यकता र अवबोधनहरुबारे शिक्षकशिक्षिका, अन्य वयस्क र विद्यार्थीगणलाई सचेष्ट बनाइनुपर्छ ।

(२८) विद्यालय प्रणालीले पाठ्यक्रम, शिक्षण तथा सिकाईविधि र पद्धति, अनि योग्य शिक्षकको नियुक्ति तथा तालिमका सम्बन्धमा उच्चतम व्यावसायिक तथा शैक्षिक मापदण्ड हासिल र प्रवर्द्धन गर्न कोसिस गर्नुपर्दछ । उपयुक्त व्यावसायिक सङ्गठन तथा अधिकारीहरुबाट कार्यसम्पादनको नियमित अनुगमन र लेखाजोखा गरिने कुरा निश्चित हुनुपर्दछ ।

(२९) विद्यालय प्रणालीले सामुदायिक समूहहरुको सरसहयोगमा कलिलो उमेरका व्यक्तिहरुका चाखका अतिरिक्त क्रियाकलापको तर्जुमा, विकास तथा कार्यान्वयन गर्नुपर्दछ ।

(३०) हाजिरीसंहिताको पालना गर्न नसकेका र विद्यालय छाड्नुपरेका बालबालिका तथा किशोरकिशोरीहरुलाई विशेष सहायता गरिनुपर्दछ ।

(३१) विद्यालयहरुले स्वच्छ र न्यायोचित नीतिनियमहरु प्रवर्दन गर्नुपर्दछ; अनुशासन नीति र निर्णय प्रक्रिया लगायतका विद्यालय नीतिको तर्जुमाकारी अङ्गमा विद्यार्थीको प्रतिनिधित्व गराइनुपर्दछ ।

### ग. समुदाय

(३२) किशोरकिशोरीहरुका विशेष आवश्यकता, समस्या, चाँख र सरोकारहरुको प्रत्युक्ति गर्ने र किशोरकिशोरी तथा तिनका परिवारलाई उपयुक्त मनोविमर्श तथा मार्गप्रदर्शन गर्ने समुदायमा आधारित सेवा तथा कार्यक्रमहरुको विकास गरिनुपर्दछ र तिनीहरु रहेभएका अवस्थामा तिनको सुदृढीकरण गरिनुपर्दछ ।

(३३) समुदायहरुले सामाजिक जोखिममा रहेका बालबालिकाका विशेष समस्याहरुको प्रत्युक्तिका लागि सामुदायिक विकास केन्द्र, खेलकुद तथा मनोरञ्जनका सरसुविधा र सेवालगायत किशोरकिशोरीहरुका लागि समुदायमा आधारित सहयोगी उपायहरु उपलब्ध गराउनुपर्छ र तिनीहरु रहेभएका अवस्थामा तिनको सुदृढीकरण गर्नुपर्दछ ।

(३४) घरमा बस्न नसकेका र बस्नका लागि घर नभएका किशोरकिशोरीहरुका लागि पर्याप्त आश्रय उपलब्ध गराउनका लागि विशेष सुविधागृहहरु खडा गरिनुपर्छ ।

(३५) वयस्कताको सङ्क्रमणमा रहेका किशोरकिशोरीहरुले भोगेका कठिनाईहरुसँग जुध्नका लागि व्यापक सेवा तथा सहयोग उपायहरु उपलब्ध गराइनुपर्छ । यस्ता सेवाहरुले किशोर लागुऔषध दुर्व्यसनीहरुका लागि हेरचाह, परामर्श, सहायता र उपचारोन्मुख मद्दतका लागि विशेष कार्यक्रमहरुलाई समेट्न पर्दछ ।

(३६) किशोरकिशोरीहरुलाई सेवा उपलब्ध गराउने स्वैच्छिक सङ्गठनहरुलाई सरकार तथा अन्य निकायहरुले आर्थिक तथा अन्य टेवा उपलब्ध गराउनुपर्दछ ।

(३७) स्थानीय स्तरमा युवा सङ्गठनहरु सिर्जना गरिनु र सुदृढ बनाइनुपर्दछ साथै सामुदायिक मामिलाहरुको व्यवस्थापनमा किशोरकिशोरीलाई पूर्ण सहभागी हैसियत प्रदान गरिनुपर्दछ । यी सङ्गठनहरुले युवाहरुलाई सामूहिक र स्वयंसेवी, खास गरी सहायताको आवश्यकता परेका किशोरकिशोरीहरुलाई सहयोग गर्नमा लक्षित, परियोजना सङ्गठित गर्नमा उत्प्रेरित गर्नुपर्दछ ।

(३८) सरकारी एजेन्सीहरुले विशेष उत्तरदायित्व लिई घरविहीन वा सडक बालबालिकालाई आवश्यक सेवाहरु उपलब्ध गराउनुपर्दछ; स्थानीय सुविधागृह, बसोबास, रोजगारी र सहायताका अन्य स्वरुप र स्रोतहरु किशोरकिशोरीहरुलाई तम्तयार रुपले उपलब्ध गराइनुपर्दछ ।

(३९) किशोरकिशोरीलाई बिशेष रुचि हुने पुर्नसिर्जनात्मक सेवा तथा सुविधाहरुको ब्यापक उपलब्धतालाई स्थापिना गरिनुपर्छ र उनीहरुलाई सोको पहुँच सुलभ हुनुपर्दछ ।

### घ. आमसञ्चारमाध्यम

(४०) राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध स्रोतहरुका सूचना र सामग्रीमा किशोरकिशोरीहरुको पहुँचलाई सुनिश्चित गर्न आमसञ्चारलाई प्रोत्साहन गरिनुपर्दछ ।

(४१) आमसञ्चारलाई किशोरकिशोरीहरुको समाजप्रतिको सकारात्मक योगदान देखाउनमा प्रोत्साहन गरिनुपर्दछ ।

(४२) किशोरकिशोरीहरुका लागि समाजमा रहेका सेवा, सुविधा तथा अवसरहरुको विद्यमानता सम्बन्धी सूचनाको प्रचारप्रसार गर्नमा आमसञ्चारलाई प्रोत्साहन गरिनुपर्दछ ।

(४३) सामान्यतः आमसञ्चार, विशेषतः टेलिभिजन र चलचित्र सञ्चारमाध्यमलाई अश्लील चित्रण, लागूऔषध, हिंसा दर्साउने तथा हिंसा र शोषणलाई प्रतिकूलतापूर्ण तरिकाले प्रदर्शित गर्ने कुरा न्यूनीकरण गर्न, साथसाथै खास गरी बालबालिका, महिला र अन्तर्वैयक्तिक सम्बन्धबारेका मर्यादाको तेजोबध गर्ने तथा अपमानजनक प्रस्तुति वर्जन गर्नमा र समतावादी सिद्धान्त र भूमिका प्रवर्द्धन गर्नमा प्रोत्साहन गरिनुपर्दछ ।

(४४) किशोरकिशोरीहरुबाट हुने लागू तथा मादक पदार्थको दुरूपयोगसम्बन्धी सञ्चारहरुका

बारेमा आफ्नो सघन सामाजिक भूमिका र दायित्व साथसाथै प्रभावतर्फ आमसञ्चारमाध्यम सचेष्ट रहनुपर्दछ । यसले आफ्नो शक्ति लागूको दुर्व्यसनीको रोगथामका लागि सन्तुलित तरिकाको माध्यमबाट सुसंङ्गत सन्देशहरु प्रसार (रिले) गर्नमा प्रयोग गर्नुपर्दछ ।

### ङ. सामाजिक नीति

(४५) सरकारी एजेन्सीहरुले किशोरकिशोरीहरुका निमित्तका योजना र कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिनुपर्दछ र किशोरकिशोरीहरुमा पुग्ने र यथार्थतः तिनले लाभ पाउने कुरा सुनिश्चित गर्दै प्रभावकारी सेवासञ्चालन, सरसुविधा र पर्याप्त स्वास्थ्य तथा मानसिक हेरचाह, पोषण, आवास तथा लागू तथा मादकपदार्थको रोकथाम तथा उपचारलगायतका अन्य सान्दर्भिक सेवाका लागि पर्याप्त कोष तथा अन्य स्रोतसाधन उपलब्ध गराउनुपर्दछ ।

(४६) किशोरकिशोरीहरुको संस्थाकरण अन्तिम विकल्पस्वरुपको उपायका रुपमा लिइनुपर्दछ र न्यूनतम आवश्यक अवधिका लागि मात्र हुनुपर्दछ, र किशोरकिशोरीको सर्वोत्तम हितलाई नै उच्च महत्व दिइनुपर्दछ । यस्तो औपचारिक हस्तक्षेपको अख्तियारी प्रदान गर्ने सर्त कठोर हिसाबले परिभाषित हुनुपर्दछ र निम्न अवस्थाहरुमा सीमित हुनुपर्दछ :–

(क) जँहा बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकले गरेको असरबाट क्षति बेहोरिरहेका हुन्छन ;

(ख) जँहा बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकबाट यौन, भौतिक वा भावनात्मक दुर्व्यवहारको सिकार भएका हुन्छन;

(ग) जँहा बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकद्वारा उपेक्षित, परित्यक्त वा शोषित भएका हुन्छन;

(घ) जँहा बालबालिका वा किशोरकिशोरीहरु आमाबाबु वा संरक्षकको व्यवहारबाट भौतिक वा नैतिक खतराको सन्त्रासमा पारिएको; र

(ङ) जँहा बालबालिका वा किशोरकिशोरीहरु आफै गम्भीर शारीरिक वा मनोवैज्ञानिक खतरा देखा परेको र बाबुआमा, संरक्षक, सो बालबालिका वा किशोरकिशोरी स्वयं साथसाथै गैरआवासीय सामुदायिक सेवाले संस्थााकरण बाहेकका माध्यमबाट सो खतराको सामना गर्न नसक्ने अवस्था रहेका हुन्छन ।

(४७) आमाबाबु वा संरक्षकहरुले किशोरकिशोरीलाई सहयोग गर्न नसकेको अवस्थामा सरकारी एजेन्सीहरुले किशोरकिशोरीहरुलाई राज्यको कोषको अनुदानवाला पूर्णकालीन शिक्षा र कार्यअनुभव हासिल गराउने कुरा उपलब्ध गराउनुपर्दछ ।

(४८) बिज्यॉंई रोकथामका कार्यक्रमहरु बिश्वासिलो वैज्ञानिक अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा तर्जुमा र विकास गरिनुपर्दछ र त्यसैअनुसार आवधिक हिसाबले अनुगमन, मूल्याङ्कन र समायोजन गरिनुपर्दछ ।

(४९) व्यावसायिक समुदाय र विस्तृत जनसाधारणलाई किशोरकिशोरीहरुको शारीरिक वा मनोवैज्ञानिक पीडन, क्षति वा दुर्व्यवहार साथसाथै शोषण औंल्याउने वा त्यस्तो नतिजा दिन सक्ने बानीबेहोरा वा अवस्थाका बारेमा वैज्ञानिक जानकारीको वितरण तथा प्रचारप्रसार गरिनुपर्दछ ।

(५०) योजना तथा कार्यक्रमहरुको सहभागिता सामान्यतः स्वैच्छिक हुनुपर्दछ । तिनको तर्जुमा, विकास र कार्यान्वयनमा किशोरकिशोरीहरु आफैँ संलग्न हुनुपर्दछ ।

(५१) किशोरकिशोरीहरु विरूद्धका र तिनलाई असर पार्ने घरेलु हिंसालाई रोक्न र घरेलु हिंसाका यी पीडितहरुउपर स्वच्छ व्यवहार सुनिश्चित पार्न सरकारले फौजदारी न्याय प्रणालीभित्र र बाहिर नीति, उपाय र रणनीतिहरुको खोजी, विकास र कार्यान्वयन थालनी गर्नु वा निरन्तरता दिनुपर्दछ ।

## च. विधायन र बालन्याय प्रशासन

(५२) सबै किशोरकिशोरीहरुको अधिकार तथा भलाई प्रवर्द्धन र संरक्षण गर्नका लागि सरकारहरुले खास कानुन र कार्यविधि जारी गरी लागू गर्नुपर्दछ ।

(५३) पीडन, दुर्व्यवहार, शोषण र आपराधिक क्रियाकलापका लागि बालबालिका र किशोरकिशोरीहरुको प्रयोग रोक्ने विधायन जारी गरिनु र लागू गरिनुपर्दछ ।

(५४) घर, विद्यालय वा अन्य कुनै पनि संस्थापनामा कुनै पनि बालबालिका वा किशोरकिशोरीहरुलाई कठोर, अपमानजनक सुधारउपाय वा सजायको भागीदार बनाइनुहुँदैन ।

(५५) कुनै पनि किसिमका बालबालिका र किशोरकिशोरीहरुको हातहतियारमा पहुँचलाई रोक्न वा नियन्त्रण गर्नमा लक्ष्यित विधायन र कार्यान्वयनलाई प्रेरित गरिनुपर्दछ ।

(५६) किशोरकिशोरीहरुको थप कलङ्कन, पीडितीकरण र आपराधीकरण रोक्नका लागि कुनै वयस्कले गर्दा कसुर नहुने र दण्डभार नलाग्ने आचरण किशोरकिशोरीले गरेमा कसुर मानिनेछैन र दण्डभार बेहोराइनेछैन भन्ने कुरा सुनिश्चित पार्न कानुन जारी गरिनुपर्दछ ।

(५७) किशोरकिशोरीका हैसियत, अधिकार तथा रुचिहरुको पालना हुने र उपलब्ध सेवाको उचित सिफारिस हुने कुरालाई निश्चित पार्ने निरीक्षाधिकारी (अम्बुड्सम्यान) को कार्यालय वा यस्तै स्वतन्त्र अङ्गको स्थापनाका लागि विचार पुऱ्याइनुपर्दछ । निर्दिष्ट निरीक्षाधिकारी वा अन्य अङ्गले रियाद मार्गदर्शन, बेइजिङ नियमावली र स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरुको संरक्षणसम्बन्धी नियमावलीको कार्यान्वयनको पनि सुपरिवेक्षण गर्न सक्दछ । निरीक्षाधिकारी वा अन्य अङ्गले नियमित अन्तरालमा अध्यालेखको कार्यान्यवनमा भएका प्रगति र सामना गरिएका कठिनाइसम्बन्धी प्रतिवेदन पनि प्रकाशित गर्न सक्दछ । बालवकालत सेवाहरु पनि स्थापना गरिनुपर्दछ ।

(५८) दुवै लिङ्गका, कानुन कार्यान्वयन तथा अन्य सम्बन्धित कर्मचारीगणलाई किशोरकिशोरीहरुका

विशेष आवश्यकताहरुलाई प्रत्युक्ति गर्न र न्याय प्रणालीबाट किशोरकिशोरीहरुको दिशान्तर गर्ने कार्यक्रम र सिफारिस सम्भाव्यताबारे ज्ञान राख्न र हुन सक्ने अधिकतम हदमा प्रयोग गर्नका लागि प्रशिक्षित गर्नुपर्दछ ।

(५९) लागू पदार्थको दुर्व्यसन र लागू पदार्थको ओसारपसारकर्ताहरुबाट बालबालिका र किशोरकिशोरीहरुलाई संरक्षण गर्नका लागि विधायन जारी गर्नुपर्छ र कडाईपूर्वक लागू गर्नुपर्छ ।

## छ. अनुसन्धान, नीतिविकास र समन्वय

(६०) बहुविषयक र विषयान्तरिक दुवै आधारमा, आर्थिक, सामाजिक, शिक्षा तथा स्वास्थ्य एजेन्सी र सेवाहरु, बालन्याय प्रणाली, युवा, समुदाय र विकास एजेन्सी तथा अन्य सान्दर्भिक संस्थापनाहरुबीचको अन्तरक्रिया र समन्वयलाई प्रवर्द्धन गर्न प्रयास गर्नुपर्छ र उपयुक्त संयन्त्र स्थापना गरिनुपर्दछ ।

(६१) युवाअपराध, बिज्याँई रोकथाम र अल्पवयस्क न्यायसँग सम्बन्धित परियोजना, कार्यक्रम, अभ्यास र पहलबाट हासिल गरिएका सूचना, अनुभव र विज्ञताको आदानप्रदान राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा घनीभूत बनाइनुपर्दछ ।

(६२) अभ्यासकर्ता, विज्ञ तथा नीतिनिर्माताहरुलाई संलग्न गरी युवाअपराध, बिज्याँई रोकथाम र बालन्यायसँग सम्बन्धित मामिलासम्बन्धी क्षेत्रीय र अन्तर्राष्ट्रिय सरसहयोगको थप विकास र सुदृढीकरण गर्नुपर्दछ ।

(६३) अभ्यास तथा नीतिसम्बन्धी मामिलामा प्राविधिक तथा वैज्ञानिक सरसहयोग खास गरी तालिम, नमुना तथा प्रदर्शनात्मक परियोजना, र युवाअपराध तथा बालबिज्याँईको रोकथामसँग सम्बन्धित खास सवालहरुलाई सबै सरकारहरु, संयुक्त राष्ट्रसंघीय प्रणाली र अन्य सम्बन्धित सङ्गठनहरुले सबल रुपमा सहयोग गर्नुपर्दछ ।

(६४) युवाअपराध तथा बालबिज्याँईको रोकथामका प्रभावकारी प्रारुपहरुका सम्बन्धमा वैज्ञानिक अनुसन्धानका सहकार्यलाई प्रोत्साहित गरिनुपर्छ र यस्ता अनुसन्धानबाट प्राप्त निष्कर्षहरुलाई व्यापक रुपले प्रसार र मूल्या.ङ्कन गरिनुपर्दछ ।

(६५) संयुक्त राष्ट्रसंघका उपयुक्त निकाय, संस्थापना र एजेन्सीहरु र कार्यालयहरुले बालन्याय, युवा अपराध तथा बालविज्याँईको रोकथामसँग सम्बन्धित विभिन्न प्रश्नमा घनिष्ट सहकार्य र समन्वयलाई प्रेरित गर्नुपर्दछ ।

(६६) यस मार्गदर्शनका आधारमा संयुक्त राष्ट्रसंघका महासचिवले इच्छुक संस्थापनाहरुको सहयोगमा अनुसन्धान सञ्चालन गर्न, वैज्ञानिक सहकार्यमा, नीति तर्जुमा गर्न, र कार्यान्यवनको पुनरवलोकन र अनुगमन गर्नमा सक्रिय भूमिका खेल्नुपर्दछ र बिज्याँई रोकथामका प्रभावकारी ढाँचाहरुसम्बन्धी भरपर्दा जानकारीहरुको स्रोतको रुपमा सेवा गर्नुपर्दछ ।

# स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमावली

## महासभाको १४ डिसेम्बर १९९० को सङ्कल्पलेख ४५/११३ द्वारा घोषित तथा जारी

### १. मूलभूत परिप्रेक्ष्य

(१) बालन्याय प्रणालीले बालविज्याँइकर्ताहरुको अधिकार तथा सुरक्षा कायम राख्ने र तिनको शारीरिक तथा मानसकि भलाई प्रवर्द्धन गर्नु पर्छ । कैदसजायलाई छनोटको अन्तिम विकल्पका रुपमा प्रयोग गनु पर्छ ।

(२) बालविज्याँईकर्तालाई स्वतन्त्रताबाट वञ्चित गर्ने कुरा यस नियमावली र बालन्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली) मा स्थापित गरिएका सिद्धान्त र कार्यविधिबमोजिममात्र गरिनु पर्छ । बालविज्याँईकर्ताको स्वतन्त्रताको वञ्चना निरुपणको अन्तिम उपायस्वरुप र न्यूनतम आवश्यक अवधिका लागि र अपवादजनक मामिलाहरुमा सीमित गरिनुपर्छ । दण्डभारको लमाई, निजको छिटै छुटकारा हुन सक्ने कुरालाई अगावै बाहेक नगर्ने गरी न्यायिक अधिकारीबाट निर्धारित हुनु पर्छ ।

(३) यी नियमहरुले मानवअधिकार र मौलिक स्वतन्त्रताहरुसँग सुसङ्गत हुने गरी, र सबै प्रकारका थुनाका अहितकारी असरहरुविरूद्ध प्रतिकार गर्ने तथा समाजमा एकीकरणलाई बढाउने दृष्टिसाथ सबै स्वरुपमा स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्ताहरुको संरक्षणका लागि संयुक्त सदस्य राष्ट्रसंघद्वांरा स्वीकार गरिएको न्यूनतम मापदण्ड स्थापित गर्न चाहेकाछन् ।

(४) जाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राष्ट्रियता, राजनीतिक, पारिवारिक हैसियत वा अरु विचार, साँस्कृतिक आस्था र उत्पत्ति र अक्षमाङ्गताका आधारमा भेदभाव नराखी निष्पक्ष रुपमा यी नियम लागू गरिनेछन् । बालविज्याँईकर्ताको धार्मिक साँस्कृतिक आस्था र व्यवहार र नैतिक धारणाको आदर गर्नु पर्छ ।

(५) यी नियमहरुलाई सन्दर्भका लागि सुविधाजनक मापदण्डका रुपमा टेवा दिने गरी र बालन्याय प्रणालीको व्यवस्थापनमा कार्यरत व्यवसायीहरुलाई प्रोत्साहन र मार्गनिर्देशन प्रदान गर्ने गरी रुपाङ्कन गरिएकोछ ।

(६) यी नियमहरु बालन्याय प्रणालीका कर्मचारीगणलाई तत्कालै उनीहरुको राष्ट्रिय भाषाहरुमा उपलब्ध गराउनुपर्छ । थुनछेक सुविधाहरुका कर्मचारीगणले बोलेको भाषा नबुझ्ने बालविज्याँईकताहरुलाई आवश्यकता भएअनुसार खास गरी स्वास्थ्य परीक्षण र अनुशासनात्मक कारबाई प्रक्रियाका बेलामा दोभासेको सेवा निःशुल्क पाउने अधिकार रहनुपर्छ ।

७) राज्यहरुले उपयुक्त भएसम्म, यी नियमहरुलाई नयाँ कानुन निर्माण गरी वा विद्यमान कानुनमा संशोधन गरी तिनका विधायनमा समावेश गर्नुपर्छ र तिनको हनन हुँदा, बालविज्याँईकर्ताउपर आघात पुऱ्याएका अवस्थामा क्षतिपूर्तिलगायतका, प्रभावकारी उपचार उपलब्ध गराउनुपर्छ। राज्यहरुले यी नियमहरुको प्रचलनको अनुगमन पनि गर्नुपर्छ ।

(८) सक्षम अधिकारीले थुनिएका बालविज्याँईकर्ताको हेरविचार र तिनलाई उनीहरुकै समाजमा फर्काउने तयारी ठूलो महत्वको सामाजिक सेवा हो भन्ने विषयमा सर्वसाधारणमा बराबर जनचेतना बढाउन खोज्नुपर्छ, र यस उद्देश्यका लागि बालविज्याँईकर्ता र समुदायबीच खुला सम्पर्क बढाउन सक्रिय पाइला चालिनु पर्छ ।

(९) अन्तर्राष्ट्रिय समुदायले मान्यता प्रदान गरेका बालविज्याँईकर्ता, बालबालिका र समस्त किशोरकिशोरीहरुको अधिकार, हेरचाह र संरक्षण सुनिश्चित गर्नमा अझ बढी अनुकूल रहने सान्दर्भिक संयुक्त राष्ट्रसंघीय मानवअधिकार अध्यालेख र मापदण्डहरुको प्रचलनलाई बाहेक गर्ने गरी यो नियमावलीको कुनै कुराको व्याख्या गरिनेछैन ।

(१०) व्यावहारिक प्रचलनका सन्दर्भमा खण्ड २ देखि ५ सम्मका खास नियमहरु यस खण्डका कुनै नियमसँग बाँझिएमा यस खण्डका नियमहरुलाई पछिल्लोसँग सुसङ्गत हुने गरी प्रभावशाली मानिनेछ ।

## २. नियमावलीको क्षेत्र र प्रयोग

(११) यस नियमावलीको प्रयोजनका लागि देहायका परिभाषा लागू हुनेछन् :-

(क) बालविज्याँईकर्ता भन्नाले १८ वर्षमुनिका प्रत्येक मानवलाई जनाउँछ । बालबालिकालाई निजको स्वतन्त्रताबाट वञ्चित गर्न अनुमति दिन नहुने उमेरको हक कानुनद्वांरा तोकिनु पर्छ ।

(ख) स्वतन्त्रताको वञ्चना भन्नाले निजका इच्छामा छुट्न वा उम्कन अनुमति नरहने गरी, न्यायिक, प्रशासनिक वा अन्य सार्वजनिक अधिकारीको आदेशले जुनसुकै प्रकारको थुना वा कैदमा वा निजी वा सार्वजनिक हिरासतीय प्रबन्धमा व्यक्तिको रखाईलाई जनाउँछ ।

(१२) बालविज्याँईकर्ताको मानवअधिकारको सम्मान निश्चित पार्ने अवस्था र परिवेश बनाएर मात्र स्वतन्त्रताको वञ्चनालाई प्रभावमा ल्याउनुपर्छ । तिनमा उत्तरदायित्वको भावना हुर्काउन र समाजका सदस्यका रुपमा तिनका सम्भावनालाई विकास गर्नमा तिनलाई सघाउ पुऱ्याउने अभिवृत्ति र सीपलाई प्रोत्साहित गर्न थुनछेक वा थुनागत सुविधामा रहेका बालविज्याँईकर्तालाई तिनको स्वास्थ्य र आत्मसम्मानलाई प्रवर्द्धन गर्ने र टिकाउने कुरालाई टेवा दिने सार्थक क्रियाकलाप र कार्यक्रमहरुको फाइदा लिन पाउने कुरा प्रत्याभूत गर्नु पर्छ ।

(१३) स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्तालाई स्वतन्त्रताको वञ्चनासँग मेल खाने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका तिनका नागरिक, आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक हकाधिकारबाट तिनको हैसियतसम्बन्धी कुनै कारणले पनि वञ्चित गरिनेछैन ।

(१४) थुनछेकका उपायहरुको कार्यान्वयनको वैधताप्रति विशेष ध्यानका साथ बालविज्याँईकर्ताका व्यक्तिगत अधिकारहरुको संरक्षण सक्षम अधिकारीले सुनिश्चित गर्नेछन्, थुनागत सुविधाको अधीनस्थ नरहेको र बालविज्याँईकर्तालाई भेटघाट गर्ने अख्तियारी पाएको विधिसम्मत रुपमा स्थापित निकायद्वारा अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रिय कानुन तथा नियमबमोजिम नियमित निरीक्षण र नियन्त्रणका अन्य माध्यमबाट सामाजिक सम्मिलनको उद्देश्य हासिल गरिनेछ ।

(१५) यो नियमावली बालविज्याँईकर्ताहरुलाई राखिने सबै किसिम र स्वरुपका थुनागत सुविधाहरुमा लागू हुन्छ । नियमावलीका परिच्छेद १,२,४,५ अल्पवयस्क राखिने सबै प्रकारका थुनागत सुविधा र संस्थापनाहरुमा लागू हुन्छ, र परिच्छेद ३ विशेषतः पक्राउ परेका वा पुर्पक्षको प्रतीक्षामा रहेका बालविज्याँईकर्ताहरुका लागि लागू हुन्छ ।

(१६) हरेक सदस्यराष्ट्रमा रहेको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाका सन्दर्भमा यो नियमावलीको कार्यान्वयन गरिनेछ ।

### ३.पक्राउ अन्तर्गत वा पुर्पक्षको प्रतीक्षारत बालविज्याँईकर्ता

(१७) पक्राउअन्तर्गत वा पुर्पक्षको प्रतीक्षामा थुनिएका बालविज्याँईकर्तालाई निर्दोष मानिनेछ र तदनुरुप व्यवहार गरिनेछ। पुर्पक्षपूर्वको थुनछेकलाई सम्भव हुने हदसम्म वर्जित गरिनेछ र अपवादजनक परिस्थितिका लागि सीमित गरिनेछ। त्यसर्थ, सम्भव भएसम्म वैकल्पिक उपाय अवलम्बन गर्न सबै प्रयासहरु गरिनेछन् । यसो गर्दागर्दै पनि निरोधात्मक थुनछेक प्रयोग भएमा थुनछेकको अवधि सम्भव भएसम्म छोटो हुने कुरा सुनिश्चित पार्नका लागि त्यस्ता मुद्दाको कारबाई सर्वाधिक छिटोछरितो पार्नका लागि बालअदालत र अनुसन्धान निकायहरुले उच्चतम प्राथमिकता दिनेछन् । पुर्पक्ष भईनसकेका अन्य थुनुवालाई दोषसाबित भएका बालविज्याँईकर्ताभन्दा अलग्गै राखिनेछ ।

(१८) पुर्पक्ष नभएका बालविज्याँईकर्तालाई थुनिएको थुनछेकको अवस्था, निर्दोषिताको अनुमान, थुनछेकको अवधि एवं कानुनी हैसियत तथा बालविज्याँईकर्ताको परिस्थितिका आवश्यकता, आवश्यक र उपयुक्त भएसम्म अतिरिक्त खासखास प्रावधानसाथ तल कायम गरिएका नियमहरुसँग सुसङ्गत हुनुपर्छ । यी प्रावधानहरुमा यिनैमा मात्र सीमित नहुने गरी देहायका कुरालाई समेट्दछन् :-

(क) बालविज्याँईकर्तालाई कानुनी परामर्शको अधिकार हुनेछ, र उपलब्ध भएका ठाउँमा निशुल्क कानुनी सेवाका लागि निवेदन गर्न, तिनका कानुनी सल्लाहकारसँग नियमित रुपमा सञ्चार गर्न तिनलाई सक्षम पारिनेछ। यस्तो सञ्चारमा गोपनीयता र विश्वस्तता सुनिश्चित गरिनेछन् ।

(ख) सम्भव भएसम्म बालविज्याँईकर्तालाई तिनका इच्छाअनुसार पारिश्रमिक पाउने गरी काम, र पढाईको निरन्तरता तथा तालिमको अवसर उपलब्ध गराउनु पर्छ, तर त्यसो गर्न बाध्य गरिनु हुँदैन। काम, तालिम र पढाईलाई थुनालाई निरन्तर पार्ने कारकतत्व भने बनाइनु हुँदैन् ।

(ग) बालविज्याँईकर्ताले न्याय प्रशासनको हितसँग मिल्ने गरी फुर्सद र मनोरञ्जनका सामग्री प्राप्त गर्न र
साथ राख्न पाउनु पर्छ ।

## ४. बालविज्याँईकर्ताको सुविधाको व्यवस्थापन

### क. अभिलेख

(१९) कानुनी, स्वास्थ्य, अनुशासनात्मक कारबाईका अभिलेखलगायतका सबै प्रतिवेदन, र उपचारका संम्पुर्ण विवरण र विषयवस्तु संबन्धी सबै दस्ताबेजहरु व्यक्तिगत फाइलमा गोपनीयता कायम गर्ने गरी राख्नु पर्छ, जो अद्यावधिक रहनुपर्छ र अख्तियारप्राप्त व्यक्तिका लागि पहुँचयोग्य र सजिलै बुझ्न सक्ने गरी वर्गीकरण गरिएको हुनु पर्छ। सम्भव हुने भएमा, निजको व्यक्तिगत फाइलमा रहेका नमिलेका, भूटा, निराधार, अनुचित कथन वा वक्तव्य सुधार गर्न अनुमति रहने गरी हरेक बालविज्याँईकर्तालाई आफ्ना फाइलमा व्यक्त तथ्य वा विचार खण्डन गर्ने अधिकार हुनु पर्छ। यस अधिकारको प्रचलनका लागि अनुरोध गरेर फाइल हेर्न उपयुक्त तेस्रो पक्षलाई पहुँच रहने कार्यविधि हुनु पर्छ। बालविज्याँईकर्ता थुनामुक्त भएपछि सो फाइल बन्द गर्नु पर्छ र उपयुक्त समयमा नष्ट गरिनु पर्छ।

(२०) न्यायिक, प्रशासनिक वा अन्य सार्वजनिक अधिकारीको मान्य आदेश प्राप्त नभईकन बालविज्याँईकर्तालाई कुनै पनि थुनागत सुविधामा लिनु हुँदैन । प्राप्त आदेशको सम्पूर्ण विवरण तत्काल दर्तापुस्तिकामा प्रविष्ट गर्नु पर्छ । यस्तो दर्तापुस्तिका नभएको थुनागत सुविधामा बालविज्याँईकर्तालाई थुनामा लिनु हुँदैन ।

### ख. भर्ना, दर्ता, आवतजावत र स्थानान्तरण

(२१) बालविज्याँईकर्तालाई थुनामा राखिएका हरेक स्थानमा बालविज्याँईकर्तासँग संवन्धीत प्राप्त सम्पुर्ण जानकारीसम्बन्धी निम्नलिखित अभिलेख पूर्ण र सुरक्षित राख्नु पर्छ :-

(क) बालविज्याँईकर्ताको पहिचानसम्बन्धी जानकारी;

(ख) बालविज्याँईकर्तालाई थुनामा राखिनुको तथ्य र कारणसहितको आदेश र सोको अख्तियारी;

(ग) बालविज्याँईकर्तालाई थुनामा लिइएको, स्थानान्तरण र मुक्त गरिएको तिथिमिति र समय;

(घ) प्राप्त आदेशअनुसार तिनको ख्यालका लागि थुनामा लिएको, स्थानान्तरण र मुक्त गरिएको हरघटनाको बाबुआमा वा संरक्षकलाई दिइएको जनाउको विवरण;

(ङ) लागू तथा मादक पदार्थको दुर्व्यसनसहित जानकारी भएका शारीरिक र मानसिक स्वास्थ्य समस्याको विवरण ।

(२२) सम्बन्धित बालविज्याँईकर्ताका आमाबाबु र संरक्षक वा निकटस्थ नातेदारलाई निजलाई थुनामा लिएको मिति, स्थान, स्थानान्तरण र छुटकारासम्बन्धी सूचना अविलम्ब दिनुपर्छ ।

(२३) थुनामा लिनासाथ, यथासम्भव छिटो, पूर्ण प्रतिवेदन र हरेक बालविज्याँईकर्ताका व्यक्तिगत अवस्था र परिस्थितिसम्बन्धी सान्दर्भिक जानकारी तयार पार्नुपर्छ र प्रशासनसमक्ष प्रस्तुत गर्नु पर्छ ।

(२४) थुनामा लिँदा, सबै बालविज्याँईकर्तालाई तिनले बुझ्ने भाषामा उजुर सुन्ने सक्षम अधिकारी तथा कानुनी सहायता दिने सार्वजनिक वा निजी निकाय तथा सङ्गठनको ठेगानासहित थुनागत सुविधालाई नियमित गर्ने नियमहरु र तिनका अधिकार र दायित्वको लिखित खोलुवा एकएकप्रति उपलब्ध गराउनुपर्छ । निरक्षर र लिखित स्वरुपको जानकारी बुझ्न नसक्ने बालविज्याँईकर्ताहरुका लागि निजहरुले बुझ्ने तरिकाले यी सम्पूर्ण कुरा जानकारी गराइनु पर्छ ।

(२५) थुनामा रहेका सम्पूर्ण बालविज्याँईकर्तालाई थुनागत सुविधाकोआन्तरिक सङ्गठनलाई नियमन गर्ने नियम/नियमावली, उपलब्ध गराइने हेरचाहका उद्देश्य र विधि, अनुशासनका आवश्यकता र कार्यविधि, जानकारी माग्ने र उजुर गर्ने अन्य अख्तियारप्राप्त तरिका, र थुनामा रहँदाका तिनका अधिकार र दायित्वलाई पूर्णतः बुझ्न तिनलाई सक्षम पार्न आवश्यक पर्ने अन्य त्यस्तै कुरा बुझ्न मद्दत गर्नु पर्छ ।

(२६) बालविज्याँईकर्ताको स्थानान्तरण प्रशासनका खर्चमा निजलाई अमर्यादा र कठिनाई नहुने गरी पर्याप्त हावा खेल्ने, उज्यालो छिर्ने सवारीसाधनबाट सम्पन्न गरिनुपर्छ । बालविज्याँईकर्तालाई स्वेच्छाचारी ढङ्गले एकबाट अर्को सुविधामा स्थानान्तरण गर्नु हुँदैन ।

## ग. वर्गीकरण र स्थान–निर्दिष्टता

(२७) थुनामा लिइएलगत्तै प्रत्येक बालविज्याँईकर्तासँग अन्तर्वार्ता गरी निजलाई आवश्यक पर्ने रेखदेख र कार्यक्रमको खास प्रकार र तह पहिचान गरी मनोवैज्ञानिक र सामाजिक प्रतिवेदन

तयार गर्नु पर्छ । थुनासुविधाभित्र निज बालविज्याँईकर्तालाई राख्ने स्थान निर्दिष्ट गर्न र निजलाई आवश्यक पर्ने हेरचाह र अवलम्बन गर्नुपर्ने कार्यक्रम निर्धारण गर्ने प्रयोजनका लागि भर्नासमयमा बालविज्याँईकर्ताको स्वास्थ्यपरीक्षण गर्ने चिकित्सकको जाँचप्रतिवेदनसहित यो प्रतिवेदन निर्देशककहाँ पठाउनु पर्छ । विशेष पुनःस्थापनात्मक उपचार आवश्यक देखिएको, र थुनासुविधामा निज रहनुपर्ने समयअवधिले भ्याउने देखिएमा तालिमप्राप्त कर्मचारीले उपचारको उद्देश्य, उपचारमा लाग्ने समयावधि, स्रोतसाधन र चरण तथा विलम्ब गरिनुपर्ने कारण र उद्देश्य खोली प्रत्येक बालविज्याँईकर्ताहरुको छुट्टाछुट्टै उपचारयोजना तयार गर्नु पर्छ ।

(२८) अल्पवयस्कका खास आवश्यकता, हैसियत र तिनका उमेर, व्यक्तित्व, लिङ्ग, कसुरको प्रकार, साथसाथै शारीरिक वा मानसिक स्वास्थ्यको पूरा ख्याल राख्ने र हानिकारक असर र जोखिमपूर्ण स्थितिहरुबाट तिनको संरक्षण प्रत्याभूत गर्ने सर्त र अवस्थामा मात्र अल्पवयस्कलाई थुनछेकमा राख्ने कार्य हुनु पर्छ । स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्ताहरुका विभिन्न वर्गमा छुट्याउने प्रमुख सर्ताधार तिनका सम्बन्धित व्यक्तिगत खास आवश्यकतामा उपयुक्त हुने सर्वोत्तम हेरचाहको प्रकारको प्रबन्ध र तिनका का शारीरिक, मानसिक र नैतिक परिपूर्णता र कल्याणको संरक्षण हुनु पर्छ ।

(२९) सबै थुनागत सुविधामा एकै परिवारका सदस्य नरहेसम्म, बालविज्याँईकर्तालाई वस्यकहरुबाट अलग राख्नु पर्छ । निश्चित नियन्त्रित अवस्थाभित्र सम्बन्धित बालविज्याँईकर्ताको हित हुने विशेष कार्यक्रमअन्तर्गत, विशेष रेखदेखमा बालविज्याँईकर्तालाई छानिएका वस्यकहरुसँग राख्न सकिनेछ ।

(३०) बालविज्याँईकर्ताको निम्ति खुला थुनागत सुविधाको स्थापना गर्नुपर्छ । खुला थुनागत सुविधा भनेका त्यस्ता सुविधा हुन जसमा कुनै सुरक्षाउपाय राखिएको हुँदैन वा न्यूनतम सुरक्षाउपाय राखिएको हुन्छ । यस्ता थुनागत सुविधामा सकेसम्म कम संख्यामा बालविज्याँईकर्तालाई राख्नुपर्छ । बन्द थुनागत सुविधामा प्रत्येक बालविज्याँईकर्तालाई पर्याप्त व्यक्तिगत उपचार पुग्ने किसिमले स–सानो संख्यामा राखिनुपर्छ । बालविज्याँईकर्ताको थुनागत सुविधा विकेन्द्रीकृत र बालविज्याँईकर्ता र निजका परिवारका सदस्यबीचको पहुँच र सम्पर्क सहज पार्ने आकारको हुनुपर्छ । सानो आकारका थुनागत सुविधा स्थापना गरी तिनलाई समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणसँग एकीकृत गरिनु पर्छ ।

### घ. भौतिक वातावरण र वास

(३१) स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्तालाई स्वास्थ्य र मानवीय मर्यादाको आवश्यकता पूरा गर्ने सरसुविधा र सेवाको अधिकार छ ।

(३२) बालविज्याँईकर्ताका लागि थुनागत सुविधाका सरसुविधाका प्रारुप र भौतिक वातावरण, बालविज्याँईकर्ताको गोपनीयता, ज्ञानेन्द्रिय संवेदना, साथीसङ्गतिसँग घुलमिलको अवसर, खेलकुद, कसरत र फुर्सदको समयका क्रियाकलापका आवश्यकताहरुमा उचित ध्यान पुग्ने गरी आवासीय उपचारको पुनःस्थापनात्मक लक्ष्य राख्ने हुनुपर्छ। थुनागत सुविधाको प्रारुप र बनोट आगोको जोखिम न्यून गर्ने र आगो लागेको अवस्थामा सुरक्षित तवरबाट सो स्थानबाट उम्कन सक्ने खालको हुनु पर्छ । आगो लागेको अवस्थामा सचेत पार्ने सूचकप्रणालीसाथै बालविज्याँईकर्ताको संरक्षण गर्ने औपचारिक र निकासको कार्यविधि कायम रहनुपर्छ। ज्ञात स्वास्थ्य र अन्य खतरा र जोखिम विद्यमान रहेको क्षेत्रमा थुनागत सुविधा रहनु हुँदैन ।

(३३) स्थानीय मापदण्डलाई ध्यानमा राखी स-साना सामूहिक शयनकक्ष वा व्यक्तिगत कोठाहरुमा सुत्ने बन्दोबस्त रहनुपर्छ । हरेक बालविज्याँईकर्ताको संरक्षण सुनिश्चित पार्नका लागि बालविज्याँईकर्ताहरु सुतेका बेला तिनको सुताईलाई व्यवधान नहुने गरी सामूहिक शयनकक्ष र व्यक्तिगत कोठाहरुको नियमित र शिष्ट सुपरिवेक्षण गर्नु पर्छ। प्रत्येक बालविज्याँईकर्तालाई स्थानीय र राष्ट्रिय मापदण्डअनुसार छुट्टाछुट्टै र पर्याप्त ओछ्यानको व्यवस्था गर्नुपर्छ, जुन प्रारम्भमा दिइँदा सफा हालतमा दिइने र समय-समयमा फेरबदल गरी सफासुग्घर कायम राखिनु पर्छ।

(३४) सरसफाइ–उपकरणहरु हरेक बालविज्याँईकर्ताका आवश्यकतासँग मेलखाने, र आवश्यकताअनुसार, गोपनीयता कायम गर्न सक्ने गरी सफा र चिरिचट्ट पाराले राखिएका हुन् ुपर्छ ।

(३५) व्यक्तिगत सरसामानको अधीन र भोगचलननै गोपनीयताको अधिकारको मुख्य, र बालविज्याँईकर्ताको मानसिक भलाईको अत्यावश्यक तत्व हो । व्यक्तिगत सरसामानको अधीन भोगचलन र तिनको राखनधरनका लागि पर्याप्त ठाउँ पाउने बालविज्याँईकर्ताको अधिकारलाई पूर्णतः मान्यता दिइनु पर्छ र सम्मान गर्नु पर्छ। बालविज्याँईकर्ताले आफूसँग राख्न नचाहेको वा जफत गरिएको सरसामान सुरक्षित राखिनु पर्छ । त्यस्ता फाँटवारी खडा गरी बालविज्याँईकर्तालाई हस्ताक्षर गराई राख्नु पर्छ । ती सरसामानलाई चुस्तदुरुस्त अवस्थामा राख्नका लागि पाइला चालिनुपर्छ। त्यस्तो रुपैँयापैसा खर्च गर्ने वा सरसामान थुनागत सुविधाबाहिर पठाउने अख्तियारी रहेको अवस्थामा बाहेक ती सम्पू0f सरसामान र रुपैयाँपैसा बालविज्याँईकर्ता थुनाबाट मुक्त हुँदा फिर्ता दिनुपर्छ। बालविज्याँईकर्ताले कुनै औषधि प्राप्त गरेमा वा निजसँग रहेको फेला पारिएमा चिकित्सा अधिकृतले नै सोको प्रयोग के-कसरी गर्ने भन्ने कुरा निर्धारण गर्नु पर्छ।

(३६) सम्भव हुने हदसम्म, बालविज्याँईकर्तालाई तिनका आफ्नै लुगाफाटा प्रयोग गर्न पाउने अधिकार छ । थुनागत सुविधाले हरेक बालविज्याँईकर्ताका लुगाफाटा मौसमअनुकुल स्वास्थ्यस्थिति कायम राख्न पर्याप्त रहेका र अपमानजनक वा हीनभावबोधक गराउने खालका छैनन् भन्ने कुरा सुनिश्चित गर्नु पर्छ । हटाइएको वा कुनै पनि कारणले थुनागत सुविधा छाड्नुपर्दा बालविज्याँईकर्तालाई आफ्नै लुगाफाटा लगाउन दिनु पर्छ ।

(३७) हरेक थुनागत सुविधाले प्रत्येक बालविज्याँईकर्ताले उपयुक्त तवरले तयार पारिएको खाना, खाना खाने सामान्य समयमा पाउने र उपलब्ध गराएको खानामा पर्याप्त मात्रामा पोषण, सरसफाई र स्वास्थ्यको मापदण्डअनुसारको गुणस्तर र मात्राको रहेको र सम्भव भएसम्म, धार्मिक तथा साँस्कृतिक आवश्यकतासँग अनुकूल रहने कुरा निश्चित पार्नुपर्छ । बालविज्याँईकर्तालाई स्वच्छ खानेपानी जुनसुकै समयमा पनि उपलब्ध गराइनु पर्छ ।

## ङ. शिक्षा, व्यावसायिक तालिम र काम

(३८) अनिवार्य विद्यालय जानुपर्ने उमेरका बालविज्याँईकर्तालाई निजका आवश्यकता र क्षमतासँग सामञ्जस्य राख्ने किसिमको र समाजमा पुनःस्थापना हुनका लागि तय गरिएको शिक्षाको अधिकार छ । यस्तो शिक्षा सम्भव भएसम्म थुनागत सुविधाबाहिर सामुदायिक विद्यालयमा र जुनसुकै स्थितिमा पनि योग्य शिक्षकद्वारा मुलुकको एकीकृत शिक्षा प्रणालीअन्तर्गत प्रदान गर्नु पर्छ; जसले गर्दा बालविज्याँईकर्ताले थुनामुक्त भएपछि पनि कुनै कठिनाईविना शिक्षालाई निरन्तरता दिन सकून् । थुनागत सुविधाको प्रशासनले विदेशी उत्पत्तिका वा खास साँकृतिक र जातीय आवश्यकता रहेका बालविज्याँईकर्ताको शिक्षामा विशेष ध्यान दिनु पर्छ । निरक्षर र संज्ञानात्मक वा सिकाइसम्बन्धी कठिनाई रहेका बालविज्याँईकर्तालाई विशेष विशेष शिक्षाको अधिकार छ ।

(३९) अनिवार्य विद्यालय जानुपर्ने उमेरमाथिका बालविज्याँईकर्ताले शिक्षालाई निरन्तरता दिन चाहेमा निजहरुलाई सोका लागि अनुमति र प्रोत्साहन प्रदान गर्नुपर्छ, र उपयुक्त शैक्षिक कार्यक्रममा तिनलाई पहुँच दिनका लागि हरप्रयास गर्नु पर्छ ।

(४०) थुनागत सुविधामा रहँदा बालविज्याँईकर्तालाई प्रदान गरिएका स्नातक र शैक्षिक प्रमाणपत्रमा निज संस्थाकृत रहेको कुरा कुनै पनि तरिकाले इङ्गित गरिनु हुँदैन ।

(४१) हरेक थुनागत सुविधामा बालविज्याँईकर्तालाई तिनको पूर्ण उपयोग गर्नमा प्रोत्साहित र सक्षम बनाउने गरी तिनका लागि मिल्दाजुल्दा निर्देशात्मक र मनोरञ्जनात्मक पुस्तक र आवधिक पत्रपत्रिका पर्याप्त मात्रामा रहेको पुस्तकालय सुलभ हुनु पर्छ ।

(४२) भविष्यमा रोजगारीका लागि तयार हुन प्रत्येक बालविज्याँईकर्तालाई पेसाको व्यावसायिक तालिमको अधिकार हुनुपर्छ ।

(४३) उचित व्यावसायिक छनोट र संस्थागत प्रशासनको आवश्यकताको सम्मान हुने गरी बालविज्याँईकर्ता आफूले गर्न चाहेको कामको प्रकार छनोट गर्न सक्षम हुनु पर्छ ।

(४४) बालश्रमिक र किशोरकिशोरी कामदारका हकमा लागू हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय संरक्षणात्मक मापदण्डहरु स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्ताहरुका हकमा पनि लागू हुनु पर्छ ।

(४५) सम्भव हुनेसम्म, बालविज्याँईकर्तालाई तिनले समुदायमा फर्कदा उपयुक्त रोजगारी पाउने सम्भावनालाई बढाउनका लागि उपलब्ध गराइएको व्यावसायिक तालिमको परिपूरकका रुपमा सकेसम्म स्थानीय समुदायभित्रै पारिश्रमिकयुक्त काम गर्ने अवसर प्रदान गर्नु पर्छ । कामको प्रकार छुटकारापछि बालविज्याँईकर्तालाई फाइदा हुने उपयुक्त तालिम उपलब्ध गराउने खालको हुनु पर्छ । थुनागत सुविधामा प्रदान गरिएका कामका बनोट र तरिका तिनका समुदायमा सम्भव हुने त्यस्तै खालका कामलाई सम्झाउने किसिमको हुनु पर्छ, जसले बालविज्याँईकर्तालाई साधारण व्यावसायिक जीवनको अवस्थातर्फ तयार गरोस् ।

४६) काम गर्ने हरेक बालविज्याँईकर्तालाई समन्यायिक पारिश्रमिकको अधिकार हुनु पर्छ । बालविज्याँईकर्ताको हित र व्यावसायिक तालिम थुनागत सुविधा वा तेस्रो पक्षको नाफा आर्जन गर्ने प्रयोजनको अधीनस्थ विषय बनाइनु हुँदैन । बालविज्याँईकर्ताको कमाईको केही अंश छुट्टै बचत कोषमा राखिनुपर्छ र बालविज्याँईकर्ता थुनामुक्त हुँदा सो रकम निजहरुलाई हस्तान्तरण गरिनु पर्छ । बाँकी रकम आफ्नो प्रयोजनका सरसामान किन्न र निजको कसुरबाट पिडित भएका व्यक्तिलाई प्रतिपूर्ति दिन वा थुनागत सुविधाबाहिर रहेका निजका परिवारलाई पठाउन बालविज्याँईकर्तालाई अधिकार हुनु पर्छ ।

## च. मनोरञ्जन

(४७) मौसमले साथ दिएसम्म दैनिक रुपमा खुला हावामा स्वतन्त्र शारीरिक व्यायाम गर्न उपयुक्त समय पाउने अधिकार बालविज्याँईकर्तालाई हुनुपर्छ जसमा सामान्यतः उपयुक्त मनोरञ्जनपूर्ण र शारीरिक तालिम उपलब्ध गराइनुपर्छ । यी क्रियाकलापका लागि पर्याप्त ठाउँ र उपकरण तथा साधन उपलब्ध गराउनुपर्छ । इच्छा प्रकट गरेको खण्डमा कला र कौशल सीपविकासमा केही ख0ड समर्पित हुने गरी बालविज्याँईकर्ताले फुर्सदका क्रियाकलापका लागि दैनिक थप समय पाउनु पर्छ । थुनागत सुविधाले शारीरिक शिक्षाका उपलब्ध कार्यक्रमहरुमा सहभागी हुन हरेक बालविज्याँईकर्ता पाउने कुरा सुनिश्चित गर्नु पर्छ । त्यस्तो शिक्षा र उपचारको आवश्यक परेका बालविज्याँईकर्तालाई चिकित्सासुपरीवेक्षणमा शारीरिक शिक्षा र उपचार प्रदान गरिनु पर्छ ।

### छ. धर्म

(४८) हरेक बालविज्याँईकर्तालाई खास गरी थुनागत सुविधा उपलब्ध गराएका धार्मिक र आध्यात्मिकता सेवा र बैठकमा भाग लिन, स्वयं त्यस्तो सेवा प्रदान र पालन गर्न र आफ्नो धर्मसम्बन्धी पुस्तक र सरसामान आफूसँग राख्ने सुविधाजस्ता तिनका धार्मिक र आध्यात्मिक जीवनका आवश्यकता पूरा गर्न दिनु पर्छ । थुनागत सुविधामा एकै धर्मका बालविज्याँईकर्ता उल्लेख्य संख्यामा रहेका भए एक वा एकभन्दा बढी योग्य धार्मिक प्रतिनिधि नियुक्ति गर्न वा अनुमोदन गर्न र नियमित रुपमा सेवा प्रदान गर्न र बालविज्याँईकर्ताको अनुरोधमा व्यक्तिगत रुपमा शुल्क तिरेर धर्मगुरू भेट्न स्वीकृति प्रदान गर्नु पर्छ । प्रत्येक बालविज्याँईकर्तालाई आफ्नो छनोटको योग्य धार्मिक प्रतिनिधिसँग भेट्न साथै कुनै पनि धार्मिक सेवामा भाग नलिन, धार्मिक शिक्षा वा परामर्श लिन इन्कार गर्ने पनि अधिकार हुनु पर्छ ।

### ज. स्वास्थ्योपचार

(४९) प्रत्येक बालविज्याँईकर्ताले दाँत, आँखा, मानसिक स्वास्थ्यका रोकथाममूलक र उपचारात्मक दुवै सेवा पर्याप्त मात्रामा पाउनेछन् र चिकित्सकले निर्देश गरेअनुसार औषधि र विशेष भोजन प्राप्त गर्नेछन् । बालविज्याँईकर्ताको कलङ्कीकरणको रोकथाम गर्न र आत्मासम्मान तथा समुदायमा सम्मिलन प्रवर्द्धन गर्नका लागि यस्ता सबै स्वास्थ्योपचार सम्भव भएसम्म थुनागत सुविधा रहेभएको क्षेत्रका समुदायका उपयुक्त स्वास्थ्य सुविधा तथा सेवाबाट उपलब्ध हुनु पर्छ ।

(५०) पूर्ववर्ती दुर्व्यवहारको प्रमाण अभिलेख र चिकित्सागत ध्यानको आवश्यकता रहेका शारीरिक वा मानसिक अवस्थाहरुको पहिचानको प्रयोजनका लागि थुनागत सुविधामा भर्ना वा प्रवेश हुनासाथ चिकित्सकबाट स्वास्थ्य जाँच गराइपाउने हरेक बालविज्याँईकर्ताको अधिकार छ ।

(५१) बालविज्याँईकर्तालाई उपलब्ध गराइएको स्वास्थ्यसेवाले निजका कुनै पनि शारीरिक वा मानसिक रोग, अम्बल दुर्व्यसन वा समाजमा सम्मिलन हुन बाधा पार्ने अन्य कुनै अवस्था ठम्याउन खोज्नु पर्छ र तिनको उपचार गर्नुपर्छ । बालविज्याँईकर्ताका लागि कायम रहेका हरेक थुनागत सुविधासँग तत्काल पर्याप्त मात्रामा उपचार गर्न सकिने स्वास्थ्यसुविधाको पहुँचका साथै बालविज्याँईकर्ताको संख्याअनुसार रोकथाममूलक र आपतकालीन स्वास्थ्यसेवा प्रदान गर्न सक्ने तालिमप्राप्त योग्य व्यक्तिहरु उचित संख्यामा हुनु पर्छ । विरामी भएको, विरामी परेको गुनासो गर्ने वा शारीरिक र मानसिक अस्वस्थताको लक्षण देखाउने बालविज्याँईकर्ताको चिकित्सा अधिकारीबाट तत्कालै जाँच गरिनु पर्छ ।

(५२) निरन्तर थुनागत सुविधामा रहनाले, अनसन वा थुनागत सुविधा का अन्य कुनै अवस्थाका कारण कुनै बालविज्याँईकर्ता शारीरिक र मानसिक रुपमा अस्वस्थ भएको वा हुन सक्ने

कुरा विश्वास गर्नुपर्ने कारण भएमा कुनै पनि चिकित्सा अधिकारीले तद्विषयक थुनागत सुविधाको निर्देशक र बालविज्याँईकर्ताको भलाईको संरक्षण गर्ने जिम्मेवारी रहेको स्वतन्त्र अधिकारीसमक्ष सो तथ्यको प्रतिवेदन गर्नु पर्छ ।

(५३) मानसिक रोगबाट विरामी रहेको बालविज्याँईकर्तालाई स्वतन्त्र चिकित्सा व्यवस्थापनअन्तगर्त विषेश संस्थामा उपचार गर्नुपर्छ। थुनामुक्त भएपश्चात् पनि मानसिक स्वस्थ्यको उपचारलाई निरन्तरता प्रदान गर्न उपयुक्त संस्थापनासँग बन्दोबस्त मिलाउन पाइला चाल्नु पर्छ ।

(५४) बालविज्याँईकर्ता थुनागत सुविधाले योग्य कर्मचारीद्वारा लागूऔषध दुर्व्यसनको रोकथाम तथा पुनःस्थापनासम्बन्धी विशिष्टीकृत कार्यक्रम लागू गरिनुपर्छ । यस्ता कार्यक्रमहरु बालविज्याँईकर्ताको उमेर, लिङ्ग र अन्य आवश्यकताहरुलाई विचार गरी लागू गर्नु पर्छ, र मदिरा र लागूऔषधको लत लागेका बालविज्याँईकर्ताहरुलाई सो लत छुटाउने विभिन्न सेवा र सुविधा उपलव्ध गराउनु पर्छ ।

(५५) औषधिको प्रयोगप्रचलन चिकित्सागत आधारमा आवश्यक उपचारका लागि मात्र, र सम्भव भएसम्म, सम्बन्धित बालविज्याँईकर्ताबाट सुसूचित मन्जुरी लिएर गरिनु पर्छ । विशेषतः निजहरुबाट कुनै प्रकारको सूचना वा साबिती लिन, सजायस्वरुप वा बन्देजको माध्यमका रुपमा औषधिको प्रयोग हुनै हुँदैन । बालविज्याँईकर्तालाई औषधि र उपचारको परीक्षण प्रयोजनमा कदापि जाँच गरिनेछैन । कुनै पनि औषधिको प्रयोगको अख्तियारी सदासर्वदा योग्यताप्राप्त चिकित्साकर्मचारीलाई मात्र हुनुपर्छ र सेवासम्पादन गरिनु पर्छ ।

### झ. अस्वस्थता, चोटपटक र मृत्यूको सूचना

(५६) बालविज्याँईकर्ताको परिवार वा संरक्षक वा बालविज्याँईकर्ताले तोकेको अन्य व्यक्तिलाई अनुरोध गरी बालविज्याँईकर्ताको स्वास्थ्यस्थितिको सूचना लिने र स्वास्थ्यस्थितिमा कुनै महत्वपूर्ण परिवर्तन भएको अवस्थामा सोको जानकारी लिने अधिकार हुन्छ । बालविज्याँईकर्ताको मृत्यु भएमा, विरामी परी बाहिरी सुविधामा औषधोपचार गर्न पठाउनु परेमा वा थुनागत सुविधाभित्रै ४८ घण्टाभन्दा बढी समय औषधिउपचारमा राख्नुपर्ने भएमा थुनागत सुविधाका निर्देशकले सम्बन्धित बालविज्याँईकर्ताको परिवारको सदस्य, सम्बन्धित संरक्षक वा तोकिएको सम्बन्धित व्यक्तिलाई तत्कालै जनाउ दिनुपर्छ। विदेशी बालविज्याँईकर्ताको हकमा निज नागरिक रहेको राज्यको वाणिज्यदूतीय अधिकारीलाई यस्तो जनाउ दिनु पर्छ।

(५७) स्वतन्त्रताबाट वञ्चित रहेका अवधिमै बालविज्याँईकर्ताको मृत्यु भएमा नजिकको नातेदारलाई मृत्युको प्रमाणपत्र निरीक्षण गर्ने, शव हेर्ने र शव–अन्त्यष्टिको तरिका निर्धारण गर्ने अधिकार हुन्छ । थुनामा बालविज्याँईकर्ताको मृत्यु हुँदा मृत्युको कारण पत्ता लगाउन स्वतन्त्र छानबिन गर्नुपर्छ, सोको प्रतिवेदन निजको नजिकको नातेदारलाई सुलभ बनाइनु

पर्छ । थुनामुक्त भएको ६ महिनाभित्र बालविज्याँईकर्ताको मृत्यु भएमा र थुनामा रहँदाका अवस्थाका कारण मृत्यु भएको हुन सक्ने विश्वास गर्नुपर्ने कारण भएमा पनि यस्तो छानबिन गरिनु पर्छ ।

(५८) निकट पारिवारिक सदस्य निधन, विरामी वा घाइते भएमा सकेसम्म चाँडो समयमा बालविज्याँईकर्तालाई सूचना दिनुपर्छ र मृत्यू भएका अवस्थामा अन्तिम संस्कारमा सामेल हुन र नातेदार सिकिस्त भएमा भेट्न जाने अवसर निजलाई उपलब्ध गराइनु पर्छ ।

### ञ. बृहत्तर समुदायसँग सम्पर्क

(५९) स्वच्छ र मानवीय व्यवहारको अभिन्न अङ्ग र बालविज्याँईकर्तालाई समाजमा फर्कने तयारीका लागि अत्यावश्यक रहेको बालविज्याँईकर्ताको बाहिरी संसारसँगको पर्याप्त सञ्चारसम्पर्क सुनिश्चित पार्नका लागि हरेक माध्यमहरु उपलब्ध गराइनु पर्छ । बालविज्याँईकर्तालाई तिनका परिवार, साथीसँगी र अन्य व्यक्तिहरु वा ख्यातिप्राप्त संघसंस्थाका प्रतिनिधिसँग सञ्चार गर्न, परिवारसँग भेटघाट गर्न तिनका घरमा जान दिनु पर्छ र तिनले शैक्षिक, व्यावसायिक वा अन्य महत्वपूर्ण कारणले थुनागत सुविधाबाट बाहिर जान विशेष अनुमति पाउनुपर्छ । सजाय ब्यतितमा रहेका बालविज्याँईकर्ताले थुनागत सुविधाबाहिर बिताएको समयलाई सजायको अवधिभित्रै गणना गरिनु पर्छ ।

(६०) प्रत्येक बालविज्याँईकर्तालाई, सिद्धान्ततः हप्तामा एकपटक र महिनामा एक पटक नघट्ने गरी, बालविज्याँईकर्ताको व्यक्तिगत गोपनीयता, परिवार र प्रतिरक्षा सल्लाहकारसँग सम्पर्क र विनाअवरोध सञ्चारको सम्मान गर्ने परिवेशमा, नियमित र बारम्बार भेटघाट गर्ने अधिकार हुन्छ ।

(६१) कानुनतः प्रतिबन्ध गरिएबाहेक प्रत्येक बालविज्याँईकर्तालाई लिखित पत्राचार वा टेलिफोनबाट हप्तामा कम्तीमा दुई पटक आफूले इच्छाएको व्यक्तिसँग कुराकानी गर्ने अधिकार हुन्छ र यस अधिकारको प्रभावकारी प्रचलनका लागि बालविज्याँईकर्तालाई आवश्यकताअनुसार सहयोग गर्नु पर्छ । प्रत्येक बालविज्याँईकर्तालाई चिठ्ठीपत्र प्राप्त गर्ने अधिकार हुन्छ ।

(६२) बालविज्याँईकर्तालाई समाचारमूलक पत्रपत्रिका, आवधिक पत्रिका र अन्य प्रकाशनहरु पढेर, रेडियो, टेलिभिजनका कार्यक्रम, विभिन्न विषयगत चलचित्र, निजको रुचि रहेका कानुनतः स्थापना भएका क्लब वा संघसंस्थाका प्रतिनिधिसँग भेटघाट गरी समाचारबाट आफूलाई सुसूचित राखिरहने अवसर हुनु पर्छ ।

### ट. शारीरिक बन्देज र बलप्रयोगमा हदबन्दी

(६३) नियम ६४ मा तोकिएबाहेक अन्य अवस्थामा कुनै पनि प्रयोजनका लागि बलको प्रयोग र बन्देजका साधनको प्रचलनमा प्रतिबन्ध हुनु पर्छ ।

(६४) अन्य विधि प्रभावशून्य र असफल भएको अवस्थामा अपवादजनक मामिलामा मात्र, र कानुन र नियमले किटेर अख्तियारी दिएको र स्पष्टसँग तोकेको स्थितिमा मात्र बलको प्रयोग वा बन्देजका साधनको प्रयोग गरिनु पर्छ । तिनले हीनताबोध गराउनु र मर्यादामा आँच पुऱ्याउनु हुँदैन र तिनको प्रयोग छोटोभन्दा छोटो अवधिका लागि मात्र हुनु पर्छ । बालविज्याँईकर्ताले आफै वा अर्कालाई चोटपटक गराउन सक्ने वा सम्पत्तिको गम्भीर क्षति गर्न सक्ने कुराबाट रोक्नका लागि प्रशासनको निर्देशकको आदेशले यस्ता साधनको प्रयोग हुन सक्नेछ । त्यसो भएमा निर्देशकले चिकित्सक र अन्य सान्दर्भिक कर्मचारीसँग परामर्श गर्नुपर्छ र सोको जानकारी माथिल्लो प्रशासनिक अधिकारीलाई समेत दिनु पर्छ ।

(६५) बालविज्याँईकर्तालाई राखिएको जुनसुकै थुनागत सुविधाका कर्मचारीहरुलाई हातहतियार बोक्न र प्रयोग गर्नमा प्रतिबन्ध गरिनु पर्छ ।

## ठ. अनुशासनात्मक कारबाई

(६६) हरेक अनुशासनात्मक कारबाई र प्रक्रियाले सुरक्षित अवस्थाको हित र सुमधुर सामुदायिक जीवन कायम गर्नुपर्छ र बालविज्याँईकर्ताको अन्तर्निहित मानवीय मर्यादा र संस्थागत स्याहारका आधारभूत उद्देश्य खास गरी न्याय भावनाको जागृति, आत्मसम्मान र हरेक व्यक्तिका आधारभूत अधिकारसँग सुसङ्गत हुनु पर्छ ।

(६७) शारीरिक सजाय, कालकोठरीमा राख्ने, बन्द वा एकान्तको थुना वा सम्बन्धित बालविज्याँईकर्ताको मानसिक वा शारीरिक स्वास्थ्यमा असर पार्न सक्ने अन्य कुनै सजायलगायत क्रूर अमानवीय वा अपमानजनक व्यवहार मिसिएका सबै अनुशासनात्मक उपायहरु कडाइपूर्वक निषेध हुनेछन् । खानपिनमा कटौती, परिवारका सदस्यहरुसँग भेटघाट गर्न निषेध वा भेट्न नदिनेजस्ता कार्य जस्तोसुकै अवस्थामा र जुनसुकै कारणले भए पनि गरिन निषेध हुनु पर्छ । बालविज्याँईकर्ताको शैक्षिक संयन्त्र, आत्मसमन तथा विकासका साथै समुदायमा फर्कनको निम्ति बालविज्याँईकर्तालाई तयार पार्ने साधनको रुपमा श्रमलाई हेरिनुपर्छ र अनुशासनात्मक सजायका रुपमा लादिन हुँदैन । अनुशासन तोडेको एक घटनामा बालविज्याँईकर्तालाई एक पटकभन्दा बढी सजाय हुनुहुँदैन । गोस्वारा वा सामूहिक सजाय निषेध हुनु पर्छ ।

(६८) बालविज्याँईकर्ताका चारित्रिक वैशिष्ठ्य, आवश्यकता र अधिकारउपर पूरापूर ध्यान राखी, वैधानिक प्रावधान वा सक्षम प्रशासनिक निकायले जारी गरेका कानुन वा नियमहरुले निम्न मानकको स्थापना गर्नु पर्छ :-

(क) अनुशासनात्मक कसुर कायम गर्ने आचरण;

(ख) गरिने अनुशासनात्मक सजायका प्रकार र अवधि;

(ग) सजाय गर्न सक्ने सक्षम अधिकारी;

(घ) पुनरावेदन सुन्ने सक्षम अधिकारी ।

(६९) दुराचरणको प्रतिवेदन तत्कालै सक्षम अधिकारीसमक्ष पेस गर्नुपर्छ, जसले अनुचित विलम्बविना सोउपर निर्णय लिनेछ । सक्षम अधिकारीले सो मामिला गहन जाँच गर्नु पर्छ ।

(७०) प्रचलनमा रहेको कानुन र नियमावलीमा रहेका सर्तबमोजिम बाहेक कुनै पनि बालविज्याँईकर्तालाई कनै पनि प्रकारको अनुशासनात्मक सजाय दिइनु हुँदैन । निजउपर लगाइएको आरोप निजले उपयुक्त तरिकाबाट बुझ्ने गरी जानकारी नदिई र सक्षम निष्पक्ष अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकारलगायत निजको प्रतिरक्षा प्रस्तुत गर्ने उचित अवसर नदिईकन कुनै पनि बालविज्याँईकर्तालाई सजायको भागीदार बनाइनु हुँदैन । सबै अनुशासनात्मक कारबाई प्रक्रियाको पूरा अभिलेख राखिनु पर्छ ।

(७१) सामाजिक, शैक्षिक वा खेलकुदसम्बन्धी क्रियाकलाप वा आत्मानुशासित कार्यक्रमहरुको सुपरिवेक्षणबाहेक अन्य कुनै पनि अनुशासनात्मक कार्यका लागि कुनै पनि बालविज्याँईकर्तालाई उत्तरदायी बनाइनु हुँदैन ।

### ङ. निरीक्षण र उजुर

(७२) सुविधाको प्रशासनको अधीनमा नरहेका योग्यताप्राप्त निरीक्षक वा सोसरह कर्तव्य भएका अधिकारीलाई नियमित रुपमा निरीक्षण गर्न र आफ्नै पहलमा अघोषित रुपले निरीक्षण गर्न सशक्त पारिनु पर्छ र सो कार्यमा स्वतन्त्रताको प्रयोग गर्ने पूर्ण प्रत्याभूति निजलाई दिनु पर्छ । निरीक्षकलाई बालविज्याँईकर्तालाई तिनको स्वतन्त्रताबाट वञ्चित गरिने वा गरिन सक्ने कुनै पनि सुविधामा काम गर्ने वा सोबाट नियुक्त गरिएका सबै व्यक्ति, सबै बालविज्याँईकर्ता र यस्ता सुविधाका सबै अभिलेखसम्म विनाअवरोध सहज पहुँच हुनु पर्छ ।

(७३) भौतिक वातावरण, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, आवास, खानपिन, व्यायाम, स्वास्थ्य सेवा, साथसाथै बालविज्याँईकर्ताको शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर पार्न सक्ने संस्थागत जीवनका अन्य कुनै पनि पक्ष वा अवस्थाको मूल्याङ्कनका लागि निरीक्षणकारी निकाय वा सार्वजनिक स्वास्थ्य सेवासम्बद्ध योग्यताप्राप्त चिकित्सा अधिकारीको निरीक्षणमा सहभागिता रहनु पर्छ । प्रत्येक बालविज्याँईकर्तालाई निरीक्षकसँग गोप्यतापूर्वक कुराकानी गर्ने अधिकार हुनु पर्छ ।

(७४) निरीक्षण कार्य सम्पन्न गरेपछि निरीक्षकले ठम्याईका आधारमा प्रतिवेदन तयार पारी पेस गर्नुपर्छ । प्रतिवेदनले थुनागत सुविधाको यस नियमावली र राष्ट्रिय कानुनका प्रावधानहरुसँगको सङ्गतिको मूल्याङ्कन र तिनसँगको सङ्गति निश्चित पार्न विचार गर्नुपर्ने आवश्यक कदमका

लागि सिफारिस समेट्नु पर्छ । बालविज्याँईकर्ताका अधिकार वा थुनागत सुविधाको सञ्चालनसम्बन्धी कानुनी प्रावधानको भएको सङ्केत देखा पर्ने निरीक्षकले खुलासा गरेको कुनै पनि तथ्य अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीसमक्ष सञ्चार गरिनु पर्छ ।

(७५) प्रत्येक बालविज्याँईकर्तालाई थुनागत सुविधाका निर्देशक वा निजको अधिकृत प्रतिनिधिसमक्ष अनुरोध र उजुरगर्ने अवसर पाउनु पर्छ ।

(७६) हरेक बालविज्याँईकर्तालाई विषयको विना सेन्सर स्वीकृत माध्यममार्फत केन्द्रीय प्रशासन, न्यायिक अधिकारी वा अन्य उपयुक्त अधिकारीसमक्ष अनुरोध र उजुरी पठाउन पाउने, र अविलम्ब सोको प्रत्युक्तिसम्बन्धी जानकारी पाउने अधिकार हुनु पर्छ ।

(७७) स्वतन्त्रताबाट वञ्चित बालविज्याँईकर्ताले दिएको उजुर प्राप्त गर्ने, सोको अनुसन्धान गर्ने र सो सम्बन्धमा समन्यायिक समाधान हासिल गर्नमा सहयोग गर्ने छुटै स्वतन्त्र कार्यालय (अम्बुड्स म्यान) स्थापना गर्ने प्रयास गर्नु पर्छ ।

(७८) संभव भएसम्म, हरेक बालविज्याँईकर्तालाई उजुर गर्नमा परिवारका सदस्य, कानुनी सल्लाहकार, मानवअधिकार समूह र अन्य सम्बन्धित व्यक्तिको सहयोग लिने अधिकार हुनु पर्छ । अशिक्षित बालविज्याँईकर्तालाई तिनले प्रयोग गर्नुपर्ने सहायता कानुनी सल्लाह उपलब्ध गराउने एजेन्सी वा संस्था वा उजुर सुन्ने निकायबाट उपलब्ध गराइनु पर्छ ।

## ढ. समुदायमा फिर्ती

(७९) सबै बालविज्याँईकर्ताले छुटकारापछि समाजमा फर्कन, पारिवारिक जीवन, शिक्षा र रोजगारी सहज बनाउनका लागि गरिएका बन्दोबस्तबाट लाभान्वित हुनु पर्छ । यस प्रयोजनका लागि अग्रछुटकारा, र विशेष पाठ्यक्रमलगायतका कार्यविधि अपनाइनु पर्छ ।

(८०) सक्षम अधिकारीले बालविज्याँईकर्तालाई समाजमा पुनःस्थापना गर्न सहयोग पुर्‍याउन र उनीहरुप्रतिको पूर्वाग्रह कम पार्न सेवा प्रदान वा सुनिश्चित गर्नु पर्छ । यी सेवाले सम्भव भएसम्मका हदमा सफल पुनःसम्मिलनलाई
सहज पार्नका लागि छुटकारा हुनासाथ उपयुक्त बास, कपास, रोजगारी र जीवन धान्नका लागि पर्याप्त
स्रोतसाधन निश्चित पार्नु पर्छ । तिनलाई समुदायमा फर्काउन सघाउने दृष्टिले यस प्रकारको सेवा प्रदान गर्ने
संघसस्थाका प्रतिनिधिहरुसँग परामर्श गरिनुपर्छ र बालविज्याँईकर्ता थुनामा रहँदा नै तिनसँगको पहुँच रहनु पर्छ ।

**५. कर्मचारीवर्ग**

(८१) कर्मचारीहरु योग्यताप्राप्त हुनुपर्छ र तिनमा शिक्षक, प्रशिक्षक, परामर्शदाता, सामाजिक कार्यकर्ता मनोचिकित्सक, मनोवैज्ञानिकजस्ता विशेषज्ञ यथेष्ट संख्यामा समेटिनुपर्छ । यी र अन्य विशेषज्ञ कर्मचारीलाई सामान्यतः स्थायी आधारमा नियुक्त गरिनु पर्छ । तर यस कुराले उपयुक्त र लाभदायक सेवा, सहयोग र प्रशिक्षण प्रदान गर्ने स्वयंसेवक र आंशिक समय काम गर्ने कर्मचारीहरुको नियुक्तिलाई बाहेक गर्नु हुँदैन । थुनागत सुविधाका लागि राखिएका बालविज्याँईकर्ताका व्यक्तिगत आवश्यकता र समस्याअनुसार, उपयुक्त र समुदायमा उपलब्ध सबै उपचारात्मक, शैक्षिक, नैतिक, आध्यात्मिक र अन्य प्रकारका स्रोतसाधन र सहायताका स्वरुपहरुको प्रयोग गर्नु पर्छ ।

(८२) थुनागत सुविधाको उचित व्यवस्थापन कर्मचारीको सदाचार, मानवता, बालविज्याँईकर्तालाई समाल्ने क्षमता र पेसागत क्षमता साथसाथै कामको वैयक्तिक उचिततामा निर्भर गर्ने भएकाले प्रशासनले सबै तह र प्रकारका कर्मचारीको छनोट र नियुक्ति होसियारीपूर्वक गर्नु पर्छ ।

(८३) निर्धारित लक्ष्यप्राप्त गर्न कर्मचारीहरुको नियुक्ति गरिँदा महिला र पुरुष दुवै यथोचित आकर्षित हुने र टिकिराख्ने गरी आकर्षक पारिश्रमिक दिएर व्यावसायिक अधिकृतको रुपमा गरिनुपर्छ । उचित, प्रतिबद्ध, व्यावसायिक, मानवीय र प्रभावकारी ढङ्गले आफ्नो कर्तव्य र दायित्व पालन गर्न कर्मचारीहरुलाई निरन्तर रुपमा प्रोत्साहित गरिनुका साथै बालविज्याँईकर्तामाँझ सकारात्मक भूमिका निर्वाह गरी एक आदर्श नमुनायुक्त व्यक्तिको रुप र परिप्रेक्ष्यमा प्रस्तुत भई बालविज्याँईकर्ताबाट आदर र सम्मान पाउन र कायम राख्न प्रोत्साहित गरिरहनु पर्छ ।

(८४) प्रशासनले बालविज्याँईकर्ताको हेरचाहमा संलग्न विभिन्न सेवाबीच सरसहयोग बढाउनका लागि हरेक थुनागत सुविधाका कर्मचारीहरुका विभिन्न वर्गबीच सञ्चारलाई सहज पार्ने सङ्गठन र व्यवस्थापनका स्वरुपहरुको थालनी गर्नु पर्छ ।

(८५) कर्मचारीहरुले आफ्नो दायित्व प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम बनाउनका लागि विशेषतः बालमनोविज्ञान, बालकल्याण र बालबाालिकाका मानवअधिकारका अन्तराष्ट्रिय मापदण्ड र यो नियमावलीलगायतका बालअधिकार विषयका तालिम पाउनु पर्छ । कर्मचारीहरुले वृत्तिविकासका क्रममा उचित समयान्तरमा सेवाकालीन तालिमका माध्यमबाट तिनको ज्ञान र क्षमता कायम र सुधार गरिराख्नु पर्छ ।

(८६) निर्देशक सम्बन्धित कार्यक्षेत्रमा सुयोग्य, तालिमप्राप्त र अनुभव भएको साथै प्रशासनिक क्षमता भएको र पूर्णकालीन रुपमा सेवारत रहने हुनु पर्छ ।

(८७) कर्मचारीहरुले आफ्नो कर्तव्य पालना गर्ने क्रममा सबै बालविज्याँईकर्ताको मानवमर्यादा र

मूलभूत मानवअधिकारको, विशेषतः देहायअनुसार, सम्मान र संरक्षण गर्नु पर्छ :-

(क) कुनै पनि परिस्थिति वा बहानामा थुनागत सुविधाका सदस्य वा संस्थाका कर्मचारीहरुले बालविज्याँईकर्तालाई यातना दिने, दिन उक्साउने वा सहन गर्ने वा अन्य कुनै स्वरुपको कठोर, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार, सजाय, सुधारात्मक वा अनुशासनात्मक कारबाई गर्नगराउन हुँदैन ।

(ख) सबै कर्मचारीले भष्ट्राचारका कुनै कार्यको कडाईपूर्वक विरोध र मुकाबिला गर्नुपर्छ र यसबारे सक्षम निकायसमक्ष अविलम्ब प्रतिवेदन गर्नु पर्छ ।

(ग) सबै कर्मचारीले यस नियमावलीको सम्मान र पालन गर्नुपर्छ । यस नियमावलीको गम्भीर उल्लंघन भयो वा हुन लागेको छ भन्ने कसैलाई लागेमा पुनरवलोकन र उपचारात्मक अख्तियारी रहेको माथिल्लो अधिकारी वा निकायसमक्ष सो मामिलाको जानकारी दिनु पर्छ ।

(घ) सबै कर्मचारीले शारीरिक शोषण, यौनशोषण र भावनात्मक दुर्व्यवहार र र शोषणविरूद्ध संरक्षणलगायत बालविज्याँईकर्ताको शारीरिक र मानसिक स्वास्थ्यको पूर्ण संरक्षण सुनिश्चित पार्नुपर्छ, र आवश्यक भएका अवस्थामा औषधिउपचारका लागि तत्काल कारबाई चलाउनु पर्छ ।

(ङ) सबै कर्मचारीहरुले खास गरी बालविज्याँईकर्ता र तिनका परिवारका वारेमा प्राप्त गरेका जानकारीहरुको गोपनीयता कायम राखी बालविज्याँईकर्ताको गोपनीयताको हकको सम्मान गर्नु पर्छ ।

(च) सबै कर्मचारीले मानवका रुपमा बालविज्याँईकर्ताको मर्यादाको सम्मानलाई घटाउन सक्ने खालका थुनागत सुविधाभित्र र बाहिर बीचको अन्तरलाई न्यून पार्न प्रयन्त गर्नु पर्छ ।

Serial No. 9


सम्पर्क : केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५५४२४५७, ०१-५५४२५६८
फ्याक्सः ०१-५५४२४५७
Website: www.cjcc.gov.np



सहयोगः unicef